# चौधौं योजना

(आर्थिक वर्ष २०७३/७४–२०७५/७६)

नेपाल सरकार

## राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं, नेपाल

२०७३

प्रधानमन्त्री

काठमाडौं, नेपाल

# शुभकामना

सार्वभौम नेपाली जनताको लामो त्याग र बलिदानपश्चात् संविधानसभाबाट जारी भएको नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा मुलुकमा दिगो शान्ति, विकास, सुशासन र समृद्धिको आकाङ्क्षा पूरा गर्ने संकल्प गरेको छ । यही सङ्कल्पलाई आत्मसात गर्दै चौधौं योजनाले स्वाधीन, समुन्नत तथा समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्र निर्माण गरी समृद्धि हासिल गर्ने सोच राखेको छ । यो सोचलाई उपलब्धिमा रूपान्तरण गर्न योजनाले रोजगारी सिर्जना र न्यायपूर्ण वितरणसहितको उच्च आर्थिक वृद्धिद्वारा द्रुतगतिमा गरिबी न्यूनीकरण गर्दै मुलुकमा आर्थिक-सामाजिक रूपान्तरण गर्ने कार्यलाई अघि बढाउने उद्देश्य राखेको छ ।

योजनाबद्ध विकासको छ दशकको लामो यात्रामा सामाजिक तथा पूर्वाधार क्षेत्रमा केही उपलब्धिहरू हासिल भए पनि हामीसँगै विकासको यात्रा सुरु गरेका अन्य कतिपय मुलुकहरूको दाँजोमा हामी धेरै पछाडि रहेका छौं । राजनीतिक परिवर्तनका लागि मुलुकले ठूलो मूल्य व्यहोरेको छ भने नेपालको संविधान जारी भएसँगै राजनीतिक सङ्क्रमणकालको पनि अन्त्य भएको छ । यसबाट आउने दिनमा राज्यका संयन्त्रहरू आर्थिक विकासमा केन्द्रित हुनसक्ने आधार तयार भएको छ । यसका साथै नेपालको भू-राजनीतिक अवस्था, प्राकृतिक स्रोत-साधनको प्राचुर्यता एवम् मुलुकको कुल जनसङ्ख्यामा सक्रिय जनशक्तिको प्रचुरताले विकासको सम्भावनालाई थप सुदृढ तुल्याएको छ । दुई ठूला छिमेकी देशहरूको आर्थिक विकासबाट फाइदा लिन त्रिदेशीय आवद्धतामार्फत् हाम्रा सम्भावनाहरूलाई साकार पार्ने अर्को अवसर पनि हामीसँग रहेको छ । यिनै अवसर नै हाम्रो विकासका आधारहरू हुन् भन्ने मलाई लागेको छ । चौधौं योजनाले यसै तथ्यलाई आत्मसात गरेको पाएको छु ।

आवधिक योजनाले विकासको खाका र कार्यदिशा मात्र तय गर्ने हो । योजनाको सफल कार्यान्वयन गर्न सरकारी, निजी, सहकारी र सामुदायिक क्षेत्रको सक्रिय भूमिकाको जरुरत पर्दछ । मूलत: रणनीतिक महत्वका पूर्वाधार विकास, सामाजिक विकास, समष्टिगत आर्थिक स्थायित्वका लागि नीति निर्माण तथा सबै क्षेत्रमा काम गर्ने

वातावरण निर्माण जस्ता कार्यमा सरकारी क्षेत्रको नेतृत्वदायी भूमिका रहनु पर्दछ । यसैगरी, व्यावसायिक कुशलताका साथ उद्योग, व्यापार एवम् आर्थिक विकासमा निजी क्षेत्रको भूमिका रहनुपर्दछ भने स्थानीय सीप, स्रोत, सामाजिक पुँजी र क्षमताको उपयोगमा सहकारी क्षेत्रको भूमिका केन्द्रित हुनुपर्दछ । मुलुकको समग्र विकास प्रक्रियामा सबै नागरिकको सक्रिय भूमिका र विकासका साझेदारहरूको सहयोगी भूमिका पनि त्यत्तिकै महत्वपूर्ण रहन्छ । सबै क्षेत्रको सक्रियता भए मात्र योजनाको सफल कार्यान्वयन हुन गई निर्धारित विकास नतिजाहरू हासिल गर्न सकिन्छ र संविधानको कार्यान्वयनलाई समेत सुनिश्चित गर्न सकिन्छ । यस सन्दर्भमा म सबैलाई देश निर्माणको महान् कार्यमा आ-आफ्नो तर्फबाट सहभागी हुन आव्हान गर्दछु ।

विकास प्रक्रियालाई सुचारु रूपमा अगाडि बढाउन राजनीतिक दलहरूबीच न्यूनतम सहमति आवश्यक पर्दछ । मुलुकको आर्थिक विकास नभएसम्म राजनीतिक परिवर्तनलाई संस्थागत गर्न सकिँदैन । तसर्थ योजनाले लिएका लक्ष्यहरू हासिल गर्न राजनैतिक दृढ इच्छाशक्ति, प्रशासनिक संयन्त्रको क्रियाशीलता, निजी क्षेत्रको स्वच्छ प्रतिस्पर्धा, सहकारी क्षेत्रको उत्पादनमुखी कार्यशैली र समुदाय एवम् विकास साझेदारहरूको सार्थक सहयोग रहने विश्वास लिएको छु । यसो हुन सकेमात्र योजनाले लिएका लक्ष्यहरू हासिलगर्दै संविधानले परिकल्पना गरेको दिशातर्फ अघि बढ्न सकिनेछ ।

अन्त्यमा, चौधौं योजनाको निर्माण प्रक्रियामा संलग्न सबैलाई धन्यवाद दिँदै यसको सफल कार्यान्वयनमा लाग्न सबै सरोकारवालाहरूलाई आग्रह गर्न चाहन्छु ।

पुष्पकमल दाहाल 'प्रचण्ड'

नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं, नेपाल

*डा. मीनबहादुर श्रेष्ठ*
*उपाध्यक्ष*

पत्र संख्याः-

मितिः २०७३ पौष २५

## मन्तव्य

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले स्वाधीन, समुन्नत तथा समाजवाद उन्मुख अर्थव्यवस्थामार्फत समृद्ध नेपालको निर्माण गर्ने परिकल्पना गरेको छ। यसैगरी, अन्तर्राष्ट्रिय जगतमा पनि संयुक्त राष्ट्र सङ्घद्वारा सन् २०१६ देखि २०३० सम्मका लागि विश्वव्यापी विकास एजेण्डाको रूपमा आर्थिक, सामाजिक र वातावरणीय विकाससम्बद्ध विभिन्न १७ ओटा दिगो विकास लक्ष्यहरू निर्धारण गरिएका छन्। नेपालको संविधान जारी भएपछिको पहिलो तथा योजनाबद्ध विकासको चौधौं योजनाको रूपमा रहेको प्रस्तुत योजना तर्जुमा गर्दा संविधानले निर्देश गरेका विकासका नीतिहरूलाई आत्मसाथ गर्नुका साथै दिगो विकास लक्ष्यहरूलाई समेत समायोजन गरिएको छ।

चौधौं योजनाले स्वाधीन, समुन्नत तथा समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्र निर्माण गरी नेपालीहरूलाई समृद्ध तुल्याउने सोच लिएको छ। यो सोचलाई हासिल गर्न सामाजिक न्यायसहितको लोककल्याणकारी राज्य हुँदै मध्यम आय भएका मुलुकको स्तरमा पुग्ने लक्ष्य लिइएको छ। यसको निमित्त कृषि क्षेत्रको रूपान्तरण गर्ने; पर्यटन र औद्योगिक क्षेत्रको विकास र विस्तारमार्फत उत्पादन वृद्धि गर्ने; ऊर्जा तथा यातायात, सूचना तथा सञ्चार र ग्रामीण–सहरी तथा त्रिदेशीय आबद्धता विकासका लागि पूर्वाधार निर्माण गर्ने; सामाजिक विकास, सुरक्षा एवम् संरक्षणमा जोड दिँदै मानव विकासमा उच्च तथा दिगो सुधार गर्ने; आर्थिक, सामाजिक एवम् शासकीय सुधार गर्दै सुशासन प्रवर्द्धन गर्ने र लैङ्गिक समानता, समावेशीकरण, वातावरण संरक्षण, विज्ञान तथा प्रविधिको उच्चतम प्रयोग साथै संस्थागत क्षमता अभिवृद्धि गर्ने रणनीतिहरू तय गरिएका छन्। यी रणनीतिहरूको कार्यान्वयनमा सम्बद्ध सबै पक्षको सहयोग प्राप्त हुने र योजनाले लिएका लक्ष्य तथा उद्देश्य हासिल हुने अपेक्षा गरिएको छ।

योजना कार्यान्वयनमा संलग्न निकायहरूलाई विकास नतिजाप्रति उत्तरदायी बनाई नतिजामुखी संस्कृतिको विकास गर्न तेह्रौं योजनामा सुरु गरिएको नतिजा खाकाको अवधारणालाई थप परिमार्जन गरी यस योजनामा पनि निरन्तरता दिइएको छ। नतिजा

खाकामा पन्ध्र ओटा मुख्य नतिजा क्षेत्रको पहिचान गरी तिनलाई योजनाको सोच, लक्ष्य, उद्देश्य र रणनीतिहरूसँग आवद्ध गरिएको छ । यसले सबै विषयगत क्षेत्रका नतिजा सूचकलाई मुख्य नतिजा क्षेत्रसँग आवद्ध गरी नतिजा श्रृङ्खलाप्रति निकायगत जिम्मेवारीलाई सुनिश्चित गरेको छ । साथै, यसबाट नतिजामूलक अनुगमन तथा मूल्याङ्कनलाई संस्थागत गर्ने आधार प्राप्त हुनुका अतिरिक्त सीमित साधनको उपयोग र पारदर्शी कार्यप्रणालीको स्थापना गर्दै योजनाको लक्ष्य हासिल गर्नमा सहयोग पुग्नेछ ।

चौधौं योजना तर्जुमा गर्दा बिभिन्न राजनीतिक दलका प्रतिनिधिहरू, नेपाल सरकारका विभिन्न निकायका पदाधिकारीहरू, विकास साझेदारहरू, विभिन्न सङ्घ-संस्थाका प्रतिनिधिहरू, प्रवुद्ध वर्गहरू लगायत सम्वद्ध सरोकारवालाहरूबीच सातवटै प्रदेशमा गरिएको अन्तरक्रियाबाट प्राप्त सुझावहरूलाई समावेस गरिएको छ । यसप्रकारको सहभागितामूलक पद्धति अवलम्बन गरिएको कारण योजनाप्रति सबैको स्वामित्व र अपनत्वमा अभिवृद्धि भई योजना कार्यान्वयन साथै लक्ष्य प्राप्तिमा सहयोग पुग्नेछ ।

यो योजना दस्तावेज तयार गर्ने क्रममा राष्ट्रिय योजना आयोग र सचिवालयका पदाधिकारीहरूबाट प्राप्त सहयोगका लागि धन्यवाद दिन चाहन्छु । त्यसैगरी, राजनीतिक दलका प्रतिनिधिहरू, नेपाल सरकारका विभिन्न निकायका पदाधिकारीहरू, विकास साझेदारहरू, विभिन्न सङ्घ-संस्थाका प्रतिनिधिहरू, प्रवुद्ध वर्गहरू लगायत सम्वद्ध सरोकारवालाहरूबाट प्राप्त सुझाव र सहयोगका लागि पनि विशेष धन्यवाद दिन चाहन्छु । यस योजनाले मुलुकको आगामी तीन वर्षको विकासको निमित्त मार्गदर्शन गर्दै संविधानले परिकल्पना गरेका विकासका नीतिहरू र दिगो विकासका लक्ष्यहरू हासिल गर्ने दिशामा महत्त्वपूर्ण आधार प्रदान गर्नेछ भन्ने मैले विश्वास लिएको छु ।

# राष्ट्रिय योजना आयोग

| | |
|---|---|
| सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) | अध्यक्ष |
| माननीय डा.मीनबहादुर श्रेष्ठ | उपाध्यक्ष |
| डा. सोमलाल सुवेदी, मुख्य सचिव, नेपाल सरकार | सदस्य (पदेन) |
| माननीय डा.स्वर्णिम वाग्ले | सदस्य |
| माननीय डा.चन्द्रकान्त पौडेल | सदस्य |
| माननीय डा.सुनिल बाबु श्रेष्ठ | सदस्य |
| माननीय प्रा.डा.गीताभक्त जोशी | सदस्य |
| माननीय डा.कृपा सिन्धु प्रसाद | सदस्य |
| माननीय डा.प्रभु बुढाथोकी | सदस्य |
| माननीय प्रा.हिरेन्द्रमान प्रधान | सदस्य |
| माननीय डा.अरबिन्द कुमार मिश्र | सदस्य |
| डा.शान्तराज सुवेदी, सचिव, अर्थ मन्त्रालय | सदस्य (पदेन) |
| श्री चन्द्रकुमार घिमिरे | सदस्य–सचिव |

# विषयसूची


**परिच्छेद १ : परिचय** ........ १–१९

१.१ पृष्ठभूमि ........ १

१.२ तेह्रौं योजना (आर्थिक वर्ष २०७०/७१ - २०७२/७३) को सङ्क्षिप्त समीक्षा... २

१.२.१ समष्टिगत आर्थिक क्षेत्र ........ ४

१.२.२ अन्य विषयगत क्षेत्र ........ ११

१.२.३ गरिबी, रोजगारी र मानव विकास ........ १६

१.३ सहस्राब्दी विकास लक्ष्यको प्रगति समीक्षा ........ १८

**परिच्छेद २ : चौधौँ योजना (आर्थिक वर्ष २०७३/७४ – २०७५/७६)** ........ २०–३१

२.१ पृष्ठभूमि ........ २०

२.२ चुनौती तथा अवसर ........ २०

२.३ सोच ........ २२

२.४ लक्ष्य ........ २२

२.५ उद्देश्य ........ २२

२.६ परिमाणात्मक लक्ष्य ........ २२

२.७ रणनीति ........ २३

२.८ आर्थिक सामाजिक विकासमा विभिन्न क्षेत्रको भूमिका ........ २३

२.९ आर्थिक वृद्धिदर र स्रोतसाधनको व्यवस्था ........ २४

२.९.१ आर्थिक वृद्धिदर ........ २४

२.९.२ सीमान्त पुँजी उत्पादन अनुपात र लगानी ........ २६

२.९.३ सार्वजनिक खर्च र खर्च ब्यहोर्ने स्रोत ........ २८

२.९.४ स्रोतसाधनको बाँडफाँड तथा परिचालनका आधारहरू ........ २९

२.९.५ प्रस्तावित लगानीबाट समष्टिगत अर्थतन्त्रमा पर्ने प्रभाव ........ ३०

**परिच्छेद ३ : समष्टिगत आर्थिक नीतिहरू** ........ ३२–६४

३.१ कुल गार्हस्थ्य तथा राष्ट्रिय बचत ........ ३२

३.२ सरकारी वित्त ........ ३४

३.२.१ सार्वजनिक खर्च ........ ३४

३.२.२ राजस्व ........ ३६

३.२.३ वैदेशिक सहायता............................................................ ३९
३.२.४ सार्वजनिक ऋण............................................................ ४१
३.३ मौद्रिक तथा वित्तीय नीति............................................................ ४२
३.४ बिमा तथा पुँजी बजार............................................................ ४५
३.४.१ बिमा............................................................ ४५
३.४.२ पुँजीबजार............................................................ ४८
३.५ सार्वजनिक संस्थान............................................................ ५१
३.६ वैदेशिक व्यापार, विदेशी विनिमय तथा सोधनान्तर............................... ५३
३.७ निजी क्षेत्र............................................................ ५६
३.८ वैदेशिक लगानी............................................................ ५८
३.९ सहकारी क्षेत्र............................................................ ६१
**परिच्छेद ४ : क्षेत्रगत विकास नीतिहरू........................................................ ६५-१८३**
४.१ कृषि, भूमिसुधार तथा वन............................................................ ६५
४.१.१ कृषि............................................................ ६५
४.१.२ पशुपन्छी............................................................ ७२
४.१.३ सिँचाइ तथा प्रकोप व्यवस्थापन.......................................... ८०
४.१.३.१ सिँचाइ............................................................ ८०
४.१.३.२ जल उत्पन्न प्रकोप व्यवस्थापन................................ ८४
४.१.४ भूमिसुधार............................................................ ८७
४.१.५ खाद्य सुरक्षा तथा खाद्यपोषण................................................ ९०
४.१.६ वन तथा भू-संरक्षण............................................................ ९४
४.२ उद्योग, वाणिज्य, आपूर्ति र पर्यटन.................................................... १०३
४.२.१ उद्योग............................................................ १०३
४.२.२ वाणिज्य............................................................ १०८
४.२.३ आपूर्ति............................................................ ११३
४.२.४ पर्यटन............................................................ ११७
४.३ आर्थिक कूटनीति तथा विकास ........................................................ १२१
४.४ सामाजिक विकास............................................................ १२५
४.४.१ जनसङ्ख्या............................................................ १२५
४.४.२ संस्कृति............................................................ १२८

४.४.३ शिक्षा................................................................................ १३१
४.४.४ स्वास्थ्य तथा पोषण........................................................... १३९
४.४.५ खानेपानी तथा सरसफाइ.................................................. १४५
४.४.६ बालबालिका तथा किशोरकिशोरी......................................... १५०
४.४.७ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण........................... १५४
४.४.८ सामाजिक सुरक्षा तथा संरक्षण.............................................. १५८
४.४.९ ज्येष्ठ नागरिक.................................................................... १६१
४.४.१० अपाङ्गता भएका व्यक्तिहरू .............................................. १६४
४.४.११ रोजगारी प्रत्याभूति............................................................ १६७
४.४.१२ सामाजिक बिमा................................................................ १६९
४.४.१३ सामुदायिक तथा गैरसरकारी संस्थाहरू................................... १७१
४.५ युवा, खेलकुद र स्वयंसेवक सेवा........................................................ १७५
४.५.१ युवा.................................................................................. १७५
४.५.२ खेलकुद विकास ................................................................. १७८
४.५.३ स्वयंसेवक सेवा.................................................................. १८१

**परिच्छेद ५ : पूर्वाधार क्षेत्र विकास नीतिहरू ..............................................१८४–२२७**

५.१ ऊर्जा........................................................................................ १८४
५.१.१ जलविद्युत्.......................................................................... १८४
५.१.२ नवीकरणीय ऊर्जा................................................................ १८८
५.२ यातायात पूर्वाधार........................................................................ १९२
५.२.१ सडक................................................................................ १९२
५.२.२ हवाई यातायात.................................................................... १९७
५.२.३ रेल तथा अन्य यातायात......................................................... २०१
५.२.४ यातायात व्यवस्थापन............................................................ २०३
५.३ सूचना तथा सञ्चार........................................................................ २०६
५.४ भवन, आवास तथा सहरी विकास.................................................... २११
५.४.१ भवन तथा आवास................................................................ २११
५.४.२ सहरी विकास....................................................................... २१४
५.५ पुनर्निर्माण.................................................................................. २१८
५.६ प्रादेशिक तथा स्थानीय पूर्वाधार....................................................... २२२

**परिच्छेद ६ : अन्तरसम्बन्धित विकास नीतिहरू .......................................... २२८–२६१**

६.१ लैङ्गिक समानता, समावेशीकरण र मूल प्रवाहीकरण............................ २२८

६.१.१ लैङ्गिक समानता तथा महिला सशक्तीकरण............................... २२८

६.१.२ समावेशीकरण.................................................................. २३३

६.१.३ लोपोन्मुख, अतिसीमान्तकृत तथा सीमान्तकृत जाति/जनजाति......... २३६

६.२ विज्ञान तथा सूचना प्रविधि........................................................... २३९

६.२.१ विज्ञान प्रविधि.................................................................. २३९

६.२.२ सूचना प्रविधि.................................................................. २४३

६.३ मानव संसाधन विकास................................................................ २४५

६.४ श्रम तथा रोजगारी.................................................................... २४७

६.५ विपद् व्यवस्थापन, वातावरण तथा जलवायु परिवर्तन........................... २५२

६.५.१ विपद् व्यवस्थापन........................................................ २५२

६.५.२ वातावरण तथा जलवायु परिवर्तन......................................... २५६

**परिच्छेद ७ : गरिबी निवारण, शान्ति र सुशासन ....................................... २६२–२९६**

७.१ गरिबी निवारण तथा समृद्धि......................................................... २६२

७.२ सङ्घीयता, प्रादेशिक तथा भौगोलिक सन्तुलन.................................... २६६

७.२.१ सङ्घीयता तथा स्थानीय स्वायत्त शासन.................................. २६६

७.२.२ प्रादेशिक तथा भौगोलिक सन्तुलन......................................... २७१

७.३ शान्ति तथा पुनर्स्थापना.............................................................. २७४

७.४ शासकीय सुधार........................................................................ २७६

७.४.१ प्रशासकीय सुशासन...................................................... २७६

७.४.२ न्याय व्यवस्था............................................................ २७९

७.४.३ भ्रष्टाचार नियन्त्रण........................................................... २८३

७.४.४ सुरक्षा व्यवस्था................................................................ २८६

७.४.५ जनसहभागिता................................................................. २८९

७.५ वित्तीय सुशासन........................................................................ २९२

७.६ मानव अधिकार......................................................................... २९४

**परिच्छेद ८ : योजना प्रक्रिया, तथ्याङ्क प्रणाली एवम् अनुसन्धान.................... २९७–३०८**

८.१ योजना तर्जुमा तथा कार्यान्वयन.................................................... २९७

८.२ अनुगमन तथा मूल्याङ्कन............................................................ २९९

८.३ तथ्याङ्क प्रणाली........................................................................ ३०३
८.४ अनुसन्धान तथा विकास ........................................................... ३०६

**परिच्छेद ९ : चौधौं योजनाको नतिजा खाका................................................ ३०९–३८२**

९.१ पृष्ठभूमि............................................................................ ३०९
९.२ नतिजाखाकामा समावेश गरिएका विषयहरु..................... ............. ३०९
९.३ नतिजाखाकाको प्रयोग............................................................. ३१०
९.४ नतिजा सूचक ........................................................................ ३१६
९.४.१ समष्टिगत आर्थिक स्थायित्व र विकास ............................... ३१६
९.४.२ उद्योग, पर्यटन र सेवा क्षेत्रको विकास ................................ ३१९
९.४.३ कृषि उत्पादन वृद्धि र खाद्य सुरक्षा ..................................... ३२४
९.४.४ प्राकृतिक स्रोत व्यवस्थापन र वातावरण ............................. ३३२
९.४.५ व्यापार र आपूर्ति व्यवस्थापन ........................................... ३३८
९.४.६ सामाजिक तथा मानव विकास ........................................... ३४१
९.४.७ ऊर्जा विकास ............................................................. ३५२
९.४.८ भौतिक पूर्वाधार, यातायात र सूचना तथा सञ्चार ................ ३५५
९.४.९ प्रादेशिक तथा स्थानीय पूर्वाधार ....................................... ३५९
९.४.१० सङ्घीयता, विकेन्द्रीकरण तथा स्थानीय स्वायत्त शासन........... ३६०
९.४.११ भवन, आवास र सहरी विकास ....................................... ३६२
९.४.१२ विपद् व्यवस्थापन र पुनर्निर्माण ....................................... ३६६
९.४.१३ श्रम तथा रोजगारी व्यवस्थापन ........................................ ३६८
९.४.१४ विज्ञान, सूचना तथा प्रविधि ............................................ ३७०
९.४.१५ शासकीय क्षेत्र, शान्ति र सुशासन .................................... ३७२

**अनुसूची .................................................................................... ३८३–३८४**

अनुसूची १ः चौधौं योजना तर्जुमा गर्दा अपनाइएको प्रक्रिया .......................... ३८३

## तालिकाहरूको सूची


| | | |
|---|---|---|
| तालिका १.१ | तेह्रौं योजनाको लक्ष्य तथा प्रगति | ३ |
| तालिका १.२ | कुल गार्हस्थ्य उत्पादन (आ.व. २०६९/७० को स्थिर मूल्यमा) | ५ |
| तालिका १.२ (क) | क्षेत्रगत मूल्य अभिवृद्धिको वृद्धिदर | ६ |
| तालिका १.३ | सरकारी बजेटको अवस्था (आ.व. २०६९/७० को स्थिर मूल्यमा) | ८ |
| तालिका १.४ | कुल गार्हस्थ्य उत्पादनको अनुपातमा विभिन्न सूचकहरूको लक्ष्य एवम् प्रगति | १० |
| तालिका २.१ | प्रमुख आर्थिक, सामाजिक र भौतिक लक्ष्यहरू | २२ |
| तालिका २.२ | क्षेत्रगत मूल्य अभिवृद्धि र कुल गार्हस्थ्य उत्पादन (आ.व. २०७२/७३ को स्थिर मूल्यमा) | २४ |
| तालिका २.३ | सीमान्त पुँजी उत्पादन अनुपात र कुल लगानी (आ.व. २०७२/७३ को स्थिर मूल्यमा) | २६ |
| तालिका २.३ (क) | सार्वजनिक, निजी र सहकारी क्षेत्रबाट हुने लगानी (आ.व. २०७२/७३ को स्थिर मूल्यमा) | २७ |
| तालिका २.३ (ख) | सार्वजनिक, निजी र सहकारीको क्षेत्रगत लगानी (आ.व. २०७२/७३ को स्थिर मूल्यमा) | २८ |
| तालिका २.४ | सरकारी बजेट (खर्च) र व्यहोर्ने स्रोतहरू (आ.व. २०७२/७३ को मूल्यमा) | २९ |
| तालिका २.५ | प्रक्षेपित बचत, लगानी र सार्वजनिक वित्त (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | ३१ |
| तालिका ९.१ | चौधौं योजनाको नतिजा खाका | ३१० |
| तालिका ९.२ | प्रमुख नतिजा क्षेत्र, तात्कालिक र विषय क्षेत्रगत असरहरू | ३११ |
| तालिका ९.३ | विषयगत असरहरू, उपक्षेत्र र प्रमुख नतिजा क्षेत्र | ३१४ |

# सङ्क्षेपीकरणको सूची

| | |
|---|---|
| अ.दु.अ.आ. | अख्तियार दुरूपयोग अनुसन्धान आयोग |
| आ.म. | आपूर्ति मन्त्रालय |
| आ.व. | आर्थिक वर्ष |
| आ.सर्वेक्षण | आर्थिक सर्वेक्षण |
| इ.प्र.का. | इलाका प्रहरी कार्यालय |
| उ.म. | उद्योग मन्त्रालय |
| ऊर्जा म. | ऊर्जा मन्त्रालय |
| औ.क्षे.व्य.लि. | औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड |
| का.न्या.सं.मा.म. | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय |
| कि.मि. | किलोमिटर |
| के.त.वि. | केन्द्रीय तथ्याङ्क विभाग |
| कृ.वि.म. | कृषि विकास मन्त्रालय |
| खा.पा.आ. | खानेपानी आयोजना |
| खा.स.म. | खानेपानी तथा सरसफाइ मन्त्रालय |
| गु.तथा ना.तौ.वि. | गुणस्तर तथा नापतौल विभाग |
| गृ.म. | गृह मन्त्रालय |
| पा.ब.स. | घरपरिवार बजेट सर्वेक्षण |
| ज.वा.म. | जनसङ्ख्या तथा वातावरण मन्त्रालय |
| जि.वि.स. | जिल्ला विकास समिति |
| डि.स.का | डिभिजन सहकारी कार्यालय |
| ने.ज.स्वा.स. | नेपाल जनसङ्ख्या तथा स्वास्थ्य सर्वेक्षण |
| ने.जी.सर्वेक्षण | नेपाल जीवनस्तर सर्वेक्षण |
| ने.ना.उ.प्रा. | नेपाल नागरिक उड्डयन प्राधिकरण |
| ने.रा.बै. | नेपाल राष्ट्र बैङ्क |
| प्र.प्र.का. | प्रहरी प्रधान कार्यालय |
| प.वि.म. | पशुपन्छी विकास मन्त्रालय |
| प्र.म.म.प.का. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| भू.व्य.प्र.के. | भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र |
| भू.सु.व्य.म. | भूमिसुधार तथा व्यवस्था मन्त्रालय |
| भौ.पू.या.म. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |
| म.ले.नि.का. | महालेखा नियन्त्रक कार्यालय |

| | |
|---|---|
| म.बा.स.क.म. | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय |
| मा.पो.का. | मालपोत कार्यालय |
| मे.टन | मेट्रिक टन |
| यु.खे.म. | युवा तथा खेलकुद मन्त्रालय |
| रा.पु.प्रा. | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण |
| रा.यो.आ. | राष्ट्रिय योजना आयोग |
| रा.लेखा | राष्ट्रिय लेखा |
| रा.स.केन्द्र | राष्ट्रिय सतर्कता केन्द्र |
| व.भू.सं.म. | वन तथा भू संरक्षण मन्त्रालय |
| वा.म. | वाणिज्य मन्त्रालय |
| वि.आ.वि.स. | विशेष आर्थिक क्षेत्र विकास समिति |
| वि.प्र.म. | विज्ञान तथा प्रविधि मन्त्रालय |
| व्य.सू.प्र. | व्यवस्थापन सूचना प्रणाली |
| व्या.नि.प्र.के. | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र |
| शा.पु.म. | शान्ति तथा पुनर्निर्माण मन्त्रालय |
| श्र.रो.म. | श्रम तथा रोजगार मन्त्रालय |
| सं.प.ना.उ.म. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| स.ग.नि.म. | सहकारी तथा गरिबी निवारण मन्त्रालय |
| स.मा.स्था.वि.म. | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| स.वि.म. | सहरी विकास मन्त्रालय |
| सा.प्र.म. | सामान्य प्रशासन मन्त्रालय |
| सि.म. | सिँचाइ मन्त्रालय |
| सू.स.म. | सूचना तथा सञ्चार मन्त्रालय |
| स्वा.म. | स्वास्थ्य मन्त्रालय |
| CFAA | Country Financial Accountability Assessment |
| FISIM | Financial Intermediation Services Indirectly Measured |
| GDP | Gross Domestic Product |
| MCPM | Minimum Conditions and Performance Measurement |
| NEOC | National Emergency Operation Centre |
| REOC | Regional Emergency Operation Centre |
| DEOC | District Emergency Operation Centre |

**परिच्छेद : १**

# परिचय

## १.१ पृष्ठभूमि

नेपालको योजनाबद्ध विकास प्रयास सुरु भएको छ दशक पुगेको छ । पछिल्लो राजनीतिक परिवर्तनले स्थापित गरेको नागरिक अधिकारसँगै सामाजिक न्यायसहितको आर्थिक विकास र समृद्ध समाज निर्माण कार्य राज्यको प्रमुख कार्यसूचीमा परेको छ। विश्वव्यापीकरणको कारण मुलुकमा परेको आर्थिक एवम् सामाजिक प्रभाव, भूकम्पलगायतका प्राकृतिक प्रकोप एवम् विपद्‌बाट सिर्जित पुनर्निर्माणको जिम्मेवारी पूरा गर्दै न्यून वृद्धिको अवस्थाबाट गुज्रिरहेको अर्थतन्त्रलाई क्रियाशील गराउँदै जनताको विकासको आकाङ्क्षालाई सम्बोधन गर्न आवश्यक देखिएको छ।

नेपालको संविधान जारी भई राजनीतिक सङ्क्रमण समाप्तितर्फ उन्मुख हुन गएको परिप्रेक्ष्यमा राज्यको ध्यान आर्थिक तथा सामाजिक विकासमा केन्द्रित गर्नेगरी चौधौं आवधिक योजना तर्जुमा गरिएको छ। विगतका योजनाहरू कार्यान्वयन गर्दाको अनुभव र नेपालको संविधानले अङ्गीकार गरेका नागरिकका मौलिक हक र राज्यका निर्देशक सिद्धान्त तथा नीति यस योजनाको मार्गदर्शकका रूपमा रहेका छन् । चौधौं योजना तर्जुमा गर्दा मूलतः लोककल्याणकारी राज्यका अन्तर्निहित मान्यता र सिद्धान्तलाई समेट्ने प्रयास भएको छ।

तेह्रौं योजना कार्यान्वयनको दोस्रो वर्षमा मुलुकले विनाशकारी भूकम्प र तेस्रो वर्षमा दक्षिणी सीमामा अवरोधको सामना गर्नुपऱ्यो । यसले संवत् २०७९ सम्म नेपाललाई विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने योजनाको उद्देश्य हासिल गर्ने मार्गमा अवरोध सिर्जना गर्न पुग्यो । गरिबीको रेखामुनि रहेका २३.८ प्रतिशत जनसङ्ख्यालाई १८ प्रतिशतमा झार्ने लक्ष्यसमेत हासिल हुन सकेन । यसैगरी मुलुकले सामाजिक क्षेत्रमा लगानी अभिवृद्धि गरी सहस्राब्दी विकास लक्ष्य हासिल गर्ने सम्बन्धमा गरेको प्रगतिलाई कायम राख्ने एवम् दिगो विकास लक्ष्य हासिल गर्ने मार्गमा चुनौती रहेको छ। यसैले, चौधौं योजनाले यसअघि मुलुकले ब्यहोर्नुपरेको क्षतिको पूर्ति गर्नुका साथै नयाँ लक्ष्यकासाथ मुलुकको आर्थिक सामाजिक विकासलाई गति दिन आवश्यक छ।

चौधौं योजनाले आर्थिक वृद्धिदरलाई उच्च पार्न कृषिको व्यवसायीकरण, भौतिक पूर्वाधार निर्माण, ऊर्जासङ्कटको निवारण तथा पूर्वाधारहरूको विकास एवम् विस्तार गर्दै औद्योगीकरण र आधुनिकीकरणमा टेवा दिनुपरेको छ भने समष्टिगत आर्थिक स्थायित्व कायम गरी लगानीमा आमविश्वास बढाउनु परेको छ । त्यस्तै सार्वजनिक, निजी र सहकारी क्षेत्रमार्फत लगानी वृद्धि गर्नु, विकास व्यवस्थापनको क्षमता अभिवृद्धि गरी पुँजीगत खर्च बढाउनु, उपलब्ध साधन र स्रोतको उचित उपयोग गर्नु तथा बढ्दो जनआकाङ्क्षाअनुरूप विकासका लक्ष्य प्राप्त गर्न प्रशासनयन्त्रलाई कुशल तथा व्यावसायिक पनि बनाउनुपरेको छ। साथै, लैङ्गिक समानता हासिल गर्दै पिछडिएका क्षेत्र, वर्ग र समुदाय एवम् सीमान्तकृत वर्गका जनतालाई लक्षित कार्यक्रम, न्यायोचित वितरण तथा सामाजिक सुरक्षा एवम् संरक्षण प्रदान गरी शीघ्रतापूर्वक गरिबी न्यूनीकरण गर्नुपर्ने भएको छ। आन्तरिक उत्पादन तथा निर्यात

व्यापारमा वृद्धि र कुल व्यापार विविधीकरण गरी व्यापार घाटा कम गर्दै बाह्य सन्तुलन सुदृढ गर्नुपर्ने छ । ठूलो सङ्ख्याको युवाशक्तिलाई सीप, पुँजी र प्रविधि उपलब्ध गराई मुलुकभित्रै रोजगारी सिर्जना गर्नुपर्नेछ । संविधानको प्रावधान अनुसारका विभिन्न तहका निर्वाचन सम्पन्न हुने परिप्रेक्ष्यमा लामो समयदेखि रिक्त रहेका स्थानीय निकायहरूमा निर्वाचित जनप्रतिनिधिहरूमार्फत विकास प्रक्रियालाई जवाफदेही, पारदर्शी र सहभागितामूलक बनाउने, नतिजाप्रतिको जवाफदेहिता सुनिश्चित गर्ने, सार्वजनिक खर्च व्यवस्थापनलाई सुदृढ गर्ने र समग्रमा सुशासन अभिवृद्धि गर्नेजस्ता विषयहरूलाईसमेत यो योजनाले सम्बोधन गर्नुपर्नेछ । साथै, विगतमा योजनाको लक्ष्य र उपलब्धिबीच रहने गरेको अन्तरलाई कम गर्नसमेत यस योजनालाई व्यावहारिक, कार्यान्वयनयोग्य र नतिजामूलक बनाउनुका साथै कार्यान्वयन पक्षलाई जवाफदेही गराउन नतिजासूचकका आधारमा कार्यसम्पादन करार गर्न सजिलो हुने गरी यस योजनाकै अभिन्न अङ्गका रूपमा नतिजाखाकासमेत समावेश गरिएको छ ।

## १.२ तेह्रौं योजना (आर्थिक वर्ष २०७०/७१–२०७२/७३) को सङ्क्षिप्त समीक्षा

नेपालमा योजनाबद्ध विकासको क्रम सुरु भएपछि हालसम्म १३ ओटा आवधिक योजनाहरू कार्यान्वयन गरिएका छन् । यस क्रममा सामाजिक क्षेत्रमा सन्तोषप्रद प्रगति भएको छ भने विकासका केही पूर्वाधारहरू पनि तयार भएका छन् । विकासमा जनसहभागिता वृद्धि भई जनताकै स्वामित्वमा स्थानीय योजना तथा कार्यक्रमहरू सञ्चालन हुने वातावरण सिर्जना भएको छ । निजी क्षेत्रलाई लगानी गरी विकास प्रक्रियामा सहभागी हुन अवसर प्राप्त भएको छ । तर मुलुकमा उपलब्ध प्राकृतिक एवम् मानवीय साधन र स्रोतको उच्चतम सदुपयोग गरी उच्च आर्थिक वृद्धिमार्फत गरिबी न्यूनीकरण गर्ने उद्देश्य आंशिक रूपमा मात्रै हासिल हुनसकेको छ ।

त्रिवर्षीय योजनाको रूपमा कार्यान्वयनमा ल्याइएको तेह्रौं योजनाले सन् २०२२ सम्ममा नेपाललाई अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने दीर्घकालीन सोचका साथ देशमा व्याप्त आर्थिक एवम् मानवीय गरिबीलाई घटाई आमजनताको जीवनस्तरमा परिवर्तनको अनुभूति दिलाउने उद्देश्य राखेको थियो । योजनाको आधार वर्ष (२०६९/७०) मा २३.८ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनि रहेकोमा योजनाको अन्त्यसम्ममा १८ प्रतिशतमा झार्ने लक्ष्य लिइएको थियो ।

यी उद्देश्य प्राप्त गर्न ऊर्जा, कृषि, पर्यटन, उद्योग र व्यापार, आधारभूत शिक्षा, स्वास्थ्य, खानेपानी, भौतिक पूर्वाधारलगायतका क्षेत्रहरू योजनाको प्राथमिकतामा थिए । यसैगरी विकास प्रक्रियामा सरकारी, निजी र सहकारी क्षेत्रको योगदानमा अभिवृद्धि गर्ने, भौतिक पूर्वाधार विकासमा जोड दिने, शिक्षा, स्वास्थ्य तथा खानेपानीजस्ता सामाजिक सेवाहरूमा पहुँच, उपयोग र गुणस्तर वृद्धि गर्ने, सुशासन अभिवृद्धि गर्ने, लक्षित वर्ग, क्षेत्र तथा समूहको आर्थिक र सामाजिक सशक्तीकरणमा अभिवृद्धि गर्ने र जलवायु परिवर्तनसँग अनुकूलित विकास कार्यक्रम सञ्चालन गर्ने रणनीतिहरू अवलम्बन गरिएका थिए ।

तेह्रौं योजनाको समीक्षा गर्दा आर्थिक क्षेत्र त्यति सन्तोषप्रद नभए तापनि सामाजिक तथा पूर्वाधार क्षेत्रमा केही सन्तोषजनक उपलब्धि भएका छन् । योजना अवधिभर मुलुक राजनीतिक सङ्क्रमणबाट गुज्रियो । मुलुकको समग्र ध्यान राजनीतिक परिवर्तनलाई व्यवस्थित तथा संस्थागत गर्नेतर्फ बढी केन्द्रित हुँदा योजनाको प्रभावकारी कार्यान्वयनले प्राथमिकता पाउन सकेन । सुशासनको प्रत्याभूति सार्वजनिक, निजी तथा सहकारी सबै क्षेत्रमा खड्कियो । क्षेत्रगत प्रगतिमा पनि विगतदेखिका समस्या यथावत् नै

रहिरहे । समयमा मल तथा बिउबिजन उपलब्ध नहुँदा र खेतीयोग्य जमिन कृषि मजदुरको अभावमा बाँझो रहन गएकाले कृषि क्षेत्रमा आशातीत उपलब्धि हासिल हुनसकेन । जलस्रोतको प्रचूर सम्भावनालाई उपयोग गर्न नसक्दा मुलुक ऊर्जासंकटको स्थितिबाट मुक्त हुन सकेन । राजनीतिक अस्थिरता, सकारात्मक र सुमधुर श्रम सम्बन्धको अभाव, भूकम्प, सीमा क्षेत्रमा भएको अवरोध आदिका कारण औद्योगिक उत्पादनमा ह्रास आयो भने यसको असर पर्यटन क्षेत्रमा पनि पर्‍यो । आन्तरिक उत्पादनमा ह्रास आएको तथा व्यापार क्षेत्रमा अपेक्षित रूपमा निर्यात वृद्धि र आयात प्रतिस्थापन हुन नसकेको कारण व्यापारघाटा अत्यधिक मात्रामा बढ्दै गयो । तथापि, वैदेशिक रोजगारीको माध्यमबाट विप्रेषणमा वृद्धि भई तत्कालका लागि शोधनान्तर स्थिति सुविधाजनक भएका कारण विदेशी मुद्रा सञ्चितिमा उल्लेख्य वृद्धि हुनुका अतिरिक्त बैङ्किङ क्षेत्रको तरलता सहज रहन सक्यो ।

यस अवधिमा यातायात, विद्युत्, सञ्चार, सिँचाइजस्ता पूर्वाधारका क्षेत्रमा केही प्रगति भएको छ भने सामाजिक तथा प्रशासनिक एवम् कानुनी सुधारका क्षेत्रमा उल्लेखनीय काम भएका छन् । शान्ति प्रक्रियालाई टुङ्गो लगाई नयाँ संविधान जारी भएको छ । पिछडिएका क्षेत्र तथा विपन्न एवम् सीमान्तकृत जातजाति, वर्ग र समुदायलाई मुलुकको मूलधारमा ल्याउन समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका सबै तहमा प्रतिनिधित्व गर्नसक्ने व्यवस्था भएको छ । गरिबीका रेखामुनि रहेका विपन्न तथा पिछडिएका क्षेत्र, वर्ग र समुदायको उत्थानका लागि लक्षित कार्यक्रम सञ्चालन गरिएका छन् । सामाजिक सुरक्षा र संरक्षणको दायरा बढेको छ । यस प्रकारका कार्यक्रमहरूबाट अर्थतन्त्रको क्षमता अभिवृद्धि, समावेशी विकास र गरिबी न्यूनीकरणमा मद्दत पुगेको छ । योजनाको पछिल्लो वर्षमा विषम परिस्थिति रहेतापनि अघिल्ला दुई वर्षको योगदानले योजना अवधिमा गरिबी २.२ प्रतिशत विन्दुले घटी २१.६ प्रतिशतमा झरेको छ ।

**तेह्रौँ योजनाका मुख्य-मुख्य लक्ष्य एवम् प्रगति स्थिति**

तेह्रौँ योजनाले लिएको प्रमुख लक्ष्यहरू तथा योजना अवधिको अन्त्यसम्ममा भएको प्रगतिको सारसङ्क्षेप तालिका १.१ मा प्रस्तुत गरिएको छ :

**तालिका १.१ : तेह्रौँ योजनाको लक्ष्य तथा प्रगति**

| क्र. सं. | सूचक | आ.व. २०६९/७० को स्थिति | तेह्रौँ योजनाको लक्ष्य | प्रगति |
|---|---|---|---|---|
| १. | वार्षिक औसत आर्थिक वृद्धिदर (प्रतिशत) | ३.५ | ६.० | २.९ |
| २. | कृषि क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत) | १.१ | ४.५ | २.२ |
| ३. | गैरकृषि क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत) | ४.६ | ६.७ | ३.४ |
| ४. | वार्षिक औसत रोजगारी वृद्धिदर (प्रतिशत) | २.९ | ३.२ | २.९ |
| ५. | गरिबीको रेखामुनि रहेको जनसङ्ख्या (प्रतिशत) | २३.८ | १८.० | २१.६ |
| ६. | अपेक्षित आयु (वर्ष) | ६८.८ | ७१.० | ६९.० |
| ७. | मूल्य वृद्धिदर (प्रतिशत) | ८.३ | ७.० | ८.७ |
| ८. | मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा) | २८१.० | १३४.० | २५८.० |
| ९. | खानेपानी सेवा पुगेको जनसङ्ख्याको (प्रतिशत) | ८५.० | ९५.० | ८३.६ |
| १०. | सरसफाइ सुविधा पुगेको जनसङ्ख्याको | ६२.० | ९०.५ | ८१.० |

| क्र. सं. | सूचक | आ.व. २०६९/७० को स्थिति | तेह्रौँ योजनाको लक्ष्य | प्रगति |
|---|---|---|---|---|
| | (प्रतिशत) | | | |
| ११. | प्राथमिक तह (कक्षा १ - ५) मा खुद भर्नादर (प्रतिशत) | ९५.३ | १००.० | ८६.६ |
| १२. | साक्षरता दर (१५-२४ वर्ष) | ८७.५ | ९५.० | ८८.६ |
| १३. | सडक यातायात जोडिएको जिल्ला सदरमुकाम (सङ्ख्या) | ७३ | ७५ | ७३ |
| १४. | टेलिफोन, मोबाइलसमेत (प्रतिसय घनत्वमा) | ७१.५ | १००.८ | ११०.३ |
| १५. | विद्युत् उत्पादन (जडित क्षमता) (मेगावाट) | ७५८ | १,४२६ | ८५१ |
| १६. | विद्युत्मा पहुँच प्राप्त जनसङ्ख्या (प्रतिशत) | ६७.३ | ८७.० | ७४.० |
| १७. | सिँचाइ (हेक्टर लाखमा) | १३.१ | १४.९ | १३.९ |
| १८. | वन जङ्गलले ढाकेको क्षेत्र (प्रतिशत) | ३९.६ | ४०.० | ४४.५ |
| १९. | सडक यातायातको कुल लम्बाइ (कि.मि.)* | २५,२६५ | २७,९६५ | २९,०३१ |

* सडक विभागतर्फको मात्र ।

### १.२.१ समष्टिगत आर्थिक क्षेत्र

#### १. कुल गार्हस्थ्य उत्पादन

तेह्रौँ योजनामा कुल गार्हस्थ्य उत्पादन आधारभूत मूल्यमा ६.० प्रतिशतले वृद्धि गर्ने लक्ष्य रहेकोमा आ.व. २०७०/७१ मा ५.७ प्रतिशत, आ.व. २०७१/७२ मा २.३ प्रतिशत र आ.व. २०७२/७३ मा ०.८ प्रतिशतले वृद्धि भई औसत २.९ प्रतिशतले वृद्धि भएको प्रारम्भिक अनुमान छ । कृषि क्षेत्रमा औसत वृद्धिदर ४.५ प्रतिशत हुने लक्ष्य रहेकोमा आ.व. २०७०/७१, आ.व. २०७१/७२ र आ.व. २०७२/७३ मा क्रमशः ४.६ प्रतिशत, ०.८ प्रतिशत र १.३ प्रतिशतले वृद्धि भई औसत २.२ प्रतिशतले वृद्धि भएको प्रारम्भिक अनुमान छ । त्यस्तै गैरकृषि क्षेत्रमा औसत वृद्धिदर ६.७ प्रतिशत हुने लक्ष्य रहेकोमा आ.व. २०७०/७१, आ.व. २०७१/७२ र आ.व. २०७२/७३ मा क्रमशः ६.४ प्रतिशत, ३.१ प्रतिशत र ०.६ प्रतिशतले वृद्धि भई औसतमा ३.४ प्रतिशतले वृद्धि भएको प्रारम्भिक अनुमान छ । उद्योग क्षेत्रको औसत वृद्धिदर ५.४ प्रतिशत हुने लक्ष्य रहेकोमा ०.७ प्रतिशत तथा सेवा क्षेत्रको औसत वृद्धिदर ७.१ प्रतिशत रहने लक्ष्य रहेकोमा ४.२ प्रतिशतले वृद्धि भएको प्रारम्भिक अनुमान छ । यी क्षेत्रहरूमा योजनाको पहिलो वर्षमा केही सकारात्मक वृद्धिको सङ्केत देखिए तापनि २०७२ सालको वैशाख १२ मा गएको विनाशकारी भूकम्प र आर्थिक वर्ष २०७२/७३ को प्रारम्भदेखि नै दक्षिणी सीमामा भएको अवरोधसमेतले व्यापार, उद्योग, यातायात, पर्यटन, आपूर्ति व्यवस्थालगायत समग्र क्षेत्र प्रभावित भई सम्पूर्ण आर्थिक क्रियाकलाप लामो समयसम्म प्रायः ठप्प भएकोले पछिल्ला दुई वर्षको आर्थिक वृद्धिदर सङ्कुचित हुन पुग्यो ।

तेह्रौँ योजना अवधिको कुल गार्हस्थ्य उत्पादन र क्षेत्रगत मूल्य अभिवृद्धिको अवस्था तालिका १.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका १.२ : कुल गार्हस्थ्य उत्पादन**
**(आ.व. २०६९/७० को स्थिर मूल्यमा)**

(रु. **करोडमा**)

| क्र.सं. | क्षेत्रहरू | कुल उत्पादन | | |
|---|---|---|---|---|
| | | आ.व. २०७०/७१ | आ.व. २०७१/७२* | आ.व. २०७२/७३* |
| **१** | **कृषि** | **५४५५१** | **५४३८०** | **५४७१९** |
| १.१ | कृषि तथा वन | ५३७५७ | ५३५६७ | ५३८५२ |
| १.२ | मत्स्यपालन | ७९४ | ८१४ | ८६७ |
| **२.** | **गैरकृषि** | **११२६२०** | **११६७२५** | **११७९३६** |
| **२.१** | **उद्योग** | **२४९२८** | **२५४४४** | **२४२०४** |
| २.१.२ | खानी तथा भूगर्भ | १००९ | १०३६ | १०१३ |
| २.१.२ | उद्योग | १०३६७ | १०३७६ | ९५५३ |
| २.१.३ | विद्युत्, ग्यास तथा पानी | १९६० | १८८५ | १७५४ |
| २.१.४ | निर्माण | ११५९३ | १२१४७ | ११८८४ |
| **२.२** | **सेवा** | **८७६९२** | **९१२८०** | **९३७३२** |
| २.२.१ | थोक तथा खुद्रा व्यापार | २४९१५ | २५१७५ | २४५६१ |
| २.२.२ | होटेल तथा रेष्टुरेन्ट | ३२३९ | ३५३० | ३५९५ |
| २.२.३ | यातायात, भण्डारण र सञ्चार | १४२९० | १४३८८ | १४५४२ |
| २.२.४ | वित्तीय मध्यस्थता | ७२८१ | ७९७२ | ८५६० |
| २.२.५ | घरजग्गा, बहाल तथा व्यापारिक क्रियाकलाप | १४०३५ | १४५५९ | १५८१५ |
| २.२.६ | सामान्य प्रशासन तथा रक्षा | ४०६६ | ४४८४ | ४४९७ |
| २.२.७ | शिक्षा | १०५७३ | ११२८१ | ११६६८ |
| २.२.८ | स्वास्थ्य तथा सामाजिक कार्य | २५४४ | २९१४ | ३०५८ |
| २.२.९ | अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाका क्रियाकलाप | ६७४७ | ६९७८ | ७४३६ |
| | **कुल मूल्य अभिवृद्धि** | **१६७१७२** | **१७११०५** | **१७२६५४** |
| | **कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा)** | **१६१३५२** | **१६४७७२** | **१६५९२६** |
| | **कुल गार्हस्थ्य उत्पादन (उत्पादक मूल्यमा)** | **१८०२३३** | **१८४९२३** | **१८५८८१** |

* संशोधित । * प्रारम्भिक ।

त्यसैगरी तेह्रौं योजनाको प्रक्षेपित तथा योजना अवधिको क्षेत्रगत मूल्य अभिवृद्धि वृद्धिदर तालिका १.२ (क) मा प्रस्तुत गरिएको छ ।

**तालिका १.२ (क) : क्षेत्रगत मूल्य अभिवृद्धिको वृद्धिदर**

(प्रतिशत)

| क्र.सं. | क्षेत्रहरू | तेह्रौं योजनाको लक्ष्य | वृद्धिदर | | | |
|---|---|---|---|---|---|---|
| | | | आ.व. २०७०/७१ | आ.व. २०७१/७२ | आ.व. २०७२/७३* | औसत |
| **१** | **कृषि** | **४.५** | **४.५६** | **०.८** | **१.३** | **२.२** |
| १.१ | कृषि तथा वन | ४.५ | ४.५ | ०.७ | १.१ | २.१ |
| १.२ | मत्स्यपालन | ४.५ | ४.९ | ७.१ | ११.८ | ७.९ |
| **२.** | **गैरकृषि** | **६.७** | **६.४** | **३.१** | **०.६** | **३.४** |
| **२.१** | **उद्योग** | **५.४** | **७.१** | **१.५** | **(६.३)** | **०.७** |
| २.१.२ | खानी तथा भूगर्भ | ४.७ | ११.९ | २.३ | (६.५) | २.६ |
| २.१.२ | उद्योग | ४.७ | ६.३ | ०.४ | (९.९) | (१.१) |
| २.१.३ | विद्युत्, ग्यास तथा पानी | ८.२ | ३.३ | १.० | (१.७) | ०.९ |
| २.१.४ | निर्माण | ५.५ | ९.१ | २.९ | (४.०) | २.७ |
| **२.२** | **सेवा** | **७.१** | **६.२** | **३.६** | **२.७** | **४.२** |
| २.२.१ | थोक तथा खुद्रा व्यापार | ५.६ | १०.९ | २.१ | (१.१) | ४.० |
| २.२.२ | होटेल तथा रेष्टुरेन्ट | ८.६ | ६.८ | ३.३ | (४.९) | १.८ |
| २.२.३ | यातायात, भण्डारण र सञ्चार | ८.४ | ५.२ | ६.२ | २.६ | ४.७ |
| २.२.४ | वित्तीय मध्यस्थता | ६.२ | ३.७ | २.९ | ३.३ | ३.३ |
| २.२.५ | घरजग्गा, बहाल तथा व्यापारिक क्रियाकलाप | ८.२ | ३.६ | ०.८ | ३.७ | २.७ |
| २.२.६ | सामान्य प्रशासन तथा रक्षा | ७.७ | ५.० | ५.४ | ५.८ | ५.४ |
| २.२.७ | शिक्षा | ६.७ | ४.८ | ३.७ | ६.७ | ५.१ |
| २.२.८ | स्वास्थ्य तथा सामाजिक कार्य | ५.९ | ४.५० | १०.५ | ८.९ | ८.० |
| २.२.९ | अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाका क्रियाकलाप | ९.५ | ४.८ | ४.४ | ५.६ | ४.९ |
| | **कुल मूल्य अभिवृद्धि** | **६.०** | **५.८** | **२.३** | **०.९** | **३.०** |
| | **कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा)** | **५.९** | **५.७** | **२.३** | **०.८** | **२.९** |

* प्रारम्भिक अनुमान ।

## २. सरकारी वित्त

### राजस्व

तेह्रौं योजनाले स्वेच्छिक कर सहभागिताको लागि गुणस्तरीय सेवा तथा कर कानुनको समयसापेक्ष परिमार्जन र कार्यान्वयन सुनिश्चित गरी व्यापार सहजीकरणको वातावरण निर्माण गर्दै कर प्रणालीको कार्यकुशलता तथा प्रभावकारिता अभिवृद्धि गर्ने उद्देश्यअनुरूप कर नीति, कानुन तथा कर प्रशासनलाई समयानुकूल बनाउने, सूचना प्रविधिको माध्यमबाट सूचना सञ्जालको विकास गर्ने र आन्तरिक कर

तथा भन्सारमा स्वयंकर घोषणा पद्धति अवलम्बन गर्नेजस्ता कार्यबाट कर प्रशासनमा सुधारको प्रयास गरेको थियो । योजना अवधिमा १३.८ प्रतिशतले राजस्व वृद्धि गरी आधार वर्ष २०६९/७० को स्थिर मूल्यमा कुल रु. ११ खर्ब ३३ अर्ब २३ करोड राजस्व सङ्कलन हुने अनुमान गरिएकोमा रु. १० खर्ब ९६ अर्ब सङ्कलन भएको छ । योजनाको अन्तिम वर्षमा कुल गार्हस्थ्य उत्पादनमा राजस्वको अनुपात लक्ष्यअनुसार अर्थात् २१.५ प्रतिशत हासिल भएको छ।

**वैदेशिक सहायता**

वैदेशिक सहायताको निर्भरतालाई क्रमशः कम गर्दै लैजान तथा सहायता रकमलाई राष्ट्रिय प्राथमिकताअनुरूप परिचालन गर्न योजना अवधिमा वैदेशिक सहायता नीति जारी गरी सबै वैदेशिक सहायतालाई बजेट प्रणालीभित्र ल्याउने प्रयास भएको छ। त्यसैगरी चालु योजनामा रु. ३ खर्ब ४१ अर्ब ५९ करोड वैदेशिक सहायता (अनुदान र ऋण) परिचालन गर्ने लक्ष्य रहेकोमा योजना अवधिमा रु. १ खर्ब ८२ अर्ब ५५ करोड परिचालन भएको छ।

**सार्वजनिक ऋण**

तेह्रौं योजनाले पुँजी निर्माणमा योगदान पुग्ने गरी सार्वजनिक ऋणको प्रभावकारी परिचालन गर्न आन्तरिक ऋणको मात्रालाई निश्चित सीमाभित्र राख्ने, अधिविकर्षण नियन्त्रण गर्ने तथा ऋण व्यवस्थापनमा वित्तीय अनुशासन कायम गर्ने नीति अख्तियार गरेको थियो । उक्त योजनामा सार्वजनिक ऋणलाई कुल गार्हस्थ्य उत्पादनको ३३ प्रतिशत र आन्तरिक ऋणलाई कुल गार्हस्थ्य उत्पादनको वार्षिक औसत २.२५ प्रतिशतमा सीमित राख्ने लक्ष्य लिएकोमा योजना अवधिमा यस्तो अनुपात क्रमशः २७.९ प्रतिशत र २.३ प्रतिशत रहेको छ।

**सार्वजनिक खर्च**

सार्वजनिक खर्चको उपयोगलाई प्रभावकारी तुल्याउन तेह्रौं योजनाले मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) को विकास गर्नुका साथै कार्यक्रममा आधारित भएर बजेट तर्जुमा गर्ने तथा प्रयोजन खुलाएरमात्र भैपरी शीर्षकमा बजेट विनियोजन गर्नेजस्ता नतिजासँग आबद्ध हुने प्रावधानसहित बजेट निर्माण गर्ने व्यवस्था गरेको थियो । योजना अवधिमा कुल बजेट रु. १६ खर्ब १६ अर्ब ७५ करोड खर्च हुने प्रक्षेपण गरिएकोमा रु. १३ खर्ब ५८ अर्ब ६३ करोड खर्च भएको छ । यो खर्च कुल गार्हस्थ्य उत्पादनको औसत २४.७ प्रतिशत हुन आउँछ।

तेह्रौं योजनाले प्रस्ताव गरेको सरकारी बजेट तथा यसका स्रोतहरूको प्रक्षेपण तथा बजेट व्यवस्थापनको अवस्था तालिका १.३ मा प्रस्तुत गरिएको छ।

**तालिका १.३ : सरकारी बजेटको अवस्था**
**(आ.व. २०६९/७० को स्थिर मूल्यमा)**

(रु. करोडमा)

| क्र.सं. | विवरण | तेह्रौं योजनाको प्रक्षेपण | तेह्रौं योजनाको स्थिति | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | आ.व. २०७०/७१ | आ.व. २०७१/७२ | आ.व. २०७२/७३ | जम्मा | प्रगति प्रतिशत |
| १ | कुल बजेट | १६१६७५ | ३९९१३ | ४६३३७ | ४९६१३ | १३५८६३ | ८४.० |
| २ | कुल राजस्व | ११३३२३ | ३३८२२ | ३५९१७ | ३९९०५ | १०९६४३ | ९६.८ |
| ३ | वैदेशिक अनुदान | १८९४६ | ३८७२ | ३३२९ | ३५५८ | १०७५९ | ५६.८ |
| ४ | कुल खर्च | १३६९२६ | ३३९६६ | ३७३२८ | ४०८८० | ११२१७४ | ८१.९ |
| | चालु खर्च | १०३९२९ | २७८४७ | २९५८८ | ३०६९२ | ८८१२७ | ८४.८ |
| | पुँजीगत खर्च | ३२९९८ | ६११९ | ७७४० | १०१८८ | २४०४७ | ७२.९ |
| ५ | बजेट बचत (+) न्यून (-) | ४६५८ | (३७२८) | (१९१८) | (२५८३) | | |
| ६ | वित्तीय व्यवस्था | (४६५८) | १९५९ | २९०७ | (३२३९) | १६२६ | (३४.९) |
| ७ | खुद ऋण लगानी | ५७२० | १०९५ | २२९० | ९५१ | ४३३६ | ७५.८ |
| | आन्तरिक ऋण लगानी | ६९७८ | ११४३ | २४७१ | २०४९ | ५६६४ | ८१.२ |
| | आन्तरिक ऋण फिर्ता | १२५७ | ४८ | १८१ | १०९८ | १३२८ | १०५.६ |
| ८ | खुद सेयर लगानी | ३०४३ | ८०१ | ९१७ | १०५२ | २७६९ | ९१.० |
| | आन्तरिक सेयर लगानी | २१८० | ७९७ | ७४३ | १०३८ | २५७८ | ११८.२ |
| | वैदेशिक सेयर लगानी | ८५३ | ३ | १७४ | १५ | १९१ | २२.४ |
| ९ | खुद वैदेशिक ऋण | (१०२५१) | (२३४) | (७४१) | (२१४७) | (३१२३) | ३०.५ |
| | वैदेशिक ऋण साँवा भुक्तानी | ४९६३ | १४१७ | १४८५ | १४७१ | ४३७३ | ८८.१ |
| | वैदेशिक ऋण | १५२१४ | १६५१ | २२२६ | ३६१८ | ७४९६ | ४९.३ |
| १० | खुद आन्तरिक ऋण | (८१४८) | २९७ | ४४१ | (३०९५) | (२३५६) | २८.९ |
| | आन्तरिक ऋण साँवा भुक्तानी | ४७८८ | २१३१ | ४१३६ | ४१६१ | १०४२८ | २१७.८ |
| | आन्तरिक ऋण | १२९३६ | १८३३ | ३६९५ | ७२५६ | १२७८४ | ९८.८ |

## ३. वैदेशिक व्यापार

तेह्रौं योजना अवधिमा प्रतिस्पर्धी वस्तु तथा सेवाको निर्यात बढाउने उद्देश्यले वाणिज्य नीति जारी भएको छ भने राष्ट्रिय व्यापार पोर्टल (National Trade Portal) को स्थापना गर्नुका साथै उत्पादनको गुणस्तर सुधार तथा वैदेशिक व्यापार प्रवर्द्धन गर्ने प्रयास गरिएको छ । आ.व. २०७०/७१ मा वस्तु निर्यात रु. १०० अर्ब ९६ करोड, आ.व. २०७१/७२ मा रु. ९८ अर्ब २८ करोड र आ.व. २०७२/७३ मा रु. ७० अर्ब रह्यो भने आयाततर्फ आ.व. २०७०/७१ मा रु. ६९६ अर्ब ३७ करोड, आ.व. २०७१/७२ मा रु. ७६१ अर्ब ७७ करोड र आ.व. २०७२/७३ मा रु. ७८१ अर्बको वस्तु आयात भएको थियो ।

यसरी निर्यातको न्यून वृद्धि र आयातमा भएको उच्च वृद्धिको कारण योजनाका पहिलो दुई वर्षमा कुल वस्तु व्यापार घाटामा वृद्धि भएको थियो । योजनाको अन्तिम वर्षमा निर्यातमा कमी तर आयातको

वृद्धिदरमा केही कमी आएतापनि आयातको आकार नै उच्च रहेकाले व्यापार घाटा वृद्धि हुन गई रु. ७११ अर्ब पुग्न गयो । निर्यातले आयात धान्ने क्षमतामा क्रमिक रूपमा ह्रास आउने प्रवृत्ति कायमै छ ।

### ४. उपभोक्ता मुद्रास्फीति

तेह्रौं योजनामा मूल्यवृद्धिलाई नियन्त्रण गरी आमजनताको क्रयशक्तिमा सुधार ल्याउन उपयुक्त मौद्रिक नीति र वित्तीय नीतिको कार्यान्वयन, बजार संयन्त्रको विकास तथा अनुगमन र आपूर्तिको व्यवस्थाबाट वार्षिक औसत मूल्य वृद्धिदर ७.० प्रतिशतमा सीमित राखी मूल्य स्थिरता कायम गर्ने लक्ष्य राखिएको थियो । जसअनुसार मौद्रिक नीतिमार्फत मुद्रा विस्तार तथा अधिक तरलतामा नियन्त्रण गर्नुका साथै मूल्यमा असर नपर्ने गरी वित्त तथा विदेशी विनिमय दरसम्बन्धी नीति तर्जुमा गरिएको थियो । तथापि आ.व. २०७०/७१ मा ९.१ प्रतिशत, आ.व. २०७१/७२ मा ७.२ प्रतिशत र आ.व. २०७२/७३ मा ९.९ प्रतिशत गरी योजना अवधिमा वार्षिक सरदर मुद्रास्फिति ८.७ प्रतिशत रहन पुग्यो ।

### ५. शोधनान्तर स्थिति

तेह्रौं योजना अवधिमा मुलुकको शोधनान्तर स्थिति सुविधाजनक रह्यो । आ.व. २०७०/७१ मा शोधनान्तर स्थिति रु. १२७.१३ अर्बले बचतमा रहेकोमा आ.व. २०७१/७२ मा सो बचत रु. १४५.०४ अर्ब र आ.व. २०७२/७३ मा रु. १९१.२४ अर्ब पुग्यो ।

### ६. बैंकिङ्ग तथा कर्जा

तेह्रौं योजनाले समष्टिगत आर्थिक स्थायित्वको लागि आर्थिक, मौद्रिक तथा वित्तीय नीतिमार्फत मूल्य, शोधनान्तर र वित्तीय क्षेत्रको स्थायित्व सुनिश्चित गर्ने तथा भुक्तानी प्रणालीमा जनविश्वास अभिवृद्धि गर्ने उद्देश्य लिएको थियो । योजना अवधिमा वित्तीय क्षेत्र विकास रणनीति तयार भएको छ भने बैङ्किङ क्षेत्रमा सुशासन कायम गर्ने थप नीतिगत व्यवस्था गरिएको छ । बैङ्क तथा वित्तीय संस्थाहरू गाभ्ने-गाभिने कार्यलाई अघि बढाई वित्तीय स्थायित्व कायम गरिएको छ । मौद्रिक नीतिमार्फत कृषिलगायतका उत्पादनशील क्षेत्रमा बैङ्क कर्जा बढाउने व्यवस्था तथा ग्रामीण क्षेत्रमा बैंकिङ्ग पहुँच पुऱ्याउने कार्य भएको छ । लघुवित्त संस्थाहरू विस्तार गरी वित्तीय सेवामा जनताको पहुँच वृद्धि गरिएको छ । यसैगरी विपन्न वर्गको कर्जाको दायरा फराकिलो पार्नुको साथै दुर्गम क्षेत्रमा शाखा खोल्ने लघुवित्त संस्थालाई नेपाल राष्ट्र बैङ्कले निर्ब्याजी सापटी प्रदान गर्ने व्यवस्था भएको छ । यी सबै प्रयासका बाबजुद सर्वसुलभ बैंकिङ्ग सेवामा सबैको पहुँच हुने र आर्थिक वृद्धिलाई टेवा दिने वित्तीय प्रणालीको विकास हुन बाँकी नै छ ।

### ७. बिमा

तेह्रौं योजनाले आर्थिक एवम् सामाजिक क्रियाकलापका साथै प्राकृतिक प्रकोप तथा अन्य चुनौतीहरूबाट उत्पन्न जोखिमविरूद्ध सुरक्षा प्रदान गर्दै नेपाली बिमा क्षेत्रलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार स्तरोन्नति गर्ने एवम् दुर्गम ग्रामीणलगायत सबै वर्ग, क्षेत्र र तहसम्म पुऱ्याउने प्रयास गरेको थियो । योजनाको पहिलो दुई वर्षमा रु. ५ अर्बको चुक्ता पुँजीमा पुनर्बिमा कम्पनीको स्थापना गरी सञ्चालनमा ल्याइएको छ । बिमा दाबी प्रक्रिया सरलीकरण, नयाँ बिमा ऐनको तर्जुमा तथा लघुबिमा

सेवाको विस्तार गरिएको छ भने कृषि बिमालाई प्रोत्साहन दिनुका साथै ३ जिल्लामा स्वास्थ्य बिमा सेवासमेत प्रारम्भ गरिएको छ । तथापि बिमाको दायरा फराकिलो बनाई अधिकतम व्यक्ति र कारोबारलाई बिमाको दायरामा ल्याउन अझै बाँकी छ ।

## ८. पुँजीबजार

छरिएर रहेका स-साना बचतलाई एकीकृत गरी लगानीका लागि आवश्यक पुँजी उत्पादनमूलक क्षेत्रमा पुऱ्याउन तेह्रौं योजनाले सक्षम तथा गतिशील पुँजीबजारको विकास, लगानीकर्ताको पहुँच र विश्वसनीयता अभिवृद्धि तथा लगानी विविधीकरणमार्फत पुँजीबजारलाई विस्तार गर्ने प्रयास गरेको छ । यस अवधिमा धितोपत्रमा लगानी गर्न प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिएको छ । यस योजनामा सूचीकृत संस्थाहरूको संस्थागत सुशासन, सूचनाको प्रवाहको स्तरमा वृद्धि, सेयरको अभौतिकीकरण र कारोबारमा सरलीकरण गरी पुँजीबजारमा लगानी आकर्षण र विश्वसनीयता वृद्धि गर्ने प्रयास गरिएको छ । त्यस्तै वस्तु बजारसम्बन्धी ऐन तर्जुमा, धितोपत्र व्यवसायीहरूको कार्यक्षेत्र विस्तार तथा पुँजीबजारको विकेन्द्रीकरण र विस्तारमा सहयोग पुऱ्याउन वित्तीय साक्षरता नीति कार्यान्वयन गरिएको छ । तर धितोपत्र बजारलाई विकेन्द्रीकृत एवम् विविधीकरण गर्ने र पुँजी बजारमार्फत दीर्घकालीन पुँजी परिचालन गर्ने कार्य अझ अघि बढाउनुपर्ने अवस्था छ ।

तेह्रौं योजनामा भएको लगानी र यसबाट अर्थतन्त्रको विभिन्न क्षेत्रमा पर्न गएको प्रभाव तालिका नं. १.४ मा उल्लेख गरिएको छ ।

**तालिका १.४ : कुल गार्हस्थ्य उत्पादनको अनुपातमा विभिन्न सूचकहरूको लक्ष्य एवम् प्रगति**

| क्र.सं. | विवरण | आ.व. २०६९/७० को स्थिति | तेह्रौं योजनाको लक्ष्य | आ.व. २०७२/७३ सम्मको प्रगति |
|---|---|---|---|---|
| १ | कुल लगानी (मौज्दात परिवर्तनसमेत) | ३६.९ | ४०.८४ | ३४.० |
| २ | कुल स्थिर पुँजी लगानी | २२.६ | २७.८९ | २५.० |
| | - सार्वजनिक क्षेत्र | ४.२ | ८.७३ | ५.९ |
| | - निजी क्षेत्र | १८.४ | १९.१६ | १९.१ |
| ३ | मौज्दातमा परिवर्तन | १४.३ | १२.९४ | ८.९ |
| ४ | कुल राष्ट्रिय बचत | ४०.३ | ४१.० | ४२.९ |
| ५ | वैदेशिक सहायता | २.८ | ५.९१ | ३.८ |
| | - अनुदान | २.१ | ३.३७ | १.९ |
| | - ऋण | ०.७ | २.५४ | १.९ |
| ६ | कुल राजस्व | १७.६ | २१.१ | २१.५ |
| ७ | कुल खर्च | १७.८ | २५.०६ | २२.० |
| | - चालु खर्च | १४.६ | १८.६३ | १६.५ |
| | - पुँजीगत खर्च | ३.२ | ६.४४ | ५.५ |
| ८ | बजेट बचत/घाटा | १.८ | ०.५९ | (१.४) |
| ९ | वित्तीय व्यवस्था | १.५ | ०.५९ | १.७ |
| १० | खुद ऋण लगानी | ०.७ | १.४२ | ०.५ |
| ११ | खुद सेयर लगानी | ०.५३ | ०.७१ | ०.६ |

| क्र.सं. | विवरण | आ.व. २०६९/७० को स्थिति | तेह्रौं योजनाको लक्ष्य | आ.व. २०७२/७३ सम्मको प्रगति |
|---|---|---|---|---|
| १२ | खुद वैदेशिक ऋण | ०.१३ | १.४७ | १.२ |
| १३ | खुद आन्तरिक ऋण | ०.११ | १.२५ | १.७ |

## १.२.२ अन्य विषयगत क्षेत्र

### कृषि, सिँचाइ तथा वन

**कृषि**

तेह्रौं योजनामा कृषि क्षेत्रको उत्पादन ४.५ प्रतिशतले वृद्धि हुने अनुमान गरिएकोमा योजना अवधिमा औसत वृद्धिदर २.२ प्रतिशत रहेको अनुमान छ । खाद्यान्न उत्पादनतर्फ वार्षिक १ करोड ८ लाख ८१ हजार मेट्रिक टन उत्पादन पुऱ्याउने लक्ष्य रहेकोमा योजनाको अन्तिम वर्षमा २०७२/७३ मा धान ४२ लाख ९९ हजार मेट्रिक टन, मकै २२ लाख ३१ हजार मेट्रिक टन र गहुँ १५ लाख ७० हजार मे.टन उत्पादन भएको अनुमान छ । फलफूल र तरकारीतर्फ क्रमश: १२ लाख ६० हजार र ३६ लाख ३५ हजार मेट्रिक टन उत्पादनको लक्ष्य रहेकोमा क्रमश: १० लाख ९६ हजार र ३५ लाख ८० हजार मेट्रिक टन उत्पादन भएको देखिन्छ । माछा, दूध तथा मासुको उत्पादनमा क्रमश: ७७ मेट्रिक टन, १७ लाख ५९ हजार मेट्रिक टन, ३ लाख २४ हजार मेट्रिक टन पुऱ्याउने लक्ष्य रहेकोमा क्रमश: ७८ हजार मेट्रिक टन, १८ लाख ५४ हजार मेट्रिक टन र ३ लाख १८ हजार मेट्रिक टन उत्पादन भएको छ । त्यसैगरी अण्डा उत्पादन ९२ करोड २७ लाख गोटा पुऱ्याउने लक्ष्य रहेकोमा १२० करोड गोटा उत्पादन भएको छ । कृषि उत्पादनको लागि मौसममा भर पर्नुपर्ने अवस्था, समयमा नै बिउ तथा मलखाद उपलब्ध नहुनु, कृषियोग्य जमिन बाँझो रहेको अवस्था र भूकम्पको प्रभावको कारणले कृषि क्षेत्रको समग्र उत्पादनमा अपेक्षित उपलब्धि हासिल हुन सकेन । तर माछा, दुध, मासु तथा अण्डा उत्पादनको क्षेत्रमा भने सन्तोषजनक प्रगति भएको छ ।

**सिँचाइ**

सिँचाइतर्फ १०९ हजार हेक्टर क्षेत्रफलमा थप सिँचाइ सुविधा पुऱ्याउने योजनाको लक्ष्य रहेकोमा समीक्षा अवधिमा थप ८१ हजार हेक्टर क्षेत्रफलमा मात्र सिँचाइ सुविधा पुगेको छ । ठूला सिँचाइ योजना कार्यान्वयनमा ढिलाइ तथा बाढीपहिरोजस्ता प्राकृतिक प्रकोप नै सिँचाइ सुविधा विस्तारमा प्रमुख समस्या का रूपमा देखिएका छन् ।

**वन**

तेह्रौं योजनामा वनले ढाकेको क्षेत्रफल ३९.६ प्रतिशतबाट बढाई ४० प्रतिशत पुऱ्याउने लक्ष्य थियो । यस अवधिमा वन क्षेत्रमा उल्लेखनीय वृद्धि भई ४४.५ प्रतिशत पुगेको अनुमान छ । वन नीति, वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, वन सुरक्षा योजना आदिजस्ता नीतिगत व्यवस्था लागू भएका छन् भने योजनाको अन्तिम वर्षमा ३,६०० हेक्टर क्षेत्रमा वृक्षारोपण गरिनुका साथै ९३३ हेक्टर वनक्षेत्रमा भएको अतिक्रमण हटाइएको छ ।

## उद्योग तथा पर्यटन

### उद्योग

तेह्रौँ योजना अवधिमा उद्योग क्षेत्रमा १ लाख ५० हजार रोजगारी थप हुने अनुमान गरिएकोमा करिब ९० हजार जनालाई रोजगारी थप भएको अनुमान छ । कुल गार्हस्थ्य उत्पादनमा निर्माण उद्योग क्षेत्रको योगदान ६.२ प्रतिशतबाट बढाई ७.५ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ५.५ प्रतिशत पुगेको प्रारम्भिक अनुमान छ । उद्योगहरूको स्थापनामा विस्तार गर्ने लक्ष्य रहेकोमा ठूला उद्योगहरू उल्लेखनीय सङ्ख्यामा स्थापना भएको देखिए तापनि साना तथा लघु उद्योगहरू अपेक्षित सङ्ख्यामा विस्तार हुन सकेका छैनन् ।

### पर्यटन

तेह्रौँ योजनाले नेपाललाई आकर्षक र सुरक्षित पर्यटन गन्तव्यस्थल बनाई सङ्ख्यात्मक र गुणात्मक रूपमा पर्यटक आगमनमा वृद्धि गरी अर्थतन्त्रमा योगदान पुऱ्याउने उद्देश्य राखेको थियो । योजना अवधिमा वार्षिक पर्यटक आगमन सङ्ख्या ११ लाख पुऱ्याउने लक्ष्य रहेकोमा समीक्षा अवधिको पहिलो वर्षमा पर्यटक आगमन सङ्ख्या ७ लाख ९७ हजार रहेको थियो । तर दोस्रो वर्षमा भूकम्पको कारणले सो सङ्ख्या घटेर करिब ५ लाखमा सीमित रहन गयो । तेस्रो वर्षमा सो सङ्ख्या ७ लाख १० हजार रहेको अनुमान छ ।

## सामाजिक सेवा

### शिक्षा

तेह्रौँ योजनामा भर्नादरतर्फ प्राथमिक तह (१-५ कक्षा) को खुद भर्नादर ९५.३ प्रतिशतबाट शत प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा २०७२ को अन्त्यमा ९६.६ प्रतिशत पुगेको छ । कुल साक्षरतादर ६५.९ प्रतिशतबाट ८५ प्रतिशत पुऱ्याउने लक्ष्य लिइएकोमा ७८ प्रतिशत पुगेको छ। १५ देखि २४ वर्ष उमेरको साक्षरता ८७.५ प्रतिशतबाट ९५ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ८८.६ प्रतिशत पुगेको छ ।

### स्वास्थ्य

तेह्रौँ योजनाले निःशुल्क आधारभूत स्वास्थ्य सेवामा पहुँच विस्तार गरी गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराई उत्पादनशील र स्तरीय जीवनयापनको वातावरण तयार गर्ने उद्देश्य राखेको थियो । योजनाले मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा) २८१ बाट १३४ मा झार्ने लक्ष्य लिएकोमा २५८ मा झरेको छ । पाँच वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) ५४ बाट ३८ मा झार्ने लक्ष्य भने पूरा भएको छ । नेपालीको सरदर आयु ६८.८ वर्षबाट वृद्धि भई ७१ पुग्ने अनुमान गरिएकोमा ६९ वर्ष पुगेको अनुमान छ । कुल प्रजननदर (१५ देखि ४९ वर्षका प्रतिमहिला) २.६ बाट २.४ मा झार्ने लक्ष्य रहेकोमा २.३ मा झरेको अनुमान छ ।

### खानेपानी तथा सरसफाइ

सन् २०१७ भित्र शत प्रतिशत जनतालाई आधारभूत स्तरको खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउने राष्ट्रिय लक्ष्यअनुसार तेह्रौँ योजना अवधिमा आधारभूत खानेपानी सेवाको पहुँच ९६.३

प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ८३.६ प्रतिशत जनतामा खानेपानीको संरचना पुगेको अनुमान गरिएको छ। उच्च र मध्यमस्तरको खानेपानी सेवा १५ प्रतिशत नागरिकमा पुग्ने अनुमान रहेकोमा १५.८ प्रतिशतमा पुगी लक्ष्य हासिल भएको छ। यसैगरी न्यूनतम सरसफाइ सुविधाको पहुँच ९०.५ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ८१ प्रतिशत पुगेको छ।

**सामाजिक सुरक्षा तथा समावेशीकरण**

तेह्रौं योजनाले गरिबी, असमानता, सीमान्तकृत, अशक्त र सामाजिक आर्थिक जोखिममा रहेका नागरिकको उत्थान र सशक्तीकरण गरी समन्यायिक एवम् सम्मानजनक जीवनयापनको वातावरण बनाउने प्रयास गरेको छ। यसको लागि जनचेतना, सशक्तीकरण, स्वरोजगारजस्ता कार्यक्रमका साथै सामाजिक सुरक्षाकोष, वृद्ध तथा अशक्त भत्ता, वृद्धाश्रम निर्माण, स्वास्थ्य तथा कृषि बिमा, सीपमूलक तालिम आदि सामाजिक सुरक्षाका कार्यक्रमहरू क्षेत्रगत कार्यक्रमअन्तर्गत विभिन्न निकायहरूबाट सञ्चालन भएका छन्। कतिपय कार्यक्रमहरू लक्षित कार्यक्रमका रूपमा क्षमता अभिवृद्धि गरी रोजगारी सिर्जना गर्ने प्रकारका छन् भने केही कार्यक्रमहरूले जीवन निर्वाहको लागि भत्ता तथा अनुदानको रूपमा निरन्तरता पाएका छन्। हाल १० लाख ४९ हजार ८१९ जना ज्येष्ठ नागरिकले सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका छन्। पाँचओटा ज्येष्ठ नागरिक नमुना ग्रामको निर्माण भइरहेको छ। ज्येष्ठ नागरिकलाई अस्पतालमा छुट्टै कक्षको व्यवस्था तथा सार्वजनिक यातायातमा महिला, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरूका लागि सिट आरक्षणको व्यवस्था लागु भएको छ। तीन जिल्लामा स्वास्थ्य बिमा योजना सुरु भएको छ।

यसैगरी पिछडिएको जातजाति, वर्ग, क्षेत्र तथा समुदायका लागि समावेशिताको आधारमा राज्यका विभिन्न अङ्गहरूमा प्रतिनिधित्व गराउने व्यवस्थाअनुरूप व्यवस्थापिका संसद्मा २९.९ प्रतिशत, निजामती प्रशासनमा १७.५ प्रतिशत र न्यायपालिकामा ३.० प्रतिशत महिलाको प्रतिनिधित्व भएको छ। आरक्षण व्यवस्थाअनुरूप कुल सिट सङ्ख्याको निर्धारित प्रतिशतका आधारमा अन्य सार्वजनिक सेवामा प्रतिनिधित्व सुनिश्चित हुने प्रक्रियाको कार्यान्वयन भइरहेको छ।

## पूर्वाधार विकास

**ऊर्जा**

तेह्रौं योजनाको अन्त्यसम्ममा विद्युत्को पहुँच हुने जनसङ्ख्या ८७ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा हालसम्म ७४ प्रतिशत जनसङ्ख्यामा विद्युत् पहुँच पुगेको छ। यसमध्ये राष्ट्रिय विद्युत् प्रणालीमा पहुँच प्राप्त गर्ने जनसङ्ख्या ५८ प्रतिशत पुगेको छ। कुल जडित विद्युत् क्षमता ८५१ मेगावाट पुगेको छ भने ६६ के.भी. वा सोभन्दा माथिको विद्युत् प्रसारण लाइन क्षमता २,९७० किलोमिटर रहेको छ। योजनाको अन्तसम्म नवीकरणीय ऊर्जातर्फ १८.६ मेगावाट घरायसी सौर्य विद्युत् उत्पादन, ३ लाख ६४ हजार बायोग्यास प्लान्ट र ७ लाख २४ हजार सुधारिएको चुलो जडान गरिएको छ। नवीकरणीय ऊर्जाबाट लाभान्वित हुने समग्र जनसङ्ख्या १३ प्रतिशतबाट वृद्धि भई १८ प्रतिशत पुगेको अनुमान छ।

**यातायात तथा सञ्चार**

चालु योजनाको प्रथम दुई वर्षमा रणनीतिक र क्षेत्रीयस्तरका सडक निर्माण २५,२६५ किलोमिटरबाट वृद्धि भई २९,०३१ किलोमिटर, पुलको सङ्ख्या १,६०९ बाट थप भई १,९५२ पुगेको छ । अझै पनि दुई जिल्ला सडक सञ्जालमा जोडिन सकेका छैनन् । हवाई यातायाततर्फ ३६ मुलुकहरूसँग हवाई सम्झौता भएको छ भने विभिन्न मुलुकका २६ अन्तर्राष्ट्रिय हवाई कम्पनीहरूले नेपालमा उडान गरिरहेका छन् । गौतम बुद्ध क्षेत्रीय विमानस्थल र पोखरा क्षेत्रीय विमानस्थलको निर्माण कार्य प्रारम्भ भएको छ । रेल यातायाततर्फ सिमरा-बर्दिवास खण्ड र अन्य विभिन्न खण्ड गरी जम्मा ३७२ किलोमिटरसम्मको विस्तृत आयोजना प्रतिवेदन तयार भएको छ ।

सञ्चारतर्फ समीक्षा अवधिमा टेलिफोन घनत्व ८१.७ प्रतिशतबाट वृद्धि भई ११०.३ प्रतिशत पुगेको देखिन्छ । साथै रेडियोको राष्ट्रिय प्रसारणको पहुँच ९० प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ८८ प्रतिशत पुगेको छ । इन्टरनेट ग्राहकको सङ्ख्या करिब १ करोड २१ लाख र ग्राहक घनत्व २६.९ प्रतिशतबाट वृद्धि भई ४६.५ प्रतिशत पुगेको छ ।

**भवन, आवास तथा सहरी विकास**

तेह्रौं योजनाले निजी क्षेत्रसमेतको सक्रियतामा सबैका लागि क्षमताअनुसारको सुरक्षित आवासको व्यवस्था गर्न किफायती, वातावरणमैत्री तथा भूकम्प जोखिममुक्त सार्वजनिक तथा निजी भवनहरूको निर्माण र विकास गर्ने उद्देश्य राखेको थियो । समीक्षा अवधिमा ग्रामीण क्षेत्रका लक्षित वर्गका लागि ६,१९२ जनता आवास एकाइ र सहरी न्यून आय भएकाहरूका लागि १३० आवास एकाइको निर्माण कार्य सम्पन्न भएको छ । यसैगरी सुरक्षित, स्वच्छ, व्यवस्थित र समृद्ध सहर विकासको लागि १६ ओटा नगरपालिकामा एकीकृत भौतिक पूर्वाधार निर्माण भइरहेको छ भने १० ओटा सहरी कोरिडोरमा पूर्वाधार विकासलाई निरन्तरता दिइएको छ । योजना अवधिमा प्रस्तावित १० ओटा नयाँ सहरहरूको निर्माणका लागि जग्गा खरिद कार्य अघि बढाइएको छ ।

**अन्तरसम्बन्धित क्षेत्रहरू**

**श्रम तथा रोजगारी**

तेह्रौं योजना अवधिमा राष्ट्रिय रोजगार नीति कार्यान्वयनमा आएको छ भने रोजगारी प्रत्याभूति कानुनको मस्यौदा तयार गरिएको छ । १८ ओटा जिल्लाहरूमा रोजगार सूचना तथा परामर्श केन्द्रमार्फत बेरोजगारहरूको लगत तथा रिक्त पदको अभिलेख अद्यावधिक गरिएको छ । वैदेशिक रोजगारीको लागि अन्तिम स्वीकृति लिएको सङ्ख्या आ.व. २०७०/७१, २०७१/७२ र आ.व. २०७२/७३ मा क्रमशः ५,२७,८१४ जना, ५,१२,८८७ जना र ४,१८,७१३ जना रहेको छ ।

**वातावरण तथा जलवायु परिवर्तन**

तेह्रौं योजनामा वातावरणीय प्रभाव तथा जलवायु परिवर्तनको असर न्यूनीकरणको लागि हरित विकासको अवधारणा ल्याइएकोमा वनले ढाकेको क्षेत्रको विस्तारसँगै यो अवधारणा पनि कार्यान्वयन हुँदै गएको पाइएको छ । साथै, वातावरण ऐन तथा नियमावलीको पुनरावलोकन, जोखिम पदार्थ नियमावली, रासायनिक मात्रा निर्धारणसम्बन्धी मापदण्डजस्ता कानुनी तथा नीतिगत व्यवस्था गरिएको छ । स्थानीय

अनुकूलन कार्ययोजनामार्फत १ लाख ५० हजार नागरिक प्रत्यक्ष लाभान्वित भएका छन् । इँटाभट्टामा सुधारिएको प्रविधि, वातावरणीय नमुना प्रयोगशाला, वातावरणीय प्रभाव मूल्याङ्कन परीक्षण र धुँवा-धुलो परीक्षणलाई निरन्तरता दिइएको थियो ।

**लैङ्गिक समानता तथा महिला सशक्तीकरण**

सबै सामाजिक समूह, वर्ग र क्षेत्रका महिलाहरूको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरण सुनिश्चित गर्दै महिला हिंसा, विभेद र बहिष्करणको अन्त्य गर्ने उद्देश्यले यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, बोक्सीसम्बन्धी (कसुर र सजाय) ऐन तर्जुमा भएको छ । एकल महिला सुरक्षा कोष नियमावली र सञ्चालन मापदण्ड कार्यान्वयनमा आएको छ । राज्यका सबै अङ्गहरूलाई समावेशी बनाउने प्रयासको फलस्वरूप महिलाको प्रतिनिधित्व उल्लेख्य रूपमा वृद्धि भएको छ । आ.व. २०७२/७३ मा प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट २२.३ प्रतिशत पुगेको छ । महिला विकास कार्यक्रममा लक्षित समूह सदस्य सङ्ख्या १० लाख ४३ हजार नाघेको छ ।

## शान्ति तथा सुशासन

### शान्ति, पुनर्निर्माण तथा पुनर्स्थापना

तेह्रौँ योजनामा जनआन्दोलन र सशस्त्र द्वन्द्वको क्रममा जीवन उत्सर्ग गरेका सहिदको सम्मान, बेपत्ताको खोजी, द्वन्द्व पीडितको लागि राहत तथा पुनर्स्थापना, पुनर्एकीकरण र सङ्क्रमणकालीन न्याय प्रदान गर्न तथा क्षति भएका संरचना निर्माण एवम् मनोसामाजिक परामर्शको लागि कार्यक्रमहरू सञ्चालन भएका छन् । बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोग र सत्यनिरूपण तथा मेलमिलाप आयोग गठन भएका छन् । तेह्रौँ योजना अवधिमा द्वन्द्वमा ज्यान गुमाएका ११,३०२ परिवारलाई अधिकतम रु. ५ लाख र १४,४१८ जनालाई अधिकतम रु. एक लाख राहत प्रदान गरिएको छ । त्यस्तै १,१६२ बेपत्ता पारिएका व्यक्तिका हकदारलाई अधिकतम रु. ५ लाख प्रदान गरिएको छ र ४,६४९ जना द्वन्द्व प्रभावित विधवा तथा एकल महिलालाई राहत प्रदान गरिएको छ । जनआन्दोलनका घाइते ३० जनालाई मासिक वृत्ति, ३८ जनालाई छात्रवृत्ति र ३,२१६ जनालाई राहत प्रदान गरिएको छ । साथै, ३,८९३ ओटा द्वन्द्वबाट क्षतिग्रस्त भएका भौतिक संरचनाहरूको पुनर्निर्माण सम्पन्न भएको छ ।

### सुशासन

तेह्रौँ योजनामा कानुनी राज्यको मूल्यमान्यतालाई संस्थागत गर्न राज्य संयन्त्रका सम्पूर्ण क्षेत्रमा सहभागिता, पारदर्शिता, जवाफदेहिता र भ्रष्टाचारमा शून्य सहनशीलताको अवस्था सिर्जना गरी सुशासन कायम गर्ने उद्देश्यअनुरूप क्षतिपूर्तिसहितको नागरिक बडापत्रको व्यवस्था, सेवाप्रवाह र कार्यालयमा विद्युतीय शासन, अटोमेसन, नेटवर्किङ, सरकारी खर्चलाई वेभसाइटमार्फत सार्वजनिकीकरण, सूचकसहितको कार्यसम्पादन सम्झौताजस्ता प्रावधानहरूको प्रारम्भ गरिएको छ । निजामती सेवा ऐन र नियमावलीलाई सामयिक बनाउन संशोधन गरिएको छ ।

कानुनी शासनको अनिवार्य सर्तको रूपमा स्वतन्त्र र सक्षम न्यायप्रणालीको व्यवस्था गर्न विद्यमान कानुनको सुधार र परिमार्जनको लागि अध्ययन अनुसन्धान भइरहेको छ । देवानी तथा फौजदारी कानुनको संहिता विधेयक पेस भएको छ । आमनागरिकको न्यायमा समान र सहज पहुँचको लागि

संस्थागत, कानुनी र प्रक्रियागत सुधार गरिएको छ । बाल न्यायप्रणालीमा सुधार तथा महिला संवेदनशील मुद्दामा शीघ्र न्याय प्रदान गर्ने प्रयास भएका छन् ।

भ्रष्टाचारको अनुसन्धानका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी व्यवस्थापन प्रक्रियामा सुधार तथा सूचना प्रविधिको विकास गरिएको छ । संस्थागत क्षमता विस्तार गर्न आयोगका क्षेत्रीय तथा सम्पर्क कार्यालयहरू खोलिएका छन् ।

### १.२.३ गरिबी, रोजगारी र मानव विकास

विगत दुई दशकदेखि विभिन्न आवधिक विकास योजनाहरूले गरिबी न्यूनीकरणलाई प्रमुख उद्देश्यको रूपमा राख्दै आएको देखिन्छ । ती योजनाहरूले सञ्चालन गरेका गरिबी न्यूनीकरणका कार्यक्रम, लक्षित कार्यक्रमहरू, सामाजिक सुरक्षा कार्यक्रम र वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणको उपयोगको कारणले गरिबी न्यूनीकरण तथा मानव विकास सूचकहरूमा उल्लेख्य रूपमा सुधार भएको छ ।

गरिबीको रेखामुनि रहेको जनसङ्ख्यालाई २३.८ प्रतिशतबाट १८ प्रतिशतमा झार्ने लक्ष्य लिई सुरु भएको तेह्रौं योजनामा विभिन्न निकायहरूमार्फत लक्षित कार्यक्रमहरू सञ्चालन गरिएका थिए । योजना अवधिमा सीपमूलक तथा रोजगारमूलक तालिम, क्षमता अभिवृद्धि, विभिन्न साधन स्रोतमा पिछडिएका र सीमान्तकृत वर्ग र समुदायको पहुँच, स्वरोजगारको लागि कर्जा र समावेशिताको आधारमा सहभागिताको अवसरजस्ता कार्यक्रमहरू मुख्य रूपमा सञ्चालन भएका छन् । बेरोजगार युवाहरूलाई स्वरोजगार कोष र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट सीपमूलक तथा स्वरोजगार तालिम प्रदान गरिएको छ । गरिबको पहिचान र वर्गीकरण गरी परिचयपत्रको आधारमा लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने कार्यलाई अघि बढाइएको छ । क्षमता अभिवृद्धि गर्ने, प्रोत्साहनस्वरूप अनुदान प्रदान गर्ने तथा रोजगारका लागि कर्जा प्रवाह गर्ने कार्यक्रमहरू प्रभावकारी देखिएको भए तापनि क्षेत्रीय सन्तुलन, निरन्तरता र पर्याप्ततातर्फ ध्यान पुग्नु जरुरी छ ।

मुलुकमा व्याप्त गरिबी विकास प्रयासको एक प्रमुख चुनौती बन्दै आएको छ । गरिबीको सघनता विशेष गरी दुर्गम तथा ग्रामीण क्षेत्रमा बढी छ । उर्वर भूमिलगायत अन्य प्राकृतिक साधन स्रोत, उत्पादनमूलक व्यवसाय र रोजगारीमा गरिबको पहुँच अत्यन्त न्यून रहेको छ । विकास सहर-केन्द्रित भएको छ भने दुर्गम तथा पहाडी क्षेत्रमा छरिएर रहेका बस्तीहरूमा पूर्वाधार सुविधा पुऱ्याउन कठिन भएको छ ।

तेह्रौं योजनाले उल्लिखित लक्ष्य हासिल गर्न उत्पादनमूलक रोजगारीका अवसरहरूको विकास गर्ने, उत्पादकत्व वृद्धि, न्यायोचित वितरण, श्रममूलक प्रविधिको प्रयोगलाई प्रोत्साहन दिने, न्यूनतम रोजगारी प्रत्याभूत योजना लागु गर्ने, ग्रामीण तथा सहरी गरिबीलाई लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने आदि नीति लिएको थियो । साथै, गरिब पहिचान र वर्गीकरण गरी गरिब घरपरिवारलाई सशक्तीकरण र क्षमता विकास गर्ने, सामाजिक सुरक्षा, खाद्य सुरक्षा, कानुनी सचेतना तथा विप्रेषणबाट प्राप्त आयलाई उत्पादनमूलक रोजगारीमा परिचालन गर्ने नीति र कार्यक्रमहरू विभिन्न विषय क्षेत्रगत कार्यक्रमहरूभित्रै समावेश गरी कार्यान्वयन गरिएको छ । यसका साथै, योजना अवधिमा नयाँ रोजगारीको सृजना गर्ने, अनौपचारिक क्षेत्रमा केन्द्रित अदृश्य बेरोजगारी घटाउने, कृषिमा आश्रित आवश्यकताभन्दा बढी

जनसङ्ख्यालाई गैरकृषि क्षेत्रमा स्थानान्तरण गराउने, स्वरोजगारलाई प्रवर्द्धन गर्ने र सहकारितालाई गरिबी न्यूनीकरण कार्यक्रमसँग आबद्ध गर्ने प्रयासहरू भएका छन् ।

तेह्रौं योजना अवधिमा वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण, कृषि तथा गैरकृषि क्षेत्रमा भएको ज्याला वृद्धि, विपन्न, पछाडि परेका एवम् सीमान्तकृत वर्ग र क्षेत्रका जनताको लागि सञ्चालित सामाजिक सुरक्षा तथा संरक्षणसम्बन्धी कार्यक्रमलगायतका अन्य लक्षित कार्यक्रमहरूको फलस्वरूप गरिबीको रेखामुनि रहेको जनसङ्ख्या २३.८ प्रतिशतबाट २१.६ प्रतिशतमा झरेको अनुमान छ ।

गरिबी न्यूनीकरण गर्नमा श्रम बजारमा सिर्जना भएका रोजगारीका अवसरहरूको ठूलो भूमिका रहन्छ । तर कुल जनसङ्ख्याको करिब ५७ प्रतिशत आर्थिक रूपले सक्रिय जनशक्तिमध्ये न्यून सङ्ख्याले मात्र पूर्ण र उत्पादनमूलक रोजगारीको अवसर प्राप्त गरेका छन् । कुल जनसङ्ख्याको करिब ३० प्रतिशत अर्धबेरोजगार र २.३ प्रतिशत पूर्ण बेरोजगार रहेको अवस्था छ । मुलुकमा लगानी गर्ने उपयुक्त वातावरणको अभावका कारण उद्योग र सेवाको क्षेत्रमा आशातीत विकास हुन नसक्दा सक्रिय जनशक्तिको ठूलो हिस्सा कृषिमा आश्रित रहेको अवस्था छ । कृषि क्षेत्रमा पनि पर्याप्त सिँचाइ र आधुनिक प्रविधिको प्रयोग गरी आधुनिकीकरण र व्यवसायीकरण हुन नसक्दा कृषिमा आश्रित जनशक्ति पनि अर्धबेरोजगारीको चपेटामा परेको अवस्था रहेको छ । गरिबको ठूलो हिस्सा कृषिमा आश्रित हुनु तर कृषि क्षेत्रको वृद्धिदर न्यून भएबाट गरिबीमा उल्लेख्य सुधार आउन सकेको छैन ।

तेह्रौं योजनाले वार्षिक औसत ३.२ प्रतिशतका दरले रोजगारी वृद्धि गर्ने लक्ष्य लिएकोमा २.९ प्रतिशतले मात्र वृद्धि भएको छ । वार्षिक करिब ४ लाख ५० हजार व्यक्ति श्रम बजारमा प्रवेश गरीरहेको हालको अवस्थामा मुलुकभित्र पर्याप्त रोजगारीका अवसरहरू सृजना हुन नसक्दा वैदेशिक रोजगारीको खोजी गर्न उल्लेख्य सङ्ख्यामा नेपालको युवाशक्ति विदेशिने गरेको अवस्था छ । यसरी मुलुकको युवाशक्ति विदेशमा गई श्रम बेचेर विप्रेषणको माध्यमबाट मुलुकमा विदेशी मुद्रा पठाउने गरेको देखिए तापनि मुलुकभित्रै विकास निर्माणको कार्यमा युवाशक्तिको उपयोगबाट मुलुकलाई दीर्घकालीन रूपमा आत्मनिर्भर बनाउने अवसर गुमेको छ ।

मानव विकास सूचकाङ्क योजनाको प्रारम्भमा ०.४६३ रहेकोमा त्यसबाट वृद्धि भई ०.५४० पुगेको छ । शिक्षा, स्वास्थ्य, खानेपानीजस्ता क्षेत्रहरूमा सहस्राब्दी विकास लक्ष्य हासिल भइसकेको अवस्था छ । तेह्रौं योजना अवधिमा अपेक्षित आयु ७१ वर्ष पुऱ्याउने लक्ष्य रहेकोमा ६९ वर्ष पुगेको अनुमान छ । साक्षरता दर (१५-२४ वर्ष उमेरमा) ९५ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ८८.६ प्रतिशत पुगेको छ । प्राथमिक तहमा खुद भर्नादर ९६.६ प्रतिशत रहेको छ । तेह्रौं योजनाले वि.सं. २०७९ भित्र नेपाललाई अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने दीर्घकालीन सोच राखेको थियो । यसको लागि संयुक्त राष्ट्र सङ्घले प्रतिव्यक्ति राष्ट्रिय आय, मानव सम्पत्ति सूचकाङ्क र आर्थिक जोखिम सूचकाङ्क गरी तीनओटा मापदण्ड तय गरी मानव सम्पत्ति सूचकाङ्क ६६ भन्दामाथि हुनुपर्ने, आर्थिक जोखिम सूचकाङ्क ३२ भन्दा तल हुनुपर्ने र प्रतिव्यक्ति राष्ट्रिय आय १,२४२ अमेरिकी डलर पुगेको हुनुपर्ने गरी सीमा तोकेको छ । तेह्रौं योजना अवधिमा पहिलो दुईओटा सूचकाङ्कहरूमा सकारात्मक प्रवृत्ति देखिएको छ । योजनाको सुरुमा ६२.२ रहेको मानव सम्पत्ति सूचकाङ्कमा वृद्धि भई ६९ पुगेको छ । आर्थिक जोखिम सूचकाङ्क २७.८५ बाट २७ मा झरेको छ । योजना अवधिमा प्रतिव्यक्ति राष्ट्रिय आय

७२१ अमेरिकी डलरबाट वृद्धि गरी ९०२ डलर पु¥याउने लक्ष्य रहेकोमा आ.व. २०७२/७३ मा ७६८ डलर पुगेको छ । विकासशील राष्ट्रमा स्तरोन्नति हुनका लागि तोकिएका उक्त सूचकाङ्कहरूमध्ये मानव सम्पत्ति सूचकाङ्क र आर्थिक जोखिम सूचकाङ्कका हकमा निर्धारित लक्ष्य हासिल भएको देखिन्छ भने प्रतिव्यक्ति राष्ट्रिय आयको लक्ष्य पूरा हुनसकेको छैन । अतः तीन ओटा सूचकाङ्कहरूमध्ये अघिल्ला दुई ओटा सूचकाङ्कहरूमा सकारात्मक प्रवृत्ति देखिएको भएतापनि प्रतिव्यक्ति राष्ट्रिय आय महत्त्वपूर्ण हुने हुँदा सो लक्ष्यसमेत हासिल गरी विकासशील राष्ट्रमा स्तरोन्नति हुनको लागि अझ निकै प्रयास गर्नुपर्ने देखिन्छ ।

## १.३ सहस्राब्दी विकास लक्ष्यको प्रगति समीक्षा

सहस्राब्दी विकास लक्ष्यलाई नेपालले दशौँ योजनादेखि नै आवधिक योजनामा समावेश गर्दै आएको छ । सोअनुसार सामाजिक विकासका क्षेत्रमा उल्लेख्य साधन विनियोजन, आवश्यकताको पहिचान र चार पटक प्रतिवेदन तयार गरी प्रगतिको समीक्षा र सम्प्रेषण गरिएको छ । अतः दशवर्षे आन्तरिक द्वन्द्व र त्यसपछिको सङ्क्रमणकालका बावजुद अधिकांश सहस्राब्दी विकास लक्ष्यहरू हासिल भएका छन् ।

लक्ष्य १ अनुसारको गरिबी न्यूनीकरणमा उल्लेखनीय प्रगति हासिल भएको छ । सन् १९९५ मा ४२ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनि रहेकोमा सन् २०१६ मा २१.६ प्रतिशतमा झरेको छ । यसरी हेर्दा नेपालले गरिबीलाई आधा घटाउने लक्ष्य हासिल गरेको छ । त्यसो भए तापनि क्षेत्रीय हिसाबले सुदूरपश्चिमाञ्चल तथा कर्णाली क्षेत्र र दलित एवम् पिछडिएको जनजाति समूहमा तथा सहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रमा गरिबीको अवस्था दयनीय छ ।

लक्ष्य २ अनुसार प्राथमिक तहमा खुद भर्नादर ९६.६ प्रतिशत, १५ देखि २४ वर्ष उमेर समूहको साक्षरतादर ८८.६ प्रतिशत र प्राथमिक तहमा टिकाउदर ८६.८ प्रतिशत पुगेको छ भने लैङ्गिक समता सूचक समदरमा पुगेको स्थिति छ । शिक्षा क्षेत्रमा लगानी उल्लेखनीय रूपमा वृद्धि हुनु, विद्यालय तहको शिक्षामा विकास साझेदारसमेतको संलग्नतामा विषय क्षेत्रगत कार्यक्रम सञ्चालन गरिनु, छात्रवृत्ति, दिवा खाजा कार्यक्रम, छात्राहरूका लागि पृथक् शौचालय आदि कार्यक्रमको कारण भर्नादरको लक्ष्य हासिल हुनसकेको देखिन्छ । तर अपाङ्गता भएका बालबालिकाको विद्यालयमा सहज पहुँच नहुनु, विद्यालय छोड्नेदर अझै पनि उच्च हुनु, सार्वजनिक विद्यालयको गुणस्तर कमजोर रहनु र भूकम्पले विद्यालय भवनलगायतका पूर्वाधार क्षतिग्रस्त हुनुजस्ता कारणले प्राप्त उपलब्धिहरूलाई टिकाइराख्नु प्रमुख चुनौती बन्न गएको छ ।

लक्ष्य ३ अनुसार प्राथमिक र माध्यमिक विद्यालय तहमा लैङ्गिक समतादर क्रमशः ०.९९ र १.० पुगेको छ । यसैगरी १५ देखि २४ वर्ष उमेर समूहका महिला तथा पुरुषबीचको साक्षरतादरको अन्तर कम भएको, निजामती सेवामा महिलाको उपस्थिति एक दशकअघिको तुलनामा दोब्बर पुगेको र व्यवस्थापिका संसद्मा महिलाको उपस्थिति करिब एक तृतीयांश पुगेकाले लैङ्गिक समानतासम्बन्धी यो लक्ष्य हासिल भएको छ ।

लक्ष्य ४ अनुसारका विभिन्न सूचकहरूमा उल्लेखनीय उपलब्धि हासिल भएको छ । बाल मृत्युदर, शिशु मृत्युदर र दादुरा विरुद्धको खोप गरी ३ ओटै सूचकहरूमा उल्लेख्य प्रगति भएको छ । सन् १९९०

मा शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) १०८ रहेकोमा यो सङ्ख्या सन् २०१४ मा ३३ मा झरेको छ । यसैगरी सन् १९९० मा बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) १६२ रहेकोमा सन् २०१४ मा ३८ मा झरेको छ । दादुराविरुद्धको खोप ९२ प्रतिशतमा पुगेको छ ।

नेपालमा सन् १९९० मा ८५० रहेको मातृ मृत्युदर सन् २०१३ मा २५८ मा झरेको छ । लक्ष्य ५ बमोजिम मातृ मृत्युदर न्यूनीकरण गर्नमा उल्लेखनीय प्रगति गरेकाले संयुक्त राष्ट्रसङ्घको महासभाबाट नेपाल पुरस्कृत पनि भएको छ । मातृ स्वास्थ्यमा सकारात्मक सुधार गर्न निःशुल्क प्रसूति सेवा, यातायात खर्च, दुर्गम क्षेत्रमा काम गर्ने स्वास्थ्यकर्मीहरूलाई उत्प्रेरणा दिने तथा स्थानीय स्वास्थ्यकर्मी तथा सुडेनीलाई तालिम दिनेलगायत गर्भपतनलाई कानुनी मान्यता प्रदान गर्ने नीति कार्यान्वयनको प्रबल भूमिका रहेको छ । कुल प्रजननदर घट्नु, परिवार नियोजनका साधनहरूको प्रयोग बढ्नु, तालिम प्राप्त स्वास्थ्यकर्मीको सहयोगमा सुत्केरी हुनेको सङ्ख्या बढ्नु र गर्भवतीको समयमा स्वास्थ्यकर्मीको सेवा सल्लाह लिनेको सङ्ख्या बढ्नुले समेत मातृ मृत्युदर घटाउन सघाएको पाइएको छ ।

लक्ष्य ६ मा एचआईभी, क्षयरोग र औलो रोगसम्बन्धी सूचकहरू रहेका छन् । यस लक्ष्यबमोजिम १५-४९ वर्ष उमेर समूहका महिला तथा पुरुषहरूमा एचआईभी सङ्क्रमणदर सन् २००० मा ०.२९ प्रतिशत रहेकोमा २०१५ मा ०.०३ प्रतिशत मात्र रहेको छ । यसैगरी १५ देखि २४ वर्ष उमेर समूहमा सङ्क्रमणदर ८० प्रतिशतले घटेको छ । क्षयरोगसम्बन्धी धेरैजसो लक्ष्य पनि हासिल भएको छ । औलो रोगका हकमा मृत्युदर शून्य पुगेकाले यो रोग उन्मूलन हुने स्थितिमा पुगेको छ ।

नेपालले लक्ष्य ७ मा रहेको दिगो विकाससम्बन्धी लक्ष्य हासिल गर्नका लागि वातावरणीय स्रोत साधनहरूको क्षय हुन नदिन नीति तथा कार्यक्रम कार्यान्वयन गरीरहेको छ । फलस्वरूप कतिपय सूचकहरूमा सकारात्मक सुधार देखिएको छ । सन् २००० मा घरायसी इन्धनका लागि दाउराको प्रयोग गर्ने परिवार ६८ प्रतिशत रहेकोमा सन् २०१५ मा ५९ मा झरेको छ । यस अवधिमा एलपीजी ग्यास प्रयोग गर्ने परिवार ७.७ प्रतिशतबाट बढेर २८.७ प्रतिशतमा पुगेको छ । यसैगरी वनले ढाकेको क्षेत्रफल ४४.५ र संरक्षित क्षेत्र २३.५ प्रतिशत पुगेको छ । सुधारिएको खानेपानी संरचनामा ८३.६ प्रतिशत घरपरिवारको पहुँच पुगेको छ भने ८१ प्रतिशत घरपरिवारमा सरसफाइ सुविधा पुगेको छ ।

समग्रमा, सहस्राब्दी विकास लक्ष्य हासिलसम्बन्धी प्रगति उत्साहजनक रहेको छ । गरिबी घट्नु, विद्यालय भर्नादर तथा विद्यालयतहमा लैङ्गिक समतादर उल्लेख्य रूपमा सुधार हुनु, शिशु/बाल/मातृ मृत्युदर घट्नु, खानेपानी तथा सरसफाइका क्षेत्रमा उल्लेख्य सुधार हुनु सकारात्मक सङ्केत हुन् । तर, राष्ट्रिय औसतमा हासिल भएका कतिपय लक्ष्यलाई खण्डीकृत गर्दा विभिन्न भौगोलिक क्षेत्र तथा सामाजिक समूहबीच विभिन्नता रहेको र परिमाणात्मक रूपमा लक्ष्य हासिल भए पनि गुणात्मक हिसाबमा कमजोरी रहेकाले यस स्थितिमा सुधार आवश्यक छ । यसैगरी बढ्दो व्यापार घाटा, जलवायु परिवर्तनका नकारात्मक असरहरू, ऊर्जा सङ्कटलगायत पूर्वाधारहरूको कमी रहनु र समग्र आर्थिक-सामाजिक सूचकहरू उकास्नका लागि आवश्यक पर्ने आर्थिक वृद्धिदर न्यून रहनुजस्ता चुनौतीहरू रहेका छन् । यसमा विनाशकारी भूकम्पले थप चुनौती थपेको छ । यसैले हासिल भएका उपलब्धिलाई खस्किन नदिने र हासिल हुन बाँकी लक्ष्यहरू हासिल गर्ने एवम् उल्लिखित चुनौतीहरूलाई समाधान गर्ने गरी दिगो विकासका लक्ष्यसम्बन्धी कार्यक्रमलाई आगामी योजना तथा कार्यक्रमहरूमा समेट्नुपर्ने स्थिति छ ।

परिच्छेद : २

# चौधौँ योजना

(आर्थिक वर्ष २०७३/७४ – २०७५/७६)

## २.१ पृष्ठभूमि

चौधौं योजना सङ्घीय स्वरूपको शासकीय व्यवस्थासहितको संविधान जारी भई त्यसमा अन्तर्निहित आर्थिक-सामाजिक सिद्धान्त कार्यान्वयन गर्ने पहिलो योजना हो । २०७२ सालको विनाशकारी भूकम्पले पुऱ्याएको क्षतिको पुनर्निर्माण गर्दै उत्थानशील नेपालको निर्माण गर्ने र दक्षिणी सीमा क्षेत्रमा भएको अवरोधबाट राष्ट्रिय आपूर्ति व्यवस्था अस्तव्यस्त भई अर्थतन्त्रका विभिन्न पक्षहरूमा पर्न गएको असरबाट पाठ सिक्दै आगामी दिनहरूमा स्वाधीन र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नेतर्फ यो योजना मुखरित छ । यसका अतिरिक्त सन् २०१५ को संयुक्त राष्ट्र सङ्घको महासभाबाट सन् २०३० सम्म हासिल गरिसक्ने प्रतिबद्धतासहित स्वीकार गरिएका दिगो विकासका लक्ष्यहरू र नेपालको त्यस बेलासम्म मध्यम आयवर्गको मुलुकहरूको स्तरमा पुग्ने लक्ष्यसमेत हासिल हुने गरी योजना र वार्षिक कार्यक्रम तय गर्ने पनि यो पहिलो अवसर हो । नयाँ सविधान निर्माणसँगै विकासप्रति जनआङ्काक्षा उच्च रूपमा बढेको सन्दर्भमा समेत योजनाले ती अपेक्षाहरूलाई सम्बोधन गर्दै जानुपर्ने स्थिति छ । चौधौं योजना तयार गर्दा यिनै कुराहरूलाई ध्यानमा राखिएको छ । नेपालको संविधानबाट परिलक्षित राष्ट्रिय अर्थतन्त्रलाई समाजवाद उन्मुख, आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउने सोचलाई कार्यान्वयन गर्दै दिगोपनसहितको समृद्धिको मार्ग राष्ट्रलाई अगाडि बढाउनेतर्फ यो योजना उन्मुख छ ।

दिगो विकासका लक्ष्यहरू हासिल गर्दै २०८७ सम्म मध्यम आम्दानी भएको मुलुकको रूपमा स्तरोन्नति गर्नेगरी यो योजना तर्जुमा गरिएको छ । त्यसैगरी रोजगारमुखी र न्यायोचित वितरणसहितको आर्थिक वृद्धि हासिल गर्न सरकारी साथै निजी तथा सहकारी क्षेत्रलाई परिपूरक रूपमा परिचालन गर्नु आवश्यक छ । यी तीनओटै क्षेत्रबाट थप लगानी र लगानीको उत्पादकत्व वृद्धिको माध्यमबाट उच्च आर्थिक वृद्धि हासिल गर्ने, प्रतिव्यक्ति आयलाई छिट्टै मध्यम आम्दानी भएको मुलुकमा स्तरोन्नति हुने स्तरमा पुऱ्याउने र अन्ततः दिगो आर्थिक समृद्धि हासिल गर्नेतर्फ चौधौं योजनालाई केन्द्रित गरिएको छ ।

## २.२ चुनौती तथा अवसर

### चुनौती

द्रुततर आर्थिक वृद्धि र त्यसको न्यायपूर्ण वितरणमार्फत शीघ्र गरिबी निवारण गर्ने, मानव विकासका पक्षमा उल्लेख्य वृद्धि गर्ने र समग्र अर्थतन्त्रलाई समृद्धि र दिगो आर्थिक सामाजिक विकासको पथमा लैजाने कार्य निकै चुनौतीपूर्ण छ । आर्थिक वृद्धिसँगसँगै आयको वितरणमा आउनसक्ने असमानता घटाई नेपाललाई सामाजिक न्यायमा आधारित समतामूलक तथा लोककल्याणकारी राज्यको रूपमा स्थापित गर्न पनि त्यतिकै जरुरी छ । आर्थिक क्षेत्रको सघन विस्तारमार्फत रोजगारीका अवसर सिर्जना गरी जनसाङ्ख्यिक लाभांशको अधिकतम उपयोग गर्ने र स्वदेशमा नै पर्याप्त कामका अवसरहरू सिर्जना

गर्ने कार्य पनि चुनौतीपूर्ण छ । त्यस्तै, निर्वाहमुखी कृषिलाई रूपान्तरण गरी प्रतिस्पर्धा एवम् व्यवसायमुखी बनाउँदै यसलाई मुलुकको औद्योगिक विकासमा आबद्ध गर्ने कार्य झनै चुनौतीपूर्ण छ । ऊर्जासङ्कट हटाउने, प्रकोपसम्बन्धी सम्भाव्य जोखिमहरूको न्यूनीकरण गर्दै आर्थिक-सामाजिक विकासका सबै प्रयासहरूलाई जलवायु परिवर्तन अनुकूल बनाउने कार्य अझ ठूलो चुनौतीका रूपमा रहेको छ । पूर्वाधारको निर्माण तथा विकास र आबद्धतासँगै ग्रामीण र सहरी विकासलाई अन्तरसम्बन्धित तुल्याई यसलाई आर्थिक वृद्धिको स्रोतको रूपमा स्थापित गर्नुपर्नेछ ।

विकास कार्यक्रमलाई एकीकृत गर्ने कार्यसँगसँगै निक्षेपणसम्बन्धी कार्यलाई प्रभावकारी बनाई जनताको अति नजिकको शासकीय तहसम्म सार्वजनिक सेवाको प्रवाह र वितरणलाई निश्चितता प्रदान गर्न सार्वजनिक वित्तीय व्यवस्थापनलगायत अन्य शासकीय सुधारको कार्य अघि बढाउनु चुनौतीपूर्ण छ । प्रादेशिक र स्थानीय तहसम्म विकास व्यवस्थापनको क्षमता बढाउँदै सबै तहमा जवाफदेही, स्वच्छ र प्रभावकारी विकास प्रशासन कायम गर्ने कार्य पनि चुनौतीकै रूपमा रहेको छ । राज्यको पुनर्संरचनाको कार्य छिटो सम्पन्न गर्दै प्रादेशिक एवम् स्थानीय विकासको नेतृत्व यथासम्भव छिटो निर्वाचित जनप्रतिनिधिहरूबाट नै गराउने चुनौतीसँगै केन्द्रीय योजना कार्यान्वयन प्रणालीलाई पनि सुदृढ तुल्याउनुपर्नेछ ।

**अवसर**

नेपालको संविधान जारी भएसँगै मूलभूत रूपमा राजनैतिक समस्याहरूको समाधान हुन गई मुलुक आर्थिक तथा सामाजिक विकासको चरणमा प्रवेश गरेको छ । उर्वर जमिन, जलस्रोत, वन, खानी, जैविक विविधता एवम् भौगोलिक सुन्दरताजस्ता प्राकृतिक स्रोतहरूको बुद्धिमतापूर्ण उपयोगबाट समृद्धि हासिल गर्नसक्ने प्रशस्त सम्भावना छन् । कुल जनसङ्ख्यामा आर्थिक रूपले सक्रिय हुने जनसङ्ख्याको अनुपात बढ्दै जानुका साथै आर्थिक-सामाजिक विकासलाई द्रुतता प्रदान गर्न स्वस्थ र क्रमशः शिक्षित हुँदै गइरहेको सक्षम जनशक्ति विकास हुँदैछ ।, विश्व अनुभवबाट प्रमाणित बढीमा तीन-चार दशकसम्म उपलब्ध हुने जनसाङ्ख्यिक लाभांश नेपाललाई हाल उपलब्ध छ । उपयोग हुनै नसकेका तथा कम उपयोग भइरहेका भौतिक तथा अन्य पूर्वाधार उपयोग गर्ने अवसर पनि छ ।

हालसम्मको सामाजिक र आर्थिक क्षेत्रमा भएको लगानीको उच्चतम प्रतिफल लिनसक्ने अवस्था छ । आर्थिक रूपले सक्रिय जनसङ्ख्याको आधाआधी जनसङ्ख्या सहकारी तथा सामुदायिक प्रणालीमा आबद्ध छन् । यसबाट सहभागितामूलक विकासका लागि आधारशिला बनिसकेको छ । निजी तथा सहकारी दुवै क्षेत्र प्रवर्द्धन गर्ने सरकारी नीतिबाट प्राप्त अवसरको उपयोग गर्दै मुलुकलाई आर्थिक रूपले समृद्ध बनाउन सरकारसँग परिपूरकको भूमिका निर्वाह गर्न उक्त क्षेत्रहरू तत्पर छन् । भूकम्पबाट भएको विनाश र दक्षिणी सीमा क्षेत्रमा भएको अवरोधको कारणबाट भोग्नु परेको पीडा र क्षतिले सन्तुलित अन्तरनिर्भरताको आधारमा आत्मनिर्भरता र दिगो विकास अगाडि बढाउन अवसर प्रदान गरेका छन् । अन्तरसरकारी मञ्च, अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सङ्घसंस्थामार्फत विकासमा साझेदारी र उच्च वैदेशिक सहायता प्रतिबद्धता प्राप्त छ । गैरआवासीय नेपालीलगायतबाट मुलुकमा वैदेशिक लगानी क्रमशः आकर्षित भइरहेको छ । छिमेकी मुलुकमा द्रुत विस्तार भइरहेको मध्यम वर्गीय जनहिस्साबाट नेपालको पर्यटन, वैदेशिक लगानी, निर्यात एवम् कतिपय सेवा क्षेत्रको विस्तार गर्ने अवसर प्राप्त छ । वैदेशिक

रोजगारीबाट प्राप्त सीप, पुँजी र उद्यमशीलताको उपयोगमार्फत नेपालमा बाह्य जगत्बाट ज्ञान, प्रविधि र पुँजी परिचालन गर्न थप अवसर प्राप्त भएको छ ।

## २.३ सोच

स्वाधीन, समुन्नत तथा समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्र एवम् समृद्ध नेपाली ।

## २.४ लक्ष्य

सामाजिक न्यायसहितको लोककल्याणकारी राज्य हुँदै मध्यम आय भएका मुलुकको स्तरमा पुग्ने ।

## २.५ उद्देश्य

उत्पादनशील रोजगारी उन्मुख र न्यायपूर्ण वितरणसहितको उच्च आर्थिक वृद्धिद्वारा द्रुत गरिबी न्यूनीकरण गर्दै आर्थिक सामाजिक रूपान्तरण गर्नु ।

## २.६ परिमाणात्मक लक्ष्य

चौधौं योजनाका प्रमुख आर्थिक-सामाजिक लक्ष्य तालिका नं. २.१ मा उल्लेख गरेबमोजिम कायम गरिएका छन् :

**तालिका २.१ : प्रमुख आर्थिक, सामाजिक र भौतिक लक्ष्यहरू**

| क्र.सं. | सूचक/लक्ष्य | आ.व. २०७२/७३ को स्थिति | चौधौं योजनाको लक्ष्य (२०७५/७६ मा) |
|---|---|---|---|
| १. | वार्षिक औसत आर्थिक वृद्धिदर (प्रतिशत) | ०.८ | ७.२ |
| २. | कृषि क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत) | १.३ | ४.७ |
| ३. | गैरकृषि क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत) | ०.६ | ८.४ |
| ४. | मुद्रास्फीति | ९.५ | ७.५ |
| ५. | प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (रु. हजारमा) | ७९.४ | ११६.५ |
| ६. | गरिबीको रेखामुनिको जनसङ्ख्या (प्रतिशत) | २१.६ | १७.० |
| ७. | मानव विकास सूचकाङ्क | ०.५४ | ०.५७ |
| ८. | लैङ्गिक सशक्तीकरण सूचकाङ्क | ०.५६ | ०.५८ |
| ९. | अपेक्षित आयु (जन्मेको समयमा, वर्ष) | ६९ | ७२ |
| १०. | खानेपानी सेवा पुगेको जनसङ्ख्याको (प्रतिशत) | ८३.६ | ९०.० |
| ११. | माध्यमिक तहमा खुद भर्नादर (प्रतिशत) | ३७.७ | ४५.० |
| १२. | १५-२४ वर्ष उमेर समूहको साक्षरतादर | ८८.६ | ९२.० |
| १३. | विद्युत् उत्पादन (जडित क्षमता, मेगावाट) | ८५१ | २,३०१ |
| १४. | विद्युत्मा पहुँच प्राप्त जनसङ्ख्या (प्रतिशत) | ७४.० | ८७.० |
| १५. | सिँचाइ (हेक्टर लाखमा) | १३.९ | १५.२ |
| १६. | इन्टरनेट सेवामा पहुँच प्राप्त जनसङ्ख्या (प्रतिशत) | ४४.४ | ६५.० |

## २.७ रणनीति

उल्लिखित सोच, लक्ष्य र उद्देश्य हासिल गर्न निम्नानुसार पाँच प्रमुख रणनीतिहरू अघि सारिएका छन् :

१. कृषि क्षेत्रको रूपान्तरण, पर्यटन, औद्योगिक एवम् साना तथा मझौला व्यवसायको विस्तारमार्फत उत्पादन वृद्धि गर्ने ।

२. ऊर्जा, सडक तथा हवाई यातायात, सूचना तथा सञ्चार र ग्रामीण-सहरी तथा त्रिदेशीय आबद्धता विकासका लागि पूर्वाधार निर्माण गर्ने ।

३. सामाजिक विकास र सामाजिक सुरक्षा एवम् सामाजिक संरक्षणमा जोड दिँदै मानव विकासमा उच्च तथा दिगो सुधार गर्ने ।

४. आर्थिक, सामाजिक एवम् शासकीय सुधार, कुशल एवम् जवाफदेही सार्वजनिक वित्त, स्वच्छ, पारदर्शी र जनमैत्री सार्वजनिक सेवा एवम् मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै समग्र सुशासन प्रवर्द्धन गर्ने ।

५. लैङ्गिक समानता, समावेशीकरण, वातावरण संरक्षण, विज्ञान तथा प्रविधिको उच्चतम प्रयोग तथा संस्थागत क्षमता बढाउने ।

## २.८ आर्थिक-सामाजिक विकासमा विभिन्न क्षेत्रको भूमिका

### सरकारी क्षेत्र

सरकारी क्षेत्रले रणनीतिक महत्त्वका पूर्वाधारहरूको विकासद्वारा उच्च र दिगो विकासको आधार निर्माण गर्ने, समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने, नीतिगत, कानुनी, नियामक र प्रक्रियागत सुधार गरी आन्तरिक तथा बाह्य लगानीको वातावरण सिर्जना गर्ने, सामाजिक सुरक्षा र संरक्षण सुदृढ गर्ने एवम् निजी, सहकारी र गैरसरकारी तथा सामुदायिक क्षेत्रलाई विकास प्रक्रियामा अघि बढाउन सहजीकरण गर्नेजस्ता कार्य गर्नेछ । लोककल्याणकारी राज्यको अवधारणाअनुरूप सरकार आधारभूत क्षेत्रमा आर्थिक-सामाजिक पूर्वाधार निर्माण गर्ने, सुशासन कायम गर्ने, अनुसन्धान तथा विकास गर्ने र सामाजिक न्यायसहितको आर्थिक प्रणाली निर्माण गर्ने कार्यमा केन्द्रित रहनेछ ।

### निजी क्षेत्र

सरकारबाट सिर्जित व्यावसायिक वातावरण र उपलब्ध प्रोत्साहनको उपयोग गर्दै नवीनतम सोच र प्रविधिसहितको लगानी वृद्धि गरी आय र रोजगारी बढाउने तथा प्रतिस्पर्धाको माध्यमबाट दक्षता र उत्पादकत्व वृद्धि गरी निजी क्षेत्रले समग्र आर्थिक वृद्धिको वाहकको भूमिका निर्वाह गर्नेछ । कृषि, औद्योगिक एवम् सेवा क्षेत्रसँग अन्तरसम्बन्ध बढाउँदै आर्थिक रूपान्तरणमा महत्त्वपूर्ण भूमिका खेल्ने छ ।

### सहकारी क्षेत्र

समुदायमा रहेको स्रोतसाधनको सङ्गठित संस्थामार्फत परिचालन गरी सामाजिक रूपान्तरण, समावेशी आर्थिक वृद्धि र समुदायको सशक्तीकरण गर्ने कार्यमा सहकारीको भूमिका रहनेछ । सरकार

उपस्थित हुन नसक्ने र निजी क्षेत्र आकर्षित नहुने क्षेत्रमा आधारभूत वस्तु र सेवा प्रवाहलाई सुनिश्चित गर्न सहकारी क्षेत्रको भूमिका महत्त्वपूर्ण रहनेछ । खासगरी ग्रामीण तथा स्थानीयस्तरमा जनसमुदायलाई सङ्गठित गरी उनीहरूको आर्थिक-सामाजिक रूपान्तरण गर्न र समावेशी आर्थिक वृद्धिमा सहकारी क्षेत्रले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ । सहकारीको अभियान, सञ्जाल र शक्तिलाई उद्यम विकास, समावेशी आर्थिक वृद्धि, गरिबी निवारण, सामाजिक सुरक्षा र समुदायको विकासमा सक्रिय गराइनेछ ।

**सामुदायिक र अन्य क्षेत्र**

सरकारको राष्ट्रिय नीति र प्राथमिकताभित्र रहेर सामाजिक परिचालनको माध्यमबाट स्थानीय साधन, स्रोत र सीपमूलक क्षमताको विकास गरी आय आर्जन, रोजगारी, लैङ्गिक तथा सामाजिक सशक्तीकरण एवम् राष्ट्रिय नीति निर्माणमा सामुदायिक तथा गैरसरकारी संस्थाहरूलाई परिचालन गरिनेछ । त्यस्तै, सार्वजनिक सेवा प्रवाहको स्वस्थ निगरानी, पारदर्शिता र जवाफदेहिताको पैरबी तथा सुशासन कायम गर्नमा गैरसरकारी र सामुदायिक संस्थाहरूसमेतको भूमिकालाई यस योजनाले महत्त्व दिएको छ ।

## २.९ आर्थिक वृद्धिदर र स्रोतसाधनको व्यवस्था

### २.९.१ आर्थिक वृद्धिदर

हालसम्म सिर्जना भएका भौतिक तथा सामाजिक पूर्वाधार, पुनर्निर्माण तथा नवनिर्माणको अवसर, त्यस्तै ठूला पूर्वाधार आयोजनाको समाप्ति र आर्थिक मुद्दामा केन्द्रित राज्यप्रणालीका कारण चौधौं योजना कार्यान्वयन अवधिभित्रै उच्चदरको आर्थिक वृद्धि हासिल गर्दै मुलुकलाई आर्थिक समृद्धिको पथमा अघि बढाउन सकिन्छ । त्यसैले योजना अवधिमा कृषि क्षेत्रको औसत वृद्धिदर ४.७ प्रतिशत र गैरकृषि क्षेत्रको औसत वृद्धिदर ८.४ प्रतिशत हुने लक्ष्य राखिएको छ । समग्रमा, योजनाको औसत आर्थिक वृद्धिदर ७.२ प्रतिशत हुने लक्ष्य निर्धारण गरिएको छ । योजनाको पहिलो वर्ष करिब ६.५ प्रतिशत, दोस्रो वर्ष ७.२ प्रतिशत र तेस्रो तथा अन्तिम वर्ष ७.९ प्रतिशतको आर्थिक वृद्धिदर हुने लक्ष्य कायम गरिएको छ ।

चौधौं योजनाको क्षेत्रगत मूल्य अभिवृद्धिसहितको कुल गार्हस्थ्य उत्पादन तालिका नं. २.२ मा उल्लेख गरिएको छ :

**तालिका २.२ : क्षेत्रगत मूल्य अभिवृद्धि र कुल गार्हस्थ्य उत्पादन**
**(आ.व. २०७२/७३ को स्थिर मूल्यमा)**

(रु. करोडमा)

| क्र. सं. | क्षेत्रहरू | आधार वर्ष २०७२/७३ | चौधौं योजना | | | |
|---|---|---|---|---|---|---|
| | | | औसत वृद्धिदर | आ.व. २०७३/७४ | आ.व. २०७४/७५ | आ.व. २०७५/७६ |
| १. | **कृषि** | **६६१९६** | **४.७** | **६९१६७** | **७२४२९** | **७५९३९** |
| १.१ | कृषि तथा वन | ६५१४७ | ४.६ | ६८०१३ | ७११४२ | ७४४८६ |
| १.२ | मत्स्यपालन | १०४९ | ११.४ | ११५४ | १२८७ | १४५३ |
| २. | **गैरकृषि** | **१४२६७३** | **८.४** | **१५३४४७** | **१६६१८१** | **१८१५११** |

| क्र. सं. | क्षेत्रहरू | आधार वर्ष २०७२/७३ | चौधौं योजना | | | |
|---|---|---|---|---|---|---|
| | | | औसत वृद्धिदर | आ.व. २०७३/७४ | आ.व. २०७४/७५ | आ.व. २०७५/७६ |
| **२.१** | **उद्योग** | **२९२८१** | **१०.६** | **३२२४७** | **३५४४७** | **३९४६१** |
| २.१.२ | खानी तथा भूगर्भ | १२२६ | ६.५ | १३३० | १४०३ | १४८७ |
| २.१.२ | उद्योग | ११५५७ | ६.१ | १२४८१ | १३०७४ | १३८५८ |
| २.१.३ | विद्युत, ग्यास तथा पानी | २१२२ | १२.२ | २३३४ | २६१४ | ३००६ |
| २.१.४ | निर्माण | १४३७७ | १३.६ | १६१०२ | १८३५७ | २१११० |
| **२.२** | **सेवा** | **११३३९२** | **७.८** | **१२१२००** | **१३०७३४** | **१४२०५०** |
| २.२.१ | थोक तथा खुद्रा व्यापार | २९७१३ | ७.८ | ३१७९२ | ३४३३६ | ३७२५४ |
| २.२.२ | होटेल तथा रेष्टुरेन्ट | ४३४९ | ९.० | ४६९६ | ५११९ | ५६३१ |
| २.२.३ | यातायात, भण्डारण र सञ्चार | १७५९२ | ११.९ | १९३५१ | २१६७३ | २४७०७ |
| २.२.४ | वित्तीय मध्यस्थता | १०३५६ | ७.० | १०९७८ | ११७४६ | १२६८६ |
| २.२.५ | घरजग्गा, बहाल तथा व्यापारिक क्रियाकलाप | १९१३३ | ५.८ | २००८९ | २१२९४ | २२६७९ |
| २.२.६ | सामान्य प्रशासन तथा रक्षा | ५४४० | ५.० | ५७१२ | ५९९७ | ६२९७ |
| २.२.७ | शिक्षा | १४११५ | ७.० | १५०३३ | १६०८५ | १७२९१ |
| २.२.८ | स्वास्थ्य तथा सामाजिक कार्य | ३७०० | ९.० | ४०१४ | ४३७५ | ४७९१ |
| २.२.९ | अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाका क्रियाकलाप | ८९९६ | ६.० | ९५३६ | १०१०८ | १०७१४ |
| | **कुल मूल्य अभिवृद्धि (FISIM समेत)** | **२०८८६९** | **७.३** | **२२२६१४** | **२३८६१०** | **२५७४५०** |
| | वित्तीय मध्यस्थता सेवा अप्रत्यक्ष रूपमा | ८१४१ | ७.५ | ८७५१ | ९४०८ | १०११३ |
| | **कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा)** | **२००७२८** | **७.२** | **२१३८६३** | **२२९२०२** | **२४७३३७** |
| | खुद वस्तु तथा सेवा उत्पादन कर | २४१४२ | ७.८ | २५८३२ | २७७९५ | ३०२९६ |
| | **कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा)** | **२२४८७०** | **७.३** | **२३९६९४** | **२५६९९७** | **२७७६३३** |

### २.९.२ सीमान्त पुँजी उत्पादन अनुपात र लगानी

विगतका वर्षहरूमा आर्थिक तथा गैरआर्थिक कारणहरूले सार्वजनिक तथा निजी लगानीको उत्पादकत्व उत्साहप्रद हुनसकेको छैन । त्यसैगरी उपयुक्त सीप र दक्षता एवम् अनुकूल औद्योगिक वातावरणको अभावमा श्रमको उत्पादकत्व वृद्धि हुनसकेको छैन । अझ अनुसन्धान तथा विकासमा मुलुक सुहाउँदो प्रविधिको तत्काल प्रयोग/उपयोगमा पनि समस्या रहेकाले समग्र अर्थतन्त्रको कार्यकुशलता बढ्न सकेको छैन । जलस्रोत तथा वैकल्पिक ऊर्जामा आधारित ऊर्जा क्षेत्रको विकास, राजमार्ग तथा रणनैतिक महत्त्वका एवम् दीर्घकालीन आबद्धता सहज पार्ने सडकको सञ्जाल विकास गर्न श्रम र प्रविधिभन्दा बढी पुँजीको परिचालन र लगानी गर्नुपर्ने बाध्यता छ । त्यस्तै आर्थिक क्रियाकलापहरूलाई यान्त्रिकीकरण गर्दै जानुपर्ने देखिन्छ । तत्कालका लागि मूलतः निर्माण र विद्युत्मा सीमान्त पुँजी उत्पादन अनुपात केही उच्च रहने अवस्था छ । खासगरी ठूला पूर्वाधार आयोजनाहरूको सुरुवात हुने तर प्रतिफल आउन समय लाग्ने भएकोले आगामी योजनामा सीमान्त पुँजी उत्पादन अनुपात गत योजनाभन्दा केही उच्च हुने अनुमान छ । तदनुरूप आगामी योजनामा सीमान्त पुँजी उत्पादनको अनुपात ५.२ हुने अनुमान गरिएको छ । यो सीमान्त पुँजी उत्पादन अनुपातको आधारमा योजना अवधिमा हासिल गर्ने गरी लक्षित औसत ७.२ प्रतिशतको आर्थिक वृद्धिदर प्राप्त गर्न कुल स्थिर लगानी रु. २४ खर्ब २४ अर्ब ९६ करोड आवश्यक पर्ने अनुमान गरिएको छ । यसमध्ये सार्वजनिक क्षेत्रबाट रु. ९ खर्ब ५४ अर्ब ४२ करोड, निजी क्षेत्रबाट रु. १३ खर्ब २७ अर्ब ३० करोड र सहकारी क्षेत्रबाट रु. १ खर्ब ४३ अर्ब २४ करोड लगानी हुने अपेक्षा गरिएको छ । कुल लगानीमा यी तीन क्षेत्रको क्रमशः ३९.४ प्रतिशत, ५४.७ प्रतिशत र ५.९ प्रतिशत हुनेछ । अनुमानित लगानीको विषयगत बाँडफाँड गर्दा कृषि, विद्युत्, शिक्षा तथा निर्माणमा सरकारी लगानी उल्लेख्य वृद्धि हुने प्रक्षेपण गरिएको छ ।

क्षेत्रगत सीमान्त पुँजी उत्पादन अनुपात र लगानीसम्बन्धी विवरण तालिका नं.२.३ मा दिइएको छ :

**तालिका २.३ : सीमान्त पुँजी उत्पादन अनुपात र कुल लगानी**
**(आ.व. २०७२/७३ को स्थिर मूल्यमा)**

(रु. करोडमा)

| क्र.सं. | लगानीका क्षेत्रहरू | अनुमानित सीमान्त पुँजी उत्पादन अनुपात | चौधौं योजनामा प्रक्षेपित लगानी | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | आ.व. २०७३/७४ | | आ.व. २०७४/७५ | | आ.व. २०७५/७६ | | जम्मा | |
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १. | **कृषि** | **२.९** | **८६१७** | **१२.९** | **९४६१** | **१२.०** | **१०१७८** | **१०.५** | **२८२५६** | **११.७** |
| १.१ | कृषि तथा वन | २.९ | ८३१३ | १२.४ | ९०७३ | ११.५ | ९६९६ | १०.० | २७०८२ | ११.२ |
| १.२ | मत्स्यपालन | २.९ | ३०४ | ०.५ | ३८८ | ०.५ | ४८२ | ०.५ | ११७४ | ०.५ |
| २. | **गैरकृषि** | **५.५** | **५८३३३** | **८७.१** | **६९४८९** | **८८.०** | **८६४१८** | **८९.५** | **२१४२४०** | **८८.३** |
| **२.१** | **उद्योग** | **६.२** | **१८१७६** | **२७.१** | **१९५५२** | **२४.८** | **२५६६७** | **२६.६** | **६३३९५** | **२६.१** |
| २.१.१ | खानी तथा भूगर्भ | ७.४ | ७७१ | १.२ | ५४१ | ०.७ | ६२३ | ०.६ | १९३५ | ०.८ |
| २.१.२ | उद्योग | ६.२ | ५७३२ | ८.६ | ३६७६ | ४.७ | ४८६४ | ५.० | १४२७१ | ५.९ |
| २.१.३ | विद्युत्, ग्यास तथा पानी | २९.० | ६१५२ | ९.२ | ८१२१ | १०.३ | ११३७० | ११.८ | २५६४३ | १०.६ |
| २.१.४ | निर्माण | ३.२ | ५५२१ | ८.२ | ७२१४ | ९.१ | ८८११ | ९.१ | २१५४६ | ८.९ |
| २.२ | **सेवा** | **५.३** | **४०१५७** | **६०.०** | **४९९३७** | **६३.३** | **६०७५१** | **६२.९** | **१५०८४५** | **६२.२** |
| २.२.१ | थोक तथा खुद्रा व्यापार | २.८ | ५८२४ | ८.७ | ७१२२ | ९.० | ८१७२ | ८.५ | २१११७ | ८.७ |
| २.२.२ | होटल तथा रेष्टुरेन्ट | ६.५ | २२६१ | ३.४ | २७४७ | ३.५ | ३३२७ | ३.४ | ८३३६ | ३.४ |
| २.२.३ | यातायात, भण्डारण र सञ्चार | ९.० | १५८३२ | २३.६ | २०८९९ | २६.५ | २७३०८ | २८.३ | ६४०३९ | २६.४ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २.२.४ | वित्तीय मध्यस्थता | ३.५ | २१७५ | ३.२ | २६९० | ३.४ | ३२८९ | ३.४ | ८१५३ | ३.४ |
| २.२.५ | घरजग्गा, बहाल तथा व्यापारिक क्रियाकलाप | ५.५ | ५२६१ | ७.९ | ६६२९ | ८.४ | ७६१३ | ७.९ | १९५०४ | ८.० |
| २.२.६ | सामान्य प्रशासन तथा रक्षा | ४.२ | ११४२ | १.७ | ११९९ | १.५ | १२५९ | १.३ | ३६०१ | १.५ |
| २.२.७ | शिक्षा | ३.५ | ३२११ | ४.८ | ३६८३ | ४.७ | ४२२२ | ४.४ | १११११६ | ४.६ |
| २.२.८ | स्वास्थ्य तथा सामाजिक कार्य | ९.० | २८३० | ४.२ | ३२५१ | ४.१ | ३७४१ | ३.९ | ९८२२ | ४.१ |
| २.२.९ | अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाका क्रियाकलाप | ३.० | १६१९ | २.४ | १७१६ | २.२ | १८१९ | १.९ | ५१५५ | २.१ |
| | **कुल लगानी** | **५.२** | **६६९५०** | **१००** | **७८९५०** | **१००** | **९६५९६** | **१००** | **२४२४९६** | **१००** |

उल्लिखित कुल लगानीमध्ये सार्वजनिक, निजी र सहकारी क्षेत्रबाट हुने लगानीसम्बन्धी विवरण तालिका नं २.३ (क) मा दिइएको छ :

**तालिका २.३ (क) : सार्वजनिक, निजी र सहकारी क्षेत्रबाट हुने लगानी**
**(आ.व. २०७२/७३ को स्थिर मूल्यमा)**

(रु. करोडमा)

| क.सं | लगानीका क्षेत्रहरू | सार्वजनिक | | निजी | | सहकारी | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| **१.** | **कृषि** | **१४०२४** | **१४.७** | **१०३३६** | **७.८** | **३८९७** | **२७.२** | **२८२५७** | **११.७** |
| १.१ | कृषि तथा वन | १३८१२ | १४.५ | ९४७९ | ७.१ | ३७९१ | २६.५ | २७०८२ | ११.२ |
| १.२ | मत्स्यपालन | २१२ | ०.२ | ८५७ | ०.६ | १०६ | ०.७ | ११७५ | ०.५ |
| **२.** | **गैरकृषि** | **८१४१८** | **८५.३** | **१२२३९४** | **९२.२** | **१०४२७** | **७२.८** | **२१४२३९** | **८८.३** |
| **२.१** | **उद्योग** | **२९८८५** | **३१.३** | **३०८४४** | **२३.२** | **२६६६** | **१८.६** | **६३३९५** | **२६.१** |
| २.१.१ | खानी तथा भूगर्भ | १९४ | ०.२ | १७०३ | १.३ | ३९ | ०.३ | १९३५ | ०.८ |
| २.१.२ | उद्योग | ८५६ | ०.९ | ११९८८ | ९.० | १४२७ | १०.० | १४२७१ | ५.९ |
| २.१.३ | विद्युत्, ग्यास तथा पानी | २०००२ | २१.० | ४८७२ | ३.७ | ७६९ | ५.४ | २५६४३ | १०.६ |
| २.१.४ | निर्माण | ८८३४ | ९.३ | १२२८१ | ९.३ | ४३१ | ३.० | २१५४६ | ८.९ |
| **२.२** | **सेवा** | **५१५३३** | **५४.०** | **९१५५०** | **६९.०** | **७७६१** | **५४.२** | **१५०८४४** | **६२.२** |
| २.२.१ | थोक तथा खुद्रा व्यापार | १२६७ | १.३ | १७५२७ | १३.२ | २३२३ | १६.२ | २१११७ | ८.७ |
| २.२.२ | होटल तथा रेष्टुरेन्ट | ८३४ | ०.९ | ७३३६ | ५.५ | १६७ | १.२ | ८३३६ | ३.४ |
| २.२.३ | यातायात, भण्डारण र सञ्चार | २५६१६ | २६.८ | ३६५०२ | २७.५ | १९२१ | १३.४ | ६४०३९ | २६.४ |
| २.२.४ | वित्तीय मध्यस्थता | ९७८ | १.० | ५७८९ | ४.४ | १३८६ | ९.७ | ८१५३ | ३.४ |
| २.२.५ | घरजग्गा, बहाल तथा व्यापारिक क्रियाकलाप | ९७५ | १.० | १७५५३ | १३.२ | ९७५ | ६.८ | १९५०४ | ८.० |
| २.२.६ | सामान्य प्रशासन तथा रक्षा | ३६०१ | ३.८ | ० | ०.० | ० | ०.० | ३६०१ | १.५ |
| २.२.७ | शिक्षा | ७२२६ | ७.६ | ३५५७ | २.७ | ३३३ | २.३ | १११११६ | ४.६ |
| २.२.८ | स्वास्थ्य तथा सामाजिक कार्य | ७१७० | ७.५ | २३५७ | १.८ | २९५ | २.१ | ९८२२ | ४.१ |
| २.२.९ | अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाका क्रियाकलाप | ३८६६ | ४.१ | ९२८ | ०.७ | ३६१ | २.५ | ५१५५ | २.१ |
| | **कुल लगानी** | **९५४४२** | **१००.०** | **१३२७३०** | **१००.०** | **१४३२४** | **१००.०** | **२४२४९६** | **१००.०** |

त्यसैगरी कुल लगानीमध्ये सार्वजनिक, निजी र सहकारीमार्फत योजना अवधिमा हुने लगानीको क्षेत्रगत प्रतिशत तालिका नं २.३ (ख) मा दिइएको छ :

**तालिका २.३ (ख) : सार्वजनिक, निजी र सहकारीको क्षेत्रगत लगानी**
**(आ.व. २०७२/७३ को स्थिर मूल्यमा)**

**(प्रतिशत)**

| क्र.सं. | लगानीका क्षेत्रहरू | सार्वजनिक | निजी | सहकारी |
|---|---|---|---|---|
| **१.** | **कृषि** | **४९.६** | **३६.६** | **१३.८** |
| १.१ | कृषि तथा वन | ५१.० | ३५.० | १४.० |
| १.२ | मत्स्यपालन | १८.० | ७३.० | ९.० |
| **२.** | **गैरकृषि** | **३९.४** | **५५.८** | **४.८** |
| **२.१** | **उद्योग** | **५२.४** | **४३.६** | **४.०** |
| २.१.२ | खानी तथा भूगर्भ | १०.० | ८८.० | २.० |
| २.१.२ | उद्योग | ६.० | ८४.० | १०.० |
| २.१.३ | विद्युत्, ग्यास तथा पानी | ७८.० | १९.० | ३.० |
| २.१.४ | निर्माण | ४१.० | ५७.० | २.० |
| **२.२** | **सेवा** | **३४.२** | **६०.७** | **५.१** |
| २.२.१ | थोक तथा खुद्रा व्यापार | ६.० | ८३.० | ११.० |
| २.२.२ | होटेल तथा रेष्टुरेन्ट | १०.० | ८८.० | २.० |
| २.२.३ | यातायात, भण्डारण र सञ्चार | ४०.० | ५७.० | ३.० |
| २.२.४ | वित्तीय मध्यस्थता | १२.० | ७१.० | १७.० |
| २.२.५ | घरजग्गा, बहाल तथा व्यापारिक क्रियाकलाप | ५.० | ९०.० | ५.० |
| २.२.६ | सामान्य प्रशासन तथा रक्षा | १००.० | ०.० | ०.० |
| २.२.७ | शिक्षा | ६५.० | ३२.० | ३.० |
| २.२.८ | स्वास्थ्य तथा सामाजिक कार्य | ७३.० | २४.० | ३.० |
| २.२.९ | अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाका क्रियाकलाप | ७५.० | १८.० | ७.० |
| | **जम्मा** | **३९.४** | **५४.७** | **५.९** |

## २.९.३ सार्वजनिक खर्च र खर्च ब्यहोर्ने स्रोत

निजी तथा सहकारी दुवै क्षेत्रको लगानीलाई आकर्षण गर्न तथा आधारभूत सेवा प्रवाह गर्न सरकारी लगानी अर्थात् बजेटको महत्त्वपूर्ण भूमिका रहन्छ । यस परिप्रेक्ष्यमा योजना अवधिमा रु. ३२ खर्ब ३ अर्ब ४२ करोडको सरकारी खर्च हुने अनुमान गरिएको छ । यस अनुमानित खर्चमध्ये रु. १७ खर्ब ९० अर्ब २ करोड चालु खर्च र रु. ९ खर्ब ५४ अर्ब ४२ करोड पुँजीगत खर्च हुने अनुमान गरिएको छ । योजनाको अन्तिम वर्षमा पुँजीगत खर्च र कुल खर्च कुल गार्हस्थ्य उत्पादनको तुलनामा क्रमशः १३.६ प्रतिशत र २२ प्रतिशत हुने प्रक्षेपण गरिएको छ ।

उल्लिखित सरकारी खर्च ब्यहोर्ने प्रमुख स्रोतको रूपमा रहने राजस्व कुल गार्हस्थ्य उत्पादनको २२.८ प्रतिशत अर्थात् रु. १७ खर्ब ६३ अर्ब ५७ करोड परिचालन हुने अनुमान गरिएको छ । भने योजना अवधिमा रु. ३ खर्ब २३ अर्ब २४ करोड बराबर अनुदानको (वैदेशिक) प्राप्त हुने अनुमान गरिएको छ ।

राजस्व तथा अन्य आन्तरिक आम्दानी र वैदेशिक अनुदान परिचालन गर्दा न्यून हुने योजनाको अनुमानित खर्च रु. ११ खर्ब ९ अर्ब ९१ करोडमध्ये रु. ६ खर्ब ५६ अर्ब ६ करोड वैदेशिक ऋण र बाँकी

न्यून हुने रु. ४ खर्ब १९ अर्ब ५ करोड आन्तरिक ऋणबाट ब्यहोर्नुपर्ने प्रक्षेपण गरिएको छ । योजनाको अन्तिम वर्षमा वैदेशिक सहायता (अनुदान र ऋण), वैदेशिक अनुदान, खुद वैदेशिक ऋण र खुद आन्तरिक ऋणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात क्रमशः १२.५ प्रतिशत, ४.२ प्रतिशत, ५.८ प्रतिशत र ३.६ प्रतिशत हुने अनुमान गरिएको छ ।

सरकारी बजेट (खर्च) तथा ब्यहोर्ने स्रोतहरूको विवरण तालिका नं. २.४ मा उल्लेख गरिएको छ :

**तालिका २.४ : सरकारी बजेट (खर्च) र ब्यहोर्ने स्रोतहरू**
**(आ.व. २०७२/७३ को मूल्यमा)**

(रु. करोडमा)

| क्र.सं. | विवरण | आ.व. २०७२/७३ (आधार वर्ष) | चौधौं योजना | | | |
|---|---|---|---|---|---|---|
| | | | आ.व. २०७३/७४ | आ.व. २०७४/७५ | आ.व. २०७५/७६ | जम्मा |
| **१.** | **कुल बजेट** | **६००१९** | **९७८१०** | **१०५७२८** | **११६८०४** | **३२०३४२** |
| **२.** | **कुल राजस्व** | **४८२७५** | **५१४२९** | **५८४१३** | **६६५१५** | **१७६३५७** |
| **३.** | **वैदेशिक अनुदान** | **४३०५** | **९९०५** | **१०८४८** | **११५७१** | **३२३२४** |
| **४.** | **कुल खर्च** | **४९४५५** | **८४४०१** | **९१०६९** | **९८९७४** | **२७४४४४** |
| | - चालु खर्च | ३७१२९ | ५७८२८ | ५९८३५ | ६१३३९ | १७९००२ |
| | - पुँजीगत खर्च | १२३२५ | २६५७३ | ३१२३४ | ३७६३५ | ९५४४२ |
| **५.** | **बजेट बचत (-) न्यन (+)** | **(३१२५)** | **२३०६७** | **२१८०८** | **२०८८८** | **६५७६३** |
| **६.** | **वित्तीय व्यवस्था** | **(३९६०)** | **(१९५८८)** | **(२१८०८)** | **(२०८८८)** | **(६२२८३)** |
| **७.** | **खुद ऋण लगानी** | **१११०** | **२९६९** | **३१६४** | **३४१७** | **९५५०** |
| | - आन्तरिक ऋण लगानी | २४७९ | ३१७९ | ३३९१ | ३६५० | १०२२० |
| | - आन्तरिक ऋण फिर्ता प्राप्ति | १३६९ | २१० | २२७ | २३३ | ६७० |
| **८.** | **खुद सेयर लगानी** | **१२७३** | **१४२५** | **१५०७** | **१५९३** | **४५२५** |
| | - आन्तरिक सेयर लगानी | १२५५ | १४०५ | १४८५ | १५७० | ४४६० |
| | - वैदेशिक सेयर लगानी | १८ | २० | २२ | २३ | ६५ |
| **९.** | **खुद वैदेशिक ऋण** | **(२५९८)** | **(१७९९८)** | **(१८४५१)** | **(१६०३६)** | **(५२४८५)** |
| | - वैदेशिक ऋण साँवा भुक्तानी | १७८० | २९४५ | ३२७७ | ६८९९ | १३१२१ |
| | - वैदेशिक ऋण | ४३७७ | २०९४३ | २१७२८ | २२९३५ | ६५६०६ |
| **१०.** | **खुद आन्तरिक ऋण** | **(३७४४)** | **(५९८४)** | **(८०२८)** | **(९८६२)** | **(२३८७३)** |
| | - आन्तरिक ऋण साँवा भुक्तानी | ५०३३ | ५८६० | ६४८४ | ५६८८ | १८०३२ |
| | - आन्तरिक ऋण | ८७७७ | ११८४४ | १४५१२ | १५५५० | ४१९०५ |
| **११.** | **ट्रेजरी बचत*** | **११९६४** | - | - | - | - |

*आ.व. २०७१/७२ को ट्रेजरी बचत तथा शेयर लगानी फिर्ता समेत ।

## २.९.४ साधन/स्रोतको बाँडफाँड तथा परिचालनका आधारहरू

स्रोतसाधन अन्तर्गत खासगरी लगानीको बाँडफाँड तथा परिचालनसम्बन्धी प्रक्षेपण गर्दा संविधानअनुरूप सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितालाई एक अर्काको परिपूरक र सहयोगीको रूपमा लिइएको छ ।

सार्वजनिक लगानीलाई संवैधानिक दायित्व पूरा गर्ने, आर्थिक वृद्धि हासिल गर्ने तथा पुनर्निर्माण गर्नेतर्फ उन्मुख तुल्याइएको छ । यसैगरी निजी क्षेत्रको लगानीलाई आकर्षित गर्नका लागि व्यावसायिक

वातावरण तयार गरी र लगानीलाई आर्थिक वृद्धि, औद्योगीकरण र रोजगारी सृजना गर्नेतर्फ केन्द्रित गरिनेछ । सहकारी क्षेत्रको लगानीलाई कृषि, पशु, विद्युत्, उद्योग र सामाजिक विकासका क्षेत्रतर्फ लक्षित गरिएको छ । सार्वजनिक विशेषतः सरकारी लगानी बाँडफाँडका आधारहरू निम्नानुसार रहेका छन् :

क. नागरिकले संविधानले प्रदान गरेका आधारभूत तथा मौलिक हकको उपयोग गर्न पाउने वातावरण सिर्जना गर्ने ।

ख. ऊर्जा सङ्कट समाधान गर्न सहयोगी हुने नीतिगत र कार्यक्रमगत व्यवस्था गर्ने ।

ग. आन्तरिक तथा छिमेकी मुलुकहरूसँगको आबद्धता विकासको लागि आवश्यक सडकलगायतका पूर्वाधारहरूको विकास गर्ने ।

घ. कृषि क्षेत्रको व्यावसायीकरण गर्नुका साथै अन्य क्षेत्रसमेतमा रोजगारीका अवसरहरू सिर्जना गरी प्रत्येक वर्ष आर्थिक रूपले सक्रिय र श्रम बजारमा प्रवेश गर्ने श्रमशक्तिलाई रोजगारी उपलब्ध गराउने ।

ङ. आर्थिक वृद्धिलाई तत्कालै मद्दत पुऱ्याउने क्षेत्रमा लगानी बढाउने ।

च. सामाजिक (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ) क्षेत्रको विकास गर्ने ।

छ. भूकम्पपछिको पुनर्निर्माण र नवनिर्माणलाई तीव्रता दिने ।

ज. सङ्घीय, प्रादेशिक र स्थानीय सन्तुलन, भौगोलिक सन्तुलन र समावेशीकरण कायम गर्ने ।

### २.९.५ प्रस्तावित लगानीबाट समष्टिगत अर्थतन्त्रमा पर्ने प्रभाव

सरकारी, निजी र सहकारी क्षेत्रसमेतको संयुक्त रूपमा हुने लगानी र अन्य प्रयासहरूले गर्दा देशको अर्थतन्त्रका प्रमुख तथा समष्टिगत सूचकहरूमा सकारात्मक प्रभाव पर्न गई क्रमशः क्षेत्रीय तथा अन्तर्राष्ट्रिय अन्तरनिर्भरताको उपयोग भई स्वस्थ र आत्मनिर्भर अर्थतन्त्रको विकास हुनेछ । खासगरी निजी र सहकारी क्षेत्रमार्फत परिचालन हुने लगानीले उद्योग-उद्योगबीचको सम्बन्ध स्थापित हुन गई मूल्य अभिवृद्धि र प्रत्येक वर्ष करिब ४ लाख थप रोजगारीका अवसरहरू उपलब्ध हुने अपेक्षा गरिएको छ । यी रोजगारीहरू मूलतः कृषिको व्यवसायीकरण, पर्यटनको विकास, पुनर्निर्माण तथा नवनिर्माण र व्यापार एवम् यातायात क्षेत्रमा हुने विकास र विस्तारबाट सिर्जना हुनेछन् ।

सार्वजनिक खर्चअन्तर्गत चालु खर्चमा मितव्ययिता कायम गर्ने र पुँजीगत खर्च पुँजीनिर्माण र आर्थिक वृद्धि हासिल गर्नेतर्फ केन्द्रित हुनेछ । राजस्व प्रशासनमा गरिने प्रणालीगत र संरचनागत सुधार साथै खर्च गर्नसक्ने क्षमताको विकास वैदेशिक सहायतामाथिको निर्भरतामा कमी आउनेछ ।

सङ्क्षेपमा, चौधौं योजनाको प्रक्षेपित लगानी, सार्वजनिक खर्च र खर्च ब्यहोर्ने स्रोतहरूको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात तालिका नं. २.५ मा उल्लेख भएबमोजिम हुने प्रक्षेपण गरिएको छ :

**तालिका २.५ : प्रक्षेपित बचत, लगानी र सार्वजनिक वित्त**

(कुल गार्हस्थ्य उत्पादनको अनुपातमा)

| क्र.सं. | विवरण | आ.व. २०७२/७३ को स्थिति | चौधौं योजनाको लक्ष्य (आ.व. २०७५/७६ मा) |
|---|---|---|---|
| १. | **कुल गार्हस्थ्य बचत** | **५.३** | **१०.५** |
| २. | **कुल राष्ट्रिय बचत** | **४२.९** | **४५.०** |
| ३. | **कुल स्थिर पुँजी लगानी** | **२५.०** | **३४.८** |
| | - सार्वजनिक क्षेत्र | ५.९ | १३.८ |
| | - निजी क्षेत्र | १९.१ | १९.० |
| | - सहकारी क्षेत्र | - | २.० |
| ४. | **कुल बजेट** | **२६.७** | **४२.१** |
| ५. | **कुल राजस्व** | **२१.५** | **२४.०** |
| ६. | **वैदेशिक अनुदान** | **१.९** | **४.२** |
| ७. | **कुल खर्च** | **२२.०** | **३५.६** |
| | - चालु खर्च | १६.५ | २२.० |
| | - पुँजीगत खर्च | ५.५ | १३.६ |
| ८. | **बजेट बचत (-) घाटा (+)** | **१.४** | **७.५** |
| ९. | **वित्तीय व्यवस्था** | **१.७** | **७.५** |
| १०. | **खुद ऋण लगानी** | **०.५** | **१.२** |
| | - आन्तरिक ऋण लगानी | १.१ | १.३ |
| | - आन्तरिक ऋण फिर्ता प्राप्ति | ०.६ | ०.१ |
| ११. | **खुद सेयर लगानी** | **०.६** | **०.६** |
| | - आन्तरिक सेयर लगानी | ०.६ | ०.६ |
| | - वैदेशिक सेयर लगानी | ०.० | ०.० |
| १२. | **खुद वैदेशिक ऋण** | **१.१** | **५.८** |
| | - वैदेशिक ऋण साँवा भुक्तानी | ०.८ | २.५ |
| | - वैदेशिक ऋण | १.९ | ८.३ |
| १३. | **खुद आन्तरिक ऋण** | **१.७** | **३.६** |
| | - आन्तरिक ऋण साँवा भुक्तानी | २.२ | २.० |
| | - आन्तरिक ऋण | ३.९ | ५.६ |

निर्वाहमुखी र मौसममा आधारित कृषि क्षेत्र क्रमशः व्यावसायिक बन्दै पर्याप्त रोजगारीका अवसरहरू उपलब्ध गराउन सक्ने र औद्योगिक कच्चा पदार्थ आपूर्ति गर्न सक्ने अवस्थामा पुग्ने भएकोले वैदेशिक लगानी थप आकर्षित भई मुलुकको औद्योगीकरणमासमेत वृद्धि भई उच्च, दिगो, फराकिलो आर्थिक वृद्धिसहित मुलुक समृद्धितर्फ लम्कने अपेक्षा गरिएको छ ।

परिच्छेद : ३

# समष्टिगत आर्थिक नीतिहरू

## ३.१ कुल गार्हस्थ्य तथा राष्ट्रिय बचत

### १. पृष्ठभूमि

कुल गार्हस्थ्य बचत वृद्धि हुँदा पुँजी निर्माणका लागि आवश्यक लगानीको ठूलो हिस्सा गार्हस्थ्य स्रोतबाट परिपूर्ति भई स्वाधीन एवम् आत्मनिर्भर अर्थतन्त्रको विकास गर्न मद्दत पुग्दछ । तर विगत ३ वर्षको औसत कुल गार्हस्थ्य बचत कुल गार्हस्थ्य उत्पादनको करिब ८.२ प्रतिशत रहेको छ । तथापि, मुलुकबाहिरको बचत विप्रेषण, वैदेशिक अनुदान र अन्य ट्रान्सफरका कारणले विगत ३ वर्षको कुल राष्ट्रिय बचत भने कुल गार्हस्थ्य उत्पादनको करिब ४२.९ पुगेको छ ।

### २. चुनौती र अवसर

**चुनौती**

न्यून आर्थिक वृद्धि, उच्च उपभोग प्रवृत्ति, वित्तीय साक्षरतामा कमी, पर्याप्त वित्तीय उपकरणहरूको अभाव, बैंकिङ्ग तथा वित्तीय प्रणालीमा पहुँच तथा विप्रेषण आयलाई उत्पादनशील लगानीमा रूपान्तरण गर्ने कार्यहरू चुनौतीका रूपमा रहेका छन् ।

**अवसर**

बचतका नयाँ-नयाँ उपकरणहरूको प्रयोग र बचत परिचालन गर्ने संस्थाहरू तथा पूर्वाधारहरूको विकास, विप्रेषण आप्रवाहमा भएको वृद्धि र नागरिकको खर्चयोग्य आयमा आएको सुधारले बचत परिचालनमा अनुकूल प्रभाव पार्दछन् । यसैगरी पुँजी बजारमा नयाँ कम्पनीहरूको प्रवेश तथा सूचीकृत बैंकिङ्ग तथा वित्तीय संस्थाले चुक्ता पुँजीमा अनिवार्य रूपमा गर्नुपर्ने वृद्धि, ग्रामीण तथा पिछडिएको क्षेत्रमा बैंकिङ्ग प्रणालीको पहुँच विस्तार र बचत तथा ऋण सहकारी संस्थाहरूको सङ्ख्यामा वृद्धि बचत परिचालनका अवसर हुन् ।

### ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**३.१ सोच**

राष्ट्रिय बचत परिचालनबाट लगानी वृद्धि र सबल अर्थतन्त्र निर्माण ।

**३.२ लक्ष्य**

उच्च बचत परिचालन गरी सार्वजनिक, निजी र सहकारी क्षेत्रमार्फत राष्ट्रिय पुँजी निर्माण गर्ने ।

**३.३ उद्देश्य**

आय वृद्धि र उपभोग व्यवस्थापनबाट सबै क्षेत्रमा बचत गर्ने क्षमतामा अभिवृद्धि गर्नु ।

**३.४ रणनीति**

१. बचतका विभिन्न अवसर सिर्जना गरी सबै संस्था तथा जनतालाई बचततर्फ उत्प्रेरित गर्ने ।

२. वित्तीय प्रणालीको विकास तथा विस्तार गरी बचत परिचालनमा वृद्धि गर्ने ।

३. वित्तीय औजार तथा पुँजी बजारको पहुँचमा अभिवृद्धि गरी बचत तथा लगानी गर्न प्रोत्साहित गर्ने ।

## ३.५ कार्यनीति

१. सार्वजनिक, निजी, सहकारी एवम् गार्हस्थ्य क्षेत्रमा उपभोगलाई व्यवस्थित गरी बचत अभिवृद्धि गरिनेछ । (१)

२. बैंकिङ्ग क्षेत्रमार्फत बचत गर्ने बानीको विकास गर्न बैंकिङ्ग शिक्षा र वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ । (१)

३. साना बचतकर्ता खासगरी कृषक, साना उद्यमी र मजदुरहरूलाई बचत एवम् लगानीप्रति आकर्षण गर्न विभिन्न उत्प्रेरणा र प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गरिनेछ । (१)

४. वैदेशिक रोजगारमा जाने व्यक्ति तथा तिनका परिवारलाई लक्षित गरी वित्तीय साक्षरतासम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ । (१)

५. बैङ्क, वित्तीय तथा लघुवित्त संस्थालाई दुर्गम तथा पिछडिएको क्षेत्रसम्म पहुँचमा अभिवृद्धि गरी बचत र लगानीमा आकर्षण गरिनेछ । (२)

६. बचत समूह तथा सहकारी संस्थाहरूलाई प्रवर्द्धन गरी साना बचतकर्ताको बचत अभिवृद्धि गरिनेछ । (२)

७. वित्तीय बजारको विकासका लागि सेयर, ऋणपत्र तथा अन्य बजारयोग्य उपकरणहरूको कारोबार तथा सामूहिक कोषलाई विकेन्द्रित गरी ग्रामीण क्षेत्रका जनताले यस्ता उपकरणहरूमा गर्ने कारोबारलाई सहज बनाइनेछ । (३)

८. सरकारी ऋणपत्र तथा बचतपत्रहरूको कारोबारमा ग्रामीण तथा साना सहरहरूमा पहुँचसमेत विस्तार गर्न बैङ्क तथा वित्तीय संस्थाका शाखाहरू र सहकारी संस्थाहरूलाई परिचालन गरिनेछ । (३)

९. सम्झौतित बचत परिचालन गर्ने, कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषको क्षमता अभिवृद्धि गरी थप लगानीयोग्य कोष परिचालन गरिनेछ । (३)

१०. सङ्गठित निजी क्षेत्रमा कार्यरत कर्मचारीहरूको बचत परिचालन गर्न निजी क्षेत्रअन्तर्गत निवृत्तिभरण व्यवस्थापन गर्ने संस्थागत व्यवस्था गरिनेछ । (३)

११. विप्रेषण आयको निश्चित हिस्सा उत्पादनशील क्षेत्रमा लगानी गर्न बचत अभिवृद्धि गर्न प्रोत्साहन गरिनेछ । (३)

### ४. अपेक्षित उपलब्धि

उल्लिखित रणनीति र कार्यनीतिको कार्यान्वयनबाट योजनाको अन्तिम वर्षसम्ममा कुल गार्हस्थ्य बचत कुल गार्हस्थ्य उत्पादनको १०.५ प्रतिशत र कुल राष्ट्रिय बचत कुल गार्हस्थ्य उत्पादनको ४५.० प्रतिशत पुगेको हुनेछ ।

## ३.२ सरकारी वित्त

### ३.२.१ सार्वजनिक खर्च

### १. पृष्ठभूमि

सार्वजनिक खर्चलाई पारदर्शी, जवाफदेहीपूर्ण, विश्वसनीय र पूर्वानुमानयोग्य बनाउँदै लैजानु आवश्यक छ । निरन्तर वृद्धि भएको चालु खर्चलाई व्यवस्थित गर्दै पुँजीगत खर्चमा वृद्धि गर्ने प्रक्रियालाई अगाडि बढाउनु आवश्यक छ । त्यस्तै वित्तीय उत्तरदायित्व कानुन निर्माण गर्नुपर्ने भएको छ । बजेटलाई नतिजामूलक बनाउन मन्त्रालयगत बजेट सूचना प्रणाली सुरुवात गरिएको र एकल कोष खाता प्रभावकारी रूपमा लागु गरिएको छ । मध्यमकालीन खर्च संरचनामार्फत त्रिवर्षीय चक्रीय खर्च संरचनाको कार्यान्वयनलाई व्यवस्थित र संस्थागत गर्ने प्रयास गरिएको छ । विकास आयोजनाहरूको प्राथमिकीकरण गर्नुका साथै यसबाट गरिबी निवारण, लैङ्गिक समानता, जलवायु अनुकूलन र दिगो विकासका लक्ष्यहरू हासिल गर्न पुग्ने योगदानको आँकलन गरिएको छ ।

### २. चुनौती तथा अवसर

**चुनौती**

सार्वजनिक स्रोत-साधनको नतिजामुखी तुल्याउनु, दक्षतापूर्वक परिचालन गर्नु, बढ्दो चालु खर्चको नियन्त्रण गर्नु, पुँजीगत खर्चमा वृद्धि गर्नु, आन्तरिक साधनले बजेटको ठूलो अंश धान्न सक्ने तुल्याउनु र विकास प्रशासनलाई प्रभावकारी बनाउनु सार्वजनिक खर्च व्यवस्थापनका चुनौतीहरू हुन् ।

**अवसर**

भूकम्पपछिको पुनर्निर्माणमा देखिएको वैदेशिक सहायताको प्रतिबद्धता, सार्वजनिक वित्तमा गरिएको सुधार, राजस्वका आन्तरिक स्रोत परिचालन र पुँजी बजारबाट बजेट घाटा पूरा गर्न साधन परिचालन गर्नसक्ने अवस्था सार्वजनिक खर्चका अवसरका रूपमा रहेका छन् ।

### ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**३.१ सोच**

सार्वजनिक वित्तको विवेकपूर्ण परिचालनमार्फत संविधानद्वारा निर्देशित लोककल्याणकारी राज्य स्थापना ।

**३.२ लक्ष्य**

कुशल र समन्यायिक तथा दीर्घकालीन रूपमा धान्न सकिने गरी सार्वजनिक खर्च परिचालन गरी न्यायोचित वितरण उन्मुख आर्थिक वृद्धिलाई टेवा दिने ।

## ३.३ उद्देश्य

सार्वजनिक खर्चको न्यायोचित र उत्पादनमूलक विनियोजन तथा कार्यान्वयनमा दक्षता अभिवृद्धि गर्नु ।

## ३.४ रणनीति

१. सार्वजनिक खर्चलाई आर्थिक-सामाजिक पूर्वाधार निर्माणमा विनियोजन गर्ने ।

२. विकास आयोजनाहरूको छनोटका आधारहरू पुनरावलोकन गरी खाद्य, स्वास्थ्य तथा ऊर्जा सुरक्षासहित आत्मनिर्भरतातर्फ उन्मुख र प्रतिफलयुक्त क्षेत्रमा लगानी गर्ने ।

३. स्रोत साधन विनियोजन प्रक्रियालाई कुशल र प्रभावकारी बनाउने ।

४. सार्वजनिक खर्च व्यवस्थालाई जवाफदेही, पारदर्शी र उपलब्धिमूलक बनाउँदै सञ्चालन कुशलता हासिल गर्ने ।

## ३.५ कार्यनीति

१. खाद्य, स्वास्थ्य तथा ऊर्जा सुरक्षा कायम गर्दै आत्मनिर्भर हुन आवश्यक आधारभूत सार्वजनिक लगानी बढाइनेछ । (१)

२. भौतिक पूर्वाधार, कृषि, शिक्षा, स्वास्थ्य तथा सामाजिक सुरक्षालगायतका आवश्यकीय क्षेत्रमा सार्वजनिक खर्चलाई बढी केन्द्रीकृत गरिनेछ । (१)

३. राष्ट्रिय महत्त्व र गौरवका विकास आयोजनाहरूको छनोटका आधारहरू तयार गरी प्रभावकारी कार्यान्वयन गरिनेछ । (२)

४. आर्थिक एवम् प्राविधिक विश्लेषणपश्चात् कार्यान्वयनका लागि सम्भाव्य परियोजनाहरूको सूची (Project Bank) तयार गरिनेछ । (२)

५. प्राथमिकताका आधारमा उच्च प्रतिफलयुक्त ठूला एवम् आर्थिक-सामाजिक दृष्टिकोणले महत्त्वपूर्ण रहेका पूर्वाधारमा लगानी केन्द्रित गरिनेछ । (२)

६. वित्तीय उत्तरदायित्वसम्बन्धी ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । (३)

७. विनियोजित बजेट अनिवार्य रूपमा समयमा नै निकासा हुने व्यवस्था गरिनेछ । (३)

८. सङ्घीय प्रणालीमा हुने अन्तरसरकारी वित्तीय हस्तान्तरण, सामाजिक अनुदान तथा सहायतालाई समेट्ने गरी वित्त तथा स्रोत हस्तान्तरण नीति तर्जुमा गरिनेछ । (४)

९. अनुदान वितरण प्रणालीलाई उत्पादनशील र पारदर्शी रूपमा उपयोग गर्न राष्ट्रिय अनुदान नीति तर्जुमा गरिनेछ । (४)

१०. सार्वजनिक खर्चसँग सम्बन्धित कानुनको पुनरावलोकन गरी खर्च गर्ने निकायलाई अधिकार सम्पन्न एवम् जवाफदेही तुल्याइनेछ । (४)

११. योगदानमूलक निवृत्तिभरणसम्बन्धी कानुन तर्जुमा गरी लागु गरिनेछ । (४)

### ३.६ प्रमुख कार्यक्रमहरू

**क. नीतिगत तथा कानुनी व्यवस्था**

१. वित्त तथा स्रोत हस्तान्तरण नीति र राष्ट्रिय अनुदान नीति तर्जुमा तथा कार्यान्वयन ।

२. सार्वजनिक खर्चसँग सम्बन्धित कानुनहरूको पुनरावलोकन ।

**ख. आयोजना व्यवस्थापन**

१. विकास कार्यक्रम तथा आयोजना प्राथमिकीकरण एवम् दिगो विकास लक्ष्य, लैङ्गिक, गरिबी र जलवायु सङ्केतसम्बन्धी व्यवस्थाको पुनरावलोकन गर्दै मध्यमकालीन खर्च संरचना संस्थागत गर्ने व्यवस्था ।

२. राष्ट्रिय महत्त्व र गौरवका कार्यक्रम/आयोजनाहरूको छनोटका आधारहरू विकास ।

३. अर्थतन्त्रका प्रमुख क्षेत्रहरूमा परियोजना बैङ्क (Project Bank) को विकास ।

**ग. मन्त्रालयगत बजेट सूचना प्रणाली सुदृढीकरण**

१. प्रणालीको प्रयोगसम्बन्धी निर्देशिका तर्जुमासहित सफ्टवेयर अद्यावधिक गर्ने व्यवस्था ।

२. महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीसँग आबद्धता कायम गरी यथार्थ समय (Real Time) मा खर्चको सूचना तथा तथ्याङ्क प्रवाह व्यवस्था ।

## ४. अपेक्षित उपलब्धि

बजेट प्रणाली वैज्ञानिक र सुदृढ हुने, सरकारी कोषको व्यवस्थापन प्रभावकारी हुने र उपलब्ध स्रोत तत्काल उपयोग गर्न सक्ने अवस्थाका आयोजनाहरू कार्यान्वयनमा लैजान सकिनेछ । त्यसैगरी सार्वजनिक खर्चको प्राविधिक र विनियोजन दक्षता कायम हुन गई आयोजनाको कार्यान्वयनबाट अपेक्षित उपलब्धि हासिल हुनुका साथै समग्र सार्वजनिक खर्च प्रणाली एवम् प्रक्रियामा सकारात्मक प्रभाव परेको हुनेछ ।

## ३.२.२ राजस्व

## १. पृष्ठभूमि

राष्ट्रिय विकासका लागि सार्वजनिक विकास खर्च र प्रशासनिक खर्चको समेत आवश्यकता पूरा गर्न, सङ्घीय वित्तीय प्रणालीलाई सबलीकरण गर्न, सार्वजनिक खर्चको बढ्दो आवश्यकतालाई पूरा गर्न र वैदेशिक सहायतामाथिको निर्भरता कम गर्न आन्तरिक स्रोत परिचालनलाई जोड दिनुपर्ने हुन्छ । आन्तरिक स्रोतको महत्त्वपूर्ण हिस्सा ओगटेको राजस्वको परिचालनलाई दिगो बनाई वित्त संरचनालाई सुदृढ बनाउनेतर्फ राजस्व नीति केन्द्रित हुनुपर्दछ ।

## २. चुनौती तथा अवसर

### चुनौती

अनौपचारिक आर्थिक गतिविधिलाई औपचारिक बनाउँदै करको दायरामा ल्याउने, कर सहभागितामा गुणात्मक अभिवृद्धि ल्याउने, कर सङ्कलन लागत र करदाताको कर परिपालन लागत

घटाउने, राजस्व चुहावटलाई कुशलतापूर्वक नियन्त्रण गर्ने, कारोबार मूल्यलाई भन्सार जाँचपास प्रणालीको आधार बनाउने, बजारमा बिल दिने-लिने पद्धतिको विकास गर्ने तथा व्यापार सहजीकरण गर्ने कार्य चुनौतीपूर्ण छन् ।

**अवसर**

सङ्घीयताको कार्यान्वयनको क्रममा सङ्घ, प्रदेश तथा स्थानीय सरकारहरू गठन भई आन्तरिक स्रोतको अधिकतम परिचालन हुने अवस्था छ । सङ्घीय संरचना निर्माणको लागि लगानी बढाउनुपर्ने अवस्था छ । अर्थतन्त्रमा असहज अवस्था सिर्जना हुँदासमेत वित्तीय संरचना अनुकूल रहेको छ । कुल गार्हस्थ्य उत्पादनको अनुपातमा राजस्व सङ्कलन सन्तोषजनक रहेको छ । पुनर्निर्माण र नवनिर्माणको कामले गति लिन थालेको छ । व्यावसायिक वातावरण सहज हुँदै गएको कारण आर्थिक क्रियाकलापहरू बढ्ने अवस्थामा छन् । कर सहभागिता बढ्दो छ र करको दायरा विस्तार हुँदै गएको छ । कानुनको प्रभावकारी कार्यान्वयन एवम् करदाताको स्वैच्छिक परिपालनाबाट राष्ट्रिय कराधारको संरक्षण भएको छ । कर प्रणालीले लगानीमैत्री वातावरणलाई प्रवर्द्धन गरिरहेको छ ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

आन्तरिक स्रोतको परिचालनबाट वित्तीय सबलीकरण र आर्थिक स्थायित्व ।

### ३.२ लक्ष्य

सार्वजनिक वित्त संरचनामा मूल्य अभिवृद्धि कर, आयकर र अन्तः शुल्कलगायतका आन्तरिक राजस्वको योगदान बढाइ सार्वजनिक विकास खर्चको ठूलो हिस्सा राजस्व बचतबाट पूर्ति गर्ने ।

### ३.३ उद्देश्य

स्वच्छ, तटस्थ एवम् पारदर्शी कर प्रणालीको विकास र स्वेच्छिक कर सहभागिताबाट कुल गार्हस्थ्य उत्पादनसँग कर राजस्वको अनुपात बढाउँदै सङ्घीय संरचनाअनुसार राजस्व संरचनाको निर्माण गर्नु ।

### ३.४ रणनीति

१. सङ्घीय वित्तलाई आर्थिक समृद्धिको मूल आधार बनाउने ।

२. राष्ट्रिय कराधारको संरक्षण गरी करका आधार र दायरा विस्तार गर्ने ।

३. करका दरहरूलाई प्रतिस्पर्धी एवम् समन्यायिक बनाउने ।

४. सङ्घीय संरचना अनुकूल कर तथा गैरकरका क्षेत्रहरूको पुनरावलोकन तथा बाँडफाँड गर्ने ।

### ३.५ कार्यनीति

१. राजस्वको आधार फराकिलो तुल्याउन सबै प्रकारका आर्थिक कारोबारलाई लेखाङ्कित गरिनेछ । (१)

२. आन्तरिक राजस्वलाई राष्ट्रिय अर्थतन्त्र निर्माणको आधार बनाइनेछ । (१)

३. कर प्रणालीलाई लगानी तथा व्यवसायमैत्री बनाइनेछ । (२)

४. आर्थिक पारदर्शिता ल्याउने गरी कर प्रणालीलाई स्वच्छ र तटस्थ बनाइनेछ । (३)

५. करको जोखिम व्यवस्थापन गर्न कर प्रशासनको सबलीकरण गरिनेछ । (३)

६. कर विवादको निरूपणका लागि स्थायी संस्थागत संयन्त्र निर्माण गरिनेछ । (३)

७. संस्थागत करको दर र भन्सार महशूल दरलाई क्रमशः घटाउँदै लगिनेछ । (३)

८. सबै किसिमका करसम्बन्धी विवरणहरू विद्युतीय प्रणालीमार्फत पेश गर्ने व्यवस्था मिलाइनेछ । (३)

९. भन्सार जाँचपास प्रणालीलाई स्तरीय र आधुनिक बनाइनेछ । (३)

१०. भन्सार सुधार र आधुनिकीकरण कार्ययोजना (२०१७ - २०२१) कार्यान्वयनमा ल्याइनेछ ।

११. राजस्व चुहावट तथा विदेशी मुद्रा अपचलनको नियन्त्रणका लागि जोखिम परिसूचकहरू निर्माण गरिनेछ । (३)

१२. राजस्व सङ्कलनका तुलनात्मक क्षमता, कुशलता र कराधारसमेतको मापदण्डका आधारमा राजस्व सङ्कलनको जिम्मेवारी सङ्घ, प्रदेश र स्थानीय निकायबीच बाँडफाँड गरिनेछ । (४)

## ३.६ प्रमुख कार्यक्रमहरू

### क. नीतिगत तथा कानुनी व्यवस्था

१. कर र गैरकर राजस्वका क्षेत्र तथा दरहरूको पुनरावलोकन ।

२. एकीकृत कर संहिता तर्जुमा तथा कार्यान्वयन ।

३. सङ्घ, प्रदेश र स्थानीय तहको नमुना कर कानुनको ढाँचा विकास ।

४. राजस्व चुहावट नियन्त्रण ऐन तथा कार्यविधि तर्जुमा तथा कार्यान्वयन ।

५. भन्सार जाँचपासमा प्रभावकारिता ल्याउन संशोधित क्योटो अभिसन्धि अनुकूल हुने गरी कानुनी सुधार ।

### ख. संस्थागत सुदृढीकरण

१. केन्द्रीय राजस्व बोर्ड गठन गरी राजस्वको सङ्गठन संरचना निर्माण ।

२. भन्सार कार्यालयहरूको पूर्वाधार विकास ।

३. राजस्व प्रशासन तालिम केन्द्रको सुदृढीकरण ।

### ग. राजस्व चुहावट नियन्त्रण

१. राजस्व चुहावटका जोखिम क्षेत्रहरूको पहिचान गरी जोखिम सूचकहरू परिमार्जन ।

२. विदेशी मुद्रा अपचलनसम्बन्धी जोखिम सूचक निर्माण ।

३. राष्ट्रिय कराधारको संरक्षणको लागि उच्च कर नियोजन र करछली नियन्त्रण ।

४. भन्सार मूल्याङ्कन प्रणालीमा सुधार ।

५. करदाता शिक्षा तथा कर चेतनाका कार्यक्रम ।

**घ. सूचना प्रविधिको उपयोग**

१. कर प्रणालीको सरलीकरण र पारदर्शिताको लागि सूचना प्रविधिको विकास र विस्तार ।

२. राजस्व सङ्कलनमा विद्युतीय भुक्तानी प्रणालीको व्यवस्था ।

३. राजस्व प्रशासन अन्तर्गतका विद्युतीय सूचना प्रणालीहरूबीच अन्तर आबद्धता विकास ।

४. आशिकुडा प्रणालीको विस्तार ।

## ४. अपेक्षित उपलब्धि

राजस्व प्रशासन करदातामैत्री भएको हुने, एकीकृत करसंहिता तयार भएको हुने, राजस्व प्रशासनमा एकीकृत विद्युतीय प्रणाली लागु भएको हुने र कुल गार्हस्थ्य उत्पादनमा राजस्वको अनुपात २४.० प्रतिशत पुगेको हुनेछ ।

# ३.२.३ वैदेशिक सहायता

## १. पृष्ठभूमि

राजस्व बचत सीमित हुने तर विकास कार्यमा ठूलो लगानी गर्नुपर्ने हुँदा आर्थिक-सामाजिक विकासमा अन्तर्राष्ट्रिय आर्थिक सहायताको भूमिका महत्त्वपूर्ण रहँदै आएको छ । विगतमा विकास खर्चको अधिकांश स्रोत वैदेशिक सहायता रहने गरेकोमा हाल यसले कुल राष्ट्रिय बजेटको सालाखाला २० प्रतिशत अंश ओगट्ने गरेको छ । सहायताप्रतिको निर्भरता क्रमशः घटाउँदै जाने राष्ट्रिय सोच रहे तापनि भूकम्पपछिको पुनर्निर्माण र पुनर्स्थापनाको आवश्यकताले आगामी वर्षहरूमा यो अझै बढ्दै जाने देखिन्छ ।

## २. चुनौती तथा अवसर

### चुनौती

वैदेशिक सहायताको न्यून यथार्थ खर्च, राष्ट्रिय प्रणाली बाहिरबाट सहायताको परिचालन, छरिएर रहेका खण्डीकृत आयोजनाहरूको बाहुल्य, कार्यान्वयनको कमजोर क्षमता, कमजोर अनुगमन र झन्झटिलो खरिद प्रक्रिया, सहायता सम्झौतापूर्वको अपर्याप्त तयारी, विकास सहायता नीतिको प्रभावकारी कार्यान्वयन, दिगो विकास लक्ष्य र राष्ट्रिय प्रतिफलको प्राप्तिसँग सहायता परिचालनको तादात्म्यता, नेपालसमेत सहभागी रहेका अन्तर्राष्ट्रिय सम्मेलन तथा सहमतिको आन्तरिकीकरण, राष्ट्रिय आवश्यकता र प्राथमिकताका आयोजनाको तयारी एवम् प्रस्तुतिजस्ता चुनौतीहरू वैदेशिक सहायता परिचालनमा रहेका छन् ।

### अवसर

सामाजिक, प्राकृतिक, भौगोलिक, सांस्कृतिक, राजनैतिक एवम् रणनीतिक विशेषताले गर्दा अन्तर्राष्ट्रिय सहायता परिचालनको उच्च अवसर प्राप्त छ । लगानी र बचत तथा आयात र निर्यातबीचको खाडलले सृजना गरेको विकास वित्तको न्यूनताको पूर्ति गर्न, देशमा नयाँ ज्ञान तथा प्रविधि भित्र्याउन र अन्तर्राष्ट्रिय कूटनीतिक, सांस्कृतिक, व्यापारिक एवम् रणनीतिक सम्बन्धलाई राष्ट्रिय

स्वार्थ अनुकूल हुनेगरी सञ्चालन गर्नका लागि नेपालले अझै केही वर्ष पर्याप्त सहायता परिचालन गर्नसक्ने अवस्था छ ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

वैदेशिक सहायताको राष्ट्रिय हित र प्राथमिकताका क्षेत्रमा उपयोगमार्फत आर्थिक विकासको क्षमता वृद्धि ।

### ३.२ लक्ष्य

वैदेशिक सहायताको प्रभावकारी परिचालन गर्ने र विकास वित्तका लागि अन्तर्राष्ट्रिय आर्थिक सहायताप्रतिको निर्भरतालाई क्रमशः कम गर्दै लैजाने ।

### ३.३ उद्देश्य

१. राष्ट्रिय प्राथमिकताअनुरूप आवश्यक पर्ने वैदेशिक सहायताको परिचालन गर्नु ।

२. मुलुकलाई विकास वित्तका लागि आत्मनिर्भर बनाउँदै दिगो विकासका लक्ष्य र राष्ट्रिय लक्ष्य प्राप्तिमा सहयोग गर्नु ।

३. सहायताको सही मूल्य प्राप्त हुने गरी विकासको प्रभावकारिता हासिल गर्नु ।

### ३.४ रणनीति

१. वैदेशिक सहायतालाई राष्ट्रिय बजेट प्रणालीमार्फत परिचालन गर्ने ।

२. सहायतालाई आर्थिक तथा सामाजिक पूर्वाधारको विकास, रोजगारी सृजना र उत्पादनशील क्षेत्रमा उपयोग गर्ने ।

३. आन्तरिक क्षमता वृद्धि गर्दै वैदेशिक सहायतामाथिको परनिर्भरता घटाउँदै लैजाने ।

### ३.५ कार्यनीति

१. नेपाललाई प्राप्त हुने सबै प्रकारका सहायताको विवरण सहायता व्यवस्थापन प्रणालीमार्फत व्यवस्थित गरिनेछ । (१)

२. अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूमार्फत परिचालन हुने सहायतालाई सहायता व्यवस्थापन प्रणालीमा व्यवस्थित गरी पारदर्शी र जवाफदेही बनाइनेछ । (१)

३. सबै प्रकारका वैदेशिक सहायतालाई राष्ट्रिय बजेट प्रणालीमार्फत परिचालन गरिनेछ । (२)

४. वैदेशिक सहायताको प्रभावकारी उपयोगबाट राष्ट्रिय पुँजी निर्माण गरिनेछ । (३)

५. वैदेशिक ऋणलाई उच्च प्रतिफल प्राप्त हुने क्षेत्रमा परिचालन गरी राष्ट्रिय क्षमता बढाइनेछ । (३)

## ४. अपेक्षित उपलब्धि

राष्ट्रिय प्रणाली सुदृढ भएको, सबै प्रकारको वैदेशिक सहायता राष्ट्रिय प्रणालीअनुसार परिचालन भएको एवम् आन्तरिक साधन परिचालन क्षमतामा वृद्धि हुन गई वैदशिक सहायतामाथिको निर्भरता क्रमशः कम हुँदै गएको हुनेछ ।

## ३.२.४ सार्वजनिक ऋण

### १. पृष्ठभूमि

सामाजिक विकासका सबै लक्ष्य हासिल गर्न खर्चको मात्रा र खर्च गर्ने क्षमता दुवै बढाउनुपर्ने आवश्यकता रहेको सन्दर्भमा बजेट घाटा पूर्ति गर्न सार्वजनिक ऋण परिचालन गर्नुपर्ने आवश्यकता पर्दछ । तर, विगत धेरै वर्षदेखि एकातिर सरकारी खर्च (पुँजीगत) लक्ष्यअनुसार हुन नसक्दा बजेटमा प्रस्तावित बाह्य तथा आन्तरिक दुवै ऋणको उपयोग कम भएको छ भने अर्कोतिर राजस्व परिचालन सन्तोषजनक र उत्साहप्रद रहेको छ । खासगरी पुँजीगत खर्चमा वृद्धि हुन नसकेकोले बजेट घाटा पूर्ति गर्न त्यति धेरै आन्तरिक ऋण परिचालन गर्नु परिरहेको छैन । त्यसैले, कुल गार्हस्थ्य उत्पादनको अनुपातमा बाह्य र आन्तरिक ऋणभार घट्दै गए पनि ठूला आयोजनाको कार्यान्वयनमा थप ऋण परिचालन गर्न सकिने स्थिति रहेको छ । तर, सार्वजनिक ऋण परिचालन गर्दा आन्तरिक र बाह्य दुवै ऋणबीच सन्तुलन कायम गर्नुका अतिरिक्त निजी क्षेत्रमा लगानी अभिवृद्धिको अवसरलाई कुण्ठित पार्नु नहुने पक्ष पनि त्यतिकै महत्त्वपूर्ण हुन्छ ।

### २. चुनौती तथा अवसर

**चुनौती**

सार्वजनिक ऋण व्यवस्थापनसम्बन्धी नीतिगत र संस्थागत स्पष्टता कायम गर्नु तथा सार्वजनिक ऋणको उच्चतम र उत्पादनशील उपयोग गरी राजस्व र सार्वजनिक खर्चको सन्तुलित व्यवस्थापनद्वारा ऋणभार बहन गर्नसक्ने क्षमता विकास गर्नुपर्ने चुनौती छ ।

**अवसर**

कुल गार्हस्थ्य उत्पादनसँग तुलना गर्दा सार्वजनिक ऋणको अंश दक्षिण एसियामै कम छ । विकास प्रशासनलाई प्रभावकारी बनाई पूर्वाधारको विकास र विस्तार गर्ने, निजी क्षेत्र तथा बाह्य लगानी प्रवर्द्धन गर्दै आर्थिक विकासको वृद्धिदर बढाउनका अतिरिक्त वृद्धिलाई दिगो बनाउन सार्वजनिक ऋण परिचालन गर्न सकिने अवस्था छ ।

### ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

#### ३.१ सोच

सार्वजनिक ऋणको उत्पादनशील क्षेत्रमा उपयोगद्वारा सबल राष्ट्र निर्माण ।

#### ३.२ लक्ष्य

आर्थिक-सामाजिक पूर्वाधार विकासका लागि आवश्यक ऋण परिचालन गर्ने ।

#### ३.३ उद्देश्य

आर्थिक वृद्धि, रोजगारी सिर्जना र राष्ट्रिय पुँजी निर्माणमा योगदान पुऱ्याउने गरी सार्वजनिक (आन्तरिक तथा बाह्य) ऋणको व्यवस्थापन गर्नु ।

### ३.४ रणनीति

१. ऋण तिर्न सक्ने क्षमता विकास गर्ने क्षेत्रमा मात्र ऋण लिने ।

२. सार्वजनिक ऋणलाई निश्चित सीमाभित्र राख्न खर्च र राजस्वको कुशल व्यवस्थापन गर्ने ।

### ३.५ कार्यनीति

१. सार्वजनिक ऋण बहन गर्नसक्ने क्षमताको नियमित विश्लेषण गरी आन्तरिक तथा बाह्य ऋणको हिस्सा तथा प्राप्तिको स्रोत निर्धारण गरिनेछ । (१)

२. मध्यमकालीन ऋण रणनीति तर्जुमा प्रक्रिया थालनी गरी संस्थागत गर्दै लगिनेछ । (१)

३. समष्टिगत आर्थिक स्थायित्व कायम गर्न आन्तरिक ऋणलाई उचित सीमाभित्र राखिनेछ । (२)

४. उच्च प्रतिफल प्राप्त हुने आयोजनामा मात्र सार्वजनिक ऋण उपयोग गरिनेछ । (१)

५. सार्वजनिक ऋण व्यवस्थापनसम्बन्धी नीतिगत, कानुनी तथा संस्थागत व्यवस्था गरिनेछ । (२)

६. ट्रेजरी बिललाई सरकारको नगद प्रवाहको अवस्थाबमोजिम अल्पकालीन सार्वजनिक ऋण परिचालनका लागि मात्र प्रयोग गरिनेछ । (२)

७. सरकारबाहेकका कुनैपनि निकायले लिने वैदेशिक ऋणमा सरकार जमानत बस्ने छैन । (२)

### ४. अपेक्षित उपलब्धि

सार्वजनिक ऋणको उपयोग उच्च प्रतिफल प्राप्त हुने क्षेत्रमा विनियोजन भएको, ऋणको परिमाण मुलुकले धान्न सक्ने स्तरमा कायम भएको र सार्वजनिक ऋण व्यवस्थापन सुदृढ भएको हुनेछ ।

## ३.३ मौद्रिक तथा वित्तीय नीति

### १. पृष्ठभूमि

मूल्य स्थिरता, शोधनान्तर बचत तथा वित्तीय क्षेत्र स्थायित्व कायम गर्ने तथा उपलब्ध वित्तीय साधनको उचित परिचालनमार्फत निक्षेप र कर्जाको माग तथा आपूर्ति व्यवस्थापन गरी आर्थिक वृद्धिमा योगदान पुऱ्याउने मौद्रिक तथा वित्तीय नीतिको मूलभूत उद्देश्य रहँदै आएको छ । मौद्रिक तथा वित्तीय नीतिमार्फत अर्थतन्त्रमा माग व्यवस्थापन गरी आर्थिक वृद्धि, रोजगारी सिर्जना र आर्थिक स्थायित्व कायम गर्नुपर्ने हुन्छ । कृषि, ऊर्जा, औद्योगिक उत्पादन, पूर्वाधारजस्ता उत्पादनशील क्षेत्रतर्फ साधन स्रोत प्रवाह गर्न वित्तीय एवम् मौद्रिक नीतिलाई परिचालन गर्नुपर्ने हुन्छ । त्यसैगरी कर्जा उपयोगको लागि पूरा गर्नुपर्ने प्रक्रियागत एवम् धितोसम्बन्धी साना तथा मध्यम वर्गका उद्यमी कर्जाको उपयोगमा आकर्षित गर्ने कार्यहरूसमेत मौद्रिक तथा वित्तीय नीतिले समेटेको हुन्छ । उपयुक्त मौद्रिक एवम् वित्तीय क्षेत्र व्यवस्थापनका माध्यमबाट संस्थागत एवम् संरचनागत सुधार गरी अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्न मौद्रिक तथा वित्तीय नीति केन्द्रित गर्नुपर्नेछ ।

## २. चुनौती तथा अवसर

### चुनौती

विद्यमान संरचनागत, नीतिगत एवम् आपूर्तिजन्य समस्याको कारणले अर्थतन्त्रमा माग र आपूर्तिबीचको असन्तुलनबाट आर्थिक स्थायित्वमा देखिने असर चुनौतीको रूपमा रहेको छ । मौद्रिक उपकरणबाट वित्तीय संस्थाहरूमा रहेको बचतलाई कुशल लगानीमा परिणत गर्नु चुनौतीपूर्ण रहेको छ ।

### अवसर

वित्तीय संस्थाहरूको विकास र विस्तार, सूचना प्रविधिको विकास, अर्थतन्त्रमा देखिएको क्षेत्रगत एवम् संरचनात्मक परिवर्तन आदिले आर्थिक वृद्धि र समष्टिगत आर्थिक स्वायित्व हासिल हुने गरी मौद्रिक तथा वित्तीय नीतिको तर्जुमा र कार्यान्वयन गर्ने अवसर उपलब्ध छ ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

प्रभावकारी मौद्रिक तथा वित्तीय नीतिमार्फत दिगो एवम् समावेशी आर्थिक वृद्धि ।

### ३.२ लक्ष्य

वित्तीय सेवामा पहुँच बढाउँदै समष्टिगत आर्थिक स्थिरता र उच्च आर्थिक वृद्धि हासिल गर्ने ।

### ३.३ उद्देश्य

१. मौद्रिक नीतिमार्फत् मूलतः मूल्य तथा बाह्य क्षेत्रमा स्थायित्व कायम गर्दै आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न सहयोग गर्नु ।

२. आर्थिक रूपले पिछडिएका नागरिकसम्म बैङ्किङ तथा वित्तीय पहुँच विस्तार एवम् वित्तीय प्रणालीमाथिको जनविश्वास अभिवृद्धि गर्नु ।

३. वित्तीय क्षेत्रमा रहेको स्रोतसाधनलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्न प्रेरित गर्नु ।

### ३.४ रणनीति

१. मौद्रिक नीतिलाई थप प्रभावकारी बनाउन अध्ययन र अनुसन्धानका आधारमा विद्यमान नीतिगत संरचनामा परिमार्जन गरी आर्थिक वृद्धिलाई सघाउ पुग्ने प्रकारले कार्यान्वयन गर्दै लैजाने ।

२. वित्तीय क्षेत्रको समावेशी तथा दिगो विकास र विस्तार गर्न एवम् स्थायित्व कायम गर्न नीतिगत र संरचनागत सुधार गर्ने ।

३. उत्पादनशील क्षेत्र तथा दुर्गम र पिछडिएको क्षेत्रमा वित्तीय सेवा विस्तार गर्न प्रोत्साहन गर्नुका साथै वित्तीय साधनको उपयोगमार्फत आर्थिक क्रियाकलाप विस्तारको वातावरण तयार गर्ने ।

## ३.५ कार्यनीति

१. मौद्रिक नीतिको प्रमुख औजारका रूपमा रहेको खुला बजार कारोबारलाई थप क्रियाशील तुल्याउन आवश्यक संस्थागत संरचना तयार गर्नुका साथै उपयुक्त उपकरणहरू प्रयोगमा ल्याइनेछ । (१)

२. मौद्रिक विस्तारलाई वाञ्छित सीमाभित्र राख्नुको साथै वित्तीय तरलतालाई उत्पादन क्षेत्रतिर प्रवाहित गरिनेछ । (१)

३. वित्तीय क्षेत्र विकास रणनीति तथा यस क्षेत्रसँग सम्बन्धित कानुन निर्माण र परिमार्जन गरी कार्यान्वयनमा ल्याइनेछ । (१)

४. वित्तीय क्षेत्रमा प्रतिस्पर्धा, पहुँच र समावेशीकरणलाई प्रोत्साहन गर्न तथा दीर्घकालीन कर्जा प्रवाह गर्ने एवम् साना तथा मझौला उद्योग व्यवसायको लागि कर्जा प्रवाह गर्ने विशिष्टीकृत वित्तीय संस्था स्थापनामा निजी क्षेत्रलाई प्रोत्साहित गर्न बैङ्क तथा वित्तीय संस्थाहरूको इजाजतपत्रसम्बन्धी नीतिगत व्यवस्थामा आवश्यक परिमार्जन गरिनेछ । (२)

५. वित्तीय सेफ्टी नेटको आवश्यक व्यवस्था गरी आधुनिक, सुरक्षित एवम् स्वस्थ भुक्तानी प्रणालीमार्फत वित्तीय क्षेत्रलाई सुदृढ, प्रतिस्पर्धी र विश्वसनीय बनाइनेछ । (२)

६. बैङ्क तथा वित्तीय संस्थाहरूको एक-आपसमा गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने कार्यलाई प्रोत्साहन गर्नुका साथै पुँजी वृद्धिसम्बन्धी नीतिको प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । (२)

७. सहकारी संस्थालगायत लघुवित्त संस्थाहरूको नियमन, सुपरिवेक्षण र अनुगमनको लागि एक छुट्टै निकायको स्थापना गरी कार्यान्वयनमा ल्याइनेछ । (२)

८. बैक/वित्तीय संस्थाहरूको वास्तविक वित्तीय स्थितिसहित क्रेडिट रेटिङ गर्ने व्यवस्था मिलाइनेछ । (२)

९. दुर्गम तथा पिछडिएको क्षेत्रमा बैङ्क शाखा एवम् मोबाइल बैङ्किङ सेवा विस्तार तथा सामाजिक बैङ्किङ अवधारणाअनुरूप वित्तीय संस्था स्थापना गर्न प्रोत्साहन गरिनेछ । (३)

१०. लघुवित्त संस्थालाई सबल र प्रभावकारी बनाउन साक्षरता कार्यक्रम, कृषि तथा पशु प्रचार सेवा कार्यक्रम, गरिबी निवारण कार्यक्रम, वातावरण संरक्षण तथा सीप विकास तथा व्यावसायिक तालिमका कार्यक्रमसमेत समन्वय गरी अगाडि बढाइनेछ । (३)

११. लघुवित्त संस्थाहरूको संस्थागत एवम् वित्तीय क्षमता अभिवृद्धि गरी उक्त संस्थाहरूलाई ग्रामीण तथा घरेलु व्यवसायमा अझ बढी क्रियाशील गराउँदै लगिनेछ । (३)

१२. सहुलियत व्यवस्था तथा धितो पद्धतिमा सुधार गरी कृषि, उद्योग, ऊर्जा, पर्यटन, पूर्वाधारलगायतमा कर्जा विस्तार गरिनेछ । (३)

## ३.६ प्रमुख कार्यक्रमहरू

### क. नीतिगत तथा कानुनी व्यवस्था

१. मौद्रिक नीतिको कार्यान्वयन ढाँचा तथा उपकरणसम्बन्धमा प्रचलित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नवीनतम अभ्यासको अध्ययन गरी मौद्रिक व्यवस्थापनको आधुनिकीकरण ।

२. वित्तीय क्षेत्र विकास रणनीतिको चरणवद्ध रूपमा कार्यान्वयन ।

३. बैङ्क तथा वित्तीय क्षेत्रसँग सम्बन्धित ऐन कानुनहरूमा आवश्यकतानुसार परिमार्जन ।

४. डेरिभेटिभ बजारलगायत मुद्रा बजार प्रणालीलाई व्यवस्थित बनाउन आवश्यक नियमनको व्यवस्था ।

**ख. वित्तीय क्षेत्रको विस्तार तथा सुदृढीकरण**

१. आधुनिक तथा सुरक्षित भुक्तानी प्रणालीको विकासका लागि वास्तविक समयमा कारोबार राफसाफ (Real Time Gross Settlement - RTGS) प्रणालीलगायतका आवश्यक पूर्वाधार निर्माण गरी राष्ट्रिय भुक्तानी स्वीच (National Payment Switch) स्थापना ।

२. बैङ्क तथा वित्तीय संस्थाहरूलाई ग्रामीण तथा दुर्गम क्षेत्रमा शाखा तथा मोबाइल बैङ्किङ सेवा विस्तार तथा सामाजिक बैंकिङ्ग अवधारणाअनुरूप वित्तीय संस्था स्थापना गर्न प्रोत्साहन ।

३. बैङ्क तथा वित्तीय संस्थाहरूको पुँजीगत आधारको सुदृढीकरण ।

४. मर्जर तथा एक्वीजिशनको सरलीकरण ।

५. नियमन एवम् सुपरिवेक्षण प्रणालीलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप परिमार्जन ।

६. वित्तीय साक्षरता, चेतना अभिवृद्धि एवम् समावेशीकरणसम्बन्धी कार्यक्रम तर्जुमा तथा कार्यान्वयन ।

७. सहुलियतपूर्ण कर्जा (पुनर्कर्जा सुविधा, ब्याज अनुदान, विपन्न वर्ग कर्जा, आदि) को व्यवस्था ।

### ४. अपेक्षित उपलब्धि

वार्षिक औसत मुद्रास्फीति दर ७.५ प्रतिशतमा सीमित रहेको, विस्तृत मुद्राप्रदायको औसत वृद्धिदर १८.१० प्रतिशत कायम रहेको, कम्तीमा आठ महिनाको वस्तु तथा सेवाको आयात धान्न सक्ने विदेशी मुद्रा सञ्चिति कायम रहेको, निजी क्षेत्रतर्फको कर्जा औसतमा २० प्रतिशतले बढेको, बैङ्क तथा वित्तीय संस्थाहरूको कुल कर्जामा तोकिएको उत्पादनशील क्षेत्रतर्फको कर्जाको अनुपात २० प्रतिशतभन्दा माथि रहेको, वित्तीय साक्षरता एवम् समावेशीकरण बढेको र वित्तीय सेवाको पहुँच विस्तार भई प्रति बैङ्क शाखा-जनसङ्ख्या अनुपात उल्लेख्य रूपमा घटेको हुनेछ ।

## ३.४ बिमा तथा पुँजी बजार

### ३.४.१ बिमा

### १. पृष्ठभूमि

जोखिमविरुद्ध अपनाइने सामाजिक एवम् आर्थिक सुरक्षा रणनीतिको प्रभावकारी औजारको रूपमा बिमाक्षेत्र विस्तार हुँदै गएको छ । यसले सम्झौतित बचतको वृद्धि गरी लगानी बढाउने र प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी सिर्जना गर्ने कार्यमार्फत अर्थतन्त्रमा उल्लेखनीय योगदान पुऱ्याएको छ । बिमा नियमन निकायको रूपमा बिमा समितिको भूमिका सबल भएको र दुर्गम क्षेत्रमा बिमा कम्पनीका

शाखाहरूको क्रमशः विस्तार भएको छ । स्वास्थ्य, कृषि, पशु र बाली बिमाजस्ता नयाँ बिमा सेवाहरू सुरु भएका छन् ।

## २. चुनौती तथा अवसर

### चुनौती

अन्तर्राष्ट्रिय मापदण्डअनुरूप बिमा सेवाको गुणस्तर वृद्धि गर्नु, जीवन बिमालाई आर्थिक सुरक्षाका साथै दीर्घकालीन बचत र लगानीको उत्तम माध्यमको रूपमा स्थापित गर्नु, निर्जीवन बिमालाई सामाजिक तथा प्राकृतिक प्रकोपबाट उत्पन्न हुनसक्ने आर्थिक क्षति व्यवस्थापन गर्ने सशक्त संयन्त्रको रूपमा स्थापित गर्नु र दुर्गम क्षेत्र तथा समाजका न्यून आय भएका वर्गलगायत सबै तहसम्म बिमा सेवा पुऱ्याउनु यस क्षेत्रको चुनौतीका रूपमा रहेका छन् । बिमाको आधुनिकीकरणमा सहयोग पुऱ्याउने कानुनी र संस्थागत संरचना तयार गर्नु, बाली तथा पशु बिमा अझ तीव्र रूपमा विस्तार गर्दै कृषिमा जनसाधारणको लगानी सुरक्षित गरी कृषि अर्थतन्त्रको विकासमा टेवा पुऱ्याउनु, लघु बिमाको विकास गर्न र जीवन बिमा सेवा विस्तार गरी आम नागरिकको पहुँचमा पुऱ्याउनु पनि चुनौतीपूर्ण रहेको छ ।

### अवसर

बिमाप्रति नागरिकमा बढ्दै गएको सचेतना, भूकम्पलगायत प्राकृतिक प्रकोपका कारण बिमाको आवश्यकता महसुस, लगानीको वातावरण अनुकूल सिर्जना हुँदा बिमा व्यवसायसमेत विस्तार हुने सम्भावना साथै कृषि एवम् स्वास्थ्य क्षेत्रमा भएको बिमाको विस्तार बिमा क्षेत्रका अवसरका रूपमा रहेका छन् ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

बिमा सेवाको विश्वसनीयता तथा पहुँच अभिवृद्धिबाट आर्थिक, सामाजिक एवम् प्राकृतिक कारणबाट उत्पन्न हुने जोखिमहरू विरूद्ध पूर्ण वित्तीय सुरक्षा ।

### ३.२ लक्ष्य

अन्तर्राष्ट्रिय मापदण्ड तथा राष्ट्रिय आवश्यकताअनुरूप बिमा सेवाको विकास एवम् विस्तार गर्ने र व्यवस्थापन गर्न सकिने जोखिमलाई बिमाको दायरामा ल्याउने ।

### ३.३ उद्देश्य

बिमक तथा नियामक निकायको क्षमता बढाउँदै दुर्गम तथा न्यून आय भएका वर्गलगायत समाजका सबै तहसम्म बिमा सेवाको पहुँच पुऱ्याउनु ।

### ३.४ रणनीति

१. बिमासम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको आधारमा बिमितको हित सुनिश्चित गर्न नीतिगत एवम् संस्थागत सुधार गर्ने ।

२. दुर्गम क्षेत्र तथा न्यून आय भएका वर्गसम्म बिमा सेवा पुऱ्याउन विश्वसनीय संयन्त्रहरूको विकास गर्ने ।

### ३.५ कार्यनीति

१. विद्यमान कानुनी व्यवस्थाहरूमा आवश्यकताअनुसार परिमार्जन गरिनुका साथै बिमासँग सम्बन्धित आवश्यक नीतिगत तथा कानुनी आधारहरू तर्जुमा गरिनेछ । (१)

२. बिमा क्षेत्रलाई नियमित एवम् व्यवस्थित गर्न सक्षम हुने गरी नियमनकारी निकायको क्षमता अभिवृद्धि गरिनेछ । (१)

३. बिमकहरूको अनुगमन तथा सुपरिवेक्षणलाई प्रभावकारी बनाई अन्तर्राष्ट्रियस्तरको बिमा सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ । (१)

४. बिमकको लगानीयोग्य रकमलाई अझ सुरक्षित तथा प्रतिफलमुखी क्षेत्रमा लगानी गर्ने वातावरण तयार गरिनेछ । (१)

५. बिमा दाबी प्रक्रिया सरलीकरणका लागि प्रभावकारी वैकल्पिक संयन्त्रको विकास गरिनेछ । (१)

६. स्वदेशमा स्थापना भएको नेपाल पुनर्बिमा कम्पनीलाई सुदृढ र सक्षम बनाइनेछ । (१)

७. बिमकको असफलताबाट बिमितलाई पर्नसक्ने नोक्सानीलाई न्यूनीकरण गर्न बिमित हित संरक्षण कोषको व्यवस्था गरिनेछ । (१)

८. बिमा क्षेत्रको अध्ययन तथा अनुसन्धानको लागि बिमा प्रतिष्ठानको स्थापना गरी सञ्चालनमा ल्याइनेछ । (१)

९. बिमकहरूलाई बिमा पहुँच पुग्न नसकेका दुर्गम जिल्लाहरूमा शाखा कार्यालयहरू स्थापना गर्न प्रोत्साहन गरिनेछ । (२)

१०. बिमासम्बन्धी जनचेतना अभिवृद्धि गर्न दुर्गम तथा ग्रामीण क्षेत्र समेटिने गरी जानकारीमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ । (२)

११. दुर्गम ग्रामीण क्षेत्र तथा न्यून आय भएको वर्गको आवश्यकताअनुरूप लघुबिमा सेवाको विस्तार गरिनेछ । (२)

१२. बिमाको दायरा बढाई कृषि एवम् स्वास्थ्य क्षेत्रमा बिमा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ । (२)

## ४. अपेक्षित उपलब्धि

नयाँ बिमालेखको सङ्ख्या करिब ३५ लाख पुगेको, बिमकहरूको बिमाशुल्क आर्जन रु. ५० अर्ब ५० करोड तथा लगानीयोग्य रकम रु. १ खर्ब ६२ अर्ब पुगेको, बिमाक्षेत्रले कर्मचारी, बिमा अभिकर्ता र सर्भेयरको रूपमा करिब १,१५,००० जनालाई प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारीको अवसर प्रदान गरेको हुनेछ । त्यसैगरी दुर्गम ग्रामीण क्षेत्र तथा समाजका न्यून आय भएका वर्गलगायत सबै तहको पहुँचमा

बिमा सेवा पुगेको, बिमितको हित संरक्षणसम्बन्धी आधारहरू तयार भई बिमा व्यवसायप्रति विश्वसनीयता अभिवृद्धि भएको र अन्तर्राष्ट्रिय मापदण्ड तथा राष्ट्रिय आवश्यकताअनुरूप बिमा सेवाको स्तर अभिवृद्धि भएको हुनेछ ।

## ३.४.२ पुँजी बजार

### १. पृष्ठभूमि

देशमा छरिएर रहेको बचतलाई दीर्घकालीन बचतका उपकरणहरूमार्फत परिचालन गरी उत्पादनशील क्षेत्रमा लगानी बढाउन पुँजी बजारले महत्त्वपूर्ण संयन्त्रको रूपमा कार्य गर्दछ । दक्ष एवम् प्रभावकारी बजार तथा नियमन व्यवस्थाले पुँजी बजार अझ गहिरो, स्थिर र प्रभावकारी हुन्छ । वि.सं. २०३३ मा पुँजी बजारको संस्थागत विकास प्रारम्भ भएको भए तापनि हालसम्म यसले अपेक्षित विस्तार र गहिराइ प्राप्त गर्न सकेको छैन । धितोपत्र तथा दीर्घकालीन ऋणको सेवा विस्तार गर्दै उदीयमान पुँजी बजारको स्तरमा पुऱ्याउने गरी विकास गर्न आवश्यक छ ।

### २. चुनौती तथा अवसर

**चुनौती**

आर्थिक वृद्धिलाई प्रत्यक्ष सघाउ पुग्ने गरी पुँजी बजार परिचालन, संस्थागत सुशासनको आचारसंहिता लागु गरी संस्थागत सुशासनमा सुधार, धितोपत्र बजारको सुदृढ नियमन व्यवस्था, धितोपत्र निष्काशन तथा कारोबार लागतमा कमी, धितोपत्रको निष्काशनमा स्वतन्त्र मूल्य निर्धारणको व्यवस्था र पुँजी बजारमार्फत पुँजी परिचालन गर्ने वास्तविक क्षेत्रका सङ्गठित संस्थाहरूलाई वित्तीय प्रोत्साहनको व्यवस्था गरी पुँजी बजारमा प्रवेश गराउने कार्य चुनौतीपूर्ण रहेको छ । धितोपत्र व्यवसायलाई थप व्यावसायिक तथा मर्यादित बनाई धितोपत्र व्यवसायी सेवालाई प्रतिस्पर्धी एवम् विश्वसनीय बनाउन आवश्यक संस्थागत व्यवस्था गर्ने कार्य पनि चुनौतीपूर्ण रहेको छ ।

**अवसर**

देशको अर्थतन्त्रको व्यवसायीकरण तथा औद्योगिकीकरण गर्न आवश्यक दीर्घकालीन पुँजी ठूलो परिमाण र न्यून लागतमा उपलब्ध गराउन सकिने अवस्था, समग्र वित्तीय बजारको सन्तुलित विकासमा योगदान गर्न सकिने सम्भावना, आम लगानीकर्ता नागरिकको पुँजी बजारप्रतिको बढ्दो सचेतना र आकर्षण, पुँजी बजारमा निष्काशनकर्ता, सूचीकृत सङ्गठित संस्था र धितोपत्र व्यवसायीहरूको विकास तथा विस्तार एवम् बढ्दो विप्रेषण आप्रवाह र गैरआवासीय नेपालीले समेत नेपालमा लगानी गर्न सक्ने संवैधानिक व्यवस्थालाई पुँजी बजारको विकास र विस्तार गर्न सक्ने अवसरको रूपमा लिन सकिन्छ ।

### ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**३.१ सोच**

सुदृढ पुँजी बजारमार्फत दिगो आर्थिक वृद्धि ।

### ३.२ लक्ष्य

राष्ट्रिय बचत तथा लगानी एवम् अन्तर्राष्ट्रिय लगानीलाई आकर्षित गर्न र अर्थतन्त्रको पुँजी लागतमा कमी ल्याउन सक्षम, गतिशील र विश्वसनीय पुँजी बजारको विकास गर्ने ।

### ३.३ उद्देश्य

पुँजी बजारलाई पारदर्शी र प्रतिस्पर्धी एवम् पुँजी परिचालनकर्ता तथा लगानीकर्ताहरूको पहुँचयोग्य र विश्वसनीय बनाउनु ।

### ३.४ रणनीति

१. पुँजी बजार सञ्चालन तथा नियमनसम्बन्धी अन्तर्राष्ट्रियस्तरको पूर्वाधार विकास गर्ने ।

२. पुँजी बजारमा वास्तविक क्षेत्रका सङ्गठित संस्था, साना लगानीकर्ता र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थागत लगानीकर्ताहरूको आकर्षण बढाउने ।

### ३.५ कार्यनीति

१. नेपाल धितोपत्र बोर्डमा आवश्यक दक्ष एवम् प्राविधिक जनशक्तिको पूर्ति गर्नुका साथै सञ्चालन स्वायत्तता प्रदान गरी यसलाई सबल नियमन निकायको रूपमा विकास गरिनेछ । (१)

२. पुँजी बजारसम्बन्धी विद्यमान कानुनी व्यवस्थाहरूको पुनरावलोकन तथा नयाँ कानुन तर्जुमा गरिनेछ । (१)

३. नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एन्ड क्लियरिङ लिमिटेडमा अन्तर्राष्ट्रिय स्तरको कारोबार प्रणाली, कारोबारको राफसाफ तथा फछ्र्यौट र नामसारी प्रणाली विकास गरिनेछ । (१)

४. वित्तीय साक्षरता तथा लगानीकर्ता शिक्षा कार्यक्रम सञ्चालन गरी साना बचतकर्ता र लगानीकर्ताहरूको धितोपत्र बजारमा आकर्षण अभिवृद्धि गरिनेछ । (२)

५. धितोपत्र कारोबार र व्यवसायी सेवाको स्तर अभिवृद्धि तथा विकेन्द्रित गरी धितोपत्र कारोबारलाई सहज, पहुँचयोग्य र सर्वसुलभ बनाइनेछ । (२)

६. धितोपत्रको प्राथमिक निष्काशनमा स्वतन्त्र मूल्य निर्धारण, ठूलो पुँजी आधार हुने सङ्गठित संस्थाहरू पब्लिक लिमिटेड हुनुपर्ने प्रावधान तथा कर छुटलगायतका कानुनी व्यवस्था गरी वास्तविक क्षेत्रका सङ्गठित संस्थालाई आकर्षित गरिनेछ । (२)

७. आवश्यक कानुनी व्यवस्था गरी धितोपत्रको दोस्रो बजार गैरआवासीय नेपाली तथा विदेशी संस्थागत लगानीकर्ताहरूको लगानीका लागि खुल्ला गरिनेछ । (२)

८. निष्काशनकर्ता तथा सूचीकृत कम्पनीहरूद्वारा नेपाल धितोपत्र बोर्डमा पेस गरिएका सूचना, जानकारी तथा प्रतिवेदनहरूको पुनरावलोकन गर्ने पद्धति लागु गरिनेछ । (२)

९. पुँजी बजारमा संलग्न संस्था तथा निकायहरूको व्यावसायिकता तथा संस्थागत सुशासन अभिवृद्धि गरिनेछ ।

## ३.६ प्रमुख कार्यक्रमहरू

### क. पुँजीबजारसम्बन्धी पूर्वाधार विकास

१. धितोपत्रसम्बन्धी ऐन, २०६३ मा सुधार तथा सोअनुसार नियम, विनियम र निर्देशिकाहरूको व्यवस्था ।

२. वस्तु डेरिभेटिभ (Commodity Derivatives) बजारसम्बन्धी कानुन तर्जुमा तथा कार्यान्वयन ।

३. नेपाल स्टक एक्सचेन्ज तथा केन्द्रीय निक्षेप प्रणालीको संरचनात्मक सुधार ।

४. जोखिम न्यूनीकरणसम्बन्धी कोष तथा बोलकबोल बजार (Auction Market) स्थापना ।

५. नेपाल धितोपत्र बोर्डद्वारा धितोपत्र बजार नियमन निकायहरूको अन्तर्राष्ट्रिय सङ्गठन (International Organization of Securities Commission) को सदस्यता प्राप्ति ।

### ख. पुँजीबजारमा लगानी आकर्षण

१. नेपाल धितोपत्र बोर्डको नियमन क्षमता सुदृढीकरण ।

२. अन्तर्राष्ट्रिय वित्तिय संस्थाहरूलाई स्थानीय मुद्रामा ऋणपत्र जारी गर्नसक्ने व्यवस्था ।

३. धितोपत्रको दोस्रो बजार कारोबार, राफसाफ तथा फछ्र्यौटलाई अनलाइन कारोबारमा रूपान्तरण ।

४. निष्काशनकर्ता, सूचीकृत सङ्गठित संस्था र धितोपत्र व्यवसायीहरूको लागि संस्थागत सुशासनसम्बन्धी आचारसंहिता र व्यावसायिकता विकाससम्बन्धी निर्देशिका विकास ।

५. पुँजी बजारसम्बन्धी जनचेतना अभिवृद्धि तथा लगानीकर्ता प्रशिक्षण ।

६. पुँजी बजारसम्बन्धी तथ्याङ्क बैङ्कको स्थापना ।

## ४. अपेक्षित उपलब्धि

पुँजी बजारसम्बन्धी सुदृढ नियमन व्यवस्था भएको, अन्तर्राष्ट्रिय स्तरको कारोबार प्रणाली, कारोबारको राफसाफ तथा फछ्र्यौट र नामसारी प्रणालीको विकास भएको, सार्वजनिक निष्काशनमा स्वतन्त्र मूल्य निर्धारणको व्यवस्था भई धितोपत्र बजारमा गैरवित्तीय क्षेत्रका सङ्गठित संस्थाहरूको वृद्धि भएको, सूचीकृत कम्पनीहरूको सूचना प्रवाह तथा सुशासन अभ्यासमा सुधार आएको, लगानीकर्ताको सचेतना तथा धितोपत्र व्यवसायीहरूको व्यावसायिकता अभिवृद्धि भएको तथा पुँजी बजारमा वास्तविक क्षेत्रका सङ्गठित संस्थाहरू, गैरआवासीय नेपाली तथा स्वदेशी र विदेशी संस्थागत लगानीकर्ताहरूको सहभागिता भएको हुनेछ ।

## ३.५ सार्वजनिक संस्थान

### १. पृष्ठभूमि

सार्वजनिक संस्थानहरू सर्वसाधारण जनतालाई आधारभूत वस्तु तथा सेवा सर्वसुलभ र सुपथ मूल्यमा बिक्री वितरण गर्ने, विकासको आधारभूत संरचना निर्माण गर्ने, वस्तु/सेवा उत्पादन तथा बिक्रीमा व्यावसायिक सिद्धान्त अवलम्बन गरी कार्यदक्षता एवम् प्रभावकारिता अभिवृद्धि गरी नाफासमेत आर्जन गर्दै आर्थिक रूपले आत्मनिर्भर रहने, पूर्वाधार निर्माण एवम् आर्थिक वृद्धिमा योगदान पुऱ्याउने र सामाजिक न्याय प्रवर्द्धन गर्ने उद्देश्यले स्थापित भएका हुन् । तेह्रौं योजना अवधिसम्म आइपुग्दा आफ्ना घोषित उद्देश्य प्राप्तिमा यी संस्थानहरू प्रायः असफल नै रहे । सीमित सस्थानबाहेक अन्य सबै व्यावसायिक रूपमा सञ्चालन हुन नसक्दा बन्द हुने, निजीकरण गर्नुपर्ने वा ठूलो अनुदान दिएर चलाउनुपर्ने अवस्थामा पुगेका छन् ।

### २. चुनौती तथा अवसर

#### चुनौती

जनताका आधारभूत तहका सेवा वितरणमा जरुरी भएका एवम् बजारलाई सन्तुलित राख्नका लागि नभई नहुने संस्थानहरूमा मात्र सरकार संलग्न रही अन्यलाई निजी क्षेत्रसमेतको संलग्नतामा व्यावसायिक योजनासहित सञ्चालन गर्ने, सार्वजनिक संस्थानको कारण सरकारमाथि परेको वित्तीय भार न्यूनीकरण गर्ने, कर्मचारीहरूमा पेशागत व्यावसायिकता अभिवृद्धि गराई जवाफदेही र उत्तरदायित्वको भावना विकास गर्ने, संस्थानहरूको व्यावसायिक क्रियाकलापमा सरकारको भूमिका न्यूनीकरण गर्दै आर्थिक विकासको मेरुदण्डको रूपमा संस्थानहरूलाई सञ्चालन गर्नेजस्ता कार्यहरू अझै चुनौतीका रूपमा रहेको छन् ।

#### अवसर

निजी क्षेत्र व्यावसायिक रूपमा आकर्षित नरहेकाले सरकारको उपस्थिति साबित भएको, सरकारी नीतिहरू व्यवसायमैत्री रहेको, यस क्षेत्रको सुधारमा विकास साझेदारहरूको चासो रहेको र जनताका आधारभूत आवश्यकता परिपूर्तिको क्षेत्रमा अझै पनि सार्वजनिक संस्थानको आवश्यकता महसुस गरिएको अवस्था अवसरका रूपमा रहेका छन् । स्पष्ट सरकारी नीति, व्यावसायिक कार्ययोजना, उत्तरदायी कर्मचारी संयन्त्र तथा राजनीतिक हस्तक्षेपमुक्त वातावरण निर्माण गर्न सक्ने हो भने सार्वजनिक संस्थानहरू आफ्ना उद्देश्य हासिल गर्न सक्षम हुने देखिन्छ ।

### ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

#### ३.१ सोच

पूर्ण व्यावसायिक सार्वजनिक संस्थानहरूका माध्यमबाट वस्तु तथा सेवाको सुलभ, सहज र गुणस्तरीय रूपमा आपूर्ति तथा वितरणमार्फत जनहित ।

#### ३.२ लक्ष्य

सार्वजनिक संस्थानहरूको व्यवस्थापकीय प्रभावकारिता र वित्तीय कार्यकुशलतामा जोड दिई व्यावसायिकता अभिवृद्धि गर्ने ।

### ३.३ उद्देश्य

१. जनताका आधारभूत आवश्यकता पूरा गर्ने वस्तु तथा सेवाहरू सहज रूपमा उपलब्ध गराउने गरी व्यावसायिक अवधारणानुसार संस्थानहरूको सञ्चालन गर्नु ।

२. निजी क्षेत्र सक्षम साबित भएका तथा प्रतिस्पर्धी बजारको सम्भावना रहेका क्षेत्रहरूमा निजी क्षेत्रको लगानीसमेत आकर्षण गर्ने वातावरण निर्माण गरी संस्थान सञ्चालनमा सरकार, निजी क्षेत्र र सहकारी क्षेत्रको त्रिपक्षीय संलग्नता सुनिश्चित गर्नु ।

### ३.४ रणनीति

१. जनताको दैनिक उपभोग्य वस्तु तथा सेवा वितरण एवम् संवेदनशील सामाजिक क्षेत्रका संस्थानहरूमा मात्र सरकारी लगानी केन्द्रित गर्ने ।

२. सार्वजनिक संस्थानको व्यवस्थापकीय क्षमता एवम् वित्तीय सामाजिक उत्तरदायित्व अभिवृद्धि गर्ने ।

३. सार्वजनिक-निजी-सहकारी साझेदारीमार्फत सार्वजनिक संस्थान सञ्चालन गर्ने ।

### ३.५ कार्यनीति

१. संस्थानको उद्देश्य, सम्पादित कामको नतिजा, आर्थिक स्थिति, व्यावसायिक दक्षता र सरकारको नीतिसमेत विश्लेषण गरी सरकारी लगानी आवश्यक पर्ने/नपर्ने संस्थानहरूको छनोट गरिनेछ । (१)

२. राज्यले सञ्चालन गर्न आवश्यक नरहेका सार्वजनिक संस्थानहरूको प्रतिस्पर्धी क्षमता बढाउन सरकारी लगानी विनिवेश गरिनेछ । (१)

३. निजीक्षेत्र आकर्षित नहुने क्षेत्रका संस्थानहरूलाई सम्पत्ति र दायित्वको हिसाब मिलान गरी खारेजी गरिनेछ । (१)

४. समान उद्देश्य भएका सार्वजनिक संस्थानहरूलाई एक-आपसमा गाभी व्यवसायिक कार्यदक्षतामा सुधार गरिनेछ । (१)

५. सरकार संलग्न रहनुपर्ने संस्थानहरूको व्यवसायिक क्षमता अभिवृद्धि गर्न सञ्चालक र कार्यकारी प्रमुख खुल्ला प्रतिस्पर्धाबाट छनोट गरी कार्यसम्पादन सूचकको आधारमा कार्यसम्पादन सम्झौता गरिनेछ । (२)

६. संस्थानबाट प्रदान गरिने वस्तु तथा सेवाको उत्पादन, मूल्य निर्धारण, वितरण तथा आर्थिक र प्रशासनिक निर्णयमा व्यवस्थापकीय स्वायत्तता दिइनेछ । (२)

७. सरकारले लगानी विनिवेश गर्ने संस्थानहरूमा निजी र सहकारी क्षेत्रको लगानीलाई प्रोत्साहन दिइनेछ । (३)

८. सरकारको नियन्त्रणमा रहनुपर्ने सार्वजनिक संस्थानहरूको व्यवसायिक तथा प्रतिस्पर्धी क्षमता विकासको लागि रणनीतिक साझेदारीमा सञ्चालन गरिनेछ । (३)

९. न्यून क्षमतामा सञ्चालित संस्थानहरूलाई सरकारी स्वामित्व रहने गरी निजी क्षेत्रलाई करार गरेर व्यवस्थापनमा संलग्न गराइनेछ । (३)

### ४. अपेक्षित उपलब्धि

सरकारी संस्थानहरूले प्रदान गर्ने वस्तु तथा सेवाको आपूर्तिमा वृद्धि हुनुका अतिरिक्त संस्थानहरू व्यावसायिक कुशलतापूर्वक सञ्चालन भएका हुनेछन् । संस्थानहरूको उत्पादन लागत घट्न गई उत्पादकत्व वृद्धि तथा आर्थिक उत्तरदायित्व प्रवर्द्धन भएको हुनेछ । सार्वजनिक संस्थानको कार्यकुशलता वृद्धिसँगै निजीक्षेत्रको संलग्नता बढ्न गएको हुनेछ ।

## ३.६ वैदेशिक व्यापार, विदेशी विनिमय तथा शोधनान्तर

### १. पृष्ठभूमि

नेपालको शोधनान्तर स्थिति र विदेशी विनिमय सञ्चितिको स्तर मुख्य रूपमा आयातमा हुने भुक्तानी र विप्रेषण आप्रवाहले निर्धारण गर्ने गरेको छ । वस्तु तथा सेवा निर्यातको तुलनामा आयातको आकार फराकिलो र ठूलो रहेको तथा निर्यातको विस्तार कमजोर भएकाले व्यापार घाटा निरन्तर बढिरहेको भए तापनि विप्रेषण आयका कारण नेपालको शोधनान्तर स्थिति अधिकांश वर्षहरूमा बचतमा रहेको छ । निर्यातयोग्य वस्तुहरूको उत्पादन र तिनीहरूको निर्यात प्रवर्द्धन हुन नसक्दा नेपालले अन्तर्राष्ट्रिय व्यापारबाट अझसम्म पनि अपेक्षित फाइदा लिन सकेको छैन । आयातको बढ्दो आकार र भारतसँगको बढ्दो व्यापारका कारण मुलुकले लामो समयसम्म पनि विदेशी मुद्राको भुक्तानीमा भारतीय मुद्राको खरिद गरिरहनु परेको छ ।

### २. चुनौती र अवसर

#### चुनौती

विप्रेषण आप्रवाह र आयातको प्रवृत्तिमा निर्भर रहेको बाह्य क्षेत्रको स्थायित्व दिगो बनाउनु, औद्योगिक क्षेत्रमा उत्साह जगाउनु, नवप्रवर्तन तथा त्यसको अग्रपृष्ठ सम्बन्ध कायम गर्नु, उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि तथा पुँजी र श्रमको उत्पादकत्व वृद्धि गर्नु, व्यावसायिक वातावरणमा सुधार गरी पर्यटन आय वृद्धि गर्नु, औद्योगिक पूर्वाधार तथा ऊर्जाको पर्याप्त व्यवस्था गरी निजी लगानी आकर्षित गर्नु र विप्रेषण आप्रवाहको कारण बढ्दो क्रममा रहेको कुल राष्ट्रिय बचत उत्पादनशील क्षेत्रमा उपयोग गर्नुजस्ता चुनौती रहेका छन् ।

#### अवसर

विकसित एवम् उदीयमान अर्थतन्त्रमा तुलनात्मक लाभका वस्तुहरूको निर्यात गर्न सकिने, उच्च सम्भावना भएका धार्मिक, सांस्कृतिक, दृश्यावलोकन र साहसिक पर्यटनको विकास गर्न सकिने, ऊर्जा, पर्यटन, खनिजजन्य र उत्पादनमूलक व्यवसायमा वैदशिक लगानी भित्र्याउन सकिने, वैदेशिक रोजगारीका लागि दक्ष जनशक्ति विकास गरी विप्रेषण आप्रवाहमा उच्च वृद्धि गर्न सकिने र छिमेकी

देशहरूमा भएको उच्च आर्थिक वृद्धिबाट देशको पर्यटन, व्यापार र लगानीका क्षेत्रमा फाइदा लिन सकिनेजस्ता अवसर रहेका छन् ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

बाह्य क्षेत्रको सुदृढीकरणमार्फत आर्थिक सामाजिक समृद्धि ।

### ३.२ लक्ष्य

निर्यात प्रवर्द्धन, आयात प्रतिस्थापन, पर्यटन प्रवर्द्धन, ऊर्जा विकास, वैदेशिक लगानी आकर्षण तथा विप्रेषण परिचालनमार्फत शोधनान्तर बचत र पर्याप्त विदेशी विनिमय सञ्चिति कायम गर्ने ।

### ३.३ उद्देश्य

१. सम्भावित वस्तुको आन्तरिक उत्पादन र देशगत तथा वस्तुगत निर्यात विविधीकरण गरी व्यापार घाटा तीव्रदरमा न्यूनीकरण गर्नु ।

२. पर्यटनको दिगो विकास, विप्रेषणको कुशल व्यवस्थापन र वैदेशिक लगानीको वातावरण सिर्जना गरी शोधनान्तर बचतमार्फत विदेशी विनिमय सञ्चितिको पर्याप्तता सुनिश्चित गर्नु ।

### ३.४ रणनीति

१. तुलनात्मक र प्रतिस्पर्धात्मक लाभ भएका कृषि, पर्यटन, जलविद्युत् तथा जडीबुटीजस्ता प्राकृतिक स्रोतको उपयोग गरी वस्तु तथा सेवाको उत्पादन अभिवृद्धि गर्दै वस्तुगत र देशगत विविधीकरणमार्फत निर्यातको दायरा फराकिलो बनाउने ।

२. आपूर्तिजन्य क्षमता सुदृढीकरण गरी देशमा नै उत्पादन गर्न सकिने र भविष्यमा निर्यातमा प्रतिस्पर्धी हुनसक्ने हाल आयातित वस्तु तथा सेवाहरूको स्वदेशमा नै उत्पादन अभिवृद्धिमार्फत आयात प्रतिस्थापन गर्ने ।

३. पूर्वाधार विकास, पर्यटक सुरक्षा तथा पर्यटक आगमनमा सहुलियतमार्फत पर्यटन उद्योगलाई सबल बनाई विदेशी विनिमय आर्जनको भरपर्दो आधार बनाउने ।

४. विप्रेषण आप्रवाहको लागतलाई कम गराई औपचारिक आप्रवाह बढाउँदै उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्ने ।

५. देशको पूर्वाधारलगायत जलविद्युत्, पर्यटन, उत्पादनशील उद्योगको विकासका लागि विदेशी लगानीसम्बन्धी नीतिमा समसामयिक परिमार्जन गरी थप लगानीमैत्री बनाउने ।

### ३.५ कार्यनीति

१. तुलनात्मक तथा प्रतिस्पर्धात्मक लाभका वस्तु तथा सेवाको उत्पादन बढाउन स्वदेशी तथा विदेशी लगानी आकर्षित गरिनेछ । (१)

२. दलहन, तेलहन, तरकारी, फलफूल, छालाजुत्ता, सिमेन्ट, कपडाजस्ता वस्तुहरूको आन्तरिक उत्पादन अभिवृद्धि गरी मुलुकको बढ्दो व्यापार घाटा कम गरिनेछ । (२)

३. निर्यात व्यापारलाई प्रोत्साहन गर्न मूल्य अभिवृद्धि भएका प्रशोधित तथा तयारी वस्तुहरूको निर्यातमा जोड दिँदै क्वारेन्टाइन जाँच प्रणालीलाई समेत व्यवस्थित गरिनेछ । (२)

४. धार्मिक, शैक्षिक, स्वास्थ्य र खेल पर्यटन, नयाँ पदमार्गहरूको विकास, पर्वतारोहण तथा दृश्यावलोकनका लागि थप पर्यटकीय स्थलहरूको विकास गरिनेछ । (३)

५. पिछडिएका क्षेत्र तथा अन्य क्षेत्रमा रहेका सम्भावनायुक्त पर्यटनस्थलसम्म मोटरबाटो र अन्य पूर्वाधारको व्यवस्था गरी यी क्षेत्रको पर्यटन विकास गरिनेछ । (३)

६. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नति, क्षेत्रीय विमानस्थल निर्माण तथा सञ्चालनमा रहेका विमानस्थल फराकिलो र आधुनिक बनाई हवाई सुरक्षा र विश्वसनीयता अभिवृद्धि गरिनेछ । (३)

७. विप्रेषणलाई बैङ्किङ माध्यमबाट आप्रवाह गर्न प्रोत्साहन गरिनेछ । (४)

८. अन्तर्राष्ट्रियस्तरमा वैदशिक लगानी आकर्षित गर्न गरेका प्रयासहरू समेतलाई मध्यनजर गरी विदेशी लगानी नीतिलाई लगानीमैत्री बनाउँदै लगिनेछ । (५)

९. शिक्षा तथा स्वास्थ्य सेवाका क्षेत्रमा विशिष्टीकृत संस्था स्थापना गर्न प्रोत्साहित गर्दै उक्त सेवाका लागि बाहिरिने रकम न्यून गर्दै लगिनेछ । (५)

## ३.६ प्रमुख कार्यक्रमहरू

### क. स्वदेशी उत्पादन अभिवृद्धि तथा बजार विस्तार

१. कृषिजन्य वस्तुको उत्पादन अभिवृद्धि तथा सुरक्षाका लागि रासायनिक मलको आपूर्ति, भण्डारण व्यवस्था, क्वारेन्टाइन तथा बजार केन्द्रको स्थापना एवम् विकास ।

२. दलहन, तेलहन, तरकारी, फलफूल आदिको उत्पादन बढाउन यी वस्तुहरूको उत्पादनको पकेट क्षेत्र घोषणा गरी उत्पादन अभिवृद्धि ।

३. नेपाली उत्पादनहरूलाई विशेष प्रोडक्टको रूपमा लेबलिङ तथा ब्रान्डिङ गरी निर्यात प्रवर्द्धन ।

### ख. लगानी प्रवर्द्धन तथा संस्थागत विकास

१. वैदेशिक लगानीलाई कृषिजन्य वस्तुहरूको प्रशोधन र बजारीकरणमा पनि विस्तार गर्ने ।

२. विदेशी लगानी नीतिले औँल्याएका क्षेत्रहरूमा लगानी अभिवृद्धि गर्न प्रक्रियागत सरलीकरण ।

३. गैर-आवासीय नेपाली तथा अन्य विदेशी लगानीकर्ताको लागि लगानी सहजीकरण तथा लगानीकर्ता सम्मेलनको आयोजना ।

### ग. पर्यटन प्रवर्द्धन

१. विमानस्थलहरूको निर्माण, स्तरोन्नति र विस्तार ।

२. सम्भावनायुक्त पर्यटन स्थलसम्म निजी क्षेत्रको सहभागितामा आवश्यक पूर्वाधार विकास ।
३. हिमाल आरोहीको सुरक्षाका लागि एकीकृत उद्धार केन्द्र निर्माण ।
४. विभिन्न पर्यटकीय क्षेत्रहरूलाई जोडी पर्यटन सर्किटको स्थापना ।
५. नेपालमा अन्तर्राष्ट्रिय तथा साहसिक खेलहरू आयोजना गर्न सकिने पूर्वाधार विकास ।
६. गुणस्तरीय पर्यटक आकर्षण तथा बसाइ अवधि बढाउन मनोरञ्जन पूर्वाधार तथा पर्यटनको भौगोलिक विविधीकरण ।
७. शैक्षिक तथा स्वास्थ्य पर्यटन विकास तथा विस्तार ।

**घ. विप्रेषण व्यवस्थापन**

१. बैङ्कमार्फत विप्रेषण प्राप्त भएको प्रमाणको आधारमा विभिन्न सेवाहरूमा प्रोत्साहन व्यवस्था ।
२. विप्रेषण आप्रवाहलाई उत्पादनशील क्षेत्रमा लगानी बढाउन परियोजनामुखी धितोपत्र जारी ।

### ४. अपेक्षित उपलब्धि

व्यापार घाटा क्रमशः कम हुँदै गएको, पर्यटक आवागमन र पर्यटन आयमा वृद्धि भएको, वैदेशिक लगानी वृद्धि भएको, औपचारिक माध्यमबाट विप्रेषण आप्रवाहमा थप वृद्धि भएको, शोधनान्तर बचत धनात्मक रहेको र विदेशी विनिमय सञ्चिति कम्तीमा आठ महिनाको वस्तु तथा सेवाको आयात धान्नसक्ने स्तरमा कायम रहेको हुनेछ ।

## ३.७ निजी क्षेत्र

### १. पृष्ठभूमि

निजी क्षेत्रमा व्यावसायिकता, नवीनतम सोच र उद्यमशीलताको विकासबाट यसलाई देशको आर्थिक वृद्धिको प्रमुख संवाहकका रूपमा अगाडि बढाउनुपर्ने टड्कारो आवश्यकता रहेको छ । लगानीमैत्री वातावरणको अभाव, पूर्वाधारको कमी, असुरक्षा आदिको कारणले निजी क्षेत्र पछाडि परेको अवस्था छ । निजी क्षेत्रको प्रतिस्पर्धात्मक क्षमताको विकासबाट छिमेकी मुलुकहरूको आर्थिक वृद्धि र उपलब्ध सम्भाव्यतालाई अवसरको रूपमा लिई विश्वबजारमा पहुँच र हिस्सा वृद्धि गर्नु अपरिहार्य छ ।

### २. चुनौती तथा अवसर

**चुनौती**

औद्योगिक श्रम सम्बन्ध सुमधुर बनाउनु, औद्योगिक सुरक्षा प्रत्याभूति गर्नु, लगानीको वातावरण सिर्जना गर्नु, नीतिगत निरन्तरता र कार्यान्वयनको सुनिश्चितता कायम गर्नु, लगानीको क्षेत्रीय असन्तुलन कम गर्नु, गैरकृषि क्षेत्रमा निजी क्षेत्रको परिपक्वता हासिल गर्नु, राजनैतिक स्थिरता कायम गर्नु तथा व्यापार र लगानीको स्वच्छ र व्यावसायिक वातावरण कायम गर्नु चुनौतीका रूपमा रहेका छन् ।

### अवसर

निजी क्षेत्रसँग रहेको सीप र लगानीको स्रोत उत्पादनशील क्षेत्रमा लगाई रोजगारमूलक उत्पादन र आयमा वृद्धि गर्नु, सरकार-निजी क्षेत्रको साझेदारीबाट पूर्वाधारको क्षेत्रमा लगानी बढाउनु र अन्तर्राष्ट्रिय व्यापारको मात्रा बढाई निकासी प्रवर्द्धन गर्नु निजी क्षेत्रको विकासको अवसरका रूपमा रहेका छन् ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

आर्थिक समृद्धिको सशक्त साझेदारको रूपमा निजी क्षेत्र ।

### ३.२ लक्ष्य

मुलुकको आर्थिक वृद्धि, राजस्व परिचालन र उद्यमशीलता वृद्धिमा योगदान गर्दै उत्पादनशील रोजगारी बढाउने ।

### ३.३ उद्देश्य

१. निजी क्षेत्रको लगानी विस्तार तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरी थप उत्पादन, उत्पादकत्व तथा रोजगारी वृद्धि गर्नु ।

### ३.४ रणनीति

१. लगानीमैत्री वातावरण सिर्जना गरी प्रतिस्पर्धात्मक, उत्पादनशील एवम् प्राथमिकताप्राप्त पूर्वाधार क्षेत्रमा निजी क्षेत्रको सहभागिता बढाउने ।

२. बजार असफलता तथा नकारात्मक बाह्य प्रभाव (Externalities) लाई नियन्त्रण गर्न प्रभावकारी नियमन गर्ने ।

३. आर्थिक तथा भौतिक पूर्वाधार विकासमा सार्वजनिक-निजी साझेदारी अभिवृद्धि गर्ने ।

### ३.५ कार्यनीति

१. लगानीलाई आकर्षित गर्न औद्योगिक सुरक्षा र ऊर्जा उपलब्धता बढाउनुका साथै आवश्यक पूर्वाधार विकास तथा विस्तार गरिनेछ । (१)

२. निजी क्षेत्रको लगानी अभिवृद्धि गर्न मौद्रिक तथा गैरमौद्रिक सुविधा तथा प्रोत्साहनको व्यवस्था गरिनेछ । (१)

३. श्रम सुरक्षालाई ध्यान दिई सामाजिक सुरक्षासहितको लचिलो श्रम नीति अपनाइनेछ । (१)

४. निजी क्षेत्रको प्रभावकारी नियमन गर्न कानुनी एवम् संस्थागत सुधारमा जोड दिइनेछ । (२)

५. कालो बजारी, एकाधिकार, अनौपचारिक व्यापारजस्ता गतिविधिहरूलाई नियन्त्रण गर्न कानुनको प्रभावकारी कार्यान्वयन गरिनेछ । (२)

६. सामाजिक सुरक्षा, सार्वजनिक स्वास्थ्य तथा सफाइ, शिक्षा, वातावरण प्रवर्द्धन र प्रकोप व्यवस्थापनजस्ता क्षेत्रमा संस्थागत सामाजिक उत्तरदायित्व प्रवर्द्धन गरिनेछ । (२)

७. सार्वजनिक-निजी साझेदारी नीति, २०७२ ले अङ्गीकार गरेका व्यवस्थाहरूको क्रमशः कार्यान्वयन गरिनेछ । (३)

### ३.६ प्रमुख कार्यक्रमहरू

#### क. निजी क्षेत्रको सहजीकरण

१. सडक पहुँच, प्रसारण तथा वितरण लाइन लगायतका औद्योगिक पूर्वाधार निर्माण र विस्तार ।

२. औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र तथा आर्थिक कोरिडोर स्थापना ।

३. उद्योग तथा औद्योगिक क्षेत्रलाई ऊर्जा उपलब्धताको सुनिश्चिता ।

४. औद्योगिक तथा व्यावसायिक सेवा प्रवाहमा सुधार ।

५. मौद्रिक तथा गैरमौद्रिक सुविधा तथा प्रोत्साहनको व्यवस्था ।

#### ख. निजी क्षेत्रको नियमन

१. निजी क्षेत्र नियमनसम्बन्धी कानुनी तथा प्रक्रियागत सुधार तथा संस्थागत सुदृढीकरण ।

२. संस्थागत सामाजिक उत्तरदायित्वको कडाइका साथ कार्यान्वयन तथा अनुगमन ।

#### ग. सार्वजनिक–निजी साझेदारी

१. सडक यातायात, विद्युत् उत्पादन, सूचना सञ्चार, सहरी तथा ग्रामीण वातावरण, सहरी पूर्वाधार, शिक्षा तथा स्वास्थ्यजस्ता पूर्वाधारका प्राथमिकता क्षेत्रमा साझेदारी ।

२. सार्वजनिक निजी साझेदारी केन्द्र स्थापना र सञ्चालन ।

३. साझेदारी सम्बन्धमा सार्वजनिक संस्थाहरूको क्षमता विकास ।

४. साझेदारी सम्बन्धमा निजी संस्थाहरूको सचेतना तथा क्षमता विकास ।

५. साझेदारीसम्बन्धी आयोजना बैङ्क विकास ।

### ४. अपेक्षित उपलब्धि

औद्योगिक पूर्वाधारहरूको विकास तथा विस्तार, औद्योगिक क्षेत्रको स्थापना र निजी क्षेत्रको लगानी अभिवृद्धि भएको हुनेछ । सार्वजनिक निजी साझेदारी केन्द्रको स्थापना र साझेदारीको क्षेत्र विस्तार भएको हुनेछ । सरकारी तथा निजी क्षेत्रको संयुक्त लगानीले थप रोजगारी सिर्जना र प्रतिस्पर्धात्मक क्षमता विकास एवम् उत्तरदायित्व अभिवृद्धि भई अर्थतन्त्रमा निजी क्षेत्रको भूमिका बढेको हुनेछ ।

## ३.८ वैदेशिक लगानी

### १. पृष्ठभूमि

बचत र लगानीको आवश्यकताबीचको अन्तर पूरा गर्न, आधुनिक प्रविधि, व्यवस्थापकीय तथा प्राविधिक कौशल भित्र्याई उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न, देशमा नै उत्पादन गर्न सकिने तर हाल

आयात भैरहेका वस्तु तथा सेवा उत्पादन गरी आन्तरिक माग पूर्ति गर्न तथा निर्यात विस्तार गर्न वैदेशिक लगानीको महत्त्वपूर्ण भूमिका हुन्छ । हालसम्म मुलुकले आर्थिक विकासमा यसको यथेष्ट रूपमा उपयोग गर्न नसके पनि आगामी दिनमा उद्योग, सेवा र पर्यटनका क्षेत्रमा प्रशस्त लगानी बढाउन सक्ने देखिन्छ ।

## २. चुनौती तथा अवसर

### चुनौती

व्यवसाय सञ्चालन तथा पारवहन लागतमा कटौती गर्नु, विद्युत्को नियमित आपूर्ति तथा औद्योगिक पूर्वाधारको सहज, भरपर्दो र पर्याप्त व्यवस्था गर्नु, वैदेशिक लगानीमा न्यूनतम राष्ट्रिय विकास गर्नु, युवा पलायनलाई निरुत्साहित गर्दै अर्धदक्ष तथा दक्ष जनशक्तिको पर्याप्तता सुनिश्चित गर्नु र श्रमनीति तथा कानुनलाई बढी लचिलो एवम् लगानीमैत्री बनाउनु प्रमुख चुनौतीका रूपमा रहेका छन् ।

### अवसर

नयाँ संविधानको कार्यान्वयन सुरु भएपछि बन्दै गएको लगानीको वातावरण, प्राकृतिक सम्पदाको प्रचुरता एवम् जैविक तथा सांस्कृतिक विविधता, तुलनात्मक रूपमा न्यून ज्यालादर, नेपाली समुदायको विदेशमा बढ्दो उपस्थिति र उनीहरूको सीप, क्षमता र अनुभवको अधिकतम परिचालन गर्नसक्ने सम्भावना, वैदेशिक लगानी, व्यापार तथा विकास सहकार्यसम्बन्धी बहुपक्षीय, क्षेत्रीय र द्विपक्षीय सम्झौताहरूबाट अन्तर्राष्ट्रिय बजार प्रवेशमा पाउने सहजता र छिमेकी मुलुकहरूमा भएको उच्च आर्थिक वृद्धि एवम् बढ्दो मध्यमवर्गीय जनसङ्ख्याबाट व्यापार र लगानीका क्षेत्रमा फाइदा लिन सकिनेजस्ता अवसर रहेका छन् ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

वैदेशिक लगानीको परिचालनमार्फत नवप्रवर्तनशील, प्रतिस्पर्धी र गतिशील राष्ट्रिय अर्थतन्त्र ।

### ३.२ लक्ष्य

वैदेशिक लगानी आकर्षण तथा अभिवृद्धि गरी उत्पादन तथा उत्पादकत्व वृद्धि, प्रतिस्पर्धात्मक क्षमता विकास र व्यापार सन्तुलन कायम गर्ने ।

### ३.३ उद्देश्य

वैदेशिक लगानीलाई आकर्षित गरी पुँजी एवम् नयाँ प्रविधि तथा सीप भित्र्याएर व्यापार घाटा कम गर्नु ।

### ३.४ रणनीति

१. लगानीमैत्री वातावरण सिर्जना गरी तुलनात्मक तथा प्रतिस्पर्धात्मक लाभ, प्राथमिकताका क्षेत्र र खासगरी निर्यातमूलक वस्तु तथा सेवाको उत्पादन र रोजगारी उपलब्ध गराउने क्षेत्रमा विदेशी पुँजी आकर्षण गर्ने ।

२. स्थानीय स्रोत-साधन र सीपको उपयोग तथा सन्तुलित प्रादेशिक विकास हुने गरी प्राथमिकताका क्षेत्रमा वैदेशिक लगानी परिचालन गर्ने ।

## ३.५ कार्यनीति

१. वैदेशिक लगानीलाई आकर्षित तथा प्रोत्साहित गर्न आर्थिक तथा गैरआर्थिक सहुलियत र सुविधाहरू तथा पूर्वाधारको व्यवस्था गरिनेछ । (१)

२. जलस्रोत, उद्योग, भौतिक पूर्वाधार, पर्यटनलगायतका वैदेशिक लगानीको प्राथमिकताका क्षेत्रमा आयोजना बैङ्क स्थापना गरी लगानी प्रवर्द्धन गरिनेछ । (१)

३. वैदेशिक लगानीलाई वैदेशिक व्यापार वृद्धिसँग आबद्धता कायम गरिनेछ । (१)

४. कूटनीतिक संयन्त्र तथा गैरआवासीय नेपाली समुदायको परिचालन गरी वैदेशिक लगानी आकर्षित गरिनेछ । (१)

५. नेपालमा बढी लगानी गर्दै आएका तर द्विपक्षीय लगानी प्रवर्द्धन तथा संरक्षण सम्झौता र दोहोरो कर उन्मुक्तिसम्बन्धी सम्झौता नभएका मुलुकहरूसँग त्यस्ता सम्झौताहरू क्रमशः गरिनेछ । (१)

६. वैदेशिक लगानी परिचालनसम्बन्धी कानुनी, संस्थागत र प्रक्रियागत सुधार गरिनेछ । (२)

७. विदेशी लगानी नीतिले अङ्गीकार गरेका व्यवस्थाहरूको क्रमशः कार्यान्वयन गरिनेछ । (२)

८. विदेशी लगानीमा स्थानीय स्रोत-साधन तथा सीपको अधिकतम उपयोगलाई प्राथमिकता दिइनेछ । (२)

## ३.६ प्रमुख कार्यक्रमहरू

### क. विदेशी लगानी आकर्षण

१. विदेशी लगानी तथा प्रविधि हस्तान्तरणसम्बन्धी नयाँ ऐन तर्जुमा ।
२. मौद्रिक तथा गैरमौद्रिक सुविधा तथा प्रोत्साहनको व्यवस्था ।
३. सडक पहुँच, विद्युत् प्रसारण र वितरण लाइनलगायतका औद्योगिक पूर्वाधार निर्माण तथा विस्तार ।
४. औद्योगिक सुरक्षा तथा ऊर्जा उपलब्धताको सुनिश्चितता ।
५. वैदेशिक लगानीसम्बन्धी उद्योग दर्ता, जग्गा प्राप्तिलगायतका लगानी सेवामा सुधार ।
६. द्विपक्षीय लगानी प्रवर्द्धन तथा संरक्षण सम्झौता र दोहोरो कर उन्मुक्तिसम्बन्धी सम्झौता ।

### ख. विदेशी लगानी परिचालन

१. विदेशी लगानीसम्बन्धी कानुनी एवम् प्रक्रियागत सुधार तथा संस्थागत सुदृढीकरण ।
२. वैदेशिक लगानीको प्राथमिकताका क्षेत्रमा आयोजना बैङ्क स्थापना ।
३. छिमेकी मुलकसँगको व्यापारसँग सम्बन्धित वस्तु तथा सेवा उत्पादनमा विदेशी लगानी परिचालन ।

४. विदेशी लगानीमा स्थानीय स्रोत-साधन तथा सीपको अधिकतम उपयोग ।

### ४. अपेक्षित उपलब्धि

वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण, विशेष आर्थिक क्षेत्र तथा निर्यात प्रवर्द्धन क्षेत्रसम्बन्धी ऐन तर्जुमा र संशोधन भएको, विदेशी लगानी प्रवर्द्धनमा कूटनीतिक नियोग तथा विदेशमा रहेका नेपाली परिचालन भएको, वैदेशिक लगानीमा उल्लेख्य वृद्धि भएको, थप रोजगारी सिर्जना भएको र व्यापार घाटामा कमी आएको हुनेछ ।

## ३.९ सहकारी क्षेत्र

### १. पृष्ठभूमि

सरकारी र निजी क्षेत्र पुग्न नसकेका क्षेत्रको आर्थिक-सामाजिक विकासमा सहकारी क्षेत्रको योगदान रहन्छ । सहकारी क्षेत्रलाई लघुवित्त कारोबारसँगै उत्पादन, बजारीकरण र सेवा प्रवाहमा संलग्न गराई उत्पादनमूलक कार्यमा संलग्न गराउनुपर्ने आवश्यकता रहेको छ । यसले छरिएर रहेका श्रम, सीप, प्रविधि र पुँजीलाई एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धिबाट राष्ट्रिय अर्थतन्त्रमा योगदान दिन सक्दछ । खासगरी कृषि क्षेत्रमा सहकारीले गरेको योगदान प्रशंसनीय छ । सहकारी क्षेत्रले थप सम्भावित क्षेत्रहरूमा आफ्नो उपस्थिति नदेखाइसकेको हुनाले यसको विकास, विस्तार र प्रवर्द्धन आवश्यक रहेको छ ।

सहकारी क्षेत्रमा ३२,६६३ विभिन्न प्रकृतिका प्रारम्भिक सहकारी संस्थाहरू र ६९ ओटा जिल्ला सहकारी सङ्घ, २५२ विषयगत सहकारी सङ्घहरू, २० ओटा विषयगत केन्द्रीय सङ्घ, एउटा राष्ट्रिय सहकारी बैङ्क र शीर्षस्थ निकायका रूपमा राष्ट्रिय सहकारी सङ्घ लिमिटेड क्रियाशील छन् । सहकारी/संस्थामा ५२ लाखभन्दा बढी सदस्यहरू आबद्ध रहेका छन् । सहकारी क्षेत्रमा महिला सदस्यको सहभागिता करिब ४६ प्रतिशत रहेको छ भने नेतृत्वमा महिलाको पहुँच ३४ प्रतिशत पुगेको छ । महिलामात्र सदस्य रही सञ्चालित सहकारी संस्थाको सङ्ख्या ४,०११ पुगेको छ । यस क्षेत्रले झन्डै ६१ हजार नागरिकहरूलाई प्रत्यक्ष र १० लाखभन्दा बढीलाई अप्रत्यक्ष रोजगारीको अवसर प्रदान गरेको अनुमान छ । आ.व. २०७२/७३ को अन्त्यमा सहकारी सङ्घ संस्थाहरूको सेयर पुँजी रु. ६५ अर्ब, बचत रु. २ खर्ब १० अर्ब र लगानी रु. १ खर्ब ८५ अर्ब रहेको छ । सबै जिल्लामा सञ्जाल विस्तार भएको यस क्षेत्रले विपन्न वर्ग, दुर्गम क्षेत्र, आदिवासी जनजाति, मधेसी, दलित, अपाङ्गता भएका व्यक्ति, अल्पसङ्ख्यक सबै वर्ग, क्षेत्र र समुदायलाई समेट्न सफल भएको छ ।

### २. चुनौती तथा अवसर

#### चुनौती

सहकारीसम्बन्धी ऐन-नियममा समयसापेक्ष परिमार्जन गर्ने, उत्पादनशील क्षेत्रमा सहकारीको योगदान बढाउने, ठूलो सङ्ख्यामा रहेका सहकारी संस्थाहरूमा वित्तीय सुशासन कायम गर्ने, सहकारी संस्थाहरूमा विपन्न वर्गलाई समेट्ने र बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूको नियमन गर्ने चुनौती रहेका छन् ।

**अवसर**

सहकारिताका माध्यमबाट उत्पादन तथा गरिबी निवारणको लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने, सहकारीमा सहभागीहरूको शिक्षा तथा क्षमता अभिवृद्धि गर्ने, स-साना बचतलाई परिचालन गरी पुँजी निर्माणमा योगदान पुऱ्याउने, जनतामा सामुदायिक तथा सहयोगी भावनाको विकास गर्ने र स्थानीयस्तरमा वित्तीय अन्तरसम्बन्ध कायम गर्ने अवसर रहेका छन् ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

स्थानीय स्रोत, श्रम, सीप र पुँजीको अधिकतम परिचालनमार्फत आर्थिक-सामाजिक रूपान्तरण ।

### ३.२ लक्ष्य

उपलब्ध स्थानीय स्रोत, श्रम, सीप र पुँजीको सामूहिक रूपमा परिचालन गरी उत्पादनमा गुणक प्रभाव सिर्जना गर्ने र सामाजिक सशक्तीकरण गर्ने ।

### ३.३ उद्देश्य

१. सहकारीमा आधारित उत्पादन, उद्यम र सेवा व्यवसायको विकास र विस्तार गरी मुलुकको दिगो र समतामूलक आर्थिक-सामाजिक विकासमा योगदान पुऱ्याउनु ।

२. सहकारीको सिद्धान्त र मूल्यहरूको प्रवर्द्धन गर्दै सहकारीको व्यवस्थापनका विधि र प्रक्रियामा सुधार गरी सुशासन कायम गर्नु ।

### ३.४ रणनीति

१. सहकारी संस्थाहरूलाई उत्पादनशील तथा सामाजिक व्यवसायका क्षेत्रमा क्रियाशील गराउने ।

२. सहकारीको माध्यमबाट आर्थिक-सामाजिक समावेशीकरण प्रवर्द्धन गर्ने ।

३. अनुगमन तथा नियमनलाई प्रभावकारी बनाई सहकारी क्षेत्रमा सुशासन कायम गर्ने ।

### ३.५ कार्यनीति

१. सहकारी संस्थालाई कृषि, पर्यटन, उद्योग, ऊर्जाजस्ता प्रत्यक्ष उत्पादनशील क्षेत्रमा परिचालन गरिनेछ । (१)

२. सहकारी संस्थाहरूको व्यवस्थापनमा दक्षता अभिवृद्धि गर्न तालिमको व्यवस्था गरिनेछ । (१)

३. कृषि तथा ग्रामीण सहकारी संस्थाहरूको उत्पादनलाई बजारीकरण गर्नका लागि सघाउ पुऱ्याउन विभिन्न बजार तथा बजार सूचना केन्द्रको विकास गरिनेछ । (१)

४ सहकारीमैत्री कर प्रणालीको विकास गरिनेछ । (१)

५. स्थानीय निकाय, विकास साझेदार र सामुदायिक संस्थाहरू समेतबाट सहकारी क्षेत्रमा वित्तीय तथा प्राविधिक सहायता परिचालन गरिनेछ । (१)

६. सहकारीमा आबद्ध विपन्न महिला, सीमान्तकृत गरिब, अपाङ्गता भएका व्यक्ति, भूमिहीन तथा पिछडिएको समुदाय र श्रमिकलाई स्वरोजगारमूलक उद्योग तथा व्यवसाय स्थापना गर्न आवश्यक पर्ने पुँजी र सीपमूलक तालिम उपलब्ध गराउने व्यवस्था मिलाइनेछ। (२)

७. महिला, गरिब, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, भूमिहीन तथा पिछडिएका वर्ग र श्रमिकको जीवनस्तरमा सुधार ल्याउन सहकारी पद्धतिको व्यवसायमा पहुँच बढाइनेछ। (२)

८. सहकारीमा आबद्ध कृषकलाई सहुलियत कर्जाका लागि कृषि सहकारी संस्थाहरूको स्वामित्व रहेको साना किसान विकास बैङ्कमार्फत पुँजी परिचालनमा सहयोग पुऱ्याइनेछ। (२)

९. युवाहरूलाई स्वदेशमै काम गर्ने वातावरण सिर्जना गर्न सहकारीमार्फत रोजगारी सिर्जना तथा युवा स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ। (२)

१०. सहकारी सूचना प्रणालीको विकास गरी सोको प्रयोगबाट अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ। (३)

११. सहकारीका बचतकर्ताहरूको बचतको सुरक्षाको प्रत्याभूति गर्न बचत सुरक्षण (बिमा) को व्यवस्था गरिनेछ। (३)

१२. वित्तीय अवस्था र कारोबार आकारको आधारमा सहकारी संस्थाको वर्गीकरण गरिनेछ। (३)

१३. सहकारी क्षेत्रको विकासका लागि आवश्यक कानुनी व्यवस्था, दीर्घकालीन रणनीतिक योजनाको तर्जुमा एवम् उपयुक्त सङ्गठन संरचनाको निर्माण गरिनेछ। (३)

१४. सहरकेन्द्रित बचत तथा ऋण सहकारी संस्थाहरूको नियमनका लागि छुट्टै संयन्त्रको स्थापना गरिनेछ। (३)

## ३.६ प्रमुख कार्यक्रमहरू

### क. सहकारी क्षेत्रको प्रवर्द्धन कार्यक्रम

१. कृषि, उद्योग र सेवाको क्षेत्रमा रोजगारीको सिर्जना तथा उत्पादन वृद्धि।

२. राष्ट्रिय प्राथमिकताका क्षेत्रहरूको विकासका लागि प्रोत्साहन तथा सहभागितामा आधारित पुँजीगत अनुदान।

३. लक्षित समूह सहकारी प्रवर्द्धन र पहुँच अभिवृद्धि कार्यक्रमः सहकारी सचेतना, संस्था गठन, विकास, शिक्षा र तालिम तथा आयोजना सञ्चालनका लागि क्षमता विकास, बिउ पुँजी, प्राविधिक सहयोग वा सहभागितामा आधारित पुँजीगत अनुदान उपलब्ध गराउने।

### ख. उद्यमशीलता तथा क्षमता विकास

१. सहकारी सङ्घ-संस्थाका पदाधिकारी र कर्मचारीहरूलाई सहकारी व्यवस्थापन तथा उद्यमशीलता र नेतृत्व विकासका तालिम।

२. प्रशिक्षक तथा प्रशिक्षण विधि, पाठ्यपुस्तक पाठ्यक्रम तथा पाठ्य सामग्रीहरूको स्तरोन्नति र सुधार।

३. सहकारी विभाग र मातहत तालिम केन्द्रहरू, डिभिजन सहकारी कार्यालयहरूमार्फत सहकारीसम्बन्धी वित्तीय साक्षरता कार्यक्रम सञ्चालन।

**ग. सहकारीसम्बन्धी सञ्चार**

१. सहकारी सञ्चार रणनीति तर्जुमा ।

२. सहकारीको विकास तथा प्रवर्द्धनको लागि सहकारीका सर्वमान्य सिद्धान्त, मूल्य र स्थापित मान्यतामा आधारित सहकारी विधिहरूसम्बन्धी स्रोत सामाग्रीहरू निर्माण, सुधार तथा प्रचार प्रसार गर्ने ।

**घ. अनुगमन, अनुसन्धान तथा मूल्याङ्कन**

१. सहकारी सङ्घ संस्थाहरूको सुदृढीकरण, विकास र प्रवर्द्धनको लागि नियमित अनुगमन, नियमन र निरीक्षण ।

२. सहकारी तथा गरिबी निवारण सूचना प्रणालीको स्थापना ।

३. सहकारी क्षेत्रसम्बन्धी अध्ययन तथा अनुसन्धान ।

## ४. अपेक्षित उपलब्धि

सहकारी संस्थाको सङ्ख्या ३५,६३३ पुगेको र सहकारी सदस्य सङ्ख्या वृद्धि भई ५५ लाख पुगेको हुनेछ । सहकारी सङ्घसंस्थाहरूको कुल सेयर पुँजी रु.८० अर्ब, बचत सङ्कलन रु.२२५ अर्ब र लगानी रु.२४५ अर्ब पुगेको हुनेछ । सहकारी सङ्घसंस्थामा महिला सदस्यको प्रतिनिधित्व ५० प्रतिशत र सहकारी क्षेत्रबाट प्रत्यक्ष रोजगारी पाउनेको सङ्ख्या ६२.५ हजार पुगेको हुनेछ । तालिम प्राप्त सहकारीकर्मीहरूको सङ्ख्या १,२८,००० पुगी नेतृत्व विकास व्यवस्थापन सीप विकास भएको हुनेछ । कुल सहकारी संस्थाहरूमध्ये निस्क्रिय सहकारी संस्थाको अनुपात १२ प्रतिशतबाट घटेर ९ प्रतिशत कायम भएको, समस्याग्रस्त सहकारी संस्थाहरूको सङ्ख्या १३० बाट घटेर १०० कायम भएको हुनेछ । बचत तथा ऋण सहकारी संस्थाको विश्वसनीयता बढेको हुनुका साथै सहकारीको माध्यमबाट सम्भाव्य आर्थिक क्षेत्रमा लगानी अभिवृद्धि भई देशको समग्र अर्थ व्यवस्थामा टेवा पुगेको हुनेछ ।

परिच्छेद : ४

# क्षेत्रगत विकास नीतिहरू

## ४.१ कृषि, भूमिसुधार तथा वन

### ४.१.१ कृषि

### १. पृष्ठभूमि

करिब ६३ प्रतिशत जनसङ्ख्या रोजगारी तथा जीविकाको लागि निर्भर रहेको एवम् कुल गार्हस्थ्य उत्पादनमा करिब ३२ प्रतिशत योगदान रहेको नेपालको कृषि क्षेत्रमा साना र मझौला किसानहरूको बढी संलग्नता रहेको छ । मूलतः कृषि प्रणाली निर्वाहमुखी हुनु र यसमा संलग्न श्रमिकहरूको उत्पादकत्व निकै कम रहँदा यस क्षेत्रबाट श्रमशक्तिको पलायन बढ्दो छ । २०७२ साल वैशाखको विनाशकारी भूकम्पले कृषि क्षेत्रमा ठूलो क्षति पुऱ्याएको छ । कतिपय स्थानमा सुख्खा खडेरीले खाद्यान्न उत्पादनमा प्रतिकूल प्रभाव परेको छ । नेपालको संविधानले खाद्यसम्बन्धी अधिकारलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको सन्दर्भमा प्राकृतिक तथा अन्य सङ्कटका कारण उत्पन्न हुनसक्ने खाद्य सङ्कटको अवस्थालाई मध्यनजर गर्दै प्रमुख खाद्यान्नको आत्मनिर्भरताका लागि आवश्यक व्यवस्था गर्नुपरेको छ ।

देशको भौगोलिक परिवेश, उपलब्ध कृषि शिक्षा, अनुसन्धान, उन्नत बिउबिजन र प्रविधि, स्रोत साधन, कृषि उद्यमी, युवा तथा सीमान्त कृषक वर्गको चाहना, तुलनात्मक लाभ र राष्ट्रिय आवश्यकता तथा नेपालले अन्तर्राष्ट्रियस्तरमा गरेका सन्धि, सम्झौता, प्रतिबद्धता, दिगो विकास लक्ष्य, राष्ट्रिय नीतिहरूमा गरेका प्रतिबद्धतालाई ध्यानमा राख्दै कृषिजन्य उत्पादन एवम् व्यापारमा प्रतिस्पर्धा, व्यावसायीकरण, यान्त्रिकीकरण र विविधीकरण गरी कृषि क्षेत्रको रूपान्तरण गर्नु जरुरी छ । साथै सरकारी, सहकारी र निजी साझेदारीको अवधारणा अङ्गीकार गर्दै कृषि पेशालाई उच्च सम्मानजनक बनाई आयआर्जन तथा रोजगारी सिर्जना, गरिबी न्यूनीकरण, व्यापार सन्तुलन, दिगो र सन्तुलित विकास, खाद्य तथा पोषण सुरक्षामा जोड दिनु आवश्यक छ ।

बढ्दो जनसङ्ख्याको चापलाई धान्न सक्ने गरी खाद्य तथा अन्य आधारभूत आवश्यकता पूरा गर्न कृषि उत्पादन र उत्पादकत्व बढाउनुपर्ने स्थिति रहेको छ । तथापि नेपालमा हरेक वर्ष कृषिजन्य वस्तुहरूको आयातलाई अपेक्षित मात्रामा न्यूनीकरण गर्न सकिएको छैन । वैदेशिक रोजगारीका लागि युवा जनशक्तिको पलायन, कृषि सामग्री आपूर्तिको कमजोर स्थिति, माटोको उत्पादकत्वमा ह्रास, कृषिमा यान्त्रिकीकरणको अभाव र बढ्दो लागत, आयातित कृषिजन्य वस्तुहरूसँगको प्रतिस्पर्धा, कृषिभूमिको अत्यधिक खण्डीकरण, अव्यवस्थित सहरीकरणले भू-उपयोगमा भइरहेको परिवर्तन र जलवायु परिवर्तनजस्ता कारणले कृषि क्षेत्रमा आशातीत उपलब्धि हासिल हुन सकेको छैन ।

### २. चुनौती तथा अवसर

**चुनौती**

अधिकांश कृषकहरू साना र मझौला स्तरका भएको हुँदा जलवायु परिवर्तन र विभिन्न प्राकृतिक प्रकोपसँग जुध्ने क्षमता विकास गर्नु र वर्षेनी युवा जनशक्तिको विदेश पलायनले गर्दा कृषि क्षेत्रमा परेको

नकारात्मक असरलाई सम्बोधन गर्नुका साथै अव्यवस्थित सहरीकरण, जग्गाको खण्डीकरण, घडेरीकरण, दोहोरो भू-स्वामित्वको स्थिति र जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै कृषिभूमिलाई उपयोगमा ल्याउनुपर्ने चुनौती छ । स्थानीय बालीनालीमा कमी र स्थानीय खानेकुराको उपयोगमा सोचेअनुसार प्रगति हुन नसक्नु अर्को चुनौती हो । त्यस्तै कृषि क्षेत्रमा भएको लगानी, कृषि ऋणको सहज उपलब्धता, कृषि प्रसार सेवामा कृषकहरूको पहुँचमा वृद्धि र कृषिजन्य वस्तुहरूको उत्पादन, वितरण, आयात एवम् निर्यातलाई लागत-प्रभावी बनाउनु, गुणस्तर एवम् स्वच्छता नियमन कार्य प्रभावकारी तुल्याउँदै कृषिजन्य वस्तुहरूको प्रतिस्र्धात्मक क्षमता वृद्धि गर्नु, गुणस्तरीय बिउ, मलखाद, कीटनाशक तथा साना र मझौलास्तरका कृषियन्त्रको सुलभता, कृषि सामग्रीको समयानुकूल आपूर्ति बढाउनु र कृषि पेशालाई प्रतिस्पर्धी, नाफामूलक, सम्मानजनक र व्यावसायिक रूपमा स्थापित गर्नु पनि चुनौतीपूर्ण छन् ।

**अवसर**

देशको भौगोलिक तथा जैविक विविधताले उपलब्ध गराएका विभिन्न सम्भाव्यताहरू हुनु, कृषि विकासको स्पष्ट मार्गदर्शनका रूपमा रहेको कृषि विकास रणनीति-२०७२ कार्यान्वयन हुनु, स्वदेशी लगानीमै प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको सुरुवात हुनु, विदेशबाट फर्किएका युवाहरू सीप, ज्ञान, पुँजी र उन्नत प्रविधिसहित कृषि क्षेत्रमा आकर्षित हुँदै जानु, जैविक कृषि र कृषि वनप्रति किसानहरूको आकर्षण बढ्नु, विश्व व्यापारको पहुँच एवम् ठूला संस्थागत र अन्य निजी क्षेत्रहरूसमेतको यस क्षेत्रमा आकर्षण बढ्दै जानु कृषि क्षेत्रका अवसर हुन् । पहाड र दुर्गम क्षेत्रमा यातायातका सुविधा बढ्दै जानुका अतिरिक्त पछिल्ला वर्षहरूमा कृषि ऋण, कृषि बिमा, नयाँ प्रविधिहरूको उपयोग र सिँचाइ सुविधामा विस्तारले समेत यस क्षेत्रमा थप अवसरहरू सिर्जना हुँदैछन् ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

देशमा खाद्य सम्प्रभुता र खाद्य तथा पोषण सुरक्षाको प्रत्याभूति ।

### ३.२ लक्ष्य

दिगो र व्यावसायिक विकासद्वारा कृषि क्षेत्रलाई प्रतिस्पर्धी र आत्मनिर्भर उन्मुख बनाउने ।

### ३.३ उद्देश्य

१. कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषि उपजमा आत्मनिर्भर उन्मुख हुनु ।
२. निर्वाहमुखी कृषि प्रणालीलाई नाफामूलक, दिगो एवम् व्यावसायिक प्रणालीमा रूपान्तरण गर्नु ।
३. कृषिमा आधारित उद्योगको विकास गरी रोजगारी र आम्दानी वृद्धि गर्नु ।
४. कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउनु ।

### ३.४ रणनीति

१. कृषि क्षेत्रको उत्पादकत्व र प्रतिस्पर्धी क्षमता विकास गर्ने ।
२. तुलनात्मक लाभ हुनसक्ने स्थानीय बालीनाली र आधारभूत खाद्य वस्तुको उत्पादनमा आत्मनिर्भरता हासिल गर्ने ।

३. कृषि क्षेत्रको अतिरिक्त श्रमशक्तिलाई कृषि तथा गैरकृषिमा आधारित सेवा र उद्योग क्षेत्रतर्फ आकर्षित गरी यस क्षेत्रमाथिको निर्भरता कम गर्ने ।
४. जलवायु परिवर्तन र प्रकोपबाट पर्ने नकारात्मक असर न्यूनीकरण गर्दै वातावरणमैत्री कृषि प्रविधिको विकास र विस्तार गर्ने ।

## ३.५ कार्यनीति

१. दिगो कृषि विकासका लागि आवश्यक नीति ऐन र नियमहरू तर्जुमा संशोधन गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । कृषक केन्द्रित तथा कृषकमैत्री नीति निर्माणमा जोड दिइनेछ । कार्यक्रम सञ्चालन निर्देशिका तथा नर्म्सहरू समयसापेक्ष रूपमा परिमार्जन गर्दै लगिनेछ । (१)
२. ग्रामीण क्षेत्रमा कृषि वस्तु उत्पादन अभिवृद्धि गर्न कृषिजन्य वस्तुहरूको व्यावसायिक उत्पादन क्षेत्रमा उपयुक्त र दिगो सिँचाइ सुविधालगायतका आवश्यक पूर्वाधारको पहुँच बढाइनेछ । निर्यातयोग्य बाली वस्तुहरूको उत्पादन तथा प्रशोधन अभिवृद्धि गरी अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाइनेछ । (१)
३. गुणस्तरीय उत्पादन सामग्रीहरू र कृषिको यान्त्रिकीकरणका लागि कृषकमैत्री औजार, उन्नत प्रविधि एवम् सुलभ कृषि कर्जाको व्यवस्था गरिनेछ । (१)
४. कृषि शिक्षा र अनुसन्धानबाट विकास भएका प्रविधिहरूको विस्तारका लागि कृषि क्षेत्रमा कार्यरत सम्पूर्ण सरकारी तथा गैरसरकारी संस्थाहरूबीच समन्वय र सहकार्य गर्दै कार्यान्वयन पक्षलाई नतिजा उन्मुख बनाइनेछ । (१)
५. खेतीयोग्य जग्गालाई बाँझो राख्ने प्रवृत्ति निरुत्साहित गर्दै बाँझो रहेका कृषि भूमिको दिगो उपयोगका लागि उपयुक्त योजना तयार गरी कार्यान्वयन गरिनेछ । (१)
६. खाद्य तथा अन्य कृषि उत्पादनमा आत्मनिर्भरताका लागि उत्पादनका पकेट, ब्लक, जोन तथा सुपरजोनको विकास गरी सघन व्यवसायिक खेती प्रणाली अघि बढाइनेछ । (२)
७. कृषि उपज उत्पादन, प्रशोधन, भण्डारण एवम् वितरण प्रणालीमा नयाँ प्रविधिको विकास, अनुसरण, अवलम्बन र आधुनिकीकरण गरिनेछ । उत्पादन र भण्डारणका क्रममा हुने हानीलाई न्यूनीकरण गरिनेछ । (२)
८. निजी तथा सहकारी क्षेत्रको संलग्नता बढाउँदै करार सम्झौतामा आधारित तथा सहकारी खेतीलाई प्राथमिकता दिई मूल्य श्रृङ्खला पद्धति अनुसार उत्पादनदेखि बजारीकरणसम्मका कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गरिनेछ । (२)
९. खाद्यान्न उत्पादन न्यून हुने तथा खाद्यपोषण असुरक्षित क्षेत्रमा स्थानीय स्तरमै उत्पादन गर्न सकिने कृषिजन्य उत्पादन प्रर्वद्धन तथा उपयोगमा जोड दिई सुरक्षित खानपान र पौष्टिक तत्वका स्रोत तथा उपयोगबारे सचेतनात्मक कार्यक्रम सञ्चालन गरिनेछ । (२)
१०. कृषिमा आधारित उद्योगहरू, सेवा तथा ग्रामीण कृषि पर्यटनको विकासमा युवा तथा कृषक उद्यमीहरूलाई आकर्षित गरिनेछ । (३)
११. कृषिजन्य उद्योगका लागि आवश्यक गुणस्तरीय कच्चा पदार्थहरूको पर्याप्त उत्पादन गरिनेछ । (३)

१२. प्राङ्गारिक खेतीका सम्भावित वस्तु र क्षेत्रहरूको पहिचान एवम् उत्पादन वृद्धि गरी उत्पादित प्राङ्गारिक वस्तुको ब्रान्ड प्रवर्द्धन गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बजारीकरण गरिनेछ । (४)

१३. लोपोन्मुख बिउबिजन र बालीजन्य जैविक विविधता संरक्षणमा स्थानीय समुदायको अग्रसरतालाई प्रोत्साहन प्रदान गर्नुका साथै उनीहरूको क्षमता अभिवृद्धि गर्दै आवश्यक प्रोत्साहन गरिनेछ । (२, ४)

१४. कृषिजन्य जैविक विविधताको संरक्षण, संवर्द्धन तथा सदुपयोग गर्दै माटो सुहाउँदो एवम् जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न अनुसन्धानमा आधारित वातावरणमैत्री र क्लाइमेट स्मार्ट कृषि प्रविधिको विकास एवम् विस्तार गरिनेछ । जलवायु परिवर्तनलाई कृषिमा अनुकूलन गर्दै कृषि जैविक विविधताको संरक्षण, संवर्द्धन तथा उपयोगमा वृद्धि गरिनेछ । (४)

१५. कृषि उपजको अधिकतम उत्पादन एवम् उत्पादकत्व वृद्धिका लागि स्थानीय साधनस्रोत र जैविक प्रविधिको उपयोग गरिनेछ । (४)

१६. कृषि उपजको स्वच्छता र गुणस्तर कायम राख्न विविध कार्यक्रम सञ्चालन गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा जोड दिइनेछ । (४)

## ३.६ प्रमुख कार्यक्रमहरू

### क. कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि

१. मूल्य श्रङ्खलाका सबै चरणहरू बिउदेखि अन्तिम उत्पादन, उत्पादनदेखि प्रशोधन, बजार पूर्वाधारदेखि सडक पहुँच र सञ्जालीकरण तथा प्रविधिदेखि गुणस्तरको आश्वस्तता र निर्यातसम्मको विकास ।

२. उत्पादन सामग्रीहरू, रासायनिक मल, प्राङ्गारिक मल, उन्नत बिउ बिजन, सिँचाइ, मेसिनरी औजार, जैविक तथा रासायनिक विषादी तथा बिमा प्रिमियममा लागत सहभागिताको आधारमा अनुदानको व्यवस्था ।

३. समूहमा आधारित साना सिँचाइ निर्माण तथा मर्मत सम्भार, सहकारीमा आधारित साना सिँचाइ पूर्वाधार निर्माण, मध्य पहाडी जिल्लाहरूमा प्लास्टिक पोखरी तथा मध्य तराईका जिल्लाहरूमा स्यालो ट्युवेल जडान गरी सिञ्चित क्षेत्र विस्तार ।

४. महिलाकरण हुँदै गएको कृषि र श्रमको अभावलाई सम्बोधन तथा कृषि व्यवसायीकरण गर्न यान्त्रिकीकरणमा प्रोत्साहन ।

५. कृषि यन्त्र औजार उपकरणमा अनुदान दिने र कृषि सहकारीसँगको सहकार्यमा सामुदायिक बिउबिजन प्रशोधन तथा वितरण कार्यलाई सहजीकरण गर्न सामुदायिक सेवाकेन्द्र स्थापना । कृषक समूह तथा सहकारीहरूलाई बिउ भण्डारण घर, उपकरण खरिद सहयोग, थ्रेसिङ फ्लोर निर्माण र बिउबिजन आत्मनिर्भर कोष स्थापनामा सहयोग ।

६. मध्य पहाडी जिल्लाहरूमा मकै तथा भटमास बाली उत्पादन, बिउ, ढुवानी अनुदान तथा उपकरण खरिद सहयोग । मसिना तथा बास्नादार धान उत्पादन प्रवर्द्धन कार्यक्रम

सञ्चालन । चैते धान प्रवर्द्धनका लागि बृहत्तर धान उत्पादन कार्यक्रम सञ्चालन । जुट, उखु, रबरजस्ता औद्योगिक बालीहरूको खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन ।

७. मौरीपालन र च्याउ खेती प्रवर्द्धनका कार्यक्रमको लागि आर्थिक तथा प्राविधिक सहयोग र रेशम खेतीको सम्भाव्यता र मागबमोजिम किम्बु क्षेत्र विस्तार ।

८. बिउ आलु उत्पादक कृषक तथा कृषक समूहलाई विशेष सहयोगी कार्यक्रम सञ्चालन ।

९. स्याउ उत्पादन राम्रो हुने मनाङ, मुस्ताङ, जुम्ला, हुम्ला, डोल्पा, मुगु, कालीकोट, बाजुरा र रुकुम जिल्लाहरूमा स्याउ आत्मनिर्भर कार्यक्रम सञ्चालन गरी स्याउका बोट हुर्काउन अनुदान तथा बजारीकरणमा सहयोग ।

१०. आगामी १० वर्षभित्र फलफूलमा आत्मनिर्भरताका लागि फलफूल दशक घोषणा गरी आवश्यक कार्यक्रमहरू सञ्चालन । ह्रास भएका स्याउ तथा सुन्तला बगैँचाहरूको सुदृढीकरणका लागि प्याकेज कार्यक्रम सञ्चालन ।

११. तरकारी खेती, मत्स्यपालन, पुष्प व्यवसाय, मौरीपालन तथा च्याउ खेतीमा युवाहरूलाई आकर्षित गर्न युवा लक्षित कार्यक्रम सञ्चालन गरी व्यवसाय सञ्चालनमा लागत सहभागिताको आधारमा अनुदानको कार्यक्रम सञ्चालन ।

१२. कृषक, कृषि उद्यमी, समूह र कृषि सहकारीलाई प्रतिफलमा आधारित प्रोत्साहन अनुदान ।

१३. मध्य पहाडका सम्भाव्य क्षेत्रलगायत तराईका जिल्लामा मत्स्य उत्पादन विशेष कार्यक्रम सञ्चालन । सहभागितात्मक बृहत्त ट्राउट विकास कार्यक्रम सञ्चालनबाट नयाँ रेस्वेहरू निर्माण । मत्स्य बीज आपूर्ति व्यवस्थाका लागि एक लिङ्गिय टिलापिया, पाङ्गासियस, कार्प र रेन्वो ट्राउट ह्याचरी निर्माण एवम् व्यवस्थापन तथा निजी क्षेत्रमा नर्सरी पोखरी निर्माण गर्न सहयोग ।

१४. चिया तथा कफी क्षेत्र विस्तार, चिया तथा कफी प्रशोधन उद्योग स्थापना र ब्रान्डिङका लागि प्राविधिक तथा आर्थिक सहयोग ।

१५. जैतुन नर्सरी स्थापना, बगैँचा व्यवस्थापन र प्रशोधनमा सहयोगी कार्यक्रम सञ्चालन ।

१६. अलैँची, बेसार, अदुवा, पुष्पलगायतका क्षेत्रको विकास र विस्तार तथा प्रशोधन उद्योग स्थापना ।

१७. कृषि पेसालाई मर्यादित बनाउन हरेक वर्ष राष्ट्रिय स्तरमा राष्ट्रपति उत्कृष्ठ कृषक पुरस्कार तथा क्षेत्रीयस्तर र जिल्लास्तरमा उत्कृष्ट कृषक पुरस्कार वितरण । उत्कृष्ट पुरस्कृत कृषकहरूलाई अन्तर्राष्ट्रिय कृषि मेला तथा कार्यक्रमहरूमा सहभागी गराउने ।

१८. बाली, पशुधन तथा मत्स्य बिमासम्बन्धी सचेतनाको कार्यक्रम सञ्चालन ।

१९. नेपाल व्यापार एकीकृत रणनीतिले तोकेका निर्यातयोग्य बाली तथा वस्तुहरूको गुणस्तरीय उत्पादनमा सहयोग ।

**ख. कृषिजन्य वस्तुहरूको व्यवसायीकरण र बजारीकरण**

१. शीतभण्डार र शीतघर निर्माणमा बाली वस्तुको किसिम, भौगोलिक क्षेत्र, सम्भावित जोखिम र लागत सहभागिताको आधारमा अनुदान दिने ।

२. विभिन्न कृषि उपजको मूल्य श्रृङ्खलामा आधारित भई कृषक समूह र सहकारी, उद्यमी तथा निजी व्यवसायीहरूका व्यावसायिक योजनाहरूलाई प्रतिस्पर्धी अनुदान ।
३. सार्वजनिक निजी साझेदारीमा 'एक गाँउ एक उत्पादन' तथा 'एक जिल्ला एक उत्पादन' कार्यक्रम सञ्चालन ।
४. कृषि उपज सङ्कलन केन्द्रहरू, हाट बजार, थोक बजार, प्रादेशिक एवम् केन्द्रीय कृषि उपज बजार पूर्वाधार विकास । कालीमाटी फलफूल तथा तरकारी थोक बजारको पुनर्निर्माण र चोभारमा फलफूल तथा पुष्प बजारको निर्माण ।
५. बजारको जानकारीका लागि सूचना तथा सञ्चार प्रविधिको उपयोग र कृषि उपज मूल्य सङ्कलन तथा लाभ लागत अध्ययन ।
६. कृषि भूमिको उर्वरा शक्ति र बाली उत्पादन क्षमताको आधारमा विशिष्टीकृत कृषि उत्पादन क्षेत्रलाई पकेट, ब्लक, जोन र सुपर जोनमा वर्गीकरण गरी उक्त क्षेत्रहरूमा उन्नत र गुणस्तरीय बिउ, बेर्ना, बिरुवा र माछाका भुराका अतिरिक्त कृषि यन्त्र उपकरण र औजारको सेट, स्रोत केन्द्र स्थापना, कृषि उपज सङ्कलन केन्द्र, कृषि हाट बजार केन्द्र, प्रशोधन केन्द्र, शीतभण्डार, गोदाम घर र व्यावसायिक तालिम केन्द्र, प्राङ्गारिक मल कारखाना, जैविक विषादी उत्पादन केन्द्र, फ्लोर मिल, आधुनिक कृषि औजार कारखाना, ठूला कृषि बजार (एग्रिमार्ट) को निमार्णका लागि पुँजीगत अनुदान ।

**ग. कृषि सूचना तथा सञ्चार, प्रसार र तालिम**

१. कृषिसम्बन्धी विविध विषयमा अनुसन्धान, कृषि शिक्षा र प्रसार बीचको समन्वयलाई बढावा दिँदै प्रसार र अनुसन्धान प्रणालीलाई विकेन्द्रित गर्नका लागि विकेन्द्रित कृषि विज्ञान प्रविधि तथा शिक्षा कार्यक्रम सञ्चालन ।
२. एकीकृत सामुदायिक कृषि प्रसार सेवा केन्द्र स्थापना र कृषकको घरदैलोमा आधुनिक कृषि प्रविधि पुऱ्याउन हरेक गा.वि.स.मा कृषि प्राविधिकको व्यवस्था ।
३. नियमित प्रकाशन तथा प्रसारणका माध्यमद्वारा कृषि प्रविधिबारे आम कृषक तथा सरोकारवालाहरूलाई जानकारी ।
४. सामाजिक उद्यमशीलताको अवधारणालाई पनि व्यापक उपयोग गर्ने गरी कृषक तथा प्राविधिकहरूको प्राविधिक तथा व्यावसायिक क्षमता अभिवृद्धि ।
५. कृषि तथा ग्रामीण विकासमा स्नातक अध्यनरत विद्यार्थीहरूलाई फार्म एट्याचमेन्ट कार्यक्रम कार्यान्वयन ।
६. वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई व्यावसायिक कृषि तथा पशुपालनसम्बन्धी आधारभूत ज्ञान र सीप अभिवृद्धि गराउन तालिम कार्यक्रम सञ्चालन ।

**घ. कृषि क्षेत्रको अनुसन्धान तथा सर्वेक्षण**

१. विकेन्द्रित अनुसन्धान प्रणालीका लागि नेपाल कृषि अनुसन्धान परिषद्को विकेन्द्रीकरण र नयाँ राष्ट्रिय अनुसन्धान संस्थाहरूको स्थापना ।

२. कर सुविधा, कृषि व्यवसाय इन्क्युबेटर र पूरक अनुदानमार्फत कृषिमा नव-प्रवर्तन र कृषि उद्यमशीलताको विकास र प्रवर्द्धन गर्न नव-प्रवर्तन तथा कृषि उद्यमशीलता कार्यक्रम सञ्चालन ।
३. राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोषमार्फत कृषि प्रविधिसम्बन्धी अनुसन्धान र विकासको लागि प्रतिस्पर्धी पूरक अनुदान ।
४. कृषि तथा पशु विज्ञानसम्बन्धी स्नातकोत्तर र विद्यावारिधिको शोधकार्यका लागि शोधार्थीहरूलाई अनुदान ।
५. कृषि तथा पशुपन्छीसम्बन्धी आधारभूत तथ्याङ्क नियमित रूपमा सङ्कलन तथा प्रकाशन ।
६. किसान आयोगको गठन, कृषकहरूको वर्गीकरण गरी सामाजिक सुरक्षाका लागि सहभागितामूलक कृषक सामाजिक सुरक्षा कोष स्थापना र सञ्चालन ।

**ङ. गुणस्तर नियमन, मानव तथा पशु रोग व्यवस्थापन एवम् विपद् व्यवस्थापन तथा सचेतना**

१. राजमार्गस्थित होटल रेस्टुरेन्टमा खाद्य स्वच्छता स्तरीकरण लोगो वितरण कार्यक्रम तथा मेची महाकाली अभियान सञ्चालन ।
२. निर्यात तथा आयातित कृषिजन्य खाद्य पदार्थको गुणस्तर नियमन, परीक्षण तथा प्रमाणीकरण ।
३. विषादी न्यूनीकरण अभियान कार्यक्रम तथा तरकारी बालीमा विषादीको अवशेष तथा जोखिम विश्लेषण गरी प्रतिवेदन सार्वजनिक तथा सचेतना कार्यक्रम सञ्चालन ।
४. कृषि व्यवस्थापन सूचना प्रणाली स्थापना गरी कृषि क्षेत्रमा हुने विभिन्न विपद् तथा जोखिम सम्बन्धमा पूर्व जानकारीको व्यवस्था ।
५. अन्तर्राष्ट्रिय मान्यता प्राप्त प्रयोगशाला एवम् राष्ट्रिय स्तर, मुख्य बजार केन्द्रहरू र बृहत् व्यवसायिक उत्पादन क्षेत्रमा विषादी द्रुत परीक्षण प्रयोगशाला र घुम्ती प्रयोगशाला स्थापना तथा प्रयोग ।

## ४. अपेक्षित उपलब्धि

आधार वर्ष २०७२/७३ मा धान ४२ लाख ९९ हजार मे. टन, मकै २२ लाख ३१ हजार मे. टन, गहुँ १५ लाख ७० हजार मे. टन, दलहन ३ लाख ६० हजार मे. टन, तरकारी ३५ लाख ८० हजार मे. टन, फलफूल १० लाख ९६ हजार मे. टन, आलु २८ लाख ५० हजार मे. टन र माछा ७८ हजार मे. टन वार्षिक उत्पादन रहेकोमा योजना अवधिको अन्तिम वर्ष २०७५/७६ मा धान ५५ लाख ६१ हजार मे. टन, मकै २६ लाख ९६ हजार मे. टन, र गहुँ २२ लाख १९ हजार मे. टन, दलहन ४ लाख ३८ हजार मे. टन, तरकारी ४० लाख मे. टन, फलफूल १४ लाख ८० हजार मे. टन, आलु ३२ लाख ५० हजार मे. टन र माछा १०३ हजार मे. टन वार्षिक उत्पादन पुगेको हुनेछ । नेपालभर ३०० जोन र १० ओटा सुपरजोनको विकास भएको हुनेछ । भौगोलिक अवस्था सुहाउँदो कृषि यान्त्रिकीकरण तथा कृषि प्रविधिको विकास, प्रसार र अनुसरण भएको एवम् कृषिजन्य उद्योगका लागि आवश्यक कच्चापदार्थ उत्पादन, प्राङ्गारिक कृषि वस्तुहरूको उत्पादन र कृषि वस्तुहरूको भण्डारण क्षमता, सङ्कलन केन्द्रहरूलगायत बजार पूर्वाधार वृद्धि भएको हुनेछ ।

### ४.१.२ पशुपन्छी

#### १. पृष्ठभूमि

पशुपन्छीपालन क्षेत्रले देशको कुल गार्हस्थ्य उत्पादनमा करिब ११ प्रतिशत र कुल कृषि गार्हस्थ्य उत्पादनमा २६.८ प्रतिशत योगदान गर्दै आएको सन्दर्भमा यस क्षेत्रको विशेष आर्थिक महत्त्व रही आएको छ । राष्ट्रिय समस्याको रूपमा देखिएको मातृ तथा बालबालिका कुपोषणको समस्या न्यूनीकरणमा दूध, अन्डा र मासुले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । विकासशील देशहरूमा हालको तुलनामा सन् २०२० सम्म पशुजन्य प्रोटिनको माग दोब्बरले वृद्धि हुने अनुमान गरिएको छ भने पशुजन्य पदार्थको उपलब्धतामा आत्मनिर्भर बन्न पशुपालन क्षेत्रलाई उच्च प्राथमिकतामा राखी उल्लेखनीय प्रगति हासिल गर्नका लागि उन्नत नस्ल, पशु आहार, पशु स्वास्थ्य र व्यवसायीकरणका क्षेत्रमा थप अनुसन्धान र विकास गर्न आवश्यक छ । नेपाल विश्व व्यापार सङ्गठन तथा विश्व पशु स्वास्थ्य सङ्गठनको सदस्य राष्ट्र भएपश्चात् त्यस्तो राष्ट्रका हैसियतले पशु विकास क्षेत्रमा पूरा गर्नुपर्ने दायित्व निर्वाह गर्न विकासका विभिन्न साझेदारहरूसँग समन्वय गर्दै पशुपन्छी विकासका कार्यहरू गर्नुपर्ने देखिन्छ । त्यस्तै दिगो विकास लक्ष्यमा उल्लिखित भोकमरीको अन्त्य, खाद्य र पोषण सुरक्षाजस्ता लक्ष्य प्राप्त गर्न पशुपन्छी विकास कार्यक्रमको ठूलो भूमिका रहन्छ ।

देशमा हाल प्रतिवर्ष दूध १८ लाख ५४ हजार मेट्रिक टन, मासु ३ लाख १८ हजार मेट्रिक टन र अन्डा १२० करोड ओटा उत्पादन भई प्रतिव्यक्ति प्रतिवर्ष दूध, मासु र अन्डाको उपलब्धता क्रमशः ६६.७ लिटर, ११.७ किलोग्राम र ४४.४ ओटा रहेको छ । पशुजन्य पदार्थहरूको उपभोगबाट न्यूनतम पौष्टिक तत्वहरूको आपूर्तिका लागि प्रतिव्यक्ति प्रतिवर्ष दूध ९१ लिटर, मासु १४ किलोग्राम र अन्डा ४८ ओटा हुनुपर्नेमा हाल दूध उत्पादन ३० प्रतिशतले, मासु उत्पादन १७ प्रतिशतले र अन्डा उत्पादन ७ प्रतिशतले न्यून रहेको देखिन्छ ।

#### २. चुनौती तथा अवसर

**चुनौती**

मागमा आधारित अनुसन्धानबाट प्रविधिहरू विकास गरी प्रसार कार्यक्रममार्फत कृषकको थलोमा पुऱ्याउनु, कृषक समूह/समितिको सङ्ख्यामा वृद्धि भए अनुरूप संस्थागत विकास, व्यावसायिक दक्षता, स्रोत परिचालन र कारोबार आदिमा गुणात्मक विकास गर्दै लैजानु, चरन तथा खर्क क्षेत्रको विकास एवम् व्यवस्थापन गरी उपयोगसम्बन्धी उपयुक्त नीति कार्यान्वयनमा ल्याउनु, कृषि तथा पशु विकास कार्यक्रमहरू कार्यान्वयनमा विभिन्न सेवाग्राहीहरूबीच समन्वय कायम गर्नु, प्रविधिको विकास, अनुसन्धान र बजार पूर्वाधार एवम् बजार संरचना विकासमा निजी क्षेत्रको सहभागिता बढाउनु, स्थानीय स्तरमा गुणस्तरीय पशुजन्य उत्पादन एवम् उपभोगप्रति जनचेतना वृद्धि गर्नु र पशु सेवामा संलग्न प्राविधिकहरूलाई उपयुक्त वातावरण तयार गरी स्वदेशमै काम गर्न प्रोत्साहित गर्नु यस क्षेत्रका चुनौती रहेका छन् । तीव्र सहरीकरण, नेपालीको आय आर्जनमा भएको वृद्धि, खाद्य व्यवहार परिवर्तन आदिले गर्दा दूध, मासु तथा अन्डाको माग बढिरहेको सन्दर्भमा विद्यमान उत्पादन वृद्धिले धान्न सकेको छैन ।

पशुजन्य उत्पादनको स्वच्छता तथा गुणस्तर कायम गराउन चुनौती छ । पशुपन्छी उत्पादन प्रणालीलाई प्रतिस्पर्धी बनाउन उच्च उत्पादन लागतले समस्या परेको छ ।

**अवसर**

पशुपन्छीसम्बन्धी छुट्टै मन्त्रालय स्थापना भई यस क्षेत्रमा विशेष ध्यान पुग्ने स्थिति सिर्जना हुनु, राष्ट्रिय स्तरमा पशुसेवा प्रसार संयन्त्र र पशु सेवा प्राविधिकहरूको बढ्दो उपलब्धताबाट पशु विकासको व्यापक सम्भावना हुनु, पशुपन्छी विकास क्षेत्रमा निजी क्षेत्रको बढ्दो आकर्षण हुनु, पशुपन्छी विकास गतिविधिप्रति कृषक तथा सर्वसाधारण जागरूक हुनु र प्रोटिनजन्य वस्तुको माग बढ्दै जानु यस क्षेत्रका अवसर हुन् । साथै विभिन्न कारणहरूले गर्दा नेपालीहरूको क्रयशक्ति बढ्नु खानपानको व्यवहारमा भएको परिवर्तनले पशुजन्य उत्पादनको माग तीव्र गतिमा बढ्नु र विश्व व्यापार सङ्गठनको सदस्य भएपश्चात नेपालले अन्तर्राष्ट्रिय बजारमा पहुँच पाउनुले यस क्षेत्रको विकासमा अवसरहरू प्रदान गरेको छ । व्यावसायिक पशुपालनमा पशु बिमाको आकर्षण बढ्दै जानु, सडक, विद्युत, सञ्चारजस्ता पूर्वाधारको विस्तारले पशुपन्छी पालनमा यान्त्रिकीकरण, प्रविधिको अवलम्बन, आधुनिकीकरण र व्यवसायीकरणमा लाग्ने वातावरण बन्दै जानुलाई अवसरको रूपमा लिन सकिन्छ ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

आत्मनिर्भर एवम् पोषण सुरक्षासहितको खाद्य सम्प्रभुता उन्मुख मुलुक ।

### ३.२ लक्ष्य

स्वच्छ एवम् गुणस्तरीय पशुपन्छीजन्य उत्पादनका माध्यमबाट मुलुकलाई खाद्य तथा पोषणमा आत्मनिर्भर बनाउने ।

### ३.३ उद्देश्य

१. मुलुकलाई पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भर बनाई कुपोषण हटाउनु र खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउनु ।
२. पशुपन्छी पालनलाई प्रविधियुक्त, परिणाममुखी, व्यावसायिक र प्रतिस्पर्धी बनाई पशुपन्छीजन्य पदार्थको आयात घटाउँदै निर्यात प्रवर्द्धन गर्नु ।
३. पशुपन्छी पालनलाई महिला, युवा तथा सबै आर्थिक, भौगोलिक र सामाजिक वर्गको स्वरोजगारको माध्यमका रूपमा विकसित गर्दै आयआर्जनको दिगो स्रोतको रूपमा विकास गर्नु ।
४. पशुजन्य पदार्थवाट मानव स्वास्थ्यमा पर्नसक्ने नकारात्मक असर न्यूनीकरण गर्न स्वस्थ पशुपन्छी उत्पादन गर्नु ।

### ३.४ रणनीति

१. पशुपन्छी उत्पादक कृषक, समुदाय, सहकारी संस्था एवम् निजी उद्यमीहरूको प्रतिस्पर्धी क्षमता वृद्धि गर्दै पशुपन्छीको उत्पादन र उत्पादकत्व वृद्धि गर्न एकीकृत रूपमा प्राविधिक, वित्तीय तथा अन्य सेवा उपलब्ध गराउने ।

२. पशुपन्छीजन्य व्यवसायमा आर्थिक, सामाजिक र भौगोलिक रूपमा पछि परेका महिला, युवा तथा विभिन्न कारणले जोखिममा रहेका लक्षित वर्गको स्वरोजगार तथा आयआर्जनको दिगो स्रोतको रूपमा विकास गर्ने ।
३. पशुपन्छीजन्य मूल्य श्रृङ्खला सुधार, बजार संरचना, सूचना प्रणाली र अन्य पूर्वाधारको विकास तथा सुधारका साथै पशुपन्छीजन्य उत्पादनको गुणस्तरमा अभिवृद्धि गर्दै स्थानीय, क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमुखी पशुपन्छी पालन पद्धतिको विकास गर्ने ।
४. वातावरण तथा जलवायु अनुकूलनमैत्री पशुपन्छी व्यवसायको प्रवर्द्धन गर्ने ।

## ३.५ कार्यनीति

१. पशुपन्छी क्षेत्रको लक्ष्य र उद्देश्य प्राप्तिका लागि सरोकारवालाहरूको सहकार्यमा नेपालको संविधान र कृषि विकास रणनीतिको भावना अनुरूप पशुपन्छी पालनसम्बन्धी विद्यमान नीतिगत, कानुनी र प्रक्रियागत व्यवस्थालाई सुधार गरिनेछ । (१)
२. नेपाललाई अन्डा, मासु र दूधमा क्रमशः एक, दुई र तीन वर्षभित्रमा आत्मनिर्भर बनाउन दूध, मासु र अन्डा विशेष मिसन कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछ । (१)
३. पशुपन्छीको नस्लसुधार, पौष्टिक दाना आहाराको व्यवस्था, पशुपन्छी स्वास्थ्य सेवा एवम् उत्पादित पशुजन्य पदार्थको बजारीकरणका चारै पक्ष पक्षलाई समानान्तर रूपमा अगाडि बढाई एकीकृत रूपमा सेवा प्रदान गर्ने गरी कार्यक्रमहरू सञ्चालन गरिनेछ । (१)
४. गाई, भैंसी, बङ्गुर र बाखाको कृत्रिम गर्भाधान कार्यक्रमलाई प्रभावकारी बनाई तथा कृत्रिम गर्भाधान सेवा पुग्न नसक्ने स्थानमा प्राकृतिक गर्भाधान सेवा विस्तार गरी उन्नत नस्लका पशुहरूको सङ्ख्यामा वृद्धि गरिनेछ । (१)
५. हाल सञ्चालनमा रहेका सरकारी पशुपन्छी फार्मको व्यवस्थापन योजना तयार गरी स्तरोन्नति गर्दै पशुपन्छीको जात विशेषको नमुना उत्पादन, तालिम, प्रशोधन र प्रदर्शन स्रोत केन्द्रका रूपमा विकास गरिनेछ । निजी तथा सहकारी क्षेत्रद्वारा सञ्चालन गर्ने गरी क्षेत्रीय सन्तुलनलाई समेत ख्याल राख्दै आवश्यकताका आधारमा पशुपन्छीका थप स्रोत केन्द्रको विकास गर्दै लगिनेछ । (१)
६. गुणस्तरीय पशुआहाराको उपलब्धता बढाउन चरन विकास, डालेघाँस, भुईंघाँस उत्पादन, बिउ वृद्धि, दाना, औषधी र घाँस सम्मिश्रण, मिनरल ब्लक आदि उत्पादन र प्रयोगका साथै कृषिजन्य उप-पदार्थहरूको सदुपयोगलाई प्रोत्साहन गरिनेछ । 'एक जिल्ला एक घाँसेवाली स्रोत केन्द्र' स्थापनालाई अनिवार्य गरिनेछ । यसका लागि वन, भू-संरक्षण तथा कृषि विकास कार्यालयहरूसँगको समन्वयमा सामुदायिक वन, कबुलियती वन तथा कृषि फार्महरूमा घाँसेबाली प्रवर्द्धनका लागि पहल गरिनेछ । (१)
७. पशुपन्छीका रोगको रोकथामका लागि स्वदेशमै भ्याक्सिन उत्पादन, भण्डारण, वितरण र प्रयोगका क्षेत्रमा थप लगानी गरी पशुस्वास्थ्यको सुरक्षण गरिनेछ । पशुरोग अन्वेषण प्रयोगशालाहरूको आधुनिकीकरण र स्तरोन्नति गरिनेछ । पशु क्वारेन्टाइन सेवालाई अझ बढी प्रभावकारी बनाइनेछ । (१)

८. प्रत्येक गाविसमा एकजना पशुसेवा प्राविधिकको व्यवस्था गरी पशुपन्छी सेवामा कृषकको पहुँच विस्तार गरिनेछ । (१)

९. मुलुकको विविध भौगोलिक तथा पारिस्थितिकीय प्रणाली र आर्थिक सामाजिक विकासको गति हेरी सम्भाव्यता र जनचाहना बमोजिम 'पशुपन्छी विशेष उत्पादन क्षेत्र' तोकी त्यस्ता क्षेत्रमा आवश्यक पूर्वाधारको विकास गरी उन्नत नस्ल, पशु आहारा, पशु सेवा, पशु स्वास्थ्य, सुलभ ऋृण, बिमासहितको प्राविधिक सेवा प्रदान गरिनेछ । (१)

१०. पशुपन्छी पालक साना कृषक, कमलरी, मुक्त कमैया, हलिया तथा भूमिहीन विपन्न किसानलाई पशुपन्छी पालन तथा पशुपन्छीजन्य व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गरिनेछ । युवाको बढ्दो विदेश पलायन रोक्न तथा विदेशबाट फर्किएका र बेरोजगार युवालाई पशुपन्छी पालनमा आकर्षित गर्ने गरी युवालक्षित कार्यक्रमलाई प्राथमिकताका साथ प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । पशुपन्छी पालनमा बढ्दो महिला सहभागिता र महिला किसान सशक्तीकरणलाई केन्द्रित गर्दै साना तथा व्यावसायिक महिलामुखी कार्यक्रम सञ्चालनमा ल्याइनेछ । (२)

११. भूकम्पले गर्दा भत्केका, बिग्रेका पशुपन्छी गोठ र सरकारी संरचनाहरूको पुनर्निर्माण वा मर्मत सुधार गरी पुनःसञ्चालनमा ल्याइनेछ । भूकम्प प्रभावित जिल्लाहरूमा पशुधन क्षति भएका कृषक परिवारहरूलाई पशुपन्छी पुनर्स्थापना गर्ने कार्यक्रम ल्याइनेछ । (२)

१२. दुग्ध पदार्थ एवम् मासुको गुणस्तर र स्वच्छतालाई कायम राख्न 'बधशालादेखि भान्छासम्म स्वच्छ र स्वस्थ मासु' तथा 'गोठदेखि ओठसम्म स्वच्छ र स्वस्थ दूध' कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गरिनेछ । (३)

१३. मासु उत्पादन र निर्यातमा देखिएका समस्याको समाधानका उपाय पत्ता लगाई छिमेकी मुलुक र अन्तर्राष्ट्रिय बजार पहुँचका लागि आवश्यक नीतिगत व्यवस्था मिलाइनेछ । मासु, चिज, ऊन, छाला, छुर्पीजस्ता उच्च मूल्यका निर्यातमूलक पशुपन्छीजन्य पदार्थ पहिचान गरी मूल्यश्रृङ्खलामा आधारित उद्योग प्रवर्द्धन गरिनेछ । (३)

१४. दिगो, वातावरणमैत्री र जलवायु अनुकूलन हुने गरी पशुपन्छी विकासका लागि आवश्यक पर्ने प्रविधि विकास, प्रविधि हस्तान्तरण र प्रयोगलाई प्राथमिकता दिई सम्बन्धित सरोकारवाला निकायहरूसँगको सहकार्यमा नीतिगत, संस्थागत र कार्यान्वयन तहमा साझा अवधारणा बनाई सहकार्य गरिनेछ । (४)

१५. नेपालका रैथाने घरपालुवा पशुपन्छी तथा तिनका जङ्गली जातको आनुवांशिक स्रोत संरक्षण कार्यलाई उच्च प्राथमिकता दिँदै पशु आनुवांशिक स्रोत संरक्षण संवर्द्धन तथा उपयोगसम्बन्धी १० वर्षे कार्ययोजना तयार गरी लागु गरिनेछ । (४)

१६. पशुपन्छीबाट सर्न सक्ने रोगहरूको रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी बनाउन व्यापक जनचेतना अभिवृद्धिका साथै एक स्वास्थ्य अवधारणानुसार जनस्वास्थ्य संरक्षणमा सहयोग पुऱ्याइनेछ । (३)

## ३.६ प्रमुख कार्यक्रमहरू

**क. उत्पादन र उत्पादकत्व वृद्धि गर्ने आधार तयार तथा सुदृढीकरण**

**उन्नत नस्लका पशुको उपलब्धतामा वृद्धि**

१. गाई, भैंसी, बाखा र बङ्गुरको कृत्रिम गर्भाधानबाट उन्नत नस्लका पशुहरूको सङ्ख्या वृद्धि र नस्ल सुधार राष्ट्रिय अभियान कार्यक्रम ।

२. कृत्रिम गर्भाधान सेवा नपुगेको क्षेत्रमा प्राकृतिक गर्भाधानको लागि राँगो, साँढे, बोका, थुमा तथा वीर वितरण ।

३. उन्नत नस्लका गाईभैंसीको स्रोत केन्द्र स्थापना कार्यक्रमको विस्तार ।

**पशु आहाराको उपलब्धतामा वृद्धि**

४. घाँसमा आधारित पशुपालन प्रवर्द्धन गर्न अभियानको रूपमा फरेज मिसन कार्यक्रम सञ्चालन ।

५. एक जिल्ला एक घाँस स्रोत केन्द्र स्थापना गरी घाँसको विकास र विस्तार ।

६. चरन विकास, डाले घाँस, भुँइ घाँस उत्पादन, बिउ वृद्धि, दाना, औषधी र घाँस सम्मिश्रण, मिनरल ब्लक आदि उत्पादन र प्रयोगका साथै कृषिजन्य उपपदार्थहरूको सदुपयोगलाई प्रोत्साहन ।

७. वन, भू-संरक्षण तथा कृषि विकास कार्यालयहरूसँगको समन्वयमा सामुदायिक वन, कबुलियती वन तथा कृषि फार्महरूमा घाँसेबाली प्रवर्द्धन ।

८. खेर गइरहेका सार्वजनिक वा अनुत्पादक वन क्षेत्रको जग्गा कबुलियत गरी करारमा उपलब्ध गराउन आवश्यक समन्वय ।

**पशु स्वास्थ्य सेवाको संस्थागत विकास र सुदृढीकरण**

९. खोरेत, पी.पी.आर, रेबिज, स्वाइन फिबर, रानीखेतजस्ता रोगको रोकथामका लागि स्वदेशमै भ्याक्सिन उत्पादन, भण्डारण, वितरण र प्रयोगका क्षेत्रमा थप लगानी, पूर्वाधारको विकास तथा स्तरोन्नति ।

१०. पशुरोग अन्वेषण प्रयोगशालाहरूको आधुनिकीकरण र स्तरोन्नति तथा जिल्ला पशुसेवा कार्यालयहरूका प्राथमिक प्रयोगशालाहरूको क्रमशः आधारभूत प्रयोगशालामा स्तरोन्नति ।

११. पशु क्वारेन्टाइन सेवालाई अझ व्यवस्थित र सुदृढ बनाउने कार्यक्रमहरू सञ्चालन ।

१२. पशु स्वास्थ्य प्रदान गर्दा निजी क्षेत्रका प्राविधिकलाई परिचालन गर्न पशु स्वास्थ्य घुम्ती कोष सुदृढीकरण ।

१३. पशुपन्छीबाट मानवमा सर्न सक्ने रोगहरूका सम्बन्धमा जनचेतना अभिवृद्धि र जनस्वास्थ्य संरक्षणमा सहयोग पुग्ने कार्यक्रमहरू सञ्चालन ।

**प्राविधिक सेवाको विस्तार, क्षमता अभिवृद्धि तथा संस्थागत सुधार**

१४. एक गाविस एक प्राविधिकको व्यवस्था र नमुना सामुदायिक पशु सेवा केन्द्रहरूको स्थापना तथा सञ्चालन ।

१५. कृषक व्यवसायी उद्यमी र प्राविधिकहरूको क्षमता अभिवृद्धि कार्यक्रम ।

१६. दुग्ध सहकारी तथा पशुपन्छीजन्य बजारीकरणमा संलग्न कृषक सहकारीहरूको संस्थागत क्षमता अभिवृद्धि ।

१७. सरकारी पशुपन्छी फार्मको भू-स्वामित्व कायम गरी व्यवस्थापन योजनाका आधारमा स्तरोन्नति गर्दै पशुपन्छी विशेषको नमुना उत्पादन, तालिम, प्रशोधन र प्रदर्शन स्रोत केन्द्रका रूपमा विकास ।

१८. पशुपन्छी फार्महरूको पूर्वाधार विकास एवम् सुधार तथा नयाँ फार्म स्थापना र सञ्चालन ।

१९. पशुपन्छीसम्बन्धी जनशक्ति विकास योजना तर्जुमा तथा कार्यान्वयन ।

२०. पशुपन्छीसम्बन्धी महत्त्वपूर्ण सूचना र तथ्याङ्क सङ्कलन र विश्लेषण ।

२१. पशुपन्छी क्षेत्रको दिगो विकासका लागि नेपाल सरकारलाई नीतिगत र प्राविधिक क्षेत्रमा सुझाव दिनका लागि सल्लाहकार समूहहरू गठन ।

**ख. निजी व्यवसाय तथा सहकारी प्रवर्द्धन मार्फत उत्पादन र उत्पादकत्व वृद्धि**

१. दूध उत्पादन वृद्धि गर्न मध्य पहाडी लोकमार्ग तथा तराई हुलाकी मार्ग लक्षित गरी दूध उत्पादन कार्यक्रम सञ्चालन ।

२. भैंसी संरक्षण तथा पाडा पालन विशेष कार्यक्रम सञ्चालन ।

३. सम्भाव्य जिल्लाहरूमा बाखा स्रोत केन्द्र तथा व्यावसायिक फर्म सुदृढीकरणको लागि सहयोग ।

४. भेँडा स्रोत केन्द्र स्थापना, विकास तथा विस्तार गर्न पूर्वाधार विकास, खोर निर्माण सुधार तथा खर्क सुधारमा सहयोग ।

५. साना डेरी उद्योग प्रवर्द्धन चिलिङ भ्याटमा सहयोग ।

६. सम्भाव्यताको आधारमा क्रमशः दूध, मासु तथा अन्डा उत्पादनमा अनुदान ।

७. युवालक्षित गाई, भैंसी, बाखा, बङ्गुर विकास कार्यक्रम ।

८. मिल्क होलिडे अन्त्य गर्न कृषक समुदाय वा सहकारीबाट उत्पादित दूधलाई उचित मूल्यमा खरिद गरी उपयोग हुने व्यवस्था, धुलो दूध बनाई सुख्खा सिजनमा वितरणको

व्यवस्था, दुग्धजन्य पदार्थ विविधीकरण, दूग्ध विकास संस्थानको क्षमता अभिवृद्धि र निजी दूध प्रशोधन उद्योगको क्षमता विस्तार तथा व्यवसाय प्रवर्द्धन ।

९. मासु उत्पादन र छिमेकी मुलुक तथा अन्तर्राष्ट्रिय बजारमा निर्यात प्रवर्द्धनका लागि नीतिगत व्यवस्था र उच्च मूल्यका निर्यातमूलक पशुपन्छीजन्य पदार्थ पहिचान गरी मूल्य श्रृङ्खलामा आधारित उद्योग प्रवर्द्धन ।

१०. साझेदारीमा नगरपालिका र नगर उन्मुख बजार क्षेत्रहरूमा व्यवस्थित बधशाला तथा बधस्थल निर्माण, मासुजन्य उद्योग प्रवर्द्धन, विदेशबाट फर्केका एवम् शिक्षित बेरोजगार युवालक्षित कार्यक्रम सञ्चालन र व्यवस्थित मिट मार्टहरूको स्थापना तथा सञ्चालन ।

११. ऊनीजन्य व्यवसायमा संलग्न सरकारी तथा गैरसरकारी संस्था एवम् कृषकबीच समन्वय गराई ऊन सङ्कलन केन्द्र सञ्चालन ।

१२. मूल्य श्रृङ्खलामा आधारित बङ्गुर व्यवसाय सुधार अभियान कार्यक्रम र बङ्गुर व्यवसाय औद्योगिक पार्क स्थापना तथा सञ्चालन ।

१३. सार्वजनिक-निजी-सहकारी साझेदारीमा पशुपन्छी बजार प्रवर्द्धन र पूर्वाधार विकासका कार्यक्रम सञ्चालन ।

१४. विभिन्न क्लस्टरमा बाखापालन विशेष कार्यक्रम सञ्चालन ।

१५. निर्यातमूलक उत्पादन तथा प्रशोधन विविधीकरण (ऊन, मासु, पस्मिना, चिज, छुर्पी, छाला आदि) कार्यक्रम सञ्चालन ।

**ग. लक्षित वर्ग तथा क्षेत्रमा जीविकोपार्जनमा सुधार, गरिबी न्यूनीकरण र पोषण सुधारका कार्यक्रम**

१. साना कृषकहरूलाई सहकारीमा आबद्ध गर्दै पशुपन्छी व्यवसायमार्फत आयआर्जनमा अभिवृद्धि ।

२. मध्य तथा सुदूर पश्चिमाञ्चलमा भैँडा बाखा उत्पादन कार्यक्रम सञ्चालन ।

३. उच्च पहाडी क्षेत्रमा प्रतिस्पर्धात्मक कृषि व्यवसाय विकास सहयोग उपलब्ध गराई पशुजन्य व्यवसाय प्रवर्द्धन ।

४. आर्थिक, सामाजिक र लैङ्गिक रूपमा पछि परेका समुदाय, एकल तथा विपन्न महिला, साना किसान लक्षित समावेशी पशुपन्छी पालन कार्यक्रम सञ्चालन एवम् पशु सेवाकेन्द्र र जिल्ला पशु सेवा कार्यालयहरूबाट एकद्वार प्रणालीमार्फत सुलभ ऋण तथा पशुबिमाका लागि सहजीकरण व्यवस्था ।

५. कर्णाली अञ्चल विशेष पशुपालन कार्यक्रम सञ्चालन ।

६. ग्रामीण महिलालक्षित घरायासी स्तर पोषण सुरक्षा तथा आय आर्जनका लागि ग्रामीण कुखुरा प्रवर्द्धन कार्यक्रम ।

७. कृषिमा बढ्दो महिला सहभागिता र महिला किसान सशक्तीकरणलाई केन्द्रित गर्दै साना तथा व्यावसायिक महिलामुखी कार्यक्रम सञ्चालन ।

८. नेपालका रैथाने घरपालुवा पशुपन्छी तथा तिनका जङ्गली जातको आनुवांशिक स्रोत संरक्षणका कार्यक्रम सञ्चालन र यसका लागि १० वर्षे कार्य योजना तयार तथा कार्यान्वयन ।

९. जलवायु अनुकूलन तथा वातावरणमैत्री प्रविधि विकास गर्न विश्वविद्यालय र नेपाल कृषि अनुसन्धान परिषद्सँग सहकार्यमा कार्यक्रम सञ्चालन ।

**घ. नियमन र गुणस्तर व्यवस्थापन**

१. दुग्ध उद्योगहरूमा व्यावसायिक संहिता लागु ।

२. उत्पादक सहकारी संस्थामार्फत कृषकहरूलाई मिल्क एनालाइजर, अल्मुनियम र स्टिल क्यान तथा मिल्किङ मेसिनको खरिदमा अनुदान ।

३. सबै जिल्लामा पशु स्वास्थ्य नियमन कार्यक्रम र पशु औषधी खोप, फिड सप्लिमेन्टको गुणस्तर नियमन ।

**ङ. क्षतिको राहत र पशुपन्छी बिमा सेवा**

१. बर्ड फ्लु रोग देखापरेको अवस्थामा रोग नियन्त्रण तथा आकस्मिक व्यवस्थापन र राहतको व्यवस्था ।

२. पशु बिमाको विस्तार तथा प्रिमियममा अनुदान ।

३. प्राकृतिक प्रकोप, रोगव्याधि, महामारीको कारणबाट कृषकहरूको पशुधन र सोसम्वद्ध भौतिक संरचना क्षति भएको अवस्थामा जिल्ला दैवीप्रकोप उद्धार समन्वय समितिको सिफारिशमा राहत प्रदान ।

४. भूकम्पले भत्केका, बिग्रेका पशुपन्छी गोठ, भकारा, पशु विकास फार्महरूका संरचना तथा पशुसेवा कार्यालय र सेवाकेन्द्र भवनको पूनर्निर्माण वा मर्मत सुधार गरी पुनः सञ्चालन ।

५. भूकम्प प्रभावित जिल्लाहरूमा पशुधन क्षति भएका कृषक परिवारहरूले एकल वा समुदायमा आधारित भई पशुपन्छी पालन गरी जीविकोपार्जन गर्न चाहेमा राहत स्वरूप उपयुक्तता हेरी निश्चित मापदण्डका आधारमा गाई, भैंसी, भेडा, बाखा, बङ्गुर, कुखुरा आदि पालनका लागि अनुदान ।

## ४. अपेक्षित उपलब्धि

दूधको उत्पादन हालको वार्षिक १८ लाख ५४ हजार मे. टनबाट २५ लाख ९४ हजार मे. टन, मासुको उत्पादन वार्षिक ३ लाख १८ हजार मे. टनबाट ४ लाख १७ हजार मे. टन र अन्डाको उत्पादन वार्षिक १२० करोडबाट १५७ करोड पुगी दूध, मासु र अन्डाको उत्पादनमा मुलुक आत्मनिर्भर भएको

हुनेछ । पशुपन्छी क्षेत्रबाट योजना अवधिका तीन वर्षमा अनुमानित थप २ लाख ३० हजार प्रत्यक्ष रोजगारी सिर्जना भएको हुनेछ ।

## ४.१.३ सिँचाइ तथा प्रकोप व्यवस्थापन

### ४.१.३.१ सिँचाइ

#### १. पृष्ठभूमि

सीमित क्षेत्र र बढ्दो जनसङ्ख्याका कारण कृषि उत्पादकत्व बढाउन सिँचाइको राम्रो व्यवस्था हुनु अपरिहार्य भएकोले सिँचाइ पूर्वाधारको विकासको साथै सम्पन्न सिँचाइ प्रणालीहरूको व्यवस्थापन सुदृढ एवम् प्रभावकारी बनाउन योजनाबद्ध ढङ्गबाट प्रयास भइरहेको छ । करिब २६ लाख हेक्टर कृषियोग्य जमिनमध्ये परम्परागत प्रविधि र आर्थिक दृष्टिकोणबाट करिब १८ लाख हेक्टरमा मात्र सतह र भूमिगत जलस्रोतबाट सिँचाइ सुविधा पुऱ्याउन सकिने अवस्था रहेको छ । आ.व. २०७२/७३ को अन्त्यसम्ममा १३ लाख ९२ हजार हेक्टरमा सिँचाइ सुविधा पुगेको छ । यसअनुसार अझै पनि करिब चार लाख हेक्टर कृषियोग्य जमिनमा सिँचाइ सुविधा पुऱ्याउन बाँकी रहेको छ ।

#### २. चुनौती तथा अवसर

**चुनौती**

नेपालको सम्पूर्ण कृषियोग्य भूमिमा उपयुक्त प्रविधिको छनोट गरी वर्षैभरि भरपर्दो सिँचाइ सुविधा उपलब्ध गराउने सिँचाइ प्रणाली निर्माण गर्नु, निर्माण सम्पन्न भएका प्रणालीहरूको मर्मत-सम्भारका लागि प्रभावकारी व्यवस्थापन गर्नु, बाह्रै महिना सिँचाइ सेवा उपलब्ध गराउनका लागि साना र मझौला खालका नदीहरूको जल तथा भूमिगत जल उपयोग गर्न दीर्घकालीन रूपमा ठूला नदीहरूको जल स्थानान्तरणद्वारा जलाशययुक्त योजना निर्माण गर्नु, सिँचाइ सुविधा उपलब्ध भएका एवम् हुने जमिन कृषिका लागि सुरक्षित राख्नु र जलवायु परिवर्तनबाट सिर्जित असरका कारण पानीको उपलब्धतामा आएको जोखिम व्यवस्थापन गर्नु सिँचाइ क्षेत्रका चुनौती हुन् ।

**अवसर**

सतह र भूमिगत जलस्रोतको ठूलो भण्डार उपलब्ध हुनु, सिँचाइ विकास र विस्तारका लागि उपयुक्त प्रविधि र जनशक्ति स्वदेशमै उपलब्ध हुनु, सिँचाइ विकास र व्यवस्थापनमा कृषक उपभोक्ताको पहुँच बढ्दै जानु, नयाँ सङ्गठनात्मक परिवर्तनबाट सबै जिल्लामा सिँचाइ कार्यालयको स्थापना भई सेवा प्रवाहमा सुधार हुनु, कृषि क्षेत्रको उत्पादन र उपादकत्व बढाई कृषि उपजमा आत्मनिर्भर बनाउन सिँचाइको भरपर्दो र दिगो व्यवस्था गर्नैपर्ने अवस्था सिर्जना हुनु यस क्षेत्रका अवसरका रूपमा रहेका छन् ।

#### ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**३.१ सोच**

सम्पूर्ण कृषियोग्य भूमिमा बाह्रै महिना सिँचाइ सुविधा ।

### ३.२ लक्ष्य

कृषियोग्य भूमिमा भरपर्दो र दिगो सिँचाइ सेवामार्फत कृषि उत्पादकत्व तथा उत्पादन वृद्धिमा सहयोग गर्ने ।

### ३.३ उद्देश्य

१. सिञ्चित क्षेत्र वृद्धि गर्नुका साथै जलस्रोतको बहुउद्देश्यीय उपयोगमा जोड दिनु ।
२. विकसित सिँचाइ प्रणालीमा व्यवस्थापन सुदृढीकरण गरी दिगोपन बढाउनु ।
३. सिँचाइको आवश्यकता भएको स्थान र समयमा निर्बाध रूपमा पानीको उपलब्धता बढाउनु ।

### ३.४ रणनीति

१. बाह्रै महिना सिँचाइ सेवा उपलब्ध गराउनका लागि सतह सिँचाइ, बहुउद्देश्यीय, अन्तरजलाधार र जलाशययुक्त तथा भूमिगत सिँचाइ आयोजनाहरूलाई अघि बढाउने ।
२. उच्च क्षमतामा सञ्चालन गर्न प्राविधिक एवम् आर्थिक दृष्टिकोणले उपयुक्त एवम् नयाँ प्रविधिमा आधारित सिँचाइको विकास गर्ने ।
३. निर्माण सम्पन्न भइसकेका सिँचाइ प्रणालीहरूको मर्मतसम्भार एवम् दिगो व्यवस्थापनका लागि उपभोक्ताहरूको सहभागिता सुनिश्चित गर्ने ।
४. सिँचाइ विकासको गुरुयोजना, कृषि विकास रणनीतिका लक्ष्यहरूको परिपूर्ति र जलवायु परिवर्तन अनुकूलन हुने गरी सिँचाइ प्रणालीको विकास एवम् विस्तार गर्ने ।

### ३.५ कार्यनीति

१. बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराउन प्राविधिक, सामाजिक, आर्थिक तथा वातावरण पक्षबाट सम्भाव्य मझौला, ठूला सतह सिँचाइ एवम् अन्तरजलाधार र जलाशययुक्त बहुउद्देश्यीय आयोजनाका कार्यक्रमहरू प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । (१)
२. भूमिगत सिँचाइ सम्भाव्य भएका स्थानहरूमा स्यालो तथा डिप ट्युवेलका कार्यक्रमहरू प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ र सतह सिँचाइबाट वर्षैभरि सिँचाइ हुन नसक्ने क्षेत्रमा भूमिगत सिँचाइको उपयोग गरिनेछ । (१)
३. निर्माणाधीन बहुउद्देश्यीय डाइभर्सन आयोजनालाई समयमा सम्पन्न गर्न र अन्य प्राथमिकतामा परेका आयोजनाहरूको विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न गरी सम्भव देखिएका आयोजनाहरू कार्यान्वयनमा लगिनेछ । (१)
४. पहाडी भू-भागमा अवस्थित टारहरूमा व्यावसायिक कृषिलाई प्रोत्साहन गर्नका लागि सौर्य ऊर्जा एवम् अन्य प्रविधिमा आधारित लिफ्ट सिँचाइ प्रणालीको विकासलाई जोड दिइनेछ । (२)
५. आकाशे पानी सङ्कलन, भण्डारण तथा प्रभावकारी उपयोग प्रविधिको विस्तार गर्दै सीमान्त कृषिभूमि, चरन क्षेत्र एवम् पानीको न्यून स्रोत भएका क्षेत्रमा थोपा, फोहोराजस्ता प्रविधि उपयोग गरिनेछ । (२)

६. जलस्रोतको अभाव भएका र सुख्खा खडेरीको प्रकोप बढी हुने स्थानमा आकाशे पानी सङ्कलनलगायत खुला र प्लास्टिक पोखरी व्यवस्थापनका साथै तराई-मधेसमा रहेका तालतलैयाको सुदृढीकरण गरी उपयुक्त सिँचाइ सुविधा पुऱ्याइनेछ । (२)
७. सिँचाइ प्रणालीको दक्षतापूर्ण उपयोग एवम् जनसहभागितामूलक व्यवस्थापनमा जोड दिँदै सिँचाइ प्रणालीको सम्पूर्ण कमान्ड क्षेत्रमा सिँचाइ सुविधा पुऱ्याइनेछ । (३)
८. सिँचाइ प्रणालीहरूको मर्मत-सम्भार एवम् पुनर्स्थापनाका लागि आवश्यक आर्थिक स्रोत परिचालन गर्न सिँचाइ विकास कोषको स्थापना गरी कार्यान्वयन गरिनेछ । (३)
९. साना तथा मझौला प्रणालीहरूमा कृषक उपभोक्ताको एकीकृत आर्थिक विकासका लागि सिँचाइ सहकारीको अवधारणालाई कार्यान्वयन गरिनेछ । त्यसैगरी ठूला तथा बृहत् सिँचाइ प्रणालीहरूमा स्वशासित सिँचाइ व्यवस्थापन समितिमार्फत सिँचाइ प्रणालीको व्यवस्थापन गरिनेछ । (४)
१०. कृषि विकास रणनीतिका लक्ष्यहरू पूरा गर्ने उद्देश्यले सतह सिँचाइको निर्माण, पुनर्स्थापना, भूमिगत सिँचाइको विकास, पुनर्स्थापना एवम् आधुनिकीकरण आदि कार्यक्रमहरू सञ्चालन गरी सिँचाइ सेवा पुऱ्याइनेछ । (४)
११. नेपालको अधिकांश कृषियोग्य भूमिमा बाह्रै महिना सिँचाइ सेवाको विकास र विस्तार गर्ने गरी नयाँ सिँचाइ गुरुयोजना तयार गरी लागु गरिनेछ । (४)
१२. सिँचाइ योजनाहरूको छनोट एवम् कार्यान्वयन समन्यायिक ढङ्गले सीमान्तकृत वर्गलाई प्रत्यक्ष लाभ पुग्ने गरी गरिनेछ । (४)
१३. सिँचाइमा जलवायु परिवर्तनबाट हुनसक्ने प्रभावको अध्ययन गरी सोहीअनुरूप प्रणालीहरूको डिजाइन एवम् सञ्चालनमा आवश्यक सुधार गर्दै लगिनेछ । (४)

### ३.६ प्रमुख कार्यक्रमहरू

#### क. राष्ट्रिय गौरवका तथा अन्य बृहत् सिँचाइ कार्यक्रम तथा आयोजनाहरू

१. सिक्टा सिँचाइ आयोजनाको ब्यारेज तथा मूल नहर निर्माण सम्पन्न भई मूल नहरअन्तर्गतका शाखा र प्रशाखा नहरहरूको संरचना निर्माण तथा कमान्ड क्षेत्र विकास ।

२. रानिजमरा कुलरिया सिँचाइ आयोजनाको मूल नहरको ३ कि.मि. तथा फिडर नहरको ७ कि.मि. नहर लाइनिङ कार्य र लम्की विस्तारतर्फ १४ कि.मि. नहर निर्माण, ५२ कि.मि. कृषि सडक स्तरोन्नति, ५ कि.मि. तटबन्ध निर्माण ।

३. भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाको ९ कि.मि. सुरुङ निर्माण गरी हेडवर्क्स र पावर हाउसको निर्माण कार्य प्रारम्भ ।

४. बबई सिँचाइ आयोजना पूर्वी मूल नहरको १० कि.मि. रिमोडलिङ तथा पश्चिम मूल नहरको २८ कि.मि. निर्माण सम्पन्न, बाँकी १५ कि.मि. निर्माण प्रारम्भ, शाखा नहरहरूको निर्माण सम्पन्न गरी करिब ११,००० हेक्टर जमिनमा व्यवस्थित सिँचाइ सुविधा ।

५. सुनसरी मोरङ सिँचाइ आयोजना (तेस्रो चरण) को सुनसरी र मोरङ जिल्लाको करिब ६८ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउन संरचनाहरूको निर्माण तथा सुदृढीकरण करिब ३८ हजार हेक्टरमा शाखा नहर प्रणाली व्यवस्थापन र करिब ३० हजार हेक्टर अविकसित क्षेत्रमा सिँचाइ प्रणाली र अति आवश्यक मर्मतसंभार एवम् सञ्चालनको काम सम्पन्न ।

६. वागमती सिँचाइ आयोजना सर्लाही र रौतहट जिल्लाको करिब ४५ हजार हेक्टर कृषियोग्य जमिनमा व्यवस्थित सिँचाइ सुविधा उपलब्ध गराउन कमान्ड क्षेत्रको नहर सञ्चालनसम्बन्धी व्यवस्था, पश्चिमी मुल नहर प्रणालीलाई बारा जिल्लाको पसाहा नदीसम्म र पुर्वी नहर प्रणालीलाई झिम नदीदेखि महोत्तरी जिल्ला र धनुषा जिल्लाको दक्षिणतर्फको केही भागमा सिँचाइ प्रणाली विकासको लागि विस्तृत आयोजना प्रतिवेदन तयार गरी दोस्रो चरणको प्रारम्भिक कार्य सम्पन्न ।

७. सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाअन्तर्गत सुनकोशी नदीको ७२ क्युमेक पानी मरिन खोला हुँदै वागमती नदीमा मिसाई १२२,००० हेक्टर जमिनमा सिँचाइ र ४० मेगावाट जलविद्युत् उत्पादन गर्ने लक्ष्य राखी वातावरणीय प्रभाव अध्ययन र निर्माण प्रारम्भ ।

८. समृद्ध तराई मधेश सिँचाइ विकास विशेष कार्यक्रमअन्तर्गत तराई-मधेशका २२ जिल्लाहरूमा ३,००० इनार, २०,००० ट्युवेलको निर्माण कार्य सम्पन्न गरी ६३,१०० हेक्टरमा भूमिगत सिँचाइ, करिब ६०० पोखरी तथा ५० ओटा मझौला प्रकृतिका सिँचाइ प्रणालीहरूको पुनर्निर्माण गरी थप १५,१४५ हेक्टरमा सतह सिँचाइ सुविधा एवम् नयाँ प्रविधिबाट थप १०,६५० हेक्टरमा सिँचाइ सुविधा ।

**ख. मझौला सिाचाइ कार्यक्रम**

१. करिब १५० मझौला सिँचाइ आयोजनाहरूबाट थप ३,१०० हेक्टरमा र १२,९०० हेक्टरमा व्यवस्थित सिँचाइ सुविधा ।

**ग. समुदाय व्यवस्थित, नयाा प्रविधिमा आधारित र अन्य सिाचाइ कार्यक्रम**

१. सिँचाइ जलस्रोत व्यवस्थापन आयोजनाअन्तर्गत सुदूर पश्चिमाञ्चल, मध्य-पश्चिमाञ्चल र पश्चिमाञ्चल क्षेत्रका ४० जिल्लामा विभिन्न उप-आयोजनाहरूबाट करिब ४,००० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्धता ।

२. समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र आयोजनाअन्तर्गत पूर्वाञ्चल तथा मध्यमाञ्चल क्षेत्रका ३५ जिल्लामा विभिन्न उप-आयोजनाहरूबाट करिब ३,५०० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा ।

३. नयाँ प्रविधिमा आधारित सिँचाइ आयोजनाअन्तर्गत हिमाल र पहाडमा टार लिफ्ट र तराईमा इनार र पोखरीबाट सिँचाइ सुविधा पुऱ्याउन वैकल्पिक ऊर्जा समन्वय तथा

सहकार्यका साथै सोलार लिफ्ट समेतबाट करिब २००० हेक्टर भूमिमा थप सिँचाइ सुविधा ।

४. भूमिगत स्यालो तथा डिप ट्युवेल सिँचाइ आयोजनाअन्तर्गत योजना अवधिमा ३,६०० स्यालो ट्युवेल र इनारबाट ५६,४०० हेक्टर तथा १०० डिप ट्युवेलबाट २,६०० हेक्टरसमेत गरी जम्मा करिब ५९,००० हेक्टर जमिनमा थप सिँचाइ सुविधा ।

## ४. अपेक्षित उपलब्धि

सतह, भूमिगत तथा अन्तरजलाधार स्थानान्तरण योजनाको कार्यान्वनबाट सतह सिँचाइतर्फ २५,७४५ हेक्टर, भूमिगत सिँचाइतर्फ १,२२,१०० हेक्टर र नयाँ प्रविधि सिँचाइतर्फ १२,६५० हेक्टर गरी जम्मा १,६०,४९५ हेक्टर जमिनमा थप सिँचाइ सुविधा पुऱ्याइनेछ । मर्मतसम्भारतर्फ कृषकबाट सञ्चालित ५४,९०० हेक्टर र सरकार व्यवस्थित ३,२४,६०० हेक्टर गरी कुल ३,७९,५०० हेक्टर सिँचाइ प्रणालीको मर्मत सुधार भएको हुनेछ ।

## ४.१.३.२ जल उत्पन्न प्रकोप व्यवस्थापन

## १. पृष्ठभूमि

मनसुनी वर्षा, अति भिरालो भू-बनौट तथा कमजोर भौगर्भिक स्थितिले जल उत्पन्न प्रकोपहरू हुने गरेका छन् । अवैज्ञानिक भू-उपयोग तथा जलवायु परिवर्तनसँगै भू-क्षय, बाढी, पहिरो, गेग्रान बहाव, नदीधार परिर्वतन, नदी किनारा कटान तथा डुबानजस्ता प्रकोपहरूबाट मानव बस्ती, खेतीयोग्य जमिन र निर्मित पूर्वाधारको संरक्षण र प्रकोपको न्यूनीकरण गर्न नवीनतम प्रविधिको उपयोग गर्नु जरुरी छ । स्रोत तथा साधनको उचित प्रयोगबाट यस्ता प्रकोपहरू सम्बोधन गर्न ज्यादै कठिन हुने हुँदा स्थल विशेष तथा योजनाबद्ध ढङ्गले यसको व्यवस्थापन गर्न आवश्यक छ ।

## २. चुनौती तथा अवसर

### चुनौती

वैज्ञानिक भू-उपयोग नीति अनुरूप जमिनको उचित उपयोग गर्ने/गराउने कार्य, जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ अनुसार नदी किनारालाई रेखाङ्कन गरी जोनिङ्ग गर्नु, जोखिमयुक्त क्षेत्रको जमिनको उपयोगमा रोक लगाउनु, आपत्कालीन उद्धार तथा राहत कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्नु/गराउनु, भू-क्षय रोकथाम तथा जलाधार क्षेत्रको बढ्दो क्षयीकरणलाई नियन्त्रण गर्नु र सीमित स्रोतसाधनलाई प्रभावकारी व्यवस्थापन गरी प्रकोप न्यूनीकरण गर्नुजस्ता चुनौती रहेका छन् ।

### अवसर

बाढी, पहिरो तथा डुबान न्यूनीकरण भई प्रभावित क्षेत्रमा बस्ती विकास, आर्थिक क्रियाकलाप र कृषि विकासका कार्यहरू विस्तारका साथै रोजगारको अवसर सृजना, नदी व्यवस्थापन कार्यबाट उकास भएको जमिनको उचित सदुपयोग गरी त्यस क्षेत्रका समुदायको आयआर्जनमा टेवा र नदी किनारामा

निर्माण गरिएको तटबन्धलाई सडकको रूपमा प्रयोग गरी गाउँबस्तीमा यातायातको सुविधा अवसरका रूपमा रहेका छन् ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

जल उत्पन्न जोखिम प्रतिरोधी एवम् व्यवस्थित नदी तथा भू-प्रणालीको सुनिश्चितता ।

### ३.२ लक्ष्य

विभिन्न किसिमका जलउत्पन्न प्रकोपहरूलाई न्यूनीकरण एवम् व्यवस्थापन गरी सो प्रकोपबाट हुने जनधन तथा भौतिक संरचनाहरूको क्षतिलाई न्यूनीकरण गर्नुका साथै रोजगारी सिर्जना गरी गरिबी निवारणमा सहयोग पुऱ्याउने ।

### ३.३ उद्देश्य

१. बाढी, पहिरोजस्ता जल उत्पन्न प्रकोपहरू हुनुअघि नै रोकथाम गर्नु र यस्ता जोखिम र जोखिमबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण गर्नु ।
२. बाढी तथा डुबानको व्यवस्थापन उकासबाट प्राप्त जोखिमरहित जग्गाको समुचित उपयोग गर्नु ।

### ३.४ रणनीति

१. नीतिगत एवम् संस्थागत व्यवस्था सुधार गरी जलउत्पन्न प्रकोप व्यवस्थापनलाई प्रभावकारी बनाउने ।
२. प्रभावकारी प्रकोप नियन्त्रणको लागि आवश्यक प्रविधिको पहिचान, विकास र विस्तार गर्ने ।

### ३.५ कार्यनीति

१. जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ को प्रभावकारी कार्यान्वयन गर्न कार्यक्रम सञ्चालन गरिनेछ । (१)
२. प्रभावित क्षेत्र व्यवस्थापनको लागि संस्थागत विकास एवम् सामुदायिक सचेतना शिक्षा सञ्चालन गरिनेछ । (१)
३. नदी विशेष नियन्त्रण तथा व्यवस्थापन गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ । (१)
४. सीमावर्ती तथा होचो क्षेत्रमा हुने डुबान समस्यालाई समाधान गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । (१)
५. उकास जमिनको समुचित उपयोगसमेत गरी नदी नियन्त्रण कार्यमा रोजगारी सिर्जनालाई प्राथमिकता दिइनेछ । (१)
६. जोखिम नक्सा र क्षेत्र निर्धारण गरिनेछ । (१)
७. रिमोट सेन्सिङ, भौगोलिक सूचना प्रणाली र जोखिम नक्सा तथा बाढी विश्लेषणजस्ता विधिहरूको प्रयोग गरी प्रकोप नियन्त्रण कार्यलाई प्रभावकारी बनाइनेछ । (२)

८. स्थानीय स्तरमा उपलब्ध स्रोतसाधनको प्रयोग गरी प्रकोप न्यूनीकरण तथा राहत वितरण कार्यक्रमहरू सञ्चालन गरिनेछ । (२)
९. नदीहरूमा हुने डुबान तथा कटानको समस्या न्यूनीकरण गरिनेछ । (२)
१०. जल उत्पन्न प्रकोप नियन्त्रणका लागि निर्मित संरचनाहरूको उचित मर्मतसम्भार गरी दिगो र भरपर्दो बनाइनेछ । (२)

### ३.६ प्रमुख कार्यक्रमहरू

१. तराई क्षेत्रका नदीहरूबाट हुने कटान डुबान समस्यालाई सु-व्यवस्थित र योजनाबद्ध ढङ्गले समाधान गर्न जनताको तटबन्ध कार्यक्रमअन्तर्गत ठूला तथा मझौला नदीहरूमा पहाडको फेदीदेखि भारतको सिमानासम्म तटबन्ध निर्माण ।
२. पहाड तथा उच्च पहाडी क्षेत्रका ठूला तथा मझौला नदीहरूबाट हुने कटान डुबान समस्यालाई सुव्यवस्थित र योजनाबद्ध ढङ्गले, गुरुयोजना तयार गरी समाधान गर्न सोअनुरूप स्थायी समाधानका कार्यक्रमहरू सञ्चालन ।
३. साना तथा मझौला प्रकृतिका नदीहरूबाट सृजित प्रकोप न्यूनीकरण तथा आपत्कालीन प्रकोप नियन्त्रण कार्यको लागि जिल्ला स्तरमा निर्माण सामग्रीहरू खरिद, भण्डारण तथा व्यवस्थापनसम्बन्धी प्रकोप नियन्त्रण सहयोग कार्यक्रम र मझौला नदी नियन्त्रण कार्यक्रम सञ्चालन ।
४. नारायणी, कर्णाली र महाकाली नदीमा केन्द्रीय स्तरको नदी नियन्त्रण आयोजना सञ्चालन ।
५. अत्यधिक बर्षाका कारण तराई क्षेत्रका नदीहरूबाट हुने कटान डुबान समस्यालाई सुव्यवस्थित र योजनाबद्ध प्रक्रियाबाट सम्बोधन गर्नको लागि तराई मधेश बाढी नियन्त्रण एवम् बस्ती संरक्षण विशेष कार्यक्रम सञ्चालन ।
६. जलाधारीय परिप्रेक्ष्यमा प्रकोप व्यवस्थापन सम्बन्धमा जल उत्पन्न प्रकोप न्यूनीकरण सहयोग कार्यक्रम सञ्चालन ।
७. जलजन्य प्रकोपबाट जोखिमयुक्त जिल्ला सदरमुकामहरूको भौतिक पूर्वाधार/संरचना, बस्ती तथा खेतीयोग्य जमिनको संरक्षण कार्यक्रम सञ्चालन ।
८. नदी किनारमा अवस्थित बस्ती, खेतीयोग्य टार, सार्वजनिक महत्त्वका स्थान र राष्ट्रिय महत्त्वका पूर्वाधार संरचनाहरूको संरक्षणका लागि बस्ती, टार तथा बजार संरक्षण ।
९. इन्द्रावती बगर करिडोर आयोजना सञ्चालन ।

## ४. अपेक्षित उपलब्धि

नदी नियन्त्रण कार्यक्रमअन्तर्गत क्रमागत तथा नयाँ कार्यक्रमसमेत गरी करिब ९० कि.मि. नदी किनार संरक्षण, तराईका चार ओटा नदीहरूबाट हुने डुबान कटानको समस्या न्यूनीकरण तथा व्यवस्थापन र २० ओटा जलाधार क्षेत्रहरूको व्यवस्थापन भएको हुनेछ । कुल १३ जिल्ला सदरमुकामहरूको संरक्षण भएको र अर्मला तथा सुस्ता क्षेत्र संरक्षण कार्य सम्पन्न भएको हुनेछ ।

## ४.१.४ भूमिसुधार

### १. पृष्ठभूमि

राष्ट्रको सामाजिक आर्थिक रूपान्तरण एवम् सर्वाङ्गीण विकासका लागि गरिने सबै किसिमका भौतिक पूर्वाधार विकासका कार्यहरूमा प्रत्यक्ष रूपमा भूमि वा भूमिस्रोतको परिचालन हुने भएकोले यस्ता स्रोतको सदुपयोग गरी दिगो रूपमा व्यवस्थापन गर्न आवश्यक छ । परिवर्तित सन्दर्भमा समग्र भूमिको सदुपयोग गरी दिगो व्यवस्थापन तथा सुशासन कायम गर्न जरुरी देखिएको छ ।

भूमिमा सर्वसाधारण जनताको सान्निध्यताको संवेदनशीलतालाई मध्यनजर गरी भूमिमा सबैको न्यायिक पहुँच स्थापित गर्न, सामाजिक आर्थिक कारणले पछाडि परेका वर्गको भूमिमा पहुँच बढाउन र भू-स्वामित्वको सुरक्षाको प्रत्याभूति गर्न वैज्ञानिक भूमिसुधार गर्नुका साथै वैज्ञानिक भूमि नीति तर्जुमा गरी लागु गर्न आवश्यक देखिएको छ । यसैगरी भूमि तथा भूमिस्रोतको दिगो सदुपयोग गर्न परिमार्जित भू-उपयोग नीति, २०७२ अनुरूप भूमिको वर्गीकरण र भू-उपयोगसम्बन्धी कानुन तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक देखिएको छ । साथै विनाशकारी भूकम्पबाट नियन्त्रण विन्दुहरूको राष्ट्रिय सञ्जालमा पुऱ्याएको क्षतिले गर्दा नापनक्साको शुद्धतामा गम्भीर असर परेको हुँदा यसको पुनर्स्थापनाका लागि नापनक्साको पूर्वाधार खडा गर्नु अत्यावश्यक छ ।

### २. चुनौती तथा अवसर

#### चुनौती

वैज्ञानिक भूमिसुधार कार्यान्वयन गरी कृषकको भूमिमाथिको पहुँच अभिवृद्धि गर्नु, सुकुम्वासी समस्या समाधान गर्नु, भू-उपयोग नीति कार्यान्वयन गरी भूमिको उपयुक्त ढङ्गले उपयोग गर्नु, भूमि प्रशासनलाई मानव संशाधन समयानुकूल र प्रविधियुक्त बनाई स्तरीय सेवा प्रवाह र कार्यसम्पादन गर्नु, भूमिसम्बन्धी अभिलेखहरूलाई व्यवस्थित गर्नु र मुक्त कमैया तथा हलियाको शीघ्र पुनर्स्थापना गर्नु भूमिसुधार र व्यवस्था क्षेत्रका मुख्य चुनौती रहेका छन् ।

#### अवसर

भू-उपयोग नीति तर्जुमा हुनु, भूमि व्यवस्थापनलाई वैज्ञानिक र प्रभावकारी बनाउनका लागि दोस्रो पुस्ता सुधार कार्यक्रम कार्यान्वयनमा ल्याउनु, व्यवस्थित बसोवास गराउने प्रयास हुनु यस क्षेत्रका अवसर हुन् ।

### ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

#### ३.१ सोच

भूमिको वैज्ञानिक व्यवस्थापन र सामाजिक न्यायमा आधारित भूस्वामित्व ।

#### ३.२ लक्ष्य

भूमि र भू-उपयोग प्रणालीलाई मुलुकको दीर्घकालीन हितअनुरूप समृद्धिको आधारका रूपमा विकास गर्ने ।

## ३.३ उद्देश्य

१. भूमि तथा भूमिस्रोतको न्यायोचित वितरण र विवेकशील प्रयोगको वातावरण सृजना गर्नु ।
२. विकास निर्माणका लागि आवश्यक नापनक्सा तथा भौगोलिक सूचना सर्वसुलभ बनाउनु ।
३. भूमि व्यवस्थापन सेवालाई सरल, सहज, पारदर्शी र प्रभावकारी बनाउनु ।

## ३.४ रणनीति

१. वैज्ञानिक भूमिसुधार कार्यक्रमलाई व्यवस्थित, प्रभावकारी र समन्वयात्मक तवरबाट सञ्चालन गरी आर्थिक-सामाजिक रूपले पछाडि परेका गरिब भूमिहीन वर्गको भूमिमा पहुँच बढाउने ।
२. राष्ट्रिय भूमि नीति, भू-उपयोग नीति तथा योजनाको आधारमा उपलब्ध भूमिको समुचित उपयोग गरी खाद्य सुरक्षा, सुरक्षित आवास तथा सहरीकरण, दिगो पूर्वाधार विकास र वातावरण संरक्षण तथा विपद् जोखिम संवेदनशीलता निश्चित गर्ने ।
३. आधुनिक प्रविधिमा आधारित भू-अभिलेखको आधारमा पारदर्शी भूमि व्यवस्थापन प्रणाली स्थापना गरी सरल र सहज सेवा प्रवाह सुनिश्चित गर्ने ।

## ३.५ कार्यनीति

१. जमिनको हदबन्दी पुनरावलोकन, मोही व्यवस्थापन, जमिनको स्वामित्वको व्यवस्थापन र जमिनमा विपन्न भूमिहीनहरूको पहुँच पुऱ्याइनेछ । (१)
२. मुक्त कमैया तथा मुक्त हलिया पुनर्स्थापना कार्य सम्पन्न गरिनेछ । (१)
३. अनधिकृत, अनियन्त्रित तथा अव्यस्थित बस्ती विकासमा रोक लगाइनेछ र असुरक्षित बस्तीलाई सुरक्षित बसोवास हुने गरी बस्ती विकासलाई व्यवस्थित गरिनेछ । (२)
४. भूमि नीति र भू-उपयोग ऐन तर्जुमा गरी कार्यान्वयन गरिनेछ । (२)
५. प्रकोप जोखिम संवेदनशील भू-उपयोग नक्सा, तथ्याङ्क र भू-उपयोग योजना तयार गरिनेछ । ( २)
६. मालपोत र नापी कार्यालयहरूको सञ्जालीकरण गरी एकीकृत केन्द्रीय भू-सूचना प्रणालीको विकास गरिनेछ । (३)
७. नवीनतम प्रविधिको प्रयोग गरी नक्सा तथा भौगोलिक सूचनाहरू तयार तथा अद्यावधिक गरिनेछ । (३)
८. आधुनिक प्रविधियुक्त दक्ष जनशक्ति विकास गरी भूमि व्यवस्थापन सेवा क्षेत्रलाई वैज्ञानिक पेशाको रूपमा स्थापित तथा विकास गरिनेछ । (३)
९. भूमि प्रशासनसम्बन्धी सम्पूर्ण सेवाहरू सरलीकृत, सूचना प्रणालीमा आधारित, विकेन्द्रित र एकद्वार प्रणालीबाट प्रदान गरिनेछ । (३)
१०. भूमिको अभिलेखलाई समय सापेक्ष, व्यवस्थित र वैज्ञानिक बनाउँदै लगिनेछ । (४)

## ३.६ प्रमुख कार्यक्रमहरू

### क. भू-सूचना तथा मालपोत अभिलेख सुदृढीकरण कार्यक्रम

१. कम्प्युटरमा आधारित भू-सूचना प्रणालीको स्थापना ।

२. मालपोत तथा नापी पूर्वाधार निर्माण तथा सुधार ।
३. एकद्वार प्रणालीबाट छिटो, छरितो, सरल र प्रभावकारी जग्गा प्रशासनसम्बन्धी सेवा तथा सूचना उपलब्धता ।
४. मालपोत कार्यालयमा रहेका स्रेस्ता तथा नापी कार्यालयमा रहेका कित्ता नापी नक्सा र फिल्डबुक स्क्यानिङ कार्यको निरन्तरता ।
५. भूमि लगत डिजिटाइजेसन तथा भू-सूचना अभिलेख व्यवस्थापन प्रणालीमा आधारित जग्गा प्रशासन सेवाको व्यवस्था ।
६. नापी कार्यालयहरूमा रहेका नक्साका विवरणहरूको डाटाबेस तयारी ।

**ख. राष्ट्रिय भू-उपयोग नीतिको कार्यान्वयन**

१. भौगोलिक विशेषता, जमिनको गुण, उर्वराशक्ति र क्षमता अनुरूप उपयोगको आधारमा जमिनको वर्गीकरण गरी स्वामित्व प्रमाणपत्र वितरण ।

**ग. भूमिसुधार कार्यक्रम, मुक्त कमैया, मुक्त हलिया तथा हरूवा, चरुवा पुनर्स्थापना कार्यक्रम**

१. मुक्त कमैया र हलियाहरूलाई पुनर्स्थापना र ती परिवारहरूलाई सीपमूलक एवम् व्यावसायिक तालिम प्रदान ।
२. बँधुवा मजदुर निषेधसम्बन्धी कानुनको कार्यान्वयन र हरुवा चरुवाहरूको पुनर्स्थापना ।

**घ. कित्तानापीसम्बन्धी कार्य**

१. नापनक्सा हुन बाँकी रहेका गाउँब्लक क्षेत्रको नापजाँच गरी जग्गाधनी प्रमाण पुर्जा वितरण ।
२. अछाम, अर्घाखाँची, पाल्पा र सिरहा जिल्लामा द्वन्द्वबाट क्षति भएको भूमिलगत पुनर्स्थापना ।
३. आधुनिक प्रविधि अवलम्बन गरी नगर तथा नगरोन्मुख क्षेत्रमा माग अनुरूप पुनः नापी ।
४. नापी कार्यालयहरूको भौतिक पूर्वाधार र जनशक्तिको क्षमता विकास ।
५. प्रत्येक प्रदेशमा कम्तीमा एउटा नापी गोस्वाराको स्थापना ।

**ङ. स्थलरूप नापी कार्यक्रम**

१. दूर संवेदन प्रविधि अवलम्बन गरी स्थलरूप आधार नक्सा/डाटाहरू अद्यावधिक ।
२. प्रशासनिक तथा विषयगत नक्साहरू तथा विभिन्न प्रकारका भौगोलिक सूचनाहरूको उत्पादन तथा वितरण ।
३. नगर तथा नगरोन्मुख क्षेत्रको १:५००० मान नापमा स्थलगत डाटा र राष्ट्रिय एटलस तयार ।
४. राष्ट्रिय भौगोलिक सूचना नीति तर्जुमा ।
५. नापनक्साको लागि मुलूक सुहाउँदो रिफरेन्स प्रणाली, प्रक्षेपण प्रणाली र नियामक प्रणालीको विकास ।

**छ. खगोल तथा भू-मापन कार्यक्रम**

१. नापनक्सा, भौतिक पूर्वाधार विकास निर्माण तथा अध्ययन अनुसन्धानका लागि आवश्यक पर्ने आधारभूत नियन्त्रण विन्दुहरूको देशभर स्थापित राष्ट्रिय सञ्जाललाई सुदृढीकरण ।

२. जमिनमा स्थापना गरिएका उच्च दर्जाका नियन्त्रण विन्दु/स्तम्भहरूको मर्मतसम्भार एवम् संरक्षण ।
३. जियोडेटिक डाटाहरूको समुचित व्यवस्थापन ।
४. सगरमाथाको उचाइ मापनसम्बन्धी अध्ययन ।

**ज. भूमि व्यवस्थापनसम्बन्धी क्षमता अभिवृद्धि**

१. जनशक्तिहरूको दक्षता अभिवृद्धि तथा क्षमता विकासका लागि सिनियर, जुनियर नापी तालिम तथा अन्य विशेष प्रकारका छोटो तथा लामो अवधिका तालिम तथा अध्ययन कार्यक्रमहरू सञ्चालन ।

### ४. अपेक्षित उपलब्धि

सबै मालपोत र भूमिसुधार कार्यालयहरूमा स्रेस्ता, लिखत बाइन्डिङ सम्पन्न भएको हुनेछ भने सबै स्थानीय निकायहरूमा भू-उपयोग नक्सा र डाटा तयार भएको हुने, उपयोगको आधारमा भूमिको वर्गीकरण भएको र गाउँ ब्लक क्षेत्रको कित्ता नापी कार्य सम्पन्न भएको हुनेछ । दूरसंवेदन विधिबाट ९० ओटा सिटमा स्थलरुप नक्सा र डाटावेस अद्यावधिक भएको, नेटवर्क सुदृढीकरण एवम् नष्ट भएका नियन्त्रण बिन्दुहरूको पुनर्स्थापना र मर्मतसम्भार भएको र मुक्त कमैया तथा हलियाहरूको पुनर्स्थापना सम्पन्न भएको हुनेछ । भूकम्प जस्तो विपत्ति आउनुभन्दा २० सेकेन्ड पहिले नै सूचित गर्ने व्यवस्था भई जनधनको सुरक्षामा योगदान पुगेको हुनेछ ।

## ४.१.५ खाद्य सुरक्षा तथा खाद्य पोषण

### १. पृष्ठभूमि

खाद्य तथा पोषण सुरक्षाको आवश्यकतालाई महसुस गरी नेपालको संविधानले खाद्य सम्प्रभुताको प्रत्याभूति हुने व्यवस्था गरेको छ । देशको कुल खाद्यान्न उत्पादन र उपभोगको स्थितिसम्बन्धी तथ्याङ्कअनुसार खाद्यान्न वासलातमा कुल खाद्यान्न बचतको अवस्थामा रहेको भए तापनि विशेषतः कर्णाली अञ्चललगायत दुर्गम क्षेत्रका २६ जिल्लाहरू अझै पनि खाद्य असुरक्षामा रहेका छन् । विश्व खाद्य सम्मेलन १९९६ ले प्रत्येक व्यक्तिको स्वस्थ र सक्रिय जीवनयापनको लागि आवश्यकता र चाहनाअनुरूप सधैं पर्याप्त, स्वच्छ र पोषणयुक्त खानामाथिको भौतिक र आर्थिक पहुँच पुगेको अवस्थालाई खाद्य सुरक्षा भनेर परिभाषित गरेको छ ।

संविधान प्रदत्त खाद्यसम्बन्धी हकअनुसार प्रत्येक नागरिकलाई खाद्य वस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित राख्नुका साथै कृषि विकास रणनीतिको अभिन्न अङ्गको रूपमा रहेको खाद्य तथा पोषण सुरक्षा कार्ययोजना एवम् बहुक्षेत्रीय पोषण योजनालगायत क्षेत्रगत नीति र योजनाहरूले लिएका लक्ष्य र उद्देश्यअनुसार खाद्य तथा पोषण सुरक्षा हासिल गर्न उपर्युक्त रणनीति र कार्यनीतिको प्रभावकारी कार्यान्वयन गर्नु अपरिहार्य छ । त्यस्तै दिगो विकास लक्ष्यअन्तर्गत भोकमरीको अन्त्यजस्ता लक्ष्य प्राप्त गर्न विशेष पहल गर्नुपर्ने देखिन्छ ।

## २. चुनौती तथा अवसर

### चुनौती

नेपालको संविधानले खाद्य सम्प्रभुतालाई मौलिक हकको रूपमा स्वीकार गरेको सन्दर्भमा खाद्य सुरक्षाका मुख्य चार स्तम्भहरू खाद्य उपलब्धता, पहुँच, उपयोग र स्थिरतामा समयानुकुल सुधार गर्नु, झन्डै ४१ प्रतिशत जनसङ्ख्याले दैनिक निर्धारित क्यालोरीको न्यूनतम मात्रा उपभोग गर्नबाट वञ्चित रहेको अवस्थामा सुधार ल्याउनु, खाद्य सुरक्षाका दृष्टिले जोखिममा रहेका समूह र क्षेत्रको पहिचान गरी उक्त समूह र क्षेत्रको आयस्तर बढाई खाद्यवस्तुमा आत्मनिर्भर बनाउनुका साथै स्वस्थकर खानपान र व्यवहार परिवर्तन केन्द्रित कार्यक्रम सञ्चालन गर्नु, अनियन्त्रित रूपमा बढेको जीवनाशक विषादी तथा एन्टिबायोटिकको प्रयोग घटाई खाद्य गुणस्तर सुधार गर्नु तथा जलवायु परिवर्तनका कारणले खाद्य सुरक्षामा देखिएको जोखिम न्यून गर्नु यस क्षेत्रमा देखिएका चुनौतीहरू हुन् ।

### अवसर

आमजनताको क्रयशक्ति र जनचेतनाको स्तरमा क्रमिक रूपमा वृद्धिसँगै खानपानमा आइरहेको परिवर्तन, यातायात र सञ्चारमा भइरहेको विकासले पहुँचमा वृद्धि हुनु, बजारलगायत कृषि पूर्वाधारमा सुधार हुँदै जानु एवम् दिगो विकास लक्ष्यमा विश्वबाट नै भोकमरी अन्त्य गर्ने लक्ष्य लिनु, नेपालको संविधानले व्यवस्था गरेको खाद्यसम्बन्धी हक र कृषि विकास रणनीतिलगायत अन्य नीति तथा कार्यक्रममा खाद्य सुरक्षालाई उच्च प्राथमिकता दिनु र खाने बानीमा परिवर्तन आउनु यस क्षेत्रका अवसरका रूपमा देखिएका छन् ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

सधैं र पर्याप्त, स्वच्छ तथा पोषणयुक्त खाद्य उपलब्धताको अवस्था सिर्जना ।

### ३.२ लक्ष्य

दिगो रूपमा खाद्यवस्तुमा पहुँच र उपयोग वृद्धि मार्फत खाद्य तथा पोषण सुरक्षा हासिल गर्ने ।

### ३.३ उद्देश्य

१. खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता कायम गर्न कृषि तथा पशुजन्य उत्पादन वृद्धि गरी आधारभूत खाद्यवस्तुको आपूर्ति बढाई खाद्य तथा पोषण उपभोग स्थितिमा सुधार ल्याउनु ।
२. खाद्य सुरक्षाको दृष्टिले जोखिममा रहेका क्षेत्र र समूहहरूको पहिचान गरी गुणस्तरयुक्त खाद्य वस्तुमा पहुँच बढाउँदै खाद्य सुरक्षाको सुनिश्चितता प्रदान गर्नु ।
३. समानुपातिक तथा समन्यायिक खाद्य तथा पोषणको वितरण प्रणाली स्थापित गर्नु ।

### ३.४ रणनीति

१. खाद्य तथा पोषण असुरक्षित क्षेत्र र समूहमा अल्पकालीन तथा दीर्घकालीन रूपमा खाद्य सङ्कट समाधान गर्न आवश्यक व्यवस्था मिलाउने ।

२. कृषि जैविक विविधताको संरक्षण, संवर्द्धन र सदुपयोग, जलवायु परिवर्तन अनुकुलन प्रविधिहरूको विकास र विस्तार गरी खाद्य वस्तुको उपलब्धता, उपयोगमा स्थिरता र निरन्तरता कायम गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्ने ।
३. खाद्य उपलब्धता वृद्धिका लागि कृषिमा विविधीकरण र विशिष्टीकरण गर्दै जाने ।
४. प्रशोधन तथा उपयोग प्रविधिको विस्तार गर्दै खाद्यान्नमा आधारित पोषण र खाने व्यवहार परिवर्तनमा जोड दिने ।

## ३.५ कार्यनीति

१. खाद्य तथा पशुजन्य उत्पादन र उत्पादकत्व वृद्धि गर्न विशेष सुविधा उपलब्ध गराई पोषिलो खाद्य वस्तुमा पहुँच बढाइनेछ । (१)
२. नेपाल खाद्य सुरक्षा तथा पोषणस्थितिको अनुगमन प्रणालीलाई प्रदेश तथा स्थानीय तहमा संस्थागत गरिनेछ । (१)
३. स्थानीय खाद्यान्न आवश्यकताको अनुपातमा खाद्यान्न भण्डार गर्ने व्यवस्था गरिनेछ । प्रत्येक जिल्ला खाद्यान्नमा आत्मनिर्भर बन्ने योजना तयार गरी कार्यान्वयन सुरूवात गरिनेछ । खाद्य र पोषण जोखिम क्षेत्रहरूमा स्थानीयस्तरमा सम्भाव्य कृषि वस्तुहरूको उत्पादन र उपयोगमा जोड दिइनेछ । (१)
४. खाद्य वस्तुको स्वच्छता तथा गुणस्तर सुनिश्चित गर्न नियमन कार्य प्रभावकारी बनाइनेछ । (२)
५. सीमान्तकृत तथा खाद्य असुरक्षाको जोखिममा रहेका घरपरिवारलाई समूह, सहकारीमा आबद्ध गराई करार खेती गर्न प्रोत्साहन गरिनेछ । खाद्य पहुँच विस्तारका लागि स्थानीय तहमा रोजगारी वृद्धि, नगदे बालीको बिक्री, धानलगायत प्रमुख खाद्यबालीको मूल्य निर्धारणलाई व्यवस्थित गरिनेछ । (२)
६. खाद्य जोखिम क्षेत्रमा उत्पादन हुने स्थानीय बालीनालीका प्रजातिको संरक्षण तथा संवर्द्धन गरी उत्पादन तथा उत्पादकत्व वृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछ । कर्णालीलगायत हिमाली क्षेत्रमा कृषि तथा फलफूल खेती, पशुपालन, जडीबुटी खेतीजस्ता कार्यहरू व्यावसायिक रूपमा सञ्चालन गरी यस्ता उत्पादनलाई प्रशोधन र मूल्य अभिवृद्धि गर्न खोलिने कृषिजन्य उद्योगहरूलाई विशेष सुविधा प्रदान गरिनेछ । (२)
७. खाद्यान्न उत्पादनमा जलवायु परिवर्तनले पारेको प्रभाव अध्ययन गरी खाद्य असुरक्षित क्षेत्रमा मौसम अनुकुल हुने किसिमका बालीनालीको विकास र विस्तार गरिनेछ । प्रकोप न्यूनीकरण तथा वातावरणीय अनुकूलताअनुरूप कृषि तथा पशुपन्छीको विकासमा ध्यान दिइनेछ । यसका लागि शिक्षण तथा अनुसन्धानसम्बन्धी संस्थाहरूसँग सहकार्य गरिनेछ । (२)
८. ग्रामीण क्षेत्रमा कृषिमैत्री पूर्वाधारको विकास र सहरी क्षेत्र एवम् सहर नजिकका ग्रामीण क्षेत्रमा पौष्टिक तत्वयुक्त तरकारी तथा उच्च मूल्यका कृषि वस्तु उत्पादन गर्न प्रोत्साहन गरिनेछ । (२)
९. खाद्य वस्तुको गुणस्तर परीक्षण, प्रमाणीकरण तथा नियमनलाई प्रभावकारी बनाउन उपभोक्ता हकहितसँग सम्बन्धित सङ्घ संस्थाको सहकार्यमा प्रयोगशाला सेवालाई विस्तार गरिनेछ । (२)

१०. खाद्यान्नमा समाजका गरिब र विपन्न परिवारको पहुँच बढाउन प्रभावकारी सार्वजनिक वितरण प्रणालीको स्थापना गरिनेछ । (२)

११. खाद्यान्न उत्पादन बढाउन र स्वच्छ खाद्यान्न उपलब्ध गराउन सहरी कृषिलाई प्रवर्द्धन गरिनेछ । (३)

१२. खाद्य तथा पोषण सुरक्षाका विपरीत क्रियाकलापहरू कृषिभूमि खण्डीकरण, बाँझो राख्ने प्रवृत्ति र घडेरीकरण लगायतका भू-उपयोग परिवर्तन कार्यलाई निरूत्साहित गरिनेछ । (३)

१३. स्थानीय स्तरमा उत्पादन हुने खाद्य उपभोगमा जोड दिँदै अनुसन्धान र नतिजामा आधारित सुरक्षित र सन्तुलित खाद्य व्यवहार प्रवर्द्धन गरिनेछ । (४)

### ३.६ प्रमुख कार्यक्रमहरू

१. राष्ट्रिय खाद्य तथा पोषण उपभोग स्थिति र खाद्य आवश्यकता एवम् उपलब्धताबारे अध्ययन सर्वेक्षण ।

२. खाद्य बजार, खाद्य वस्तु तथा खाद्य उद्योगको अनुगमन गरी स्वस्थ र स्वच्छ खाद्य वस्तुको उपलब्धताको सुनिश्चितता तथा प्रत्येक जिल्लामा कृषि तथा खाद्य सुरक्षा समन्वय समिति र जिल्ला खाद्य सुरक्षा सञ्जालमार्फत खाद्य तथा पोषणस्थितिको अनुगमन ।

३. नीति विश्लेषण एवम् अनुसन्धान, नीति कार्यान्वयन तथा प्रभावकारितासम्बन्धी अध्ययन, खाद्य तथा पोषण सुरक्षा प्रदान गर्न उपयुक्त सुरक्षा कवचको पहिचानसम्बन्धमा अध्ययन ।

४. पोषिलो आहारको उपलब्धता बढाउन पोषण बगैँचाको नमुना फार्म स्थापना गरी आमा समूहमार्फत घरबारी पोषण बगैँचा सञ्चालन ।

५. ग्रामीण कृषकहरूलाई खाद्यान्न, तरकारी, अन्डा र मासुको स्थानीय स्तरमा उपभोग बढाई पोषणमा सुधार ।

६. सहरी कृषि कार्यक्रम सञ्चालन ।

७. अल्प प्रचलनमा रहेका कागुनो, चिनो, जुनेलो, फापर, कोदो लगायतका पौष्टिक तत्वयुक्त खाद्य वस्तुमा आधारित परिकारहरूको विकास गरी स्थानीय स्तरको खाद्य व्यवहारमा सकारात्मक परिवर्तन ।

## ४. अपेक्षित उपलब्धि

योजनाको अन्त्यमा प्रतिव्यक्ति प्रतिवर्ष खाद्यान्न उपलब्धता ३२३ के.जी.बाट ३७६ के.जी. पुगेको हुनेछ । प्रतिव्यक्ति प्रतिवर्ष तरकारीको उपलब्धता १०९.६ के.जी.बाट ११२.५ के.जी., फलफूल ३६.१ के.जी.बाट ४२ के.जी., माछा २.७५ के.जी.बाट ३.२६ के.जी., आलु ८२.१ के.जी.बाट ८९.२ के.जी., दलहन १२.३८ के.जी.बाट १३.१५ के.जी., मासु ११.७० के.जी.बाट १४.६६ के.जी., तेल २.९४ लिटरबाट ३.३६ लिटर, दूध ६६.७० लिटरबाट ९१.१७ लिटर तथा अन्डा ४४.४० गोटाबाट ५५.१८ गोटाका दरले उपलब्ध भएको हुनुका अतिरिक्त खाद्य अनुसन्धानका आधुनिक प्रयोगशालाहरू स्थापित भई खाद्य वस्तुको आयात-निर्यातमा निश्चित मापदण्ड लागु भएको र मुलुकभित्रको गुणस्तरीय खाद्य वितरण प्रणालीमा सुधार भएको हुनेछ ।

## ४.१.६ वन तथा भू-संरक्षण

### १. पृष्ठभूमि

नेपालको दिगो विकासमा वन क्षेत्रको महत्त्वपूर्ण योगदान रहिआएको छ । देशमा रोजगारीको सिर्जना, आय वृद्धि, स्थानीय समुदायको आधारभूत आवश्यकता जस्तै काठ, दाउरा, घासपात, गैरकाष्ठ वन पैदावारहरूको आपूर्तिका साथै कृषि, पशुपालन, पर्यटन र सिँचाइमा समेत वन क्षेत्रको उल्लेखनीय भूमिका रहेको छ । जनसहभागितामूलक वन व्यवस्थापनका माध्यमबाट स्थानीय आर्थिक-सामाजिक विकास तथा स्थानीय नेतृत्व विकासमा पनि वन क्षेत्रको प्रत्यक्ष योगदान रहेको हुँदा वन क्षेत्र राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रको रूपमा रहन गएको छ ।

सन् २०१५ को वनस्रोत सर्वेक्षणअनुसार वनले ढाकेको क्षेत्र कुल भू-भागको ३९.६ प्रतिशतबाट बढेर ४४.५ प्रतिशत पुगेको छ । विशेष गरी पहाडी क्षेत्रमा वन क्षेत्रले ढाकेको भूभागमा वृद्धि भएको छ भने झाडी बुट्यानले ढाकेका क्षेत्रहरू वन क्षेत्रमा रूपान्तरित हुनुका साथै वन क्षेत्रबाहिरको भू-भागमा समेत वनको वृद्धि भएको छ । नेपालको कुल भू-भागको ३४,१८६ वर्ग किलोमिटर क्षेत्र संरक्षित क्षेत्र रहिआएको छ । यसले मुलुकको २३.३ प्रतिशत (१४ ओटा निकुञ्ज एवम् आरक्ष र ६ ओटा संरक्षण क्षेत्र) भू-भाग ओगटेको छ । यसैगरी ११८ ओटा पारिस्थितिकीय प्रणाली क्षेत्रमध्ये ८० ओटा संरक्षित क्षेत्रभित्र पर्दछन् । साथै गैँडा, बाघ, अर्ना, कृष्णसार, हिँउचितुवा, कस्तुरी, रातो हाब्रे, गोही आदिको संरक्षणका लागि विशेष पहल र प्रयासहरू भइरहेका छन् । नेपाल जस्तो अधिकांश पहाडी भूभाग भएको मुलुकमा माटो र पानीको संरक्षण गरी दिगो विकास तथा जीविकोपार्जनमा टेवा पुर्‍याउन एकीकृत जलाधार व्यवस्थापन तथा नदी प्रणालीमा आधारित भू-जलाधार संरक्षण एवम् व्यवस्थापनको कार्यक्षेत्र तथा कार्यभारलाई विस्तारित गरिदैँछ भने वनस्पति संरक्षण तथा व्यवस्थापन र प्रसारका लागि समेत नयाँ सोच अघि सारिएको छ ।

नेपालले अवलम्बन गरेको समुदायमा आधारित वन तथा संरक्षित क्षेत्र व्यवस्थापन (सामुदायिक वन, साझेदारी वन, मध्यवर्ती सामुदायिक वन, संरक्षण क्षेत्र, कबुलियती वन आदि) विश्वमै उदाहरणीय रहेको छ । समुदायद्वारा व्यवस्थापन गरिएको वन क्षेत्रको हकमा निकुञ्ज तथा आरक्षहरूको थप व्यवस्थापनको लागि टेवा पुर्‍याउन १२ ओटा समुदायमा आधारित मध्यवर्ती क्षेत्रहरूको व्यवस्थापन भइरहेको छ । नीतिगत रूपमा वन नीति, २०७१ र नेपाल वन क्षेत्र रणनीति, २०७२ कार्यान्वयनका क्रममा छन् । त्यस्तै दिगो विकासका लागि प्रकृति संरक्षणको राष्ट्रिय रणनीतिक प्रारूप, २०७२ जारी भई यिनीहरूको कार्यान्वयनको चरण सुरु भएको छ । साथै संवत् २०७१-२०८० लाई 'समृद्धिका लागि वन' भन्ने नारा तय गरी 'वन दशक' घोषणा गरी विशेष कार्यक्रमहरू सञ्चालन भइरहेका छन् ।

### २. चुनौती तथा अवसर

#### चुनौती

अन्तर्राष्ट्रिय सन्धि-सम्झौतामा नेपालको प्रतिवद्धताअनुसार कार्य गर्नका लागि नीति, कानुन र कार्यक्रमहरू स्पष्ट पार्नु, यसका साथै सङ्घीय राजनीतिक व्यवस्थाबमोजिम सङ्गठनात्मक संरचना

तयार पार्नु र कार्यान्वयनमा ल्याउनु, वन क्षेत्रको लैङ्गिक तथा सामाजिक समावेशीकरण, मूलप्रवाहीकरण रणनीति, २०६५ को प्रभावकारी कार्यान्वयन गर्नु, वन क्षेत्रबाट उत्पादन हुने लाभ तथा सेवालाई न्यायोचित आधारमा बाँडफाँड गर्न शासकीय सुदृढीकरण गर्दै स्थानीय जनताको आधारभूत आवश्यकताहरू (काठ, दाउरा, घाँस, स्याउला)को आपूर्ति व्यवस्थापनलाई समुदायस्तरदेखि राष्ट्रियस्तरसम्म व्यवस्थापन गर्नुका साथै सरोकारवालाहरूसँग सहकार्य गरी वनको दिगो र वैज्ञानिक व्यवस्थापनलाई अझ सुदृढ गर्नु वन क्षेत्रका प्रमुख चुनौती हुन् ।

भूकम्पबाट पारिस्थितिकीय सेवामा भएको विनाश र नोक्सानीको पूर्ति गर्न तथा भूकम्प पीडितहरूको आवश्यकतालाई सहज र सरल तरिकाले परिपूर्ति गर्नका लागि वैकल्पिक योजना तर्जुमा गरेर थप स्रोत जुटाउनु, हिमाली क्षेत्रको उचित संरक्षण हुन नसक्दा तल्लो तटीय क्षेत्रमा परेको नकारात्मक प्रभाव र सङ्क्रमणकालीन राजनैतिक अवस्थामा वन क्षेत्रको संरक्षणमा पर्ने प्रभावका साथै चुरे क्षेत्रको कमजोर भूगर्भ र अव्यवस्थित दोहनबाट भावर र तराई क्षेत्रको जीवनाधारमा परेको जोखिम न्यूनीकरण गर्नु, मुलुकको दक्षिणवर्ती भूभागमा बसोवास गर्ने वनक्षेत्रबाट टाढा रहेका घरधुरीहरूको वनबाट प्राप्त हुने वस्तु तथा सेवाहरूमा पहुँच पुर्‍याउनु, वन अतिक्रमण नियन्त्रण तथा वन डढेलो नियन्त्रण गर्नु र यसका लागि स्थानीय क्षमता र जिम्मेवारी वृद्धि गर्नु तथा मुलुकको भौतिक एवम् आर्थिक-सामाजिक विकास र वन संरक्षण कार्यका बीच उत्पन्न हुने द्वन्द्व व्यवस्थापन गर्नु यस क्षेत्रका चुनौती रहेका छन् । यसका अतिरिक्त वन फँडानीबाट हुने जलवायु परिवर्तन न्यूनीकरण, विपद् जोखिम न्यूनीकरण र वन तथा वनमा आश्रित समुदायका लागि दिगो अनुकूलनका कार्यक्रम सञ्चालन गर्नु थप चुनौतीहरू हुन् ।

**अवसर**

वनले ओगटेको भूभाग वृद्धि हुँदै जानु, वनको दिगो र वैज्ञानिक व्यवस्थापनबाट काष्ठ तथा गैरकाष्ठ वन पैदावारको व्यावसायिक उत्पादन र वितरण हुने अवस्था बन्नु, विश्व उष्णीकरण र जलवायु परिवर्तनको दरलाई न्यूनीकरण गर्न वनको अहम् भूमिका हुने भएकोले वन संरक्षण र विकासबाट कार्बन संरक्षण र सञ्चितिको फाइदा पुग्ने, वन तथा जैविक विविधता संरक्षणबाट पर्यापर्यटनलाई संस्थागत र विकास गर्ने तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापनद्वारा भूक्षय नियन्त्रण गर्दै जलस्रोत अभिवृद्धि र कृषि विकासमा टेवा पुर्‍याउने अवसरहरू वन क्षेत्रमा रहेका छन् । जैविक तथा हरित वस्तुहरूको स्वदेश तथा विदेशमा माग बढ्दै गएकाले वन्यस्रोतमा आधारित व्यवसायहरूबाट हरित रोजगारीको सृजना हुनसक्ने र पारिस्थितिक सेवाको माग बढ्ने सम्भावना देखिन्छ । साथै वनस्रोतको घनत्व, विविधता र वन उद्यमशीलता सिर्जना गर्न सक्ने गरी वनस्रोतको उचित र दिगो व्यवस्थापन गर्नु यस क्षेत्रको अवसर हो ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

सघन तथा विविधतायुक्त वनस्रोत, विशिष्टीकृत जैविक विविधता, समृद्ध जलाधार र उद्यमशीलतायुक्त वन क्षेत्र ।

### ३.२ **लक्ष्य**

वन, वनस्पति, जडीबुटी, वन्यजन्तु, जैविक विविधता र जलाधारको समुचित संरक्षण, संवर्द्धन, व्यवसायीकरण र सदुपयोगद्वारा रोजगारी सिर्जना तथा जीविकोपार्जनमा सुधार गरी पारिस्थितिकीय प्रणालीबीच सन्तुलन कायम गर्ने ।

### ३.३ **उद्देश्य**

१. दिगो वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गर्नु ।
२. जैविक विविधता र स्रोतको संरक्षणलगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गर्दै न्यायोचित वितरण सुनिश्चित गर्नु ।
३. जलवायु परिवर्तनका नकारात्मक प्रभाव न्यूनीकरण तथा अनुकूलन र विपद् जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्दै जल, जलस्रोत तथा भूमिको संरक्षणबाट भूमिको उत्पादकत्व वृद्धि गर्न जलाधार क्षेत्रको एकीकृत संरक्षण र व्यवस्थापन गर्नु ।

### ३.४ **रणनीति**

१. विद्यमान वन क्षेत्र कायम राखी वनको घनत्व, उत्पादकत्व र उत्पादन वृद्धिको लागि वनको सहभागितामूलक दिगो एवम् वैज्ञानिक व्यवस्थापन गर्ने ।
२. जैविक विविधता र जलाधारको दिगो व्यवस्थापन र उपयोगमा स्थानीय समुदायको पहुँच वृद्धि गर्ने एवम् पर्यापर्यटनका आधार क्षेत्रहरूलाई पुनर्स्थापन तथा पुनर्निर्माण गर्ने ।
३. दिगो वन व्यवस्थापन र संरक्षणमार्फत वातावरणीय सन्तुलन कायम राखी जलवायु परिवर्तन न्यूनीकरणका सम्भावित अन्तर्राष्ट्रिय लाभहरूलाई स्थानीय स्तरसम्म पुऱ्याउने ।
४. वन पैदावारमा आत्मनिर्भरता हासिल गर्दै यसमा आधारित उद्यमशीलता र रोजगारी वृद्धि गर्ने ।

### ३.५ **कार्यनीति**

१. वन क्षेत्रको साङ्गठनिक तथा नीति नियमहरूको समयसापेक्ष सुधार गरिनेछ । (१)
२. विविधतापूर्ण वन पैदावारको सहज आपूर्ति, रोजगारी सिर्जना र स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा उल्लेख्य योगदान पुऱ्याउन वन संवर्द्धन प्रणालीमा आधारित वनको दिगो र वैज्ञानिक व्यवस्थापन गरिनेछ । (१)
३. वन डढेलो व्यवस्थापनको लागि संस्थागत संरचनाको निर्माण तथा पूर्व तयारी, डढेलो नियन्त्रण र डढेलो प्रतिरोधी क्षमता विस्तारका लागि अग्निरेखा व्यवस्थापन र आकाशे पानी सङ्कलन कार्यक्रममा जनताको सहभागिता अभिवृद्धि गरिनेछ । (१)
४. निजी तथा सार्वजनिक जग्गाहरूमा वृक्षारोपण गरी वन क्षेत्रको विस्तार र वनपैदावारको आपूर्तिमा सहज हुने कार्यक्रम सञ्चालन गरिनेछ । (१)
५. संरक्षित वन, महत्त्वपूर्ण जैविक मार्ग तथा संरक्षण क्षेत्रहरूको कार्ययोजना तयारी, परिमार्जन तथा कार्यान्वयनलाई प्राथमिकता दिइनेछ । (२)

६. सबैखाले वनहरूमा आन्तरिक पर्यापर्यटन प्रवर्द्धन गर्न जैविक विविधता र सिमसार (पानीको मुहान, कुवा, इनार) क्षेत्रको संरक्षण कार्यलाई प्राथमिकता दिइनेछ । (२)
७. समग्र जलाधारहरूको एकीकृत व्यवस्थापनलाई नेपालको दिगो विकासको मुख्य कार्यनीतिको रूपमा अवलम्बन गर्दै जलाधार सेवाको समुदायस्तरमा वातावरणीय सेवासम्बन्धी नमुना परीक्षण आयोजना पहिचान र नमुना परीक्षण गरी क्रमशः विस्तार गर्दै लगिनेछ । (२)
८. नगर र नगर वरिपरि रहेका वन, हरियाली, सिमसार, पानीका मुहान, खाली क्षेत्र, नदीतटको उचित व्यवस्थापन गरिनेछ । (२)
९. वन, वनस्पति, वातावरण र जैविक विविधताको बारेमा प्रचारप्रसार गरी स्थानीय बासिन्दाहरूको वातावरण संरक्षणमा सहयोग बढाउन ठूला सहरमा निजी क्षेत्र, सामाजिक संस्था आदिको सहकार्यमा वातावरण शिक्षा तथा प्रचारप्रसार केन्द्र स्थापना गरिनेछ । (२)
१०. चुरे क्षेत्रको उचित संरक्षणको कार्यलाई परिष्कृत र परिणाममुखी बनाउन माथिल्लो र तल्लो तटीय समुदाय एवम् सरोकारवालाबीच अन्तर्सम्बन्ध हुने गरी नदी प्रणालीमा आधारित एकीकृत संरक्षणको कार्यलाई समन्वयात्मक रूपमा सञ्चालन गरिनेछ । (२)
११. सिमसार क्षेत्रहरूको अभिलेखीकरण, वर्गीकरण तथा प्राथमिकीकरण गरी योजना तर्जुमा तथा कार्यान्वयन गरिनेछ । जलवायु परिवर्तनको सन्दर्भमा स्थानीय अनुकूलन प्रयासहरूमा सिमसार क्षेत्रको उपयोगसम्बन्धी स्थानीय कार्ययोजना तयार पारी कार्यान्वयन गरिनेछ । (२)
१२. राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, सिकार आरक्ष, संरक्षित क्षेत्र, तराई तथा पहाडी भूपरिधिस्तरीय कार्य, जैविक मार्ग, सिमसार क्षेत्रहरूको संरक्षण र विकास गर्दै निजी क्षेत्रको समेत सहभागितामा पर्यटन प्रवर्द्धन गरिनेछ । (३)
१३. महत्त्वपूर्ण पारिस्थितिक प्रणाली, जोखिमयुक्त वन्यजन्तुहरूको वासस्थान संरक्षण, प्रजनन एवम् जनसङ्ख्या व्यवस्थापनको कार्य विस्तार गरिनेछ । (३)
१४. भूउपयोग विकास तथा एकीकृत जलाधार व्यवस्थापन योजना तर्जुमा गरी जल उत्पन्न प्रकोप विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । (३)
१५. जलवायु परिवर्तन अनुकूलन/समानुकूलन/पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलनलाई मूलप्रवाहीकरण गर्नुका साथै रेड कार्यान्वयनको आवश्यक तयारी पूरा गरी कार्यान्वयन गरिनेछ । (३)
१६. जलवायु परिवर्तनले पारिस्थितिकीय तथा जलाधारीय प्रणालीमा पार्ने नकारात्मक प्रभाव न्यूनीकरण, अनुकूलन र समानुकूलन गर्न स्थानीय समुदायको क्षमता अभिवृद्धि गरिनेछ । (३)
१७. स्थानीय अनुकूलन योजनालाई समुदायमा आधारित वन व्यवस्थापन कार्ययोजनाहरूमा मूलप्रवाहीकरण र सेवा प्रदायकहरूको क्षमता विकास गरिनेछ । (४)
१८. वन व्यवस्थापन कार्यलाई उद्योगको रूपमा विकास गर्न वन तथा वनपैदावारमा आधारित उद्यमशीलता विकास तथा उद्योग व्यवसाय सञ्चालन गरी हरित रोजगारी वृद्धि गरिनेछ । (४)
१९. तुलनात्मक लाभ भएका उच्च मूल्यका जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको संरक्षण, संवर्द्धन, खेती विस्तार एवम् निर्यातका लागि ब्रान्डिङसहितको बजार प्रवर्द्धन गरिनेछ । (४)

२०. सामुदायिक वनको पैदावारको उत्पादन, प्रशोधन र उपयोगको विषयमा अध्ययन अनुसन्धान गरी उत्पादन र बजारको विविधीकरण र प्रविधि विकास एवम् हस्तान्तरण गरिनेछ। (४)

२१. विपन्नमुखी आयमूलक, रोजगारमूलक तथा जीविकोपार्जन सुधारसम्बन्धी कार्यक्रमहरू सबै वन व्यवस्थापन प्रणालीमा कार्यान्वयन गरिनेछ। (४)

२२. सरकारी, सामुदायिक तथा निजी क्षेत्रबाट उत्पादन हुने वन पैदावारहरूको बिक्री वितरण तथा वनस्रोतमा आधारित व्यवसायलाई सहज बनाउन कानुनी र नीतिगत सुधार गरिनेछ। (४)

२३. उच्च आर्थिक महत्त्वको वन्यजन्तुको पालन, प्रजनन र व्यवसायीकरण गर्न नीतिगत व्यवस्था गरी कार्यान्वयन गरिनेछ। (४)

## ३.६ प्रमुख कार्यक्रमहरू

### क. राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम

१. राष्ट्रिय महत्त्वका वन क्षेत्रको पहिचान गरी चक्लाबन्दी वनको रूपमा व्यवस्थापन।

२. तराई तथा भित्री मधेशमा दिगो/वैज्ञानिक व्यवस्थापन पद्धति अवलम्बन गरी उत्पादन र उत्पादकत्व वृद्धि।

३. विद्यमान ढलापडा सङ्कलनमा आधारित वन व्यवस्थापन विधिलाई वन संवर्द्धन प्रणालीमा रूपान्तरण।

४. वन डढेलो नियन्त्रण तथा व्यवस्थापनको लागि साधनस्रोत र व्यवस्थापकीय क्षमताको अभिवृद्धि। वन डढेलो लगाउने अपराधीहरूलाई कानुनी कारबाहीको दायरामा ल्याइने गरी संस्थागत विकास र डढेलो नियन्त्रणमा हुने मानवीय क्षतिको उचित राहत र सम्मान।

५. प्राकृतिक तालतलैयाहरूको संरक्षण, जलाधार संरक्षण, सुक्खा क्षेत्रहरूमा पोखरीहरूको निर्माण साथै सुराकी परिचालन एवम् वन अतिक्रमण नियन्त्रण।

६. रोल्पा, रुकुम, जाजरकोट, कालीकोट, मुगु, हुम्ला, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, अछाम, दैलेख र सल्यानमा पश्चिम पहाडी भूपरिधि कार्यक्रम परीक्षणको रूपमा सञ्चालन।

७. कर्णाली-महाकाली नदीबीचको शिवालिक र तल्लो महाभारत क्षेत्रमा जैविक विविधता र जलाधार संरक्षण गर्न कर्णाली-महाकाली भूपरिधि संरक्षण कार्यक्रम।

### ख. सामुदायिक वन तथा कबुलियती समुदायमा आधारित वन विकास कार्यक्रम

**सामुदायिक वन विकास कार्यक्रम**

१. सामुदायिक वन उपभोक्ता समूहहरूको संस्थागत सुदृढीकरण तथा सुशासनको लागि वन कार्ययोजना।

२. वन उद्यम तथा वन पैदावरको व्यवसायीकरण।

३. वनहरूको दिगो र वैज्ञानिक व्यवस्थापनको लागि क्षमता वृद्धि कार्यक्रमहरू सञ्चालन।

४. मध्यवर्ती क्षेत्रको सामुदायिक वनहरूको विकाससम्बन्धी कार्यक्रम सञ्चालन।

**कबुलियती वन विकास कार्यक्रम**

५. गरिब तथा विपन्न परिवारलाई प्रत्यक्ष लाभ र आय वृद्धिमा योगदान हुने गरी 'कबुलियती वन गरिबको धन' कार्यक्रम ३९ जिल्लामा विस्तार।

६. वन विकास, पशु विकास, बचत वृद्धि कार्यक्रम, जीविकोपार्जन सुधार कार्ययोजना कार्यान्वयन सहयोग तथा सामाजिक तथा प्राविधिक सेवा सहजीकरण ।

**साझेदारी वन व्यवस्थापन कार्यक्रम**

७. तराई तथा भित्री मधेशका चक्ला वनहरूमा सरकार तथा स्थानीय नजिक तथा टाढाका उपभोक्ताहरूको सहभागितामा साझेदारी वन विकास कार्यक्रम सञ्चालन ।

८. वनको दिगो व्यवस्थापन गरी वनपैदावारको सहज आपूर्ति एवम् स्थानीय रोजगारी तथा राजस्वमा योगदान ।

**सार्वजनिक जग्गामा कृषि वन व्यवस्थापन**

९. तराई तथा भित्री मधेशमा रहेका सार्वजनिक जग्गाहरूमा स्थानीय जनताको सहभागितामा कृषि वन कार्यक्रम सञ्चालन ।

१०. वन पैदावारको उत्पादन गरी वन क्षेत्रमा हुने चापलाई न्यूनीकरण गर्दै कृषि तथा पशु विकासमा टेवा पुर्‍याउन र स्थानीय वातावरणीय सन्तुलनसम्बन्धी कार्यक्रम सञ्चालन ।

**धार्मिक वन विकास कार्यक्रम**

११. धार्मिक स्थलहरूमा रहेका वन क्षेत्रहरूको दिगो संरक्षण तथा व्यवस्थापन गर्न स्थानीय जनता तथा धार्मिक समुदायको सहभागितामा वन विकासका कार्यक्रमहरू सञ्चालन ।

**ग. वृक्षरोपण, वृक्षसुधार तथा निजी वन विकास कार्यक्रम**

१. वन दशक कार्यक्रम (२०७१-२०८०) को निरन्तरता गर्दै सहर तथा नगर उन्मुख बस्तीहरूमा वन उद्यानहरूको स्थापनाका लागि 'एक नगर अनेक उद्यान' कार्यक्रममार्फत २०० ओटा नगर उद्यानहरू स्थापना ।

२. स्थानीय निकायहरूको सहकार्यमा थप नगर तथा गाउँ वनहरूको स्थापनाका लागि सहयोग ।

३. निजी वन, स्थानीय स्तरमा सञ्चालन भइरहेको पारिवारिक वन, सार्वजनिक स्थानहरूमा वृक्षरोपण, नर्सरी र वनजन्य उद्यम स्थापनाका लागि प्रवर्द्धन र सहयोगात्मक कार्यक्रम ।

४. वन पैदावारहरूको उत्पादनदेखि उपभोगसम्मको शृङ्खलामा आइपर्ने बाधाहरूलाई सरलीकरण गर्न कानुनी व्यवस्थामा सुधार ।

**घ. हरित उद्यम विकास कार्यक्रम**

१. निजी नर्सरीबाट बिरुवा खरिद, जडीबुटी उद्यमी तथा निजी नर्सरीलाई सहयोग, जडीबुटी तथा हरित उद्यमी, उत्पादक समूह र सहकारी संस्थालाई परिचालन गरी उत्पादन, भण्डारण तथा प्रशोधन गराउन पकेट क्षेत्रमा कार्यक्रम सञ्चालन ।

२. जडीबुटी प्रशोधन केन्द्रहरू स्थापना गर्न भौतिक संरचना निर्माण, ब्रान्डिङमा प्राविधिक सहयोग ।

३. उच्च पहाडी तथा हिमाली क्षेत्रहरूमा जडीबुटी संरक्षण तथा व्यवस्थापन क्षेत्र स्थापना ।

४. सुदूरपश्चिम तथा पूर्वमा एक एकओटा हरित रोजगार अनुसन्धान तथा तालिम केन्द्र स्थापना ।
५. वन व्यवस्थापनलाई उद्योगको रूपमा विकास गर्न तथा निजी क्षेत्रलाई आकर्षित गर्न आवश्यक नीतिगत सुधार ।
६. विभिन्न वन व्यवस्थापन प्रणालीबाट उत्पादन हुने काठ दाउराजन्य वन पैदावारहरूमा आधारित वन उद्यम विकास गर्न निजी क्षेत्र तथा स्थानीय समुदायलाई प्रोत्साहन हुने खालका कार्यक्रम सञ्चालन ।
७. वनस्रोतको प्रयोग वा बिक्रीबाट प्राप्त आम्दानीको केही अंश सोही क्षेत्रमा लगानी गर्ने व्यवस्थाको प्रभावकारी कार्यन्वयन सुनिश्चितता तथा अनुगमन ।
८. पर्यापर्यटन, कृषि वन तथा वन पैदावारमा आधारित उद्योगहरूलाई चाहिने कच्चा पदार्थको सतत आपूर्तिका लागि निजी क्षेत्रको सहभागिता बढाउन व्यावसायिक कबुलियती वन कार्यक्रम विस्तार ।

**ङ. जैविक विविधता, वन्यजन्तु संरक्षण तथा व्यवस्थापन कार्यक्रम**

१. संरक्षण क्षेत्रहरूको व्यवस्थापन तथा विकासलाई दिगो वातावरणीय सेवा प्राप्त गर्ने प्राकृतिक स्रोतको रूपमा उपयोग गर्ने गरी कार्यक्रमहरू सञ्चालन ।
२. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण कार्यक्रम, वन्यजन्तु संरक्षणको लागि विशेष कार्यक्रमहरू घाँसे मैदान व्यवस्थापन, चोरी सिकार नियन्त्रणलाई निरन्तरता दिदैं पर्यापर्यटन प्रवर्द्धन गर्न पर्यटक पथ, सूचना केन्द्र, भूकम्पबाट प्रभावित क्षेत्रको पुनर्स्थापनाका कार्यक्रमहरू कार्यान्वयन ।
३. वन्यजन्तु र वासस्थानको संरक्षण र संरक्षण क्षेत्रहरूमा भौतिक पूर्वाधारको निर्माणका कार्यक्रम सञ्चालन ।
४. बढ्दो वन्यजन्तु अपराधलाई शून्य सहनशीलता अवधारणा अपनाई कार्यक्रम सञ्चालन ।
५. भूकम्पपश्चात् खस्किएको पर्यटन क्षेत्रलाई पर्यापर्यटनमुखी पर्यटन अभिवृद्धिका कार्यक्रमद्वारा पुनर्स्थापना ।
६. स्थानीयलाई प्रत्यक्ष लाभ प्राप्त हुने गरी कृषि र पशुपन्छी क्षेत्रसँगको समन्वयमा चितवनको माडी र बर्दियामा विशेष आयआर्जनका कार्यक्रम सञ्चालन ।
७. सबै प्रदेशहरूमा १/१ ओटा प्राणी उद्यान स्थापना गरिने नीति अवलम्बन ।
८. भक्तपुरको सूर्य विनायकमा राष्ट्रिय प्राणी उद्यानको गुरुयोजना निर्माण ।
९. मुख्य सहर नजिकका प्राकृतिक क्षेत्रहरूमा निजी तथा वन वातावरण सम्बन्धित गैरसरकारी संस्थाहरूको सहकार्यमा वातावरण शिक्षा तथा प्रचारप्रसार केन्द्र स्थापना ।
१०. संरक्षणलाई सुरक्षणको रूपमा लिई संरक्षणप्रति नकारात्मक सोच घटाउन चेतना अभिवृद्धि कार्यक्रम सञ्चालन ।
११. रारा र खप्तड संरक्षित क्षेत्रहरूमा निजी क्षेत्रको समेत सहभागितामा समग्र पर्यापर्यटनको विकासको लागि पूर्वाधार निर्माण तथा अन्य कार्यक्रम सञ्चालन ।

१२. जैविक विविधताको संरक्षणमा जोखिम आंकलन गरी वन्यजन्तुहरूको बासस्थान व्यवस्थापनलाई अध्ययन गरी उचित कार्यान्वयन, बाह्रसिङ्घा, अर्ना, रातो हाब्रे, सालक, गैँडा, कृष्णसारलगायतको जैविक सुरक्षालाई महत्त्वकासाथ कार्यक्रमसहित कार्यान्वयन ।
१३. वन्यजन्तुहरूको व्यावसायिक पालन गरी उचित सदुपयोगको लागि आवश्यक कानुनी सुधार ।
१४. भूपरिधि स्तर कार्यक्रमलाई थप व्यवस्थित गरी जैविक विविधता रणनीति तथा कार्यान्वयन योजनालाई प्राथमिकताका साथ कार्यान्वयन ।
१५. जैविक विविधताको लागि महत्त्वपूर्ण रहेको अध्ययन हुन बाँकी क्षेत्रहरूको थप अध्ययनसहित रणनीतिक रूपमा संरक्षण कार्यको विस्तार ।
१६. अन्तर्राष्ट्रिय महत्त्वको सीमा क्षेत्र र भू-परिधि क्षेत्रहरूको एकीकृत व्यवस्थापनका लागि कार्यक्रमहरू सञ्चालन ।
१७. मिचाहा प्रजाति रोकथाम तथा मानव वन्यजन्तु व्यवस्थापनको लागि विशेष कार्यक्रम प्रारम्भ ।

**च. भू-संरक्षण, जलाधार व्यवस्थापन तथा प्राकृतिक प्रकोप र जलवायु परिवर्तन न्यूनीकरण सहयोगी कार्यक्रम**

१. एकीकृत जलाधार व्यवस्थापनमार्फत माटो र पानीको संरक्षण तथा प्राकृतिक प्रकोप र जलवायु परिवर्तनका असरहरू न्यूनीकरण गरी जनताको जीविकोपार्जनमा टेवा पुऱ्याउने कार्यक्रम सञ्चालन ।
२. तराई, मधेश तथा चुरे क्षेत्रमा वन क्षेत्रको संरक्षण तथा व्यवस्थापनलगायतको एकीकृत विकास अवधारणानुसार राष्ट्रपति चुरे-तराई-मधेश संरक्षण विकास कार्यक्रमको विस्तार ।
३. नदी प्रणालीहरूमा कार्य गर्ने प्रणालीलाई निरन्तरता दिँदै निर्माण हुने गुरुयोजना अनुरूपको कार्यक्रमहरू सञ्चालन ।
४. जिल्ला भूसंरक्षण कार्यक्रम र सामुदायिक विकास तथा वन जलाधार संरक्षण आयोजनालाई आवश्यकताका आधारमा उप-जलाधारहरूको प्राथमिकीकरण ।
५. उप-जलाधार योजना तर्जुमा, बहुप्रकोप अवस्थाको विश्लेषणसहित प्राथमिकीकरण र भू-जलाधार संरक्षण सेवा प्रवाह ।
६. पहिरो पूर्व-सूचना प्रणाली विकास गर्नुका साथै राष्ट्रिय पहिरो व्यवस्थापन केन्द्रको स्थापना ।
७. तालतलैया तथा भू-संरक्षणको लागि सिमसार र तिनमा भएका जैविक विविधताको संरक्षण तथा व्यवस्थापन ।
८. भूकम्पबाट प्रभावित क्षेत्रका बस्ती नजिकको पहिरो, क्षतिग्रस्त भूमिहरूको पुनरुत्थानको लागि कम खर्चिलो भू तथा जलाधार संरक्षण, जैविक प्रविधि, बाँस रोपणजस्ता क्रियाकलापहरू र कृषि वन प्रणालीको विकास गरी प्रविधि हस्तान्तरण ।
९. नीतिगत सुधारको लागि कृषि वन नीति तर्जुमा तथा कार्यान्वयन ।

१०. सङ्घीय संरचनाबमोजिम जलाधार क्षेत्रहरूको व्यवस्थापनका लागि अध्ययन गरी बृहत् जलाधार व्यवस्थापनको अवधारणा (Basin approach) अनुरूपको कार्यप्रणालीलाई प्राथमिकताकासाथ कार्यान्वयन ।
११. कार्बन संरक्षण र सोबाट प्राप्त गर्न सकिने फाइदाका लागि आवश्यक पर्ने रणनीति तथा कार्ययोजनाको तर्जुमा ।

**छ. वनस्पति सम्पदा सर्वेक्षण तथा अनुसन्धान कार्यक्रम**

१. नेपालमा पाइने रैथाने वनस्पतिलगायत उपयोगी जडीबुटीहरूको उचित उपयोग तथा निर्यातमा सहयोगी हुने प्रकारको अनुसन्धान तथा प्रयोगशालाहरूको विकास ।
२. वनस्पति उद्यानहरूको सम्भाव्यता अध्ययन गरी उद्यानहरूको स्थापना तथा व्यवस्थापन ।
३. विश्व शान्ति जैविक विविधता उद्यान संरचनाहरूको निर्माण ।
४. वनस्पति विभागअन्तर्गतका प्रयोगशालाहरूको अन्तर्राष्ट्रिय स्तरको प्रमाणीकरण ।
५. नेपालमा पाइने वनस्पतिहरूको सर्वेक्षण र अभिलेखीकरण ।

**ज. वन अनुसन्धान, जनशक्ति व्यवस्थापन तथा क्षमता विकास**

१. वन अनुसन्धानका लागि आवश्यक पर्ने ज्ञानको व्यवस्थापनको लागि पूर्वाधार विकास ।
२. वन अनुसन्धान केन्द्रको कार्बन र पारिस्थितिकीय सेवाको अनुसन्धान क्षमताको विकास ।
३. वैज्ञानिक वन व्यवस्थापन, जैविक विविधता संरक्षण, जलवायु परिवर्तन, प्रकोप नियन्त्रण तथा व्यवस्थापनसम्बन्धी क्षमता विकास र वन श्रमिकहरूको क्षमता अभिवृद्धि ।
४. वन क्षेत्रका सिकाइहरूको प्रचारप्रसार तथा वनसम्बन्धी कार्यक्रमहरूमा मूल प्रवाहीकरण ।
५. वन, वनस्पति, जलाधार तथा वन्यजन्तुसम्बन्धी अनुसन्धानबाट प्राप्त नतिजाहरूलाई नीतिगत तथा व्यवस्थापकीय निर्णयका मुख्य आधारका रूपमा अवलम्बन ।

## ४. अपेक्षित उपलब्धि

विद्यमान वन क्षेत्र कायम राखी वनको घनत्व, विविधता र उत्पादकत्वमा गुणात्मक वृद्धि भएको, समुदायमा आधारित वन व्यवस्थापन प्रणालीहरू अझ सुदृढ र सबल भएका र वनबाट प्राप्त हुने वस्तु तथा सेवाहरूको विविधीकरणसहित उक्त वस्तु तथा सेवाहरू विपन्न तथा वञ्चित समूहहरूसम्म पुगेको हुनेछ । साथै जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनमा वन क्षेत्रको केन्द्रीय भूमिका स्थापित भएको, सोसम्बन्धी लाभ स्थानीय समुदायसम्म पुगेको, वन तथा वन्यजन्तुसम्बन्धी अपराध र चोरी निकासी एवम् अन्य गैरकानुनी क्रियाकलापमा उल्लेख्य कमी आएको, वन पैदावार तथा पारिस्थितिकीय सेवामा आधारित व्यवसाय, रोजगारी तथा आयआर्जनमा वृद्धि भएको र वन क्षेत्रको संस्थागत सुधार एवम् क्षमता विकास भएको हुनेछ । एकीकृत जलाधार व्यवस्थापनमार्फत संवेदनशील जलाधारहरूको अवस्थामा सुधार भई दिगो जीविकोपार्जनमा टेवा पुग्नेछ ।

देशको कुल भूभागको करिब २५ प्रतिशत क्षेत्रमा संरक्षणको अवधारणाअनुरूपको व्यवस्थापन पद्धतिको अवलम्बन भएको हुनेछ । दिगो वन व्यवस्थापन कार्यक्रमबाट २५ ओटा साझेदारी वन र ५ ओटा चक्ला वन गरी एक लाख हेक्टर वन क्षेत्रको व्यवस्थापन सुधार भई निरन्तर उत्पादनयोग्य भएको

हुनेछ । यसअनुसार वार्षिक एक हजार हेक्टर क्षेत्रमा सघन वन व्यवस्थापन भएको हुने र समुदायस्तरबाट २५ लाख हेक्टर वन क्षेत्रको दिगो व्यवस्थापन भएको हुनेछ । साझेदारी तथा सरकारद्वारा व्यवस्थित वन क्षेत्रबाट वार्षिक ६० लाख क्युबिक फिट काठ, १,५०० चट्टा दाउरा उत्पादन भई काठ दाउराको उत्पादन बढेको, आपूर्ति सहज भएको र राजस्व वृद्धि भएको हुनेछ । समुदाय तथा निजी क्षेत्रबाट वार्षिक २ करोड घन फिट काठको आपूर्ति भएको हुनेछ ।

सामुदायिक वन व्यवस्थापनबाट करिब २५ लाख घरधुरीलाई काठ, दाउरा लगायत अन्य वन पैदावारको आपूर्ति सहज भएको हुनेछ । कबुलियती वन कार्यक्रमबाट वन र वातावरण संरक्षणको साथै दिगो ग्रामीण वित्त परिचालनबाट ७ हजार समूहका ६० हजार घरधुरीको जीविकोपार्जन तथा आयआर्जनमा वृद्धि भएको हुनेछ । जडीबुटी क्षेत्र व्यवस्थित, व्यावसायिक र आधुनिक प्रविधियुक्त हुने, हिमालय ब्रान्डिङ गरी जडीबुटी निकासी प्रवर्द्धनमा टेवा पुगेको हुनेछ ।

एकीकृत जलाधार व्यवस्थापनबाट ५०० ओटा प्राकृतिक सिमसारहरूको संरक्षण र सुक्खा ठाउँहरूमा ताल तथा पोखरीहरूको निर्माण भएको तथा २,००० ओटा पहिरो संरक्षण र ६०० ओटा पानीको मुहान संरक्षण भएको हुनेछ । चुरे क्षेत्रमा ३९ ओटा नदी प्रणालीमा सघनरुपमा व्यवस्थापनको कार्य भएको हुनछ भने वन डढेलोजस्ता प्राकृतिक प्रकोपको नियन्त्रणमा टेवा पुगी जलवायु परिवर्तन न्यूनीकरण तथा विपद् जोखिम न्यूनीकरणमा विशेष योगदान पुगेको हुनेछ । जैविक विविधताको संरक्षणका क्षेत्रमा उच्च महत्त्वका वन्यजन्तुहरूको सङ्ख्यामा वृद्धि र पर्यापर्यटनबाट आम्दानीसमेत वृद्धि भएको हुनेछ ।

## ४.२ उद्योग, वाणिज्य, आपूर्ति र पर्यटन

### ४.२.१ उद्योग

### १. पृष्ठभूमि

उद्योग क्षेत्र आर्थिक विकासको इन्जिन हो । औद्योगिक विकासले रोजगारी सिर्जना, वस्तु र सेवाको मूल्य अभिवृद्धि, आवश्यक वस्तु तथा सेवाको उपलब्धता गर्न सहयोग पुऱ्याउँदछ । सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिताद्वारा दिगो एवम् बृहत् आधारसहितको औद्योगिक विकासमार्फत रोजगारी सिर्जना गरी गरिबी न्यूनीकरण गर्नमा उद्योग क्षेत्रको महत्त्वपूर्ण भूमिका रहन्छ । औद्योगिक लगानीले उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, स्थानीय स्रोतसाधन र प्रविधिको उपयोग, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा योगदान गर्दछ । त्यस्तै निजी क्षेत्रलाई लगानीप्रति आकर्षित तुल्याउँदै र वैदेशिक लगानीलाई नवीनतम प्रविधिका साथ भित्र्याउँदै मुलुकको उच्च, दिगो र फराकिलो आर्थिक वृद्धिदर हासिल गर्न महत्त्वपूर्ण योगदान दिने गर्दछ ।

तर नेपालमा औद्योगिक लगानीमैत्री वातावरणमा सुधार नहुनु, विद्युत्को आपूर्तिमा सुधार नहुनु, औद्योगिक वस्तुहरूको उच्च प्रतिस्पर्धा हुनु, औद्योगिक पूर्वाधारहरूको पर्याप्त विकास नहुनु, आवश्यक जनशक्ति पलायन हुनु आदिले गर्दा औद्योगिक विकासले गति लिन र अपेक्षित रूपमा अर्थतन्त्रको विस्तार हुन नसकिरहेको अवस्था छ । कुल गार्हस्थ्य उत्पादनको वृद्धिदरभन्दा उद्योग क्षेत्रको वृद्धिदर न्यून

भएकोले यस क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा हिस्सा न्यून रही ५.५ प्रतिशतको हाराहारीमा र राष्ट्रिय रोजगारीमा करिब ६.६ प्रतिशतमात्र योगदान रहेको छ ।

उद्योग क्षेत्रको विकासको लागि औद्योगिक व्यवसाय ऐन, कम्पनी ऐन, विशेष आर्थिक क्षेत्रसम्बन्धी ऐनहरू समसामायिक बन्ने क्रममा छन् भने विदेशी लगानी नीति, २०७१ तर्जुमा भएको छ र विभिन्न राष्ट्रसँग बिप्पा सम्झौता भएका छन् । त्यस्तै भैरहवामा विशेष आर्थिक क्षेत्रको पूर्वाधार तयार गरिएको छ । गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई ६४ जिल्लामा विस्तार कार्य भएको छ ।

## २. चुनौती तथा अवसर

### चुनौती

औद्योगिक उत्पादनमा गुणस्तरीयता कायम गर्नु, औद्योगिक क्षेत्रमा विद्युत् आपूर्ति चौबिसै घण्टा हुने अवस्था सिर्जना गर्नु, श्रम नीति उद्योगमैत्री बनाउनु, औद्योगिक क्षेत्रमा पूर्वाधारको विकास बढाउँदै जानु, सञ्चालित उद्योगहरूलाई उत्पादन तथा उत्पादकत्वका दृष्टिले प्रतिस्पर्धी बनाउनु, मौजुदा उद्योगलाई रूग्ण हुनबाट जोगाउनु, रूग्ण उद्योगलाई पुनर्स्थापना गर्नु, नयाँ प्रविधिको प्रयोग गर्नु, औद्योगिक नीतिका प्रावधानहरूलाई आर्थिक ऐनले सम्बोधन गर्नु र विश्वव्यापीकरण तथा आर्थिक उदारीकरणले सृजना गर्दै ल्याएको प्रतिस्पर्धात्मक वातावरणको सामना गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

### अवसर

स्वदेशी तथा विदेशी लगानीका लागि अनुकूल वातावरण सिर्जना हुँदै जानु, गैरआवासीय नेपालीहरूलाई औद्योगिक विकासमा परिचालन गर्ने सम्भावना बढ्नु, श्रम सम्बन्धमा सुधार हुनु, पूर्वाधार निर्माणमा सरकारको लगानी बढ्दै जानु, भूमण्डलीकरणसँगै औद्योगिक उत्पादनको श्रृङ्खला विकासोन्मुख मुलुकहरूतर्फ विस्तार हुँदै जानु, सूचना तथा आधुनिक सञ्चार प्रविधिको विकास र विस्तार हुनु र शिक्षित एवम् सीपयुक्त जनशक्ति स्वदेशमै तयार हुँदै गएको कारणले उत्पादकत्व र उत्पादनमा वृद्धि हुन सक्ने सम्भावनाहरू विद्यमान हुनु औद्योगिक विकासका लागि अवसरहरू हुन् ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदानमा वृद्धि गरी आर्थिक रूपान्तरण र सुदृढ अर्थतन्त्रको निर्माण ।

### ३.२ लक्ष्य

औद्योगिक क्षेत्रको विकास र विस्तारद्वारा रोजगारीमा वृद्धि, निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन गरी राष्ट्रिय अर्थतन्त्रको अभिवृद्धि गर्ने ।

### ३.३ उद्देश्य

१. उद्योग क्षेत्रको उत्पादन वृद्धि गरी कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान बढाउनु ।

२. औद्योगिक क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी वृद्धि गरी रोजगारीका अवसर सृजना गर्नु ।

३. औद्योगिक वस्तुहरूको निर्यात वृद्धि गरी व्यापार घाटामा कमी ल्याउनु ।

### ३.४ रणनीति

१. उद्योगहरूलाई आवश्यक पर्ने पूर्वाधार व्यवस्था गर्न नीतिनिर्माण र कार्यान्वयनमा जोड दिने ।

२. स्थानीय स्रोत एवम् सीपको उपयोग गरी लघु, घरेलु, साना, मझौला तथा ठूला उद्योगको स्थापना र सञ्चालनलाई प्रभावकारी बनाउने ।

३. अन्तरप्रदेश तथा प्रदेश र सङ्घबीचको औद्योगिक अन्तरसम्बन्ध सुदृढ गरी सन्तुलित विकासमा उद्योग क्षेत्रको योगदान बढाउने ।

४. विदेशी लगानीकर्ता तथा गैरआवासीय नेपालीलाई औद्योगिक लगानीमा प्रोत्साहन गर्न नीतिगत व्यवस्था गर्ने ।

५. लगानीमैत्री वातावरण सिर्जना गर्न आवश्यक नीतिगत, संस्थागत, कानुनी तथा प्रक्रियागत सुधार गर्ने ।

६. तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी गुणस्तरयुक्त एवम् प्रतिस्पर्धात्मक औद्योगिक वस्तुको निर्यातलाई बढावा दिने ।

### ३.५ कार्यनीति

१. औद्योगिक विकासको लागि उद्योग दर्तादेखि बहिर्गमनसम्मको प्रक्रियालाई सरलीकरण गर्नेगरी औद्योगिक रणनीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ । (१)

२. उद्योगलाई आवश्यक कच्चा पदार्थ आपूर्ति सुनिश्चितता गर्न आवश्यक व्यवस्था गरिनेछ । १)

३. उद्योगलाई आवश्यक विद्युत् र अन्य ऊर्जाको व्यवस्था गरिनेछ । (१)

४. उद्योगहरूलाई आवश्यक दक्ष जनशक्ति उत्पादन गर्ने संस्थाको क्षमता विकास गरिनेछ । (१)

५. औद्योगिक क्षेत्र तथा विशेष आर्थिक क्षेत्रहरूमा आवश्यक पूर्वाधारहरूको विकास तथा व्यवस्थापनमा सुधार ल्याइनेछ । (१)

६. सिमेन्ट उद्योग पहुँच सडक तथा विद्युत् प्रसारण लाइन विस्तारलाई निरन्तरता दिइनेछ । (१)

७. पेट्रोलियमलगायत खानीजन्य वस्तुहरूको अनुसन्धान, अन्वेषण र उत्खननका कार्यक्रमहरू अघि बढाइनेछ । (१)

८. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई मुलुकभर विस्तार गर्न कार्यान्वयन गर्ने निकाय तथा सहयोगी निकायहरूको समन्वय क्षमता विकास गर्दै लगिनेछ । (२)

९. 'एक जिल्ला एक विशेष उत्पादन'सम्बन्धी कार्यक्रमलाई कार्यान्वयन गरिनेछ । (२)

१०. प्रत्येक प्रदेशमा औद्योगिक क्षेत्र, औद्योगिक करिडोर एवम् विशेष आर्थिक क्षेत्र क्रमशः स्थापना गर्दै लगिनेछ । (३)

११. श्रममूलक, निर्यातजन्य र आयात प्रतिस्थापन हुने लगानीलाई प्राथमिकता दिइनेछ । (३)

१२. बौद्धिक सम्पत्तिको अधिकार संरक्षण र संवर्द्धनका लागि छुट्टै संस्थागत व्यवस्था गरिनेछ । (४)

१३. वैदेशिक पुँजी तथा प्रविधिलाई आकर्षित गर्न आवश्यक कानुनी र अन्य व्यवस्था गरिनेछ । (४)

१४. लक्षित विपन्न तथा गरिब समूहलाई घरेलु, साना तथा मझौला उद्योगमार्फत रोजगारी सिर्जना गरिनेछ । (५)

१५. रूग्ण उद्योगलाई पुनर्स्थापना गर्न आवश्यक संस्थागत व्यवस्था गरिनेछ । (६)

१६. देशमा उपलब्ध बहुमूल्य जडीबुटीबाट अधिकतम फाइदा लिन जडीबुटी प्रशोधन तथा जडीबुटीमा आधारित औषधीजन्य वस्तुको उत्पादन र निकासीमा विशेष जोड दिइनेछ । (६)

१७. प्रत्येक प्रदेशमा हस्तकला ग्राम स्थापना गरी परम्परागत सीप तथा प्रविधिको संरक्षण र विकास गरिनेछ । (६)

१८. व्यावसायिक लागत घटाउन तथा प्रक्रियागत सरलीकरण गर्नका लागि उद्योग तथा कम्पनी प्रशासनमा सूचना प्रविधिको उपयोगलाई प्रभावकारी बनाइनेछ । (६)

१९. औद्योगिक उत्पादनको गुणस्तरमा थप सुधार गर्न आवश्यकता अनुसार गुणस्तर परीक्षण क्षमता वृद्धि गरिनेछ । (६)

## ३.६ प्रमुख कार्यक्रमहरू

### क. औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्रसमेत)

१. विशेष आर्थिक क्षेत्र स्थापना तथा सञ्चालनअन्तर्गत भैरहवा विशेष आर्थिक क्षेत्र, सिमरा विशेष आर्थिक क्षेत्रलगायत अन्य विशेष आर्थिक क्षेत्र स्थापना तथा सञ्चालन ।

२. सिमेन्ट उद्योगका लागि खानी स्थल पहुँच मार्ग एवम् विद्युत् प्रसारण तथा सबस्टेसन निर्माण ।

३. सातै प्रदेशमा औद्योगिक क्षेत्र स्थापना तथा स्थापित क्षेत्रको व्यवस्थापनमा सुधार ।

४. सातओटै प्रदेशमा सार्वजनिक-निजी साझेदारीमा कम्तीमा एक/एक ओटा उद्योग स्थापना ।

### ख. घरेलु तथा साना उद्योग विकास कार्यक्रम

१. युवा लक्षित कार्यक्रम, समावेशी क्षमता विकास कार्यक्रमजस्ता कार्यक्रमहरू सञ्चालन ।

२. उद्यमीहरूका लागि तालिम प्रदान गरी उपयुक्त प्रविधि हस्तान्तरण ।

३. महिला उद्यमशिलता विकास कोष मार्फत महिला उद्यमीहरूलाई कर्जामा पहुँच वृद्धि ।

४. भूकम्प प्रभावित जनतालाई लक्षित गरी सीपमूलक कार्यक्रम सञ्चालन ।

५. सातै प्रदेशमा घरेलु उद्यमका लागि साझा सुविधा केन्द्रको स्थापना ।

### ग. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम

१. लघु उद्यम विकास कार्यक्रमको आन्तरिकीकरणलाई योजना अवधिभर थप ११ जिल्लामा विस्तार गरी पचहत्तरै जिल्लामा लागु ।

२. घरेलु तथा साना उद्योग विकास कार्यक्रम तथा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रममार्फत थप ५१ हजार जनालाई तालिम प्रदान ।

### घ. भूवैज्ञानिक सर्वेक्षण तथा अनुसन्धानसम्बन्धी कार्यक्रम

१. योजनाको पहिलो, दोस्रो र तेस्रो वर्षमा क्रमशः ५००, ७५० र १,००० वर्ग कि.मि क्षेत्रफलमा भौगर्भिक म्यापिङ ।
२. भूकम्प मापन केन्द्रहरूको स्तरोन्नति ।

### ङ. खनिज अन्वेषण तथा विकास कार्यक्रम

१. ३४६ वर्ग कि.मि क्षेत्रफलमा खनिज अन्वेषण ।
२. कुल १,००० मिटर खनिज अन्वेषणात्मक ड्रिलिङ ।
३. कुल १,०५० हेक्टरमा खनिज अन्वेषणात्मक सर्वेक्षण ।
४. योजना अवधिमा कुल ३५ खनिज उद्योग प्रवर्द्धन ।

### च. पेट्रोलियम अन्वेषणसम्बन्धी कार्यक्रम

१. पेट्रोलियम पदार्थसम्बन्धी फिल्डकार्य नक्सा अद्यावधिक ।
२. पेट्रोलियम अध्ययन तथा अन्वेषणअन्तर्गत विस्तृत भौगोलिक सेक्सन मेजरमेन्ट ।

### छ. औद्योगिक लगानी प्रवर्द्धन कार्यक्रम

१. विदेशी लगानी तथा प्रविधि हस्तान्तरणसम्बन्धी कानुन निर्माण ।
२. विदेशी लगानी सम्मेलनको आयोजना ।
३. जिल्लास्तरमा औद्योगिक समस्या पहिचान कार्यक्रम ।
४. औद्योगिक विकाससम्बन्धी पत्रिकाको प्रकाशन तथा औद्योगिक तथ्याङ्कको विश्लेषण ।
५. औद्योगिक सूचना प्रणालीलाई प्रभावकारी बनाउन औद्योगिक सूचना केन्द्र स्थापना ।

### ज. ग्रामीण विकास उद्यम तथा विप्रेषण कार्यक्रम

१. कोशी, सगरमाथा र जनकपुर अञ्चलका १६ जिल्लामा वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूलाई उद्यमी बन्न उत्प्रेरित गर्ने खालका तालिम कार्यक्रमहरू सञ्चालन तथा प्राविधिक सहयोग ।
२. बजार मागअनुसारका उद्योग स्थापना गर्नका निम्ति आधार तथ्याङ्क सङ्कलन गर्ने एवम् बजार नक्साङ्कन तयार ।

### झ. नेपाल व्यापार एकीकृत रणनीति (उद्योग कार्यान्वयन) कार्यक्रम

१. नेपाल व्यापार एकीकृत रणनीतिमा समाविष्ट उद्योगसँग सम्बन्धित कार्यहरूको कार्यान्वयन ।
२. वाणिज्य मन्त्रालयसँगको समन्वय गर्ने तुलनात्मक लाभका वस्तुहरू रत्नपत्थरलगायत वस्तुसम्बन्धी तालिम प्रदान ।
३. अर्ध-किम्ती पत्थर (semiprecious stone) उत्खननसम्बन्धी सम्भाव्यता अध्ययन ।

### ञ. वातावरणीय क्षेत्र सहयोग कार्यक्रम

१. अधिक वातावरण प्रदूषण गर्ने इँटा उद्योगमा कोइलाको वैकल्पिक उपयोगको सम्भाव्यतासम्बन्धी अध्ययन ।
२. प्लास्टिक झोलाको विकल्पसम्बन्धी अध्ययन ।

**ट. नेपाल गुणस्तर तथा नापतौल कार्यक्रम**

१. रासायनिक, भौतिक तथा वैज्ञानिक नापतौल प्रयोगशालाको विस्तार र एक्रिडिटेसन ।
२. नेपाल गुणस्तर निर्धारण प्रमाण चिन्ह इजाजत परीक्षण प्रयोगशाला र क्यालिबेसन प्रयोगशालाको एक्रिडिटेसन ।

## ४. अपेक्षित उपलब्धि

उद्योगहरूको स्थापना तथा विस्तारमा वृद्धि र बजार सम्बन्धको विस्तार भएको, आधुनिक प्रविधिको अधिकतम प्रयोगसँगै गुणस्तरीय वस्तुहरूको उत्पादनद्वारा निर्यात बढ्न गई तथा आयात प्रतिस्थापन भई व्यापार घाटा कम भएको र औद्योगिक एवम् बौद्धिक सम्पत्तिको संरक्षण तथा संवर्द्धन भएको हुनेछ । आगामी दुई वर्षभित्र सिमरा विशेष आर्थिक क्षेत्रभित्र गार्मेन्ट प्रोसेसिङ जोन स्थापना भई ४० हजार उद्यमी तथा श्रमिकहरूलाई तालिम दिइएको हुनेछ भने भैरहवा विशेष आर्थिक क्षेत्रमा उद्योगहरू स्थापना भएका हुने छन् । औद्योगिक व्यवसाय ऐन र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन तर्जुमा र कार्यान्वयन भई स्वदेशी र विदेशी लगानीमा उद्योग क्षेत्रको विस्तार भएको हुनेछ । थप ३ मुलुकहरूसँग द्विपक्षीय लगानी संरक्षण र प्रवर्द्धन सम्झौताहरू भएको, गुणस्तर परीक्षणसम्बन्धी प्रयोगशालाहरूको क्षमता अभिवृद्धि भएको, थप ५७ हजार लघु उद्यमीको स्तरोन्नति भएको र थप ३७१ ओटा साझा सुविधा केन्द्र स्थापना भएको हुने छ । त्यसको फलस्वरूप चौधौँ योजना अवधिमा थप २७५ ठूला, २७५ मझौला, ६० हजार घरेलु तथा साना र ६३ हजार लघु उद्यमी सृजना भई उद्योग क्षेत्रमा थप ५ लाख २३ हजार रोजगारी सिर्जना भएको हुनेछ ।

## ४.२.२ वाणिज्य

## १. पृष्ठभूमि

वाणिज्य क्षेत्रको विकासले वस्तु तथा सेवाको सहज आपूर्ति र देशमा उत्पादित वस्तु तथा सेवाको निर्यातबाट आर्थिक वृद्धि हुन सक्दछ । वैदेशिक वस्तुको व्यापार साथै सेवाको व्यापारबाट नवोदित अर्थतन्त्रले बढी फाइदा लिन सक्दछ । यसर्थ व्यापार नै आर्थिक विकासको मेरुदण्ड हो भन्ने मान्यताकासाथ सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र साझेदारीमार्फत आयात व्यवस्थापन एवम् निर्यात प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गरिएका छन् । तुलनात्मक तथा प्रतिस्पर्धात्मक लाभका क्षेत्रको पहिचान गरी वाणिज्य क्षेत्रको विकास र विस्तारद्वारा निर्यात प्रवर्द्धन गर्दै वस्तु तथा सेवाको विकास र विस्तार गर्ने उद्देश्यका साथ वाणिज्य नीति, २०७२ कार्यान्वयनमा ल्याइएको छ । दिगो विकास लक्ष्यको उद्देश्यसमेतलाई मार्गदर्शनको रूपमा लिई वाणिज्य नीति, २०७२ र नेपाल व्यापार एकीकृत रणनीति, २०७३ का नीति तथा कार्यक्रमहरू त्यसतर्फ परिलक्षित गरिएका छन् ।

विश्व व्यापार सङ्गठन, दक्षिण एसियाली स्वतन्त्र व्यापार सम्झौता (साफ्टा) तथा बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहायतासम्बन्धी बङ्गालको खाडीको प्रयत्न (बिमस्टेक) समेतसँगको आबद्धताबाट अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध मजबुत बनाउने अवसर नेपालले प्राप्त गरेको छ । तर नेपालको निर्यात व्यापारले अपेक्षित सफलता हासिल गर्न सकेको छैन । आयात प्रतिस्थापन हुने वस्तुको आन्तरिक उत्पादनमा कमी र पेट्रोलियम पदार्थको बढ्दो माग भई आयातमा वृद्धि तथा समग्र

प्रतिस्पर्धात्मक क्षमतामा सुदृढीकरण हुन नसकी निर्यात कमजोर भएकोजस्ता कारणहरूबाट व्यापार घाटाको परिमाण प्रत्येक वर्ष बढ्दै गएको छ ।

## २. चुनौती तथा अवसर

### चुनौती

नेपाली वस्तुले लाभ लिन सक्ने अन्तर्राष्ट्रिय बजारको खोजी गर्नु, निर्यात हुने वस्तु तथा सेवाको गुणस्तर परीक्षण, प्रमाणीकरण, लेबलिङ र प्याकेजिङसम्बन्धी क्षमता अभिवृद्धि गर्नु, विशेष आर्थिक क्षेत्र पूर्ण रूपमा सञ्चालनमा ल्याउनु, मागअनुरूप पर्याप्त मात्रामा ऊर्जा उपलब्ध गराउनु एवम् कमजोर औद्योगिक श्रम सम्बन्धजस्ता विषयहरू सम्बोधन गर्नु, पेट्रोलियम पदार्थ, आत्मनिर्भर हुनसक्ने कृषिजन्य उत्पादनका साथै विलासिताका वस्तुहरूको आयातमा उच्च रूपमा भएको वृद्धि निरुत्साहित गर्नु वाणिज्य क्षेत्रका प्रमुख चुनौती हुन् । त्यस्तै थप पारवहन मार्ग तथा सामुद्रिक बन्दरगाह प्रयोगमा ल्याउनु, आयात हुने वस्तुहरूको स्वदेशमै उत्पादन बढाउनु, प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्दै व्यापार बढाउन पर्याप्त पूर्वाधार विकास गर्नु, अन्तर्राष्ट्रिय व्यापारलाई प्रतिस्पर्धी र व्यापक बनाउन वस्तुगत र देशगत व्यापार विविधीकरण गर्दै सरोकारवाला सबैको सहयोग र सहकार्य प्राप्त गर्नु, विश्व व्यापार सङ्गठन लगायतका अन्तर्राष्ट्रिय सङ्गठनहरूसँगको आबद्धताबाट फाइदा लिई निर्यात व्यापार वृद्धि गर्नु, खोज, अनुसन्धान, विकासमार्फत व्यापारका नयाँ क्षेत्रहरूको पहिचान, विविधीकरण र प्रवर्द्धन गर्न प्र्याप्त स्रोतसाधनको व्यवस्था गर्नु र व्यापार कूटनीतिको प्रभावकारिता अभिवृद्धि गर्नु पनि यस क्षेत्रका चुनौती हुन् ।

### अवसर

वाणिज्य क्षेत्रका साबिकका नीति, ऐन, नियमहरू परिमार्जन र नयाँ निर्माण गरी आर्थिक उदारीकरण तथा विश्व व्यापार प्रणालीबाट सृजित अवसरहरूको उपयोग र वाणिज्य नीति, २०७२, विकास सहायता नीति, २०७१, विदेशी लगानी नीति, २०७१, कृषि विकास रणनीति, २०७२ तथा नेपाल व्यापार एकीकृत रणनीति, २०७३ को प्रभावकारी कार्यान्वयनबाट निर्यात प्रवर्द्धन र आन्तरिक उत्पादन वृद्धिमा ठोस सहयोग पुग्ने अवसर वाणिज्य क्षेत्रमा प्राप्त छ । त्यस्तै छिमेकी मुलुकहरूको आर्थिक वृद्धिबाट व्यापारका क्षेत्रमा नेपालले लाभ लिन सक्ने अवस्था हुनु, विश्व व्यापार सङ्गठन, बिमस्टेक, साफ्टाजस्ता क्षेत्रीय एवम् अन्तर्राष्ट्रिय सङ्गठनहरूसँगको आबद्धताले क्षेत्रीय र अन्तर्राष्ट्रिय व्यापारमा अन्तरसम्बन्ध बढदै जानु, बाह्य व्यापार प्रवर्द्धनका लागि छिमेकी मुलुकसँग गरिएको व्यापार सम्झौता, द्विपक्षीय लगानी प्रवर्द्धन र संरक्षण सम्झौता, दोहोरो करमुक्ति सम्झौताबाट प्रत्यक्ष वैदेशिक लगानीको सम्भावना बढ्नु र आगामी दुईवर्षभित्र ऊर्जा सङ्कट समाधान गर्न सरकार प्रतिबद्ध रहनुले वाणिज्य क्षेत्रमा थप अवसर सृजना गरेको छ.। त्यस्तै, नयाँ सञ्चार तथा यातायात प्रविधिहरूको जगमा क्षेत्रीय एवम् विश्वव्यापी उत्पादन सञ्जालमार्फत व्यापार हुने क्रम घनीभूत हुँदैछ । यसले विकासशील मुलुकहरूलाई सम्पूर्ण मूल्य श्रृङ्खला मात्र नभई खण्ड-खण्डको उत्पादन र व्यापारमा केन्द्रित भई विकासको फड्को मार्ने अवसर दिएको छ । यसका लागि विदेशी लगानी र व्यापारलाई एकीकृत ढङ्गले

हेर्ने नीतिगत व्यवस्थाका साथै क्षेत्रीय कनेक्टिभिटीमा व्यापक लगानी एवम् गुणस्तर र प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्नु अनिवार्य छ ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

वाणिज्य क्षेत्रको विस्तार गरी निकासी प्रवर्द्धनमार्फत आर्थिक समृद्धि ।

### ३.२ लक्ष्य

आन्तरिक तथा अन्तर्राष्ट्रिय निर्यात व्यापार प्रवर्द्धन गरी कुल गार्हस्थ्य उत्पादनमा निर्यात व्यापार र निर्यातमा आधारित रोजगारी वृद्धि गर्दै लैजाने ।

### ३.३ उद्देश्य

१. आन्तरिक तथा अन्तर्राष्ट्रिय निर्यात व्यापार प्रवर्द्धन गर्दै स्थानीय कच्चा पदार्थ, स्रोत, साधन र सीप बढी प्रयोग हुने वस्तुको निकासी प्रवर्द्धनमार्फत प्राप्त हुने लाभलाई ग्रामीण तहसम्म विस्तार गर्नु ।
२. तुलनात्मक लाभका वस्तु तथा सेवाको मूल्य र गुणस्तरलाई प्रतिस्पर्धी बनाई व्यापार घाटा कम गर्नु ।

### ३.४ रणनीति

१. वाणिज्य क्षेत्रलाई अर्थतन्त्रको प्रमुख सम्भागको रूपमा स्थापित गर्न यस क्षेत्रलाई अर्थतन्त्रमा मूल प्रवाहीकरण र विदेशी एवम् स्वदेशी व्यापार र लगानीलाई एकीकृत दृष्टिले सहजीकरण गर्ने ।
२. वाणिज्य नीति र नेपाल व्यापार एकीकृत रणनीतिले पहिचान गरेका निर्यात हुने वस्तु तथा सेवाको उत्पादकत्वमा वृद्धि गर्न उत्पादनशील आयात, मूल्य अभिवृद्धि र मूल्य श्रृङ्खला व्यवस्थापनमा जोड दिँदै निर्यात प्रवर्द्धन गर्ने ।
३. निर्यात व्यापारका लागि पहिचान गरिएका र गरिने वस्तुको देशगत एवम् वस्तुगत व्यापार विविधीकरण गर्ने ।
४. वाणिज्य सम्बद्ध विद्यमान संरचना, पूर्वाधार एवम् आधारहरूको क्षमता अभिवृद्धि तथा सुदृढीकरणमा जोड दिँदै यसको अधिकतम उपयोग गर्ने ।

### ३.५ कार्यनीति

१. निर्यातका लागि सम्भाव्य मुख्य-मुख्य वस्तु तथा सेवाको निर्यात रणनीति तयार गरिनेछ । (१)
२. निर्यातजन्य क्षमताको सुदृढीकरण गरी अन्तर्राष्ट्रिय बजारमा उच्च मूल्य र कम आयतन भएका वस्तु र सेवाहरूको निकासी बढाइनेछ । (१)
३. निर्यातयोग्य वस्तु तथा सेवाको उत्पादन र विकासमा स्थानीय श्रम, सीप र प्रविधिको उपयोग गर्दै पृष्ठ तथा अग्र सम्बन्धहरू सुदृढ गरिनेछ । (१)
४. निजी क्षेत्रको प्रतिस्पर्धी क्षमता अभिवृद्धिका लागि निजी क्षेत्रसँगको साझेदारीमा वस्तुको उत्पादन, गुणस्तर सुधार र निर्यात प्रवर्द्धन गरिनेछ । (१)

५. क्षेत्रीय र विश्व बजारमा नेपाली वस्तु, सेवा तथा बौद्धिक सम्पत्तिको पहुँच अभिवृद्धि गरिनेछ ।(१)
६. व्यापार सहजीकरणमा देखिएको बढी समय र बढ्दो लागतको समस्यालाई सम्बोधन गर्न व्यापारजन्य प्रक्रियाहरूलाई सरलीकरण, पारवहन पूर्वाधार विकास, व्यापार विविधीकरण र गैह्र-भन्सार अवरोध हटाउँदै व्यापार कूटनीतिलाई थप सुदृढीकरण गरिनेछ । (१)
७. उद्योगको विकास र विस्तारद्वारा निर्यात प्रवर्द्धन गर्दै वस्तु तथा सेवाको बजार विविधीकरण एवम् विस्तार गर्न वाणिज्य नीति, २०७२ र नेपाल व्यापार एकीकृत रणनीति, २०७३ कार्यान्वयन गरिनेछ । (२)
८. वैदेशिक प्रत्यक्ष लगानीलाई व्यापारिक वस्तु उत्पादन र रोजगारी वृद्धिमा प्रोत्साहन गरिनेछ । (२)
९. साना र ठूला निर्यातजन्य उद्योगहरूबीच अन्तरसम्बन्ध हुने वातावरण सिर्जना गरिनेछ । (२)
१०. प्रतिस्पर्धा प्रवर्द्धनसम्बन्धी कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन एवम् अनुगमन गरी आन्तरिक व्यापार र आपूर्ति व्यवस्थालाई सहज र प्रभावकारी तुल्याइनेछ । (२)
११. उत्पादित वस्तुहरूमा अन्तर्राष्ट्रिय मापदण्डअनुसारको गुणस्तर सुनिश्चित गर्न गुणस्तर प्रयोगशालाहरूको स्थापना र विकास गरिनेछ । (२)
१२. व्यावसायिक योजनाको आधारमा मूल्य श्रृङ्खलाका लाभग्राहीहरूसँग लागत साझेदारीका आधारमा आवश्यक उपकरण, भौतिक सामग्री, बजार प्रवर्द्धन र सहजीकरण गरिनेछ । (२)
१३. निकासीजन्य उद्योगहरूलाई उत्पादनमूलक अन्य क्षेत्रहरू (कृषि, वन, पर्यटन, सडक, ऊर्जा आदि) सँग संयोजन गरी निकासी प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गरिनेछ । (२)
१४. लचिलो श्रम नीति र विशेष सहुलियतको व्यवस्था विशेष आर्थिक क्षेत्र लगायत अन्य क्षेत्रहरूमा लागु गरिनेछ । (२)
१५. वित्तीय स्रोतसाधन, सूचना र प्रविधिमा उत्पादक तथा उद्यमीहरूको पहुँच बढाइनेछ । (३)
१६. स्वस्थ व्यापार व्यवसायको अभिवृद्धिको लागि कार्यक्रम सञ्चालन गरिनेछ । (३)
१७. परम्परागत सीप र कौशल भएका वस्तु तथा सेवाको उत्पादनलाई संरक्षण प्रवर्द्धन र व्यवसायीकरण गरिनेछ । (४)
१८. आन्तरिक बजार तथा वस्तु र सेवाको बजारीकरणको संरचना र क्षमता अभिवृद्धि गरिनेछ । (४)
१९. भूकम्पबाट व्यापार तथा व्यवसायमा पुगेको क्षतिको पुनरूत्थान गर्ने कार्यक्रमहरू प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । (४)
२०. छिमेकी मुलुकहरूसँग भएका पारवहन र व्यापार सम्झौताबाट अधिकतम लाभ लिन संस्थागत व्यवस्था तथा पूर्वाधार विकास गरिनेछ । (४)
२१. आयात निर्यात बैङ्कको औचित्य बारे अध्ययन गरिनेछ । (४)
२२. व्यापार सम्बद्ध बौद्धिक सम्पत्तिसम्बन्धी सम्झौता (TRIPS) को दफा ६६(२) बमोजिम प्रविधि हस्तान्तरणबाट लाभान्वित हुन गरिएका अन्तर्राष्ट्रिय समझदारीहरूको उपयोग गरिनेछ । (४)

### ३.६ प्रमुख कार्यक्रमहरू

#### क. व्यापार सहजीकरण तथा पूर्वाधार विकास कार्यक्रम

१. सुख्खा बन्दरगाह निर्माण, स्तरोन्नति र विकास ।

२. चोभारमा कन्टनेर फ्रेट स्टेसन र अन्तर्राष्ट्रिय स्तरको प्रदर्शनी केन्द्र स्थापना ।
३. भन्सार नाकाहरूमा एकीकृत जाँच चौकीको निर्माण गरी एकै विन्दुबाट सेवा प्रवाह ।
४. देशको उत्तरी सिमानामा रहेका व्यापारिक नाकाहरूको सुधार र विस्तार गरी सञ्चालन ।
५. गुणस्तर परीक्षण प्रयोगशालाहरूको विस्तार र सुदृढीकरण ।
६. व्यापार सूचना पोर्टल स्थापना गरी सञ्चालन ।

**ख. वस्तु विकास कार्यक्रम**

१. तुलनात्मक तथा निर्यातयोग्य वस्तुहरूको उत्पादन वृद्धि, गुणस्तर सुधार तथा समग्र मूल्य श्रृङ्खलाको विकास ।
२. निजी क्षेत्रसँगको लागत साझेदारीमा उच्च मूल्य कम तौल भएका वस्तुहरू जस्तैः अदुवा, अलैंची, पस्मिना, कफी, अल्लोलगायतका उच्च निर्यात सम्भावना भएका वस्तुहरूको उत्पादन वृद्धि र गुणस्तर सुधारमा सहयोग ।
३. भण्डारण गृहहरू र प्रशोधन केन्द्रहरू निर्माण ।
४. उन्नत कृषि प्रणालीका लागि आर्थिक एवम् प्राविधिक सहयोग ।
५. विदेशमा उच्च माग भएका वस्तुहरूको सामूहिक व्यापार चिन्ह एवम् भौगोलिक सूचकलगायत बौद्धिक सम्पत्तिका अन्य आयामको दर्ता प्रमाणीकरण प्रणालीको विकास ।
६. ब्रान्डिङ, प्याकेजिङ र लेवलिङमा सहयोग पुग्ने कार्यक्रमहरू प्राथमिकताका साथ कार्यान्वयन ।

**ग. निर्यात प्रवर्द्धन तथा व्यापार विविधीकरण कार्यक्रम**

१. नेपाल व्यापार एकीकृत रणनीति, २०७३ ले पहिचान गरेका निर्यातयोग्य वस्तुहरूमध्ये प्राथमिकताका आधारमा देशगत र वस्तुगत निर्यात रणनीति तर्जुमा ।
२. सरकारी तथा निजी साझेदारीको अवधारणामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मेला, महोत्सवहरूमा आर्थिक सहयोग ।

**घ. सेवा व्यापार**

१. नेपाल व्यापार एकीकृत रणनीति, २०७३ ले पहिचान गरेका निर्यातयोग्य वस्तुहरूमध्ये प्राथमिकतामा रहेका सेवाक्षेत्रको निर्यात सम्भावनाको अध्ययन ।
२. हवाइ, बैङ्किङ, लजिस्टिक्स, शिक्षा, स्वास्थ्य, सेवासँग सम्बन्धित निकायहरूसँग समन्वय गर्दै सेवा निर्यात विकास, विस्तार र प्रवर्द्धन ।
३. सेवा व्यापारको तथ्याङ्क प्रणालीको विकास तथा कार्यान्वयन ।

**ङ. व्यापार सम्बद्ध क्षमता विकास कार्यक्रम**

१. निजी क्षेत्रको व्यापारजन्य क्षमता अभिवृद्धिको लागि कार्यक्रम सञ्चालन ।
२. निर्यातयोग्य वस्तुहरू जस्तैः चाँदी, रत्नपत्थरजस्ता वस्तुहरूको कटिङ, ब्रान्डिङ, लेबलिङ र प्याकेजिङका तालिमहरू सञ्चालन ।
३. महिला उद्यमीहरूलाई उपयुक्त घरेलु उद्यमसम्बन्धी तालिम सञ्चालन ।
४. अदुवा, अलैंची, लप्सीजस्ता उच्च मूल्य कम आयतन भएका वस्तुहरूको प्रशोधन गर्ने नयाँ प्रविधिको हस्तान्तरण ।

**च. व्यापार सूचना प्रणाली विकास कार्यक्रम**

१. कार्यक्रमहरू तथा व्यावसायिक फर्महरूको दर्ता र नवीकरण प्रक्रियालाई अनलाइनबाट सञ्चालन ।
२. एकीकृत सूचना प्रणाली कार्यान्वयन गर्न विद्युतीय पोर्टल सञ्चालन ।
३. व्यापार/बजार सूचना/निगरानी केन्द्र स्थापना ।

**छ. व्यापार अध्ययन अनुसन्धान कार्यक्रम**

१. विभिन्न देशहरूसँग गैरकर अवरोध र व्यापार सहजीकरणमा रहेका समस्याहरू एवम् व्यापार क्षमता विकास र निर्यात प्रवर्द्धनमा सहयोग पुग्ने खालका अध्ययन अनुसन्धान ।
२. विभिन्न देशहरूमा नेपाली वस्तुको निर्यात सम्भाव्यताको अध्ययन तथा विश्लेषण ।
३. व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रलाई थिङ्क ट्याङ्को रूपमा विकास ।

## ४. अपेक्षित उपलब्धि

देशगत व्यापार विविधीकरण भएको, योजना अवधिको अन्तिम वर्ष कुल गार्हस्थ्य उत्पादनसँग वस्तु निकासी अनुपात ३.१५ प्रतिशतबाट ४.१५ प्रतिशत र वस्तु तथा सेवा निकासीको अनुपात ६ प्रतिशतबाट १२ प्रतिशत पुगेको हुनेछ । त्यसैगरी व्यापार घाटा कुल गार्हस्थ्य उत्पादनको ३३ प्रतिशतबाट ३० प्रतिशतमा झरेको र निर्यात-आयात अनुपात १:१० मा झरेको हुनेछ ।

# ४.२.३ आपूर्ति

## १. पृष्ठभूमि

देशमा नागरिकहरूको दैनिक जीवनयापन गर्न आवश्यक वस्तु एवम् सेवा, खाद्यान्नको व्यवस्था, स्वास्थ्य उपचारका लागि आवश्यक औषधी, सामग्री र पेट्रोलियम पदार्थ आदि सहज, सुलभ र उचित मूल्यमा उपभोक्ताले पाउने व्यवस्था गर्नु अति आवश्यक हुन्छ । राज्यले एकातिर प्रतिस्पर्धी र स्वस्थ बजार संयन्त्रमार्फत आपूर्ति व्यवस्थापन गर्नुपर्दछ भने अर्कोतिर सामाजिक न्याय र राज्यको दायित्व पूरा गर्ने क्रममा आर्थिक रूपले कमजोर वर्गका जनतालाई अत्यावश्यक उपभोग्य वस्तुमा सहज पहुँचको वातावरण निर्माण गर्नुपर्दछ । यसका साथै उपभोक्ताको हकहितको संरक्षण र प्रवर्द्धन गर्दै वस्तु तथा सेवाको नियमित आपूर्ति गर्नु राज्यको महत्त्वपूर्ण जिम्मेवारी हो । आपूर्ति व्यवस्थापनमा सुधार ल्याउन खाद्यान्न र नुन ढुवानीमा अनुदानको व्यवस्था, खाद्यान्नजस्ता अत्यावश्यक वस्तुहरूको सञ्चयका लागि आवश्यक क्षमताको गोदामको व्यवस्था, सडक सञ्जालको विस्तार, हवाई सेवाको विस्तार, बजार अनुगमनको व्यवस्था, द्विपक्षीय र बहुपक्षीय व्यापार सम्झौता, आपूर्ति नीति, २०६९ कार्यान्वयन, आवश्यक ऐन नियम र संस्थागत व्यवस्था, निजी क्षेत्रसँग सहकाय, र उपभोक्ता हित संरक्षणका लागि उपभोक्ता संरक्षण ऐन, २०५४ को कार्यान्वयन गरिएको छ । यस्तै नेपाल आयल निगमले रु. २ अर्ब ६० करोडको मूल्य स्थिरीकरण कोषको व्यवस्था गरी खरिद मूल्यका आधारमा स्वतः पेट्रोलियम पदार्थको मूल्य समायोजन हुने प्रणाली लागु गरेको छ ।

उल्लिखित व्यवस्थाहरू गरिएको भए तापनि समय-समयमा वस्तु तथा सेवाको आपूर्तिमा समस्या देखापर्ने गरेका छन् । खासगरी बन्द, हड्ताल, सीमा नाकामा अवरोध, एकाधिकार प्रवृत्ति र फितलो

अनुगमनजस्ता कारणबाट आपूर्ति व्यवस्थापनमा समस्याहरू देखापरेका छन् । अर्कोतर्फ खाद्यान्नको मागअनुरूप उत्पादन नहुनु, पेट्रोलियम पदार्थ तथा ग्यासको आन्तरिक उत्पादन नहुनु, विद्युत्को माग बढ्दै जानु तर उत्पादन सोअनुरूप नहुनु, आपूर्तिसम्बन्धी छुट्टै कानुनी व्यवस्था नहुनु र भएका कानुनहरूको कडाइका साथ पालना गराउन नसकिनु यस क्षेत्रका जटिल समस्याहरू हुन् ।

## २. चुनौती तथा अवसर

### चुनौती

बजारको नियमित र प्रभावकारी अनुगमन गरी स्वच्छ, प्रतिस्पर्धी र सक्षम बजार संयन्त्रमार्फत आपूर्ति व्यवस्था सहज बनाई उपभोक्ताको हकहित संरक्षण गर्नु, खाद्यान्नको उत्पादनमा आएको कमी र उच्च मूल्य वृद्धिका सन्दर्भमा खाद्य वस्तुको सहज आपूर्ति बनाइराख्नु र राष्ट्रियस्तरमा खाद्य सुरक्षाको प्रत्याभूति गराइराख्नु आपूर्तिका मुख्य चुनौती हुन् । त्यस्तै सरकारी, निजी, सामुदायिक र अन्तरमन्त्रालय समन्वयमा अपेक्षाअनुरूप आधारभूत उपभोग्य वस्तु तथा सेवाको आपूर्ति प्रणाली सुदृढ र प्रभावकारी बनाउनु, पेट्रोलियम पदार्थको मूल्यमा आउने उतारचढाव, मुद्रास्फीतिलगायतका कारणले इन्धन आपूर्तिमा कठिनाइ उत्पन्न हुनु, व्यावसायिक र वैज्ञानिक कृषि प्रणाली अपनाउन नसक्नु, लामो समयदेखि कर्णालीलगायतका दुर्गम जिल्लाहरूमा ढुवानी अनुदान र सरकारमाथिकै निर्भरता बढ्दै जानु यस क्षेत्रका अन्य चुनौती हुन् ।

### अवसर

स्थानीय स्तरमा उत्पादन र उत्पादकत्व बढाई जनतालाई खाद्यान्न उपलब्धतामा आत्मनिर्भर बनाउन सकिने, दुर्गम क्षेत्रमा स्थानीय उत्पादन उपभोग गर्ने बानी बसाली खाद्यान्न परनिर्भरतालाई क्रमश: कम गर्दै लैजान आहार परिवर्तनसम्बन्धी ठोस कार्यक्रम सञ्चालन गर्न सकिने, पेट्रोलियम पदार्थको आयातको स्रोत र वितरण प्रणाली विविधीकृत गर्न सकिने, जलविद्युत् तथा अन्य वैकल्पिक ऊर्जाको उत्पादन वृद्धिबाट पेट्रोलियमको आयात घटाउन सकिने, वैज्ञानिक कृषि प्रणालीको अवलम्बन गरी उत्पादन बढाउन सकिने विद्यमान सम्भावनाहरू यस क्षेत्रका अवसर हुन् ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

गुणस्तरयुक्त उपभोग्य वस्तु तथा सेवाको सहज र सर्वसुलभ आपूर्ति हुने वातावरणको सुनिश्चिततासहित उपभोक्ताको हक र हितको संरक्षण ।

### ३.२ लक्ष्य

गुणस्तरयुक्त उपभोग्य वस्तु तथा सेवा सर्वसुलभ ढङ्गले वितरणको व्यवस्था मिलाई आपूर्ति व्यवस्था बढी प्रभावकारी बनाउने ।

### ३.३ उद्देश्य

१. उपभोक्ताको हकहित संरक्षण गर्दै दैनिक उपभोग्य वस्तु तथा सेवा नियमित र सहज रूपमा आपूर्ति हुने व्यवस्था मिलाउनु ।

२. बजार प्रणालीलाई प्रतिस्पर्धी र उपभोक्ताप्रति जिम्मेवार तुल्याउँदै विपद्‌को समयमा समेत उपभोग्य वस्तुको आपूर्ति हुने व्यवस्था सुनिश्चित गर्नु ।

३. आपूर्ति व्यवस्थालाई दिगो, सुनिश्चित, गुणस्तरीय र प्रभावकारी बनाउनु ।

### ३.४ रणनीति

१. वस्तु तथा सेवाको सहज एवम् मितव्ययी आपूर्तिको लागि सरकारी, निजी, सामुदायिक र सहकारी संस्थाहरूबीच प्रभावकारी समन्वय गर्ने ।

२. लोककल्याणकारी राज्यको अवधारणाअनुरूप नीतिगत तथा संरचनागत सुधार गरी आधारभूत वस्तु र सेवाको कम लागतमा आपूर्ति व्यवस्थापन गर्ने ।

३. दैनिक उपभोग्य वस्तु तथा सेवालाई सुलभ बनाउन नियमित रूपमा बजार अनुगमन गरी कानुनअनुसार बजार नियमन गर्ने ।

४. विपद्‌को समयमा पनि वस्तु तथा सेवाको आपूर्ति सहज बनाउन संस्थागत क्षमता विकास र विस्तार गर्ने तथा भण्डारण क्षमता वृद्धि गर्ने ।

### ३.५ कार्यनीति

१. खाद्यान्न, पेट्रोलियम पदार्थ, औषधीलगायतका आधारभूत आवश्यकताका वस्तुहरूको उत्पादन, भण्डारण र वितरण क्षमता अभिवृद्धि गरी आपूर्ति व्यवस्था सहज एवम् सुलभ तुल्याइनेछ । (१)

२. स्थानीय स्तरमा खाद्यान्न उत्पादन वृद्धि तथा खाद्य आनीबानीमा परिवर्तन ल्याउन आहार परिवर्तन कार्यक्रम कार्यान्वयन गरिनेछ । (१)

३. प्रक्रियागत सरलीकरण र संस्थागत सुधारमार्फत व्यापारको कारोबार लागत घटाउन विशेष जोड दिइनेछ । (२)

४. प्रतिस्पर्धा प्रवर्द्धन तथा उपभोक्ता हित संरक्षणसम्बन्धी कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन एवम् अनुगमन गरी आन्तरिक व्यापार र आपूर्ति व्यवस्थालाई सहज र प्रभावकारी तुल्याइनेछ । (२)

५. क्षेत्रगत पहिचानका विशेष उत्पादनहरूलाई बजार पहुँच पुऱ्याउनका लागि सहजीकरण गरिनेछ । (२)

६. कर्णालीलगायत दुर्गम क्षेत्रहरूमा खाद्यान्नमा आत्मनिर्भर बनाउनको लागि एकीकृत कार्यक्रम सञ्चालन गरिनेछ । (२)

७. सहज आयातमार्फत वस्तु र सेवाको आपूर्ति व्यवस्था गर्न व्यापार विविधीकरणमा जोड दिइनेछ । (२)

८. आपूर्ति व्यवस्थापनसँग सम्बन्धित निकायहरूलाई केन्द्रदेखि स्थानीय तहसम्म सबल, प्रभावकारी र उत्तरदायी बनाइनेछ । (२)

९. न्यून आय वर्गको हित संरक्षण गर्नका लागि सार्वजनिक आपूर्ति प्रणालीलाई सुलभ, पारदर्शी र प्रभावकारी बनाइनेछ । (२)

१०. दैनिक उपभोग्य वस्तु तथा सेवा नियमित र सहज रूपमा आपूर्ति हुने व्यवस्था सुनिश्चित गर्न आपूर्ति नीति, २०६९ मा परिमार्जन गरी कार्यान्वयनमा ल्याइनेछ। (३)

११. उपभोक्ता जागरण तथा सशक्तीकरण कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ। (३)

१२. बजार अनुगमन सघन एवम् नियमित बनाउँदै सूचना प्रविधिको प्रयोग बढाई कालोबजारी नियन्त्रणका लागि आवश्यक कानुनी, संस्थागत तथा प्रक्रियागत सुधार गरिनेछ। (३)

१३. खाद्यान्न, औषधी र पेट्रोलियम पदार्थको सङ्कटकालीन मौज्दात कायम गरिनुका साथै यस्ता वस्तुहरूको भण्डारण क्षमता बढाउँदै लगिनेछ। (४)

१४. पेट्रोलियम पदार्थको आपूर्ति र वितरण व्यवस्थालाई विविधीकरण गर्न आवश्यक कानुनी र संस्थागत प्रावधानहरूको विकास गरिनेछ। (४)

### ३.६ प्रमुख कार्यक्रमहरू

**क. उपभोक्ता जागरण तथा सचेतना कार्यक्रम**

१. सातै प्रदेशहरूमा उपभोक्ता जागरण तथा सचेतना तालिम सञ्चालन गर्ने, पत्रपत्रिका तथा टेलिभिजनमार्फत उपभोक्तालाई सन्देशमूलक सूचना सम्प्रेषण।

२. पेट्रोलियम पदार्थ तथा एलपी ग्यास जस्ता प्रज्वलनशील पदार्थको सुरक्षित प्रयोगबारे सूचना सम्प्रेषण।

३. सम्बद्ध कर्मचारीहरूको क्षमता अभिवृद्धि।

**ख. आपूर्ति व्यवस्थापन तथा बजार अनुगमन कार्यक्रम**

१. प्रत्येक प्रदेशमा दुईओटाका दरले कम्तीमा १४ ओटा आपूर्ति व्यवस्थापन तथा बजार अनुगमन कार्यालय स्थापना।

२. अत्यावश्यक वस्तुहरूको सङ्कलन र भण्डारण।

३. सघन एवम् द्रुत अनुगमन तथा निरीक्षण कार्यको निरन्तरता।

४. सरोकारवालाहरूसँगको समन्वयमा आपूर्ति श्रृङ्खला व्यवस्थापनका विविध पक्षहरूलाई एकीकृत गरी कार्यक्रमहरू सञ्चालन।

५. खाद्य आनीबानीमा परिवर्तन ल्याउन उत्प्रेरक कार्यक्रमहरू सञ्चालन।

६. मूल्यसूचीमा आधारित सफ्टवेयरमार्फत अनुगमनको प्रभावकारिता।

**ग. खाद्यान्न ढुवानी कार्यक्रम**

१. कर्णालीलगायतका दुर्गम जिल्लाहरूमा खाद्यान्न ढुवानी कार्यक्रमको निरन्तरता तथा स्थानीय खाद्य वस्तु खरिद विशेष कार्यक्रम सञ्चालन।

२. राष्ट्रिय खाद्य सुरक्षा बैङ्क र सार्क खाद्य सुरक्षा बैङ्क भण्डार एवम् बफर स्टक सञ्चालन।

३. नेपाल खाद्य संस्थानअन्तर्गत २२ जिल्लामा गोदामहरूको पुनर्निर्माण, मर्मतसम्भार गरी भण्डारण क्षमता सुदृढीकरण।

४. सुपथ मूल्य पसलहरूको श्रृङ्खला विस्तार ।

**घ. कण्ठरोग नियन्त्रण कार्यक्रम**

१. तोकिएका दुर्गम जिल्लाहरूमा कण्ठरोग नियन्त्रणका लागि आयोडिनयुक्त नुन ढुवानी ।

**ङ. पेट्रोलियम पदार्थको भण्डारण क्षमता अभिवृद्धि कार्यक्रम**

१. रक्सौल-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन निर्माण ।

२. न्यूनतम ९० दिनसम्मलाई पुग्ने गरी भण्डारण क्षमता वृद्धि ।

३. काभ्रेपलाञ्चोक, नुवाकोट, तनहुँलगायत सातै प्रदेशमा भण्डारण स्थल निर्माण ।

## ४. अपेक्षित उपलब्धि

दुर्गम क्षेत्रमा कम्तीमा ६० हजार मे. टन (प्रत्येक वर्ष न्यूनतम २० हजार मे. टन) खाद्यान्न र मुलुकभर २१ हजार मे. टन (प्रतिवर्ष न्यूनतम ७ हजार मे. टन) आयोडिनयुक्त नुन ढुवानी भएको हुनेछ । खाद्यान्न ढुवानी अनुदान दिने जिल्लाहरूको सङ्ख्या घटेको हुनेछ । राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा २५,००० मे. टन तथा सार्क खाद्य सुरक्षा बैङ्कमा ८,००० मे. टन खाद्यान्न सुरक्षित भएको, ९० दिनसम्मको आवश्यकता धान्न सक्ने गरी पेट्रोलियम पदार्थको भण्डारण क्षमता विकास कार्य सुरु भएको, रक्सौल-अमलेखगञ्ज ४१ कि.मि. लामो पेट्रोलियम पाइपलाइन परियोजनाको काम सम्पन्न भएको र गरिब तथा न्यून आय भएका परिवारहरूका लागि सुपथ मूल्यमा वस्तु तथा सेवा उपभोग गर्न पाउने व्यवस्थाको विस्तार भएको हुनेछ ।

## ४.२.४ पर्यटन

## १. पृष्ठभूमि

प्राकृतिक, साँस्कृतिक, साहसिक, ऐतिहासिक तथा धार्मिक दृष्टिबाट नेपाल विश्वकै एक प्रमुख पर्यटकीय गन्तव्य देश हो । पर्यटकीय गन्तव्यहरूको विविधीकरण गर्दै नयाँ पर्यटकीय स्थल र उपजहरूको पहिचान, विकास तथा पर्यटकीय पूर्वाधारहरूको विकास गरी पर्यटन उद्योगलाई राष्ट्रिय अर्थतन्त्रको एक प्रमुख आधारको रूपमा विकास गर्न जरूरी छ । पर्यटन प्रवर्द्धनको माध्यमबाट रोजगारीका अवसरमा वृद्धि गरी गरिबी न्यूनीकरण गर्दै जनताको जीवनस्तरमा सुधार गर्नु आवश्यक छ ।

छिमेकी मुलुकहरूको मध्यम आय भएको ठूलो जनसङ्ख्या र उच्च आर्थिक वृद्धिबाट सिर्जित अवसरबाट लाभ प्राप्त गरी नेपालमा पर्यटन आगमन द्रुततर रूपमा वृद्धि हुने राम्रो सम्भावना रहेको छ । यसबाट उच्च रोजगारी सिर्जना र आयको वितरणमा पनि सहयोग पुग्नेछ । पर्यटन क्षेत्रको अर्थतन्त्रमा योगदान बढ्न सक्ने अवस्था रहे तापनि पर्यटनबाट आशातीत प्रतिफल प्राप्त हुन सकेको छैन । खासगरी पर्यटन पूर्वाधार विकास नहुनु, राजनैतिक सङ्क्रमण लम्बिनु, गत साल गएको भूकम्पका कारण सांस्कृतिक र पर्यटकीय पूर्वाधारमा क्षति पुग्न जानुजस्ता कारणले पर्यटन आगमन, बसाइ र उनीहरूले गर्ने खर्चमा उल्लेखनीय वृद्धि हुन सकेको छैन । विगतमा सरकारले पर्यटन क्षेत्रको विकासका लागि

गरेको प्रयास स्वरूप पर्यटन आगमन सङ्ख्या आ.व. २०७२/७३ मा ७ लाख १० हजार र पर्यटकको बसाइ अवधि करिब १२.४ दिन र विदेशी मुद्रा आर्जन वार्षिक ४९.८ करोड अमेरिकी डलर पुगेको छ ।

## २. चुनौती तथा अवसर

### चुनौती

विनाशकारी भूकम्प तथा त्यसपछिका परकम्पबाट क्षतिग्रस्त पर्यटकीय गन्तव्य तथा पुरातात्विक सम्पदाहरूलाई पुनर्निर्माण गरी पहिलेको अवस्थामा पुनर्स्थापन गर्दै पर्यटन क्षेत्रलाई पूर्वावस्थामा फर्काउनु यस क्षेत्रको प्रमुख चुनौती हो । भूकम्प तथा आपूर्ति अवरोधबाट अन्तर्राष्ट्रिय जगत्‌मा नेपालको पर्यटन क्षेत्रमा परेको नकारात्मक प्रभावलाई प्रवर्द्धन तथा बजारीकरणका माध्यमबाट निराकरण गर्दै यस क्षेत्रको पुनरूत्थान गर्नु, प्राचीन सम्पदाहरूमा बढ्दो अतिक्रमणलाई रोक्नु, पर्याप्त पर्यटकीय सूचनाको व्यवस्था गर्नु, हवाई सेवालाई थप भरपर्दो बनाउनु, पर्यटन क्षेत्रबाट प्राप्त लाभको न्यायोचित वितरण तथा नयाँ पर्यटकीय गन्तव्य स्थलहरूको खोजीसँगै पूर्वाधार विकासमार्फत पर्यटकीय उपजको विकास गरी पर्यटकीय सेवा तथा गन्तव्यको विविधीकरण गर्नु समेत चुनौतीका रूपमा रहेका छन् ।

### अवसर

मुलुकमा अद्वितीय पर्यटकीय क्षेत्र रहनु, पर्यटकीय क्षेत्रमा पूर्वाधार विकास हुँदै जानु, छिमेकी राष्ट्रहरूको उच्च आर्थिक वृद्धिबाट ती राष्ट्रहरूमा मध्यम आयवर्गको वृद्धि तीव्र हुँदै जानु, पर्यटन पूर्वाधार वृद्धिमा सरकारको जोड रहनु र निजी क्षेत्रको पर्यटन क्षेत्रमा लगानी वृद्धि हुनु यस क्षेत्रको विकासका अवसरका रूपमा रहेका छन् ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

आर्थिक समृद्धिका लागि पर्यटन विकास ।

### ३.२ लक्ष्य

पर्यटन क्षेत्रको विकासमार्फत आर्थिक वृद्धि र रोजगारीका अवसर अभिवृद्धि गर्ने ।

### ३.३ उद्देश्य

१. देशलाई आकर्षक तथा थप सुरक्षित गन्तव्यको रूपमा विकास गर्दै पर्यटन आगमनमा उल्लेखनीय वृद्धि गरी जनताको आयस्तरमा वृद्धि गर्नु ।

२. पर्यटकीय गन्तव्य स्थल तथा उपजमा विविधीकरण र विकास गर्नु ।

३. नेपालका प्रमुख पर्यटकीय उपजहरूको बजारीकरण तथा प्रवर्द्धन गर्नु ।

### ३.४ रणनीति

१. पर्यटन प्रर्वद्धन र पर्यटन विकास गर्न सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रसँग साझेदारी एवम् सहकार्य गर्ने ।

२. ग्रामीण पर्यटनमार्फत यस क्षेत्रका लाभलाई जनस्तरसम्म पुऱ्याउने ।

३. मुलुकमा सबै मौसममा पर्यटकीय क्रियाकलापहरू सञ्चालनका लागि आन्तरिक पर्यटनलाई प्रोत्साहन गर्ने ।

४. स्थापित तथा नयाँ पर्यटकीय गन्तव्य स्थलहरूको एकीकृत र समन्वयात्मक रूपमा पूर्वाधार विकास गर्ने र पर्यटन क्षेत्रको विकास र विविधीकरण गर्न वैदेशिक लगानी आकर्षित गर्ने ।

### ३.५ कार्यनीति

१. प्रमुख पर्यटकीय स्थलहरूसम्म सहज पहुँच बनाउन पर्यटन पदमार्गमार्फत एकीकृत पर्यटकीय र मनोरञ्जन स्थल निर्माण तथा सञ्चालनमा निजी क्षेत्रको लगानी प्रोत्साहन गरिनेछ । (१)

२. पर्यटन पूर्वाधार विकासमा स्थानीय निकाय, स्थानीय समुदाय तथा निजी क्षेत्रको नेतृत्वदायी भूमिका र सहभागितालाई प्रोत्साहित गरिनेछ । (१)

३. पर्या-पर्यटन तथा कृषि पर्यटनलाई प्रवर्द्धन गरी पर्यटन क्षेत्रलाई थप वातावरणमैत्री बनाइनेछ । (१)

४. प्रस्तावित राष्ट्रिय पर्यटन रणनीति योजना (२०१६-२०२६) को कार्यान्वयन प्रारम्भ गरिनेछ । (१)

५. साहसिक पर्यटकको आगमनमा अभिवृद्धि गर्न पदमार्गको उपयुक्तताका आधारमा आवश्यक पूर्वाधारसहित स्थानको पहिचान र विकास गरिनेछ । (२)

६. प्रत्येक प्रदेशमा एक/एक पर्यटक गन्तव्य तोकी ती स्थानहरूमा पूर्वाधार विकास गरिनेछ । (२)

७. पर्यटन क्षेत्रबाट प्राप्त हुने लाभलाई न्यायोचित वितरण गर्नसमेत पर्यटकीय गन्तव्यको विविधीकरण गरिनेछ । (३)

८. नेपाललाई आकर्षक गन्तव्यको रूपमा स्थापित गर्न विदेशस्थित नेपाली कूटनीतिक नियोग तथा गैरआवासीय नेपाली सङ्घसंस्थालाई परिचालन गरिनेछ । (३)

९. प्रतिपर्यटक खर्च वृद्धिका लागि पर्यटकको बसाइ अवधि लम्ब्याउने र यसका लागि पर्यटकीय सेवा सुविधा तथा सुरक्षाको प्रत्याभूति बढाउने वातावरण निर्माण गरिनेछ । (३)

१०. पर्यटन प्रवर्द्धन गर्न छिमेकी मुलुकहरू तथा नयाँ पर्यटन गन्तव्यहरूको व्यापक रूपमा प्रचार एवम् प्रवर्द्धन गरिनेछ । (३)

११. प्रमुख पर्यटकीय क्षेत्रहरूमा विपद् तथा जलवायुजन्य प्रकोपका घटनाहरू पहिचान गर्ने तथा विपद् र जलवायुजन्य जोखिम न्यूनीकरण एवम् पूर्व तयारी योजना तयार गरी कार्यान्वयन गरिनेछ । (३)

१२. साहसिक पर्यटनको दिगो विकास गर्न पर्वतारोहणलाई थप व्यवस्थित र वातावरणमैत्री बनाइनेछ । (४)

१३. पर्यटन क्षेत्रको लाभलाई ग्रामीण तहसम्म पुऱ्याउन होमस्टेलाई एक प्रमुख माध्यमको रूपमा विकास गरिनेछ। (४)

१४. धार्मिक प्रतिष्ठानहरूको प्रवर्द्धन गर्दै सबै जातजातिको रीतिरिवाज परम्परा आदि झल्कने गरी राष्ट्रिय स्तरको सांस्कृतिक सङ्ग्रहालय निर्माण गरिनेछ। (४)

१५. नेपाल वायुसेवा निगमको व्यवस्थापकीय सुधार गर्दै थप प्रमुख अन्तर्राष्ट्रिय पर्यटन बजारसम्म पहुँच स्थापित गरिनेछ। (५)

१६. हवाई सुरक्षा व्यवस्थालाई प्राथमिकता दिई स्थानीय मौसमको विवरण पाउने व्यवस्था, हवाई सुरक्षाको अनुगमन, विभिन्न विमानस्थलहरूमा आपत्कालीन अवतरण गर्न सक्ने व्यवस्था आदि गरिनेछ। (४)

१७. वि.सं. २०७३ लाई 'आन्तरिक भ्रमण वर्ष' र सन् २०१८ लाई 'नेपाल भ्रमण वर्ष' को रूपमा मनाइनेछ। (४)

१८. छिमेकी मुलुकहरूलाई केन्द्रित गरी निजी क्षेत्रसँगको सहकार्यमा पर्यटन प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ। (४)

१९. पर्यटन प्रवर्द्धन गर्न छिमेकी मुलुकहरू तथा नयाँ पर्यटन गन्तव्यहरूको व्यापक रूपमा प्रचार एवम् प्रवर्द्धन गरिनेछ। (४)

## ३.६ प्रमुख कार्यक्रमहरू

### क. पर्यटन पूर्वाधारहरूको विकास

१. प्रमुख पर्यटकीय स्थलहरूसम्म आवश्यक पूर्वधारहरू (विश्रामस्थल, चमेना गृह, शौचालय, पोर्टर सेल्टर, पर्यटक संरचना केन्द्र आदि) सहित सहज पहुँच हुने गरी स्थानीय निकाय, समुदाय तथा निजी क्षेत्रको सहकार्य र सहभागितामा पर्यटन पदमार्ग लगायत एकीकृत पर्यटकीय र मनोरञ्जन स्थल निर्माण तथा सञ्चालन।

२. प्रत्येक प्रदेशमा पहिचान गरिएका पर्यटकीय गन्तव्य स्थलहरूमा राष्ट्रिय पर्यटन रणनीति योजना, (सन् २०१६-२०२५) अनुरूप आवश्यक पूर्वाधारको विकास।

३. पशुपति, लुम्बिनीलगायतका राष्ट्रिय गौरवका आयोजनाहरूको गुरुयोजना अनुसारको पूर्वाधार विकास।

४. बृहत्तर जनकपुर क्षेत्र विकासलगायत महत्त्वपूर्ण धार्मिक साँस्कृतिक स्थलहरूको गुरुयोजना अनुसार पर्यटकीय गन्तव्य स्थलका रूपमा विकास।

### ख. नीतिगत तथा संस्थागत सुधार

१. पर्यटन क्षेत्रको सुधार र आन्तरिक पर्यटन प्रवर्द्धनका लागि सम्बन्धित ऐन, नियमहरूमा समसामयिक सुधार तथा आवश्यक नयाँ नियमावलीको तर्जुमा।

२. नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानको सुदृढीकरण।

३. पर्वतीय प्रशिक्षण प्रतिष्ठानको पूर्वाधार विकास तथा सञ्चालन ।

**ग. पर्यटन प्रवर्द्धन**

१. पर्यटनको प्रतिफल ग्रामीण जनस्तरसम्म पुऱ्याई गरिबी न्यूनीकरणमा सघाउन पर्या-पर्यटन, कृषि पर्यटन तथा ग्रामीण पर्यटन विकासका लागि सामुदायिक एवम् निजी होमस्टेको स्तरवृद्धि लगायतका प्रवर्द्धनात्मक कार्यक्रम ।

२. निजी क्षेत्रको सहकार्यमा पर्यटकीय उद्योगको व्यवस्थापनमा सुधार एवम् प्रभावकारिता वृद्धि गर्न वेवसाइटमा आबद्ध गरी पर्यटन विभागको कार्य सञ्चालनमा अटोमेसन पद्धतिको कार्यान्वयन ।

३. पर्यटन प्रवर्द्धनका लागि देशभित्र र बाहिर सरकारी, निजी तथा अन्य क्षेत्रसमेतको सहभागितामा प्रचारप्रसार अभियान कार्यक्रमहरू सञ्चालन ।

४. अन्तर्राष्ट्रिय रूपमा नेपाललाई आकर्षक गन्तव्यको रूपमा स्थापित गर्न कूटनीतिक नियोगहरूमार्फत प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन ।

५. वि.सं. २०७३ लाई आन्तरिक भ्रमण वर्ष र सन् २०१८ लाई नेपाल भ्रमण वर्षको रूपमा मनाउन पर्यटनसम्बन्धी विविध कार्यक्रम सञ्चालन ।

६. साहसिक पर्यटनलाई पर्यटकीय उपजको रूपमा विकास गर्न स्की, रकक्लाइमिङ, प्याराग्लाइडिङ, बन्जी जम्पिङजस्ता क्रियाकलापहरूलाई प्रोत्साहन ।

७. पर्वतीय पर्यटनको विकासका लागि हिमालहरूको सहज रूपमा सूचना प्राप्त हुने गरी हिमालचुलीहरूको पिक प्रोफाइल तयार ।

८. पर्यटन प्रवर्द्धनका लागि गुरिल्ला ट्रेललाई प्राथमिकताका साथ विकास ।

**४. अपेक्षित प्रतिफल**

योजनाको अन्त्यमा विदेशी पर्यटन आगमन सङ्ख्या वार्षिक १२ लाख, विदेशी पर्यटकहरूको सरदर बसाइ अवधि १५ दिन र सरदर दैनिक खर्च ६० अमेरिकी डलर पुगेको हुनेछ । पर्यटन क्षेत्रबाट पहिलो, दोस्रो र तेस्रो वर्ष क्रमशः २५ हजार, ४० हजार र ४५ हजार थप रोजगारी सिर्जना भएको हुनेछ ।

## ४.३ आर्थिक कूटनीति तथा विकास

### १. पृष्ठभूमि

विकासका साझा चुनौतीहरूको सामना, व्यापार तथा लगानी प्रवर्द्धन, साझा पूर्वाधार विकास र जलवायु परिवर्तन अनुकूलनका लागि मुलुकहरूबीच परस्पर सहकार्य जरुरी भएको छ । यस परिवेशमा अन्तर्राष्ट्रिय सम्बन्धको एक प्रमुख आधारको रूपमा विकास हुँदै गएको आर्थिक कूटनीतिमा सरकारी, निजी र गैरसरकारी क्षेत्रको भूमिका उत्तिकै महत्त्वपूर्ण रहेको हुन्छ । नेपालले विकास कूटनीतिको सिलसिलामा बहुपक्षीय र द्विपक्षीय धेरै मुलुकहरूसँग व्यापार, लगानी तथा श्रम सम्झौताहरू गरेको छ भने अन्तर्राष्ट्रिय संस्थाहरूसँग विकास साझेदारी पनि अघि बढेको छ ।

## २. चुनौती तथा अवसर

### चुनौती

व्यापार, लगानी, सहायता र प्रविधि हस्तान्तरणलाई प्रवर्द्धन गर्नु, प्राथमिकताका क्षेत्रमा विकास सहायताको अधिकतम परिचालन हुनु, परस्पर निर्भरताको अवस्थाबारे बुझाइराख्नु, आन्तरिक समन्वय तथा साधन स्रोतको उच्चतम उपयोग गर्न क्षमता विकास गर्नु र विकासमा न्यूनतम साझा समझदारी विकास गर्नु चुनौतीका रूपमा रहेका छन् ।

### अवसर

नयाँ संविधान जारी भएपश्चात् बन्दै गएको अन्तर्राष्ट्रिय सकारात्मक वातावरण, नेपालप्रतिको अन्तर्राष्ट्रिय जगत्को सद्भाव, नेपालले द्विपक्षीय, क्षेत्रीय तथा बहुपक्षीय सम्झौताहरूबाट हासिल गरेको अन्तर्राष्ट्रिय बजारमा सहज प्रवेश, प्राकृतिक स्रोत साधनतथा भू-अवस्थितिबाट सिर्जित क्षेत्रीय बजार सम्भावना र विदेशमा रहेका नेपाली जनशक्तिको सीप, क्षमता र अनुभव तथा विप्रेषणको विकासमा अधिकतम परिचालन यस क्षेत्रका अवसर हुन् ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

सुदृढ आर्थिक कूटनीतिका माध्यमबाट नेपालको सामाजिक र आर्थिक रूपान्तरण ।

### ३.२ लक्ष्य

अन्तर्राष्ट्रिय साझेदारी, सहकार्य तथा कूटनीतिक नियोग परिचालन गरी आर्थिक विकासका लक्ष्य हासिल गर्ने ।

### ३.३ उद्देश्य

व्यापार, लगानी, पर्यटन तथा रोजगारी प्रवर्द्धन गर्न अन्तर्राष्ट्रिय, क्षेत्रीय र द्विपक्षीय सम्बन्ध सुदृढ गर्नु ।

### ३.४ रणनीति

१. कूटनीतिक संयन्त्र र नेपाली समुदायको परिचालनका साथै अन्तर्राष्ट्रिय सम्झौताको प्रभावकारी कार्यान्वयनमार्फत निर्यात विस्तार, वैदेशिक लगानी तथा प्रविधि परिचालन र पर्यटन विकास गर्ने ।
२. वैदेशिक रोजगारीलाई व्यवस्थित, मर्यादित र उत्पादनशील बनाउने ।
३. क्षेत्रीय अन्तर्निर्भरता विकास गर्दै राष्ट्रिय प्राथमिकताका क्षेत्रमा वैदेशिक लगानी र विकास सहयोग परिचालन गर्ने ।

### ३.५ कार्यनीति

१. नेपाली उत्पादनको बजार विस्तार लागि बहुपक्षीय तथा द्विपक्षीय सम्झौताहरूबाट उपलब्ध भन्सार र परिमाण सीमारहित सुविधाको उपयोग गर्दै निर्यात बजार विस्तार गरिनेछ । (१)

२. जलस्रोत, उद्योग, भौतिक पूर्वाधार, पर्यटनलगायतका प्राथमिकताका क्षेत्रमा वैदेशिक लगानी बढाउन कूटनीतिक सम्बन्ध परिचालन गरिनेछ । (१)
३. छिमेकी मित्र राष्ट्रहरूको सहयोग र सहकार्यमा नेपालमा लगानी, स्रोत मुलुक लक्षित पर्यटन अभिवृद्धि तथा नेपाली उत्पादनको बजार प्रवर्द्धनमा जोड दिइनेछ । (१)
४. उल्लेख्य सङ्ख्यामा नेपालीहरू रहेका मुलुकहरूलाई नेपाली उत्पादनको बजार विस्तारका लागि प्रवेश विन्दुको रूपमा उपयोग गरिनेछ । (१)
५. विप्रेषणको उत्पादनमूलक प्रयोग तथा विदेशमा रहेका नेपालीहरूको सीप, क्षमता र अनुभवलाई विकास निर्माणतर्फ उत्प्रेरित गर्न कूटनीतिक नियोगहरू परिचालन गरिनेछ । (२)
६. गन्तव्य मुलुकहरूसँग द्विपक्षीय सम्झौता गर्दै वैदेशिक रोजगारीलाई थप सुरक्षित र मर्यादित बनाइनेछ । (२)
७. छिमेकी मित्र राष्ट्रहरूसँगको अन्तरनिर्भता अभिवृद्धि हुने गरी नेपालको भौगोलिक अवस्थिति र प्राकृतिक साधन-स्रोतको बहुआयामिक उपयोग गरिनेछ । (३)
८. कूटनीतिक र रणनीतिक रूपमा उपयुक्त विकास सहयोगलाई एकद्वार प्रणालीअनुसार सरकारी संयन्त्रमार्फत राष्ट्रिय प्राथमिकता क्षेत्रमा केन्द्रित गरिनेछ । (३)

### ३.६ प्रमुख कार्यक्रमहरू

#### क. अन्तर्राष्ट्रिय बजार सहजीकरण

१. तुलनात्मक लाभका नेपाली उत्पादनहरूको अन्तर्राष्ट्रिय बजारमा सहुलियतपूर्ण पहुँच र विस्तारका लागि सहजीकरण ।
२. नेपाली उत्पादनहरूलाई विदेशमा नेपाली डायस्पोरामार्फत प्रवर्द्धन ।
३. व्यावसायिक प्रतिनिधि मण्डलको आदान-प्रदान ।
४. नेपाली नियोगहरूमार्फत विभिन्न मुलुकहरूमा व्यापार मेलाको आयोजना ।
५. नेपालको अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धनका लागि देशगत व्यापार रणनीति तर्जुमा एवम् कार्यान्वयन गर्न समन्वय, सहयोग र सहजीकरण ।
६. विभिन्न मुलुकहरूसँग द्विपक्षीय व्यापार र वाणिज्य सङ्घ स्थापना ।
७. प्रमुख आयात र निर्यातकर्ताको सूची तयारी ।

#### ख. वैदेशिक लगानी प्रवर्द्धन तथा प्रविधि हस्तान्तरण सहजीकरण

१. नेपाली नियोगहरूलाई परिचालन गरी विभिन्न मुलुकहरूमा लगानी सम्मेलन आयोजना ।
२. लगानीसम्बन्धी सूचनाहरू अद्यावधिक गरी नेपाली नियोगहरूको वेवसाइटमार्फत सूचना सम्प्रेषण ।
३. वैदेशिक लगानी आकर्षण गर्नका लागि देशगत लगानी रणनीति तर्जुमा एवम् कार्यान्वयन गर्न समन्वय, सहयोग र सहजीकरण ।
४. भरपर्दो, दिगो र खरिदयोग्य प्रविधि आकर्षण गर्न सहयोग र समन्वय ।

**ग. पर्यटन प्रवर्द्धन**

१. पर्यटनसम्बन्धी प्रदर्शनी, मेला तथा पर्वहरूको आयोजना ।
२. सम्भाव्य मुलुकहरूमा नेपालको धार्मिक पर्यटनबारे प्रचार-प्रसार ।
३. अन्तर्राष्ट्रिय स्तरमा ख्याति प्राप्त यात्रा वृत्तान्त लेखकहरूलाई नेपाल भ्रमणको व्यवस्था ।
४. प्रख्यात अन्तर्राष्ट्रिय टेलिभिजन च्यानलहरूलाई नेपाल भ्रमण गराएर नेपालको प्रचार-प्रसार ।
५. देशगत पर्यटन रणनीति तर्जुमा एवम् कार्यान्वयन गर्न समन्वय, सहयोग र सहजीकरण ।
६. नेपालका मित्र तथा सहयोग समूहहरूसँगको सहकार्यमा नेपालको पर्यटकीय महत्त्वको प्रचार प्रसार ।
७. विदेशी एयरलाइन्सहरूलाई नेपालमा वायुसेवा सञ्चालन गर्न प्रोत्साहन ।

**घ. वैदेशिक रोजगारी प्रवर्द्धन**

१. द्विपक्षीय श्रम सम्झौता हुन बाँकी रोजगारदाता मुलुकसँग श्रम सम्झौता गर्न समन्वय ।
२. अन्तर्राष्ट्रिय श्रम बजारमा दक्ष तथा अर्धदक्ष नेपालीहरूका लागि रोजगारी प्रवर्द्धन ।
३. नेपाली महिला कामदारहरूको पारिश्रमिक, स्वास्थ्य, सुरक्षा तथा रोजगार प्रत्याभूत हुने गरी द्विपक्षीय श्रम सम्झौता गर्न सम्बद्ध निकायहरूबीच आवश्यक सहयोग र समन्वय ।
४. नेपालको श्रम बजार विस्तारका लागि देशगत वैदेशिक रोजगारी रणनीति तर्जुमा एवम् कार्यान्वयन गर्न समन्वय, सहयोग र सहजीकरण ।
५. नेपाली श्रमिकहरूबाट आउने विप्रेषणलाई बैंकिङ्ग प्रणालीमार्फत पठाउन प्रोत्साहन ।

**ङ. विकास सहायता परिचालन**

१. अल्प विकसित राष्ट्रहरूलाई विकसित राष्ट्रहरूले उपलब्ध गराउन प्रतिवद्धता व्यक्त गरेको विकास सहायता रकम बढाउन तथा राष्ट्रिय प्रणालीमार्फत परिचालन गर्न अन्तर्राष्ट्रिय वार्ताहरूमा सशक्त भूमिका निर्वाह ।
२. विकास साझेदारहरूबाट विकास सहायता प्राप्त गर्ने मुलुकहरूको प्राथमिकता सूचीमा समावेश गर्न पहल ।
३. जलवायु अनुकूलन सहायता प्राप्त गर्न अन्तर्राष्ट्रिय मञ्चहरूमा सशक्त भूमिका निर्वाह ।
४. बहुपक्षीय मञ्चहरूमा नेपालको राष्ट्रिय प्राथमिकताअनुरूपको विकास सहायता प्राप्त गर्न पहल ।

**च. नेपाली डायस्पोराको उपयोग**

१. विदेशस्थित नेपाली नियोगहरूबाट नेपाली डायस्पोराको अद्यावधिक डाटाबेस तयार ।
२. नेपाली नियोगहरूबाट विकास कुटनीतिसम्बन्धी कार्यक्रम सञ्चालन गर्दा नेपाली डायस्पोराको परिचालन ।

३. नेपालको संविधानको भावनाअनुरूप डायस्पोराका लागि कानुनी तथा संरचनात्मक व्यवस्था ।

## ४. अपेक्षित उपलब्धि

निर्यातयोग्य वस्तुहरूको पहिचान र बजारीकरणबाट नेपालको निर्यात व्यापारमा वृद्धि, पर्यटनमा गुणात्मक परिवर्तन भई नेपाली अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदानमा वृद्धि, वैदेशिक लगानीमा वृद्धि, नेपाली श्रमिकहरूका लागि वैदेशिक रोजगारी सुरक्षित हुनुका साथै श्रम गन्तव्य मुलुकको सङ्ख्यामा विस्तार, नेपाली डायस्पोरासँग भएको सीप र पुँजी नेपालको विकासमा उपयोग र विकास सहायतामा वृद्धि हुनुका साथै राष्ट्रिय प्रणालीमार्फत परिचालन भएको हुनेछ ।

# ४.४ सामाजिक विकास

## ४.४.१ जनसङ्ख्या

## १. पृष्ठभूमि

जनसङ्ख्याको उच्च वृद्धिदर, किशोर-किशोरी तथा युवाको बाहुल्य, वृद्ध-वृद्धाको सङ्ख्यामा क्रमशः बढोत्तरी, भौगोलिक रूपमा जनसङ्ख्याको असमान वितरण नेपालको जनसङ्ख्याका मुख्य विशेषताहरू हुन् । कुल जनसङ्ख्यामा १५ देखि ५९ वर्षसम्मका वयस्कहरू ५७ प्रतिशत र ६० वर्षमाथिका ज्येष्ठ नागरिक ८.१ प्रतिशत रहेका छन् । जनसङ्ख्या र स्वास्थ्य क्षेत्रमा विगतमा सञ्चालन गरिएका कार्यक्रमहरूको फलस्वरूप यस क्षेत्रमा निकै प्रगति भएको छ । कुल प्रजननदरमा कमी आई २.३ प्रतिशत कायम भएको छ । यस्तै अपेक्षित आयु (जन्मेको समयमा) ६९ वर्ष पुगेको छ ।

## २. अवसर तथा चुनौती

### चुनौती

सहरी क्षेत्र र सहर उन्मुख क्षेत्रहरूमा कुल प्रजनन दरमा कमी आए तापनि दुर्गम ग्रामीण क्षेत्रहरूमा यस्तो दर अझै पनि उच्च रहनु, ग्रामीण क्षेत्रमा परिवार नियोजन तथा स्वास्थ्य सेवाहरू सन्तोषजनक नहुनु, आन्तरिक तथा बाह्य बसाइँ-सराइ उच्च हुनु, ६० वर्ष र सोभन्दा माथिको आश्रित जनसङ्ख्याको अनुपात बढ्दै जानु, उच्च आन्तरिक बसाइँ-सराइको कारण सहरीकरण अव्यवस्थित बन्दै जानु आदि कारणले जनसङ्ख्या व्यवस्थापन चुनौतीपूर्ण रहेको छ ।

### अवसर

कुल जनसङ्ख्यामा १५ देखि ५९ वर्ष उमेर समूहका वयस्कको प्रतिशत उच्च रही जनसाङ्ख्यिक लाभ प्राप्त हुन थालेकाले देशको आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउन सकिने भएको, जनसङ्ख्या व्यवस्थापनसँग सम्बन्धित स्वास्थ्य सेवाहरूमा विस्तार भएको, परिवार नियोजनका साधनहरूको प्रयोगकर्ता बढ्दै गएको, महिलाको शैक्षिक स्तरमा उल्लेखनीय रूपमा वृद्धि भएको, सानो परिवारको महत्त्वबारेमा जनचेतना अभिवृद्धि भइरहेका र जनसङ्ख्या व्यवस्थापनसम्बन्धमा राष्ट्रिय

जनसङ्ख्या नीति, २०७१ तर्जुमा भई कार्यान्वयनमा रहेकोले जनसङ्ख्याको उचित व्यवस्थापन गर्न सघाउ पुग्ने अवसर सिर्जना भएको छ ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

जनसङ्ख्या, वातावरण र विकासबीच सामञ्जस्य कायम गरी दिगो विकासका माध्यमबाट जीवनस्तरमा गुणस्तरीय सुधार ।

### ३.२ लक्ष्य

जनसङ्ख्या व्यवस्थापन र प्रजनन स्वास्थ्य कार्यक्रमहरू सञ्चालन गरी जनसङ्ख्या र आर्थिक तथा सामाजिक विकासबीच सन्तुलन कायम गर्ने ।

### ३.३ उद्देश्य

१. जनसङ्ख्या, विकास र वातावरणबीच तादाम्य कायम गरी जनसङ्ख्यालाई समग्र विकासको अभिन्न अङ्गको रूपमा व्यवस्थापन गर्नु ।

२. आन्तरिक बसाइँ-सराइको व्यवस्थापन गर्दै सहरीकरणलाई व्यवस्थित गर्नु ।

### ३.४ रणनीति

१. जनसङ्ख्यालाई समग्र विकासको अभिन्न अङ्गका रूपमा लिँदै सरोकारवाला निकायहरूबीचको समन्वयमा जनसङ्ख्या व्यवस्थापनका कार्यक्रमहरू सञ्चालन गर्ने ।

२. ग्रामीण क्षेत्रमा पूर्वाधार विस्तार गरी आन्तरिक बसाइँ-सराइलाई कम गर्ने ।

### ३.५ कार्यनीति

१. सानो र गुणस्तरीय परिवारलाई प्रवर्द्धन गर्न जनसङ्ख्या, प्रजनन स्वास्थ्य र शिशु तथा बाल स्वास्थ्यसम्बन्धी जनचेतना अभिवृद्धि गरिनेछ । (१)

२. परिवार नियोजनका साधनको प्रयोग, प्रजनन स्वास्थ्य र शिशु तथा बाल स्वास्थ्यसम्बन्धी कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरिनेछ । (१)

३. जनसङ्ख्या, विकास र वातावरणबीचको अन्तरसम्बन्ध बारेमा अध्ययन, अनुसन्धान र विश्लेषण गरी नीति निर्माण र कार्यक्रम तर्जुमाका लागि सरोकारवाला निकायहरूलाई पृष्ठपोषण गरिनेछ । (१)

४. ग्रामीण-सहरी आबद्धतामार्फत विकासका अवसरहरू गाउँसम्म पुऱ्याउनुका साथै ग्रामीण क्षेत्रमा रोजगार तथा पूर्वाधार विकासका लागि पृष्ठपोषण गरिनेछ । (२)

५. आन्तरिक बसाइँ-सराइको कारण अव्यवस्थित बन्दै गएका सहरहरूको व्यवस्थित विकास गर्न अन्य सम्वद्ध निकायहरूसँग सहकार्य गरिनेछ । (२)

६. हिमाली तथा पहाडी क्षेत्रका परिवारको आय वृद्धि गर्न तरकारी, फलफूल, नगदेबाली, पशुपन्छी पालन, पर्यटन, जडीबुटी खेती आदिका लागि पृष्ठपोषण गरिनेछ । (२)

### ३.६ प्रमुख कार्यक्रमहरू

#### क. किशोरकिशोरी लक्षित कार्यक्रम

१. किशोर किशोरीहरूको विविध पक्षहरूको अध्ययन सर्वेक्षण ।

२. हरेक जिल्लामा औसतमा ३० ओटा विद्यालयका ८ देखि १० कक्षा अध्ययन ।

३. किशोर किशोरीहरूलाई साथी शिक्षा (Peer education), नागरिक तथा स्वास्थ्य शिक्षा सञ्चालन गरी जनसङ्ख्या, प्रजनन स्वास्थ्य र यौनसम्बन्धी विषयहरूमा चेतना अभिवृद्धि गरी सभ्य र सुरक्षित व्यवहार प्रवर्द्धन ।

#### ख. जनसङ्ख्या अध्ययन, अनुसन्धान तथा सूचना व्यवस्थापन

१. प्रत्येक प्रदेश, जिल्ला, नगर र गाउँ स्तरको लागि जनसङ्ख्याको प्रक्षेपण ।

२. जनसङ्ख्याको विविध पक्ष झल्कने विषयको प्रतिवेदन तयारी ।

३. जनसङ्ख्याले आर्थिक, सामाजिक, प्राकृतिक स्रोत तथा पूर्वाधारको क्षेत्रमा पार्ने जनसङ्ख्या प्रेसर इन्डेक्स तयारी ।

४. जनसङ्ख्यासम्बन्धी अध्ययन अनुसन्धान ।

५. प्रदेशगत तथा जिल्लागत जनसङ्ख्या प्रोफाइल तयार, जनसङ्ख्या सूचना प्रणालीको सफ्टवेयर विकास, निर्माण, अद्यावधिक तथा सञ्चालन र जनसांख्यिक लाभांशसम्बन्धी अध्ययन ।

६. जनसङ्ख्या व्यवस्थापन तथा विश्लेषणसम्बन्धी क्षमता अभिवृद्धि ।

#### ग. बसाइँ-सराइसम्बन्धी कार्यक्रम

१. नेपालको आन्तरिक तथा बाह्य बसाइँ-सराइसम्बन्धी अध्ययन तथा सर्वेक्षण ।

२. आन्तरिक बसाइँ-सराइबाट नव उन्मुख सहरहरूमा पर्ने जनसाङ्ख्यिक चाप र त्यसबाट सिर्जना हुन सक्ने वातावरण, प्राकृतिक स्रोत र पूर्वाधार क्षेत्रमा पर्ने प्रभावसम्बन्धी सर्वेक्षण ।

३. आन्तरिक तथा बाह्य बसाइँ-सराईबाट परेको आर्थिक, सामाजिक प्रभावको अध्ययन तथा अन्तरक्रिया ।

## ४. अपेक्षित उपलब्धि

कुल प्रजननदरमा कमी आएको र परिवार नियोजनका साधनहरूको प्रयोगकर्ताको अनुपात बढेको हुनेछ । त्यसैगरी आन्तरिक बसाइँ-सराइ व्यवस्थापनमा टेवा पुगेको, जनसाङ्ख्यिक लाभांशको उपयोग भई देश विकासमा टेवा पुगेको एवम् जनसङ्ख्या, विकास र वातावरणबीचको अन्तरसम्बन्धमा सामञ्जस्यता वृद्धि भएको हुनेछ ।

## ४.४.२ संस्कृति

### १. पृष्ठभूमि

जातजाति, भाषा, भेषभूषा, रहनसहनका मानिसहरूको बसोवास रहेको नेपाल ऐतिहासिक, पुरातात्विक र सांस्कृतिक दृष्टिले एक समृद्ध राष्ट्र हो । राष्ट्रिय सँस्कृतिलाई विकास गरी यसलाई राष्ट्रिय एकता सबलीकरण गर्ने माध्यम बनाउनु आवश्यक छ । त्यस्तै परम्परागत संस्कृतिलाई जगेर्ना गर्दै एवम् मौलिक स्वरूपमा परिवर्तन नहुने गरी समयानुकूल परिमार्जन गर्दै भावी पुस्ताहरूलाई हस्तान्तरण गर्नु आवश्यक रहेको छ । पशुपति, लुम्बिनी, बृहत्तर जनकपुर विकास क्षेत्रलगायतका विभिन्न महत्त्वपूर्ण धार्मिक, पुरातात्विक एवम् ऐतिहासिक सम्पदाहरूको संरक्षण तथा संर्वद्धन गर्ने कार्य निरन्तर रूपमा भइरहेको छ । विनाशकारी भूकम्पको कारण धेरैजसो यस्ता महत्त्वपूर्ण सम्पदाहरूको क्षति भएको छ । विश्व सम्पदा सूचीमा परेका यस्ता महत्त्वपूर्ण सम्पदाहरू एवम् अन्य सम्पदाहरूको पुनर्निर्माण, संरक्षण साथै उपयुक्त व्यवस्थापन गर्दै लैजानु आवश्यक छ ।

### २. चुनौती तथा अवसर

#### चुनौती

प्राकृतिक प्रकोप, बढ्दो सहरीकरण र भूमिको उच्च मूल्यवृद्धिका कारण प्राचीन सम्पदाहरूको अतिक्रमण बढ्दै गएको हुनाले सम्पदाहरूको मौलिकपन जोगाइ राख्न नसक्नु; मूर्त तथा अमूर्त साँस्कृतिक सम्पदासम्बन्धी राष्ट्रिय कानुन तथा अन्तर्राष्ट्रिय महासन्धिहरूको कार्यान्वयन प्रभावकारी नहुनु; यिनीहरूको संरक्षणका लागि यथेष्ट आर्थिक स्रोत उपलब्ध नहुनु; निजी सङ्कलनमा रहेका सम्पदाहरूको आधिकारिक रूपमा सूचीकरण हुन नसक्नु जस्ता चुनौतीहरू यस क्षेत्रमा रहेका छन् ।

#### अवसर

सांस्कृतिक विविधता रहेको; धार्मिक, पुरातात्विक एवम् ऐतिहासिक सम्पदाहरूको संरक्षण तथा संवर्द्धनमा जनसहभागितामा वृद्धि हुँदै गएको, 'विविधतामा एकता नेपाली समाजको विशेषता' भन्ने तथ्यलाई साँस्कृतिक सुन्दरताको रूपमा अगाडि बढाउँदै राष्ट्रिय एकतालाई मजबुत पार्दै लैजानुपर्ने आवश्यकताको बोध हुँदै गएको; सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्ने, सम्पदाहरू र कला साहित्यको संरक्षण एवम् विकास गर्ने संवैधानिक प्रतिबद्धता आदि यस क्षेत्रका विकासका लागि अवसर हुन् । यी सम्पदाहरूमार्फत राष्ट्रका आर्थिक, सामाजिक खासगरी पर्यटन क्षेत्रको विकासमा उल्लेख्य योगदान पुऱ्याउँदै विश्वमा नेपाललाई चिनाउने अवसर पनि प्राप्त छ ।

### ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

#### ३.१ सोच

बहुल संस्कृति एवम् सम्पदाहरूको संरक्षण, संवर्द्धन र सांस्कृतिक सुसम्बन्धमा आधारित समाजको निर्माण ।

#### ३.२ लक्ष्य

१. धार्मिक, पुरातात्विक तथा ऐतिहासिक सम्पदाहरूको पुनर्निर्माण गरी संरक्षण र संवर्द्धन गर्ने ।

२. मौलिक संस्कृतिहरूको जगेर्ना गर्दै सांस्कृतिक पर्यटनको प्रवर्द्धन गर्ने ।

### ३.३ उद्देश्य

३. नेपालका सबै जाति/समुदायहरूको आ-आफ्नो मौलिक सांस्कृतिक परम्पराहरूको जगेर्ना गरी नेपालको सांस्कृतिक पहिचानको संवर्द्धन गर्नु ।

४. भूकम्पलगायतका प्राकृतिक प्रकोपबाट क्षतिग्रस्त ऐतिहासिक, पुरातात्विक र सांस्कृतिक सम्पदाको पुनर्निर्माण र संरक्षण गर्नु ।

५. भाषा, साहित्य, सङ्गीत तथा नाट्यकला र ललितकला क्षेत्रको संरक्षण तथा विकास गर्नु ।

### ३.४ रणनीति

१. सबै समुदायको धार्मिक र सांस्कृतिक मूल्यमान्यताहरूको सम्मान गर्ने वातावरण सिर्जना गर्ने ।

२. क्षतिग्रस्त ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाहरूको पुनर्निर्माण गर्दै यिनीहरूको संरक्षण, विकास र प्रवर्द्धन गर्ने ।

३. धार्मिक एवम् सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्ने ।

४. मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरूको अन्वेषण, अनुसन्धान एवम् संरक्षण र प्रवर्द्धन गर्ने ।

### ३.५ कार्यनीति

१. सबै समुदायले एक-अर्काका धार्मिक र सांस्कृतिक सम्पदाहरूप्रति सम्मान दर्शाउने र आफ्नो धार्मिक, सांस्कृतिक सम्पदाको आफैँ संरक्षण र प्रवर्द्धन गराउने व्यवस्था गरिनेछ । (१)

२. संस्कृतिका क्षेत्रमा राष्ट्रले गरेका अन्तर्राष्ट्रिय प्रतिबद्धता, सन्धि-सम्झौता तथा अनुमोदनलाई प्रभावकारी कार्यान्वयन गर्न लगानी अभिवृद्धि गरिनेछ । (१)

३. संस्कृतिसँग सम्बन्धित ऐन, कानुनलाई समयसापेक्ष सुधार तथा परिमार्जन गर्ने एवम् आवश्यकताअनुसार नयाँ निर्माण गर्दै लगिनेछ । (१)

४. विश्व सम्पदा सूचीमा परेका क्षेत्रको उचित संरक्षण र संवर्द्धन गर्नुका साथै अन्य सम्भावित स्थललाई समेत विश्व सम्पदा सूचीमा समावेश गराइनेछ । (१)

५. भूकम्पलगायत प्राकृतिक प्रकोपबाट क्षतिग्रस्त ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक, धार्मिक सम्पदाहरूको पुनर्निर्माण गरिनेछ । (२)

६. धार्मिक, सांस्कृतिक, ऐतिहासिक एवम् पुरातात्विक महत्त्वका सम्पदास्थलहरूको दिगो विकास एवम् व्यवस्थापनका लागि गुरुयोजना बनाई कार्यान्वयन गर्दै लगिनेछ । (२)

७. रूपन्देही, कपिलवस्तु र नवलपरासी जिल्लाका भगवान् बुद्धसँग सम्बन्धित स्थलहरूलाई बुद्धिष्ट सर्किटको अवधारणाअनुरूप गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ । (३)

८. पशुपतिनाथ, लुम्बिनी, जनकपुर, मुक्तिनाथलगायतका धार्मिक तथा पर्यटकीय क्षेत्रहरूको अन्तर्राष्ट्रिय स्तरमा प्रचारप्रसार तथा प्रवर्द्धन गर्ने कार्यलाई विशेष जोड दिइनेछ । (३)

९. विभिन्न धार्मिक सम्पदा एवम् तीर्थस्थलहरूलाई आत्मनिर्भर बनाउन ती क्षेत्रमा उठ्ने भेटीघाटीलगायत स्रोतहरूको उचित व्यवस्थापन गर्न आवश्यक कानुनी व्यवस्था गरिनेछ । (३)

१०. देशभित्र रहेका सम्पूर्ण मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरूलाई संरक्षण गर्ने तथा सङ्घीय, प्रादेशिक र स्थानीय निकायको कार्यक्षेत्रअनुरूप वर्गीकरण गरिनेछ । (४)

११. नागरिक, प्राज्ञिक समुदायसमेतको सहभागितामा मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरूको अन्वेषण, अनुसन्धान, संरक्षण तथा प्रवर्द्धन गरिनेछ । (४)

१२. लोपोन्मुख भाषा, संस्कृतिलाई संरक्षण गरिनेछ । (४)

१३. भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्न सम्बन्धित प्रतिष्ठानहरूको सुदृढीकरण गरिनेछ । (४)

### ३.६ प्रमुख कार्यक्रमहरू

१. भूकम्पबाट क्षतिग्रस्त सांस्कृतिक सम्पदाहरू, पुरातात्विक स्थल साथै विश्व सम्पदा स्थल एवम् स्मारकहरू संरक्षण, जीर्णोद्धार, पुनर्निर्माण र पुनर्स्थापना ।

२. धार्मिक, सांस्कृतिक, ऐतिहासिक एवम् पुरातात्विक महत्त्वका सम्पदास्थलहरूको दिगो विकास एवम् व्यवस्थापनका लागि गुरुयोजना बनाई कार्यान्वयन ।

३. विभिन्न जातजाति, भाषाभाषीको मौलिक एवम् परम्परागत संस्कृति तथा रीतिरिवाजको जगेर्ना एवम् संरक्षण ।

४. लोपोन्मुख एवम् पिछडिएको वर्गको भाषा, साहित्य, कला, संस्कृतिको अध्ययन अनुसन्धान तथा लब्ध प्रतिष्ठित लेखक तथा साहित्यकारहरूका लेख रचनाको प्रवर्द्धन ।

५. विश्व सम्पदा सूचीमा परेका क्षेत्रको उचित संरक्षण र संवर्द्धनका साथै अन्य सम्भावित स्थललाई समेत विश्व सम्पदा सूचीमा समावेश गराउन आवश्यक अध्ययन अनुसन्धान ।

६. पुरातात्विक स्थलहरूको उत्खनन, संरक्षण र संवर्द्धन ।

७. जनयुद्ध सङ्ग्रहालयको स्थापना ।

## ४. अपेक्षित उपलब्धि

देशभित्रका सम्पूर्ण समुदायहरूको संस्कृतिको वैज्ञानिक तरिकाबाट सूचीकरण र लोपोन्मुख सांस्कृतिक सम्पदाहरूको जगेर्ना भएको हुनेछ । पुरातात्विक, धार्मिक र सांस्कृतिक सम्पदाहरूको संरक्षणमा स्थानीय निकायहरूको स्वामित्व र अपनत्व वृद्धि भएको र सांस्कृतिक समावेशीकरण तथा पुरातात्विक एवम् ऐतिहासिक महत्त्वका सम्पदाहरूको संरक्षण, पुनर्निर्माण एवम् जीर्णोद्धार भएको हुनेछ र त्यसैगरी धार्मिक-सांस्कृतिक पर्यटनको विकास भएको, विभिन्न भाषा धर्म, सांस्कृतिक सम्पदाहरू, परम्पराहरू तथा साहित्य, कला, रीतिरिवाजहरूको संरक्षण र प्रचारप्रसार भएको र प्रतिलिपि अधिकारको संरक्षण भएको हुनेछ ।

## ४.४.३ शिक्षा

### १. पृष्ठभूमि

नेपालको संविधानले शिक्षासम्बन्धी हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । यसैगरी राज्यका निर्देशक सिद्धान्तमा शिक्षालाई नागरिकका आधारभूत आवश्यकताको रूपमा वर्गीकरण गरी सबै नागरिकलाई शिक्षाको अवसर उपलब्ध गराउनु राज्यको दायित्व रहेको विषय प्रष्ट पारिएको छ । नेपाललाई अल्पविकसित राष्ट्रहरूको सूचीबाट मुक्त गराई विकासोन्मुख राष्ट्रको सूचीमा समावेश गराउन एवम् दिगो विकासका लक्ष्यअनुरूप समावेशी र समन्यायमा आधारित शिक्षा सबैमा पुऱ्याउनसमेत शिक्षा क्षेत्रको विकास अपरिहार्य छ ।

शिक्षा प्रणालीलाई आर्थिक सामाजिक रूपान्तरणको संवाहकका रूपमा विकास गर्ने, सबै तह एवम् विधाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्ने, शिक्षालाई रोजगारी उन्मुख बनाउने, गुणस्तरमा सुधार एवम् व्यवस्थापकीय क्षमता अभिवृद्धि गरी आर्थिक सामाजिक विकासका लक्ष्यहरू हासिल गर्नेतर्फ शिक्षा क्षेत्रका नीति तथा कार्यक्रमहरू उन्मुख रहेका छन् । आर्थिक वर्ष २०७२/७३ सम्ममा कक्षा एकमा बालविकासको अनुभवसहित भर्ना हुन आउने बालबालिका ६२.४ प्रतिशत, प्राथमिक तह (१-५) को खुद भर्ना दर ९६.६ प्रतिशत, आधारभूत तह (१-८) को खुद भर्ना दर ८९.४ प्रतिशत तथा माध्यमिक तह (९-१२) को खुद भर्नादर ३७.७ प्रतिशत पुगेको छ । कक्षा १-१० को टिकाउ दर ३७.९ प्रतिशत, कक्षा १-५ सम्मको कक्षा छाड्ने दर ३.९ प्रतिशत र दोहोऱ्याउने दर ७.६ प्रतिशत रहेको छ । यसैगरी खुद भर्नादरमा लैङ्गिक समानतामा पनि उल्लेखनीय प्रगति भएको छ । यस्तो समानता प्राथमिक तहमा ०.९९, आधारभूत तहमा १.०० र माध्यमिक तहमा ०.९९ रहेको छ । १५ देखि २४ वर्ष उमेरको साक्षरता ८८.६ प्रतिशत पुगेको छ ।

### २. चुनौती तथा अवसर

#### चुनौती

शिक्षाका सबै तहमा गुणस्तर अभिवृद्धि गर्ने, शिक्षालाई व्यावसायिक तथा रोजगारीमूलक बनाउने, सबै तहको शिक्षालाई समतामूलक र समावेशी बनाउने, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई आमनागरिकको पहुँचसम्म पुऱ्याउने, शिक्षकहरूको माग र आपूर्तिबीच सन्तुलन कायम गर्ने, लगानीअनुरूपको प्रतिफल सुनिश्चित गर्ने, संविधान प्रदत शिक्षासम्बन्धी हकहरूको उपभोग गर्ने साथै समग्र शैक्षिक क्षेत्रको व्यवस्थापनमा सुधार गरी सुशासनको प्रत्याभूति गर्ने कार्य चूनौतीपूर्ण छ । यसैगरी कक्षा १-१० को ३७.९ प्रतिशत रहेको टिकाउ दरलाई वृद्धि गर्ने, कक्षा १-५ सम्मको कक्षा छाड्ने दर ३.९ प्रतिशत र दोहोऱ्याउने दर ७.६ प्रतिशत रहेकाले यी दरहरूलाई घटाउने साथै गत वर्ष गएको महाभूकम्पबाट क्षतिग्रस्त संरचनाहरूको पुनर्स्थापन र पुनर्निर्माण गर्ने चुनौती पनि रहेको छ ।

#### अवसर

सबै तह र विधाका शैक्षिक पूर्वाधारहरूको विस्तार भएको, महिला, दलित, जनजाति र अपाङ्गता भएका एवम् सीमान्तकृत समुदायका बालबालिका र विद्यार्थीहरूको सबै तहमा भर्ना दरमा उल्लेखनीय रूपमा वृद्धि भएको, साधारण शिक्षाका अतिरिक्त माध्यमिक र उच्च शिक्षामा प्राविधिक तथा व्यावसायिक

शिक्षा एवम् तालिमको विस्तार भएको र उच्च शिक्षासम्म प्राविधिक तथा व्यावसायिक धारलाई विस्तार गर्न मार्ग प्रशस्त भएको छ । यस्तै समुदायमा शिक्षाप्रतिको आकर्षण बढेको, स्वास्थ्य तथा सरसफाइ, वातावरण संरक्षण र आफ्ना हक अधिकारप्रतिको सजगता बढेको, शैक्षिक सूचना प्रणाली र शैक्षिक सुशासनका लागि आधारशिला तयार भएको साथै डिजिटल डिभाइडलाई न्यून गर्दै लैजाने क्रममा शिक्षण सिकाइ क्रियाकलापमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार भएको आदि कारणहरूले गुणात्मक शिक्षाको विकास गर्ने अवसर सिर्जना भएको छ ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

शिक्षामा सबैको पहुँच र गुणस्तर अभिवृद्धि गरी प्रतिस्पर्धी, उद्यमी र नवप्रवर्तनशील मानव पुँजीको विकासबाट आर्थिक सामाजिक रूपान्तरण ।

### ३.२ लक्ष्य

१. सबैलाई जीवनोपयोगी शिक्षाका अवसरहरू प्रदान गर्दै जीवनपर्यन्त सिकाइ उन्मुख तथा नवप्रवर्तनशील शैक्षिक प्रणाली विकास गर्ने ।
२. मुलुकको आवश्यकता अनुरूप गुणस्तरीय, व्यावसायिक र सीपयुक्त शिक्षा प्रदान गर्ने ।
३. रोजगारी एवम् स्वरोजगारीका लागि सीपमूलक शिक्षाको विस्तार गर्ने ।

### ३.३ उद्देश्य

१. शिक्षामा समतामूलक अवसरहरू सुनिश्चित गर्दै शिक्षालाई सीपयुक्त, समय-सान्दर्भिक र गुणस्तरयुक्त बनाउनु ।
२. वैकल्पिक उपायहरूको अवलम्बनबाट सबै तह एवम् प्रकारको शिक्षा र सीपमूलक तालिममा पहुँच अभिवृद्धि गर्नु ।
३. शैक्षिक प्रशासनमा निरन्तर सुधार, नवप्रवर्तन र सुशासनलाई संस्थागत गर्नु ।

### ३.४ रणनीति

१. जीवनपर्यन्त शिक्षा, अनिवार्य आधारभूत शिक्षा तथा निःशुल्क आधारभूत र माध्यमिक शिक्षा पद्धतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।
२. रोजगारी र उद्यमशीलता विकास गर्न प्राविधिक र व्यावसायिक शिक्षाको विस्तार गर्ने ।
३. सबै तहको शिक्षाको गुणस्तरमा सुधार ल्याउने ।
४. आर्थिक रूपले विपन्न, लोपोन्मुख र सीमान्तकृत समुदाय र अपाङ्गता भएका व्यक्तिहरूको शिक्षामा पहुँच सुनिश्चित गर्ने ।
५. उच्च शिक्षालाई पहुँचयोग्य, प्रतिस्पर्धी र अनुसन्धानमूलक बनाउने ।
६. सार्वजनिक र निजी तहबाट प्रदान गरिने शिक्षाबीचको गुणस्तरमा रहेको अन्तर घटाउने ।

### ३.५ कार्यनीति

१. साक्षरता तथा साक्षरोत्तर कार्यक्रमहरूको समन्वयात्मक रूपले विकास, योजना तथा सञ्चालनका लागि स्थानीय सरकारहरूसँग सहकार्य गरिनेछ । (१)

२. अनौपचारिक शिक्षा र औपचारिक शिक्षाको दोहोरो प्रवेशको अवसर प्रदान गरी प्राप्त ज्ञानको समकक्षता निर्धारण तथा प्रमाणीकरण गरिनेछ । यसका साथै निरक्षर र नवसाक्षरलाई जीवनपर्यन्त शिक्षा दिन सामुदायिक अध्ययन केन्द्रमार्फत साक्षरता स्वयंसेवक परिचालन गरिनेछ । (१)

३. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित गर्न संस्कृत, पाली, भोटभाषा, गुरुकुल, बाहा-बही, बिहार, गुम्बा, मदरसा, खुला एवम् वैकल्पिक शिक्षा कार्यक्रमहरूलाई थप प्रभावकारी बनाइनेछ । (१)

४. शिक्षक दरबन्दी मिलान कार्यलाई प्रभावकारी रूपमा अघि बढाई विद्यालयहरूमा शिक्षकहरूको समतामूलक वितरण सुनिश्चित गरिनेछ । हाल विद्यमान कानुनी तथा नीतिगत प्रावधानअनुसार प्राथमिक तहमा अधिक देखिने स्वीकृत दरबन्दीलाई आवश्यकताअनुसार माथिल्लो तहमा रूपान्तरण गरी पदपूर्तिको व्यवस्था मिलाइनेछ । (१,३)

५. शिक्षा क्षेत्रमा निजी क्षेत्रको सहभागितालाई थप व्यवस्थित र नियमन गर्ने तथा निजी र सार्वजनिक विद्यालयका शिक्षाको गुणस्तरको अन्तरलाई कम गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ । (१,३)

६. विद्यालय शिक्षामा जीवनोपयोगी तथा व्यवहार कुशल सीप र मूल्यमा आधारित शिक्षालाई समेट्ने गरी पाठ्यक्रमको परिमार्जन गरी कार्यान्वयनमा ल्याइने तथा कक्षा १-३ को पाठ्यक्रम एकीकृत रूपमा विकास गरिनेछ । (२)

७. प्राविधिक र व्यावसायिक विद्यालयहरू सञ्चालनका लागि आवश्यक संस्थागत संरचना तथा नियमनकारी व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ । साधारण तथा व्यावसायिक दुवै धारका कक्षा सञ्चालन गर्ने माध्यमिक विद्यालयहरूलाई आवश्यक स्रोत व्यवस्था गरी थप सुदृढीकरणका लागि कार्यविधि, प्रक्रिया र संयन्त्रहरूलाई सुदृढ गरिनेछ । (२)

८. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रमा लगानीको सुनिश्चितताका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमसम्बन्धी एकीकृत कोषको स्थापना गरिनेछ । (२)

९. व्यावसायिक विद्यालय र पोलिटेक्निक संस्थाहरू थप विस्तार गरी शिक्षालाई रोजगारीमूलक बनाउने कार्यक्रमहरू कार्यान्वयनमा ल्याइनेछ । (२)

१०. निजी क्षेत्र, गैरसरकारी क्षेत्र, स्थानीय निकाय र विकासका साझेदारहरूसँगको सहकार्यबाट प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसरहरू विस्तार गरिनेछ । (२)

११. पूर्वप्राथमिक कक्षा र प्रारम्भिक बालविकाससँग सम्बन्धित सिकाइ सामग्रीहरूको स्तर तथा सान्दर्भिकता सुनिश्चित गरी तिनलाई बालविकास केन्द्रका बालबालिकाको स्तरअनुरूप बनाइनेछ । (३)

१२. विश्वविद्यालयमा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीहरूलाई शिक्षण पेशामा आकर्षण गर्न आवश्यक कानुनी तथा नीतिगत व्यवस्था गरिनेछ । (३)

१३. सूचना तथा सञ्चार प्रविधिलाई समग्र शिक्षा प्रणालीको अभिन्न अङ्गको रूपमा एकीकृत गर्दै डिजिटल डिभाइडलाई कम गर्दै लगिनेछ । (३)

१४. विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि तथा विद्यार्थीको सिकाइ सुनिश्चितताका लागि मातृभाषा, राष्ट्रिय भाषा र अन्तर्राष्ट्रिय भाषालाई शिक्षण सिकाइको माध्यमका रूपमा अपनाई शिक्षामा बहुभाषिक नीति अवलम्बन गरिनेछ । (३)

१५. विद्यार्थीको सिकाइ अभिवृद्धिका लागि निरन्तर मूल्याङ्कन पद्धति तथा प्रारम्भिक बाल कक्षामा पढाई सीप विकास विधिहरूको प्रभावकारी उपयोग गर्दै लगिनेछ । (३)

१६. माध्यमिक तह सञ्चालन गर्ने सामुदायिक तथा संस्थागत दुवै प्रकारका विद्यालयहरूमा उपलब्ध हुनुपर्ने न्यूनतम आधारभूत सुविधाहरूको सूची निर्धारण गरेर विद्यालयहरूमा गुणस्तरको मानक तयार गरी लागु गरिनेछ । (३, ६)

१७. विद्यालय तहको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन र जवाफदेहिता सुनिश्चित गर्न विद्यालयहरूको सञ्चालन तथा कार्यसम्पादनस्तरको वार्षिक रूपमा कार्य सम्पादन परीक्षण गर्ने र कार्यसम्पादनमा आधारित व्यवस्थापन तथा लगानीको प्रावधान लागु गरिनेछ । (३)

१८. शिक्षकहरूको प्राज्ञिक उन्नयन एवम् पेशागत विकासका लागि माग तथा आवश्यकताका आधारमा छोटा तथा मध्यम अवधिका तालिम सञ्चालन गरिनेछ । (३)

१९. विद्यालयहरूको व्यवस्थापन सुधार तथा शैक्षिक उपलब्धि अभिवृद्धिका लागि प्रधानाध्यापकहरूसँग कार्यसम्पादन करारको व्यवस्था लागु गरिनेछ । (३)

२०. जनसङ्ख्या र भूगोलको आधारमा विद्यालयहरूको नक्साङ्कन गरी पुनर्संरचना गरिनेछ । (३)

२१. शिक्षकहरूको कार्यसम्पादनलाई विद्यालयका हरेक कक्षाका विद्यार्थीले हासिल गरेको नतिजासँग आबद्ध गरी पुरस्कार तथा दण्डको व्यवस्था गरिनेछ । (३)

२२. सबै प्रकारका शैक्षिक संस्थाहरूको भौतिक अवस्थामा सुधार गरी विपद्प्रतिरोधी बनाइनेछ । विद्यार्थीहरूको सिकाइमा विपद् व्यवस्थापन विषयहरू समावेश गरिनेछ । (३)

२३. शैक्षिक गुणस्तर निर्धारणका लागि राष्ट्रिय योग्यता निर्धारण प्रणाली र राष्ट्रिय व्यावसायिक योग्यता निर्धारण प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइनेछ । (३)

२४. उत्कृष्ट शैक्षिक व्यवस्थापन तथा सेवाप्रवाहमार्फत शैक्षिक गुणस्तर अभिवृद्धि गर्न, अत्यन्त पिछडिएको समुदाय, लोपोन्मुख, गरिब परिवारबाट आउने जेहेन्दार विद्यार्थी, अल्पसङ्ख्यक समुदायका बालबालिकाको शिक्षाको लागि देशका विभिन्न स्थानमा ठूला, आवासीय तथा नमुना विद्यालय सञ्चालनमा ल्याइनेछ । (३, ४)

२५. चार वर्ष उमेरका सबै बालबालिकाको शिक्षाको लागि एकवर्षे प्रारम्भिक बाल शिक्षा र पूर्वप्राथमिक विद्यालयको नक्साङ्कनका आधारमा अत्यन्त दुर्गम बस्ती वा समुदाय र भौगोलिक विकटतालाई लक्षित गरी पुनर्वितरण र विस्तार गरिनेछ । (४,१)

२६. जोखिममा परेका, अल्पसङ्ख्यक तथा लोपोन्मुख समुदायका विद्यार्थीको सिकाइ आवश्यकता सम्बोधनका लागि खुला, वैकल्पिक, आवासीय तथा विशेष शिक्षा कार्यक्रमलाई थप सुदृढीकरण गरिनेछ । (४)

२७. दुर्गम तथा हिमाली जिल्लाहरूका विद्यालयमा भर्ना भएका विद्यार्थीहरूको निरन्तरता तथा सिकाइ सुनिश्चितताका लागि सञ्चालनमा रहेका आवासीय विद्यालय तथा घुम्ती विद्यालयको क्षमता विस्तार गरिनेछ । (४)

२८. मानव विकास सूचकाङ्कका आधारमा पछि परेका क्षेत्र तथा गरिबी व्याप्त रहेको क्षेत्रलाई लक्षित गरी विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालन गरिनेछ । (४)

२९. दलित, छात्रा, जनजाति, लोपोन्मुख जातजाति, गरिब तथा जेहेन्दार विद्यार्थीहरूका लागि आवश्यकताका आधारमा छात्रवृत्तिको व्यवस्था गरिनेछ । (४)

३०. भिन्न सिकाइ आवश्यकता भएका, जोखिममा परेका तथा सीमान्तकृत समूहका विद्यार्थीहरूको सिकाइ आवश्यकता सम्बोधन गर्नका लागि खुला, वैकल्पिक, आवासीय तथा विशेष शिक्षा कार्यक्रमको सुविधा विस्तार गरिनेछ । (४)

३१. नयाँ विद्यालय भवन निर्माणका नमुना डिजाइनहरू बहु प्रकारका विपद्प्रति संवेदनशील र अपाङ्गमैत्री हुने गरी बनाइनेछ । (४)

३२. उच्च वैज्ञानिक एवम् प्राविधिक र अनुसन्धानात्मक शिक्षामा लगानी बढाइनेछ । (५)

३३. उच्च शिक्षाको पहुँच पुग्न नसक्ने दुर्गम स्थान र वैकल्पिक पहुँचको आवश्यकता पर्नेहरूलाई ध्यानमा राखी खुला विश्वविद्यालयलगायत खुला एवम् दूरशिक्षा प्रणालीको संस्थागत विकास गरिनेछ । (५)

३४. उच्च शिक्षालाई राष्ट्रिय प्राथमिकताका आधारमा व्यवस्थापन गर्न कृषि, पशुविज्ञान तथा वन, पर्यावरण, विज्ञान तथा प्रविधि, चिकित्सा विज्ञान, आयुर्वेद, पर्यटन, इन्जिनियरिङ, जलविद्युत्, नवीकरणीय शक्ति, उद्योग तथा व्यापारलगायतका क्षेत्रसँग सम्बद्ध कार्यमूलक एवम् रोजगार उन्मुख उच्च शिक्षाको विकास र विस्तारलाई प्राथमिकता दिइनेछ । (५)

३५. उच्च शिक्षामा गुणस्तर सुनिश्चितता र प्रत्यायन प्रमाणपत्रका आधारमा मात्र विदेशी उच्च शिक्षा प्रदायक संस्थालाई सम्बन्धन दिने व्यवस्था मिलाइनेछ । (५)

३६. उच्च शिक्षाका पाठ्यक्रम तथा कार्यक्रमलाई राष्ट्रिय आवश्यकतासँग आबद्ध गरी तिनीहरूलाई अनुसन्धानमूलक एवम् प्रवर्द्धनात्मक बनाइनेछ । (५)

३७. उच्च शिक्षा ऐन जारी गरी उच्च शिक्षामा विविधीकरण र गुणस्तर सुनिश्चित गर्दै प्रभावकारी रूपमा नियमन गरिनेछ । (५, ६)

३८. प्राविधिक तथा व्यावसायिक शिक्षामा सहज र सरल पहुँचका लागि सामाजिक न्यायका आधारमा लागत अनुदान, लागत साझेदारी र लागत उठ्तीको आधारमा शुल्क निर्धारण गर्ने नीति अवलम्बन गरिनेछ । (५)

३९. दुर्गम तथा मानव विकास सूचकाङ्कका आधारमा पछि परेका क्षेत्रहरूमा सम्भाव्यताका आधारमा प्रविधि उन्मुख आङ्गिक क्याम्पसहरूको स्थापना गरिनेछ । (५)

४०. प्रत्येक प्रदेशमा सन्तुलित शैक्षिक विकासका लागि कम्तीमा एउटा विश्वविद्यालय, मेडिकल कलेज र प्राविधिक तथा व्यावसायिक उच्च शैक्षिक संस्थाको स्थापना गरिनेछ । (५.२)

## ३.६ प्रमुख कार्यक्रमहरू

### क. प्रारम्भिक बालशिक्षा

१. चार वर्ष उमेर समूहका सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अवसर प्रदान गर्न विद्यालय संरचनाभित्रै प्रारम्भिक बालशिक्षा सञ्चालन ।
२. दुर्गम तथा अति पिछडिएको क्षेत्र एवम् समुदाय केन्द्रित गरी नयाँ पूर्व-प्राथमिक विद्यालय विस्तार ।
३. प्रारम्भिक बालशिक्षालाई व्यवस्थित रूपमा सञ्चालनका लागि आवश्यक पर्ने शैक्षिक सामग्री व्यवस्थापन अनुदानको व्यवस्था ।
४. पूर्वप्राथमिक शिक्षकको क्षमता विकास तथा प्रारम्भिक बाल शिक्षा कार्यक्रमको दिगो तथा गुणात्मक विकासका लागि स्थानीय स्तरमा सहकार्य ।

### ख. आधारभूत शिक्षा

१. आधारभूत शिक्षालाई निःशुल्क र अनिवार्य गर्ने व्यवस्था ।
२. आधारभूत शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नका लागि विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन ।
३. तोकिएका क्षेत्रहरूमा विद्यालय दिवा खाजा कार्यक्रम, छात्रवृत्तिका कार्यक्रमहरू, वैकल्पिक शैक्षिक कार्यक्रम ।
४. दुर्गम, हिमाली, अति पिछडिएका क्षेत्र, वर्ग एवम् अपाङ्गता भएका बालबालिकासमेतका लागि आवासीय विद्यालयहरू सञ्चालन ।
५. समयमै निःशुल्क पाठ्यपुस्तक वितरण ।
६. भूकम्पबाट पुगेको क्षतिको पुनर्निर्माण, विद्यालयको भौतिक सुधार ।
७. गुणस्तर सुधारका लागि न्यूनतम सिकाइ वातावरण निर्माण ।
८. शिक्षक व्यवस्थापन, पद तथा दरबन्दी मिलान, शिक्षक तालिम ।
९. बालमैत्री शिक्षण सिकाइ प्रवर्द्धनका लागि सिकाइ सामग्री अनुदान, प्रारम्भिक कक्षामा पढाइ सीप विकास कार्यक्रम, बहु वर्ग शिक्षण, मातृभाषामा शिक्षा ।
१०. शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको उपयोग ।
११. पुस्तकालय तथा सिकाइ कुना स्थापना ।
१२. कार्यान्वयन पक्षलाई थप प्रभावकारी बनाउन अनुगमन तथा निरीक्षणसम्बन्धी कार्यक्रम ।

### ग. माध्यमिक शिक्षा

१. माध्यमिक शिक्षामा पहुँच तथा टिकाउ दर बढाउन न्यूनतम सिकाइ वातावरण तयार गर्ने कार्यक्रम सञ्चालन ।
२. भूकम्पबाट पुगेको क्षतिको पुनर्निर्माण ।

३. खुला तथा वैकल्पिक शैक्षिक कार्यक्रम, प्रोत्साहनमूलक कार्यक्रम, विभिन्न छात्रवृत्ति वितरण, कक्षा १० सम्म निःशुल्क पाठयपुस्तक वितरण ।
४. आवासीय तथा घुम्ती विद्यालय सञ्चालन ।
५. माध्यमिक शिक्षामा गुणस्तर अभिवृद्धिका लागि नमूना विद्यालयको विकास तथा सञ्चालन ।
६. विद्यालयमा प्रधानाध्यापकको छुट्टै पदीय व्यवस्था ।
७. शिक्षक तालिम, विज्ञान प्रयोगशाला तथा पुस्तकालय स्थापना ।
८. शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, विज्ञान, गणित तथा अङ्ग्रेजी विषयमा विद्यार्थीलाई थप सहयोग पुऱ्याउन सूचना प्रविधिको माध्यमबाट दूर शिक्षा, विद्युतीय अन्तरक्रियात्मक सिकाइ सामग्री विकास तथा प्रयोग ।
९. कक्षा ९ देखि नै व्यावसायिक र प्राविधिक शिक्षाको पहुँच विस्तार ।
१०. माध्यमिक तहको अन्त्यसम्ममा विद्यार्थीलाई पाठ्यक्रमसँग आबद्ध हुने गरी अनिवार्य स्वयंसेवकको रूपमा परिचालन ।
११. कक्षा ११ र १२ मा विज्ञान विषयको पहुँच विस्तार तथा थप सहयोगजस्ता कार्यक्रमहरू सञ्चालन गरिनुका साथै प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिको क्षमता विकास गरी व्यवस्थापकीय सुधारका लागि अनुगमन तथा निरीक्षणमा संलग्नता बढाउने कार्यक्रम ।
१२. माध्यमिक शिक्षालाई अनिवार्य गरी क्रमशः निःशुल्क गर्दै लगिने कार्यक्रम ।

**घ. अनौपचारिक शिक्षा**

१. सामुदायिक अध्ययन केन्द्रमार्फत साक्षरता कार्यक्रम सञ्चालन गरी सबै जिल्लालाई साक्षर घोषणा गर्ने कार्यक्रम ।
२. सामुदायिक अध्ययन केन्द्रको क्षमता विकास गरी निरन्तर शिक्षा कार्यक्रम सञ्चालन ।
३. अनौपचारिक शिक्षाबाट प्राप्त ज्ञानको समकक्षता निर्धारण तथा प्रमाणीकरण ।
४. खुला तथा दूर शिक्षा कार्यक्रम, विपन्न समुदाय लक्षित वैकल्पिक शैक्षिक कार्यक्रमहरू विस्तार एवम् सञ्चालन तथा वैकल्पिक शैक्षिक कार्यक्रम र औपचारिक शिक्षाका कार्यक्रमबीच सह-सम्बन्ध स्थापना ।
५. लोपोन्मुख जनजाति, महिला, अपांगता भएका व्यक्ति एवम् यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक वर्गका लागि लक्षित सीप विकासका कार्यक्रम तथा नव-साक्षरहरूलाई जीवनपर्यन्त तथा आयआर्जनमूलक सिकाइ कार्यक्रमहरू सञ्चालन ।
६. विदेशमा रहेका नेपाली मूलका बालबालिकाहरूलाई नेपाली भाषा, साहित्य र संस्कृतिको प्रवर्द्धन हुने गरी कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गर्ने कार्यक्रम ।

**ङ. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम**

१. प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच अभिवृद्धिका लागि माध्यमिक तहको कक्षा ९ देखि व्यावसायिक शिक्षा विस्तार ।
२. सबै प्रदेश समेट्ने गरी पोलिटेक्निक इन्स्टिच्युट सञ्चालन ।

३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाहरूको क्षमता अभिवृद्धि, प्राविधिक शिक्षामा पहुँच विस्तारका लागि कार्यक्रम सञ्चालन, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कोषको स्थापना ।
४. गुणस्तर सुनिश्चितताका लागि सरोकारवालाहरूलाई थप जवाफदेही बनाउँदै अनुगमन तथा निरीक्षणजस्ता कार्यक्रमहरू सञ्चालन ।
५. परम्परागत ज्ञान सीपको प्रवर्द्धन गर्दै रोजगारीमूलक र उद्यमशीलता विकास हुने शैक्षिक प्रणालीको विकास ।

**च. उच्च शिक्षा**

१. मुलुकको आर्थिक समृद्धि हुने गरी ज्ञानमा आधारित अनुसन्धानमूलक उच्च शिक्षाको विकास गर्ने कार्यक्रम सञ्चालन ।
२. शैक्षिक गुणस्तरको निर्धारण र मापन, सन्तुलित शैक्षिक विकासको लागि प्रत्येक प्रदेशमा एक/ एक ओटा विश्वविद्यालय र मेडिकल कलेज स्थापना ।
३. उच्च शिक्षामा पहुँच अभिवृद्धिका लागि खुला विश्वविद्यालय लगायत खुला एवम् दूर शिक्षा प्रणालीको संस्थागत विकास ।
४. कृषि तथा वन, पर्यावरण, विज्ञान तथा प्रविधि, चिकित्सा विज्ञान, आयुर्वेद, पर्यटन, इन्जिनियरिङ, जलविद्युत्, नवीकरणीय ऊर्जा, उद्योग तथा व्यापारलगायतका अन्य नव-प्रवर्तनीय क्षेत्रसँग सम्बद्ध कार्यमूलक एवम् रोजगार उन्मुख उच्च शिक्षाको विकास र विस्तार ।
५. गुणस्तर सुनिश्चितताका कार्यक्रम सञ्चालन ।
६. शैक्षिक प्रमाणत्र धितो राखी सहुलियतपूर्ण ऋण उपलब्ध गराइने व्यवस्थाका लागि कार्यक्रम सञ्चालन ।
७. उच्च शिक्षाका पाठ्यक्रम तथा कार्यक्रमलाई राष्ट्रिय आवश्यकतासँग आबद्ध गरी उच्च शिक्षामा अध्ययनरत विद्यार्थीलाई अनिवार्य रूपमा स्वयंसेवकका रूपमा परिचालन र परीक्षा प्रणालीमा सुधार तथा शैक्षिक क्यालेन्डर कार्यान्वयन ।
८. वैदेशिक क्षेत्रबाट सम्बन्धन प्राप्त माध्यमिक, उच्च शिक्षा र अन्य शैक्षिक परामर्शदातृ संस्थाहरूको थप व्यवस्थापन र नियमन ।

**छ. शैक्षिक व्यवस्थापन**

१. शैक्षिक सेवा प्रवाहलाई सूचना तथा सञ्चार प्रविधिको उपयोग गरी छिटोछरितो एवम् प्रभावकारी र समयसापेक्ष बनाउन कार्यक्रम सञ्चालन ।
२. सङ्घीय स्वरूप अनुकूल शैक्षिक प्रशासनिक संरचना तयार गरी तथ्यमा आधारित योजना निर्माण, कार्यान्वयन र नतिजामूलक अनुगमन तथा कार्यसम्पादनमा आधारित मूल्याङ्कन प्रणालीको विकास ।
३. शैक्षिक सुशासन तथा सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गर्दै नीतिगत तथा प्रक्रियागत प्रणाली सुधारमा यसको उपयोग गर्ने कार्यक्रम सञ्चालन ।
४. शैक्षिक संस्थामा नयाँ बन्ने भौतिक संरचनाहरू विभिन्न खाले विपद् प्रतिरोधी तथा अपाङ्गमैत्री बनाउने र समग्र शैक्षिक व्यवस्थापन सुधारका लागि केन्द्रदेखि स्थानीय तहसम्मका जनशक्तिको क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रम सञ्चालन ।

## ४. अपेक्षित उपलब्धि

योजनाको अन्त्यमा १५ देखि २४ वर्ष उमेर समूहको साक्षरता दर ९२ प्रतिशत पुगेको हुनेछ । कक्षा एकमा बालविकासको अनुभवसहित भर्ना हुन आउने बालबालिकाहरूको सङ्ख्या ७८ प्रतिशत पुगेको र आधारभूत तह कक्षा १-८ को खुद भर्नादर ९४ प्रतिशत तथा माध्यमिक तह कक्षा ९-१२ को खुद भर्नादर ४५ प्रतिशत पुगेको हुनेछ । साथै, कक्षा ८ र १० को टिकाउ दर क्रमशः ८० र ५० प्रतिशत पुगेको हुनेछ । सबै गाउँपालिका र नगरपालिकाका वडाहरूमा सामुदायिक अध्ययन केन्द्र स्थापना भएको हुनेछ । उच्च शिक्षामा विज्ञान विषय अध्ययनरत विद्यार्थी सङ्ख्या ५ प्रतिशत पुगेको र उच्च शिक्षामा सहजै देखिने भर्नादर २० प्रतिशत पुगेको हुनेछ । गुणस्तरीय प्राविधिक तथा व्यावसायिक तालिमको पहुँचका लागि आधार सुनिश्चित भएको हुनेछ ।

# ४.४.४ स्वास्थ्य तथा पोषण

## १. पृष्ठभूमि

संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने एवम् स्वास्थ्य सेवामा समान पहुँच प्राप्त हुने विषयलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ । नागरिकलाई स्वस्थ बनाउन राज्यले स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने एवम् गुणस्तरीय, सहज, सुलभ स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्दै सबैको स्वस्थ जीवन प्रत्याभूत गरी दिगो विकास सुनिश्चित गर्नुपर्ने दायित्व पनि संविधानबाटै निर्देशित छ ।

विगत तथा चालु योजनाहरूमा सञ्चालित स्वास्थ्य सेवाका विभिन्न कार्यक्रमहरूको फलस्वरूप शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) र नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) क्रमशः ३३ र २३ मा झरेको छ । साथै पाँच वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) ३८ तथा मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा) मा २५८ मा झरेको छ । यसैगरी परिवार नियोजनको साधन प्रयोग दर ४९.७ प्रतिशत रहेको छ भने कुल प्रजनन दर (१५-४९ वर्ष उमेर समूहका प्रतिमहिलाले जन्म दिएका बच्चाको औसत सङ्ख्या) २.३ रहेको छ । तौल नपुगेका बच्चाको प्रतिशत घटेर २८.८ पुगेको छ । क्षयरोगको सफल उपचार ९० प्रतिशत र आयोडिनयुक्त नुन उपयोग गर्ने घरधुरी ८१.१ प्रतिशत पुगेको छ । स्वास्थ्यसम्बन्धी उपरोक्त संवैधानिक व्यवस्था एवम् दिगो विकासका लक्ष्य हासिल गर्न योगदान गर्ने सोचका साथ स्वास्थ्य क्षेत्रको प्रवर्द्धन गर्न आवश्यक भएको छ ।

## २. चुनौती तथा अवसर

### चुनौती

संविधानले व्यवस्था गरेको सङ्घीय स्वरूप, भौगोलिक एवम् जनसङ्ख्याको अनुपात अनुरूप स्वास्थ्य संस्थाहरूको न्यायोचित वितरण गर्नु, निःशुल्क वितरण गरिने औषधी आवश्यकताका आधारमा उपलब्ध गराउनुका साथै त्यसको गुणस्तर सुनिश्चित गर्नु, स्वास्थ्य सेवा प्रवाहको नियमित नियमन र अनुगमन गर्नु, सबैको लागि स्वास्थ्य बिमा लागु गर्नु, वैदेशिक सहयोगको परिचालन तथा उपयोगलाई

प्रभावकारी बनाउन समन्वय कायम गर्नु, भूकम्पबाट क्षतिग्रस्त स्वास्थ्य संरचनाहरूको पुनर्निर्माण गर्ने कार्यलाई तीव्रता दिई चाँडोभन्दा चाँडो स्वास्थ्य सेवालाई सुचारु गर्नु स्वास्थ्य क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

**अवसर**

स्वास्थ्य संस्थाहरूको देशव्यापी सञ्जाल तयार हुनु, दक्ष स्वास्थ्यकर्मी तथा अत्याधुनिक प्रविधि र उपकरणहरूको उपलब्धता, सर्वसाधारणहरूको स्वास्थ्य सेवा र पोषणको महत्त्वबारे बढ्दो जागरण र प्रभावकारी स्वास्थ्य सेवा प्रवाहका लागि गरिएको विभिन्न नीतिगत व्यवस्थाका कारण सहस्राब्दी विकास लक्ष्यमा सन्तोषजनक प्रगति, राष्ट्रिय स्वास्थ्य नीति, २०७१, सहरी स्वास्थ्य नीति, २०७२, तथा नेपाल स्वास्थ्य क्षेत्र रणनीति (२०७२-२०७७) को तर्जुमालगायत विगतका उपलब्धिहरूलाई संस्थागत गर्दै स्वास्थ्य सेवालाई थप व्यवस्थित र गुणस्तरयुक्त बनाउने अवसर प्राप्त भएको छ ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

गुणस्तरीय स्वास्थ्य सेवामा सबै जनताको पहुँचमार्फत स्वस्थ र सबल नागरिक विकास ।

### ३.२ लक्ष्य

सबै नागरिकलाई गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाहरू निःशुल्क रूपमा उपलब्ध गराउने ।

### ३.३ उद्देश्य

१. सबै वर्ग, क्षेत्र र समुदायका नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि गराउनु ।
२. स्वस्थ जनशक्ति तयार गर्नु, रोग प्रतिरोधात्मक क्षमता बढाउनु तथा गुणस्तरीय र पोषणयुक्त खाद्य सामग्रीमा पहुँच बढाउनु ।

### ३.४ रणनीति

१. गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँच हुने गरी प्रभावकारी रूपमा सेवा उपलब्ध गराउने ।
२. पोषणयुक्त खानेकुराको बारेमा चेतना बढाउँदै यससम्बन्धी सेवाको पहुँच आम नागरिकसम्म पुऱ्याउने ।
३. नवजात शिशु मृत्युदर, शिशु मृत्युदर र बाल मृत्युदर घटाउने र औसत आयु बढाउने ।
४. गुणस्तरीय औषधी तथा स्वास्थ्य सामग्रीको आन्तरिक उत्पादनलाई जोड दिने ।
५. स्वास्थ्य क्षेत्रमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रको संलग्नता वृद्धि गरी ती क्षेत्रहरूबाट हुने लगानीलाई व्यवस्थित गर्ने ।

६. देशमा उपलब्ध जडीबुटीको व्यवस्थापन र उपयोग गर्दै आयुर्वेद चिकित्सा प्रणालीको विकास तथा प्रचलित अन्य पूरक चिकित्सा प्रणालीहरूको संरक्षण एवम् व्यवस्थित विकास गर्ने ।

## ३.५ कार्यनीति

१. स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गरी स्वास्थ्य सेवा सबै नागरिकले प्राप्त गर्नसक्ने व्यवस्था मिलाइनेछ । (१)

२. आवश्यक दक्ष स्वास्थ्य जनशक्ति योजना, उत्पादन, प्राप्ति, विकास तथा उपयोग गरिनेछ । (१)

३. आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरूसहितको प्रभावकारी एवम् जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको विकास गरिनेछ । (१)

४. गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउन स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरी क्रमशः सम्पूर्ण स्वास्थ्य सेवा प्रदान गर्दै लगिनेछ । (१)

५. स्वास्थ्यसम्बन्धी अनुसन्धान कार्यलाई प्रभावकारी बनाइनेछ । (१)

६. स्वास्थ्य तथा पोषणबारे व्यापक जनचेतना जागृत हुने कार्यक्रमहरू सञ्चालन गरिनेछ । (१)

७. सर्ने वा नसर्ने रोगहरूका बारेमा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ । (१)

८. सङ्घीय संरचनाअनुरूप प्रत्येक प्रदेशमा पर्ने गरी विशेषज्ञ सेवासहितको सुविधा सम्पन्न अस्पताल निर्माण प्रक्रिया अघि बढाइनेछ । (१)

९. अस्पताल विकास समिति तथा स्वास्थ्यसँग सम्बन्धित व्यावसायिक परिषद्हरूलाई सक्षम तथा जवाफदेही बनाइनेछ । (१)

१०. स्वास्थ्य क्षेत्रमा आधुनिक सूचना प्रविधिको अधिकतम प्रयोग गरिनेछ । (१)

११. स्वास्थ्य सेवाप्रवाहलाई पारदर्शी, जवाफदेही एवम् जनउत्तरदायी बनाउन सुशासनमा जोड दिइनेछ । (१)

१२. गुणस्तरीय एवम् स्वास्थ्यवर्द्धक खाद्य पदार्थको प्रयोग बढाउँदै कुपोषण न्यूनीकरण गरिनेछ । (२)

१३. मातृशिशु पोषण अवस्थामा सुधार ल्याउन विद्यमान बहुक्षेत्रीय पोषण योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ । (२)

१४. तयारी खाद्य वस्तुको बारेमा बढाइचढाइ विज्ञापन गर्ने कार्यलाई निरुत्साहित गरिनेछ । (२)

१५. 'सुनौला हजार दिन' सम्बन्धी जनजागरण अभियानलाई निरन्तरता दिइनेछ । (२)

१६. नागरिक स्वास्थ्यमा प्रतिकूल असर पार्ने खाद्यपदार्थको विज्ञापन र बजार प्रवर्द्धनमा बन्देज लगाइनेछ । (२)

१७. प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व एवम् बाल तथा शिशु स्वास्थ्य सेवा बारेमा जनचेतना अभिवृद्धि गरिनेछ । (३)

१८. नवजात शिशु मृत्युदर, शिशु मृत्युदर, बाल मृत्युदर र मातृ मृत्युदर घटाउनको लागि प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, बाल तथा शिशु स्वास्थ्य सेवाहरू सञ्चालन गरिनेछ। (३)

१९. औषधी उत्पादनमा मुलुकलाई क्रमशः आत्मनिर्भर बनाउँदै लगिनेछ। (४)

२०. असल उत्पादन प्रक्रियाअनुरूप गुणस्तरीय औषधी उत्पादन एवम् औषधीको आयात र बिक्री वितरण प्रक्रियालाई प्रभावकारी बनाउन नियमनकारी निकायको क्षमता अभिवृद्धि गरिनेछ। (४)

२१. स्वास्थ्य सेवा प्रवाहमा सरकारी, निजी, सामुदायिक एवम् सहकारी क्षेत्रलाई समेट्दै गुणात्मक सेवा सुनिश्चित गराउन सुशासन कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ। (५)

२२. निजी र गैरसरकारी क्षेत्रमा स्थापित स्वास्थ्यसम्बन्धी व्यावसायिक सङ्घ-संस्थाहरूबीच स्वास्थ्य सेवा प्रवाह, अध्ययन, अनुसन्धान कार्यमा सहकार्यलाई बढावा दिइनेछ। (५)

२३. भौगोलिक अवस्थिति र जनसङ्ख्याको आधारमा प्रचलित भवन संहिता अनुसार स्वास्थ्य संस्थाहरू निर्माण गरिनुका साथै ती संरचनाहरूलाई अपाङ्गमैत्री, बालमैत्री तथा भूकम्प प्रतिरोधी बनाइनेछ। (५)

२४. आयुर्वेद पद्धतिको प्रभावकारी कार्यान्वयनको लागि उपयुक्त संरचनाको विकास र विस्तार तथा आयुर्वेदिक औषधी उत्पादन वृद्धि गरिनुका साथै आयुर्वेद तथा जडीबुटीका नाममा हुने अनुचित गतिविधिहरूलाई नियमन गरिनेछ। (६)

२५. आयुर्वेद प्रणालीको क्रमबद्ध विकासको लागि होमियोप्याथी, युनानी तथा अन्य पूरक चिकित्सा प्रणालीको संरक्षण, विकास एवम् विस्तारका लागि दीर्घकालीन योजना तर्जुमा गरी लागु गरिनेछ। (६)

## ३.६. प्रमुख कार्यक्रमहरू

### क. सेवा प्रवाहमा सुधार

१. बाल स्वास्थ्य तथा पोषण।

२. परिवार स्वास्थ्य तथा सुरक्षित मातृत्व।

३. क्षयरोग नियन्त्रण।

४. यौनरोग तथा एच.आई.भी. र एड्स नियन्त्रण।

५. नसर्ने रोगको रोकथाम तथा उपचार।

६. कुष्ठरोग निवारण।

७. औलो, कालाजार निवारण।

८. अन्य कीटजन्य रोग नियन्त्रण एवम् प्राकृतिक प्रकोप व्यवस्थापन।

९. मुख तथा मानसिक स्वास्थ्य।

१०. आँखा सेवा, डिप स्टिक टेस्टमार्फत मृगौला जाँच।

११. विद्यालय स्वास्थ्य कार्यक्रममार्फत निःशुल्क आँखा जाँच ।
१२. वातावरणीय स्वास्थ्य प्रवर्द्धन तथा सोको लागि समूह परिचालन ।
१३. मनोसामाजिक तथा मानसिक स्वास्थ्य ।
१४. प्रौढावस्था (Geriatric) को स्वास्थ्य प्रवर्द्धन ।
१५. जनशक्ति विकास तथा सेवा विस्तार ।
१६. थप स्वास्थ्य सेवाहरूको विस्तार ।
१७. रक्त सञ्चार सेवाको स्थापना तथा विस्तार ।
१८. स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार ।
१९. आयुर्वेद तथा पूरक चिकित्सा ।
२०. कम्तीमा ११ प्रकारका खोपको निःशुल्क व्यवस्थामार्फत जिल्लास्तरमा पूर्ण खोप घोषणा कार्य गरी उपलब्धताको सुनिश्चितता ।
२१. विपन्नलाई नौ प्रकारका रोगमा निःशुल्क उपचार ।
२२. सबै नागरिकलाई मृगौलाको निःशुल्क डायलासिस सेवा विस्तार ।

**ख. भौतिक पूर्वाधार विकास तथा सुधार**

१. सबै प्रदेशमा न्यूनतम एउटा पर्ने गरी सरकारी स्वास्थ्य विज्ञान प्रतिष्ठानरमेडिकल कलेज स्थापना ।
२. प्रत्येक स्थानीय तहमा १५ शैयाको सुविधा सम्पन्न अस्पताल स्थापना ।
३. मापदण्ड अनुरूप भूकम्पलगायत अन्य विपद् प्रतिरोधी तथा अपाङ्गमैत्री स्वास्थ्य संरचनाहरूको निर्माण, मर्मतसम्भार तथा स्तरोन्नति ।
४. प्रादेशिक स्तरमा रेफरेन्स प्रयोगशाला स्थापना तथा स्तरोन्नति ।
५. असुरक्षित संरचनाहरूको निर्माण, पुनर्निर्माण तथा मर्मतसम्भार ।

**ग. औषधी, औजार तथा उपकरण व्यवस्था**

१. बहुवर्षीय सम्झौताका आधारमा औषधी खरिद ।
२. औषधीको गुणस्तर, आपूर्ति तथा भण्डारणमा नयाँ प्रविधिको प्रयोग, भण्डारणको स्तरोन्नति निःशुल्क औषधीको नियमित र भरपर्दो उपलब्धता ।
३. अस्पताल फार्मेसीको सञ्चालन ।
४. गुणस्तरीय अत्याधुनिक स्वास्थ्य औजार उपकरणको व्यवस्था, अभिलेखीकरण, योजनाबद्ध मर्मतसम्भार तथा प्रतिस्थापन ।
५. नयाँ इन्जिनियरिङ तथा बायोमेडिकल प्रविधि प्रयोग ।

**घ. जनशक्ति विकास तथा गुणस्तरीय स्वास्थ्य सेवा**

१. स्वास्थ्य क्षेत्रका लागि आवश्यक जनशक्तिको गुरुयोजना तयार ।
२. सरकारी अस्पतालहरूमा थप सेवाहरूको विस्तार ।
३. सबै जिल्ला अस्पतालहरूमा मेडिकल कलेजबाट दक्ष चिकित्सकको सेवा उपलब्धता ।

४. सबै सरकारी स्वास्थ्य संस्थाहरूमा दरबन्दीबमोजिम चिकित्सकको व्यवस्था ।

५. मिश्रित दक्ष जनशक्तिको विकास तथा आपूर्ति गर्न शैक्षिक संस्थाहरूसँग सहकार्य ।

६. विद्यमान विज्ञ जनशक्तिको सन्तुलित वितरण ।

७. क्षमता विकासको एकीकृत कार्यक्रम ।

८. अस्पतालजन्य फोहोर मैलाको व्यवस्थापनसम्बन्धी अनुसन्धान ।

**ङ. पोषणसम्बन्धी कार्यक्रम**

१. सुनौला हजार दिन अभियान ।

२. अधिक पोषण तथा न्यून पोषण व्यवस्थापन र पोषण प्रवर्द्धन ।

३. क्षमता विकास तथा अन्य निकायहरूसँग समन्वय ।

**च. आपत्कालीन स्वास्थ्य**

४. वातावरणीय तथा व्यवसायजन्य स्वास्थ्य जोखिम न्यूनीकरण ।

५. थारू समुदायमा अनुवांशिक रोगको रूपमा रहेको सिकलसेल एनिमियाको पहिचान तथा रोकथाम (Genetic counseling) को व्यवस्था ।

६. केन्द्रदेखि स्थानीय स्तरसम्म आकस्मिक स्वास्थ्य कोषको स्थापना ।

७. शीघ्र सम्बोधन गर्ने विशेषज्ञसहितको टोली (Health Rapid Response Team) परिचालन, औषधीलगायत आवश्यक सामग्रीको मौज्दातको व्यवस्था ।

८. एकीकृत रोग निगरानी तथा उपचार पद्धति अवलम्बन ।

९. जनशक्ति परिचालन योजना तर्जुमा, राजमार्गमा हुने दुर्घटनामा परेका घाइतेहरूका लागि शीघ्र उपचारको लागि आसपासका अस्पतालहरूमा आकस्मिक व्यवस्थापन ।

१०. जलवायु परिवर्तन तथा अन्य प्रकारका विपद्का कारणले निम्त्याउन सक्ने रोगहरूको पहिचान गरी व्यवस्थापन ।

**छ. सहकार्य तथा साझेदारी**

१. स्वास्थ्य सेवा प्रवाहमा सरकारी, निजी तथा गैरनाफामूलक संस्थाहरूको सहकार्यका लागि साझेदारी नीति तर्जुमा ।

२. विशेषज्ञको उत्पादन तथा सेवा उपयोगका लागि शैक्षिक संस्थाहरूसँग सहकार्य ।

**ज. नीतिगत सुधार**

१. ऐन तथा नियमावलीहरूको तर्जुमा र समसामयिक सुधार ।

२. आधारभूत स्वास्थ्य सेवा प्रवाहको लागि कानुनी खाका विकास ।

३. स्वास्थ्य संस्थाहरूको आवश्यकताको नक्साङ्कन ।

४. निजी स्वास्थ्य संस्थाहरूबाट विपन्न वर्गलाई मात्र १० प्रतिशत सेवा उपलब्ध गराउने तथा सोको अनुगमन गर्न जिल्लास्तरमा संयन्त्रको व्यवस्था ।

५. मर्मतसम्भार योजना तर्जुमा ।

**झ. आयुर्वेद सेवा तथा अन्य वैकल्पिक चिकित्सा**

१. सबै प्रदेशहरूमा आवश्यकतानुसार आयुर्वेदिकलगायत अन्य वैकल्पिक चिकित्सा विधिका सेवा विस्तार ।

२. आयुर्वेदिक औषधीको अनुसन्धान, उत्पादन, गुणस्तर निर्धारण तथा वितरण र ध्यान ।

**ञ. संस्थागत क्षमता सुदृढीकरण तथा सुशासन**

१. औषधीको आपूर्ति तथा गुणस्तर नियमन र कानुनी तथा संस्थागत सुधार ।

२. औषधी व्यवस्था विभागको क्षमता अभिवृद्धि ।

३. सूचना व्यवस्थापनका लागि क्षमता विकास ।

४. विद्युतीय अभिलेखीकरण तथा प्रतिवेदन प्रणाली विकास ।

५. जिल्ला अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्रहरूमा चिकित्सकहरूको उपस्थिति सुनिश्चित गर्न प्रत्येक जिल्लामा चिकित्सकको जगेडा दरबन्दीको व्यवस्था ।

६. नतिजामुखी अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुदृढीकरण तथा क्षमता विकास ।

७. नि:शुल्क स्वास्थ्य सेवाको लेखाजोखा ।

**ट. स्वास्थ्य क्षेत्र लगानीको पहिचान तथा दीगोपना**

१. स्वास्थ्य बिमा कार्यक्रमको थालनी र विस्तार ।

२. स्वास्थ्य क्षेत्रमा सर्वसाधारणको तर्फबाट भएको खर्चको पहिचानको लागि लेखाङ्कन प्रणालीको स्थापना ।

३. सरकारी स्वास्थ्य संस्थाका लागि कार्यसम्पादनमा आधारित बजेट वितरण ।

### ४. अपेक्षित उपलब्धि

योजना अवधिमा पाँच वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) घटेर ३० पुगेको, मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा) १४५ पुगेको, नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) घटेर २० पुगेको, कुल प्रजनन दर (१५-४९ वर्ष उमेर समूहका प्रतिमहिलाले जन्म दिएका बच्चाको औसत सङ्ख्या) २.१ पुगेको, ८७ प्रतिशत क्षयरोगी बिरामीहरू पत्ता लागेको र पाँच वर्षमुनिका बच्चाहरूमध्ये पुड्कोपना (उमेरअनुसार उचाइ कम) भएका बच्चाहरूको प्रतिशत घटेर ३२ पुगेको हुनेछ ।

## ४.४.५ खानेपानी तथा सरसफाइ

### १. पृष्ठभूमि

खानेपानी तथा सरसफाइ सेवा आधारभूत मानव अधिकारको रूपमा स्थापित छ । खानेपानीको पहुँचलाई नेपालको संविधानमा मौलिक हकको रूपमा नै व्याख्या भएबाट यस क्षेत्रमा थप जोड दिनु आवश्यक भएको छ । हाल आधारभूत स्तरको खानेपानी सेवाको संरचना पुगेको जनसङ्ख्या ८३.६ प्रतिशत र सरसफाइ सुविधाबाट लाभान्वित जनसङ्ख्या ८१ प्रतिशत पुगेको छ । उच्च/मध्यमस्तरको

खानेपानी सेवाबाट लाभान्वित जनसङ्ख्या १५ प्रतिशत रहेको छ । खानेपानीको विस्तार र गुणस्तर वृद्धि गर्ने, सहरी र अर्धसहरी खानेपानी प्रणालीको निर्माण तथा सुदृढीकरणका साथै सतह स्रोतबाट पानीको आपूर्ति नपुग भएको अवस्थामा वर्षात्को पानी सङ्कलन गर्ने पद्धति विकास गर्नु आवश्यक छ । खानेपानीको स्रोतको संरक्षण र उचित उपयोग गर्ने र मुलुकलाई खुला दिसापिसाबमुक्त क्षेत्रको घोषणा गरी वातावरणीय सरसफाइमा विशेष जोड दिइएको छ । यी सबै प्रयासबाट खानेपानी तथा सरसफाइ क्षेत्रको दिगो विकास लक्ष्य हासिल गर्ने अपेक्षा गरिएको छ ।

## २. चुनौती तथा अवसर

### चुनौती

वातावरणीय प्रभाव, जलवायु परिवर्तन, बढ्दो सहरीकरण र अव्यवस्थित बस्ती विकासका कारण खानेपानीका स्रोतहरू सुक्दै जानु र स्रोत प्रदूषित हुनु, स्वास्थ्यलाई खानेपानी तथा सरसफाइ सुविधाको अभिन्न अङ्गका रूपमा लैजान नसक्नु, निर्माणाधीन आयोजनाहरू समयमै सम्पन्न गर्न नसकिनु, बढ्दो बसाइँ-सराइका कारण सहरी क्षेत्रमा खानेपानीको अत्यधिक माग रहनु, सहरी बस्तीमा ढलनिकास व्यवस्थित गरी नदीनाला, पोखरी आदिको संरक्षण र स्वच्छता कायम गर्न कठिनाइ हुनु एवम् खानेपानी तथा सरसफाइका क्षेत्रमा संलग्न सरोकारवालाहरूबीच प्रभावकारी समन्वय हुन नसक्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

### अवसर

छुट्टै विशिष्टीकृत निकायको रूपमा खानेपानी तथा सरसफाइ मन्त्रालयको गठन हुनु, पानी तथा सरसफाइ सेवा एवम् संरचनाको विकास तथा विस्तारमा स्थानीय निकाय, विकास साझेदार, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, गैरसरकारी संस्था तथा उपभोक्ता समितिहरू र नागरिकको सहभागिता बढ्दै जानु, विभिन्न तहमा खानेपानी तथा सरसफाइ तथा स्वच्छता समन्वय समितिहरू क्रियाशील रहनु र सरसफाइ कार्यक्रमले सामाजिक अभियानको रूप लिनु आदि कारणहरूले गर्दा यस क्षेत्रमा आशातीत सुधार गर्न सकिने अवस्था सिर्जना हुन गएको छ ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ३.१ सोच

भरपर्दो, गुणस्तरीय र सर्वसुलभ खानेपानी तथा सरसफाइ सेवाबाट नागरिकको स्वास्थ्य तथा जीवनशैलीमा सुधार ।

### ३.२ लक्ष्य

सबै जनसङ्ख्यालाई आधारभूत खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउने ।

### ३.३ उद्देश्य

१. सबै जनसङ्ख्यालाई आधारभूत स्तरको खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउनु ।

२. मध्यम तथा उच्च स्तरको खानेपानी तथा सरसफाइ सेवा विस्तार गर्नु ।

## ३.४ रणनीति

१. आधारभूत स्तरको खानेपानी सेवा सबै जनसङ्ख्यालाई उपलब्ध गराउने ।

२. सबै जनसङ्ख्यालाई आधारभूत स्तरको सरसफाइ तथा शौचालयको सुविधा पुऱ्याउने ।

३. जलवायु अनुकूलन आयोजनाको निर्माण, जलाधार क्षेत्र तथा परम्परागत स्रोतको संरक्षण र भूमिगत पानीको पुनर्भरणको व्यवस्था गर्ने ।

४. सहरी तथा सहर उन्मुख क्षेत्रमा ढल तथा फोहरमैला व्यवस्थापनको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउने ।

५. तराई-मधेशमा विद्यमान खानेपानी समस्या तथा आर्सेनिक प्रदूषण न्यूनीकरण गर्ने ।

## ३.५ कार्यनीति

१. खानेपानी, सरसफाइ र स्वच्छतासम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा गरिनेछ । (१)

२. राष्ट्रिय खानेपानी गुणस्तर निर्देशिका परिमार्जन गरिनुका साथै गुणस्तर गुरुयोजना कार्यान्वयन गरिनेछ । (१)

३. ठूला सहरहरूका खानेपानी तथा ढल निकाससम्बन्धी आयोजनाहरू स्तरोन्नति गरिनेछ । (१)

४. खानेपानी तथा ढलसम्बन्धी महसुल निर्धारण प्रक्रियालाई परिमार्जन गरिनेछ । (१)

५. सुख्खाग्रस्त क्षेत्रको पहिचान गरी बृहत् पम्पिङ आयोजना सञ्चालन गरिनेछ । (१)

६. तराई-मधेस तथा भावर क्षेत्रमा खानेपानी आपूर्तिका लागि ठूला नदीहरूबाट थोकपानी आपूर्ति प्रणालीको अध्ययन गरी उपयुक्त आयोजनाहरू सुरु गरिनेछ । (१)

७. भूकम्प प्रभावित खानेपानी आयोजनाहरूको पुनर्स्थापना गरिनेछ । (१)

८. मेलम्चीलगायतका ठूला खानेपानी आयोजनाहरूलाई यथाशीघ्र सम्पन्न गरिनेछ । (१)

९. 'एक घर एक शौचालय' को व्यवस्थालाई कार्यान्वयनमा ल्याइनेछ । (२)

१०. सञ्चालनमा रहेका सबै खानेपानी तथा सरसफाइ आयोजनाहरू सम्पन्न गरिनेछ । (२)

११. मध्य तथा पूर्वी तराईका ८ जिल्लामा सरसफाइका विशेष कार्यक्रम सञ्चालन गरिनेछ । (२)

१२. हरेक जिल्लाको खानेपानी तथा सरसफाइ योजना अद्यावधिक गरिनेछ । (२)

१३. देशका आर्थिक, सामाजिक एवम् सांस्कृतिक महत्त्वका नदीनालाहरू तथा अन्य पानीका स्रोतहरू र तालतलैयाहरूको संरक्षण तथा वातावरणीय व्यवस्थापन गर्ने कार्य सञ्चालनमा ल्याइनेछ । (२)

१४. सार्वजनिक स्थल, संस्था र मानिसको आवागमन बढी हुने स्थानहरूमा सार्वजनिक शौचालय निर्माण गरिनेछ । (२)

१५. ग्रामीण सहरी तथा अर्धसहरी क्षेत्रको खानेपानी सेवा सुनिश्चितताको लागि जलाशययुक्त खानेपानी आयोजनाहरूको अध्ययन गरी कार्यान्वयनमा ल्याइनेछ । (३)

१६. जलवायु अनुकूलन आयोजनाको निर्माण, जलाधार क्षेत्रको संरक्षण, परम्परागत स्रोतको संरक्षण गर्नुका साथै भूमिगत पानीको पुनःभरणजस्ता कार्यलाई प्राथमिकता दिइनेछ । (३)

१७. खानेपानी र अन्य प्रयोजनको लागि पानीको विवेकशील प्रयोगको निम्ति जनचेतना अभिवृद्धि गरिनेछ । (३)

१८. घर-घरमा वर्षात्को पानी सङ्कलन र प्रयोगको लागि कार्यक्रम ल्याइनेछ । (३)

१९. भौगर्भिक पानीको दोहनसम्बन्धी प्रभावकारी नियमन व्यवस्था लागु गरिनेछ । (३)

२०. खानेपानी स्रोतहरूको अभिलेखन गरिनेछ । (३)

२१. प्रस्तावित प्रदेशहरूको सम्भावित राजधानी, प्रमुख शहर, नगरपालिका र गाउँपालिकामा खानेपानी, ढल निकास तथा प्रशोधन आयोजनाहरूको अध्ययन गरी निर्माण कार्य प्रारम्भ गरिनेछ । (४)

२२. नदीको स्वच्छता र संरक्षणको लागि विकेन्द्रित ढल प्रशोधन प्रणाली विकास गर्ने कार्यक्रम प्रभावकारी रूपमा अगाडि बनाइनेछ । (४)

२३. आर्सेनिकलगायत खानेपानीसँग सम्बन्धित अन्य समस्या समाधान गर्नका लागि तराई-मधेश क्षेत्रमा सोलार पम्पिङसहितको खानेपानी आयोजना सञ्चालन गरिनेछ । (५)

२४. सुख्खा क्षेत्र रहेका तराई-मधेशमा खानेपानी विस्तार गरी पोखरी निर्माण, पानी सङ्कलन केन्द्रजस्ता वैकल्पिक उपाय अनाइनेछ । (५)

### ३.६ प्रमुख कार्यक्रमहरू

#### क. आधारभूत खानेपानी सेवा

१. क्रमागत रूपमा सञ्चालन भइरहेका खानेपानी आयोजनाहरूको 'एक घर एक धारा' अवधारणामा आधारित भई निर्माण एवम् विस्तार ।
२. सहरी क्षेत्रमा उपभोक्ताहरूको सह-लगानीमा खानेपानी आयोजनाहरू सञ्चालन ।
३. ग्रामीण क्षेत्रमा खानेपानी सेवा विस्तार, निर्माण र सञ्चालनका कार्यक्रमहरू सञ्चालन ।
४. सुख्खाग्रस्त क्षेत्रमा खानेपानी आयोजनाहरू निर्माण ।
५. जलाशययुक्त आयोजनाहरूको निर्माण कार्यको थालनी ।
६. बृहत् पम्पिङ आयोजनाहरू निर्माण गरी सञ्चालन ।
७. वर्षात्को पानी सङ्कलन तथा उपयोग खानेपानी आयोजनाहरू सञ्चालन ।
८. तराई मधेशमा व्याप्त खानेपानी समस्या निराकरणको लागि सोलार पम्पिङ प्रविधिमा आधारित तराई मधेस खानेपानी आयोजना सञ्चालन ।

९. चुरे भावर क्षेत्रमा ठूला नदीहरूबाट थोक वितरण प्रणालीमा आधारित खानेपानी आयोजनाहरू सञ्चालन ।

**ख. खानेपानी गुणस्तर तथा सेवास्तर अभिवृद्धि**

१. खानेपानी गुणस्तर सुधारका लागि खानेपानी सुरक्षा योजना, पानी प्रशोधन प्रविधिलगायतका गुणस्तर सुधारसम्बन्धी कार्यक्रमहरू सञ्चालन ।

२. तराइ मधेश क्षेत्रमा आर्सेनिकमुक्त खानेपानी सेवा वितरणका कार्यक्रमहरू सञ्चालन ।

३. गुणस्तर वृद्धिको लागि सह-लगानीमा आधारित खानेपानी आयोजनाहरू सञ्चालन ।

४. मेलम्ची खानेपानी आयोजना प्रथम चरण सम्पन्न र दोश्रो चरणको कार्यक्रम कार्यान्वयन ।

५. बढी जनघनत्व भएका जिल्ला सदरमुकाम, नगरपालिकाहरू र नगर उन्मुख क्षेत्रहरूमा ठूला तथा साना सहरी खानेपानी आयोजनाहरू सञ्चालन ।

**ग. मर्मतसम्भार, पुनर्निर्माण तथा पुनर्स्थापना**

१. विगतमा सम्पन्न भई हाल आंशिक वा पूर्ण रूपमा क्षतिग्रस्त आयोजनाहरू मर्मत सुधार ।

२. खानेपानी आयोजनाहरू दिगो रूपमा सञ्चालन हुने गरी पुनर्निर्माण तथा सेवा पुनर्स्थापनासम्बन्धी कार्यक्रम सञ्चालन ।

३. डीप ट्यूवेल तथा इलेक्ट्रोमेकानिकल उपकरणहरूको पुनर्स्थापना कार्यक्रमहरू 'एक घर एक धारा' को अवधारणाअनुसार सञ्चालन ।

४. जलवायु परिवर्तन प्रभाव न्यूनीकरणका लागि भूमिगत जल भण्डार, पुनर्भरण, वर्षात्को पानी सङ्कलन कार्यक्रमहरू सञ्चालन ।

५. आयोजना चक्रमा जलाधार तथा स्रोत संरक्षणलाई समावेश गरी सञ्चालन ।

६. ठूला, मझौला र साना सबै प्रकारका खानेपानी तथा सरसफाइ आयोजनाहरूको मर्मतसम्भार व्यवस्थापन योजना तयार तथा कार्यान्वयन ।

**घ. सरसफाइ सुविधा र सेवा स्तर अभिवृद्धि**

१. देशव्यापी अभियानको रूपमा सञ्चालन गरिने वातावरणीय सरसफाइ आयोजनाअन्तर्गत पूर्ण सरसफाइ कार्यक्रम सञ्चालन ।

२. खानेपानी आयोजनामा आबद्ध सरसफाइ कार्यक्रम, देशका सामाजिक, सांस्कृतिक तथा पर्यटकीय महत्त्वका नदीनाला, तालतलैया र पानीका स्रोतहरूको वातावरणीय व्यवस्थापन कार्यक्रम सञ्चालन ।

३. काठमाण्डौ उपत्यकामा ढल व्यवस्थापन आयोजनाको निरन्तरता ।

४. स्यानिटरी ढल तथा प्रशोधन प्रणाली निर्माण ।

५. सबै नगरपालिका, सबै जिल्ला सदरमुकाम र सबै प्रादेशिक राजधानीहरूमा एकीकृत रूपमा खानेपानी तथा ढल निकासका कार्यक्रमहरू सञ्चालन ।

६. सार्वजनिक स्थान र सरकारी कार्यालयहरूमा सफा शौचालय कार्यक्रम ।

७. बागमती नदी प्रणालीलाई ढलमुक्त बनाउने कार्यको प्राथमिकता साथ कार्यान्वयन ।

**ङ. क्षमता अभिवृद्धि तथा संस्थागत सुधार**

१. संस्थागत सुधार तथा क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रमहरू सञ्चालन ।
२. खानेपानी सेवा नियमन तथा अनुगमन र सूचना व्यवस्थापनलाई सबलीकरण ।
३. स्थानीय निकाय, उपभोक्ता समिति, सामुदायिक, गै.स.स. र सम्बद्ध निकाय तथा आयोजनाका कर्मचारीहरूको सीप, ज्ञान तथा क्षमता अभिवृद्धि ।
४. खानेपानी मूल्य निर्धारण वैज्ञानिक बनाउँदै खानेपानी आयोजनालाई स्थायित्व र दिगोपना दिने ।
५. जमिनमुनिको खानेपानीको स्रोत भण्डार नक्साङ्कन र स्रोतबाट पानी झिकेको नियमित अनुगमन ।
६. खानेपानी तथा सरसफाइ क्षेत्रमा संलग्न राष्ट्रिय, अन्तर्राष्ट्रिय, सरकारी तथा गैरसरकारी सबै निकाय, सङ्घ-संस्थाहरूको कार्यको अभिलेखात्मक नक्साङ्कन ।
७. खानेपानी सेवा नपुगेको क्षेत्रहरूका पहिचान गरी सेवा पहुँच विस्तार ।
८. खानेपानी चुहावट हुने स्थानहरूको पहिचान गरी व्यवस्थापन कार्यक्रमहरू सञ्चालन ।

## ४. अपेक्षित उपलब्धि

योजनाको प्रथम वर्षमा ८६ प्रतिशत, दोस्रो वर्षमा ८८ प्रतिशत र तेस्रो वर्षमा ९० प्रतिशत खानेपानी सेवा पुगेको हुनेछ । आधारभूत सरसफाई सेवामा प्रथम वर्षमा ८४ प्रतिशत, दोस्रो वर्षमा ८७ प्रतिशत र तेस्रो वर्षमा ८९ प्रतिशत जनताको पहुँच पुगेको हुनेछ । उच्च/मध्यमस्तरको खानेपानी सेवाको पहुँच प्रथम वर्षमा २० प्रतिशत, दोस्रो वर्षमा २५ प्रतिशत र तेस्रो वर्षमा ३० प्रतिशत जनतामा पुगेको हुनेछ भने निर्माण भएर पनि सञ्चालनमा नरहेका खानेपानी आयोजनाहरूको मर्मतसम्भार तथा पुनर्स्थापना भई सञ्चालनमा आएको हुनेछ ।

# ४.४.६ बालबालिका तथा किशोरकिशोरी

## १. पृष्ठभूमि

नेपालको कुल जनसङ्ख्यामध्ये ३९.८ प्रतिशत १६ वर्षसम्मका बालबालिका रहेका छन् । त्यसैगरी १०-१९ वर्ष समूहका बालबालिका तथा किशोरकिशोरी २४.२ प्रतिशत रहेका छन् । बालबालिका तथा किशोरकिशोरीको लागि बाल बचावट, संरक्षण, सहभागिता र विकाससम्बन्धी रणनीति लिई विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएका छन् । देशभरी २२,४५७ बालक्लब गठन तथा सञ्चालन, मुलुकभर ३५,१७४ प्रारम्भिक बालविकास केन्द्रहरूको सञ्चालन, सडक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गदर्शन, २०७२ को कार्यान्वयन, नेपालद्वारा बालअधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय महासन्धि, १९८९ को अनुमोदन र अन्य बाल अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धि र इच्छाधीन आलेखहरूमा गरेको प्रतिबद्धताअनुसारका कार्यक्रमसमेत सञ्चालन गरिएका छन् । बालबालिका तथा किशोरकिशोरीहरूको शैक्षिक सहभागितामा उल्लेख्य वृद्धि भएको छ । नेपालको संविधानले

बालबालिकाको हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेअनुरूप उनीहरूका हक-अधिकारहरूको उपभोगका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक रहेको छ।

## २. चुनौती तथा अवसर

### चुनौती

बालबालिका र किशोरकिशोरीहरूले आधारभूत अधिकार उपभोग गर्न सक्ने वातावरण तयार गर्नु, सम्बन्धित निकाय तथा मन्त्रालयहरूबीच बालबालिका र किशोरकिशोरीसम्बन्धी कार्यक्रमहरूमा समन्वय ल्याउनु, बाल न्यायप्रणाली तथा बालमैत्री स्थानीय शासन पद्धतिलाई व्यवहारमा पूर्ण रूपमा उतार्नु र बालिका तथा किशोरीमाथि हुने हिंसा एवम् परम्परागत हानिकारक प्रचलनलाई पूर्ण रूपमा नियन्त्रण गर्नु यस क्षेत्रका चुनौतीका रूपमा रहेका छन्।

### अवसर

बालबालिका तथा किशोरकिशोरीहरूको शिक्षामा उल्लेख्य सहभागिता हुनु, स्वास्थ्य क्षेत्रमा सुधार हुनु, बालबालिकाको हकलाई मौलिक हकको रूपमा संवैधानिक प्रत्याभूति हुनु, स्थानीय निकायबाट बालहित कार्यक्रम सञ्चालन हुनु, बालअधिकारप्रतिको सचेतनामा वृद्धि हुनु, बालहितको लागि सरकारी निकायहरूबीच समन्वय हुनु, बालमैत्री स्थानीय निकाय घोषणा हुनु, सडक बालबालिकाको उद्धार, राहत तथा मनोविमर्श र पारिवारिक पुनर्मिलन, पुनर्एकीकरण तथा पुनर्स्थापनाको लागि बाल हेल्पलाइन सुरु हुनु, हराएका बालबालिकाको खोजतलास गर्न बालबालिका खोजतलास समन्वय केन्द्रको नि:शुल्क टेलिफोन सेवा निरन्तर सञ्चालन हुनु र बाल इजलास गठन हुनुजस्ता विषयहरू यस क्षेत्रका अवसरहरू हुन्।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

बालबालिका तथा किशोरकिशोरीको हक अधिकार संरक्षण गर्दै उनीहरूलाई सक्षम र योग्य नागरिक बन्ने वातावरण निर्माण।

### ३.२ लक्ष्य

बालबालिका विरूद्ध हुने सबै प्रकारका शारीरिक तथा मानसिक हिंसा, क्षति वा दुर्व्यवहारबाट बालबालिका तथा किशोरकिशोरीलाई संरक्षण गर्ने।

### ३.३ उद्देश्य

१. बालबालिका र किशोरकिशोरीको समग्र अधिकारको संरक्षण र प्रवर्द्धन गर्नु।

२. बालबालिका र किशोरकिशोरीउपर हुने सबै प्रकारका भेदभाव, शोषण, हिंसा, उपेक्षा र दुर्व्यवहारको अन्त्य गर्नु।

### ३.४ रणनीति

१. बालबालिकालाई गर्भावस्थादेखि नै आवश्यक स्वास्थ्य र पोषण सेवा सुनिश्चित गर्ने।

२. बालबालिका र किशोरकिशोरीको शारीरिक, मानसिक र बौद्धिक विकासमा जोड दिने ।
३. बालबालिका र किशोरकिशोरी विरूद्ध हुने सबै प्रकारका हिंसा अन्त्यका लागि निरोधात्मक, उपचारात्मक र प्रवर्द्धनात्मक उपाय अवलम्बन गर्ने ।
४. सबै प्रकारका बालश्रम न्यूनीकरण तथा निषेध गर्ने ।
५. सडक बालबालिकाको उद्धार, संरक्षण, नियन्त्रण गर्ने ।

**३.५ कार्यनीति**

१. गर्भावस्थामा आमा र शिशुको सुरक्षाका लागि पोषण कार्यक्रम सञ्चालन गरिनेछ । (१)
२. गर्भावस्थादेखि जन्मपश्चात् उपलब्ध गराइने खोप, भिटामिन ए, पोलियोजस्ता आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तार गरिनेछ । (१)
३. बालबालिकाको लागि निःशुल्क रूपमा उपलब्ध गराइने स्वास्थ्य सुविधाको विस्तार र गुणस्तरमा वृद्धि गरिनेछ । (१)
४. एचआईभी एड्स सङ्क्रमित बालबालिका तथा किशोरकिशोरीको स्वास्थ्य सेवामा सहज पहुँच बनाइनेछ । (१)
५. बालबालिकाहरूको जन्मदर्तालाई अनिवार्य गरी प्रारम्भिक बालविकास प्रणालीलाई व्यवस्थित गरिनेछ । (२)
६. आफ्नो धारणा बनाउन सक्षम बालबालिका तथा किशोरकिशोरीहरूलाई आफूसँग सम्बद्ध सबै विषयहरूमा आफ्नो विचार अभिव्यक्त गर्न पाउने अवसर दिई विभिन्न तहको निर्णय प्रक्रियामा बाल सहभागिता अभिवृद्धि गरिनेछ । (२)
७. बालमैत्री स्थानीय शासन प्रणाली अनुरूप सबै स्थानीय निकायलाई प्रभावकारी रूपमा परिचालन गरिनेछ । (२)
८. बालसंरक्षण समिति र बालक्लब सञ्चालन र परिचालनमा स्थानीय निकायबाट सहयोग पुऱ्याइनेछ । (२)
९. समाजमा प्रचलनमा रहेका विभिन्न हानिकारक अभ्यासका साथै बालबालिका तथा किशोरकिशोरी उपर हुने हिंसालाई रोकथाम गर्न कारण पहिचान गरी आवश्यक निरोधात्मक उपायको अवलम्बन गरिनेछ । (३)
१०. हिंसाबाट प्रभावित बालबालिका तथा किशोरकिशोरीहरूको उपयुक्त संरक्षणका साथै उनीहरूलाई कानुनी सहायता तथा आवश्यक उपचारात्मक सेवा उपलब्ध गराइनेछ । (३)
११. बेचबिखन, बालश्रमलगायत अन्य हिंसामा परेका बालबालिका तथा किशोरकिशोरीका लागि राहत, पुनर्स्थापना, पारिवारिक पुनर्मिलन र कानुनी तथा मनोवैज्ञानिक परामर्श सेवाका कार्यक्रमहरू सञ्चालन गरिनेछ । (३)
१२. बालविवाह, चाँडो हुने विवाह र जबरजस्ती विवाह विरूद्ध सामाजिक जागरण ल्याउन सचेतनामूलक कार्यक्रमलाई समुदाय स्तरसम्म विस्तार गरिनेछ । (३)

१३. कानुनी विवादमा परेका बालबालिकाहरूको आचरणमा सुधार ल्याउन एवम् उनीहरूको शिक्षादीक्षालगायत जीवनोपयोगी र व्यावसायिक सीप प्रवर्द्धनसम्बन्धी कार्यलाई प्रोत्साहन गरिनेछ । (३)

१४. घटना व्यवस्थापनलगायत बालबालिकाहरूलाई प्रवाह गरिने सेवा बालमैत्री, छिटो, छरितो बनाउन सेवा प्रदायक संस्थाको क्षमता अभिवृद्धिका साथै सोको अनुगमन र समन्वय गर्ने निकायको सुदृढीकरण गरिनेछ । (३)

१५. सबै प्रकारका बालश्रमलाई न्यूनीकरण गर्दै यसलाई निषेध गरिनेछ । (४)

१६. बालबालिकालाई अनुशासनका नाममा दिइने शारीरिक तथा मानसिक सजायलाई परिवार, समुदाय, विद्यालयबाट निरूत्साहन गर्न सकारात्मक अनुशासन पद्धतिलाई प्रोत्साहन गरिनेछ । (४)

१७. बालबालिकालाई प्रलोभन दिई वा जबरजस्ती गरी सडक बालबालिका बनाउने कार्यलाई नियन्त्रण गरिनेछ । (५)

१८. सडक बालबालिकाको दिगो व्यवस्थापन गर्न सडकमा रहेका बालबालिकाको उद्धार, मनोसामाजिक परामर्श सेवाका साथै पारिवारिक पुनर्मिलन एवम् उचित व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ । (५)

१९. बालबालिका र किशोरकिशोरीको लालनपालन, शिक्षा तथा नैतिक विकासको निम्ति उपयुक्त वातावरण निर्माण गर्न परिवारलाई उत्प्रेरित गरिनेछ । (५)

## ३.६ प्रमुख कार्यक्रमहरू

### क. कानुनी तथा संस्थागत व्यवस्था

१. बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति कार्यान्वयन ।

२. स्थानीय तहमा बालअधिकार प्रवर्द्धनको दृष्टिकोणबाट योजना तर्जुमामा समन्वय र सहजीकरण ।

३. बालबालिकासम्बन्धी राष्ट्रिय स्रोतकेन्द्र सञ्चालन तथा व्यवस्थापन ।

४. बालमन्दिरलाई समयसापेक्ष रूपमा सञ्चालन ।

५. महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको सिफारिसमा विभिन्न बालगृहमा रहेका टुहुरा, बेसहारा तथा जोखिममा रहेका बालबालिकाहरूलाई बालगृहमा बसेको अवधिभर सम्पूर्ण स्वास्थ्य सेवा स्वास्थ्य मन्त्रालयमार्फत निःशुल्क उपलब्ध गराउनको लागि आवश्यक कार्यक्रम सञ्चालन ।

६. अभिभावक नभएका बेसहारा बालबालिकाको संरक्षण, आश्रय, शिक्षा तथा पुनर्स्थापनाको व्यवस्था गर्न प्रत्येक प्रदेशमा बालबालिका संरक्षण केन्द्र स्थापना ।

### ख. क्षमता सुदृढीकरण

१. बालबालिका खोजतलास समन्वय केन्द्र (निःशुल्क टेलिफोन नं. १०४) सबै जिल्लामा विस्तार तथा सञ्चालन ।

२. बाल हेल्पलाइन (नं. १०९८ नेपाल) सञ्चालन निरन्तरता ।

३. बालबालिकाहरूको लागि विपद् जोखिम व्यवस्थापनसम्बन्धी कार्यक्रम सञ्चालन तथा विस्तार ।

४. सरोकारवाला निकायमा बाल संवेदनशीलता अभिवृद्धि गर्न क्षमता विकास तथा अभिमुखीकरणसम्बन्धी कार्यक्रम सञ्चालन ।

**ग. सचेतनामूलक कार्यक्रम**

१. बालबालिकाउपर हुने हिंसा विरुद्धको सचेतना कार्यक्रम ।

२. बालअधिकार प्रवर्द्धनका निम्ति आम सचेतना अभिवृद्धि तथा प्रचार-प्रसार ।

### ४. अपेक्षित उपलब्धि

बाल अधिकारका विषयहरूसँग सम्बन्धित निकायहरूलाई आवश्यक बजेट तथा कार्यक्रम प्राथमिकताका साथ व्यवस्था भएको हुनेछ । बालबालिका तथा किशोरकिशोरीसम्बन्धी सेवा प्रवाह गर्ने निकाय सुदृढ भएको, उनीहरूउपर हुने सबै प्रकारका भेदभाव, शोषण, हिंसा, उपेक्षा र दुर्व्यवहारमा कमी आएको र अभिभावकबिहीन, बेसहारा, गरिब परिवारका बालबालिका तथा दुर्व्यवहारमा परेका बालबालिकाको संरक्षण भएको हुनेछ । अभिभावकबिहिन बालबालिकाको संरक्षणका लागि प्रत्येक प्रदेशमा बालबालिका संरक्षण केन्द्रको स्थापना भई सञ्चालन भएको हुनेछ ।

## ४.४.७ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण

### १. पृष्ठभूमि

मानव बेचबिखन तथा ओसारपसार बहुआयामिक, बहु-क्षेत्रगत एवम् अन्तर्देशीय समस्या भएको हुँदा सरकारको एक्लो प्रयासबाट मात्र यसको नियन्त्रण र निराकरण असम्भव रहेकोले यसमा सबै सरोकारवाला सरकारी तथा गैरसरकारी निकाय, नागरिक समाज, निजी क्षेत्र र नागरिकसमेतको ऐक्यबद्धता र प्रयास आवश्यक छ । मानव बेचबिखनमा संलग्न हुने अपराधीहरूलाई कानुनी दायरामा ल्याउनु तथा पीडितहरूलाई न्याय दिलाउनु सरकारको प्रमुख जिम्मेवारी पनि हो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न घोषणामा गरिएको प्रतिवद्धताअनुसारका प्रावधानहरू कार्यान्वयनका लागि सरकारले आवश्यक कानुन र नीति तर्जुमा गरी सरोकारवाला निकायहरूको सहयोग, समन्वय र सहकार्यमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

### २. चुनौती तथा अवसर

**चुनौती**

मानव बेचबिखनको लागि नयाँ-नयाँ तरिका र बाटोको प्रयोग हुने गरेको अवस्थामा सोअनुसार नियन्त्रणका उपाय अवलम्बन गर्नु , नियन्त्रणमा संलग्न निकायहरूबीच प्रभावकारी समन्वय स्थापित गर्नु, एकीकृत तथ्याङ्क तथा सूचना प्रणालीको विकास गर्नु, स्वदेशमा रोजगारी तथा स्वरोजगारीका अवसर सृजना गर्नु र वैदेशिक रोजगार र मानव बेचबिखनबारे सचेतना वृद्धि गर्नु यस क्षेत्रका चुनौती हुन् ।

**अवसर**

मानव बेचबिखन तथा ओसारपसारलाई नियन्त्रण गर्न मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र नियमावली, २०६५ को कार्यान्वयन हुनु, केही जिल्लामा सूचना तथा परामर्श केन्द्रहरू स्थापना तथा सञ्चालन हुनु, मानव बेचबिखन तथा ओसारपसार विरूद्ध स्थानीय समिति गठन र परिचालन हुनु, बेचबिखनबाट पीडितहरूका लागि अल्पकालीन पुनर्स्थापना केन्द्रहरू सञ्चालन हुनु र मानव बेचबिखन नियन्त्रणसम्बन्धमा विभिन्न निकायहरू तथा गैरसरकारी संस्थाहरूको सहकार्य हुनु यस क्षेत्रको लागि अवसरहरू हुन् ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

मानव बेचबिखन तथा ओसारपसार कार्यको पूर्णतः नियन्त्रणबाट आत्मसम्मानयुक्त मानव समाजको स्थापना ।

### ३.२ लक्ष्य

मनव बेचबिखनको जोखिममा पर्न सक्ने समूह/समुदायको पहिचान गरी बेचबिखन तथा ओसारपसार कार्यलाई न्यूनीकरण तथा नियन्त्रण गर्नका लागि विद्यमान संयन्त्र र संरचनाहरूको सुदृढीकरण तथा क्षमता अभिवृद्धि गर्ने ।

### ३.३ उद्देश्य

१. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्नु ।

२. पीडित तथा प्रभावितहरूको उद्धार, संरक्षण र पुनर्स्थापनाका सेवाहरूलाई प्रभावकारी बनाउनु ।

### ३.४ रणनीति

१. मानव बेचबिखन तथा ओसारपसारको दृष्टिले जोखिमोन्मुख समूह/समुदायहरूका लागि लक्षित निरोधका उपायहरू अवलम्बन गर्ने ।

२. मानव बेचबिखन नियन्त्रण गर्न परिचालित संयन्त्र र संरचनाहरूको क्षमता अभिवृद्धि गर्ने ।

३. मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको मानव अधिकारको संरक्षण गर्दै तिनीहरूको लागि एकीकृत सेवा प्रवाहको सुनिश्चितता गर्ने ।

४. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि दण्डहीनताको अन्त्य गरी पीडित/प्रभावितलाई न्यायमा पहुँच अभिवृद्धि गर्ने ।

### ३.५ कार्यनीति

१. जोखिमपूर्ण समूह/समुदायहरूको पहिचान गरी समुदायमा आधारित जीविकोपार्जन तथा स्वरोजगारका कार्यक्रमहरू सञ्चालन गरिनेछ । (१)

२. मानव बेचबिखन नियन्त्रणका लागि गैरसरकारी निकाय र समुदायको सक्रिय सहभागिता बढाइनेछ । (१)

३. मानव बेचबिखन तथा ओसारपसारको जोखिम कम गर्ने सम्भावित जोखिमकर्ताहरूलाई सशक्तीकरण गरिनेछ । (१)

४. मानव बेचबिखन तथा ओसारपसार रोक्न स्थानीय स्तरसम्म सुरक्षित आप्रवासनसम्बन्धी शिक्षा तथा सचेतनामूलक कार्यक्रम सञ्चालनको साथै सूचना केन्द्रहरूको स्थापना गरिनेछ । (१)

५. राष्ट्रिय तथा स्थानीय स्तरको सञ्चार माध्यमलाई मानव बेचबिखन तथा ओसारपसार विरूद्ध अधिकतम र प्रभावकारी रूपमा परिचालन गरिनेछ । (१)

६. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको लागि महिला विकास कार्यक्रमद्वारा प्रवर्द्धित समूह तथा संस्थाहरूको प्रभावकारी परिचालन गरिनेछ । (१)

७. पीडित तथा प्रभावितहरूको उद्धार, स्वदेश फिर्ती, संरक्षण तथा पुनर्स्थापनाका लागि संयन्त्रहरूको सुदृढीकरण तथा विस्तार गरिनेछ । (२)

८. पीडित तथा प्रभावितहरूलाई दिइने सेवालाई मापदण्डअनुरूप बनाई प्रत्येक प्रदेशमा कम्तीमा एउटा आवश्यक सेवासहितको अल्पकालीन तथा दीर्घकालीन पुनर्स्थापना केन्द्र निर्माण तथा सञ्चालन गरिनेछ । (२)

९. मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित कानुनहरूमा समसामयिक परिमार्जन गरिनेछ । (२)

१०. पीडित तथा प्रभावितहरूलाई परिवार तथा समुदायमा पुनर्स्थापना र पुनर्मिलनपछिको सहयोग र अनुगमन कार्यको सुरुवात गरिनेछ । (२)

११. बेचबिखन तथा ओसारपसारका पीडित तथा प्रभावितहरूलाई प्राप्त हुने कानुनी सहायता तथा क्षतिपूर्तिलाई सहज बनाइनेछ । (३)

१२. मानव बेचबिखन नियन्त्रणको कार्यमा स्थानीय स्तरमा समुदायलाई परिचालन गरिनेछ । (३)

१३. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्न गठित राष्ट्रिय समिति, जिल्ला समिति तथा स्थानीय समितिहरूको सुदृढीकरणमार्फत सम्बद्ध निकायहरूको मानव बेचबिखन विरूद्धका कार्यहरूको तर्जुमा र कार्यान्वयनमा समन्वय गरी स्थानीय स्तरमा रहेका सबै समूह, समुदाय र सञ्जाललाई सामेल गर्दै लगिनेछ । (३)

१४. मानव बेचबिखन तथा ओसारपसारबाट पीडित तथा प्रभावितहरूको संवेदनशीलतालाई दृष्टिगत गर्दै घटना दर्ता प्रक्रियालाई पीडित तथा प्रभावितमैत्री बनाउँदै न्यायमा पहुँच वृद्धि गरिनेछ । (४)

१५. बालबालिका तथा किशोरकिशोरीहरूको बेचबिखन विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्न र बेचबिखनमा संलग्न अपराधीलाई कानुनी दायरामा ल्याउन आवश्यक कानुनी तथा नीतिगत सुधार गरिनेछ। (४)

## ३.६.प्रमुख कार्यक्रमहरू

### क. कानुनी तथा संस्थागत व्यवस्था

१. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण ऐन) २०६४ लाई मानव बेचबिखन तथा ओसारपसारको स्वरूप र आयाममा देखिएको परिवर्तनलाई समेटी संशोधन।

२. घटना दर्ता प्रक्रियालाई पीडितमैत्री बनाउन प्रहरी चौकीहरूमा पीडितमैत्री कक्षहरूको व्यवस्था।

३. पीडित तथा प्रभावितहरूलाई प्राप्त हुने कानुनी सहायता तथा क्षतिपूर्तिलाई सहज बनाउन स्थानीय समितिलाई परिचालनसम्बन्धी कार्यक्रम।

४. महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको सिफारिसमा विभिन्न अल्पकालीन तथा दीर्घकालीन पुनर्स्थापना गृहमा रहेका पीडित महिला/किशोरीहरूलाई पुनर्स्थापना गृहमा बसेको अवधिभर सम्पूर्ण स्वास्थ्य सेवा स्वास्थ्य मन्त्रालयमार्फत निःशुल्क उपलब्ध गराउनको लागि ावश्यक कार्यक्रम सञ्चालन।

### ख. सीप विकास तालिम कार्यक्रम

१. मानव बेचबिखन तथा ओसारपसारको दृष्टिले संवेदनशील क्षेत्रका जोखिममा रहेका तथा जोखिमोन्मुख समूह र समुदायका महिला, बालबालिका तथा किशोरकिशोरीहरूको पहिचानका लागि सर्वेक्षण र त्यस्ता समुदायका महिलाहरूलाई समुदायमा आधारित जीविकोपार्जन तथा स्वरोजगारका सीप तथा व्यावसायिकता विकास तालिम सञ्चालन।

२. स्थानीय स्तरमा आवश्यकतानुसार स्थानीय समितिहरूको विस्तार तथा समुदाय स्तरमा गठन भएका सञ्जालहरूलाई विभिन्न तालिमहरू प्रदान गरी परिचालन।

३. जोखिममा रहेका बालबालिकाहरूलाई स्थानीय बालक्लबमा क्रमशः आबद्ध गरी सशक्तीकरणका लागि तालिम सञ्चालन।

४. मानव बेचबिखन विरुद्धको अभियानमा बालक्लबलाई परिचालनसम्बन्धी कार्यक्रम।

### ग. सचेतनामूलक कार्यक्रम

१. औपचारिक तथा अनौपचारिक शिक्षामार्फत विद्यार्थी, शिक्षक, अभिभावक तथा व्यवस्थापन समितिलाई लक्षित गरी मानव बेचबिखन र सुरक्षित आप्रवासनसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन।

२. विपद् उत्थानशील कार्यक्रम सञ्चालन।

३. सुरक्षित आप्रवासन र मानव बेचबिखनको जोखिम न्यूनीकरणका लागि परामर्श सेवा प्रदान गर्न सूचना केन्द्रहरूको विस्तार ।

४. पम्पलेट, होर्डिङबोर्ड, ब्रोसियर, जिङ्गल तथा सूचनामूलक विज्ञापन, रेडियो नाटकलगायतका जानकारीमूलक सूचना सामग्रीहरूको उत्पादन र सम्प्रेषणका लागि मिडिया परिचालन ।

**घ. पुनर्स्थापनासम्बन्धी कार्यक्रम**

१. श्रमशोषण तथा यौनशोषणका उद्देश्यले विदेशमा बेचबिखन तथा ओसारपसारमा परेका पीडित तथा प्रभावितलाई तत्काल उद्धार, स्वदेश फिर्ती, सम्प्रेषण सेवा सञ्चालन ।

२. पुनर्स्थापना तथा पुनर्मिलनसम्बन्धी कार्यक्रम सञ्चालन ।

३. मन्त्रालय, स्थानीय निकाय र गैरसरकारी संस्थाको साझेदारीमा घरेलु/लैङ्गिक हिंसा पीडित महिलाहरू समेत सोही केन्द्रमा राख्ने हिसाबले प्रत्येक जिल्लामा कम्तीमा एक/एक ओटा अल्पकालीन पुनर्स्थापना केन्द्रको स्थापना ।

४. प्रत्येक प्रदेशमा दीर्घकालीन पुनर्स्थापना केन्द्रको स्थापना ।

५. हाल सञ्चालन भइरहेका पुनर्स्थापना केन्द्रको क्षमता अभिवृद्धि ।

६. विदेशस्थित नेपाली राजदूतावास तथा कूटनैतिक नियोगको मातहत रहने गरी आवश्यकतानुसार पुनर्स्थापना केन्द्रहरू स्थापना तथा सञ्चालन ।

**ङ. अनुगमन तथा नियमन**

१. पुनर्स्थापना गृहबाट घरपरिवारमा पुनर्मिलन भएका पीडित तथा प्रभावितहरूको अनुगमन ।

२. आन्तरिक बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि अनुगमन एवम् कारबाही समितिमार्फत अनुगमन तथा नियमनलाई प्रभावकारी बनाउन आवश्यक कार्यक्रम सञ्चालन ।

### ४. अपेक्षित उपलब्धि

मानव बेचबिखनको दृष्टिले संवेदनशील क्षेत्र, समूह र समुदायको पहिचान एवम् अद्यावधिक विवरण तयार भएको हुनेछ । अति विपन्न, जोखिमयुक्त समुदायमा सचेतना अभिवृद्धि भई मानव बेचबिखन तथा ओसारपसारमा न्यूनीकरण भएको र मानव बेचबिखनबाट पीडित प्रभावितहरूको अल्पकालीन एवम् दीर्घकालीन पुनर्स्थापना भएको हुनेछ ।

## ४.४.८ सामाजिक सुरक्षा तथा संरक्षण

### १. पृष्ठभूमि

सामाजिक सुरक्षा तथा संरक्षण गरिबी न्यूनीकरण र मानव सुरक्षाको महत्त्वपूर्ण साधन हो । नेपालको संविधानले सामाजिक सुरक्षाको हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ । मुलुकको समावेशी विकास गर्न र दिगो विकास लक्ष्यका प्रमुख नतिजाहरूको प्राप्तिमा बल पुऱ्याउन सामाजिक सुरक्षाले महत्त्वपूर्ण योगदान गर्न सक्छ । आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका,

विपन्न एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिक, दलित आदिलाई लक्षित गरी स्वास्थ्य उपचार सेवा, दिवा खाजा, छात्रवृत्ति, तालिम, रोजगारीलगायतका सामाजिक सुरक्षाका कार्यक्रमहरूबाट २२ लाख ६५ हजार नागरिकहरू लाभान्वित भएका छन् । यसका अतिरिक्त अवकाश प्राप्त निजामती कर्मचारी, शिक्षक, प्रहरी तथा नेपाली सेनाका सकल दर्जाका व्यक्तिहरूलाई समेत सामाजिक सुरक्षाका रूपमा निवृत्तिभरण प्रदान गर्दै आएको छ । यी उपलब्धिहरूका बाबजुद २०७२ वैशाखमा गएको विनाशकारी भूकम्पले धेरै परिवारलाई पुनः गरिबीको दुश्चक्रमा धकेलेको अनुमान गरिएको छः जसमा ठूलो हिस्सा वृद्ध, महिला, अपाङ्गता भएका व्यक्तिहरू, दलित एवम् सीमान्तकृत समुदायको रहेको छ । प्राकृतिक प्रकोपहरूको पुनरावृत्ति, राजनीतिक सङ्क्रमण र निरन्तर चलिरहने आन्दोलनहरूको कारण मुलुकमा अपेक्षा गरेअनुसारको आर्थिक-सामाजिक रूपान्तरण हुन नसकेको विद्यमान परिस्थितिले समेत गरिबीको रेखामुनि पुग्ने जनसङ्ख्यामा थप वृद्धि हुन जाने देखिएको छ । विद्यमान सामाजिक सुरक्षा प्रणालीको आधारशीलामा टेकेर आवश्यक नीतिगत, कानुनी र नियमनकारी प्रारूप तयार गर्दै सामाजिक सुरक्षा प्रणालीलाई अझ व्यापक, वित्तीय रूपले दिगो, सुदृढ तथा प्रभावकारी बनाउनु आवश्यक भएको छ ।

## २. चुनौती तथा अवसर

### चुनौती

हरेक वर्ष प्रभावहीन नयाँ कार्यक्रम थप्दै जाने प्रवृत्तिलाई रोक्नु, सामाजिक सुरक्षासम्बन्धी विभिन्न समूह तथा समुदायको बढ्दो मागलाई सम्बोधन गर्नु, उपयुक्त नीतिगत, कानुनी र नियमनकारी प्रारूपको विकास गर्नु, सामाजिक सुरक्षालाई आर्थिक सामाजिक विकासका अन्य क्षेत्रका नीति र कार्यक्रमहरूसँग आबद्ध गर्दै लैजानु, छरिएका र अव्यवस्थित सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई पुनरावलोकन तथा एकीकृत गर्दै गरिबी, वञ्चितीकरण एवम् जोखिममा रहेका जनसमुदायलाई पहिचान गरी उनीहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउनु र वित्तीय रूपले धान्न सकिने सामाजिक सुरक्षा प्रणालीको विकास गर्नु प्रमुख चुनौतीहरू हुन् ।

### अवसर

सामाजिक संरक्षणका आधारभूत पूर्वाधारहरू तयार भएका छन् । सामाजिक संरक्षण राष्ट्रिय विकासको एक महत्त्वपूर्ण एजेन्डाको रूपमा स्थापित भएको छ भने यस क्षेत्रमा लगानीमा उल्लेखनीय रूपमा वृद्धि हुँदै गएको पनि छ । नेपालको संविधानबाट यस क्षेत्रलाई सारभूत र गुणात्मक रूपमा अघि बढाउने कुरामा राजनीतिक सहमति स्थापित भएको छ । सामाजिक सुरक्षा कोषको स्थापनाले योगदानमूलक सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई नीतिगत, कानुनी र संस्थागत सुधारसहित अघि बढाउन मार्ग प्रशस्त गरेको छ ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

आधारभूत सामाजिक संरक्षणका सेवा सुविधाहरूमा सबै नागरिकहरूको पहुँचबाट समतामूलक समाज निर्माण ।

### ३.२ लक्ष्य

सामाजिक संरक्षणका कार्यक्रमलाई समावेशी, गुणस्तरीय एवम् प्रभावकारी बनाई लोक कल्याणकारी राज्यको स्थापना गर्न सघाउ पुऱ्याउने ।

### ३.३ उद्देश्य

१. प्रमुख सामाजिक संरक्षणका कार्यक्रमहरूमा समाजका सबैभन्दा विपन्न र जोखिममा रहेका जनसमुदायको पहुँच सुनिश्चित गर्नु ।

२. विद्यमान सामाजिक संरक्षणका कार्यक्रमहरूलाई दोहोरो नपर्ने गरी एकीकृत र सुदृढ गर्नु ।

३. सुदृढ र प्रभावकारी प्राकृतिक प्रकोप व्यवस्थापन प्रणालीको विकास गर्नु ।

### ३.४ रणनीति

१. सामाजिक सुरक्षा प्रणालीको एकीकृत ढाँचा कार्यान्वयनमा ल्याउने ।

२. सामाजिक सुरक्षाका क्षेत्रमा नीतिगत तथा कानुनी पूर्वाधार र छरितो नियमनकारी संरचनाको विकास गर्ने ।

३. योगदानमूलक स्वास्थ्य एवम् सामाजिक बिमालाई प्रोत्साहन र प्रवर्द्धन गर्ने ।

४. सहकारी क्षेत्रलाई सुरक्षण (बिमा) का कार्यक्रमहरू सञ्चालन र विस्तार गर्न प्रोत्साहन गर्ने ।

### ३.५ कार्यनीति

१. ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख समुदायका परिवारहरूलाई दिइने सामाजिक सुरक्षा भत्ता, स्वास्थ्य बिमा, पशु बिमा, बाली बिमालगायतका सामाजिक सुरक्षाका कार्यक्रमहरू लक्षित समुदाय तथा वर्गमा सहज रूपमा उपलब्ध गराउन सामाजिक सुरक्षा प्रणालीको एकीकृत ढाँचा कार्यान्वयनमा ल्याइनेछ । (१)

२. ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख समुदायका परिवारहरूलाई दिइँदै आएको सामाजिक सुरक्षा भत्ता सहज तथा समयमै उपलब्ध गराउने व्यवस्था गरिनेछ । (१)

३. विपन्न, सीमान्तकृत तथा लोपोन्मुख आदिवासी जनजातिलाई आधारभूत शिक्षा तथा स्वास्थ्य सेवाहरू निःशुल्क उपलब्ध गराइनेछ । (१)

१. बढी जोखिमको सामना गरिरहेका लक्षित समुदायको आवश्यकतालाई पहिले सम्बोधन गरिनेछ । (२)

४. सामाजिक सुरक्षालाई लक्षित वर्गहरूमा विस्तार गर्दै लैजान आवश्यक पर्ने नीतिगत तथा कानुनी पूर्वाधार र नियमनकारी निकाय स्थापना गरिनेछ । (२)

५. जनताको आधारभूत आवश्यकताको रूपमा रहेको स्वास्थ्य सेवा सुनिश्चित गर्न योगदानमूलक स्वास्थ्य बिमा विस्तार गरिनेछ । (३)

६. राष्ट्रिय ढुकुटीबाट प्रदान गरिने निवृत्तिभरणको बढ्दो दायित्वको दिगो व्यवस्थापनका लागि योगदानमा आधारित निवृत्तिभरण कार्यक्रम सुरू गरिनेछ । (३)

७. सहकारी क्षेत्रलाई सुरक्षण (बिमा) का कार्यक्रमहरू सञ्चालन र विस्तार गर्न नीतिगत र कानुनी व्यवस्था मिलाइनेछ । (४)

८. सहकारी प्रणालीअन्तर्गत नै पुनर्सुरक्षण (पुनर्बिमा) को संस्थागत व्यवस्था गरिनेछ । (४)

### ३.६ प्रमुख कार्यक्रमहरू

**क. नीतिगत सुधार तथा क्षमता विकास**

१. सामाजिक सुरक्षा कोष ऐन तर्जुमा एवम् कार्यान्वयन ।

२. गरिब घरपरिवारको पहिचान तथा परिचयपत्र वितरण गरी स्वास्थ्य बिमा लगायत अन्य सेवा प्रवाहसँग आबद्धता ।

३. घरपरिवारको आर्थिक-सामाजिक विवरण दर्ता तथा विपन्न, सीमान्तकृत, भूकम्प पीडित एवम् अन्य जोखिममा रहेका व्यक्ति, समुदाय र क्षेत्रका लागि न्यूनतम सामाजिक सुरक्षाको प्रत्याभूति ।

४. व्यक्तिगत घटना दर्तासम्बन्धी संस्थागत व्यवस्था तथा जनशक्तिको क्षमता विकास ।

५. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको एकीकृत पञ्जीकरण र सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण र स्थानीय निकायसँग सञ्जालीकरण ।

**ख. सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन**

१. दिगोपनाको लागि वैज्ञानिक तवरले व्यवस्थित गर्न नयाँ कार्यक्रमहरू सञ्चालन ।

२. 'एक विपन्न बेरोजगार घरधुरी, एक रोजगारी' कार्यक्रम सञ्चालन ।

३. जनता पेन्सन कार्यक्रम सञ्चालनका लागि सहयोग र समन्वय ।

४. अनौपचारिक क्षेत्रमा सामाजिक बिमा तथा लघुवित्त कार्यक्रम सञ्चालन ।

५. सामाजिक सुरक्षा भत्ता थप नगरपालिका तथा गाउँ विकास समितिहरूमासमेत बैङ्कमार्फत वितरण ।

**ग. नियमन तथा अनुगमन**

१. सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमहरूको केन्द्रीकृत अनुगमन गर्ने प्रणालीको विकास र कार्यान्वयन ।

२. समुदायमा आधारित सामाजिक सुरक्षाका कार्यक्रमहरूको विस्तार तथा अनुगमन ।

३. विद्यमान सामाजिक सुरक्षाका विभिन्न क्रियाकलापहरूको अभिलेखीकरण तथा प्रकाशन ।

## ४. अपेक्षित उपलब्धि

सामाजिक सुरक्षाको दायरा फराकिलो भएको, सामाजिक सुरक्षा प्रणालीको एकीकृत ढाँचा तर्जुमा भएको, सामाजिक सुरक्षासम्बन्धी विधेयक स्वीकृत भई कार्यान्वयन भएको, छरिएर रहेका कार्यक्रमहरू एकीकृत भई व्यवस्थित रूपमा कार्यान्वयन भएको एवम् समाजमा रहेको असमानता कम हुनुका साथै मुलुकको समग्र नागरिक सुरक्षामा टेवा पुगेको हुनेछ ।

# ४.४.९ ज्येष्ठ नागरिक

## १. पृष्ठभूमि

ज्येष्ठ नागरिकहरूको लागि विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक संविधानले प्रत्याभूत गरेको छ । त्यसैगरी ज्येष्ठ नागरिकसम्बन्धी ऐन, नियमावली तथा राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा

रहेका छन् । कुल जनसङ्ख्याको ८.१३ प्रतिशत ज्येष्ठ नागरिक रहेका छन् । नेपाल सरकारले ज्येष्ठ नागरिकहरूलाई मासिक रूपमा सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउँदै आएको छ । यस्तो सामाजिक सुरक्षा भत्ता पाउने ज्येष्ठ नागरिकहरूको सङ्ख्या आ.व. २०७२/७३ मा १० लाख ४९ हजार ८१९ जना पुगेको छ । सरोकारवाला निकायबीच समन्वयका लागि केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समिति र सबै जिल्लाहरूमा जिल्ला ज्येष्ठ नागरिक कल्याण समिति गठन भएका छन् । बेसहारा ज्येष्ठ नागरिकहरूलाई आश्रयसहितको सेवा उपलब्ध गराउन पशुपतिमा सरकारी निकायका रूपमा वृद्धाश्रम सञ्चालन भएको छ भने संस्थाहरूको साझेदारीमा विभिन्न स्थानमा वृद्धाश्रमहरू सञ्चालन भएका छन् ।

## २. चुनौती तथा अवसर

### चुनौती

ज्येष्ठ नागरिकहरूमा रहेका विषयगत ज्ञान, सीप, क्षमता र अनुभवको अधिकतम सदुपयोग गर्नु, सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित कार्यक्रमहरूको नियमन र समन्वय गर्नु, वृद्धाश्रम तथा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र व्यवस्थित गर्नु, ज्येष्ठ नागरिकहरूको लागि काम गर्ने संस्थाहरूलाई प्रदान गरिने अनुदानको मापदण्डलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु आदि चुनौतीहरू रहेका छन् ।

### अवसर

संविधानमा ज्येष्ठ नागरिकको हकसम्बन्धी व्यवस्थालाई मौलिक हकको रूपमा राखिएको, सार्वजनिक यातायातमा सहुलियत, सरकारी अस्पतालहरूमा बेड छुट्याउने, सेवा प्रदायक निकायहरूबाट विशेष सुविधा दिने व्यवस्थाहरू गरिएको, केन्द्रीय ज्येष्ठ नागरिक कल्याण कोषको स्थापना गरी असहाय, दुर्व्यवहारबाट पीडित ज्येष्ठ नागरिकहरूलाई राहत, सुरक्षा र स्वास्थ्य उपचार प्रदान गरिएको, पुनर्स्थापनाका लागि महिला तथा बालबालिका कार्यालयहरूमार्फत सेवा प्रदान गर्ने कार्य प्रारम्भ भएको, गैरसरकारी संस्था तथा सामुदायिक क्षेत्रबाट ज्येष्ठ नागरिकको हितको क्षेत्रमा क्रियाशीलता बढ्दै गएकोलाई यस क्षेत्रको अवसरका रूपमा लिन सकिन्छ ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

ज्येष्ठ नागरिकहरूको आधारभूत हक अधिकारको संरक्षण एवम् सम्मानजनक र सन्तुष्टिपूर्ण जीवनयापन ।

### ३.२ लक्ष्य

ज्येष्ठ नागरिकहरूका सेवा सुविधाहरूको पहुँचलाई सहज बनाई उनीहरूलाई सुरक्षित र सम्मानित तुल्याउने ।

### ३.३ उद्देश्य

१. ज्येष्ठ नागरिकहरूको सम्मानजनक जीवनयापनका लागि आवश्यक सेवा सुविधा विस्तार गर्नु ।

२. ज्येष्ठ नागरिकप्रति परिवार, समुदाय र राज्यको दायित्वबोध गराउनु ।

### ३.४ रणनीति

१. ज्येष्ठ नागरिकप्रति हुने हिंसा तथा दुर्व्यवहार हटाई उनीहरूको अधिकारको संरक्षण गर्ने ।

२. विशेष जोखिममा रहेका ज्येष्ठ नागरिकलाई लक्षित गरी पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्ने ।

३. सबैबाट ज्येष्ठ नागरिकलाई संरक्षण गर्ने कार्यलाई प्रोत्साहन गर्ने ।

## ३.५ कार्यनीति

१. हिंसा तथा दुर्व्यवहारमा परेका ज्येष्ठ नागरिकलाई संरक्षण, उपचार र मनोविमर्श तथा कानुनी सहायता उपलब्ध गराइनेछ । (१)

२. ज्येष्ठ नागरिकलाई दुर्व्यवहार गर्नेलाई कानुनी दायरामा ल्याउन आवश्यक नीतिगत तथा कानुनी व्यवस्था गरिनेछ । (१)

३. ज्येष्ठ नागरिकहरूको लागि राज्यबाट प्रदान गरिने सार्वजनिक सेवा सुविधाको मापदण्ड निर्धारण गरी त्यस्तो सुविधा प्राथमिकताका साथ उपलब्ध गराउन निजी क्षेत्रलाई समेत प्रोत्साहन गरिनेछ । (२)

४. गैरसरकारी संस्थाहरू एवम् समुदायसमेतको साझेदारीमा प्रत्येक प्रदेशमा स्वास्थ्य उपचार सुविधासहितको कम्तीमा एक-एक वृद्धाश्रम सञ्चालन गरिनेछ । (२)

५. गैरसरकारी संस्थाहरूमार्फत ज्येष्ठ नागरिक समूह तथा क्लब गठन र दिवा सेवाकेन्द्र सञ्चालन गर्न प्रोत्साहन गरिनेछ । (२)

६. हिंसापीडित, परित्यक्त, शारीरिक एवम् मानसिक रूपले अशक्त भएका विशेष जोखिममा रहेका ज्येष्ठ नागरिकहरूका लागि लक्षित गरी विशेष राहत तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ । (२)

७. वृद्धाश्रम तथा दिवासेवा केन्द्रहरूको नियमन र अनुगमनलाई प्रभावकारी बनाइनेछ । (२)

८. ज्येष्ठ नागरिकप्रति सम्मान अभिवृद्धि गर्न समुदाय स्तरसम्म सचेतनाका कार्यक्रम सञ्चालन गरिनेछ । (२)

९. पूर्वीय दर्शन अनुसार बाबुआमालगायत ज्येष्ठ सदस्यहरूको हेरचार तथा पालनपोषण गर्ने परिवारका सदस्यहरूलाई साथै सङ्घसंस्थाहरूलाई सम्मान गरिनेछ । (३)

१०. मरणोपरान्त आफ्नो सम्पत्ति इच्छाअनुसार हस्तान्तरण गर्न पाउने इच्छापत्रको व्यवस्था गर्न कानुनी व्यवस्था गरिनेछ । (३)

## ३.६ प्रमुख कार्यक्रमहरू

### क. कानुनी तथा संस्थागत व्यवस्था

१. ज्येष्ठ नागरिकसम्बन्धी राष्ट्रिय नीति तर्जुमा र समय सापेक्ष ऐन कानुनको परिमार्जन ।

२. हिंसा तथा दुर्व्यवहारमा परेका ज्येष्ठ नागरिकलाई संरक्षण, उपचार र मनोविमर्श तथा कानुनी सहायता ।

३. ज्येष्ठ नागरिकहरूको लागि प्रदान गरिने सेवा सुविधाको मापदण्ड निर्धारण गरी प्राथमिकताका साथ उपलब्धता ।

४. महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको सिफारिसमा वृद्धाश्रममा रहेका ज्येष्ठ नागरिकहरूलाई बसेको अवधिभर स्वास्थ्य मन्त्रालयमार्फत निःशुल्क स्वास्थ्य सेवा प्रदान ।

**ख. सीप हस्तान्तरण तथा सचेतना कार्यक्रम**

१. ज्येष्ठ नागरिकहरूको ज्ञान, सीप, अनुभवसम्बन्धी अन्तरपुस्ता सीप हस्तान्तरण ।

२. ज्येष्ठ नागरिकप्रति सम्मान अभिवृद्धि गर्न समुदाय स्तरसम्म सचेतनाका कार्यक्रम सञ्चालन ।

**ग. पुनर्स्थापनासम्बन्धी कार्यक्रम**

१. ज्येष्ठ नागरिकहरूको आवश्यकतालाई सम्बोधन गर्ने गरी प्रत्येक प्रदेशमा कम्तीमा एउटा सुविधा सम्पन्न वृद्धाश्रम (आश्रम स्थल) निर्माण तथा सञ्चालन ।

२. परित्यक्त, हिंसापीडित, शारीरिक एवम् मानसिक रूपले अशक्त भएका विशेष विपद् जोखिममा रहेका ज्येष्ठ नागरिकहरूका लागि लक्षित गरी विशेष राहत तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन ।

३. मन्त्रालय, स्थानीय निकाय तथा गैरसरकारी संस्थाहरूको साझेदारीमा ज्येष्ठ नागरिक दिवा सेवाकेन्द्र, ज्येष्ठ नागरिक क्लब र ज्येष्ठ नागरिक समूह गठन तथा सञ्चालन ।

## ४. अपेक्षित उपलब्धि

ज्येष्ठ नागरिकको सेवा सुविधामा पहुँच बढेको हुनेछ । ज्येष्ठ नागरिकहरूको पालनपोषण तथा हेरचाहका साथै सम्मानपूर्ण जीवनयापन गर्नका लागि सरकार, परोपकारी सामाजिक सङ्घसंस्थाहरू र परिवारबाट सहयोग पुगेको हुनेछ । त्यसैगरी प्रत्येक प्रदेशमा सुविधा सम्पन्न ज्येष्ठ नागरिक आश्रमस्थल निर्माण भई सञ्चालन भएको र सबै ज्येष्ठ नागरिकमा सुरक्षित एवम् सम्मानित रहेको अनुभूति भएको हुनेछ ।

## ४.४.१० अपाङ्गता भएका व्यक्तिहरू

## १. पृष्ठभूमि

नेपालमा कुल जनसङ्ख्याको १.९४ प्रतिशत अपाङ्गता भएका व्यक्ति रहेका छन् । अपाङ्गता भएका व्यक्तिमध्ये सबैभन्दा बढी शारीरिक अपाङ्गता भएका ३६.३ प्रतिशत रहेका छन् । नेपालको संविधानले अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक स्थापित गरेको छ । अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय महासन्धि र यसको इच्छाधीन आलेख, २००६, इन्चोन रणनीति (२०१३-२०२२) लगायतका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूलाई कार्यान्वयन गर्नका लागि नेपाल सरकारले समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम, आर्थिक, सामाजिक तथा राजनीतिक समावेशीकरण, सकारात्मक विभेद तथा निजामती सेवामा आरक्षण, अपाङ्गता भएका व्यक्तिहरूद्वारा सञ्चालित संस्थाहरूमार्फत अपाङ्गता क्षेत्रका कार्यक्रमहरू सञ्चालन, पूर्ण अशक्त र अति अशक्तहरूका लागि सामाजिक सुरक्षा भत्ता एवम् व्यावसायिक तथा सीपमूलक तालिमलगायतका कार्यक्रमहरू सञ्चालन गरेको छ ।

## २. चुनौती तथा अवसर

### चुनौती

सम्पूर्ण भौतिक संरचनालाई अपाङ्गमैत्री बनाउनु, अपाङ्गतासम्बन्धी काम गर्ने संस्थाहरूलाई दुर्गम क्षेत्रमा परिचालन गर्नु र मानसिक एवम् बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको लागि उपयुक्त कार्यक्रम सञ्चालन गर्नुजस्ता कार्यहरू चुनौतीका रूपमा रहेका छन् । त्यस्तै अपाङ्गता भएका व्यक्तिहरूको लागि सीपमूलक तालिम सञ्चालन र अपाङ्गताप्रतिको सामाजिक दृष्टिकोणमा परिवर्तन ल्याउनु यस क्षेत्रका चुनौतीहरू हुन् ।

### अवसर

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षणका लागि ऐन र आवासीय पुनर्स्थापना सेवा सञ्चालन विधि, २०७२ तथा अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९ कार्यान्वयन हुनु, महिला तथा बालबालिका कार्यालयमा बहिरा अपाङ्गता भएका व्यक्तिहरूका निम्ति दोभाषे सहयोगीको लागि बजेट विनियोजन हुनु, अपाङ्गतासम्बन्धी सहायक सामग्री उत्पादन तथा वितरणको व्यवस्था हुनु, राज्यको प्रशासनिक तथा राजनीतिक तहमा प्रतिनिधित्वको सुनिश्चितता हुनु, समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन र सार्वजनिक भौतिक संरचनाहरू अपाङ्गमैत्री बनाउने पद्धतिको विकास हुनु यस क्षेत्रका अवसर हुन् ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरू सक्षम, स्वावलम्बी र आत्मनिर्भर ।

### ३.२ लक्ष्य

अपाङ्गताको आधारमा हुने सम्पूर्ण भेदभावहरूको अन्त्यका लागि शिक्षा, स्वास्थ्य, रोजगारीका अवसरहरूमा सहज पहुँच बढाई अपाङ्गता भएका व्यक्तिहरूको जीवनस्तरमा सुधार गर्ने ।

### ३.३ उद्देश्य

१. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई सम्मानपूर्ण र अवरोधमुक्त वातावरणमा जीवनयापनका लागि अवसर उपलब्ध गराउनु तथा सेवा सुविधाहरूमा उनीहरूको समतामूलक पहुँच बढाउनु ।

२. अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक, सामाजिक सशक्तीकरण गर्नु ।

### ३.४ रणनीति

१. पूर्वाधार एवम् सेवा प्रवाह गर्ने निकायहरूलाई अपाङ्गमैत्री बनाई पहुँच बढाउने ।

२. पूर्ण अपाङ्गता भएका व्यक्तिका लागि पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्ने ।

३. अपाङ्गता भएका व्यक्तिहरूको लागि रोजगारी, उद्यमशीलता तथा स्वरोजगारका अवसर प्राप्त हुने वातावरण सिर्जना गर्ने ।

## ३.५ कार्यनीति

१. सार्वजनिक भौतिक संरचना तथा सञ्चार सेवालाई पहुँचयुक्त र अपाङ्गतामैत्री बनाइनेछ । (१)

२. मौजुदा सार्वजनिक संरचना, नयाँ निर्माण तथा पुनः निर्माण हुने सार्वजनिक सरोकारका निकाय, सरकारी भवन, सार्वजनिक स्थलका सेवा, सडक यातायात, शिक्षालगायतका पूर्वाधार संरचना तथा सुविधालाई अपाङ्गतामैत्री बनाउँदै लगिनेछ । (१)

३. अपाङ्गता भएका व्यक्तिहरूका लागि भौतिक संरचना तथा सञ्चार सेवालाई पहुँचयुक्त बनाउन आवश्यक चेतनामूलक र पैरवी कार्यक्रम सञ्चालन गरिनेछ । (१)

४. अपाङ्गता भएका व्यक्तिहरूको लागि काम गर्ने गैरसरकारी संस्थाहरूको कार्यक्रमहरूको अनुगमन गरी प्रभावकारी बनाइनेछ । (१)

५. सुविधासम्पन्न अपाङ्गता पुनर्स्थापना केन्द्रहरूको स्थापना गरी बौद्धिक अपाङ्गता, अटिज्म भएका, पूर्ण र अति अशक्त अपाङ्गता भएका बेसहारा व्यक्तिहरूका लागि गैरसरकारी सङ्घसंस्था एवम् निजी क्षेत्रसँगको साझेदारीमा पुनर्स्थापना केन्द्रको स्थापना र विस्तार गर्दै लगिनेछ । (२)

६. समुदायमा आधारित पुनर्स्थापना कार्यक्रमलाई स्थानीय निकायहरू तथा सरोकारवाला निकायको समन्वयमा थप प्रभावकारी बनाइनेछ । (२)

७. अपाङ्गता भएका व्यक्तिहरूको हेरचाह तथा पालनपोषण गर्न परिवारका सदस्यहरूलाई अभिप्रेरित गरिनेछ । (२)

८. अपाङ्गता भएका व्यक्तिहरूको लागि शिक्षा तथा स्वास्थ्य सेवाहरूको व्यवस्थापन गर्न परोपकारी सामाजिक सङ्घ संस्थाहरूको सहभागितालाई प्रोत्साहन गरिनेछ । (२)

९. अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरण प्रणालीलाई डिजिटाइज्ड गरिनेछ । (२)

१०. पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोगी सेवा उपलब्ध गराइनेछ । (२)

११. अपाङ्गताको प्रकृतिअनुसार सीपमूलक र व्यावसायिक तालिम प्रदान गरी रोजगारीका अवसरहरूमा पहुँच विस्तार तथा स्वरोजगारीका अवसरहरू सिर्जना गरिनेछ । (३)

१२. अपाङ्गता भएका व्यक्तिहरूको शारीरिक र मानसिक विकासका लागि खेलकुद तथा मनोरञ्जनका कार्यक्रम सञ्चालन गरिनेछ । (३)

१३. ब्रेल लिपि, डेजी वा अपाङ्गता अनुकूलको नवीनतम प्रविधिमा पढ्न पाउने अवसर सृजना गरिनेछ । (३)

## ३.६ प्रमुख कार्यक्रमहरू

### क. कानुनी तथा संस्थागत व्यवस्था

१. अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ र इन्चोन रणनीतिको प्रभावकारी कार्यान्वयन ।

२. अपाङ्गतासम्बन्धी विद्यमान ऐन, कानुनमा समय सापेक्ष सुधार ।

३. अपाङ्गता सेवा कोषको स्थापना तथा सञ्चालन ।

४. सरकारी तथा गैरसरकारी संस्थाबाट सञ्चालित अपाङ्गतासम्बन्धी कार्यक्रमहरूको अनुगमन तथा अभिलेख व्यवस्थापन ।

**ख. कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन**

१. अपाङ्गता भएका व्यक्तिहरूलाई रेफरल सर्भिस लगायत आवश्यक सूचना तथा जानकारीहरू उपलब्ध गराउन सशक्तीकरण एवम् सूचना केन्द्र (हेल्पडेस्क) सञ्चालन ।

२. सबै विकास क्षेत्रमा स्थानीय निकाय र संस्थाको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरूलाई उपयोगी हुने सहायता सामग्रीको उत्पादन तथा वितरणको प्रभावकारी व्यवस्थापन ।

३. अपाङ्गता भएका व्यक्तिहरूको आधारभूत आवश्यकता सुनिश्चित गर्नको लागि शिक्षा, रोजगार, स्वास्थ्यजस्ता क्षेत्रमा अपाङ्गताको प्रकार र संवेदनशीलता हेरी सहुलियत वा निःशुल्क सेवा सञ्चालन ।

**ग. पुनस्थापनासम्बन्धी कार्यक्रम**

१. विपन्न बेसहारा तथा पूर्ण अपाङ्गता भएका व्यक्तिहरूका लागि प्रत्येक प्रदेशमा दीर्घकालीन पुनर्स्थापना कार्यक्रम सञ्चालन ।

२. स्थानीय निकाय, समुदाय तथा गैरसरकारी संस्थाको सहकार्यमा अपाङ्गता भएका व्यक्तिका लागि दिवा सेवाकेन्द्र सञ्चालन ।

३. आवश्यकतानुसार विपद् जोखिम प्रतिरोधी अपाङ्ग पुनर्स्थापना केन्द्रको स्थापना र सञ्चालन ।

## ४. अपेक्षित उपलब्धि

कानुनी, संस्थागत तथा भौतिक पूर्वाधारहरूको विस्तार भई अपाङ्गतामैत्री र अवरोधमुक्त वातावरण निर्माण भएको हुनेछ । मनोसामाजिक अपाङ्गता, अटिज्म भएका, पूर्ण र अति अशक्त अपाङ्गता भएका बेवारिसे महिला तथा पुरुषका लागि निजी तथा गैरसरकारी संस्थासमेतको साझेदारीमा पुनर्स्थापना कार्यक्रम सञ्चालन भएको हुनेछ । प्रत्येक प्रदेशमा अपाङ्ग पुनर्स्थापना केन्द्रको स्थापना तथा सञ्चालन भएको, अपाङ्गता भएका व्यक्तिहरूले प्रयोग गर्ने सहयोगी सामग्रीहरू स्वदेशमा उत्पादन र वितरण भएको एवम् अपाङ्गता क्षेत्रमा विभिन्न ज्ञान सीप भएका जनशक्तिको विकास तथा अपाङ्गता भएका व्यक्तिहरूको रोजगारी तथा स्वरोजगारीमा पहुँच स्थापित भएको हुनेछ ।

# ४.४.११ रोजगारी प्रत्याभूति

## १. पृष्ठभूमि

नेपालको श्रम बजारमा वर्षेनी ४ लाख ५० हजार श्रमशक्ति थपिँदै गएको छ । १५ देखि ५९ वर्ष उमेर समूहका काम गर्न चाहने कुल श्रमशक्तिमध्ये करिब २.३ प्रतिशत (वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूबाहेक) बेरोजगार र ३० प्रतिशत श्रमशक्ति अर्धबेरोजगार रहेको छ । बढ्दै गएको श्रमशक्तिका लागि सरकारी क्षेत्रमा रोजगारीका अवसरहरू ज्यादै सीमित भएकाले रोजगारीका निम्ति निजी क्षेत्रमा बढी निर्भर रहनु परिरहेको अवस्था छ । मुलुकभित्र रोजगारीका अवसरहरू निकै कम भएकाले वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको सङ्ख्या बढ्दै गएको छ । नेपालको संविधानले प्रत्येक नागरिकलाई

रोजगारीको हक हुने व्यवस्था गरेको छ । रोजगारीको प्रत्याभूति गर्न नेपाल सरकारले कर्णाली रोजगार कार्यक्रम सञ्चालन गरेको छ, जसमा गरिबीको रेखामुनि रहेका प्रत्येक परिवारका एकजनालाई वर्षमा कम्तीमा १०० दिनको रोजगारीको सुनिश्चितता प्रदान गरिएको छ । रोजगारी प्रत्याभूति गर्ने यस्ता कार्यक्रमहरू अन्य क्षेत्रमा पनि विस्तार गर्नु आवश्यक भएको छ ।

## २. चुनौती तथा अवसर

### चुनौती

श्रम बजारमा वर्षेनी थपिने जनशक्तिको तुलनामा रोजगारीका अवसरहरू न्यून हुनु, श्रम बजारमा दक्ष तथा अर्धदक्ष जनशक्तिको माग बढी भएको तर श्रमशक्तिको ज्यादै ठूलो हिस्सा अदक्ष भएकोले यस्ता श्रमशक्तिले रोजगारी पाउने अवस्था सीमित हुनु, गरिबीको रेखामुनि रहेको जनसङ्ख्या बढी भएका जिल्ला एवम् प्रदेशमा विकास निर्माणका कार्यक्रमहरू कम सञ्चालन हुनु साथै रोजगारीका लागि विदेशमा गएर गरिने धेरैजसो कार्यहरू स्वदेशमा भने गर्न नचाहने प्रवृत्ति उच्च हुनु यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

### अवसर

मुलुकमा आर्थिक गतिविधिहरू बढ्दै गएको, निजी तथा गैरसरकारी क्षेत्रमा रोजगारीका अवसरहरू सिर्जना हुँदै गएका, भूकम्पलगायत प्राकृतिक प्रकोपबाट क्षतिग्रस्त भौतिक संरचनाहरूको पुनर्निर्माण ठूलो मात्रामा गर्नुपर्ने आदिको कारण स्वदेशमै रोजगारीका अवसरहरू धेरै सिर्जना हुने अवस्था रोजगारीका लागि अवसरको रूपमा रहेको छ ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

काम र रोजगारीको प्रत्याभूतिबाट नागरिकको जीवनस्तर सुधार र सशक्तीकरण ।

### ३.२ लक्ष्य

तोकिएका जिल्लाका गरिबीको रेखामुनि रहेका प्रत्येक परिवारका काम गर्ने उमेर समूहका १ जना सदस्यलाई वर्षमा न्यूनतम १०० दिनको रोजगारीको प्रत्याभूति गर्ने ।

### ३.३ उद्देश्य

गरिबीको रेखामुनि रहेका तोकिएका जिल्लाका परिवारको जीवनस्तरमा सुधार ल्याउन न्यूनतम रोजगारीको सुनिश्चिता गर्नु ।

### ३.४ रणनीति

१. तोकिएका जिल्लाका गरिबीको रेखामुनि रहेका परिवारको अभिलेखन गरी रोजगारीको दायरामा ल्याउने ।

२. न्यूनतम १०० दिनको रोजगारीको सुनिश्चितता गर्न सरकारी क्षेत्रबाट विकास निर्माणका कार्यक्रमहरू एकीकृत रूपमा त्यस्ता क्षेत्रमा सञ्चालन गर्ने ।

### ३.५ कार्यनीति

१. गरिबीको रेखामुनि रहेका तोकिएका जिल्लाका परिवारका सदस्यहरूको सर्वेक्षण गरी उनीहरूलाई स्थानीयस्तरमै प्रयोगमा आउने विभिन्न सीपमूलक तालिम प्रदान गरिनेछ । (१)

२. गरिबीको रेखामुनि रहेका परिवारको दक्षता वृद्धि गर्न कार्यक्रमहरू सञ्चालन गरिनेछ । (१)

३. न्यूनतम १०० दिनको रोजगारी सुनिश्चितता गर्न पुनर्निर्माण र नवनिर्माण कार्यक्रमहरू सञ्चालन गरिनेछ । (२)

४. तोकिएका जिल्ला/प्रदेशमा निश्चित समयको लागि गरिबीको रेखामुनि रहेका व्यक्तिहरूका निम्ति अनिवार्य रोजगारी उपलब्ध गराउन रोजगार प्रत्याभूति ऐन तर्जुमा गरिनेछ । (२)

### ३.५ प्रमुख कार्यक्रमहरू

१. रोजगार प्रत्याभूतिसम्बन्धी कानुन तर्जुमा र कार्यान्वयन ।

२. उत्पादनशील रोजगारी प्रवर्द्धनसम्बन्धी नीतिगत तथा कानुनी संरचना तयार ।

३. न्यूनतम रोजगारी प्रदान गर्न सकिने क्षेत्रहरूको पहिचानसम्बन्धी अध्ययन अनुसन्धान ।

४. स्वयंसेवा अभियान सञ्चालन ।

५. क्षमता विकास तथा रोजगारमूलक तालिम ।

६. पुनर्निर्माण तथा नवनिर्माणमार्फत रोजगार प्रत्याभूति ।

७. विभिन्न क्षेत्रमा युवा स्वरोजगार प्रवर्द्धन ।

८. उद्यमशीलतासम्बन्धी कार्यलाई प्रभावकारी बनाउन बिउ पुँजीको व्यवस्था ।

९. विभिन्न क्षेत्रमा रोजगारमूलक र व्यवसाय संवर्द्धन ।

## ४. अपेक्षित उपलब्धि

तोकिएका जिल्लाका गरिबीको रेखामुनि रहेका परिवारका सदस्यहरूले सीपमूलक तालिम पाएको, न्यूनतम १०० दिनको रोजगारीको सुनिश्चितता गर्न सरकारी क्षेत्रबाट विकास निर्माणका कार्यक्रमहरू त्यस्ता क्षेत्रमा सञ्चालन भएको र गरिबीको रेखामुनि रहेका व्यक्तिहरूका निम्ति काम र अनिवार्य रोजगारी उपलब्ध गराउने रोजगार प्रत्याभूति ऐन तर्जुमा भएको हुनेछ ।

# ४.४.१२ सामाजिक बिमा

## १. पृष्ठभूमि

आर्थिक अवस्था राम्रो नभएका नागरिकहरूलाई आर्थिक दृष्टिकोणले राहत प्रदान गर्न धेरैजसो देशहरूले सामाजिक बिमा योजना सञ्चालन गर्दै आएका छन् । राज्यद्वारा व्यवस्था गरिएको यस्तो सामाजिक बिमाअन्तर्गत सामाजिक सुरक्षा, मेडिकेयर, मेडिकएड, बेरोजगार भत्ताजस्ता कार्यक्रमहरू

सञ्चालन गरिएको हुन्छ । नेपालमा ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख आदिवासी जनजातिका परिवारहरूलाई सामाजिक सुरक्षा भत्ता प्रदान गरिएको छ । यस्तै, सरकारी सेवाबाट साथै कतिपय सार्वजनिक संस्थानबाट सेवानिवृत्त कर्मचारीहरूलाई निवृत्तिभरण प्रदान गरिएको छ ।

नेपालको संविधानले आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुनबमोजिम सामाजिक सुरक्षा उपलब्ध गराइने कुरा मौलिक हकका रूपमा व्यवस्था गरेको छ । नेपालका अधिकाश परिवारको आर्थिक अवस्था कमजोर रहेको छ । आधारभूत आवश्यकताको रूपमा रहेको स्वास्थ्य सेवा निकै खर्चिलो हुन गएको छ । अस्पतालमा बसी उपचार गराउनुपर्ने खालका रोगहरू लागेमा वा दुर्घटनामा परी उपचार गराउनुपर्ने अवस्था परेमा धेरैजसो परिवारलाई स्वास्थ्योपचारबापत बेहोर्नुपर्ने खर्चको व्यवस्था गर्न गाह्रो पर्छ भने गरिबीको रेखामुनि रहेका परिवारको लागि भने यस्तो खर्च जुटाउन प्रायः असम्भव नै हुन्छ । यसर्थ सामाजिक सुरक्षा कार्यक्रम, निवृत्तिभरण योजनाजस्ता राज्यकोषबाट ब्यहोरिने सुविधा पाउने सेवानिवृत्त भएका साथै बहालवाला निजामती कर्मचारी, प्रहरी, नेपाली सेना, शिक्षकबाहेक तोकिएको आर्थिक सामाजिक विकासको स्तर भएका व्यक्तिहरूलाई स्वास्थ्योपचारका लागि आर्थिक सहायता उपलब्ध गराउन आवश्यक भएको छ ।

## २. चुनौती तथा अवसर

### चुनौती

सरकारी तथा निजी क्षेत्रबाट उपलब्ध गराइने स्वास्थ्य सेवाहरूको बारेमा ग्रामीण क्षेत्रका धेरैभन्दा धेरै व्यक्तिहरूलाई जानकारी उपलब्ध गराउनु, स्वास्थ्य बिमाबारेमा सुसूचित गर्नु र सामाजिक बिमा कार्यक्रमले समेट्नुपर्ने जनसङ्ख्याको आकार ठूलो भएकाले राज्यले धेरै ठूलो रकम ब्यहोर्नुपर्ने अवस्था सिर्जना भएको सन्दर्भमा दिगो समाधानका उपाय पहिचान गर्नुजस्ता चुनौतीहरू रहेका छन् ।

### अवसर

नेपालको संविधानले आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुनबमोजिम सामाजिक सुरक्षा उपलब्ध गराइने कुरा मौलिक हकका रूपमा व्यवस्था गरेकोले सामाजिक बिमा कार्यक्रमअन्तर्गत स्वास्थ्य उपचारका लागि आर्थिक सहायताको व्यवस्था गर्ने अवसर रहेको छ ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

सामाजिक बिमा सेवामार्फत आमजनताको स्वास्थ्य स्थितिमा सुधार ।

### ३.२ लक्ष्य

सामाजिक सुरक्षा कार्यक्रम, निवृत्तिभरण योजनाजस्ता राज्यकोषबाट ब्यहोरिने सुविधाहरू नपाएका व्यक्तिहरूको स्वास्थ्योपचारको लागि सामाजिक बिमाको व्यवस्था गर्ने ।

### ३.३ उद्देश्य

लक्षितवर्ग तथा समुदायको लागि सामाजिक बिमा कोष सञ्चालन गरी उनीहरूको स्वास्थ्य स्थितिमा सुधार गर्नु ।

### ३.४ रणनीति

१. लक्षित वर्ग तथा समुदायका व्यक्तिहरूको स्वास्थ्य उपचारमा सहयोग पुऱ्याउन सामाजिक बिमाकोष स्थापना गर्ने ।

२. सामाजिक सुरक्षा कार्यक्रम, निवृत्तिभरण योजनाजस्ता राज्यकोषबाट सुविधा पाउने सेवा निवृत्त साथै बहालवाला निजामती कर्मचारी, प्रहरी, नेपाली सेना र शिक्षकबाहेक तोकिएको वर्ग वा समुदायका व्यक्तिहरूलाई अस्पतालमा भर्ना भई उपचार गराउँदा राहतस्वरूप आर्थिक सहायता प्रदान गर्ने ।

### ३.५ कार्यनीति

१. कानुनी व्यवस्था गरी सामाजिक बिमाकोष सञ्चालन गरिनेछ । (१)

२. सामाजिक बिमाअन्तर्गत स्वास्थ्योपचारबापत प्रदान गरिने आर्थिक सहायतासम्बन्धी निर्देशिका तयार गरिनेछ । (१)

३. सामाजिक कोषबाट तोकिएका वर्ग वा समुदायका व्यक्तिहरूले अस्पतालमा भर्ना भई स्वास्थ्योपचार गराएमा सामाजिक बिमाकोषबाट आर्थिक सहायता उपलब्ध गराइनेछ । (२)

### ३.६ प्रमुख कार्यक्रमहरू

१. राज्यकोषबाट व्यहोरिने सुविधाहरू नपाएका व्यक्तिहरूको स्वास्थ्योपचारको लागि सामाजिक बिमा तथा सामाजिक बिमाकोष सञ्चालन तथा अन्य आर्थिक सहायतासम्बन्धी कानुनी व्यवस्था ।

२. सामाजिक बिमाअन्तर्गत सामाजिक सुरक्षा, मेडिकेयर, मेडिकएड, बेरोजगार भत्ता वितरण ।

३. ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख, आदिवासी जनजातिका परिवारहरूलाई सामाजिक सुरक्षा भत्ता ।

४. अति गरिबीको रेखामुनि रहेका परिवारलाई निःशुल्क स्वास्थ्य बिमा ।

## ४. अपेक्षित उपलब्धि

कानुनी व्यवस्थासहितको सामाजिक बिमाकोष स्थापना गरिएको हुनेछ र सो कोषबाट तोकिएका वर्ग वा समुदायका व्यक्तिहरूले स्वास्थ्योपचारका लागि आर्थिक सहायता पाएका हुनेछन् ।

## ४.४.१३ सामुदायिक तथा गैरसरकारी संस्थाहरू

## १. पृष्ठभूमि

नेपालको आर्थिक तथा सामाजिक विकासमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूसमेत महत्त्वपूर्ण साझेदारको रूपमा रहेका छन् । नेपालको संविधानले यस किसिमका सङ्घसंस्थाको लगानी र भूमिकालाई राष्ट्रिय आवश्यकता र प्राथमिकता प्राप्त क्षेत्रमा संलग्न गराउने विषय प्रष्ट पारेको छ । आ.व. २०७२/७३ को अन्तसम्ममा ४३,८०७ राष्ट्रिय गैरसरकारी संस्थाहरू र २६० अन्तर्राष्ट्रिय गैरसरकारी संस्था समाज कल्याण परिषद्मा आवद्ध भएका छन् । गैरसरकारी संस्थाहरूलाई सरकारको विकास प्रयासमा सहयोगीको रूपमा योगदान गर्नसक्ने वातावरण निर्माण गर्ने र उनीहरूबाट पारदर्शी र उत्तरदायी सेवा प्रवाह गराउनेतर्फ जोड दिनु आवश्यक छ ।

## २. चुनौती तथा अवसर

**चुनौती**

अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको सञ्चालन एवम् सहजीकरणमा एकद्वार प्रणाली अपनाउनु, नेपालमा कार्यालय नभएका गैरसरकारी संस्थाको सहजीकरण गर्नु, संस्थाहरूको सञ्चालन र व्यवस्थापनमा प्रभावकारी नियमन गर्नु, समाज कल्याण परिषद्को संरचनागत एवम् व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्नु र गैरसरकारी संस्थाहरूलाई पारदर्शी र जवाफदेही बनाई राष्ट्रिय प्राथमिकताका क्षेत्रमा परिचालन गर्नु यस क्षेत्रका चुनौती हुन् ।

**अवसर**

गैरसरकारी संस्थाहरू संस्थागत पुँजी आर्जन गरी स्वनिर्भरतातर्फ उन्मुख हुँदै जानु, विकास सहायता नीति, २०७१ बाट यिनीहरूको भूमिका सुनिश्चित गरिनु, समाज कल्याण परिषद्बाट परियोजना सम्झौतासम्बन्धी निर्देशिका, २०७१, गैरसरकारी संस्थाहरूको परियोजना सहजीकरण कार्यविधि, २०७०, सामाजिक सङ्घसंस्थाको अनुगमन, सुपरिवेक्षण एवम् मूल्याङ्कन निर्देशिका, २०७१ को कार्यान्वयन हुनु, आर्थिक जीवनमा गैरसरकारी संस्थाहरूको भूमिका एवम् लगानीमा उल्लेखनीय विस्तार हुनु, गैरसरकारी क्षेत्रको क्रियाकलापको वृद्धिसँगै सामाजिक एवम् आर्थिक विकासको कार्यमा विस्तार हुनु, सरकारी स्तरबाट सामाजिक एवम् आर्थिक क्रियाकलापमा लगानी गर्न नसक्ने क्षेत्रमा गैरसरकारी संस्थाहरूलाई विकास साझेदारको रूपमा परिचालन गर्ने सम्भावना रहनुजस्ता कुरा यस क्षेत्रका अवसर हुन् ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको सुदृढ, मर्यादित र पारदर्शी भूमिकामार्फत देशको आर्थिक-सामाजिक रूपान्तरण ।

### ३.२ लक्ष्य

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई सरकारको प्रत्यक्ष उपस्थिति नभएको र राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा परिचालन गरी जनताको जीवनस्तरमा सुधार ल्याउने ।

### ३.३ उद्देश्य

१. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई राष्ट्रिय प्राथमिकताको क्षेत्रमा परिचालन गर्नु ।
२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई पारदर्शी र उत्तरदायी बनाउनु ।

### ३.४ रणनीति

१. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको लगानी राष्ट्रिय प्राथमिकताको क्षेत्रतर्फ निर्दिष्ट गरी समाज कल्याणको कार्यमा थप सहयोग पुर्‍याउने ।

२. स्थानीय गैरसरकारी संस्था तथा सामुदायिक संस्थाहरूको स्थानीय निकायसँगको समन्वय, सहभागिता र सहकार्यलाई उच्च, दिगो र फराकिलो बनाई समाजको आर्थिक तथा सामाजिक विकासमा योगदान पुर्‍याउने ।

३. गैरसरकारी संस्थाहरूको परिचालन, नियमन, अनुमगन र मूल्याङ्कनलाई प्रभावकारी बनाई अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको सुशासन कायम गर्न सहयोग पुर्‍याउने ।

### ३.५ कार्यनीति

१. स्थानीय तहमा उपलब्ध हुने भौतिक, मानवीय तथा प्रविधिजन्य स्रोतको उपयोगलाई प्राथमिकता दिँदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको स्रोत प्रवाहित हुनेछ । (१)

२. मानव विकास सूचकाङ्कमा पछाडि परेको क्षेत्र, लक्षित समूह, सीमान्तकृत समुदाय, पिछडिएको क्षेत्र, ग्रामीण विपन्न क्षेत्र तथा समुदायको सशक्तीकरण, जीविकाको प्रवर्द्धन, शिक्षा, स्वास्थ्य, खानेपानी, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन, विपद्पछिको नवनिर्माण तथा पुनर्निर्माणजस्ता राष्ट्रिय प्राथमिकताका क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका कार्यक्रमहरू परिचालन गरिनेछ । (१)

३. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाई विकास सहायता नीति, २०७१ अनुरूप परिचालन गरिनेछ । (१)

४. नेपालमा कार्यालय नभएका अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट सोझै प्राप्त हुने स्रोतका कार्यक्रमसमेत सहजीकरण समितिबाट सिफारिस गर्नुपर्ने प्रावधानलाई प्रभावकारी कार्यान्वयनमा ल्याइनेछ । (१)

५. अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले जिल्लामा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय तहमा कार्यरत संस्था छनोट गर्नुपर्ने र उपलब्ध नभएमा मात्र नजिकको कार्यरत संस्था छनोट गर्नुपर्ने प्रणालीलाई थप प्रभावकारिताका साथ अवलम्बन गरिनेछ । (२)

६. गैरसरकारी संस्थाका क्रियाकलापहरूमा पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व सुनिश्चित गर्न योजना निर्माणदेखि कार्यान्वयनसम्मका सबै चरणहरूमा स्थानीय सरोकारवाला तथा स्थानीय निकायको सहभागिता, सहकार्य र समन्वयलाई सुनिश्चित गरिनेछ । (२)

७. अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले नेपालमा कार्यक्रम सञ्चालन गर्दा महालेखा नियन्त्रक कार्यालयबाट निर्दिष्ट गरिएको वाणिज्य बैङ्कमा खाता सञ्चालन गर्नुपर्ने व्यवस्था प्रभावकारी रूपमा लागु गरिनेछ । (२)

८. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको खर्चको मापदण्ड निर्देशिका बनाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ । (३)

९. द्विपक्षीय, बहुपक्षीय र अन्तरसरकारी स्तरमा सम्झौता भई नेपालका लागि छुट्याइएको कोष अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले अन्य देशको लागि उपयोग गर्न नपाइने व्यवस्था गरिनेछ । (३)

१०. अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई एकद्वार प्रणालीबाट परिचालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ । (३)

११. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र समाज कल्याण परिषद्मा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूसम्बन्धी विद्युतीय सूचना प्रणाली तयार गरिनेछ । (३)

१२. गैरसरकारी संस्थाले सञ्चालन गरेको कार्यक्रमको सम्बन्धमा सार्वजनिक लेखापरीक्षण तथा सार्वजनिक सुनुवाइको व्यवस्था अनिवार्य रूपमा गर्ने व्यवस्था मिलाइनेछ । (३)

१३. गैरसरकारी संस्थाहरूको कार्यमा थप पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व कायम गर्न आचारसंहिता निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ । (३)

१४. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट सञ्चालित कार्यक्रमहरूको अभिलेखाङ्कन, समन्वय, अनुगमन तथा मूल्याङ्कन सम्बन्धित विषयगत मन्त्रालयबाट गरिनेछ । (३)

१५. गैरसरकारी संस्थाहरूलाई कार्यप्रकृति र कार्यक्षेत्रको आधारमा वर्गीकरण गरी नियमन कार्य एकद्वार प्रणालीबाट गरिनेछ । (३)

## ३.६ प्रमुख कार्यक्रमहरू

### क. कानुनी तथा संस्थागत व्यवस्था

१. गैरसरकारी संस्थाहरूको सञ्चालन, परिचालन र नियमनलाई प्रभावकारी बनाउन नयाँ समाजकल्याण ऐन तर्जुमा तथा कार्यान्वयन ।

२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको खर्चसम्बन्धी मापदण्ड तथा निर्देशिका तर्जुमा तथा कार्यान्वयन ।

३. गैरसरकारी संस्थाहरूको कार्यमा थप पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व कायम गर्न आचारसंहिता निर्माण तथा कार्यान्वयन ।

४. नेपालमा सम्पर्क निकाय नभएका अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट सोझै प्राप्त हुने स्रोतबाट सञ्चालित कार्यक्रम सहजीकरण समितिको सिफारिसमा कार्यान्वयनको व्यवस्था ।

### ख. संस्थागत सुदृढीकरण

१. मन्त्रालय र समाज कल्याण परिषद्मा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूसम्बन्धी विद्युतीय सूचना प्रणालीको स्थापना तथा सञ्चालन ।

२. समाज कल्याण परिषद्को संस्थागत सुदृढीकरण ।

### ग. अनुगमन तथा मूल्याङ्कन

१. विषयगत मन्त्रालयबाट राष्ट्रिय तथा अन्र्तराष्ट्रिय गैरसरकारी संस्थाहरूबाट सञ्चालित कार्यक्रमहरूको अभिलेखाङ्कन, समन्वय, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्यक्रम सञ्चालन ।

### ४. अपेक्षित उपलब्धि

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू पारदर्शी र उत्तरदायी भई राष्ट्रिय प्राथमिकताको क्षेत्रमा परिचालन भएको, नयाँ समाज कल्याण ऐन कार्यान्वयनमा आएको र गैरसरकारी संस्थाको अधिकतम स्रोतसाधन आर्थिक तथा सामाजिक पुँजी निर्माणमा प्रयोग भएको हुनेछ ।

## ४.५ युवा, खेलकुद र स्वयंसेवक सेवा

### ४.५.१ युवा

### १. पृष्ठभूमि

राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणमा युवावर्गको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ । साहस, सिर्जनशीलता, सिक्ने क्षमता एवम् उच्च आत्मविश्वासका कारण यो वर्गलाई राष्ट्र निर्माणको प्रमुख स्रोतसमेत मानिएको छ । नेपालमा १६ देखि ४० वर्ष उमेर समूहको जनसङ्ख्या कुल जनसङ्ख्याको ४०.३ प्रतिशत रहेको छ । शिक्षित, सीपयुक्त, अनुशासित र उद्यमशील युवाशक्ति विकास गरी यो जनसाङ्ख्यिक प्रवृत्तिलाई पुँजीकृत गर्दै राष्ट्र निर्माणमा लगाउन सकिएमा युवाहरूले देशको सामाजिक एवम् आर्थिक विकासमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्दछन् । यसलाई मध्यनजर गरी राष्ट्रिय युवा नीति, २०७२ एवम् राष्ट्रिय युवा परिषद्को गठन गरिएको छ । राष्ट्रिय युवा नीति, २०७२ को प्रभावकारी कार्यान्वयन गर्दै युवाशक्तिले विकासका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय अनुभवहरूबाट सिकेका पाठहरूलाईसमेत मनन गर्दै उनीहरूलाई देशको सामाजिक आर्थिक रूपान्तरणमा मूलप्रवाहीकरण गर्नुपर्ने भएको छ ।

### २. चुनौती तथा अवसर

**चुनौती**

स्वदेशमा मध्यम र उच्च शिक्षा प्राप्त युवा विदेश पलायन हुने प्रवृति रोक्नु, सामाजिक र आर्थिक सेवाहरूमा युवाको पहुँच वृद्धि गर्नु, व्यावहारिक र व्यावसायिक शिक्षा सर्वसुलभ रूपमा उपलब्ध गराउनु र युवाको क्षमता अभिवृद्धिसम्बन्धी तालिम सञ्चालन गर्नका लागि तालिम प्रदायक निकायहरूबीच समन्वय सुदृढ गर्नु यस क्षेत्रका चुनौती हुन् ।

**अवसर**

बढ्दो युवा जनसङ्ख्यालाई सीप र उद्यमशीलतायुक्त बनाई जनसाङ्ख्यिक लाभांश हासिल गर्ने पर्याप्त सम्भावना रहनु, लोकतन्त्रको पुनर्स्थापनापछिका सरकारहरूमा युवालाई राष्ट्र निर्माणमा मूलप्रवाहीकरण गर्ने राजनीतिक सोच र इच्छाशक्ति देखिनु, युवामा आफ्नो शक्ति र भूमिकाप्रति जागरूकता आउनु, युवा लक्षित कार्यक्रमहरूलाई विस्तार गर्नका लागि आधार तयार हुनु, राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै उनीहरूका अधिकारहरूको उपयोग गर्ने वातावरण सिर्जना गर्ने संवैधानिक प्रतिबद्धता आदि यस क्षेत्रका अवसर हुन् ।

### ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

विकासमा युवा सहभागिताबाट समृद्ध राष्ट्र निर्माण ।

### ३.२ लक्ष्य

युवाहरूलाई राष्ट्रको सर्वाङ्गीण विकासमा मूलप्रवाहीकरण गर्ने ।

### ३.३ उद्देश्य

१. युवाको दक्षता, उद्यमशीलता र अन्वेषणात्मक क्षमताको विकास गर्दै आर्थिक-सामाजिक विकासमा युवा सहभागिता अभिवृद्धि गर्नु ।

२. युवालाई सर्वाङ्गीण राष्ट्र निर्माणको संवाहक बनाउनु ।

### ३.४ रणनीति

१. युवालाई प्राविधिक शिक्षा तथा सीपमूलक तालिममार्फत दक्ष, उद्यमशील र आत्मनिर्भर बनाउने ।

२. राज्यका सबै तहको नीति तथा निर्णय प्रक्रियामा युवा सहभागिता बढाउने ।

३. युवालाई विपद् व्यवस्थापन, सामाजिक विकास, वातावरण संरक्षण, खेलकुदलगायतका क्षेत्रमा स्वयंसेवकको रूपमा परिचालन गर्ने ।

४. खेलकुद, योगाभ्यास र सामाजिक क्रियाकलापमा युवाहरूको संलग्नता बढाउने ।

### ३.५ कार्यनीति

१. युवामा प्राविधिक शिक्षा र क्षमता अभिवृद्धि कार्यक्रममार्फत उद्यमशीलता प्रवर्द्धन गरिनेछ । (१)

२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा उदाहरणीय तथा अन्वेषणात्मक कार्य गरी समाजमा योगदान पुऱ्याएका युवालाई प्रोत्साहन गरिनेछ । (१)

३. स्वदेशमा नै रोजगारीका अवसरहरू सिर्जना गरी युवा बेरोजगारका समस्यालाई क्रमिक रूपमा समाधान गरिनेछ । (१)

४. राष्ट्रिय युवा परिषद्मार्फत् युवासम्बन्धी कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ । (१)

५. युवालाई स्वरोजगारमा संलग्न गराउन युवा स्वरोजगार कोषलाई प्रभावकारी रूपमा परिचालन गरिनेछ । (१)

६. वैदेशिक रोजगारबाट फर्केका युवाका लागि स्वरोजगार तथा उद्यमशील बन्न आवश्यक तालिम तथा परामर्श कार्यक्रमहरू सञ्चालन गरिनेछ । (१)

७. परम्परागत पेशालाई प्रवर्द्धन गरी आधुनिकीकरण गर्दै उत्पादनलाई बजारसम्म सहज पहुँचको व्यवस्था गरी त्यस क्षेत्रमा संलग्न युवालाई प्रोत्साहन र सम्मान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । (१)

८. राष्ट्रिय विकासको नेतृत्व र नीति निर्माणको तहमा युवाको पहुँच पुऱ्याउन सम्बन्धित क्षेत्रमा उनीहरूको क्षमता अभिवृद्धि गर्नका लागि नेतृत्व विकास तालिम सञ्चालन गरिनेछ । (२)

९. समाजमा विद्यमान गरिबी, अशिक्षा, छुवाछुत, विभेद, लैङ्गिक हिंसा तथा अमानवीय कार्यहरूको अन्त्यका लागि युवा परिचालन गर्न सम्बन्धित क्षेत्रगत निकायहरू, गैरसरकारी संस्थाहरूसँगको

सहकार्य तथा समन्वयमा स्वयंसेवा, समाजसेवालगायत विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ । (२)

१०. सबै तहका विकास निर्माण क्रियाकलापको योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन कार्यमा युवाको सहभागिता सुनिश्चित गरिनेछ । (२)

११. सामाजिक तथा आर्थिक रूपान्तरण, प्रकोप व्यवस्थापन र वातावरणीय समस्या न्यूनीकरण गर्नका लागि अन्य निकायसँगको समन्वयमा युवालाई स्वयंसेवा कार्यमा लाग्न अभिप्रेरित गर्नुका साथै स्काउट सेवा विस्तार गरिनेछ । (३)

१२. युवामा नैतिकता, चारित्रिक गुण एवम् अनुशासनको विकास गरी राज्य र समाजप्रति दायित्वबोध गराउने तथा श्रमप्रति सम्मान गर्ने संस्कार विकास गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ । (४)

१३. खेलकुद एव योगाभ्यासमा युवाहरूलाई अभिप्रेरित गर्न पूर्वाधार विकासका साथै विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ । (४)

## ३.६ प्रमुख कार्यक्रमहरू

### क. क्षमता विकाससम्बन्धी कार्यक्रम

१. स्वदेश तथा विदेशमा युवा भ्रमण तथा अनुभव आदानप्रदान कार्यक्रम ।

२. कृषि, पशुपालन, उद्योगलगायत क्षेत्रमा स्वरोजगारमूलक तालिम, सीप तथा नेतृत्व विकाससम्बन्धी तालिम ।

### ख. रोजगारमूलक तथा अन्य कार्यक्रम

१. नेपाल सरकार र निजी क्षेत्रसँगको साझेदारीमा सातवटै प्रदेशमा राष्ट्रिय स्वरोजगार कार्यक्रम ।

२. प्रत्येक निर्वाचन क्षेत्रमा ग्रामीण युवा उद्यम कार्यक्रमअन्तर्गत '१० युवा एक उद्यम' कार्यक्रम ।

३. युवा विप्रेषण लगानी तथा सामाजिक सुरक्षा कोष स्थापना ।

४. युवा सञ्चार कार्यक्रम सञ्चालन र युवा सूचना केन्द्रको स्तरोन्नति ।

### ग. युवा सम्मान कार्यक्रम

१. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रको गौरव बढाउन योगदान पुऱ्याउने युवा र युवाको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने संस्थालाई सम्मान र पुरस्कार प्रदान ।

### घ. प्रधानमन्त्रीको संयोजकत्वमा स्वयंसेवक परिचालन

१. प्रकोप व्यवस्थापन ।

२. साक्षरता अभियान, खेलकुद तथा योग ।

३. स्वास्थ्य सचेतना, रक्तदान, सरसफाइ, वृक्षरोपण तथा वातावरण संरक्षण कार्यक्रम ।

### ४. अपेक्षित उपलब्धि

युवाहरूमा सकारात्मक सोचको विकास भई स्वयंसेवामा संलग्न भएका हुनेछन् । युवाको क्षमता अभिवृद्धि भई स्वरोजगार र उद्यमशील भएको, युवा प्रतिभाहरू सम्मानित भएको र स्वयंसेवा गर्न इच्छुक १० लाख युवाहरू राष्ट्रिय स्वयंसेवा अभियानमा संलग्न भएका हुनेछन् ।

## ४.५.२ खेलकुद विकास

### १. पृष्ठभूमि

स्वस्थ तथा अनुशासित नागरिक र समाजको सृजना गर्न खेलकुदलाई प्रमुख आधारको रूपमा लिइन्छ । राष्ट्रको प्रतिष्ठा वृद्धि गर्ने र विभिन्न सम्प्रदाय, भाषा तथा संस्कृति एवम् समुदायबीच एकता कायम गरी राष्ट्रिय विकासको अभियानमा एकजुट बनाउन खेलकुदको योगदान महत्त्वपूर्ण रहेको हुन्छ । नेपालको खेलकुद क्षेत्रलाई विश्वव्यापी मूल्य र मान्यताअनुसार साङ्गठनिक ढाँचामा समयसापेक्ष सुधार गर्ने तथा सरकारी, गैरसरकारी एवम् निजी क्षेत्रबीच समन्वय, सहकार्य एवम् साझेदारीको वातावरण सिर्जना गरी खेलकुदको विकास र विस्तार गर्दै यसलाई जनजीवनको अभिन्न अङ्ग बनाउने प्रयास गरिएको छ । खेलकुदको माध्यमबाट शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक र नैतिकवान् मानव संशाधनको विकास गरी अनुशासित र मर्यादित समाज निर्माण गर्दै खेलकुदलाई रोजगारमूलक व्यवसायको रूपमा समेत स्थापित गर्न स्थानीय तहदेखि नै कार्यक्रम सञ्चालन गरी 'सबैको लागि खेलकुद' भन्ने अभियानलाई साकार पार्न खेलकुदसँग सम्बन्धित पूर्वाधार निर्माण, प्रशिक्षण, प्रतियोगिता र प्रोत्साहनका कार्यक्रमहरू कार्यान्वयन गर्न आवश्यक छ ।

### २. चुनौती तथा अवसर

**चुनौती**

राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका खेलकुद गतिविधिहरू सञ्चालन गर्न भौतिक पूर्वाधारहरूको व्यवस्था गर्नु, खेलकुद सम्बद्ध निकायहरूबीच आपसी सहयोग, समन्वय र सहकार्य बढाउनु, खेलकुद गतिविधिमा निजी क्षेत्रलाई परिचालन गर्नु, खेलाडी तथा प्रशिक्षकहरूका लागि समयसापेक्ष अन्तर्राष्ट्रिय स्तरको प्रशिक्षण तथा अभ्यासको व्यवस्था र स्काउट कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन एवम् विस्तार गर्नु खेलकुद तथा स्काउट क्षेत्रका मुख्य चुनौतीहरू हुन् ।

**अवसर**

शारीरिक व्यायाम तथा खेलकुद गतिविधिहरूको महत्त्वप्रति रुचि र जागरूकता बढ्दै जानु, खेलकुद पूर्वाधारको निर्माण, स्तरोन्नति तथा विकास, खेल प्रशिक्षण, खेलकुद प्रतियोगिताहरू र खेलाडी प्रोत्साहनका कार्यक्रम सञ्चालन हुनु, खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवम् अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्ने संवैधानिक प्रतिबद्धता आदिलाई यस क्षेत्रको अवसरको रूपमा लिइएको छ ।

### ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

#### ३.१ सोच

खेलकुदका माध्यमबाट राष्ट्रिय एकताको सुदृढीकरण एवम् अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि ।

#### ३.२ लक्ष्य

खेलकुद क्षेत्रको विकास गरी स्वस्थ, अनुशासित, सृजनात्मक र क्रियाशील नागरिक निर्माण गर्ने ।

#### ३.३ उद्देश्य

१. खेल पूर्वाधारको विकास तथा विस्तार गर्नु ।

२. खेलाडी तथा खेलकुद प्रतियोगितालाई गुणात्मक बनाउनु ।

३. स्काउटको सुदृढीकरण तथा विस्तार गर्नु ।

#### ३.४ रणनीति

१. निजी क्षेत्रको संलग्नतासमेत बढाई खेलकुदको विकासका लागि भौतिक पूर्वाधार निर्माण, विकास र विस्तार गर्ने ।

२. समयसापेक्ष अन्तर्राष्ट्रिय स्तरको प्रशिक्षण प्रदान गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताको आयोजना तथा यस्ता प्रतियोगितामा हुने सहभागितामा गुणात्मक वृद्धि गर्ने ।

३. स्काउटिङका क्रियाकलापहरूलाई प्रभावकारी रूपमा विस्तार तथा सुदृढीकरण गर्ने ।

#### ३.५ कार्यनीति

१. खेलकुदका स्थानीय तथा राष्ट्रिय स्तरका भौतिक संरचना तथा पूर्वाधारहरूलाई अन्तर्राष्ट्रिय स्तरको मापदण्डबमोजिम सुधार गरिनेछ । (१)

२. विद्यालय र विश्वविद्यालयहरूमा खेलकुदको पूर्वाधार निर्माण कार्यलाई प्रोत्साहन गरिनेछ । (१)

३. अन्तर्राष्ट्रिय एवम् राष्ट्रिय स्तरको रङ्गशाला सार्वजनिक-निजी साझेदारीमार्फत निर्माण गरिनेछ । (१)

४. सङ्घीय, प्रादेशिक तथा स्थानीय स्तरमा सम्भाव्यताका आधारमा खेल प्रतिष्ठान र प्रशिक्षण केन्द्रको स्थापना गरिनेछ । (१)

५. प्रतिभाशाली खेलाडीहरूको खोजी गरी तिनीहरूको लागि नियमित रूपमा स्वदेशी तथा वैदेशिक प्रशिक्षणको व्यवस्था गरिनेछ । (२)

६. राष्ट्रको आर्थिक र सामाजिक विकासमा सहयोग पुऱ्याउने किसिमका विभिन्न परम्परागत, साहसिक, पर्यटकीय र मनोरञ्जनात्मक खेलकुद प्रतियोगिताहरू आयोजना गरिनेछ । (२)

७. विशेष तथा पारा खेलकुदहरूको विकास र विस्तारमा जोड दिइनुका साथै अपाङ्गता भएका व्यक्तिहरूसँग सम्बन्धित खेलकुद प्रतियोगिताको सञ्चालन तथा उनीहरूको सहभागिताका लागि प्रोत्साहन गरिनेछ । (२)

८. खेल क्षेत्रको विकास र विस्तारमा योगदान पुऱ्याउने तथा उत्कृष्ट खेल कौशल प्रदर्शन गर्ने व्यक्तिलाई प्रोत्साहन गरिनुका साथै खेलकर्मीहरूको सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन गरिनेछ । (२)

९. खेलकुदको विकास र विस्तारका लागि सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका संस्थाहरूसँग एकीकृत रूपमा, समन्वय र सहकार्य गर्दै खेलकुदको संस्थागत संरचनामा समयसापेक्ष सुधार गरिनेछ । (२)

१०. सबै जिल्लाका विद्यालयहरूमा स्काउटको कार्यक्रम सञ्चालन गरिनेछ । (३)

११. स्वयंसेवा र समाजसेवाका कार्यमा स्काउटरहरूलाई परिचालन गरिनेछ । (३)

### ३.६ प्रमुख कार्यक्रमहरू

**क. खेलकुद तथा स्काउटका पूर्वाधार विकास तथा पुनर्निर्माण**

१. सबै प्रदेशमा कम्तीमा एउटा सुविधा सम्पन्न रङ्गशाला, कभर्डहल, खेलग्राम, क्रिकेट मैदान निर्माण ।

२. प्रत्येक निर्वाचन क्षेत्रमा कम्तीमा एउटा खेल मैदान निर्माण ।

३. भूकम्पले क्षतिग्रस्त भएका खेलकुदका पूर्वाधारहरूको पुनर्निर्माण ।

४. स्काउट भवनहरूको निर्माण तथा मर्मतसम्भार ।

**ख. खेलकुदसम्बन्धी कार्यक्रम**

१. राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता, पारा र स्पेसल खेलकुद, दक्षिण एसियाली खेलकुद, सातौं राष्ट्रिय खेलकुद, अन्तर्राष्ट्रिय प्रतियोगिताको आयोजना तथा एसियाली र अन्य अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता ।

२. निजी क्षेत्रका संस्था तथा विद्यालयसँगको सहकार्यमा खेलकुद प्रतियोगिता सञ्चालन ।

३. सामुदायिक विद्यालयका खेलकुद शिक्षकहरू तथा विभिन्न खेलका खेलाडी तथा इच्छुक व्यक्तिलाई प्रशिक्षण र विभिन्न खेलका प्रशिक्षकहरूलाई अन्तर्राष्ट्रिय स्तरको प्रशिक्षण ।

४. खेलकुदमा प्रतिबन्धित औषधी सेवन विरुद्ध खेलाडी, प्रशिक्षक, शिक्षक तथा विद्यार्थीहरूको लागि सचेतना कार्यक्रम ।

५. खेलाडीहरूलाई पुरस्कार तथा सम्मान कार्यक्रम ।

## ४. अपेक्षित उपलब्धि

सबै प्रदेशमा कम्तीमा एउटा रङ्गशालाको निर्माण तथा स्तरोन्नति भएको, ११ ओटा क्रिकेट मैदान र ३८ ओटा जिल्लास्तरीय कभर्डहल निर्माण भएको, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताहरूको सञ्चालन तथा सोमा सहभागिता वृद्धि भएको, प्रशिक्षण प्राप्त गर्ने खेलाडीहरूको

सङ्ख्या वार्षिक १५,००० पुगेको, अन्तर्राष्ट्रिय खेलकुदमा विजयी खेलाडीहरू पुरस्कृत भएको, स्काउटरको सङ्ख्या ३०,००० ले वृद्धि भएको र ६०,००० स्काउट स्वयंसेवक परिचालन भएको हुनेछ ।

## ४.५.३ स्वयंसेवक सेवा

### १. पृष्ठभूमि

स्वयंसेवक सेवा एउटा व्यावसायिक एवम् सङ्गठित क्षेत्रको रूपमा विकास हुँदै आएको र देश विकासको राष्ट्रिय लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउनेतर्फ मुखरित हुँदै गएको देखिन्छ । वर्तमान अवस्थामा स्वयंसेवी क्रियाकलापहरू सञ्चालन गर्न सरकारी निकायहरू, गैरसरकारी सङ्घसंस्था, नागरिक समाज तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरू क्रियाशील रहेका छन् । यस्ता निकाय एवम् सङ्घसंस्थाहरूले स्वयंसेवी क्रियाकलापको सञ्चालन र स्वयंसेवक परिचालन गर्नेजस्ता कार्यहरूबाट स्वास्थ्य, शिक्षा, विपद् व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आकस्मिक कार्यमा सहयोग, जनचेतना अभिवृद्धि, निःसहायहरूको उत्थान/हेरचाह र स्वयंसेवी भावनाको प्रवर्द्धनजस्ता कार्यहरूमा योगदान पुऱ्याइरहेका छन् ।

राष्ट्रिय विकास स्वयंसेवक सेवाबाट स्वयंसेवाको प्रवर्द्धन र परिचालन गर्ने क्रममा २०५६ सालदेखि हालसम्म विभिन्न विषयक्षेत्रको योग्यता हासिल गरेका ११ हजारभन्दा बढीले स्वयंसेवक भई योगदान पुऱ्याएका छन् । सो अवधिमा सामाजिक परिचालन, आयआर्जन प्रवर्द्धन, स-साना पूर्वाधार निर्माण, जनचेतना अभिवृद्धि, साक्षरता अभिवृद्धि, स्थानीय प्रविधि प्रवर्द्धन, शिक्षा, स्वास्थ्य, कृषि तथा पशुपालन, सार्वजनिक सेवा प्रवाहजस्ता क्षेत्रहरूमा स्वयम्सेवकहरू परिचालन भएका छन् । उनीहरू स्वास्थ्य सेवा, कृषि विकास सेवा, पशु सेवा र इन्जिनियरिङ क्षेत्रबाट छनोट गरिएको र यिनीहरू मुलुकका विभिन्न सार्वजनिक सेवा केन्द्रहरूमा कार्यरत रहेका छन् । साथै, स्वयंसेवी प्रकृतिका राष्ट्रिय/अन्तर्राष्ट्रिय सङ्घ-संस्थाहरूबीचको भाइचारामा अभिवृद्धि, स्वयंसेवी भावनाको प्रवर्द्धन एवम् स्वयंसेवी निकाय र सङ्घ/संस्थाहरूबीचको सञ्जालीकरणमा अभिवृद्धि भएको छ ।

### २. चुनौती तथा अवसर

**चुनौती**

स्वयंसेवाको महत्त्वलाई समाज र स्थानीय स्तरमा स्थापना गरी यसलाई अभियानकै रूपमा अगाडि बढाउने र स्वयंसेवकहरूको माग-आपूर्ति व्यवस्थापन यस क्षेत्रका चुनौतीका रूपमा रहेका छन् ।

**अवसर**

स्वयंसेवकहरूले सार्वजनिक सेवा प्रवाहमा महत्त्वपूर्ण योगदान पुऱ्याएका र अझै दुर्गम क्षेत्रका सार्वजनिक सेवा केन्द्रहरूमा आवश्यक जनशक्तिको कमी पूरा गर्ने, नागरिकको गुणस्तरीय, छिटो/छरितो एवम् पर्याप्त सेवाप्राप्तिको आकाङ्क्षा बढिरहेको, २०७२ साल वैशाख १२ पछिको भूकम्पीय विपद्, बाढी, पहिरो, महामारीजस्ता प्राकृतिक प्रकोपका अवस्थाहरूमा स्वयंसेवी क्रियाकलापको आवश्यकता, भूमिका एवम् योगदान मनन गरिएकोले स्वयंसेवाको सान्दर्भिकता अझ पुष्टि भएको र स्वयंसेवी क्रियाकलापहरूलाई अगाडि बढाउने अवसर रहेको छ । स्वयंसेवाको दायरालाई राष्ट्रिय एवम् सामाजिक जीवनका अन्य पक्ष/आयामहरूमा विस्तार गरी समुदायस्तरबाटै स्वयंसेवी क्रियाकलापलाई अगाडि बढाउने अवसर पनि रहेको छ ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

स्वयंसेवक सेवाबाट सभ्य, सहयोगी र अन्तनिर्भर समाज निर्माण ।

### ३.२ लक्ष्य

स्वयंसेवी भावनाको प्रवर्द्धन र स्वयंसेवकका रूपमा सेवा गर्न चाहने व्यक्ति तथा संस्थाहरूलाई परिचालन गरी विकासको राष्ट्रिय अभियानमा सहयोग पुऱ्याउने ।

### ३.३ उद्देश्य

विकासको लागि तत्काल आवश्यक पर्ने जनशक्ति आपूर्ति गर्नुका साथै सबै क्षेत्रमा स्वयंसेवी भावनाको विकास गर्नु ।

### ३.४ रणनीति

१. विकास कार्य तथा सार्वजनिक सेवाप्रवाह कमी भएको क्षेत्रमा सहजीकरण गर्न युवाहरूलगायत विभिन्न विषय र क्षेत्रका व्यक्तिहरूलाई स्वयंसेवकको रूपमा परिचालन गर्ने ।

२. विपद्को अवस्था तथा अन्य आकस्मिक कार्यमा स्वयंसेवामार्फत सहयोग पुऱ्याउने ।

३. स्वयंसेवाको क्षेत्रमा गरिएका राष्ट्रिय/अन्तर्राष्ट्रिय अभ्यासहरूको आधारमा स्वयंसेवासम्बन्धी जागरण एवम् प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने ।

### ३.५ कार्यनीति

१. स्थानीय मागका आधारमा विकास निर्माण, सेवाप्रवाह तथा विषयगत प्रविधिको क्षेत्रमा स्वयंसेवी जनशक्तिहरूको परिचालन हुन सक्ने क्षेत्रहरूको पहिचान र कार्यान्वयन गरिनेछ । (१)

२. सरकारी सेवामा रही विभिन्न क्षेत्रको लामो अनुभव हासिल गरेका अवकाशप्राप्त राष्ट्रसेवकहरूलाई साथै युवाहरूलाई स्वयंसेवामा क्रियाशील तुल्याइनेछ । (१)

३. स्वयंसेवकको सेवा क्षेत्रलाई फराकिलो र व्यावहारिक बनाउन नीतिगत खाका तयार गरी विकासका आयामहरूमा योगदान पुऱ्याउन सक्ने व्यक्तिहरूलाई स्वयंसेवकको रूपमा परिचालन गरिनेछ । (१)

४. विपद्को अवस्था तथा अन्य आकस्मिक कार्यमा आवश्यक पर्ने स्वयंसेवकहरू परिचालन गरिनेछ । (२)

५. विभिन्न शैक्षिक, प्राविधिक तथा प्राज्ञिक संस्थाहरूमा अध्ययनरत युवाहरूलाई अध्ययनकै अङ्गको रूपमा स्वयंसेवामा संलग्न गराइनेछ । (२)

६. स्वयंसेवालाई सामाजिक संस्कृतिको रूपमा विकास गर्न विद्यालय तहको पाठ्यक्रममा समावेश गरिनेछ । (३)

७. स्वयंसेवक परिचालन गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग सञ्जाल विस्तार गरी स्वयंसेवा प्रवर्द्धन कार्यलाई विस्तार गरिनेछ। (३)

८. राष्ट्रिय विकास स्वयंसेवक सेवालाई स्वयंसेवक परिचालन गर्ने सङ्घ/संस्थाहरूको समन्वय निकाय तथा स्रोतकेन्द्रको रूपमा विकास गरिनेछ। (३)

### ३.६ प्रमुख कार्यक्रमहरू

१. स्वयंसेवासम्बन्धी राष्ट्रिय नीति तर्जुमा।

२. स्वयंसेवक परिचालनसम्बन्धी फ्रेमवर्क तर्जुमा गरी परिचालनमा विविधीकरण।

३. राष्ट्रिय र अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूसँगको सहकार्यमा स्वयंसेवक परिचालन र स्वयंसेवाको प्रवर्द्धन कार्यक्रम।

४. स्वयंसेवासम्बन्धी पैरबी कार्यक्रम।

५. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्वयंसेवी सङ्घसंस्थाहरूबीच समन्वय र सञ्जालीकरण।

६. स्वयंसेवासम्बन्धी असल अभ्यासको पहिचान तथा अवलम्बन।

७. स्वयंसेवकहरूको क्षमता अभिवृद्धि।

## ४. अपेक्षित उपलब्धि

परिचालन गरिने स्वयंसेवकको कार्यक्षेत्र र सङ्ख्यामा वृद्धि भएको हुनेछ। स्वयंसेवक परिचालनको दायरा विस्तार हुन गई स्थानीय स्तरसम्म पुगेको हुनेछ। त्यसैगरी थप नागरिकहरूमा सार्वजनिक सेवामा पहुँच वृद्धिमा सहयोग पुगेको र स्वयंसेवी क्रियाकलापहरूको माध्यमबाट सभ्य समाज प्रवर्द्धन भएको हुनेछ।

परिच्छेद : ५

# पूर्वाधार क्षेत्र विकास नीतिहरू

## ५.१ ऊर्जा

### ५.१.१ जलविद्युत्

### १. पृष्ठभूमि

नेपालको लागि जलविद्युत् नै ऊर्जाको महत्त्वपूर्ण एवम् भरपर्दो स्रोत हो । नेपालको संविधानले जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुउपयोगी विकास गर्ने नीतिगत व्यवस्था गरेको छ । ऊर्जा मुलुकको विकासको मेरूदण्ड भएकोले नेपालका पछिल्ला आवधिक योजनाहरूमा ऊर्जा क्षेत्रले उच्च प्राथमिकता पाउँदै आएको छ । सरकारी, निजी र सामुदायिक लगानीका साथसाथै विदेशी लगानीमार्फत जलविद्युत् क्षेत्रको विकास तथा प्रवर्द्धन गर्ने प्रयास भइरहेको छ । समसामयिक ऐन, नियम, नीतिहरूको निर्माण तथा तिनको प्रभावकारी कार्यान्वयनका लागि संस्थागत व्यवस्थाका बाबजुद सम्भावित क्षमताको न्यून मात्रामा मात्र उत्पादन सम्भव हुनसकेको छ । कुल जलविद्युत् जडान क्षमता ८५१ मेगावाट पुगेको छ भने विद्युत्मा जनसङ्ख्याको पहुँच ७४ प्रतिशत छ । विद्युत् प्रसारण लाइनको ६६ के.भी. वा सोभन्दा माथिको कुल लम्बाइ २,९७० किलोमिटर पुगेको छ । २,८९२ गा.वि.स.मा विद्युतीय पूर्वाधार पुगेको छ । अतः ऊर्जामा आत्मनिर्भर हुन जलविद्युत्का साना, मझौला तथा ठूला आयोजनाहरूलाई प्राथमिकताका आधारमा कार्यान्वयनमा लैजान आवश्यक छ ।

### २. चुनौती तथा अवसर

**चुनौती**

मुलुकको आधुनिकीकरण र औद्योगिकीकरणसँगै तीव्र वृद्धि हुन थालेको जलविद्युत्को माग पूरा गर्नु, आयोजनाहरू निर्धारित समय र लागतमा सम्पन्न गर्नु, आयोजना सञ्चालनका लागि विभिन्न सरोकारवाला निकायहरूबीच समन्वय गर्नु, नियामक तथा वितरण निकायको वितरण प्रणाली विस्तार र सुदृढीकरण गर्नु एवम् जलविद्युत् उत्पादनमा निजी क्षेत्रको योगदान सीमित रहनु जलविद्युत् विकासका प्रमुख चुनौतीहरू हुन् ।

**अवसर**

ऊर्जालाई आर्थिक विकासको मेरूदण्डका रूपमा अङ्गीकार गरी आर्थिक समृद्धिको माध्मका रूपमा पहिचान हुनु, ऊर्जा क्षेत्र प्राथमिकता प्राप्त क्षेत्रको रूपमा रहनु, लगानीका प्रशस्त अवसर देखिनु, वैदेशिक लगानीको लागि पर्याप्त सम्भावना रहनु, निजी क्षेत्र तथा स्थानीय जनताको सेयर लगानी बढ्दै गई जनताको स्वामित्व कायम हुनु जलविद्युत् क्षेत्रका अवसरका रूपमा लिन सकिन्छ ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

जलविद्युत्‌को तीव्र विकासमार्फत मुलुकका दिगो विकास र समृद्धि ।

### ३.२ लक्ष्य

ऊर्जा सुरक्षासहितको जलविद्युत् विकासबाट विद्युत्‌मा आत्मनिर्भरता हासिल गरी आर्थिक तथा सामाजिक समुन्नतिमा योगदान पुऱ्याउने ।

### ३.३ उद्देश्य

जलविद्युत् सेवाको विस्तार गरी सबै घरपरिवार र क्षेत्रको सहज पहुँच सुनिश्चित गर्नु ।

### ३.४ रणनीति

१. जलविद्युत्‌मा लगानी बढाई विद्युत् उत्पादनमा वृद्धि गर्ने ।

२. विद्युत्‌को प्रसारण व्यवस्थालाई थप सुदृढ तथा विस्तार गर्ने ।

३. वितरण प्रणालीलाई प्रभावकारी बनाई विद्युत्‌को पहुँच सर्वसुलभ बनाउने ।

४. विद्युत् उत्पादन सम्मिश्रण समेतको माध्यमबाट ऊर्जा सुरक्षाको प्रत्याभूति गर्ने ।

### ३.५ कार्यनीति

१. जलाशययुक्त जलविद्युत् उत्पादनलाई प्राथमिकतामा राखी कार्यक्रम/आयोजना सञ्चालन गरिनेछ । (१)

२. निर्माणाधीन अवस्थामा रहेका विद्युत् उत्पादन, प्रसारण तथा वितरण आयोजनाहरूलाई समयमा नै सम्पन्न गरिनेछ । (१)

३. मझौला तथा ठूला जलविद्युत् परियोजनाहरूमा समेत स्थानीय समुदायहरूलाई सेयर लगानी गर्ने अवसर उपलब्ध गराउने व्यवस्था अवलम्बन गरिनेछ । (१)

४. निजी लगानी बढाउन विद्युत् खरिददर पुनरावलोकनका साथै पिकिङ तथा जलाशययुक्त आयोजनाहरूका लागि समेत विद्युत् खरिददर निर्धारण गरिनेछ । (१)

५. निजी क्षेत्रलाई सहजीकरण गर्न र सरकारी सेवा छिटो छरितो रूपमा उपलब्ध गराउन आवश्यक संयन्त्र निर्माण गरिनेछ । (१)

६. अन्तरदेशीय प्रसारण लाइनहरूको अध्ययन र सर्वेक्षण गरी निर्माण कार्य प्राथमिकताका साथ सम्पन्न गरिनेछ । (२)

७. प्रसारण लाइन निर्माणमा निजी क्षेत्रलाई आकर्षित गर्न आवश्यक विधि तयार गरी कार्यान्वयन गरिनेछ । (२)

८. जलविद्युत्‌को उत्पादनलाई विद्युत् वितरणसँग जोड्न आन्तरिक प्रसारण लाइनको निर्माणलाई तीव्रता दिइनेछ । (२)

९. ग्रामीण विद्युतीकरणलाई विस्तार गरी आर्थिक क्रियाकलापसँग आबद्ध गरिनेछ । (३)

१०. विद्युत् चुहावट नियन्त्रण गर्न आवश्यक कानुन परिमार्जन एवम् प्राविधिक तथा प्रशासनिक उपायहरू अवलम्बन गरिनेछ । (३)

११. सघन सहरी क्षेत्रमा भूमिगत वितरण लाइनको निर्माण कार्य अगाडि बढाइनेछ । (३)

१२. जलविद्युत् आयोजना विकास गर्दा अनिवार्य रूपमा जलवायु परिवर्तनबाट पर्ने असरलाई ध्यान दिइनेछ । (४)

१३. स्मार्ट मिटर तथा स्मार्ट ग्रिडको अवधारणालाई क्रमिक रूपमा लागु गर्दै लगिनेछ । (४)

१४. विद्युत् उत्पादन कम्पनी, विद्युत् प्रसारण कम्पनी, विद्युत् वितरण कम्पनी तथा विद्युत् व्यापार कम्पनीको स्थापना गरी कार्य अगाडि बढाइनेछ । (४)

१५. विद्युतीय ऊर्जा उपयोगको अडिट, विद्युतीय उपयोगसम्बन्धी जनचेतना, ऊर्जा दक्षताको मापदण्ड निर्धारणजस्ता कार्य गरी उपयोग प्रणालीमा ऊर्जा दक्षता प्रवर्द्धन गरिनेछ । (४)

१६. विश्वविद्यालयहरू समेतको संलग्नतामा अध्ययन तथा अनुसन्धान कार्य गरिनेछ । (४)

## ३.६ प्रमुख कार्यक्रमहरू

### क. जलाशययुक्त तथा ठूला जलविद्युत् आयोजनाहरूको निर्माण तथा विकास

१. दोलखा जिल्लामा निर्माणाधीन ४५६ मेगावाट क्षमताको राष्ट्रिय गौरवको माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको निर्माण सम्पन्न ।

२. १४० मेगावाट क्षमताको तनहुँ सेती जलाशययुक्त जलविद्युत् आयोजनाको निर्माणपूर्वका कार्यहरू सम्पन्न गरी मुख्य संरचनाहरूको निर्माण प्रारम्भ ।

३. १२०० मेगावाट क्षमताको राष्ट्रिय गौरवको बुढीगण्डकी जलाशययुक्त जलविद्युत् आयोजना, ७५० मेगावाट क्षमताको राष्ट्रिय गौरवको पश्चिम सेती जलविद्युत् आयोजना र ४१० मेगावाट क्षमताको नलसिङगाड जलाशययुक्त जलविद्युत् आयोजनाको विकास निर्माण ।

### ख. जलविद्युत् आयोजनाहरूको अध्ययन

१. जलाशययुक्त आयोजनाहरूको गुरु योजना विकास ।

२. ठूला जलाशययुक्त आयोजनाहरू सुनकोशी-२ (११०० मे.वा.), सुनकोशी-३ (५३० मे.वा.), आँधी खोला (१८० मे.वा.), उत्तर गङ्गा (३०० मे.वा.), दूधकोशी (३०० मे.वा.), कालीगण्डकी-२ (६६० मे.वा.) र नौमुरे (२४० मे.वा.) को विस्तृत सम्भाव्यता तथा वातावरणीय अध्ययन कार्य सम्पन्न गर्नुको साथै निर्माणको मोडालिटी तयार गरी क्रमशः कार्यान्वयन ।

३. माथिल्लो अरुण (३३५ मे.वा.), भेरी-१ (४४० मे.वा.), अरुण-४ (३०० मे.वा.), भेरी-२ ( २४३ मे.वा.), फूलकोट कर्णाली (२१० मे.वा.), चैनपुर सेती (२१० मे.वा.), सानीभेरी (१५० मे.वा.), माथिल्लो भेरी (८५ मे.वा.), सिम्बुवा खोला (५३ मे.वा.), दूधकोशी-४ (४९ मे.वा),

बेनी–काली गण्डकी (५० मे.वा.), सङ्खुवाखोला-१ (३० मे.वा.), इखुवा र काबेली जलविद्युत् आयोजनाको सम्भाव्यता तथा वातावरणीय अध्ययन सम्पन्न ।

**ग. क्रमागत आयोजनाहरूको निर्माण**

१. निर्माणाधीन कुलेखानी तेस्रो (१४ मे.वा.) र चमेलिया (३० मे.वा.) सम्पन्न गर्ने तथा ६० मेगावाट क्षमताको त्रिशुली तेस्रो "ए" जलविद्युत् आयोजना र राहुघाट (३२ मे.वा.) जलविद्युत् आयोजनाहरूको अधिकांश निर्माण कार्य सम्पन्न ।

२. माथिल्लो त्रिशुली-३ बी (४० मे.वा.), माथिल्लो मोदी (४२ मे.वा.) अछाम जिल्लास्थित बुढीगङ्गा (२० मे.वा.), तामाकोशी-५ (८७ मे.वा.) र रोल्पाको माडी जलविद्युत् आयोजना (१२ मे.वा.) को निर्माण कार्य प्रारम्भ ।

३. निजी क्षेत्रबाट प्रवर्द्धित निर्माणाधीन जलविद्युत् आयोजनाहरूको अनुगमन तथा आवश्यक निर्णय प्रक्रियामा तदारुकता अपनाई निर्धारित समयमै निर्माण सम्पन्न ।

**घ. प्रसारण लाइन आयोजनाहरू**

१. स्रोतको अधिकतम सदुपयोग गर्दै विद्युत् प्रसारण लाइनको व्यावहारिक गुरुयोजना तयार र कार्यान्वयन ।

२. नेपाल र भारतबीच विद्युत् व्यापार प्रयोजनको लागि नेपाल विद्युत् प्राधिकरण र निजी क्षेत्रको संयुक्त लगानीमा नेपाल भारतबीच ढल्केबर - बथनाहा - मुजफरपुर ४०० के.भी. क्षमताको अन्तरदेशीय प्रसारण लाइन तथा सबस्टेसनको निर्माण यथाशिघ्र सम्पन्न ।

३. न्युबुटवल-सुनौली-गोरखपुर, दुहबी-जोगबनी-पूर्णिया, दोस्रो ढल्केबर-मुजफ्फरपुर, न्यु कोहलपुर-लखनउ, लम्की-बरेली, पहलमानपुर-बरेली, चिलिमेहब-केरुङजस्ता अन्तरदेशीय प्रसारणलाईनहरूको निर्माण र डी.सी. लाइनको सम्भाव्यता अध्ययन ।

४. विद्युत् आयोजनाहरूबाट उत्पादित विद्युत् शक्ति प्रसारण गर्न कालीगण्डकी, मर्स्याङ्दी, कोशी, सोलु, काबेली, भेरी र कर्णाली कोरिडोरहरू तथा इनरुवा-अनारमनी, अत्तरिया-महेन्द्रनगर, महेन्द्रनगर-बुटवल, बुटवल-हेटौडा-ढल्केबरलगायतका प्रसारण लाइनहरूको निर्माण ।

५. नदी बेसिनमा आधारित उच्च क्षमताका विद्युत् प्रसारण लाइनहरूको सम्भाव्यता अध्ययन ।

**ङ. अन्य कार्यक्रम**

१. जल तथा ऊर्जा विकासको दूरदृष्टिको तयारी, सङ्घीय स्वरुपमा विद्युत् वितरणसम्बन्धी अध्ययन, कुल सम्भाव्य जलविद्युत् क्षमता निर्धारणसम्बन्धी अध्ययन र विद्युत् उत्पादन आयोजनाहरूको छनौट, क्षेत्रगत मागको आधार एवम् प्रसारण र वितरणमा समन्वय ।

२. वर्तमान ऊर्जा सङ्कट न्यूनीकरण गर्न अन्य वैकल्पिक ऊर्जास्रोतको सम्भाव्यता अध्ययन एवम् उत्पादन ।

३. जलविद्युत् आयोजनाहरूको अनुमतिपत्र प्रदान गर्ने प्रक्रियालाई सरलीकरण एवम् प्रवर्द्धकहरूको नियमन तथा कारबाही गर्नुका अतिरिक्त त्यस्ता आयोजनाहरू नेपाल सरकार वा प्रतिस्पर्धाको माध्यमबाट वा उपयुक्त प्रवर्द्धकमार्फत विकास ।
४. विद्युत् चुहावट न्यूनीकरण र नियन्त्रणका लागि आवश्यक प्राविधिक एवम् व्यवस्थापकीय कार्ययोजनाको कार्यान्वयन ।

## ४. अपेक्षित उपलब्धि

जलविद्युत् जडित क्षमता २,३०१ मेगावाट पुगेको, २,५५२ मे.वा. क्षमताका विद्युत् आयोजनाहरू निर्माण प्रक्रियामा भएको, ६६ के.भी. वा माथिको ७८५ कि.मि.नयाँ प्रसारण लाइन निर्माण भएको, विद्युत् चुहावट २४ प्रतिशतमा सीमित भएको, राष्ट्रिय विद्युत् प्रणालीबाट विद्युत् सेवा प्राप्त गर्ने जनसङ्ख्या अनुपात ७० प्रतिशत पुगेको, थप १०८ गाउँ विकास समितिमा विद्युत् सेवाको पहुँच पुगेको, थप ७७१ कि.मि. ३३ के.भी. प्रसारण लाइन र थप १,५५० कि.मि. ११ के.भी. प्रसारण लाइन विस्तार गरिएको, राष्ट्रिय प्रसारण लाइनबाट थप ४ लाख ५० हजार घरधुरीमा विद्युत् सेवा पुगेको र प्रतिव्यक्ति विद्युत् खपत १६० कि.वा. घण्टा पुगेको हुनेछ ।

# ५.१.२ नवीकरणीय ऊर्जा

## १. पृष्ठभूमि

दिगो विकासका लक्ष्य, सबैका लागि दिगो ऊर्जाको अवधारणा, जलवायु परिवर्तनका असर न्यूनीकरण, लैङ्गिक समानता लगायतका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू कार्यान्वयन गर्न र हरित अर्थतन्त्रलाई प्रवर्द्धन गर्दै ऊर्जा सुरक्षाको सुनिश्चितता, ऊर्जाको पहुँच र वातावरणीय सन्तुलन स्थापित गर्न नवीकरणीय क्षेत्रको तीव्र विकास हुनु आवश्यक छ । नेपालको संविधानले नवीकरणीय ऊर्जाको विकास गरी आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति गर्ने नीति अङ्गीकार गरेको छ । राष्ट्रिय विद्युत् प्रसारण लाइन पुऱ्याउन कठिन भएका र छरिएर रहेका ग्रामीण बस्तीहरूमा सेवा पुऱ्याउन, सहरी क्षेत्रमा बढ्दो ऊर्जा सङ्कटलाई न्यूनीकरण गर्न सहयोग पुऱ्याउन र परम्परागत एवम् आयातित ऊर्जामाथिको निर्भरतालाई कम गर्न विभिन्न किसिमका नवीकरणीय ऊर्जाको विकास र प्रवर्द्धन गरी यस क्षेत्रलाई विकासको मूल प्रवाहमा ल्याउनु जरुरी छ । हालसम्म यसअन्तर्गत बायोग्यास प्लान्टको जडान सङ्ख्या ३ लाख ६४ हजार, सौर्य ऊर्जा प्रणाली विद्युत् जडान सङ्ख्या ६ लाख ८५ हजार र लघु तथा साना जलविद्युत्बाट उत्पादित क्षमता ३४ मेगावाट पुगेको छ भने नवीकरणीय ऊर्जा बाट समग्र लाभान्वित जनसङ्ख्या १८ प्रतिशत पुगेको छ ।

## २. चुनौती तथा अवसर

### चुनौती

नवीकरणीय ऊर्जाको माग र आपूर्तिबीच सन्तुलन कायम राख्नु, लक्षित समूहलाई ऊर्जाको पहुँचमा वृद्धि गर्नु, जनताको कमजोर आर्थिक स्थितिका कारण अत्यधिक अनुदान माग हुनु, कार्यक्रमको दिगोपना, प्रविधि हस्तान्तरण, राष्ट्रिय प्रसारण लाइन पुगेपछि नवीकरणीय ऊर्जाबाट उत्पादित विद्युतको

उचित सदुपयोग, उपभोक्तालाई सहज रूपमा कर्जाको व्यवस्था गर्नु तथा दिगो विकासको लागि दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्नु नवीकरणीय ऊर्जा क्षेत्रका चुनौतीहरू हुन् । नवीकरणीय ऊर्जाका लागि चाहिने अधिकांश उपकरणहरू आयात गर्नुपर्ने र महँगो हुनु थप चुनौती हुन् ।

**अवसर**

न्यून आय भएका जनसमुदायमा नवीकरणीय ऊर्जाको पहुँचमा वृद्धि हुनु तथा सहरी क्षेत्रमा पनि सौर्य ऊर्जाप्रतिको आकर्षण बढ्दै जानु, यस क्षेत्रमा विभिन्न विकास साझेदारहरूको सहभागिता बढ्दै जानु, नवीकरणीय ऊर्जा प्रविधिको प्रवर्द्धनमा वित्तीय संस्था तथा निजी क्षेत्रहरूको सहभागिता बढ्दै जानु, स्वच्छ ऊर्जा को विकास र प्रयोगमा विश्वव्यापी लहर आउनु, नवीकरणीय ऊर्जा प्रविधिहरूलाई स्वच्छ विकास संयन्त्रको रूपमा विकास गर्न सम्भाव्यता अध्ययन गरी सम्भाव्य प्रविधिहरूलाई क्रमशः कार्बन परियोजना तथा कार्यक्रमको रूपमा विकास गर्दै लैजान सकिने अवस्था रहनु लगायतका अवसरहरू विद्यमान छन् ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

नवीकरणीय ऊर्जाको प्रयोगबाट दिगो आर्थिक विकास ।

### ३.२ लक्ष्य

स्वच्छ र नवीकरणीय ऊर्जाको माध्यमबाट परम्परागत र पेट्रोलियम ऊर्जामाथिको निर्भरतालाई कम गर्ने ।

### ३.३ उद्देश्य

१. स्वच्छ र नवीकरणीय ऊर्जाको उत्पादन बढाई आधुनिक ऊर्जाको पहुँच बढाउनु ।

२. राष्ट्रिय विद्युत् प्रसारण लाइन नपुगेका तथा पुर्‍याउन लागत प्रभावकारी नभएका क्षेत्रहरूमा वैकल्पिक विद्युत् सेवाको पहुँच बढाई आर्थिक तथा सामाजिक विकासमा टेवा पुर्‍याउनु ।

### ३.४ रणनीतिहरू

१. नवीकरणीय ऊर्जाको विस्तार गरी ऊर्जा आपूर्ति प्रणालीको उल्लेख्य अंशको रूपमा यसलाई विकास गर्ने ।

२. पहुँच नपुगेका क्षेत्र, वर्ग र समूहसम्म नवीकरणीय ऊर्जा र यसको प्रविधिको पहुँच बढाउने ।

३. नवीकरणीय ऊर्जामा जनताको पहुँच बढाई जीवनस्तरमा सुधार र रोजगारीमा वृद्धि गर्ने ।

### ३.५ कार्यनीति

१. दाउराको प्रयोगलाई कम गर्दै लैजान बायोग्यास तथा सुधारिएको चुलो, ग्यासीफायर, बायोब्रिकेट जस्ता किफायती जैविक ऊर्जा प्रविधिहरूको प्रवर्द्धन एवम् विस्तार गरिनेछ । (१,३)

२. बैङ्क तथा वित्तीय संस्थाहरूलाई नवीकरणीय ऊर्जा क्षेत्रमा लगानी गर्ने वातावरण सिर्जना गरिनेछ । (१)

३. ऊर्जा सङ्कट न्यूनीकरण गर्न सहरी क्षेत्रका निजी तथा सार्वजनिक भवनहरूमा सौर्य ऊर्जाबाट विद्युत् आपूर्ति गरिनेछ । (१)

४. पेट्रोलियम पदार्थको आंशिक विकल्पका रूपमा देशभित्रै जैविक इन्धन (बायो-फ्युल) को उत्पादन गर्न आवश्यक नीति तर्जुमा गरिनेछ । (१)

५. सम्भाव्य ठाउँमा वायु तथा सौर्य ऊर्जाबाट विद्युत् उत्पादन तथा तराईमा सिँचाइका लागि पानी तान्न वायु तथा सौर्य पम्पको विकास र विस्तार गरिनेछ । (१,३)

६. लघु तथा साना जलविद्युत्, सौर्य ऊर्जा, जैविक ऊर्जा तथा वायु ऊर्जाजस्ता नवीकरणीय ऊर्जाको प्रवर्द्धन, विकास एवम् विस्तार गरिनेछ । (२,३)

७. विभिन्न क्षेत्रबाट उत्पादन हुने फोहोरको समुचित व्यवस्थापनबाट ऊर्जा उत्पादन गर्नका लागि आवश्यक प्रविधि र प्रणालीहरूको प्रवर्द्धन र विस्तार गरिनेछ । (२,३)

८. सौर्य प्यानल तथा अन्य नवीकरणीय ऊर्जाका उपकरण आयात गर्दा गुणस्तर मापन गर्ने पद्धतिलाई थप सुदृढ गरिनेछ । (२)

९. राष्ट्रिय विद्युत् प्रसारण लाइन पुगेका क्षेत्रहरूमा लघु तथा साना जलविद्युत्, सौर्य ऊर्जा लगायतका नवीकरणीय ऊर्जाबाट उत्पादित विद्युत्लाई राष्ट्रिय विद्युत् प्रसारण लाइनमा जोड्ने व्यवस्था गरिनेछ । (२,३)

१०. नवीकरणीय ऊर्जाको दिगो तथा समुचित विकासका लागि केन्द्रीय नवीकरणीय ऊर्जा कोषमार्फत मात्र अनुदान र कर्जा परिचालनको व्यवस्था गरिनेछ । (२)

११. गरिब तथा विपन्न वर्गसम्म नवीकरणीय ऊर्जा प्रविधिको सुलभ र सरल पहुँच पुऱ्याउन प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ । (२)

१२. प्रादेशिक एवम् स्थानीय निकायहरूको नवीकरणीय ऊर्जासम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, प्रवर्द्धन, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी क्रियाकलापहरूमा क्षमता अभिवृद्धि गरिनेछ । (२)

### ३.६ प्रमुख कार्यक्रमहरू

#### क. सौर्य ऊर्जा कार्यक्रम

१. राष्ट्रिय विद्युत् प्रणाली नपुगेका तथा लघु जलविद्युतको सम्भावना कम भएका ठाउँहरूमा सौर्य विद्युत् प्रणाली जडान ।

२. सहरी क्षेत्रमा बढदो विद्युत् सङ्कटलाई न्यूनीकरण गर्न सौर्य ऊर्जा प्रणालीमा जडान ।

३. दुर्गम पहाडी क्षेत्रमा खानेपानी तथा स-साना सिँचाइको लागि सौर्य विद्युत पम्प जडान ।

४. सामुदायिक संस्थाहरूमा संस्थागत सौर्य विद्युत् प्रणाली जडान, सौर्य ड्रायर र कुकर जडान गर्नुका साथै सौर्य मिनि ग्रिडमार्फत विद्युत् सेवा ।

५. निजी-सार्वजनिक साझेदारी अवधारणानुसार ब्याट्री प्रशोधन केन्द्रको स्थापना तथा सञ्चालन ।

**ख. लघु तथा साना जलविद्युत् कार्यक्रम**

१. लघु तथा साना जलविद्युत् आयोजनाहरूमार्फत विद्युत् उत्पादन ।

२. खाद्य पदार्थ कुटानी तथा पिसानीको लागि परम्परागत पानीघट्ट सुधार तथा नयाँ पानीघट्ट जडान ।

३. लघु तथा साना जलविद्युत् आयोजनाहरूलाई राष्ट्रिय प्रसारण ग्रिडमा समेत जोड्नेसम्बन्धी सम्भाव्यता अध्ययन ।

४. लघु जलविद्युत् आयोजनाहरूलाई एक-आपसमा जोडी राष्ट्रिय प्रसारण लाइनमा आबद्ध एवम् स्थानीय ग्रिडको रूपमा विकास गरी राष्ट्रिय प्रसारण लाइनमा जोड्ने ।

५. हाल लघु तथा साना जलविद्युत् आयोजनामार्फत विद्युतीकरण भएका नगरोन्मुख क्षेत्र र पहाडी जिल्ला सदरमुकाममा विद्युत् आपूर्तिको समस्या समाधान गर्न थप लघु तथा साना जलविद्युत् निर्माण ।

**ग. जैविक ऊर्जा कार्यक्रम**

१. बायोग्यास, सुधारिएको चुलो तथा बायोब्रिकेटको व्यापक प्रवर्द्धन तथा विस्तार गर्न घरायासी बायोग्यास प्लान्ट, ठूला बायोग्यास प्लान्ट र सामुदायिक एवम् संस्थागत बायोग्यास प्लान्ट निर्माण तथा सुधारिएको चुलो जडान ।

२. बायोब्रिकेटहरू उत्पादन तथा वितरण, जैविक इन्धन उत्पादनसम्बन्धी नीति तर्जुमा तथा कार्यान्वयन र सहरी क्षेत्रमा उत्पादन हुने फोहोर, खेर गएका कृषि तथा वनजन्य पदार्थहरू प्रयोग गरी विद्युत् उत्पादन एवम् यातायात क्षेत्रमा बायो इथानोल र बायो डिजेलको प्रयोग ।

**घ. वायु ऊर्जा कार्यक्रम**

१. वायु ऊर्जा स्रोतको नक्सा (एटलस) तयार, वायु तथ्याङ्क उपलब्ध भएका र वायु म्यापिङ तयार गरिएका जिल्लाहरूमा लघु तथा साना वायु टर्बाइन जडान गरी विद्युत् उत्पादन ।

२. सौर्य तथा वायु ऊर्जाको मिश्रित प्रविधिको सम्भाव्यता अध्ययनका आधारमा विद्युत् उत्पादन गरी निजी क्षेत्रको समेत सहभागितामा ग्रामीण विद्युतीकरण तथा तराईका सम्भाव्य जिल्लाहरूमा सिँचाइका लागि पानी तान्न वायुपम्पको विकास र विस्तार ।

**ङ. अध्ययन, अनुसन्धान तथा क्षमता सुदृढीकरण कार्यक्रम**

१. स्थानीय निकायमा स्थापना भएका जिल्ला वातावरण, ऊर्जा तथा जलवायु परिवर्तन शाखाहरूको क्षमता विकास ।

२. नवीकरणीय ऊर्जासम्बन्धी २० वर्षे योजना, राष्ट्रिय नवीकरणीय ऊर्जा नीति तथा ऐन तर्जुमा ।

३. वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको संस्थागत संरचनामा सुधार ।

४. नवीकरणीय ऊर्जासम्बन्धी सर्वेक्षण, सम्भाव्यता अध्ययन, अनुसन्धान तथा विकास, प्रवर्द्धन, प्रदर्शन तथा जनचेतना कार्यक्रम, उपकरण तथा सामानहरूको राष्ट्रिय स्तर गुणस्तर मापदण्ड निर्धारण, अनुगमन, नीति तथा योजना तर्जुमा, तालिम, सञ्चालन ।

५. प्रत्येक २ वर्षमा हरेक ऊर्जा कार्यक्रमको आर्थिक, सामाजिक तथा वातावरणीय प्रभाव मूल्याङ्कन ।

**छ. नवीकरणीय ऊर्जा पार्कसम्बन्धी कार्यक्रम**

१. नवीकरणीय ऊर्जा प्रविधिको विकास र प्रवर्द्धनलाई प्रभावकारी रूपमा अघि बढाउन तथा जनचेतना जगाउन नवीकरणीय ऊर्जाका प्रविधिहरू जडान गरी उपयुक्त ठाउँमा नवीकरणीय ऊर्जा पार्क स्थापना ।

### ४. अपेक्षित उपलब्धि

लघु तथा साना जलविद्युत्बाट ११ मेगावाट, साना तथा घरायसी सौर्य विद्युत् प्रणालीबाट १६ मेगावाट र  वायु ऊर्जाबाट १ मेगावाट विद्युत् उत्पादन भई थप करिब ९ प्रतिशत जनतालाई विद्युत् सेवा पुगेको हुनेछ । २,००,००० ओटा घरायसी बायोग्यास प्लान्ट र १०,६५,००० सुधारिएको चुलो जडान भएको हुनेछ । समग्र नवीकरणीय ऊर्जा प्रविधिसँग गाँसिएका व्यवसाय तथा उत्पादनमूलक प्रयोगबाट २,५०० नयाँ उद्यम सृजना तथा थप १८,००० रोजगारी सिर्जना भएको हुनुका साथै १५,५०० घरधुरीमा विभिन्न आयआर्जनका क्रियाकलापहरू पनि सञ्चालन भएको हुनेछ ।

## ५.२ यातायात पूर्वाधार

### ५.२.१ सडक

### १. पृष्ठभूमि

मुलुकको आर्थिक-सामाजिक विकासलाई गतिशील पार्न, सर्वसाधारणलाई पुऱ्याइने सेवालाई सहज तथा सरल पार्न र आर्थिक सामाजिक एकीकरण एवम् प्रादेशिक तथा भौगोलिक सन्तुलन कायम गरी सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउन सडक यातायातको महत्वपूर्ण योगदान रहन्छ । विगतका आवधिक योजनाहरूले सडक यातायातलाई उच्च प्राथमिकतामा राख्दै आएका छन् । नेपालको आर्थिक-सामाजिक विकासमा महत्वपूर्ण भूमिका खेल्ने रणनीतिक महत्वका सडकहरूलाई विशेष जोड दिइँदै आएको छ ।

आ.व. २०७२/७३ को अन्त्यसम्ममा देशका दुई जिल्ला सदरमुकाम (डोल्पा र हुम्ला) बाहेक अन्य जिल्ला सदरमुकाम सडक सञ्जालसँग जोडिएका छन् भने क्षेत्रीय स्तर र रणनीतिक महत्व भएका २९,०३१ कि.मि. सडक सञ्चालनमा रहेका छन् । यसका अतिरिक्त स्थानीय स्तरबाट निर्मित करिब

५३,००० कि.मि. सडकमध्ये करिब ३०,००० कि.मि. यातायातयोग्य भएकोमा करिब १७,००० कि.मि.मात्र बाह्रै महिना सञ्चालनयोग्य रहेको छ । साथै १,९५२ मोटरयोग्य पुलहरू निर्माण भएका छन् । सडक सञ्जाल नपुगेका दुई जिल्ला सदरमुकाममा सडकको पहुँच पुऱ्याउन तदारुकतासाथ काम भइरहेको छ । हालसम्म ६७ जिल्ला सदरमुकाम (भोजपुर, खोटाङ, मुस्ताङ, बाजुरा, मनाङ, मुगु, हुम्ला र डोल्पाबाहेक) मा कालोपत्रे सडक सञ्जालको पहुँच पुगिसकेको छ । सबै सदरमुकामहरूमा कालोपत्रे सडकको सञ्जाल पुऱ्याउन चौधौँ योजनामा सडक उप-क्षेत्रमा भएका विगतका प्रयासहरूका साथसाथै केही नवीनतम प्रयत्नहरूलाई पनि प्राथमिकता दिइनेछ ।

## २. चुनौती तथा अवसर

### चुनौती

कठिन भौगौलिक अवस्थाका कारण खर्चिलो भएको निर्माण कार्यको व्यवस्थापन गर्नु, निर्मित संरचनाहरूको मर्मतसम्भार र सम्पत्ति सुरक्षाका लागि स्रोत-साधनको पर्याप्त व्यवस्था गर्नु, अत्यधिक मागका कारण स्रोत साधनको प्राथमिकीकरण गर्नु, छरिएर रहेका बस्तीहरूमा सडक विस्तार गर्नु, बाह्रै महिना भरपर्दो र सुरक्षित सडक संरचना निर्माण गर्नु, प्राकृतिक प्रकोप एवम् जलवायु परिवर्तनको पक्षलाई समेत ध्यानमा राखी सडक निर्माण गर्नु, विभिन्न निकायबीच समन्वय कायम गरी प्रभावकारिता वृद्धि गर्नु र निजी क्षेत्रको क्षमता, सम्भावना तथा लगानी आकर्षण गर्नु प्रमुख चुनौतीका रूपमा रहेका छन् ।

### अवसर

देश विकासको लागि सडक सञ्जालको विकास एवम् सुदृढीकरणको रणनीति तयार हुनु, स्थानीय स्तरबाट सडक विकासको लागि अत्यधिक उत्साह र माग रहनु, सडक उपक्षेत्रलाई राष्ट्रिय विकासको उच्च प्राथमिकतामा राखिनु र विकास साझेदारहरूको उल्लेख्य सहयोग रहनु सडक क्षेत्रका अवसरहरू हुन् ।

## ३. सोच, लक्ष्य ,उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

सडक यातायातको विकासमार्फत आर्थिक सामाजिक एकीकरण, प्रादेशिक सन्तुलन र आर्थिक समृद्धि ।

### ३.२ लक्ष्य

राष्ट्रिय सडक सञ्जालको विस्तार गरी आर्थिक-सामाजिक विकास, व्यापार विस्तार एवम् विविधीकरण तथा अन्तर्राष्ट्रिय सम्बन्ध सुदृढीकरणमा टेवा पुऱ्याउने ।

### ३.३ उद्देश्य

१. प्रभावकारी, दिगो, भरपर्दो, सुरक्षित, वातावरणमैत्री र कम खर्चिलो यातायात सेवामार्फत आर्थिक क्रियाकलाप विस्तार र सेवा प्रवाहको प्रभावकारिता बढाउनु ।
२. सङ्घ र प्रदेशहरूबीच, प्रदेश-प्रदेशबीच, प्रदेश र स्थानीय तहबीच तथा छिमेकी मुलुकहरूसँगको व्यापारिक सम्बन्ध विस्तार गर्नु ।

### ३.४ रणनीति

१. प्रादेशिक पहुँच र आर्थिक वृद्धिलाई योगदान पुग्ने गरी सुरक्षित यातायात पहुँच र सुविधा विस्तार गर्ने ।
२. कृषि, उद्योग, व्यापार, जलविद्युत्, पर्यटन, शिक्षा र स्वास्थ्य सेवामा पहुँच बढाउने गरी यातायात विस्तार गर्ने ।
३. अन्तरदेशीय नाका र यातायात सञ्जाल जोड्ने सडकहरूको विकास, विस्तार र सुदृढीकरण गर्ने ।

### ३.५ कार्यनीति

१. पाँचवर्षे सडक रणनीतिक योजनानुसार रणनीतिक सडकहरूको सुदृढीकरण एवम् स्तरोन्नति कार्यलाई प्राथमिकता दिइनेछ । (१)
२. प्रादेशिक राजधानीहरूबीच सडक सञ्जाल विस्तार गरिनेछ । (१)
३. सडक सञ्जालमा आबद्ध भइनसकेका जिल्ला तथा गाउँहरूमा सडक सम्बन्ध विस्तार गरिनेछ । (१)
४. हुलाकी तथा मध्यपहाडी राजमार्ग निर्माणमा तीव्रता दिई भरपर्दो एवम् सहज पहुँचयोग्य बनाइनेछ । (१)
५. काठमाण्डौ उपत्यकाभित्र सडक सुदृढीकरण तथा फ्लाइओभर सडक निर्माणमा जोड दिइनेछ । (१)
६. काठमाण्डौ-निजगढ द्रुतमार्गलगायत काठमाण्डौ उपत्यका जोड्ने छोटो दूरीका वैकल्पिक मार्गहरूको निर्माण कार्यलाई अगाडि बढाइनेछ । (१)
७. रणनीतिक तथा स्थानीय सडकहरूका पुलहरू निर्माण गर्नुका साथै जीर्ण अवस्थामा रहेका पुलहरूको मर्मत कार्यलाई निरन्तरता दिइनेछ । (१)
८. राजमार्ग एवम् सहायक राजमार्गहरूमा दुर्घटना न्यूनीकरणका लागि डिजाइन, निर्माण एवम् स्तरोन्नतिजस्ता सबै चरणमा सडक सुरक्षा जाँचको व्यवस्था गरिनेछ । (१)
९. सडक मार्गलाई सुरक्षित र छोटो बनाउन सुरुङ प्रविधिलाई अवलम्बन गरिनेछ । (१)
१०. भूकम्पबाट क्षतिग्रस्त सडक संरचनाहरूको पुनर्निर्माण गरिनेछ । (१)
११. सडकको दायाँबायाँ हरियाली कायम गर्न कार्यक्रम सञ्चालन गरिनेछ । (२)
१२. सडक सञ्जाल निर्माण गर्दा कृषि, ऊर्जा, पर्यटन तथा उद्योग व्यवसायको समेत प्रवर्द्धन हुनेगरी गरिनेछ । (२)
१३. सडक तथा पुलहरूको निर्माण तथा मर्मतसम्भारमा सामाजिक एवम् वातावरणीय पक्षको नकारात्मक असर न्यूनीकरणको लागि आवश्यक उपायहरूको अवलम्बन गरिनेछ । (२)
१४. सार्वजनिक निर्माणमा सार्वजनिक-निजी साझेदारी, निर्माण, सञ्चालन तथा हस्तान्तरण प्रक्रियाजस्ता विधिहरू अवलम्बन गरिनेछ । (२)
१५. सडक यातायातको विकास र विस्तारमा प्रादेशिक तथा स्थानीय तह र निजी क्षेत्रको भूमिका परिभाषित गरिनेछ । (२)
१६. सडक सम्पत्ति संरक्षण, मर्मत सम्भार, पुनर्निर्माण एवम् व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ । (३)
१७. उत्तर-दक्षिण जोड्ने प्रमुख रणनीतिक एवम् व्यापारिक दृष्टिकोणले महत्वपूर्ण सडकहरूको विकास गरिनेछ । (३)

१८. छिमेकी मुलुकहरूसँग सडक सञ्जाल कायम गरी व्यापारिक तथा औद्योगिक विकासको लागि उपयोग गरिनेछ । (३)

## ३.६ प्रमुख कार्यक्रमहरू

### क. भूकम्पबाट क्षतिग्रस्त सडक संरचनाहरूको पुनर्निर्माण

१. अरनिको राजमार्ग, बी.पी. राजमार्ग, गोरखा- बारपाक सडकलगायत भूकम्पबाट क्षतिग्रस्त भएका सम्पूर्ण सडक एवम् पुलहरूको पुनर्स्थापना ।

२. दोलखा-सिँगटी, पाँचखाल-मेलम्ची र धादिङ-आरुघाट-गोरखा गरी जम्मा १३५ कि.मि. सडकलाई भूकम्पपछिको पुनर्निर्माणको नमुना सडकको रूपमा स्तरोन्नति तथा पुनर्निर्माण ।

### ख. आधारभूत सडक सञ्जाल विस्तार

१. सडक सञ्जालबाट नजोडिएका दुई जिल्ला सदरमुकाम हुम्लाको सिमीकोट (हुम्लाको उत्तरी सिमाना हिल्सातर्फबाट) र डोल्पाको दुनैलाई राष्ट्रिय सडक सञ्जालसँग आबद्धता ।

२. भोजपुर, खोटाङ, मुस्ताङ र बाजुरा जिल्ला सदरमुकामसम्म सडक कालोपत्रे स्तरमा निर्माण ।

### ग. प्रमुख राजमार्गहरूको विकास

१. पूर्व-पश्चिम राजमार्गको काकरभिट्टा-बुटवल ५८८ कि.मि. खण्ड चार लेन, धरान-चतरा-गाईघाट-कटारी-सिन्धुलीबजार-हेटौँडा सडक (३१८ कि.मि.) र तुल्सीपुर-पुरन्धारा-बोटेचौर सडक (८६ कि.मि.) लाई दुई लेन स्तरमा निर्माण तथा स्तरोन्नति ।

२. पृथ्वी राजमार्गको मुग्लिन-पोखरा खण्ड (९० कि.मि.), रत्न राजमार्गको कोहलपुर-सुर्खेत खण्ड (८५ कि.मि.) र सिद्धार्थ राजमार्गको बुटवल-पोखरा खण्ड (१५७ कि.मि.) सडक स्तरोन्नति ।

३. मध्यपहाडी लोकमार्गको सिन्धुली-दोलालघाट खण्डको करिब ११५ कि.मि. निर्माण सम्पन्न तथा ६७५ कि.मि. सडकलाई दुई लेनको कालोपत्रे स्तरमा स्तरोन्नति र सम्पूर्ण पुलहरूको निर्माण सम्पन्न ।

४. हुलाकी राजमार्गअन्तर्गत प्रथम चरणको २१ ओटा सडकको ६०७ कि.मि. निर्माण सम्पन्न, १०५ ओटा पुलहरू निर्माण र दोस्रो चरणको १,१८५ कि.मि. सडकको डिपिआर तयार गरी निर्माण कार्य आरम्भ ।

### घ. उत्तर-दक्षिण जोड्ने प्रमुख व्यापारिक एवम् महत्वपूर्ण सडकहरूको विकास

१. कोशी करिडोर खाँदवारी–किमाथाङ्का (१६२ कि.मि.) को बाँकी ८४ कि.मि. र जमुनिया–नेपालगञ्ज–बाङ्गेसिमल–खुलालु–लैफु–सिमीकोट-हिल्सा (५२१ कि.मि.) को बाँकी १४३ कि.मि. सडक ट्र्याक निर्माण ।

२. बेलहिया-भैरहवा-पाल्पा-राम्दी-कालीगण्डकी-रुद्रबेनी-मालढुङ्गा-बेनी-जोमसोम-चैले-कोरला सडक (३९० कि.मि.) को राम्दी-कालीगण्डकी-रुद्रबेनी-मालढुङ्गा-बेनी-जोमसोम (२०२ कि.मि.) दुई लेनको कालोपत्रे स्तरमा र जोमसोम-कोरला (१०० कि.मि.) दुई लेनको ग्राभेल स्तरमा स्तरोन्नति ।

३. ठोरी-भण्डारा-मलेखु-गल्छी-त्रिशुली-वेत्रावती-स्याफ्रुबेशी-रसुवागढी (१८८ कि.मि.) सडकलाई दुई लेनमा स्तरोन्नति र ठोरी-भण्डारा-मलेखु (१०६ कि.मि.) सडकको निर्माण प्रारम्भ ।

४. भिट्टामोड-ढल्केबर-सिन्धुली-मन्थली-दोलखा-सिँगटी-लामाबगर-लाप्चा (३१० कि.मि.) सडकको लामाबगर-लाप्चा सडकको बाँकी १८ कि.मि. ट्र्याक निर्माण सम्पन्न गरी स्तरोन्नति ।

५. वीरगन्ज-काठमाण्डौ-तातोपानी करिडोरको मुग्लिङ-नौविसे-काठमाण्डौ खण्ड र धुलिखेल-दोलालघाट-बाह्रबीसे खण्ड (६२ कि.मि.) सडकलाई चार लेनमा स्तरोन्नति र बाह्रबीसे–कोदारी (२५ कि.मि.) खण्डलाई दुई लेनमा स्तरोन्नति कार्य प्रारम्भ ।

**ङ. द्विदेशीय व्यापारिक नाका जोड्ने सडकहरूको विकास**

१. दक्षिण सीमाको रानी विराटनगर इटहरी (३० कि.मि.), जटही-जनकपुर-ढल्केबर (३६ कि.मि.), वीरगन्ज-पथलैया (२८ कि.मि.), बेलहिया-बुटवल (२४ कि.मि.) र मोहना पुल-अत्तरिया-गोदावरी (२० कि.मि.) सडकलाई चार लेनमा विस्तार सम्पन्न ।

२. अन्य सम्भावित सडक खण्डहरूको सम्भाव्यता अध्ययन गरी निर्माण प्रारम्भ ।

३. केचना-चारआली-इलाम-फिदिम-ताप्लेजुङ-ओलाङ्चुङ्गोला-घारिला (३५९ कि.मि.) को बाँकी ६० कि.मि. लगायत अन्य ४ ओटा सडकको ३०० कि.मि. ट्र्याक खोली स्तरोन्नति प्रारम्भ ।

**च. काठमाण्डौ उपत्यका पहुँच तथा उपत्यका सडक सुदृढीकरण**

१. काठमाण्डौं निजगढ द्रुतमार्ग निर्माण कार्य प्रारम्भ ।

२. विस्तारित नारायणघाट-मुग्लिङ खण्डको कार्य सम्पन्न ।

३. नारायणघाट-मुग्लिङको वैकल्पिक मार्गको रूपमा मुग्लिङबाट ठिमुरा जोड्ने २७ कि.मि. सडक दुई लेनमा निर्माण कार्य प्रारम्भ तथा कान्ती लोकमार्ग (९२ कि.मि.), दक्षिणकाली-छैमले-सिस्नेरी-कुलेखानी (४५ कि.मि.) र सीतापाइला-धार्के (२४ कि.मि.) लाई दुई लेनको कालोपत्रे स्तरमा स्तरोन्नति ।

४. काठमाण्डौ उपत्यकामा विस्तारमा रहेका सडक (१५७ कि.मि.) मध्ये बाँकी ८१ कि.मि. सडक र अन्य सडकहरूको विस्तार ।

५. चक्रपथ विस्तारअन्तर्गत कलङ्की-कोटेश्वर खण्डको सडकलाई ६ लेनमा विस्तार सम्पन्न गरी बाँकी १७ कि.मि. खण्डको विस्तार कार्य प्रारम्भ ।

६. सूर्यविनायक-धुलिखेलको ७ कि.मि. सडकलाई चार लेनमा स्तरोन्नति ।

**छ. पुल निर्माण तथा सम्भार**

१. रणनीतिक सडकहरूमा २०० ओटा र स्थानीय सडकहरूमा करिब ४५० ओटा पुलहरू गरी कुल ६५० ओटा निर्माणधीन पुलहरू मध्ये ३०० ओटाको निर्माण सम्पन्न ।

२. निर्माण सम्पन्न भएका पुलहरूको मर्मत सम्भार र जीर्ण भएका पुलहरूको ठाउँमा नयाँ पुल निर्माण ।

३. सामरिक महत्वका सडकहरू तथा सदरमुकाम जोड्ने सडकहरूमा पर्ने नदीहरूमा तत्काल यातायात सुचारु गर्न बेली ब्रिज जडान ।

४. राजधानी तथा अन्य भू-भागमा समेत विशेष प्रकारका आकर्षक पुलहरूको निर्माण ।

**ज. सुरुङ मार्ग निर्माण**

१. त्रिभुवन राजपथको नागढुङ्गामा सुरुङ मार्ग निर्माण ।

२. टोखा-गुर्जे भञ्ज्याङ सडक, सिद्धार्थ राजमार्गको सिद्धबाबा लगायत अन्य सम्भाव्य सडक खण्डहरूमा सुरुङ मार्गको सम्भाव्यता अध्ययन प्रारम्भ ।

**झ. सडक सञ्जालको मर्मत सम्भार**

१. सडक सम्पत्तिको प्रभावकारी संरक्षण, मर्मत सम्भार एवम् व्यवस्थापन ।

२. यातायात सञ्चालन लागत न्यूनतम रहने गरी सडक मर्मत सम्भार ।

३. सडकको सेवा स्तर (Service Quality) को आधारमा सडक मर्मत सम्भार ।

**ञ. सडक सुरक्षा**

१. राजमार्ग एवम् सहायक राजमार्गहरूमा दुर्घटना न्यूनीकरणका लागि डिजाइन निर्माण एवम् स्तरोन्नतिजस्ता सबै चरणमा रोड सेफ्टी अडिटको व्यवस्था ।

२. सडक सुरक्षासम्बन्धी कार्ययोजना (Nepal Road Safety Action Plan 2013-2020) को कार्यान्वयन ।

**ट. अन्य कार्यक्रम**

१. सडक तथा पुलहरूको निर्माण तथा मर्मतसम्भारबाट सामाजिक एवम् वातावरणीय पक्षमा पर्ने नकारात्मक असर न्यूनीकरण ।

२. परम्परागत विधिका अतिरिक्त सार्वजनिक-निजी साझेदारी, डिजाइन एन्ड विल्ड, निर्माण सञ्चालन तथा हस्तान्तरण प्रक्रियाबाट पूर्वाधार विस्तार ।

३. हरेक प्रदेशमा कम्तीमा एउटा सडक निर्माणको गुणस्तर परीक्षण प्रयोगशाला स्थापना ।

## ४. अपेक्षित उपलब्धि

भूकम्पबाट क्षतिग्रस्त सडक संरचनाहरूको ३५० कि.मि. पुनर्निर्माण र पुलहरू मर्मत सम्भार भएको हुनेछ । थप २,००० कि.मि. नयाँ सडक निर्माण भएको, ६५४ कि.मि. सडक इन्टरमिडियट/डबल लेनमा निर्माण भएको, ३,००० कि.मि. सडकको स्तरोन्नति भएको, १,८०० कि.मि. सडकको आवधिक मर्मत भएको र ३०,००० कि.मि. सडकको नियमित मर्मत भएको हुनेछ । थप ३०० पुल निर्माण भएको र ५०० नयाँ पुलको निर्माण कार्य थालनी भएको हुनेछ । त्यसैगरी सडक घनत्व १.३ कि.मि./वर्ग कि.मि. पुगेको, ७१ जिल्ला सदरमुकामसम्म कालोपत्रे सडकको पहुँच पुगेको र सम्पूर्ण जिल्ला सदरमुकामहरूमा सडक सञ्जाल पुगेको हुनेछ ।

## ५.२.२ हवाई यातायात

## १. पृष्ठभूमि

मुलुकको सर्वाङ्गीण विकासको एउटा महत्त्वपूर्ण आधारको रूपमा रहेको नागरिक उड्डयन सेवालाई सुरक्षित, नियमित, सर्वसुलभ र विश्वसनीय बनाउन आधुनिक प्रविधि र सुविधा सम्पन्न विमानस्थललगायतका पूर्वाधारहरूको निर्माण गरी विकास र विस्तार गर्नु आवश्यक रहेको छ । एकातर्फ निजी क्षेत्रसमेतको सहभागितामा नागरिक उड्डयन सेवालाई सर्वसुलभ, सक्षम र सुदृढ बनाउनुपर्नेछ भने अर्कोतर्फ नेपाल वायुसेवा निगमको समग्र संरचनामा सुधार गर्दै लामो र छोटो दूरी उडानका लागि

उपयुक्त वायुयानहरूको सङ्ख्यामा वृद्धि गरी निगमको आन्तरिक एवम् अन्तर्राष्ट्रिय बजार हिस्सा अभिवृद्धि गर्न पनि उत्तिकै जरुरी देखिन्छ।

नेपालको वायुक्षेत्रभित्र रहेको उड्डयन सुरक्षाको चुनौतीलाई व्यवस्थापन गर्दै उड्डयन सुरक्षालाई थप सुदृढीकरण गरी नेपाली वायुक्षेत्र सुरक्षित रहेको सन्देश विश्वसामु पुऱ्याएर पर्यटन प्रवर्द्धनमा उल्लेखनीय योगदान गर्नु आवश्यक छ । नेपालमा हवाई सेवाको सुरुवातदेखि हालसम्म ५० ओटा विमानस्थलहरू निर्माण भइसकेको र ६ ओटा निर्माणाधीन गरी ५६ ओटा विमानस्थलहरू भएकोमा ३३ ओटा विमानस्थलहरू सञ्चालनमा रहेको अवस्था छ । द्विपक्षीय हवाई सेवा सम्झौता भएका मुलुकहरूको सङ्ख्या ३८ पुगेको छ भने नेपालमा उडान भर्ने अन्तर्राष्ट्रिय वायुयानको सङ्ख्या २६ छ । अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठनको मान्यताबमोजिम नियमनकारी र सेवा प्रदायक निकायहरूको स्पष्ट कार्य विभाजन हुनुपर्ने भएको यथार्थलाई मध्यनजर गर्दै नागरिक उड्डयन क्षेत्रको पुनर्संरचना गर्ने कार्यको थालनी गरिएको छ । हवाई सेवालाई सुरक्षित र सर्वसुलभ तुल्याई आन्तरिक र अन्तर्राष्ट्रिय हवाई सेवा सुदृढ गर्नुपर्ने भएको छ।

## २. चुनौती तथा अवसर

### चुनौती

आवश्यक सङ्ख्यामा उडानमार्ग विस्तार गरी सेवालाई समयानुकूल आधुनिकीकरण गर्नु, अन्तर्राष्ट्रिय बजारमा प्रभावकारी उपस्थिति पुऱ्याउनु, नेपाल वायुसेवा निगमको व्यवस्थापनलाई चुस्त दरुस्त बनाउनु, निगमले अपेक्षा गरेअनुसार व्यावसायिक क्षमता वृद्धि गरी आमजनतालाई स्तरीय सेवा दिनु, राष्ट्रिय ध्वजाबाहक हवाई सेवाको समग्र बजार हिस्सा र प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि गर्नु, उपलब्ध जनशक्तिको उचित व्यवस्थापन गर्नु, सञ्चालनमा रहेका विमानस्थलबाट स्तरीय सेवा उपलब्ध गराउनु नागरिक उड्डयन क्षेत्रमा रहेका प्रमुख चुनौतीहरू हुन् ।

### अवसर

नागरिक उड्डयन क्षेत्रको सुदृढीकरण, वायुमार्गको विस्तार, वायुसेवाहरूको विकास र विस्तार, उड्डयन सुरक्षा तथा हवाई सुरक्षा अभिवृद्धिका लागि अन्तर्राष्ट्रिय सङ्घ-संस्था तथा छिमेकी राष्ट्रहरूसँग सहकार्य र समन्वय हुनु, क्षेत्रीय/अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य प्राथमिकतामा रहनु र हवाई यात्रुहरूको चाप बढ्दै गएबाट नेपाली विमान कम्पनीहरूले अन्तर्राष्ट्रिय उडान थप गर्नसक्ने अवस्था विद्यमान हुनु हवाई क्षेत्रको विकासमा महत्त्वपूर्ण अवसरहरू हुन् ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

हवाई यातायातको विकास र विस्तारमार्फत सुरक्षित, स्तरीय र भरपर्दो सेवा उपलब्ध गराई पर्यटन प्रवर्द्धन, रोजगारी सिर्जना र दिगो आर्थिक विकास ।

### ३.२ लक्ष्य

सुरक्षित, भरपर्दो, व्यावसायिक र विश्वसनीय हवाई सेवा विस्तार गर्दै राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा स्तरीय सेवाको प्रत्याभूति दिलाउने ।

### ३.३ उद्देश्य

१. सुरक्षित र प्रभावकारी हवाई यातायातमार्फत तोकिएका राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय गन्तव्यहरूमा पहुँच विस्तार गर्नु ।

२. सुरक्षित तथा गुणस्तरीय सेवाको माध्यमबाट नागरिक उड्डयनको क्षेत्रलाई मुलुकको सर्वाङ्गीण विकासमा महत्त्वपूर्ण क्षेत्रको रूपमा विकास गर्नु ।

### ३.४ रणनीति

१. हवाई सेवाको क्षेत्रमा विकास भइरहेका नयाँ आयामहरूलाई समेट्दै नवीनतम प्रविधिहरूको उपयोग तथा संस्थागत सुधार गरी उडान सुरक्षालाई उच्च प्राथमिकताका साथ प्रवर्द्धन गर्ने ।

२. निजी क्षेत्रसमेतको सहभागितामा हवाई सेवालाई भरपर्दो, सुरक्षित, सर्वसुलभ तथा नियमित यातायातको रूपमा सञ्चालन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पहुँच विस्तार गर्ने ।

३. मुलुकको प्रादेशिक तथा भौगोलिक सन्तुलन कायम हुने गरी हवाई सेवा तथा पूर्वाधारहरूको विकास र विस्तार गर्ने ।

### ३.५ कार्यनीति

१. विद्यमान नेपाल नागरिक उड्डयन प्राधिकरणलाई पुनर्संरचना गरी सेवा प्रदायक र नियामक छुट्टाछुट्टै निकाय हुनेगरी कानुनी व्यवस्था गरिनेछ । (१)

२. नागरिक उड्डयन क्षेत्रलाई सुरक्षित तथा भरपर्दो बनाउन अनुगमन र नियमन प्रक्रियालाई पारदर्शी र प्रभावकारी बनाइनेछ । (१)

३. हवाई सेवालाई सुरक्षित बनाउन विमानस्थलहरूमा आधुनिक उड्डयन सहायक उपकरण एवम् उपयुक्त प्रविधिको व्यवस्थाका साथै विमानहरूको उडान सुरक्षा, अनुगमन र जाँच प्रणालीलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल बनाइनेछ । (१)

४. दुर्गम क्षेत्र हवाई विकास कोषलाई प्रभावकारी ढङ्गबाट परिचालन गरी दुर्गम क्षेत्रहरूमा हवाई यातायातलाई नियमित र सर्वसाधारणको पहुँचयोग्य बनाइनेछ । (२)

५. अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठनले प्रतिपादन गरेको मान्यता तथा राष्ट्रिय आवश्यकताअनुसार हुनेगरी अन्तर्राष्ट्रिय हवाई सेवा सम्झौता गरिनेछ । सम्झौता भइसकेका मुलुकहरूसँगको हवाई सम्झौतालाई समयसापेक्ष पुनरावलोकन गर्दै लगिनेछ । (२)

६. नेपाल वायुसेवा निगमको व्यवस्थापनलाई चुस्त, दुरुस्त र प्रतिस्पर्धी बनाई आवश्यक विमानहरूको खरिद तथा सेवामा सुधार गरिनेछ । (२)

७. हवाई सेवालाई प्रतिस्पर्धी, व्यावसायिक र उत्तरदायी बनाउन निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । (२)

८. पर्यटकीय रूपले महत्त्वपूर्ण विमानस्थललाई बाह्रै महिना सञ्चालनयोग्य बनाइनेछ । (२)

९. क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरको सुविधासम्पन्न विमानस्थलको निर्माणलाई उच्च प्राथमिकतामा राखिनेछ । (३)

१०. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको क्षमता अभिवृद्धि गर्ने कार्यलाई निरन्तरता दिइनेछ । (३)

११. आपत्कालीन प्रयोजनका लागि सबै गा.वि.स. र नगरपालिकामा हेलिप्याड निर्माण गरिनेछ । (२, ३)

१२. सडक सञ्जाल नपुगेका दुर्गम क्षेत्रमा हवाई सेवा विस्तार गरी पर्यटन प्रवर्द्धनमा निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । (२, ३)

१३. प्रयोगमा नआएका तथा पूर्ण क्षमतामा सञ्चालन नभएका विमानस्थलहरूको स्तरोन्नति र साहसिक एवम् मनोरञ्जनात्मक वायुसेवा सञ्चालन गरी पर्यटन प्रर्वद्धनमा उपयोग गरिनेछ । (३)

१४. प्रत्येक प्रदेशमा कम्तीमा एक स्तरीय विमानस्थल निर्माण गरिनेछ । (२, ३)

१५. निर्माणाधीन विमानस्थलहरूलाई प्राथमिकता दिई निर्माण कार्य सम्पन्न गरिनेछ । (३)

१६. अन्तर्राष्ट्रिय/क्षेत्रीय विमानस्थललाई अन्तर्राष्ट्रिय ट्रान्जिटको रूपमा प्रयोग हुनेगरी विकास गरिनेछ । (३)

### ३.६ प्रमुख कार्यक्रमहरू

#### क. नीतिगत तथा संस्थागत सुधार

१. हवाई यातायातलाई सुरक्षित, भरपर्दो र सर्वसुलभ बनाउन तथा नेपाललाई अन्तर्राष्ट्रिय हवाई ट्रान्जिटको रूपमा विकास र विस्तार गर्न हवाई नीतिमा समयानुकूल परिमार्जन ।

२. हवाई यातायात तथा विमानस्थल व्यवस्थापनसम्बन्धी आर्थिक नियमन (इजाजत शुल्क, भाडा निर्धारण आदि) विषयमा अध्ययन अनुसन्धान गरी उपयुक्त नीति तर्जुमा ।

३. विमानस्थल निर्माण तथा सञ्चालन नीति तर्जुमा तथा कार्यान्वयन ।

४. विमानस्थल पूर्वाधार विकास र स्तरोन्नति, प्रविधिको विकास, वायुसेवा सञ्चालनमा निजी क्षेत्रका लगानीकर्तालाई आकर्षित गर्न सार्वजनिक-निजी साझेदारी अवधारणालाई अघि बढाउने ।

५. यात्रु सेवा सुविधाका आधारमा सूचक तयार गरी विमानस्थलहरूको वर्गीकरण ।

#### ख. विमानस्थल निर्माण

१. भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कार्य सम्पन्न गरी सञ्चालन ।

२. पोखरास्थित क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको विस्तृत डिजाइन कार्य सम्पन्न गरी निर्माण प्रारम्भ ।

३. दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, निजगढका लागि आवश्यक जग्गा अधिग्रहण लगायत जग्गा प्राप्ति, घेरबार, पुनर्वास, सामाजिक वातावरणीय प्रभाव मूल्याङ्कन सम्पन्न ।

४. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको क्षमता र यात्रुसेवा सुविधामा वृद्धि गर्दै आवश्यक सञ्चार उपकरणको व्यवस्था ।

५. प्रयोगमा नआएका विमानस्थलहरूलाई स्तरोन्नति गरी साहसिक एवम् मनोरञ्जनात्मक वायुसेवा सञ्चालन हुने गरी पर्यटन प्रर्वद्धनमा उपयोग गर्ने ।

## ४. अपेक्षित उपलब्धि

गौतम बुद्ध क्षेत्रीय विमानस्थलको निर्माण कार्य सम्पन्न भएको र पोखरा क्षेत्रीय विमानस्थल र बारामा दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको कार्य प्रारम्भ भएको हुनेछ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको क्षमता अभिवृद्धि भएको र सबै मौसममा सञ्चालन हुने विमानस्थलहरूको सङ्ख्या ३० पुगेको हुनेछ । आन्तरिक उडान गर्ने वायुसेवाहरूको सङ्ख्या २५ पुगेको, नेपाल आउने विदेशी विमान कम्पनीहरूको सङ्ख्या ३१ पुगेको, हवाई सिटको सङ्ख्या वार्षिक ८५ लाख पुगेको र द्विपक्षीय हवाई सेवा सम्झौता भएका देशहरूको सङ्ख्या ४२ पुगेको हुनेछ । त्यसैगरी प्रत्येक गा.वि.स.मा एक हेलिप्याड भएको र प्रत्येक प्रदेशमा एक स्तरीय विमानस्थल भएको हुनेछ ।

# ५.२.३ रेल तथा अन्य यातायात

## १. पृष्ठभूमि

रेल यातायात सेवाको विस्तारबाट सर्वसाधारणमा पहुँच पुऱ्याई मुलुकको सामाजिक-आर्थिक विकासमा महत्वपूर्ण योगदान गर्ने उद्देश्यले रेल यातायात क्षेत्रको पहिचान गरिएको छ । विगतमा कमै प्राथमिकतामा रहने गरेको र नगन्य सुविधा भएको भए तापनि रेल सेवाको महत्व आँकलन भई पूर्व (मेची)–पश्चिम (महाकाली), रसुवागढी–काठमाडौं–पोखरा–लुम्बिनी, भारतीय सीमाबाट महत्वपूर्ण औद्योगिक व्यापारिक सहर/क्षेत्रहरूमा रेल सेवा सञ्चालन गर्न जयनगर-जनकपुर-बर्दिबास तथा बथनाहा-कटहरी-विराटनगर रेल निर्माणको काम अगाडि बढाइएको छ । त्यस्तै रज्जु मार्ग र जल यातायात सेवा सम्भाव्यताको आधारमा विकास र विस्तार गर्नु मुलुकको लागि आवश्यक देखिएको छ ।

## २. चुनौती तथा अवसर

### चुनौती

रेल सेवा स्थापना र सञ्चालनका लागि प्रारम्भिक लागत अधिक हुनु, प्रस्तावित पूर्व-पश्चिम रेलमार्गको समानान्तर रूपमा पूर्व-पश्चिम राजमार्ग र हुलाकी मार्गको निर्माणपश्चात् पनि लागत प्रभावकारिता कायम राख्नु, रेल तथा अन्य यातायात सेवामा निजी क्षेत्रको लगानीलाई आकर्षित गर्नुपर्ने आवश्यकता देखिनु, रेल सेवाको प्रभावकारी व्यवस्थापन गर्नु, भारत सरकारबाट निर्माणाधीन रेलमार्गहरूमा लोकोमोटिभ तथा बोगीहरू र चालक/सहचालकको व्यवस्था गरी यसलाई लागत प्रभावकारी बनाउनु चुनौतीपूर्ण रहेको छ ।

**अवसर**

विदेशी लगानीकर्ता आकर्षित हुनु, तैल्य पदार्थको खर्चमा कमी हुनगई राष्ट्रिय सञ्चितिमा बढोत्तरी हुनु, ३७२ कि.मि. विस्तृत आयोजना प्रतिवेदन तयार हुनु, छिमेकी मुलुकहरूमा भएको रेल्वेको विकासबाट उत्प्रेरणा प्राप्त हुनु र यसमा सहयोग प्राप्त हुनुलाई अवसरका रूपमा लिन सकिन्छ ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

सर्वसुलभ र आधुनिक रेलमार्ग तथा रज्जुमार्गसहित अन्य यातायातका माध्यमबाट दिगो विकास र समृद्धि ।

### ३.२ लक्ष्य

दिगो विकासका लागि सुरक्षित, भरपर्दो, सर्वसुलभ र पर्यावरणमैत्री राष्ट्रिय रेल तथा रज्जुमार्ग सहित अन्य यातायात सञ्जाल विस्तार गरी आर्थिक विकासमा टेवा पुऱ्याउने ।

### ३.३ उद्देश्य

आम यातायात सुविधा विस्तार, अन्तरदेशीय व्यापार सम्बन्ध, राष्ट्रिय आर्थिक-सामाजिक एकीकरण, प्रादेशिक तथा भौगोलिक सन्तुलन र विकासमा योगदान पुग्ने गरी भरपर्दो र सुरक्षित रेल तथा अन्य यातायात सञ्जालमा जनताको पहुँच पुऱ्याउनु ।

### ३.४ रणनीति

१. सुरक्षित रेलसेवाको विस्तार गरी यात्री, यातायात र वस्तुको ढुवानी सहज तुल्याउने ।
२. केबलकारलगायतका रज्जुमार्ग तथा जल यातायातजस्ता अन्य वैकल्पिक यातायात सञ्जालको विकास र विस्तार गर्ने ।

### ३.५ कार्यनीति

१. मेचीदेखि महाकाली जोड्ने गरी विद्युतीय रेलमार्ग निर्माण कार्य अगाडि बढाइनेछ । (१)
२. रसुवागढी-काठमाण्डौ-पोखरा-लुम्बिनी जोड्ने गरी रणनीतिक एवम् व्यापारिक विद्युतीय रेलमार्गको विस्तृत आयोजना प्रतिवेदन तयार पारी निर्माण कार्य आरम्भ गरिनेछ । (१)
३. दक्षिणी सीमामा पहिचान गरिएका विभिन्न पाँच स्थानको रेलमार्ग निर्माण कार्य प्रारम्भ गरिनेछ । (१)
४. सहरी क्षेत्रमा रेल तथा केबलकार यातायातमा लगानी गर्न सार्वजनिक-निजी साझेदारीका कार्यलाई प्रोत्साहन गरिनेछ । (१,२)
५. सम्भाव्यताको आधारमा रज्जु मार्ग तथा जल यातायातको विकास गरिनेछ । (२)
६. वैकल्पिक यातायात सञ्जाल विस्तार कार्य सार्वजनिक-निजी साझेदारीमा अघि बढाइनेछ । (२)

### ३.६ प्रमुख कार्यक्रमहरू

**क. कार्यविधि तथा मापदण्ड**

१. रेल यातायातको प्राविधिक मापदण्ड तयारी ।

२. रज्जुमार्ग सञ्चालन अनुमतिपत्रसम्बन्धी कार्यविधि तर्जुमा तथा कार्यान्वयन ।

**ख. अध्ययन, स्तरोन्नति र निर्माण**

१. काठमाण्डौ-तराई जोड्ने रेलमार्गको अध्ययन ।
२. मेची महाकाली विद्युतीय रेलमार्गको विस्तृत आयोजना प्रतिवेदन तयार ।
३. काठमाण्डौ मेट्रो रेलको विस्तृत आयोजना प्रतिवेदन तयार ।
४. काठमाण्डौ उपत्यकामा सम्भाव्यताका आधारमा मेट्रो/मोनो रेलको निर्माण प्रारम्भ ।
५. बर्दिवास-सिमरा विद्युतीय रेलमार्ग निर्माण प्रारम्भ ।
६. बथनाहा-कटहरी तथा जयनगर-जनकपुर-बर्दिवास रेल्वे ट्रयाक स्तरोन्नति ।

## ४. अपेक्षित उपलब्धि

निर्मित ट्रयाक लम्बाइ ७० कि.मि. पुगेको हुने, स्तरोन्नति भएको रेलमार्गको लम्बाइ ८२ कि.मि. पुगेको हुने, तथा १,५७६ कि.मि. रेल मार्ग र ७८ कि.मि. मेट्रो रेलको विस्तृत आयोजना प्रतिवेदन तयार भएको हुनेछ ।

## ५.२.४ यातायात व्यवस्थापन

### १. पृष्ठभूमि

आर्थिक गतिविधि विस्तारका लागि लागत-प्रभावी, कुशल र भरपर्दो यातायात सेवाको भूमिका महत्वपूर्ण हुन्छ । तर यो क्षेत्र आवश्यक पूर्वाधारको अभाव र आयातित पेट्रोलियम पदार्थमाथिको निर्भरताका कारण भरपर्दो र दिगो हुनसकेको छैन । सडक यातायात खनिजजन्य इन्धनमा पूर्ण रूपमा निर्भर रहेको हालको अवस्थामा ऊर्जाका अन्य विकल्पहरूबाट सञ्चालन गर्न सकिने सवारी साधनको प्रयोग गर्नुपर्ने अवस्था आइसकेको छ । साथै, यस क्षेत्रलाई थप व्यवस्थित तथा मर्यादित बनाई सुलभ तरिकाबाट नागरिकले मुलुकको कुनै पनि भूभागमा आवतजावत गर्न पाउने मौलिक अधिकारलाई संरक्षण गर्नु यस क्षेत्रसँग संलग्न सबैको कर्तव्य हो । सडक सञ्जालको विस्तार र सवारी साधनहरूको उपलब्धताले मात्र सार्वजनिक यातायात व्यवस्थित हुन नसक्ने हुँदा सर्वसुलभ, सुरक्षित, गुणस्तरीय र वातावरणमैत्री सेवाको लागि सरकारी निकायहरूको संस्थागत क्षमता अभिवृद्धिका साथै निजी क्षेत्रका यातायात व्यवसायीहरूको भूमिकालाई अझै बढी जिम्मेवार र यात्रुमैत्री बनाउनु आवश्यक छ ।

### २. चुनौती तथा अवसर

**चुनौती**

सवारी साधनको वृद्धिसँगै यसको उचित व्यवस्थापन गर्नु, बढ्दो सवारी दुर्घटना, सहरी क्षेत्रमा सवारीबाट हुने ध्वनि तथा वायु प्रदूषणको स्तर र ट्राफिक जामको समस्या समाधान गर्नु, पुराना सवारी साधनहरूको व्यवस्थापन र अनियन्त्रित आयात नियन्त्रण गर्नु, सार्वजनिक यातायातलाई गुणस्तरीय एवम् पहुँचयोग्य तुल्याउनु, अदृश्य रूपमा कायमै रहेको सिन्डिकेट प्रणाली हटाउनु, यातायात क्षेत्रमा सम्बद्ध निकायबीच समन्वय कायम गर्नु, यातायातको अनुगमन कार्यलाई थप प्रभावकारी तुल्याउनु,

कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहलाई नागरिकमैत्री बनाउनु र जनताको विश्वास हासिल गर्नु यातायात क्षेत्रको चुनौतीका रूपमा रहेका छन् ।

**अवसर**

सार्वजनिक सवारी साधनको कम्पनी मोडेलमा सञ्चालनको थालनी हुनु, आधुनिक र सुविधा सम्पन्न सवारी साधनहरूमा वृद्धि हुनु, वातावरणमैत्री सवारी साधन सञ्चालनको थालनी हुनु, सार्वजनिक यातायात पहुँचयोग्य हुँदै जानु तथा यातायात व्यवस्थापनबाट प्रदान गरिने सेवाहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा वृद्धि हुनु प्रमुख अवसरहरू हुन् ।

## ३. सोच, लक्ष्य ,उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

कम खर्चिलो, भरपर्दो, सुरक्षित र प्रतिस्पर्धी यातायात प्रणालीको सुनिश्चितता ।

### ३.२ लक्ष्य

यातायात सेवालाई पहुँचयोग्य, सुरक्षित, सर्वसुलभ, व्यवस्थित र वातावरणमैत्री बनाउने ।

### ३.३ उद्देश्य

यातायात व्यवस्थापन प्रणालीमा सुधार गरी सर्वसाधारणको आवागमन तथा ढुवानीलाई पहुँचयोग्य, सुरक्षित र व्यवस्थित बनाउनु ।

### ३.४ रणनीति

१. यातायात व्यवस्थापनमा प्रक्रियागत सुधार गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने ।
२. सार्वजनिक यातायातलाई स्तरीय, समावेशी तथा नागरिकमैत्री बनाउने ।
३. यातायात व्यवस्थापनमा निजी तथा सहकारी क्षेत्रको भूमिकालाई प्रभावकारी बनाउँदै नियमन प्रणालीलाई सुदृढ गराउने ।
४. सवारी साधनहरूलाई वातावरणमैत्री बनाउने ।

### ३.५ कार्यनीति

१. प्रमुख क्षेत्रहरूमा सवारी प्रदूषण मापनका लागि स्वचालित प्रविधिको स्थापना गरिनेछ । (१)
२. प्रादेशिक स्तरमा सवारी साधनको उपयुक्त परीक्षण केन्द्र स्थापना गरिनेछ । (१)
३. काठमाण्डौ उपत्यकाको सडक सञ्जालमा सार्वजनिक यातायात प्रणालीलाई रि-रुटिङ गरी मास ट्रान्जिटमुखी बनाइनेछ । (२)
४. काठमाडौं उपत्यकाको ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउन इन्टेलिजेन्स ट्राफिक प्रणाली अवलम्बन गरिनेछ । (२)

५. ज्येष्ठ नागरिकलाई सिट आरक्षण तथा भाडामा सहुलियतका साथै अपाङ्गता भएका व्यक्ति र महिलालाई सिट आरक्षण हुने व्यवस्था मिलाइनेछ । (२)

६. यातायात क्षेत्रमा संलग्न जनशक्तिको क्षमता विकास एवम् अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । (२)

७. सवारी दुर्घटना न्यूनीकरण तथा सेवाको गुणस्तर सुधार गर्न सवारी अनुगमनलाई प्रभावकारी बनाइनेछ । (२)

८. सार्वजनिक यातायात प्रवर्द्धन गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रसँग सहकार्य गरिनेछ । (३)

९. सवारी मापदण्डको परिपालन तथा अनुगमनमा सेवा प्रदायक संस्थासँग सहकार्य गरिनेछ । (३)

१०. वैकल्पिक तथा नवीकरणीय ऊर्जाबाट चल्ने सवारी साधनहरूलाई प्रोत्साहन गरिनेछ । (४)

११. सवारी साधनको आयु, प्रदूषण मापदण्ड र क्षमताको पुनर्मापन गरी कानुनमा भएका व्यवस्था कडाइका साथ लागु गरिनेछ । (४)

### ३.६ प्रमुख कार्यक्रमहरू

#### क. सवारी चालक अनुमतिपत्रमा सुधार

१. सवारी चालक अनुमतिपत्रको दरखास्त प्रणालीलाई अनलाइन गर्ने ।

२. सवारी दर्ता प्रमाणपत्र र सवारी चालक अनुमतिपत्रलाई स्मार्ट कार्डमा परिणत ।

#### ख. सवारी तथा ट्राफिक व्यवस्थापन

१. समग्र यातायात व्यवस्थालाई प्रभावकारी रूपमा नियमन गर्न कानुनी व्यवस्था ।

२. सवारी साधनको नम्बर प्लेटलाई इम्बोस्ड नम्बर प्लेटमा रूपान्तरण ।

३. भेहिकल फिटनेस टेस्टिङ सेन्टर स्थापना ।

४. रणनीतिक स्थानहरूमा ट्राफिक सङ्केत चिन्हहरू निर्माण गरी स्थापित ।

५. ट्राफिकसम्बन्धी सचेतनामूलक कार्यक्रमहरू सञ्चालन ।

६. पुराना सवारी साधनहरूको व्यवस्थापन ।

#### ग. यातायात प्रशासनको क्षमता विकास

१. यातायात प्रशासनको संस्थागत क्षमता अभिवृद्धिका लागि कार्यालयको जग्गा खरिद तथा भवन निर्माण ।

२. कर्मचारीहरूको क्षमता र उत्प्रेणाको स्तरमा अभिवृद्धि ।

## ४. अपेक्षित उपलब्धि

यातायात सेवा सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट व्यवस्थित भएको हुने, ७ ओटा भेहिकल फिटनेस टेस्टिङ सेन्टरहरू स्थापित भई सञ्चालनमा रहेका, ४ ओटा वोइङ ब्रिजहरू तयार भई सञ्चालन भएका, १,५०० स्थानमा ट्राफिक सङ्केत चिन्हहरू निर्माण भएका, १२ लाख सेवाग्राहीले अनलाइन दरखास्त प्रणालीको उपयोग गरेका, २५ लाख सवारी दर्ता प्रमाणपत्र र सवारी चालक

अनुमतिपत्र स्मार्ट कार्डमा परिणत भएको, १३ लाख सवारी साधनहरूले इम्बोस्ड नम्बर प्लेट प्रयोग गरेका, यातायात प्रशासनमा प्रक्रियागत सुधार तथा संस्थागत क्षमतामा वृद्धि भएको, सवारी दुर्घटनालाई न्यूनीकरण गर्न सवारी अनुगमन प्रणाली संस्थागत भएको, सिन्डिकेट प्रणालीको अन्त्य भएको र समग्र यातायात क्षेत्रको गुणस्तरमा सुधार भएको हुनेछ ।

## ५.३ सूचना तथा सञ्चार

### १. पृष्ठभूमि

नागरिकको संविधान प्रदत्त मौलिक हकको रूपमा रहेको सूचनाको हकको संरक्षण र संवर्द्धन गर्दै आमसञ्चारलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक व्यवस्था गर्ने राज्यको नीति हुने संवैधानिक व्यवस्था रहेको छ । वर्तमान अवस्थामा सूचना तथा सञ्चार क्षेत्रमा भित्रिएका अत्याधुनिक प्रविधिहरूको व्यापक उपयोग गरी सर्वसुलभ रूपमा सेवा सुविधामा विविधीकरण गर्दै ग्रामीणलगायत सहरी क्षेत्रसम्म गुणस्तरीय, प्रतिस्पर्धी एवम् सर्वसुलभ रूपमा सेवा सुविधा उपलब्ध गराई देशको राजनीतिक, आर्थिक, सामाजिक लक्ष्य प्राप्तिमा टेवा पुऱ्याउनुपरेको छ । भूमण्डलीकरणको मूलप्रवाहमा समाहित हुनसमेत यस क्षेत्रलाई पूर्वाधारको रूपमा विकास एवम् विस्तार गर्दै जानु आजको आवश्यकता हो । पछिल्लो समयमा यस क्षेत्रबाट प्रदान हुँदै आएको सेवामा सङ्ख्यात्मक वृद्धि तथा पहुँच विस्तार उत्साहजनक रह्यो भने गुणात्मक सुधारका लागि थप प्रयास जारी रहेको छ । टेलिफोन घनत्व ११०.३ प्रतिशत, इन्टरनेट ग्राहक घनत्व ४६.५ प्रतिशत र रेडियोको राष्ट्रिय प्रसारणमा पहुँच ८८ प्रतिशत पुगेको छ । मुलुकलाई अल्पविकसित मुलुकबाट स्तरोन्नति गरी विकासशील राष्ट्रको पङ्क्तिमा उभ्याउन सूचना र सञ्चारको महत्वलाई हृदयङ्गम गरी यस क्षेत्रको विकासमा जोड दिनुपरेको छ ।

### २. चुनौती तथा अवसर

#### चुनौती

ग्रामीण स्तरसम्म दूरसञ्चार सेवाको पहुँच विस्तारसँगै गुणस्तर कायम गर्नु र सरकारको स्वामित्वमा रहेका आमसञ्चार माध्यमहरूलाई व्यावसायिक, प्रतिस्पर्धी, गुणात्मक, आधुनिक प्रविधियुक्त र विकेन्द्रित गर्दै स्वनिर्भर तुल्याउनु एक प्रमुख चुनौतीको रूपमा देखिएको छ । हुलाक सेवाको पुनर्संरचना गरी बहुउपयोगी संस्थाको रूपमा विकास गर्नु, सूचना तथा सञ्चार मन्त्रालय तथा मातहतका निकायहरूको ऐतिहासिक महत्वका वस्तु र सेवाहरूलाई डिजिटल अर्काइभमा सुरक्षित राख्नु, विद्युतीय सञ्चार माध्यमको अनुगमन गर्नु, सुरक्षण मुद्रणसम्बन्धी कार्य स्वदेशमा गर्न आवश्यक पूर्वाधार तयार गर्नु, प्रसारण संस्थाले प्रसारण गर्ने विषयवस्तु, त्यसको गुणस्तर, त्यसमा गरेको लगानी, प्रयोग भएको प्रविधि र जनशक्तिको बारेमा अनुगमन गर्नु, नेपाल टेलिकमको राष्ट्रव्यापी पहुँच विस्तार गर्नु र सार्वजनिक निकायमा रहेको सूचनालाई डिजिटाइज्ड गरी अनलाइनबाट सूचना प्रवाह गर्नु यस क्षेत्रका अन्य चुनौतीहरू हुन् ।

#### अवसर

सूचना तथा सञ्चारको माध्यमबाट जनताको सुसूचित हुन पाउने संवैधानिक हकको प्रत्याभूति हुनु, सेवा प्रभावकारिता बढाउन शासन संयन्त्रलाई बढी सहभागितामूलक एवम् पारदर्शी बनाउनु,

सार्वजनिक प्रसारणलाई समावेशी, निष्पक्ष, स्वतन्त्र र स्वायत्त बनाई धार्मिक, सांस्कृतिक र भाषिक अतिक्रमणलाई रोकी राष्ट्रिय एकता प्रवर्द्धन गर्न सकिने वातावरण बन्नु, राज्यको खुला नीतिका कारण निजी क्षेत्रका सञ्चार माध्यमहरूले देशव्यापी रूपमा प्रसारण गर्नु र इन्टरनेटको बढ्दो प्रयोगले विकास प्रक्रिया सहज हुनु यस क्षेत्रका अवसरहरू हुन् ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

नवीन प्रविधिहरूको अधिकतम उपयोग गर्दै सूचना तथा सञ्चार सेवामार्फत सामाजिक, सांस्कृतिक विकास तथा आर्थिक समृद्धि ।

### ३.२ लक्ष्य

मुलुकभरि सूचना तथा सञ्चारको सञ्जाल स्थापना गरी सूचनाको माध्यमबाट आर्थिक विकास, सामाजिक सद्भाव र सांस्कृतिक संरक्षणमा टेवा पुऱ्याउने ।

### ३.३ उद्देश्य

सूचना तथा सञ्चार प्रविधिलाई नवीनतम, भरपर्दो, गुणस्तरीय र पहुँचयोग्य बनाई राष्ट्रको समष्टिगत विकासमा योगदान पुऱ्याउनु ।

### ३.४ रणनीति

१. दूरसञ्चार क्षेत्रमा उपलब्ध भएका नवीनतम प्रविधिको प्रयोग गरी देशभर सर्वसुलभ रूपमा भरपर्दो गुणस्तरीय भ्वाइस एन्ड डाटा सेवा उपलब्ध गराउने ।

२. सार्वजनिक सञ्चार माध्यमहरूलाई प्रतिस्पर्धी, व्यावसायिक, आधुनिक र स्वायत्त बनाउने ।

३. सुरक्षण मुद्रणसम्बन्धी सबै पूर्वाधार तयार गरी मुद्रण विभागलाई सुरक्षण मुद्रणालयका रूपमा विकास गर्ने ।

४. सामाजिक तथा सांस्कृतिक मूल्य, मान्यता, सद्भाव, सहिष्णुता र राष्ट्रिय एकता प्रवर्द्धन हुने तथा नेपालको सांस्कृतिक विविधताको संरक्षण र प्रवर्द्धन हुने खालका मौलिक एवम् आधुनिक चलचित्र निर्माण गर्न जोड दिने ।

५. सङ्घीय संरचनाबमोजिम हुलाक सेवाको पुनर्संरचना गरी थप आधुनिक, व्यावसायिक, प्रतिस्पर्धी तथा बहुउपयोगी बनाउने ।

६. जनताको सुसूचित हुन पाउने सूचनाको हकको प्रत्याभूति गर्न उचित व्यवस्था मिलाउने ।

७. पूर्ण प्रेस स्वतन्त्रताको सम्मान गर्दै आमसञ्चार माध्यमहरूलाई मर्यादित, जिम्मेवार र उत्तरदायी बनाउने ।

### ३.५ कार्यनीति

१. दूरसञ्चार क्षेत्रको समग्र विकासका लागि आवश्यक पर्ने नीतिगत, कानुनी नियमनका क्षेत्रमा समयोचित सुधार गरिनेछ । (१)

२. ब्रोडब्यान्ड सेवाको राष्ट्रव्यापी पहुँच सुनिश्चित गर्न राष्ट्रिय ब्रोडब्यान्ड पूर्वाधार र ब्रोडब्यान्ड इन्टरनेट पहुँच सञ्जालको विकास, विस्तार तथा स्तरोन्नति गरिनेछ । (१)
३. विपद्को अवस्थामा पनि सार्वजनिक प्रसारणलाई अवरुद्ध नहुने व्यवस्था मिलाइनेछ । (२)
४. प्रसारण प्रविधिमा विविधता कायम गरी Internet Protocol Television (IPTV), Multichannel Multipoint Distribution Service (MMDS) तथा भूउपग्रह प्रविधिको प्रयोग गरिनेछ । (२)
५. रेडियो नेपाल र नेपाल टेलिभिजनलाई सार्वजनिक प्रसारण सेवामा रूपान्तरण गर्न कानुनी तथा संस्थागत व्यवस्था गरी डिजिटल प्रविधिमा आधारित प्रसारण प्रारम्भ गरिनेछ । (२)
६. गोरखापत्रका प्रकाशनहरूलाई क्षेत्रीय स्तरसम्म विस्तार गर्दै लगी प्रकाशनको विद्युतीय अभिलेखीकरण गरी अनलाइनको माध्यमबाट पाठक एवम् अध्येताहरूको पहुँचमा पुऱ्याइनेछ । (२)
७. सार्वजनिक सञ्चार माध्यमको व्यावसायिक कार्ययोजना बनाई स्रोतहरूको अधिकतम प्रयोग गरी सञ्चार सेवा विस्तार र सुदृढीकरण गरिनेछ । (२)
८. सार्वजनिक प्रसारणको पहुँच स्थानीय स्तरसम्म पुऱ्याइनेछ । (२)
९. सुरक्षण मुद्रणसम्बन्धी कार्य स्वदशमै गर्न आवश्यक कानुनी एवम् भौतिक पूर्वाधार र संस्थागत व्यवस्था गरी मुद्रण प्रारम्भ गरिनेछ । (३)
१०. चलचित्रको उत्पादन, वितरण र प्रदर्शनमा प्रतिलिपि अधिकारको व्यवस्थापन, संरक्षण र कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन सम्बद्ध पक्षहरूबीच विधिसम्मत सम्झौता गर्ने/गराउने पद्धतिको विकास गरिनेछ । (४)
११. नेपाली चलचित्रहरूलाई संरक्षित गर्न डिजिटाइजेसन, चलचित्र पुस्तकालय र राष्ट्रिय चलचित्र सङ्ग्रहालयको स्थापना गरिनेछ । चलचित्र क्षेत्रमा बक्सअफिस सेवा लागु गरिनेछ । (४)
१२. कुनै पनि हुलाक कार्यालयबाट ग्राहकलाई बचत र ऋणको सेवा पाउने प्रणालीमा आबद्ध गरी हुलाक बचत बैङ्कको लगानीको क्षेत्र र सेवा विस्तार गरिनेछ । (५)
१३. टेलीसेन्टर र अतिरिक्त हुलाकलाई हुलाक कार्यालयसँगको आबद्धता रहने गरी स्रोत साधन र जिम्मेवारीसहित स्थानीय निकायमा हस्तान्तरण गरिनेछ । (५)
१४. सूचनाको हकको कार्यान्वयन गर्नका लागि राष्ट्रिय सूचना आयोगलाई प्रभावकारी र सक्षम बनाइनेछ । (६)
१५. सार्वजनिक निकायबाट प्रत्येक चार महिनामा आफूले गरेका कार्यहरू सार्वजनिकीकरण गर्ने पद्धतिको विकास गरिनेछ ।
१६. विभिन्न निकायहरूका ऐतिहासिक महत्वका वस्तु र सेवाहरूलाई डिजिटल अर्काइभमा सुरक्षित गरिनेछ । (६)
१७. प्रेस काउन्सिल नेपाललाई सुदृढीकरण गर्दै यसको भूमिका र सेवा विस्तार गरिनेछ । (७)

**३.६ प्रमुख कार्यक्रमहरू**

**क. सूचनाको हकको कार्यान्वयन**

१. सूचनाको हकसम्बन्धी ऐन नियमावलीमा सुधार तथा प्रभावकारी कार्यान्वयन ।

२. सूचनाको हकको कार्यान्वयन र अभ्यासको परीक्षण ।

३. लोककल्याणकारी विज्ञापनमा सूचनाको हकसम्बन्धी सन्देशमूलक सामग्रीको प्रकाशन र प्रसारण ।

४. सूचना माग भएको र प्रवाह भएको तथ्याङ्क हुलाक प्रशासनमार्फत लिने प्रणाली स्थापना ।

**ख. दूरसञ्चार क्षेत्रको विकास**

१. दूरसञ्चार सेवा प्रदायकको मर्जर तथा एक्विजिसन र क्रस होल्डिङ र पूर्वाधार सह-प्रयोगसम्बन्धी कानुन निर्माण र कार्यान्वयन ।

२. अप्टिकल फाइबर र टेरेस्ट्रियल माइक्रोवेभ नेटवर्कको विकास, विस्तार र स्तरोन्नति ।

३. राष्ट्रव्यापी ब्रोडब्यान्ड इन्टरनेटको पहुँच सञ्जाल निर्माण गर्न तार वा तेस्रो वा चौथो पुस्ता प्रविधिको विस्तार ।

४. ब्रोडब्यान्ड पहुँचसहित सामुदायिक सूचना एकाइ स्थापना ।

५. नेपाललाई प्राप्त अर्बिटल स्लट प्रयोग गरी भू-उपग्रह प्रक्षेपणसम्बन्धी कार्यको सुरुवात ।

**ग. छापा तथा विद्युतीय सञ्चार माध्यमको विकास, विस्तार र सुदृढीकरण**

१. कानुनी तथा संरचनात्मक व्यवस्था गरी आमसञ्चार नीति, २०७३ को कार्यान्वयन ।

२. गोरखापत्र, नेपाल टेलिभिजन, रेडियो नेपाल, प्रेस काउन्सिल तथा राष्ट्रिय समाचार समितिलाई डिजिटल प्रविधिमैत्री बनाउने ।

३. पत्रकारितासम्बन्धी प्रशिक्षण सञ्चालन तथा पत्रकार वृत्ति कोष स्थापना । प्रेस काउन्सिललाई मिडिया परिषद्मा पुनर्गठन र आमसञ्चार अध्ययन प्रतिष्ठान स्थापना ।

४. सञ्चार प्रतिष्ठान र अनलाइन सञ्चार माध्यमहरूको नियमन ।

५. स्वनियमन र अनुगमनका आधारहरूको विकास तथा कार्यान्वयन ।

६. रेडियो नेपाल र नेपाल टेलिभिजनमा आपत्कालीन प्रसारण प्रणाली स्थापना ।

७. एफ.एम. रेडियोहरूको प्रसारण क्षेत्र स्थानीय तहसम्म विस्तार ।

**घ. हुलाक सेवाको विकास र आधुनिकीकरण**

१. हुलाक सेवामा निजी क्षेत्रको नियमनको लागि कानुन तथा संरचना निर्माण ।

२. डाँक रेखा पुनरावलोकन र द्रुत डाँकसेवाको विस्तार ।

३. काठमाण्डौ, भक्तपुर र ललितपुरलाई एकै हुलाक क्षेत्र मानी उपत्यकाको हुलाक सेवालाई गोस्वारा हुलाकमार्फत सञ्चालन ।

४. काठमाण्डौ उपत्यका र सबै उपमहानगरपालिकाहरूमा हुलाक सेवा केन्द्र स्थापना ।

५. हुलाक बचत बैङ्कको लगानीको क्षेत्र र सेवा तथा धनादेश सेवा र काउन्टर अटोमेसन विस्तार ।

६. टेलिसेन्टर र अतिरिक्त हुलाकको स्थानीय तहमा निक्षेपण ।

७. युवा लक्षित सूचना प्रविधि तालिम, सूचना प्रविधि मेला र प्रदर्शनी सञ्चालन ।

**ङ. मुद्रण व्यवस्था**

१. सुरक्षण मुद्रणसम्बन्धी कानुनी र संस्थागत आधार तयार गरी राहदानी, अन्तःशुल्क स्टिकर, ऋणपत्र, चेकबुकलगायतका सामग्रीहरूको मुद्रण ।

२. नेपाल राजपत्रलाई डिजिटाइजेसन गरी वेबसाइटबाट हेर्न सकिने व्यवस्था ।

३. निजी क्षेत्रका मुद्रणालयको नियमन ।

**छ. चलचित्र क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन**

१. राष्ट्रिय चलचित्र नीतिको कार्यान्वयन तथा चलचित्रसम्बन्धी मापदण्ड र वर्गीकरण ।

२. चलचित्र पुस्तकालय र सङ्ग्रहालय स्थापना तथा चलचित्रको वितरण र प्रदर्शनमा बक्सअफिस प्रणाली लागु ।

३. दोलखालगायत विभिन्न क्षेत्रमा सुविधासम्पन्न चलचित्र नगरी तथा छायाङ्कन स्थल निर्माण प्रारम्भ ।

४. चलचित्रकर्मी परिचयपत्र वितरण र वृत्तिकोष स्थापना ।

**ज. सूचना प्रविधि तथा सञ्चार पूर्वाधार विकास**

१. सञ्चारसम्बन्धी विभिन्न निकायहरू र सामुदायिक सूचना केन्द्रको पूर्वाधार निर्माण ।

२. अप्टिकल फाइबर नेटवर्क निर्माण तथा विस्तार ।

३. माईक्रोवेभ ट्रान्समिसन सिस्टम निर्माण ।

४. सेटेलाइटमा आधारित भिस्याट लगायत स-साना उपकरणको जडान र टर्मिनलको व्यवस्था ।

५. आमसञ्चार माध्यमको विद्युतीय अनुगमन ।

## ४. अपेक्षित उपलब्धि

योजना अवधिमा टेलिफोन घनत्व ११७ प्रतिशत र इन्टरनेट घनत्व ६५ प्रतिशत पुगेको हुनेछ । सबै जिल्ला सदरमुकाम तथा नगरपालिकामा अप्टिकल फाइबर सञ्जाल पुगेको, आधारभूत पिएसटिएन टेलिफोनको ग्राहक सङ्ख्या १० लाख पुगेको र तेस्रो तथा चौथो पुस्ता सेवा देशका प्रमुख सहरहरूमा विस्तार भएको हुनेछ । सबै जिल्लामा सामुदायिक सूचना केन्द्रको विस्तार भएको, रेडियो नेपालको प्रसारण शत प्रतिशत भू-भागमा भएको र नेपाल टेलिभिजनका च्यानलहरूबाट सार्वजनिक सरोकारका विषयवस्तुहरू प्रसारण भएको हुनेछ । त्यसैगरी ४०१ हुलाक टेलिसेन्टरको क्षमता विकास भएको र वैदेशिक डाँक सेवा ५० देशमा पुगेको हुनेछ । चलचित्र वितरण र प्रदर्शनमा बक्सअफिस प्रणाली लागु भएको, हुलाक सेवा पुनर्संरचना भई व्यावसायिक तथा विविधीकरण भएको तथा अनलाइन सेवा व्यवस्थित भएको हुनेछ । समग्रमा आमसञ्चार माध्यम व्यावसायिक, मर्यादित र जिम्मेवार भएको, जनताको सुसूचित हुने अधिकार संरक्षित भएको र सार्वजनिक तथा निजी सञ्चार माध्यमबाट मुलुकको सांस्कृतिक मूल्य-मान्यता संरक्षण तथा सामाजिक सद्भाव अभिवृद्धि गर्न मद्दत पुगेको हुनेछ ।

## ५.४ भवन, आवास तथा सहरी विकास

### ५.४.१ भवन तथा आवास

### १. पृष्ठभूमि

निजी क्षेत्रसमेतको सक्रियतामा सबैका लागि क्षमतानुसारको सुरक्षित आवासको व्यवस्था गर्न किफायती, वातावरणमैत्री तथा भूकम्पको जोखिममुक्त सार्वजनिक तथा निजी भवनहरू निर्माण तथा विकास गर्नुपर्ने आवश्यकता रहेको छ । २०७२ वैशाखमा गएको विनाशकारी भूकम्प र यसले पुऱ्याएको क्षतिलाई समेत मध्यनजर गरी भवन संहितालाई कडाइका साथ कार्यान्वयन गर्ने तथा भएका भवनहरूको जोखिम परीक्षण गरी आवश्यकतानुसार सबलीकरण गर्नु उत्तिकै जरूरी छ । प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुने संवैधानिक प्रावधानअनुसार समेत सबैका लागि सुरक्षित, पर्याप्त र औकातअनुसारको आवास उपलब्ध गराउने दूरदृष्टिसहितको राष्ट्रिय आवास नीति, २०६८ को प्रभावकारी कार्यान्वयन गर्नुपर्नेछ ।

राष्ट्रिय जनगणना, २०६८ अनुसार नेपालमा कुल ४७ लाख ६७ हजार घर/भवन (आवासीय संरचना) रहेका छन्, जसमा ५४ लाख २७ हजार परिवार बसोवास गर्दछन् । आवासीय घरहरूमध्ये ३३ प्रतिशत अस्थायी प्रकृतिका छन्, जसमध्ये ८५.२६ प्रतिशत घरपरिवार आफ्नै स्वामित्वको घरमा बस्दछन् । विगत १५ वर्षमा घरभाडामा बस्नेको हिस्सा २ प्रतिशतबाट बढेर १२.८१ प्रतिशत पुगेको छ । अति विपन्न लक्षित वर्गका लागि सरकारबाट जनता आवास कार्यक्रम र व्यावसायिक क्षेत्रमा आवास एकाइ निर्माण कार्य अघि बढेको छ । स्थानीय निर्माण सामग्री र प्रविधि प्रयोग गरी बनाइएका सरकारी भवनहरूको प्रारूप तयार गरी किफायती आवासका विभिन्न नमुनाहरू तयार भएका छन् । भूकम्प पीडित परिवारहरूका लागि सरकारको अनुदान सहयोगमा सुरक्षित आवास निर्माण सुरु भएको छ ।

### २. चुनौती तथा अवसर

**चुनौती**

सुरक्षित बस्ती विकासका लागि जग्गा प्राप्त गर्नु तथा जोखिममा रहेका बस्ती स्थानान्तरण गर्नु, स्थानीय निर्माण सामग्रीहरूको गुणस्तरमा सुधार ल्याउन आवश्यक अनुसन्धान गरी मापदण्ड तयार गर्नु र समयानुकूल आवास तथा भवन क्षेत्रमा नयाँ प्रविधिहरूको प्रयोग गर्नु, राष्ट्रिय भवन संहिताको पालन गरी सबै किसिमका भवन सुरक्षित तवरले निर्माण गर्नु, सरकारी भवनको निर्माण कार्य एकद्वार प्रणालीबाट सम्पादन गराउनु, न्यून आय वर्गका लागि सुरक्षित बसोवासको व्यवस्था गर्नु, ठूलो सङ्ख्यामा आवश्यक पर्ने सिकर्मी र डकर्मीहरूलाई भवन निर्माण प्रविधि र भवन संहितासम्बन्धी तालिम दिई दक्ष बनाउनु, ठूलो सङ्ख्यामा रहेको आवासको माग पूरा गर्नु र भूकम्पबाट आवासको क्षेत्रमा भएको क्षतिलाई सम्बोधन गरी सबैलाई सुरक्षित, सुलभ र व्यवस्थित आवास उपलब्ध गराउनु प्रमुख चुनौती रहेको छ ।

**अवसर**

सरकारी भवनको निर्माण, मर्मत सम्भार, रेखदेख र सुरक्षासम्बन्धमा मन्त्रिपरिषद्बाट एकीकृत कार्यालय भवन निर्माणसम्बन्धी नीतिगत निर्णय हुनु, संयुक्त आवास भवन निर्माण स्वीकृति तथा

अनुगमन कार्यविधि, २०७० स्वीकृत गरी कार्यान्वयन गरिनु, संयुक्त आवास, सामूहिक र योजनाबद्ध आवाससम्बन्धी मापदण्ड तयार गरिनु, भवन मर्मत सूचना प्रणाली सफ्टवेयर विकास गरिनु, भूकम्पबाट क्षतिग्रस्त भवनहरूको पुनर्निर्माण गर्ने क्रममा निर्माण हुने नयाँ संरचना र आवासलाई व्यवस्थित र प्रकोपप्रतिरोधी बनाउने प्रतिबद्धता सबै क्षेत्रबाट आउनु प्रमुख अवसरहरू हुन् ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

सबै नागरिकको सुरक्षित, सुलभ र व्यवस्थित आवासमा पहुँच ।

### ३.२ लक्ष्य

वातावरणमैत्री, सुरक्षित र सुलभ सार्वजनिक भवन तथा निजी आवासको विकास गर्ने ।

### ३.३ उद्देश्य

१. व्यवस्थित बस्ती विकास गरी सबैका लागि सुलभ, सुरक्षित र वातावरणमैत्री आवासको प्रवर्द्धन गर्नु ।

२. भू-कम्पलगायत सबै प्रकारका प्रकोपप्रतिरोधी सार्वजनिक तथा निजी भवनहरू निर्माण गर्नु ।

### ३.४ रणनीति

१. विपन्न र सीमान्तीकृत वर्ग तथा जोखिममा रहेका नागरिकका लागि सुरक्षित, किफायती र वातावरणमैत्री आवास सुविधाको व्यवस्था गर्ने ।

२. सार्वजनिक-निजी साझेदारीसमेतमा वातावरणीय दृष्टिले सन्तुलित, वित्तीय दृष्टिले सम्भाव्य र प्राविधिक दृष्टिले उपयुक्त एवम् सुरक्षित बस्ती विकास तथा भवन निर्माणलाई प्रोत्साहित गर्ने ।

३. सरकारी सेवालाई एकीकृत, सुलभ र सहज बनाउन एकीकृत प्रशासनिक क्लस्टर तथा भवनको विकास गर्ने ।

४. भूकम्पलगायतका सबै प्रकारका विपद् जोखिम न्यूनीकरण गर्न आवास र बस्ती विकास गर्ने ।

### ३.५ कार्यनीति

१. द्वन्द्व पीडित, अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठ नागरिक, सडक बालबालिकालगायत जोखिममा रहेका व्यक्तिहरूका लागि विशेष सामाजिक आवासको विकास गरिनेछ । (१)

२. अति विपन्न तथा सीमान्तीकृत वर्गका लागि 'जनता आवास कार्यक्रम' सबै प्रदेशमा विस्तार गरिनेछ । (१)

३. छरिएर रहेको बसोवासलाई व्यवस्थित गर्न पूर्वाधारसहितको नमुना एकीकृत बस्ती विकासको कार्य अगाडि बढाइनेछ । (२)

४. राष्ट्रिय भू-उपयोग नीतिअनुसार अनियन्त्रित बस्ती विकास र विस्तारलाई व्यवस्थित बनाउन 'बस्ती विकास प्रवर्द्धन क्षेत्र' र 'बस्ती विकास निषेधित क्षेत्र' को रूपमा छुट्याउने व्यवस्था मिलाइनेछ । (२)

५. 'सबैका लागि सुरक्षित र सुलभ आवास' लक्ष्य हासिल गर्न सुरक्षित र सुलभ आवास निर्माणलाई प्रोत्साहन गरिनेछ । (२)

६. सार्वजनिक-निजी साझेदारीमा ठूलो सङ्ख्यामा आवास तथा सहकारी आवासहरू निर्माण गरिनेछ । (२)

७. सार्वजनिक र निजी भवन निर्माण गर्दा राष्ट्रिय भवन संहिताको कार्यान्वयनमा जोड दिइनेछ । (२)

८. स्थानीय प्रविधि र उपलब्ध निर्माण सामग्रीहरूको प्रयोगलाई प्राथमिकता दिई प्रचलित भवन डिजाइन र प्रविधिको लागि आवश्यक मापदण्डको विकास गरिनेछ । (२)

९. घरजग्गा बहाललाई व्यवस्थित गर्न तथा निजी तथा सहकारी लगानीमा 'बहाल भवनहरू' निर्माण र सञ्चालन गर्न घरजग्गा बहालसम्बन्धी कानुनको निर्माण गरिनेछ । (२)

१०. प्रशासनिक सेवा सहज र मितव्ययी बनाउन प्रशासनिक प्लाजा एवम् एकीकृत सरकारी भवन स्थानीय स्तरसम्म निर्माण गरिनेछ । (३)

११. विभिन्न भूगोललाई सुहाउँदो नमुना भवनको नक्सा तयार गरिनेछ । (३)

१२. सुरक्षित आवास एवम् भवन निर्माणका लागि सिकर्मी तथा डकर्मी तालिमका साथै जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ । (४)

१३. समुदायको क्षमता अभिवृद्धि गरी भूकम्पलगायतका प्रकोपबाट हुने जीउधनको नोक्सानी तथा जोखिम न्यूनीकरण गर्न तालिम कार्यक्रम सञ्चालन गरिनेछ । (४)

१४. भवन तथा आवास निर्माणका क्षेत्रमा प्रयोग हुन सक्ने अझ किफायती, सुरक्षित र वातावरणमैत्री निर्माण सामग्री र नवीनतम प्रविधिको प्रवर्द्धनका लागि नियमित अनुसन्धान र विकास कार्यमा शैक्षिक प्रतिष्ठानलाई परिचालन गरिनेछ । (४)

## ३.६ प्रमुख कार्यक्रमहरू

### क. नीतिगत सुधार

१. सहकारी आवाससम्बन्धी नीति तथा निर्देशिका तर्जुमा ।

२. सरकारी एवम् सार्वजनिक भवन, मठमन्दिर एवम् अन्य धार्मिक सम्पदाहरूको नियमित मर्मतसम्भार गर्ने निर्देशिका तर्जुमा तथा कार्यान्वयन ।

३. 'प्रधानमन्त्री आवास योजना' सञ्चालन कार्यविधिको तयारी तथा आवास निर्माण प्रारम्भ ।

### ख. व्यवस्थित बस्ती विकास तथा आवास व्यवस्थापन

१. छरिएर रहेको बसोवासलाई व्यवस्थित गर्न पूर्वाधारसहित नमुना एकीकृत बस्ती विकास ।

२. क्षमता विकासअर्न्तगत स्थानीय निकाय, निर्माण व्यवसायी, कालिगढहरूलाई भवन संहिता तथा भूकम्पप्रतिरोधी भवन निर्माणसम्बन्धी सीपमूलक तालिम र प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन ।

**ग. लक्षित वर्गका लागि आवास व्यवस्था**

१. दलित, सीमान्तकृत, गरिब, ग्रामीण क्षेत्रमा लक्षित जातजाति तथा वर्ग समुदायका लागि आवास संरचनाहरूलगायत जनता आवास निर्माण ।
२. विशेष आवासअर्न्तगत सबै प्रदेशमा जेष्ठ नागरिक आवास एवम् सामुदायिक आवास निर्माण ।
३. सहरी गरिबी निवारणको लागि गरिब लक्षित पूर्वाधार निर्माण र व्यवसाय विकाससम्बन्धी कार्यक्रम सञ्चालन ।

**घ. सरकारी भवन तथा आवास व्यवस्थापन**

१. केन्द्रीय प्रशासनिक प्लाजा, एकीकृत तथा अन्य सरकारी भवन, व्यवस्थापिका संसद् भवन, मन्त्रालय भवन, सर्वोच्च अदालत, महान्यायाधिवक्ताको कार्यालयको भवन निर्माण ।
२. अन्तर्राष्ट्रिय, राष्ट्रिय र क्षेत्रीय स्तरका सभा हलहरूको निर्माण ।
३. व्यवस्थापिका संसद्-सदस्य तथा उच्च पदस्थ पदाधिकारीका लागि आवास निर्माण ।
४. प्रादेशिक संरचनाको लागि आवश्यक पर्ने सरकारी भवन तथा आवासका लागि प्रारम्भिक कार्य ।
५. प्राचीन तथा राणाकालीन भवनहरूको पुनर्निर्माण र अन्य भवनहरू प्रबलीकरण ।
६. सीमाक्षेत्रमा एकीकृत जाँच चौकीहरू निर्माण ।

### ४. अपेक्षित उपलब्धि

जनता आवास कुल २०,००० निर्माण भएको र १४ ओटा विशेष आवास, जेष्ठ नागरिक आवास र सामुदायिक आवास निर्माण भएको हुनेछ । प्रधानमन्त्री आवास योजनाअन्तर्गत ३,००० आवास एकाइ निर्माण सुरु भएको र पूर्वाधारसहितको ७ ओटा नमुना एकीकृत बस्ती विकास भएको हुनेछ । केन्द्रीय निकायका लागि ३ ओटा प्रशासनिक प्लाजा निर्माण कार्य सुरु भएको, २१ ओटा एकीकृत सरकारी कार्यालय भवन, ६ ओटा सभाहल र ८० ओटा सरकारी कार्यालय भवन निर्माण भएको हुनेछ ।

## ५.४.२ सहरी विकास

### १. पृष्ठभूमि

नेपालको संविधानले अव्यवस्थित बसोवासलाई व्यवस्थापन गर्ने तथा योजनाबद्ध र व्यवस्थित बस्ती विकास गर्ने नीतिगत व्यवस्था गरेको छ । सहरमा सेवा, सुविधा र अवसरहरू बढी हुने भएकाले मानिसहरूको स्वाभाविक आकर्षण सहरतर्फ हुने गर्दछ । पछिल्लो जनगणनाअनुसार नेपालमा करिब १७ प्रतिशत जनसङ्ख्या नगरपालिका क्षेत्रमा बसोवास गरीरहेको भए तापनि जनगणनाभन्दा पछि थप भएका नयाँ नगरपालिकाहरूसमेत गरेर हाल २१७ नगरपालिकाहरू रहेका छन्, जसअनुसार हाल सहरी क्षेत्रमा बसोवास गरीरहेको जनसङ्ख्या करिब ४२ प्रतिशत रहेको अनुमान छ । सेवा, सुविधा र अवसरहरूको खोजी तथा नयाँ सहरहरूको वृद्धिको कारणले सहरी क्षेत्रको जनसङ्ख्या तीव्र वृद्धि हुँदै

गएको छ । यसको परिणामस्वरूप सहरमा उपलब्ध सीमित आर्थिक-सामाजिक र भौतिक पूर्वाधार सेवाहरूमा अतिरिक्त चाप पर्न गएको छ । सहरको भौगोलिक, प्राकृतिक, सामाजिक, ऐतिहासिक तथा आर्थिक पक्षहरू विश्लेषण गरी सबल पक्षलाई ठम्याई 'एक सहर एक पहिचान' को अवधारणामा सहर सुहाउँदो मौलिक पहिचान झल्कने हिसाबले पहिचानसहितको सहरी विकास योजनाबद्ध ढङ्गले गर्न सकेमा सहरले तुलनात्मक रूपमा बढी लाभ प्राप्त गरी मौलिक किसिमले सहरी विकास अगाडि बढ्नसक्ने देखिन्छ । तसर्थ योजनाबद्ध सहरी विकासमार्फत स्वच्छ, सुरक्षित र समृद्ध पहिचानमय सहरहरूको विकास गरी मागअनुसार नागरिकहरूलाई सर्वसुलभ र भरपर्दो तरिकाले गुणस्तरीय सहरी सेवा तथा सुविधा उपलब्ध गराई सहरी बासिन्दाको जीवनस्तरमा सुधार ल्याउनु आवश्यक भएको छ ।

## २. चुनौती तथा अवसर

### चुनौती

अव्यवस्थित सहरीकरणका भएका स्थानमा आधारभूत सेवा पुऱ्याउनु, नगरोन्मुख बस्तीहरूमा सेवा सुविधा विस्तार गर्नु, जग्गा प्राप्ति प्रक्रिया विकासमैत्री बनाउनु, स्थानीय निकायमा जनप्रतिनिधिहरू नहुँदा पनि सहरी क्षेत्रको विकासमा पर्याप्त ध्यान पुऱ्याउनु, सहरी क्षेत्रमा खानेपानी, ढल निकास, फोहरमैलाको दिगो व्यवस्थापन गर्नु, बढ्दो प्रदूषणका कारण वातावरणीय सन्तुलन कायम राख्नु, सहरी क्षेत्रका नदी किनारा र सार्वजनिक भूमिको अतिक्रमण रोक्नु, सहरी क्षेत्रमा मनोरञ्जनस्थल शौचालय र खुलास्थलको व्यवस्था गर्नु, एकीकृत सहरी व्यवस्थापन तथा सहरी सौन्दर्यका लागि हरियाली र वातावरण संरक्षण गर्नु, दिगो रूपमा आधारभूत सेवा सुविधा उपलब्ध गराउनु र सहरलाई आर्थिक सामाजिक केन्द्रका रूपमा विकास गर्नु प्रमुख चुनौतीहरू हुन् ।

### अवसर

एकीकृत बस्ती विकास तथा घनाबस्ती कार्यक्रमहरू कार्यान्वयनमा ल्याइनु, विभिन्न ५३ ओटा नगरपालिकाहरूमा खानेपानी, सडक, ढल प्रशोधनशाला, बसपार्क तथा अन्य सामाजिक र आर्थिक पूर्वाधार निर्माण कार्यहरूले प्राथमिकता पाउनु, महत्त्वपूर्ण ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलहरूको मर्मत सम्भार तथा संरक्षण कार्यहरू सञ्चालनमा हुनु, नयाँ सहर आयोजना कार्यान्वयनमा आउनु, नगरपालिका घोषणा भएका २४ ओटा जिल्ला सदरमुकामहरू, ३३ ओटा साना सहर (नवघोषित नगरपालिकाहरूमध्ये) तथा सातओटा नगरपालिका नभएका जिल्ला सदरमुकामहरूको भौतिक पूर्वाधार विकास गर्ने कार्यक्रम सञ्चालनमा हुनु, मध्यपहाडी लोकमार्गमा कम्तीमा एक लाख जनसङ्ख्या बस्न मिल्नेगरी आगामी १० वर्षभित्र सहरहरूको विकास गर्ने प्रक्रिया अगाडि बढ्नु र स्मार्टसिटी निर्माणको लागि सम्भाव्यता अध्ययन अगाडि बढ्नुलाई सहरी विकासको अवसरका रूपमा लिन सकिन्छ ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

व्यवस्थित सहरीकरणमार्फत दिगो आर्थिक सामाजिक रूपान्तरण ।

### ३.२ लक्ष्य

पर्याप्त पूर्वाधारसहित सुविधायुक्त व्यवस्थित र पहिचानयुक्त सहरहरूको विकास गर्ने ।

### ३.३ उद्देश्य

१. आधारभूत सुविधायुक्त, व्यवस्थित, सुरक्षित एवम् पहिचानयुक्त सहरको विकास गर्नु ।

२. आर्थिक अवसरहरूको सृजना तथा रोजगारी अभिवृद्धि हुने गरी सहरी क्षेत्रको विकास गर्नु ।

### ३.४ रणनीति

१. आधारभूत पूर्वाधार तथा सुविधासहितको एकीकृत घना बस्ती र सुरक्षित तथा पहिचानयुक्त सहरी क्षेत्रको विकासलाई प्रोत्साहन गर्ने ।

२. भू-उपयोग नीतिमा आधारित भई नगरपालिकाहरूको पूर्वाधार विकास गर्ने ।

३. सहर-गाउँ अन्तरसम्बन्धलाई सुदृढ गर्ने ।

### ३.५ कार्यनीति

१. राजमार्ग नजिक तथा नगरोन्मुख क्षेत्रहरूमा व्यवस्थित सहरहरूको विकास सघन रूपमा गरिनेछ । (१)

२. पूर्वाधार र सेवा सुविधा सम्पन्न घनाबस्तीको विकासलाई प्रोत्साहन गरिनेछ । (१)

३. प्रत्येक सहरलाई छुट्टै पहिचान दिई 'एक सहर एक पहिचान' को रूपमा पूर्वाधार विकास र प्रवर्द्धनको प्रक्रिया अगाडि बढाइनेछ । प्रत्येक प्रदेशमा कम्तीमा दुईओटा सहरलाई पहिचान दिई 'एक सहर एक पहिचान' को रूपमा पूर्वाधार विकास र प्रवर्द्धन गर्न नमुना कार्यक्रम अगाडि बढाइनेछ । (१)

४. प्रमुख सहरहरूमा सम्भावित प्राकृतिक प्रकोप हुनसक्ने ठाउँहरूको नक्सा तयार पार्ने, पूर्वसूचना प्रणालीको विकास गर्ने र प्राकृतिक प्रकोपपछि सर्वसाधारणलाई सुरक्षित उद्धार गर्ने योजना तर्जुमा गरिनेछ । (१)

५. कृषि भूमिको संरक्षणलाई विशेष ख्याल राख्दै हरियाली र खाद्यसुरक्षाको प्रत्याभूति दिलाउन 'खाद्य हरियाली सहर' निर्माण गरिनेछ । (१)

६. सम्भाव्य करिडोर सिटीको स्थापनाद्वारा एकीकृत सहरी विकास कार्यक्रम अघि बढाइनेछ । (१)

७. छानिएका केही सहरहरूलाई स्मार्टसिटीको अवधारणाअनुरूप विकास गरिनेछ । (१)

८. सार्वजनिक, सहकारी, समुदाय र निजी साझेदारीमा 'एकीकृत सहरी सेवा केन्द्र' स्थापना गरिनेछ । (२)

९. नगरोन्मुख गाउँहरूमा पनि भवन निर्माण मापदण्ड र भू-उपयोग मापदण्ड निर्माण गरी लागु गरिनेछ । (२)

१०. स्वीकृत भू-उपयोग नीतिमा आधारित भई नगर क्षेत्रको एकीकृत पूर्वाधार विकास गरिनेछ । (२)

११. सहरी पूर्वाधार तथा सेवाहरूको विकासका लागि निजी क्षेत्रको लगानी र सार्वजनिक-निजी साझेदारीमा लगानी प्रवर्द्धन गरिनेछ । (३)

१२. नगरोन्मुख क्षेत्रहरूमा पूर्वाधार विकास र सहरी सेवाका लागि सम्बद्ध निकायहरूबीच समन्वय कायम गर्दै भौतिक, सामाजिक तथा आर्थिक सम्बन्धको माध्यमबाट सहर-गाउँ अन्तरसम्बन्धलाई सुदृढ गरिनेछ । (३)

१३. सहरी योजना तर्जुमा तथा कार्यान्वयन प्रभावकारी रूपमा गर्नको लागि सम्बन्धित स्थानीय निकायहरूको संस्थागत क्षमता सुदृढीकरण गरिनेछ । (३)

### ३.६ प्रमुख कार्यक्रमहरू

#### क. सघन तथा एकीकृत सहरी विकास

१. नगरपालिकाहरूको आवधिक योजना तथा एकीकृत पूर्वाधार विकास योजनाले पहिचान गरेका कार्यक्रम ।
२. ठूला सहरी कोरिडोरहरू, 'एक सहर एक पहिचान' कार्यक्रम ।
३. खाद्य हरियाली सहरहरू (फुड ग्रिन सिटी), स्मार्ट सिटीहरू र मेगा सिटीहरूको पहिचान तथा एकीकृत पूर्वाधार विकास ।
४. एकीकृत घना बस्ती, सुरक्षित हरित एवम् पहिचानयुक्त सहरी क्षेत्रको विकास ।
५. एकीकृत सहरी सेवा प्रदान गर्नका लागि एकीकृत सहरी सेवाकेन्द्रहरू स्थापना ।
६. दिगो सहरी विकास सूचकाङ्क तयार गरी लागु ।

#### ख. एकीकृत कार्यमूलक योजना तथा कार्यान्वयन

१. नगर क्षेत्रको आवधिक योजना अद्यावधिक एवम् तयारी ।
२. नयाँ नगरपालिकाहरूको एकीकृत सहरी विकास योजना तर्जुमा ।
३. विभिन्न महत्वपूर्ण स्थानहरूको सम्भाव्यता अध्ययन, सहरी विकाससम्बन्धी पूर्वाधारहरूको विस्तृत इन्जिनियरिङ प्रतिवेदन, सहरी नक्साङ्कन अद्यावधिक तथा अध्ययन ।

#### ग. सहरी क्षेत्रको पूर्वाधार तथा क्षमता विकास

१. नगरपालिका नभएका जिल्ला सदरमुकामहरू तथा ग्रामीण बस्तीहरूको एकीकृत पूर्वाधार विकास ।
२. सहरी पार्क एवम् पोखरी निर्माण, सतही नाली र ढल निर्माण, सडक स्तरोन्नति र जग्गा विकास कार्यक्रम सञ्चालन ।
३. भू-उपयोग नीतिमा आधारित भई नगरपालिकाहरूको पूर्वाधार विकास ।
४. काठमाण्डौ उपत्यकाको बाहिरी चक्रपथ निर्माण प्रारम्भ ।
५. मध्यपहाडी र हुलाकी राजमार्गमा व्यवस्थित सहरहरू निर्माण
६. विपद्को समयमा प्रयोग हुने गरी पहिचान भएका स्थानहरूमा आवश्यक पूर्वाधारहरूको निर्माण ।
७. सहरी क्षेत्रमा जेष्ठ नागरिकमैत्री पार्क र सेवाकेन्द्र निर्माण ।
८. काठमाण्डौमा वागमती सङ्ग्रहालय स्थापना ।

९. नगरपालिकाहरूको शासकीय क्षमता अभिवृद्धि ।

**घ. अन्य कार्यक्रम**

१. सहर गाँउको अन्तरसम्बन्ध सुदृढ गरी एकीकृत योजनाबद्ध सहरी विकास मापदण्ड तर्जुमा तथा कार्यान्वयन स्मार्ट भिलेज विकाससम्बन्धी मापदण्ड तयार गरी देशका विभिन्न स्थानहरूमा स्मार्ट भिलेजहरूको विकास ।

### ४. अपेक्षित उपलब्धि

३५ ओटा बसपार्क, ४७७ कि.मि. सतह नाली, ४०० कि.मि. ढल निर्माण, ५०० कि.मि. सडक स्तरोन्नति र १०० हेक्टरमा जग्गा विकास कार्यक्रम कार्यान्वयन भएको हुनेछ । एक सहर एक पहिचानअन्तर्गत १८ ओटा सहरमा एकीकृत सहरी विकास कार्यक्रम सञ्चालन भएको, कम्तीमा १३ ओटा सहरलाई स्मार्टसिटीका रूपमा विकास गर्ने कार्य सुरु भएको, ३ ओटा खाद्य हरियाली सहर (फुड ग्रिन सिटी) का रूपमा विकास गर्ने कार्य सुरु भएको, ७ ओटा एकीकृत सहरी सेवा केन्द्र निर्माण भएको र २१ ओटा सहरी पार्क एवम् पोखरी विकास भएको हुनेछ ।

## ५.५ पुनर्निर्माण

### १. पृष्ठभूमि

२०७२ सालको विनाशकारी भूकम्प तथा तत्पश्चात्का पराकम्पका कारण विभिन्न १४ जिल्लाहरू गम्भीर रूपमा प्रभावित हुनपुगे । उक्त भूकम्पका कारण सार्वजनिक तथा निजी गरी करिब ८ लाख भवन, विद्यालय तथा पुरातात्विक संरचनाहरू पूर्णतः क्षतिग्रस्त भए । ८,८९१ को सङ्ख्यामा मानवीय क्षति भयो भने हजारौं घाइते तथा बेपत्ता भएका छन् । यसरी प्राकृतिक प्रकोपबाट ठूलो धनजनको क्षति पुगेकोले नेपाल सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ-संस्था, मित्रराष्ट्र, दातृनिकाय तथा व्यक्तिहरूको सहयोगमा तत्काल खोज तथा उद्धार र राहतको व्यवस्था गरे तापनि पूर्ण रूपमा क्षतिग्रस्त भई प्रयोगयोग्य नभएका संरचनाहरू, सार्वजनिक भवन, पुरातात्विक स्मारक संरचना, भौतिक पूर्वाधार, विद्यालय एवम् स्वास्थ्य केन्द्रहरूसमेतको पुनर्निर्माण गर्न गराउन राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको गठन भएको छ । भूकम्पद्वारा प्रभावित संरचनाको पुनर्निर्माणसम्बन्धी ऐन-२०७२ बमोजिम गठन भएको यस प्राधिकरणको कार्यावधि ५ वर्ष तोकिएको छ । भूकम्पबाट भएको क्षतिको यकिन गरी आवश्यकताअनुसार पुनर्निर्माण गर्ने, एकीकृत बस्ती विकास गर्ने एवम् कानुनबमोजिम क्षतिपूर्ति प्रदान गर्ने व्यवस्थाका लागि अन्तर्राष्ट्रिय दातृ संस्था तथा मित्रराष्ट्रको पनि उल्लेखनीय सहयोग रहनेछ ।

### २. चुनौती तथा अवसर

#### चुनौती

भूकम्पबाट लाखौँको सङ्ख्यामा ध्वस्त भएका आवास, सांस्कृतिक सम्पदा, भौतिक तथा सामाजिक पूर्वाधारसम्बन्धी संरचनाहरूको समयमा पुनर्निर्माण गर्नु, विपन्न परिवारहरू पनि भूकम्प प्रभावित भएबाट अत्यावश्यकीय सुविधाको रूपमा प्राथमिकतामा राखी सुरक्षित तथा लागत प्रभावकारी आवासको व्यवस्था गर्नु, प्राधिकरणको गठन गरी प्रभावकारी सञ्चालनको लागि आवश्यक आधारभूत कानुनी संरचनाको निर्माण र जनशक्तिको व्यवस्था गर्नमा धेरै समय व्यतीत भइसकेकोले समयमै पूर्ण

रूपमा प्राधिकरणको लक्ष्य हासिल गर्नु, वास्तविक भूकम्प पीडितहरूको सङ्ख्या तथ्यगत रूपमा यकिन गर्नु, प्राधिकरणको कार्य प्रकृतिअनुसार शीघ्र सेवा प्रदान गर्नुपर्ने तर विद्यमान खरिदसम्बन्धी कानुनी व्यवस्था व्यावहारिक नभएको कारण अपेक्षित समयमा निर्माण सम्पन्न गर्नु तथा सरसामान उपलब्ध गराउनमा बिलम्ब हुन गएकोले उत्पन्न जनअसन्तोषलाई सम्बोधन गर्नु चुनौतीपूर्ण छ ।

**अवसर**

अधिकारसम्पन्न राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको गठन छुट्टै ऐनद्वारा भएकोले यसलाई राष्ट्रिय प्राथमिकताको अभियानको स्वरूप दिइनु, पुनर्निर्माणको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोगको प्रतिबद्धता व्यक्त भएकोले स्रोतसाधनको सुनिश्चितता हुनु, साबिकको कमजोर संरचनालाई परिष्कृत गरी दिगो एवम् सुरक्षित संरचनाको रूपमा पुनर्निर्माण गर्ने अवसर प्राप्त हुनु, पुनर्निर्माणको लागि केन्द्र, जिल्ला तथा स्थानीय स्तरमा विद्यमान सरकारी संयन्त्रको परिचालन गरी आयोजना कार्यालयहरू स्थापना र सञ्चालन गरिने भएकोले पर्याप्त विज्ञता तथा जनशक्ति परिचालन गर्ने सम्भावना रहनु, भूकम्पलगायत अन्य प्राकृतिक तथा मानव सिर्जित प्रकोपबाट सुरक्षित संरचना निर्माण गर्नको लागि सम्बन्धित विज्ञ, व्यवसायी तथा जनस्तरमा समेत सचेतना तथा उत्प्रेरणा जगाउने अवसर प्राप्त हुनु आफैँमा ठूलो अवसर हो ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

व्यवस्थित तथा सुरक्षित बस्ती विकासलगायत भौतिक संरचना र आवास भवनहरूको अझ बलियो एवम् अझ राम्रो पुनर्निर्माण ।

### ३.२ लक्ष्य

भूकम्पबाट क्षतिग्रस्त संरचनाको पुनर्निर्माण र जोखिमपूर्ण बस्तीको स्थानान्तरणबाट राष्ट्रिय हित प्रवर्द्धन तथा सामाजिक न्याय प्रदान गर्ने ।

### ३.३ उद्देश्य

भूकम्पबाट क्षतिग्रस्त संरचनाको दिगो, सुरक्षित र योजनाबद्ध रूपमा यथाशीघ्र निर्माण गरी पीडित व्यक्ति तथा समुदायको जनजीवनलाई कम्तीमा पनि प्रकोपपूर्वको अवस्थामा पुनर्स्थापना गर्नु ।

### ३.४ रणनीति

१. प्राथमिकताको आधारमा क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माण तथा बस्ती विकास गर्ने ।

२. जोखिमपूर्ण बस्तीको स्थानान्तरण गर्ने ।

३. पुनर्निर्माण, पुनर्स्थापना तथा बस्ती स्थानान्तरणको योजना कार्यान्वयन गर्न उपयुक्त संयन्त्र स्थापना गर्ने ।

### ३.५ कार्यनीति

१. क्षतिग्रस्त संरचनाहरू तथा बस्तीको यथार्थ अद्यावधिक अभिलेख तथा विवरण तयार गरिनेछ । (१)

२. क्षतिग्रस्त संरचनाको पुनर्निर्माण तथा प्रबलीकरण प्राथमिकता निर्धारण गरी योजना तर्जुमा तथा कार्यान्वयन गरिनेछ । (१)

३. क्षतिग्रस्त बस्तीको भौतिक तथा सामाजिक पूर्वाधार विकास तथा सांस्कृतिक सम्पदा संरक्षणसहितको बृहत्तर योजना तर्जुमा तथा कार्यान्वयन गरिनेछ । (१)

४. भूकम्प पीडित परिवारहरूको आवास निर्माणको लागि अनुदान तथा सरल कर्जाको व्यवस्था गरिनेछ । (१)

५. जोखिमपूर्ण बस्तीको पुनर्निर्माणको सिलसिलामा प्रकोप जोखिम न्यूनीकरणका आधारभूत अवधारणाहरूलाई अवलम्बन गरिनेछ । (१)

६. पुनर्निर्माण तथा पुनर्स्थापना कार्यमा यथाशक्य स्थानीय निर्माण सामग्री, वास्तुकला र सुधारिएको प्रविधिको उपयोग गरिनेछ । (१)

७. जोखिमपूर्ण बस्तीको यथार्थ अद्यावधिक अभिलेख तथा विवरण तयार गरिनेछ । (२)

८. बस्ती स्थानान्तरणको लागि सम्बद्ध पीडित परिवारको आर्थिक सामाजिक संरचनाको आधारमा स्थानान्तरण गर्ने उपयुक्त स्थानको पहिचान गरिनेछ । (२)

९. बस्ती स्थानान्तरण योजना तर्जुमा तथा कार्यान्वयन गरिनेछ । (२)

१०. स्थानान्तरण हुने बस्तीका बासिन्दाको लागि अतिरिक्त सहायता कार्यक्रम कार्यान्वयन गरिनेछ । (३)

११. राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको समन्वय तथा स्वीकृतिमा क्षेत्रगत मन्त्रालयहरूद्वारा पुनर्निर्माण, पुनर्स्थापना तथा बस्ती स्थानान्तरणको कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गरिनेछ । (३)

१२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ निकाय, मित्रराष्ट्र तथा निजी एवम् गैरसरकारी सङ्घसंस्थाहरूबाट उपलब्ध हुनसक्ने सहयोग परिचालन गरिनेछ । (३)

१३. सुरक्षित संरचना निर्माणका लागि विभिन्न क्षेत्रमा कार्यरत विज्ञ, व्यवसायी तथा जनसाधारणका लागि विभिन्न प्रकारको क्षमता अभिवृद्धि तथा प्रचारप्रसारको कार्यक्रम सञ्चालन गरिनेछ । (३)

१४. आवश्यक कानुनी, व्यवस्थापकीय तथा प्रशासनिक संरचनाको स्थापना तथा स्तरोन्नति गरिनेछ । (३)

### ३.६ प्रमुख कार्यक्रमहरू

#### क. भूकम्पपछिको पुनर्निमाण तथा पुनर्स्थापना

१. विपद्पछिको क्षतिको आँकलन (पिडिएनए) र पुनर्निर्माण तथा पुनर्स्थापनासम्बन्धी पञ्चवर्षीय खाका (पिडिआरएफ) मा उल्लिखित कार्यक्रम कार्यान्वयन ।

#### ख. निजी आवास पुनर्निर्माण

१. छनौट सूचीमा परेका ३१ जिल्लाका घरधनीहरूलाई निजी आवास अनुदान वितरण ।

२. गैरसरकारी क्षेत्रसमेतको संलग्नतामा एकीकृत नमुना बस्ती विकास ।

#### ग. बस्ती स्थानान्तरण तथा बस्ती विकास कार्यक्रम

१. मानव बसोवास हुन नसक्ने भनिएका थप ३५८ बस्तीहरूको अध्ययन ।

२. सुरक्षित र एकीकृत बस्ती विकास कार्यक्रम ।

३. गैरसरकारी क्षेत्रसमेतको संलग्नतामा असुरक्षित बस्तीहरूको स्थानान्तरण ।

**घ. शैक्षिक संस्था तथा स्वास्थ्य संस्थाहरूको पुनर्निर्माण**

१. क्षति भएका विश्वविद्यालय तथा विद्यालयहरूको चरणबद्ध पुनर्निर्माण ।

२. स्वास्थ्य सेवा सुचारु रहेका प्रिफेब्रिकेटेड संरचनामा स्वास्थ्य केन्द्र तथा अस्पतालको निर्माण ।

३. क्षतिग्रस्त अस्पताल तथा स्वास्थ्य संस्थाको पुनर्निर्माण ।

**ङ. सांस्कृतिक तथा पुरातात्विक सम्पदा पुनर्निर्माण तथा संरक्षण**

१. विश्व सम्पदा सूची तथा सम्भावित विश्व सम्पदा सूचीमा समावेश सम्पदा क्षेत्रहरूमा सम्पदाको प्रभाव मूल्याङ्कन ।

२. स्थानीय उपभोक्ता समितिको अगुवाइमा बुङ्मती, साँखु, खोकनाजस्ता पुराना बस्तीहरूको पुनर्निर्माण ।

३. धरहरा पुनर्निर्माण ।

**च. सरकारी एवम् सुरक्षा निकायका भवन तथा संरचनाहरूको पुनर्निर्माण**

१. सिंहदरबार, राष्ट्रपति र उपराष्ट्रपति भवनको पुनर्निर्माण डिजाइन तथा थालनी ।

२. नेपाली सेना, प्रहरी र सशस्त्र प्रहरी बलका क्षतिग्रस्त भवन तथा संरचनाको पुनर्निर्माण ।

३. क्षतिग्रस्त सरकारी भवन (स्थानीय निकायसमेत) को संरचना पुनर्निर्माण ।

**छ. अन्य पूर्वाधारहरूको पुनर्निर्माण**

१. ग्रामीण खानेपानी तथा सडक र रणनीतिक सडकहरूको पुनर्निर्माण ।

**ज. पुनर्निर्माणका लागि सामाजिक परिचालन तथा प्रभावित क्षेत्रको आर्थिक विकास**

१. दक्ष जनशक्ति उत्पादन, आयआर्जन र जीविकोपार्जनसम्बन्धी कार्यक्रम ।

२. अल्पकालीन तथा मध्यमकालीन अवधिका निःशुल्क व्यावसायिक सीप विकास तालिम ।

**झ. पुनर्निर्माण प्राधिकरणको सङ्गठनात्मक सुदृढीकरण**

१. विकास साझेदार, दातृ राष्ट्र तथा निकायहरूसँगको समन्वयमा एकीकृत व्यवस्थापन सूचना प्रणालीको विकास ।

२. केन्द्रीय आयोजना कार्यान्वयन एकाइसँग कार्य सम्पादन सम्झौता ।

## ४. अपेक्षित उपलब्धि

यस योजना अवधिमा १७८ प्रिफेब संरचना र १,००० स्थायी संरचनाका सार्वजनिक तथा सरकारी भवन, स्थानीय निकायतर्फ ६० प्रतिशत भवनहरू, नेपाली सेनातर्फ १,१०९ ब्यारेक/भवनहरू, नेपाल प्रहरीतर्फ १२० प्रहरी चौकी र २३ इलाका प्रहरी कार्यालय भवनहरू, सशस्त्र प्रहरी बलतर्फ ३५ भवनहरू, २,९०० ऐतिहासिक पुरातात्विक सम्पदा तथा गुम्बाहरू, ९,००० विद्यालयहरू, १,१००

अस्पताल तथा स्वास्थ्य संस्थाहरू, १०० कि.मि. रणनैतिक सडक, ७०० कि.मि. जिल्लास्तरीय सडक र ५,२०० खानेपानी तथा सरसफाइ आयोजनाको पुनर्निर्माण भएको हुनेछ । कम्तीमा ५ लाख व्यक्तिले अल्पकालीन तथा मध्यमकालीन अवधिका निःशुल्क व्यावसायिक सीप विकास तालिम पाएका हुनेछन् ।

भूकम्पबाट क्षतिग्रस्त संरचना तथा बस्तीहरूको पुनर्निर्माण, मर्मतसम्भार तथा प्रबलीकरण भएको हुने, भूकम्प पीडित परिवारहरूले आवास निर्माणको लागि अनुदान तथा सरल कर्जा सुविधा प्राप्त गरेको हुने, जोखिमपूर्ण बस्तीका बासिन्दाहरूको आर्थिक-सामाजिक संरचनाको आधारमा उपयुक्त स्थानमा स्थानान्तरण भएको हुने, विभिन्न क्षेत्रमा कार्यरत विज्ञ, व्यवसायी तथा जनसाधारणका लागि सञ्चालित क्षमता अभिवृद्धि तथा प्रचार प्रसारको कार्यक्रमबाट सुरक्षित संरचना निर्माणका लागि सचेतना वृद्धि भएको हुनेछ र विभिन्न लक्षित समूहका लागि सञ्चालित कार्यक्रमबाट लाभग्राहीहरूलाई जीविकोपार्जनमा सहयोग पुगेको हुनेछ ।

## ५.६ प्रादेशिक तथा स्थानीय पूर्वाधार

### १. पृष्ठभूमि

सङ्घीयताको सन्दर्भमा स्थानीय पूर्वाधार विकास अझै महत्त्वपूर्ण बनेको छ । प्रादेशिक तथा स्थानीय तहमा वैज्ञानिक र व्यवस्थित योजना तर्जुमा गरी आवश्यक स्थानीय यातायात, खानेपानी, साना सिँचाइ तथा नदी नियन्त्रण, लघु जलविद्युत् तथा वैकल्पिक ऊर्जा, आवास तथा सहरी विकास, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन, फोहरमैला व्यवस्थापनजस्ता स्थानीय पूर्वाधारहरूको निर्माण गर्नुका साथै सदरमुकामहरूलाई सुविधासम्पन्न प्रशासनिक केन्द्रका रूपमा स्थापना गर्नुपर्ने भएको छ । स्थानीय तहहरू र प्रदेशहरूबीचको आर्थिक तथा सामाजिक अन्तरसम्बन्धलाई मजबुत बनाउन तिनीहरूलाई एकआपसमा यातायात, सूचना तथा सञ्चार प्रविधि, स्रोत तथा विचारको आदान-प्रदान र व्यापारिक कारोबारको माध्यमबाट आबद्ध गर्नुपर्ने हुनआउँछ । यसका लागि प्रादेशिक तथा स्थानीय पूर्वाधार निर्माणमा ठूलो मात्रामा लगानी गरी योजनाबद्ध ढङ्गले कार्य गर्नु आवश्यक छ ।

सङ्घीय शासन प्रणालीमा रूपान्तरित हुने क्रममा रहेको मुलुकको विद्यमान सङ्क्रमणकालको अवस्थालाई व्यवस्थापन गर्दै स्थानीय शासनलाई मजबुत तुल्याउन चौधौं योजना सङ्घीयता, स्थानीय स्वायत्त शासन र स्थानीय पूर्वाधार विकासका क्षेत्रहरूमा केन्द्रित रहेको छ । साथै स्थानीय तहमा नागरिकको प्रत्यक्ष र निर्णायक सहभागिताबाट विकास कार्यक्रमहरूको छनोट एवम् सञ्चालन गरी त्यसबाट प्राप्त उपलब्धिबाट आर्थिक सामाजिक रूपान्तरण गर्ने अवस्था सृजना गर्न साधन-स्रोत र प्रयत्नको संयोजित प्रबन्ध गर्नु पनि उत्तिकै आवश्यक देखिन्छ ।

### २. चुनौती तथा अवसर

#### चुनौती

स्थानीय निकायको आन्तरिक आय तथा वित्तीय स्रोतको व्यवस्थापन प्रभावकारी बनाउनु, पूर्वाधार विकासको बढ्दो माग र आवश्यकतालाई व्यवस्थापन गर्नु, पूर्वाधारका कार्यक्रमलाई प्राथमिकतामा राख्नु, सहभागितामूलक योजना पद्धतिको कार्यान्वयन पक्ष मजबुत गरी योजनामा अनुशासन राख्नु,

आयोजना निर्माणलाई गुणस्तरीय बनाउनु, नयाँ घोषणा भएका नगरपालिकाहरूको क्षमता विकास गर्नु, उपभोक्ता समितिलाई मापदण्डको पालना गराउने कार्यमा उत्तरदायी बनाई उनीहरूमार्फत निर्मित पूर्वाधार योजनाहरू दिगो, गुणस्तरीय र वातावरणमैत्री बनाउनु र सडक निर्माणमा भएको लगानीको अनुपातमा उपयोगितामा वृद्धि गर्नु प्रमुख चुनौती देखिएका छन् ।

**अवसर**

नयाँ राजनीतिक विकासक्रम र राज्य पुनर्संरचनाको विद्यमान माहोलले आमजनतामा उमङ्ग, आशा र उत्साह अभिवृद्धि गर्नु, सरकारले पछिल्लो समयमा १५९ नयाँ नगरपालिका घोषणा गरेसँगै तिनमा व्यवस्थित सहरीकरण, योजनाबद्ध बस्ती विकास, पूर्वाधार विकास, राजस्वको दायरामा विस्तार र विकास एवम् सेवा प्रवाहका अवसरहरूमा बढोत्तरी हुनु, स्थानीय तहमा स्रोतसाधनको प्रवाह बढ्दै जानु, स्थानीय आवश्यकतामा आधारित विकास निर्माण र सेवा सुविधाको व्यवस्थापनमा स्थानीय निकायको क्षमता वृद्धि हुनु र समावेशी, सन्तुलित एवम् अधिकारमा आधारित न्यायोचित विकासको प्रारम्भ गर्ने उपयुक्त थलोको रूपमा स्थानीय निकायहरू स्थापित हुनुलाई स्थानीय पूर्वाधार विकासको लागि महत्त्वपूर्ण अवसरका रूपमा लिन सकिन्छ ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

प्रादेशिक तथा स्थानीय पूर्वाधारहरूको विकास गरी सन्तुलित एवम् समावेशी विकास ।

### ३.२ लक्ष्य

प्रदेश तथा स्थानीय तहहरूबीच अन्तरसम्बन्धका आधारमा पूर्वाधारहरूको विकास गरी आर्थिक तथा सामाजिक अवसरहरूमा नागरिकको पहुँच अभिवृद्धि गर्ने ।

### ३.३ उद्देश्य

१. स्थानीय स्तरमा पूर्वाधारहरूको विकास गरी सहज एवम् सर्वसुलभ रूपमा जनतालाई आधारभूत सेवा र सुविधा उपलब्ध गराउनु ।

२. पूर्वाधार विकासबाट स्थानीय स्तरमा आयआर्जन तथा रोजगारीका अवसरहरूमा वृद्धि गर्नु ।

### ३.४ रणनीति

१. स्थानीय श्रम, सीप, स्रोतसाधन तथा प्रविधिलाई उपयोग गरी वातावरणमैत्री पूर्वाधार विकास गर्ने ।

२. स्थानीय जनसहभागिता र जनस्वामित्वमा पूर्वाधार विकास गरी सबैको पहुँच पुऱ्याउने ।

३. प्रादेशिक र स्थानीय सरकारहरूबीच अन्तरसम्बन्ध स्थापना गर्नेगरी पूर्वाधार विकास गर्ने ।

### ३.४ कार्यनीति

१. पूर्वाधार विकास निर्माणमा वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलनलाई अन्तरनिहित विषयवस्तुका रूपमा लागु गरी दिगो विकासको अवधारणा अवलम्बन गरिनेछ । (१)

२. स्थानीय पूर्वाधार विकासका कार्यहरू आवधिक तथा क्षेत्रगत योजना तथा प्राथमिकताका आधारमा मात्र छनोट, निर्माण र सञ्चालनको व्यवस्था गरिनेछ । (१)

३. नगरोन्मुख गाउँमा नदीनाला तथा जमिनजस्ता प्राकृतिक स्रोतलाई प्रदूषणबाट बचाउन एक नगरपालिका एक फोहरमैला प्रशोधन तथा व्यवस्थापन केन्द्र विकास गर्नेगरी निर्माण कार्य अगाडि बढाइनेछ । (१)

४. नगरपालिकाहरूमा एकीकृत सहरी र पूर्वाधार विकासको गुरुयोजना चरणबद्ध रूपमा कार्यान्वयन गर्दै लगिनेछ । (१)

५. गाउँस्तरीय जलसम्पदाहरूको प्रभावकारी तथा न्यायोचित उपयोग गर्न स्थानीय तहमा जलउपयोग गुरुयोजनाहरू तयार गरी खानेपानी, सिँचाइ, साना जलविद्युत् तथा जीविकोपार्जनसम्बन्धी अन्य जलसम्पदामा आधारित क्रियाकलाप सञ्चालन गर्न एकीकृत जलस्रोत व्यवस्थापन तथा पूर्वाधार निर्माण गरिनेछ । (१)

६. सिँचाइ सुविधा विस्तारमा सहकारी तथा सिँचाइ विकास कोषको अवधारणालाई प्रवर्द्धन गरिनेछ । जमिनमुनिको पानी पुनर्भरणसमेत हुने गरी सम्भाव्य स्थलमा 'एक गाउँ एक पोखरी निर्माण' एवम् प्राकृतिक तालहरूको संरक्षण एवम् संवर्द्धनलाई अभियानको रूपमा सञ्चालन गरिनेछ । (१)

७. पूर्वाधार विकास निर्माणका सबै कार्यहरू प्रारम्भ भएको मितिले बढीमा दुई वर्षभित्र सम्पन्न भैसक्ने व्यवस्था मिलाइनेछ (१) ।

८. निर्माणमा प्रयोग हुने सामग्री, निर्माण गरिने समय र त्यसमा संलग्न हुने जनशक्तिको गुणस्तर सुनिश्चित गरी पूर्वाधार निर्माणको समग्र गुणस्तर पक्षमा सुधार गरिनेछ । (१)

९. स्थानीय यातायातलाई भरपर्दो, सुरक्षित र सुविधायुक्त बनाउन सडकको वर्ग र मापदण्डअनुसार क्रमशः दुई लेनको अवधारणामा निर्माण गरिनेछ । ((१)

१०. आयोजनाहरूको दिगो सञ्चालनका लागि नियमित र आकस्मिक मर्मत-सम्भार गर्न आवश्यक कोषको व्यवस्था गरिनेछ । (१)

११. प्रयोग भइरहेका निर्माण प्रविधिको पुनरावलोकन गरी नयाँ, श्रममूलक एवम् यान्त्रिक उपकरणमा आधारित स्पेसिफिकेसन र आधार तयार गरी लागु गरिनेछ । (१)

१२. नयाँ तथा निर्माण भएका स्थानीय पूर्वाधारहरूलाई स्थानीय जनताको जीविकोपार्जन तथा आर्थिक-सामाजिक विकासमा केन्द्रित गराई सञ्चालन एवम् प्रवर्द्धन गरिनेछ । (१)

१३. स्थानीय पूर्वाधार विकासमा जनसहभागिताको माध्यमबाट स्थानीय स्रोत, साधन र सीप परिचालन प्रणालीलाई प्राथमिकता दिई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ । (१)

१४. गुणस्तर सुनिश्चितताका लागि प्रत्येक प्रदेशमा गुणस्तर प्रयोगशालाहरूको स्थापना तथा सञ्चालन गरिनेछ । (१)

१५. प्रत्येक प्रदेशमा कम्तीमा दुईओटा नयाँ प्रादेशिक लोकमार्गको खाका तयार गरिनेछ । (२)

१६. स्थानीय जनता तथा उपभोक्ताको समेत सहभागितामा स्थानीय पूर्वाधारहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ । (२)

१७. स्थानीय तह र प्रदेशहरूमा प्राविधिक सहयोग उपलब्ध गराउन सम्बन्धित प्राविधिक निकायहरूको क्षमता अभिवृद्धि गरिनेछ । (३)

१८. निर्माण भएका सडकहरूमा बाह्रै महिना यातायातलाई सञ्चालनमा ल्याउन नियमित मर्मतसम्भारको भरपर्दो व्यवस्था गरिने र सडक संरचना निर्माण, स्तरोन्नति र ट्र्याक खोल्ने काममा प्रदेश र स्थानीय तहमा समन्वय गरी सन्तुलन मिलाइनेछ । (३)

१९. सम्पूर्ण जिल्लास्तरीय र नगरपालिका सडक गुरुयोजनाहरू भौगोलिक सूचना प्रणालीअनुसार अद्यावधिक गर्दै लगिने तथा गाउँ र प्रदेश स्तरमा समेत सडक गुरूयोजनाहरू क्रमशः तयार गरी कार्यान्वयन गर्दै लगिनेछ । (३)

२०. प्रदेश तथा स्थानीय तहमा आर्थिक-सामाजिक सम्बन्ध स्थापित हुने गरी प्राविधिक रूपमा सम्भाव्य सबै गा.वि.स.मा सडक सञ्जाल पुऱ्याइनेछ । (३)

### ३.६ प्रमुख कार्यक्रमहरू

#### क. पूर्वाधार विकास

१. सङ्घीय तथा प्रादेशिक राजधानी तथा स्थानीय तहका सदरमुकामहरूलाई सुविधा सम्पन्न अत्याधुनिक प्रशासनिक केन्द्रका रूपमा विकास गर्न आवश्यक पूर्वाधारहरूको निर्माण ।

२. सडकहरूको मापदण्ड परीक्षण, नियमित मर्मतसम्भार, घुम्ती तथा मोडहरूमा सुधार, सुरक्षा सङ्केतहरूको प्रयोग एवम् दुर्घटनाग्रस्त क्षेत्रहरूको पहिचान ।

३. स्थानीय सडक सञ्जालमा नजोडिएका गा.वि.स.हरूमा नयाँ ट्र्याक निर्माण एवम् स्तरोन्नति ।

४. भौगोलिक तथा वातावरणीय दृष्टिकोणले सडक सञ्जालमा जोड्न कठिन देखिएका बस्तीहरूको स्थानान्तरण वा वैकल्पिक यातायातको व्यवस्थापनको अध्ययन ।

५. जिल्लाभित्रका बजार केन्द्रसम्म सडक सञ्जाल निर्माण गरी आर्थिक तथा सामाजिक विकासमा सहयोग ।

६. निःशर्त, सशर्त, समपूरक र विशेष अनुदानअन्तर्गत स्थानीय तहमार्फत सडक, ग्रामीण खानेपानी, झोलुङ्गे पुल, सडक पुल, साना सिँचाइ र नदी नियन्त्रण, वैकल्पिक ऊर्जा, सामाजिक पूर्वाधार तथा अन्य पूर्वाधार विकास ।

७. योजनाको दोस्रो वर्षसम्ममा देशभरिका तुइनहरूलाई विस्थापित गरी झोलुङ्गे पुलहरू निर्माण ।

८. नेपाल सरकार, स्थानीय निकाय र उपभोक्ताबीच लागत सहभागिताको आधारमा नगरपालिकाहरूको पूर्वाधार निर्माण (ओभरहेड ब्रिज, सार्वजनिक शौचालय, बसपार्कसमेत) र आर्थिक क्रियाकलाप सञ्चालन ।

९. महानगरपालिका र उपमहानगरपालिका जिपिएसमा आधारित यातायात प्रणाली सुरुवात ।

१०. गाउँ तथा नगर क्षेत्रमा रेल, द्रुत बस सेवालगायतका सार्वजनिक यातायात प्रणालीको अध्ययन, विकास र सञ्चालन ।

११. कृषि, पर्यटनलगायतका क्षेत्रको विकासका लागि स्थानीय पूर्वाधार निर्माण ।

१२. स्थानीय तहमा जलाधार क्षेत्रको संरक्षण, संवर्द्धन र उपयोग ।

१३. नागरिकलाई आधारभूत खानेपानी तथा ढल निकास सुविधा व्यवस्था ।

१४. स्थानीय तहमा विपद् व्यवस्थापनमा पूर्व तयारी लगायतका पूर्वाधार विकास ।

**ख. बस्ती विकास**

१. छरिएर रहेका बस्तीहरूलाई एकीकृत गरी व्यवस्थित बस्ती विकास कार्यक्रम सञ्चालन गर्ने, ग्रामीण क्षेत्रमासमेत जग्गा एकीकरण (ल्यान्ड पुलिङ) र जग्गा विकास ।

२. गा.वि.स. र नगरपालिकामा बसोवास गर्ने भूमिहीन नागरिकहरूको लागि सामूहिक आवास स्थलहरूको पहिचान र विकास ।

३. गा.वि.स. र नगरपालिकाहरूमा सडक तथा घर नम्बर वितरण गर्ने कार्यलाई प्रभावकारी बनाई क्रमशः सबैमा विस्तार ।

**ग. फोहरमैला व्यवस्थापन**

१. फोहोरमैला व्यवस्थापनमा उपयुक्त प्रविधिको विकास र विस्तार गर्दै नगरपालिकाहरूको साझा ल्यान्ड फिल्ड साइटको पहिचान एवम् पूर्वाधारहरूको विकास ।

२. सार्वजनिक-निजी साझेदारीमा स्थानीय निकायहरूमा फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन ।

**घ. वातावरण संरक्षण**

१. वातावरण संरक्षण र सहरी सौन्दर्यको प्रवर्द्धन गर्दै खुला क्षेत्र तथा मनोरञ्जनात्मक स्थलहरूको व्यवस्थापन ।

२. विपद् प्रतिरोधी निर्माण कार्य आदिलाई केन्द्रविन्दुमा राखेर ऐतिहासिक, सांस्कृतिक एवम् पुरातात्विक सम्पदाहरूको संरक्षणसँगै समष्टिगत सहरी विकास ।

३. स्थानीय तहको अगुवाइमा सबै घरपरिवारको संलग्नतामा न्यूनतम आधारभूत र क्रमशः उच्चस्तरका सूचकहरू निर्धारण गरी वातावरणमैत्री विकास र स्वच्छ वातावरण प्रवर्द्धन ।

४. जलवायु परिवर्तनको ग्रहणशीलता अभिवृद्धि गर्न स्थानीय जलवायु परिवर्तन अनुकूलन कार्ययोजनाको प्रभावकारी कार्यान्वयन ।

५. स्थानीय समुदायलाई परिवर्तित जलवायु अनुकूलको जीवनशैली, उत्पादन र उपभोग पद्धतिको अभ्यास गर्न आवश्यक ज्ञान, सीप, क्षमता र प्रोत्साहन ।

## ४. अपेक्षित उपलब्धि

स्थानीय तहको पुनर्संरचना भई नागरिकहरूका लागि प्रवाह हुने सेवा थप प्रभावकारी भएको, समावेशी तथा लक्षित कार्यक्रमहरूको प्रभावकारितामा अभिवृद्धि भई विपन्न, पिछडिएको क्षेत्र र सीमान्तकृत वर्ग तथा समुदाय थप लाभान्वित भएको हुनेछन् । सामाजिक सुरक्षा कार्यक्रम बैंकिङ्ग प्रणालीमा पूर्ण आबद्ध भई व्यवस्थित भएको, बालमैत्री स्थानीय शासन कार्यक्रमबाट बालबालिकाको सर्वाङ्गीण विकासमा उल्लेखनीय सुधार भएको, दिगो आर्थिक-सामाजिक विकास, प्रभावकारी सेवा प्रवाहद्वारा सीप विकास र आयआर्जनका अवसरलाई विस्तार गर्दै गरिबी न्यूनीकरणमा टेवा पुगेको, सचेतना अभिवृद्धि तथा सशक्तीकरण क्रियाकलापहरूमार्फत सार्वजनिक सेवामा सर्वसाधारणको सन्तुष्टि अभिवृद्धि भएको हुनेछ ।

परिच्छेद : ६

# अन्तरसम्बन्धित विकास नीतिहरू

## ६.१ लैङ्गिक समानता, समावेशीकरण र मूल प्रवाहीकरण

### ६.१.१ लैङ्गिक समानता तथा महिला सशक्तीकरण

### १. पृष्ठभूमि

महिलाहरूको आर्थिक, सामाजिक विकास र सशक्तीकरणका लागि संविधानमा महिलाको हक प्रत्याभूत गरिएको छ । लैङ्गिक मूलप्रवाहीकरणका लागि विभिन्न ऐन, नियम, रणनीति र कार्ययोजना कार्यान्वयनमा आएका छन् । विविध सरकारी प्रयासका कारण महिला घरमूली २५.७ प्रतिशत, सम्पत्तिमाथि महिलाको स्वामित्व २६ प्रतिशत, निजामती प्रशासनमा महिलाको प्रतिनिधित्व १७ प्रतिशत, महिला साक्षरता ५७.४ प्रतिशत र श्रम सहभागिता दर ५४ प्रतिशत पुगेको छ । लैङ्गिक असमानता सूचक ०.४८९, महिलाको मानव विकास सूचक ०.५२१ र संसद्मा सहभागिता २९.९ प्रतिशत पुगेको छ । त्यसैगरी सरकारद्वारा सञ्चालित कार्यक्रमहरूमा लैङ्गिक उत्तरदायी बजेट आ.व. २०७२/७३ मा २२.३ प्रतिशत पुगेको छ । अहिले पनि लैङ्गिक हिंसा २६ प्रतिशत र बालविवाह २९ प्रतिशत रहेको छ जुन महिला विकासको अवरोधको रूपमा रहेको छ ।

आमाको नामबाट नागरिकता प्राप्त गर्न सकिने, महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक हुने, महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हक हुने, राज्यका सबै निकायमा महिलाको समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिता रहने, महिलाले शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने, सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने, सङ्घीय संसद् र प्रदेश सभामा निर्वाचित हुने कुल सदस्यको कम्तीमा एकतिहाइ महिला सदस्य हुने, प्रतिनिधि सभाको सभामुख र उपसभामुखमध्ये एकजना र राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षमध्ये एकजना महिला हुने, प्रदेश सभामुख वा प्रदेश उपसभामुखमध्ये एकजना महिला हुने, गाउँ कार्यपालिकामा चारजना तथा नगर कार्यपालिकामा पाँचजना महिला सदस्य रहने, जिल्ला समन्वय समितिमा कम्तीमा तीनजना महिला रहने, गाउँपालिका र नगरपालिकाको प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेगरी गाउँसभा र नगरसभाको गठन हुने, राष्ट्रिय महिला आयोग संवैधानिक निकायको रूपमा रहने र सोका अध्यक्ष र सदस्यहरू महिलामात्र रहनेसमेतका महत्वपूर्ण हक अधिकारहरू नेपालको संविधानमा व्यवस्था गरिएको छ ।

### २. चुनौती तथा अवसर

**चुनौती**

आर्थिक-सामाजिक जीवनमा महिलालाई पुरुषकै हाराहारीमा ल्याउनु, लैङ्गिक हिंसा तथा घरेलु हिंसा घटाउनु, महिलाहरूबीच जातीय, क्षेत्रीय र वर्गीय विभेद समाप्त पार्नु, ग्रामीण महिलाहरूको

आर्थिक अवस्थामा सुधार ल्याउने कार्यक्रम सञ्चालनमा ल्याउनु र बालविवाह, दाइजो प्रथा, छाउपडी र बोक्सीजस्ता कुरीतिजन्य व्यवहार अन्त्य गर्नु यस क्षेत्रका चुनौतीहरू हुन् ।

**अवसर**

लैङ्गिक समानता तथा महिला सशक्तीकरणको लागि कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार ( निवारण) ऐन, २०७१, बोक्सीसम्बन्धी (कसुर र सजाय) ऐन, २०७२ को कार्यान्वयन, सबै सरोकारवाला निकायहरूमा लैङ्गिक सम्पर्क विन्दुहरूको स्थापना, घरेलु हिंसाबाट पीडित महिलाहरूका लागि सुरक्षित अल्पकालीन आश्रयस्थलको व्यवस्था हुनु, सामुदायिक सेवा केन्द्र सञ्चालन हुनु, लैङ्गिक हिंसा निवारण कोष र एकल महिला सुरक्षा कोषको स्थापना तथा सञ्चालन हुनु, अदालतमा लैङ्गिक हिंसासम्बन्धी सुनुवाइका लागि छिटोछरितो प्रक्रिया अवलम्बन गरिनु, संविधानमा महिलासम्बन्धी हकहरूलाई मौलिक हकको रूपमा स्थापित गरिनु र सङ्घदेखि स्थानीय तहसम्म महिला प्रतिनिधित्वको सुनिश्चितता, लैङ्गिक हिंसालाई महिला समानता र सशक्तीकरणको बाधकको रूपमा राज्यद्वारा स्वीकार गरी त्यसको निराकरणको लागि विभिन्न नीति, योजना तथा कार्यक्रम सञ्चालन गरिनुलाई यस क्षेत्रको अवसरको रूपमा लिइएको छ ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

लैङ्गिक समानतामार्फत मर्यादित, न्यायपूर्ण, सुरक्षित र सभ्य समाजको विकास ।

### ३.२ लक्ष्य

सामाजिक र आर्थिक अवसरहरूमा समान सहभागिता सुनिश्चित गरी लैङ्गिक मूलप्रवाहीकरण र सशक्तीकरण गर्ने ।

### ३.३ उद्देश्य

१. सबै वर्ग र क्षेत्रका महिलाहरूको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरण गर्दै महिलाको मुलभूत अधिकार सुनिश्चित गर्नु ।

२. लैङ्गिकतामा आधारित हिंसा, भेदभाव र बहिष्करणको अन्त्य गर्नु ।

३. राजनीतिक, आर्थिक, सार्वजनिकलगायत सम्पूर्ण निर्णायक तहमा महिलाहरूको सार्थक र समान पहुँचका लागि समान अवसरहरूको सिर्जना गर्नु ।

### ३.४ रणनीति

१. लैङ्गिक मूलप्रवाहीकरण गर्दै शासन प्रणालीको प्रत्येक तह र विकास प्रक्रियाका सबै चरणमा महिलाहरूको उल्लेखनीय र निर्णयमा प्रभाव पार्न सक्ने गरी अर्थपूर्ण सहभागिता बढाउने ।

२. लैङ्गिक हिंसा, भेदभाव र बहिष्करण अन्त्यको लागि निरोधात्मक न्यायमा पहुँच र संरक्षणात्मक उपायहरू अवलम्बन गर्ने ।

३. लक्षित तथा सीमान्तकृत महिलाहरूको क्षमता अभिवृद्धि र जीवनस्तर सुधारका लागि संरक्षणात्मक सेवा उपलब्ध गराई सशक्तीकरण गर्ने ।

४. मातृस्वास्थ्य र प्रजनन स्वास्थ्यलगायतका आधारभूत स्वास्थ्य सेवाहरूका बारेमा महिलाको चेतना बढाई ती सेवामा सहज पहुँच सुनिश्चित गर्ने ।

### ३.५ कार्यनीति

१. महिलाहरूको हक अधिकारको संरक्षणको लागि लैङ्गिक हिंसा निवारणलगायत आवश्यक नयाँ कानुनहरूको निर्माण, विभेदकारी कानुनहरूको परिमार्जन र प्रभावकारी कार्यान्वयन एवम् सोको अनुगमन तथा मूल्याङ्कन गरिनेछ । (१)

२. लैङ्गिक समानता र महिला सशक्तीकरणसम्बन्धी नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धि तथा महासन्धिको प्रभावकारी कार्यान्वयन तथा अनुगमन गरिनेछ । (१)

३. विकास कार्यक्रम/आयोजनाहरूलाई बढीभन्दा बढी रोजगारीमूलक र लैङ्गिक दृष्टिले उत्तरदायी बनाउन आयोजनाका सबै चरणमा लैङ्गिक पद्धतिहरूको विकास, कार्यान्वयन र अनुगमन गरिनेछ । (१)

४. मुलुकको प्रशासन तथा नीति निर्माण तहमा महिलाहरूको पहुँच वृद्धि गरी राज्यका सम्पूर्ण संरचनामा महिलाको प्रतिनिधित्व बढाइनेछ । (१)

५. सबै निजी र गैरसरकारी क्षेत्रको नीति निर्माण, कार्यक्रम कार्यान्वयनलगायत प्रतिफलमा महिलाको सारभूत प्रतिनिधित्व सुनिश्चित हुने व्यवस्था गरिनेछ । (१)

६. लैङ्गिक समानता तथा सशक्तीकरणको लागि प्रभावकारी सूचना व्यवस्थापन प्रणालीको विकास गरिनेछ । (१)

७. लैङ्गिक हिंसासम्बन्धी कार्यलाई समाजमा नै दबाबपूर्वक मिलाउने पद्धतिलाई निरुत्साहित गर्न सामुदायिक संस्थाहरूको परिचालन गरिनेछ । (२)

८. लैङ्गिक हिंसाका नयाँ स्वरूपहरूको अध्ययन अनुसन्धानको थालनी तथा लैङ्गिक हिंसामुक्त गा.वि.स./नगर घोषणा गर्नको लागि सूचकहरूको विकास गरिनेछ । (२)

९. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण तथा विभेद र बहिष्करण विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरी तिनको रोकथाम एवम् नियन्त्रणका लागि कानुनी उपचार प्रणालीलाई सहज, छिटो र सबैको लागि पहुँचयोग्य बनाइनेछ । (२)

१०. लैङ्गिक हिंसा पीडित तथा प्रभावितका लागि सञ्चालनमा रहेका सुरक्षित अल्पकालीन सेवा केन्द्रहरूको विस्तार तथा स्तरोन्नति गरिनेछ । (२)

११. प्रत्येक प्रदेशमा लैङ्गिक हिंसापीडित/प्रभावितहरूको लागि आवश्यक सेवासहितको दीर्घकालीन पुनर्स्थापना केन्द्रहरू स्थापना गरिनेछ । (२)

१२. यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूप्रति सामाजिक विभेद तथा भ्रम हटाउन सरोकार संस्थाकै सहभागितामा पैरबी र प्रचारप्रसार गरिनेछ । (२)

१३. आर्थिक सामाजिक रूपले विपन्न एवम् एकल महिलाको लागि आयआर्जन, क्षमता विकास र सशक्तीकरण गर्ने कार्यक्रमहरू कार्यान्वयनमा ल्याइनेछ । (३)

१४. अपाङ्गता भएका व्यक्ति र विशेष गरी महिलामाथि हुनसक्ने हिंसाको अन्त्य गर्दै रोजगारी र स्वरोजगारीका लागि कार्यक्रम सञ्चालन गरिनेछ । (३)

१५. महिला विकास कार्यक्रमको क्षेत्र विस्तार, प्रवर्द्धित संस्थाहरूको स्तरोन्नतिमार्फत लक्षित महिलाको सशक्तीकरण तथा क्षमता अभिवृद्धि गरिनेछ । (३)

१६. वादी, कमलरी, कमैया, चेपाङ र राउटेलगायत वञ्चितिमा परेका सबै समुदायका महिला तथा किशोरीहरूका लागि लक्षित आर्थिक-सामाजिक विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ । (३)

१७. महिलाहरूलाई व्यवसाय सञ्चालन तथा आयमूलक कार्य गरी स्वरोजगारी, उद्यमशीलता विकास गर्न सहुलियत ऋण तथा वित्तीय पहुँचको व्यवस्था मिलाइनेछ । (३)

१८. महिलाको श्रम र समयको बचत गर्ने प्रविधिको विकास र प्रयोगमा जोड दिइनेछ । (३)

१९. महिला समूह, संस्थाद्वारा उत्पादित सामग्रीहरूको गुणस्तर प्रवर्द्धन र बजार पहुँचको सुनिश्चितता गरिनेछ । (३)

२०. केन्द्रीय बजेट प्रणालीमा लैङ्गिक उत्तरदायी बजेट विनियोजन वृद्धि गर्दै यो प्रणालीलाई स्थानीय स्तरसम्म संस्थागत गरिनेछ । (३)

२१. यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको क्षमता अभिवृद्धि र उपयोग गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । (३)

२२. मातृस्वास्थ्य र प्रजनन स्वास्थ्यलगायतका आधारभूत स्वास्थ्य सेवाहरूका बारेमा सचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ । (४)

२३. मातृस्वास्थ्य र प्रजनन स्वास्थ्यलगायतका आधारभूत स्वास्थ्य सेवाहरू समन्वयात्मक रूपमा ग्रामीण महिलाहरूसमक्ष पुऱ्याइनेछ । (४)

### ३.६ प्रमुख कार्यक्रमहरू

#### क. महिला विकास कार्यक्रम

१. आर्थिक तथा सामाजिक रूपले पछाडि परेका ग्रामीण विपन्न महिलाको वैयक्तिक, आर्थिक तथा सामाजिक सशक्तीकरणको लागि समुदाय तहमै सामाजिक परिचालन ।

२. लक्षित समूहको सहभागिता, व्यक्तित्व विकासको लागि प्रशिक्षण र मौजुदा संस्थाको सुदृढीकरण ।

३. महिला समितिअन्तर्गत व्यवसायिक समूहको विकास र गरिबी विरुद्ध महिला अभियान ।

४. विद्यालयविमुख किशोरीको बहुआयामिक विकास ।
५. बालबालिकाउपर हुने शारीरिक तथा मानसिक ज्यादतीविरुद्ध अभिभावकीय सचेतना ।
६. छाउपडी प्रथा विरुद्ध सामाजिक जागरण ।
७. सामुदायिक मनोसामाजिक परामर्श केन्द्र स्थापना र सञ्चालन ।
८. विपद् जोखिमसम्बन्धी आपत्कालीन संरक्षण सेवामा महिला समूहहरूको परिचालन ।
९. मूलप्रवाहीकरण तथा लैङ्गिक हिंसा विरुद्ध अभिमुखीकरण र घरेलु हिंसाबाट पीडित महिलाहरूको लागि अल्पकालीन पुनर्स्थापना केन्द्र स्थापना, हाल सञ्चालनमा रहेका पुनर्स्थापना केन्द्रहरूको स्तरोन्नति, सात ओटै प्रदेशमा सुविधा सम्पन्न दीर्घकालीन पुनर्स्थापना केन्द्र स्थापना तथा सञ्चालन ।
१०. मानव बेचबिखन नियन्त्रणको लागि गाउँस्तरीय समिति गठन, सामुदायिक कार्ययोजना तर्जुमा तथा कार्यान्वयन ।

**ख. लैङ्गिक हिंसा निवारणका लागि एकीकृत विकास कार्यक्रम**

१. ग्रामीण समुदायमा लैङ्गिक समानता कायम गर्न महिला तथा बालबालिकामाथि हुने हिंसाको रोकथामका लागि वर्तमान कानुनी अवस्थाबारे सचेतना अभिवृद्धि ।
२. महिला तथा बालबालिकामाथि हुने लैङ्गिक हिंसा निवारणका लागि रोकथाम र सामुदायिक संरक्षण एवम् सम्प्रेषण सेवा ।
३. महिला तथा बालबालिकाका संविधान प्रदत अधिकार तथा कानुनमा भएका पछिल्ला परिवर्तनसम्बन्धी जानकारीमूलक कार्यक्रम ।
४. बालविवाह, बेचबिखन, यौनजन्य दुर्व्यवहार, श्रम शोषण, दाइजो प्रथा, छाउपडी प्रथाजस्ता कुरीतिजन्य सामाजिक परम्परा विरुद्ध अभियान ।
५. लैङ्गिकतामा आधारित हिंसा, बालबालिका तथा किशोरकिशोरी र महिलाको सम्भावित ओसारपसार र संरक्षणको निहुँमा हुन सक्ने शोषणको रोकथामको लागि निगरानी समूह तथा समितिको परिचालन र क्षमता विकास ।
६. लैङ्गिक हिंसा निवारणमा पुरुष सहभागिता प्रवर्द्धन, सूचनामूलक सन्देश प्रवाह, जिल्ला तथा सामुदायिक सेवा केन्द्र तथा आश्रय स्थल सञ्चालकहरूलाई घटना व्यवस्थापन तालिम ।

**ग. मूलप्रवाहीकरण कार्यक्रम**

१. मन्त्रालय/निकायबाट लैङ्गिक मूलप्रवाहीकरणको विषयमा भइरहेका कार्यक्रमहरूको समन्वय, लैङ्गिक सञ्जाल समूहको बैठक तथा लैङ्गिक सम्पर्क व्यक्तिहरूको क्षमता अभिवृद्धि ।
२. एकल महिला सुरक्षा कोष सञ्चालन तथा एकल महिलाको क्षमता अभिवृद्धि ।
३. महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि र बेइजिङ प्लेटफर्म फर एक्सनसम्बन्धी कार्यक्रम ।
४. राष्ट्रपति महिला उत्थान कार्यक्रम ।

### ४. अपेक्षित उपलब्धि

आर्थिक तथा सामाजिक जीवनमा पुरुष र महिलाको उपस्थिति समानता उन्मुख भएको, राज्य संयन्त्रमा महिला प्रतिनिधित्व न्यूनतम ३३ प्रतिशत पुगेको, प्रत्यक्ष रूपले लैङ्गिक उत्तरदायी बजेट विनियोजनको अनुपात कम्तीमा २७ प्रतिशत पुगेको, महिला विकास कार्यक्रममार्फत समूह सदस्य सङ्ख्या १२ लाख ५० हजार पुगेको, लैङ्गिक हिंसा घटेको, हिंसा पीडित महिलाहरूको लागि थप २५ ओटा पुनर्स्थापना केन्द्र स्थापना भई तिनीहरूको पुनर्स्थापना भएको हुनेछ ।

## ६.१.२ समावेशीकरण

### १. पृष्ठभूमि

नेपालको संविधानले आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, पिछडावर्ग, अल्पसङ्ख्यक, सीमान्तीकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिता हुन पाउने हकलाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ । यसैगरी संविधानमा समावेशीकरणलाई बढी व्यवस्थित तथा प्रभावकारी बनाउने उद्देश्यले राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारू आयोग र मुस्लिम आयोगको व्यवस्था गरिएको छ ।

महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम समुदाय, पिछडा वर्ग, अल्पसङ्ख्यक, लोपोन्मुख जाति, दुर्गम पहाडी तथा हिमाली क्षेत्रका बासिन्दा, विपन्न वर्गजस्ता बञ्चितमा परेका तथा पारिएका समुदाय तथा व्यक्तिहरूको लागि सीप विकास तालिम, छात्रवृत्ति, कर्जा र रोजगारमूलक लक्षित कार्यक्रम, शिक्षा तथा सार्वजनिक क्षेत्रको रोजगारीमा आरक्षण, मातृभाषाको संरक्षण र संवर्द्धनसम्बन्धी कार्यक्रम सञ्चालन हुँदै आएका भए तापनि विभिन्न जाति, वर्ग एवम् क्षेत्रबीच आर्थिक, शैक्षिक तथा स्वास्थ्य क्षेत्रमा रहेको अन्तरको अन्त्य गर्नु आवश्यक भएको छ ।

### २. चुनौती तथा अवसर

**चुनौती**

लक्षित समुदायमा गरिबी व्याप्त हुनु, विभिन्न समुदायहरू तथा वर्गहरूबीच आर्थिक, शैक्षिक तथा स्वास्थ्य क्षेत्रमा निकै ठूलो अन्तर रहनु, स्रोतसाधन तथा सेवा सुविधामा यस्ता समुदायको न्यायोचित पहुँच हुन नसक्नु, नकारात्मक सामाजिक मूल्य-मान्यता हुनु, प्रशासनिक संरचनामा न्यून प्रतिनिधित्व रहनुजस्ता चुनौतीहरू रहेका छन् ।

**अवसर**

नेपालको संविधानले विभिन्न जाति, वर्ग र पिछडिएको क्षेत्रका नागरिकलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिता हुन पाउने हकलाई मौलिक हकको

रूपमा व्यवस्था गरेको, समावेशीकरणलाई बढी व्यवस्थित तथा प्रभावकारी बनाउन विभिन्न संवैधानिक आयोगहरूको व्यवस्था गरेको, मुलुक सातओटा प्रदेशसहितको सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको, आफ्नो धर्म, संस्कृति, भाषाको संरक्षण र संवर्द्धनका लागि सचेतना तथा क्रियाशीलतामा अभिवृद्धि भएको र राज्यका विभिन्न अङ्ग तथा क्षेत्रमा यस्ता समुदायहरूको प्रतिनिधित्व बढ्दै गएकाले समावेशीकरणको प्रक्रियालाई प्रभावकारी बनाउने अवसर सिर्जना भएको छ ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

सबै नागरिकको अर्थपूर्ण सहभागितामा मुलुकको समावेशी विकास ।

### ३.२ लक्ष्य

आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा पछाडि परेका समुदायहरूको मानव विकास सूचकाङ्क तथा सशक्तीकरण सूचकाङ्कमा सुधार गर्ने ।

### ३.३ उद्देश्य

आर्थिक, सामाजिक वा शैक्षिक अवसरबाट बञ्चितिमा परेका दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यका लागि मुलुकमा उपलब्ध साधनस्रोत, सेवा तथा सुविधामा पहुँच सुनिश्चित गर्नु ।

### ३.४ रणनीति

१. मुलुकमा उपलब्ध स्रोतसाधनहरूमा महिला, आदिवासी जनजाति, दलित, मधेशी, मुस्लिम समुदाय, अपाङ्गता भएका व्यक्ति एवम् पिछडा वर्गको पहुँच बढाउने ।

२. राज्यको निर्णय प्रक्रिया तथा संरचनामा सकारात्मक विभेद र आरक्षणको माध्यमबाट अर्थपूर्ण सहभागिता सुनिश्चितता गर्ने ।

३. सीप विकास तालिम प्रदान गरी मुलुकमा उपलब्ध रोजगारीका अवसरहरू उपयोग गर्न सक्षम तुल्याउने ।

४. आदिवासी जनजाति, दलित, मधेशी, मुस्लिम समुदाय, पिछडा वर्गको भाषा तथा संस्कृतिको संरक्षण एवम् संवर्द्धन गर्ने ।

### ३.५ कार्यनीति

१. मुलुकमा उपलब्ध स्रोतसाधनहरूमा महिला, आदिवासी जनजाति, दलित, मधेशी, मुस्लिम समुदाय, अल्पसङ्ख्यक, लोपोन्मुख जाति, पिछडा वर्ग, कर्णाली क्षेत्रलगायत दुर्गम हिमाली तथा पहाडी जिल्लाका नागरिकहरूको पहुँच बढाइनेछ ।(१)

२. महिला, आदिवासी जनजाति, दलित, मधेशी, मुस्लिम समुदाय, अल्पसङ्ख्यक, लोपोन्मुख जाति, पिछडा वर्ग, कर्णाली क्षेत्रलगायत दुर्गम हिमाली तथा पहाडी जिल्लाका नागरिकहरूको आर्थिक तथा सामाजिक विकासका लागि लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ । (१)

३. शासन सञ्चालन तथा विकासका सबै क्षेत्रको निर्णय प्रक्रियामा सहभागिता सुनिश्चित गरिनेछ । (२)

४. महिला, आदिवासी जनजाति, दलित, मधेशी, मुस्लिम समुदाय, अल्पसङ्ख्यक, लोपोन्मुख जाति, पिछडा वर्ग, विपन्न एवम् कर्णाली क्षेत्रलगायत दुर्गम हिमाली तथा पहाडी जिल्लाका नागरिकहरूलाई सकारात्मक विभेद र आरक्षणको माध्यमबाट अर्थपूर्ण सहभागिताको सुनिश्चितता गरिनेछ । (२)

५. मुलुकमा उपलब्ध रोजगारीका अवसरहरू उपयोग गर्न सक्षम तुल्याउन महिला, आदिवासी जनजाति, दलित, मधेशी, मुस्लिम समुदाय, अल्पसङ्ख्यक, लोपोन्मुख जाति, पिछडा वर्ग, किसान र श्रमिक, कर्णाली क्षेत्रलगायत दुर्गम हिमाली तथा पहाडी जिल्लाका नागरिकहरूलाई सीप विकास तालिम प्रदान गरी उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ । (३)

६. विभिन्न जाति तथा समुदायको लोपोन्मुख भाषा एवम् संस्कृतिहरूलाई संरक्षण गरिनेछ । (४)

### ३.६.प्रमुख कार्यक्रमहरू

#### क. नीतिगत कार्यक्रम

१. समावेशीसम्बन्धी नीति, ऐन, कानुनहरूको समीक्षा गरी समयसापेक्ष परिमार्जन, सुधार तथा नयाँ कानुनको निर्माण ।

#### ख. सीपमूलक कार्यक्रम

१. दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित, पिछडिएको क्षेत्रका नागरिक र आर्थिक रूपले विपन्न खस आर्यहरूलाई रोजगारमूलक सीप विकाससम्बन्धी तालिम तथा क्षमता अभिवृद्धि ।

#### ग. पेशा, भाषा तथा संस्कृतिको संरक्षणसम्बन्धी कार्यक्रम

१. दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदायका परम्परागत पेशाहरूको विकास, संरक्षण र संवर्द्धन तथा पेशाको आधुनिकीकरण ।

२. भाषा एवम् संस्कृतिको संरक्षण र संवर्द्धन।

**घ. लक्षित कार्यक्रम**

१. महिला, आदिवासी जनजाति, दलित, मधेशी, मुस्लिम समुदाय, अल्पसङ्ख्यक, लोपोन्मुख जाति, पिछडा वर्ग, किसान, श्रमिक, कर्णाली क्षेत्रलगायत दुर्गम हिमाली तथा पहाडी जिल्लाका नागरिकहरूको आर्थिक तथा समाजिक विकासका लागि लक्षित कार्यक्रमहरूको माध्यमबाट मुलुकमा उपलब्ध रोजगारीका अवसरहरूको उपयोग गर्न सक्षम बनाउनेसम्बन्धी ।

## ४. अपेक्षित उपलब्धि

राज्यको निर्णय प्रक्रियामा नागरिक सहभागिता सुनिश्चित भएको हुने, उपलब्ध स्रोतसाधनहरूमा समुदायको पहुँच बढेको हुने, राजनीतिक, प्रशासनिक, शैक्षिक क्षेत्रमा सकारात्मक विभेद र आरक्षणको माध्यमबाट अर्थपूर्ण सहभागिता भएको हुने र आदिवासी जनजाति, मधेशी, मुस्लिम समुदाय, पिछडा वर्गको भाषा तथा संस्कृतिको संरक्षण एवम् संवर्द्धन भएको हुनेछ ।

# ६.१.३ लोपोन्मुख, अतिसीमान्तकृत तथा सीमान्तकृत जाति/जनजाति

## १. पृष्ठभूमि

नेपालको संविधानले आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायका नागरिकहरूलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिता गराउने हकका साथै आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हकलाई मौलिक हकका रूपमा व्यवस्था गरेको छ । आदिवासी जनजातिहरूको आर्थिक, सामाजिक एवम् शैक्षिक स्थिति सुधार गर्न तथा यिनीहरूलाई विकासको मूलधारमा मूलप्रवाहीकरण गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन भइरहेका छन् तापनि यिनीहरूको अवस्थामा अपेक्षित सुधार भने हुनसकेको छैन ।

## २. चुनौती तथा अवसर

**चुनौती**

लोपोन्मुख, अतिसीमान्तकृत र सीमान्तकृत आदिवासी जनजाति र अन्य समुदायहरू एवम् वर्गहरूबीच रहेको आर्थिक तथा शैक्षिक अन्तर कम गर्नु, आदिवासी जनजातिको स्रोतसाधन तथा सेवा सुविधामा समतामूलक एवम् न्यायोचित पहुँच बढाउनु, भाषा संस्कृति तथा जातिका आधारमा हुने भेदभावलाई हटाउनु, प्रशासनिकलगायत राज्यका विभिन्न संरचनामा रहेको यिनीहरूको न्यून प्रतिनिधित्वलाई बढाउनुजस्ता कुराहरू चुनौतीका रूपमा रहेका छन् ।

**अवसर**

लोपोन्मुख, अतिसीमान्तकृत र सीमान्तकृत आदिवासी जनजातिका नागरिकहरूलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिता गराउने र लोपोन्मुख

समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ उपलब्ध गराउने कुराहरू नेपालको संविधानमा मौलिक हकका रूपमा स्थापित भएका छन् । यसैगरी आदिवासी जनजाति आयोग संवैधानिक आयोगको रूपमा रहेको, परम्परागत सीपलाई प्रवर्द्धन एवम् विकास गर्दै सीपमा आधारित आयआर्जनका कार्यक्रम अगाडि बढाउन सकिने अवस्था, आदिवासी जनजाति महासङ्घको क्रियाशीलता, मातृभाषाको माध्यमबाट शिक्षा पाउने व्यवस्था, संविधानमा व्यवस्था भएको धर्मनिरपेक्षता आदि समुदायको आर्थिक, सामाजिक एवम् सांस्कृतिक विकास गर्नका लागि अवसरका रूपमा रहेका छन् ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

लोपोन्मुख, अतिसीमान्तकृत र सीमान्तकृत आदिवासी जनजातिको आर्थिक, सामाजिक तथा सांस्कृतिक सुधारबाट समतामूलक तथा न्यायपूर्ण समाजको सिर्जना ।

### ३.२ लक्ष्य

आर्थिक, सामाजिक तथा शासकीय क्षेत्रमा लोपोन्मुख, अतिसीमान्तकृत र सीमान्तकृत आदिवासी जनजातिको पहुँच वृद्धि गरी उनीहरूको जीवनस्तर माथि उकास्ने ।

### ३.३ उद्देश्य

लोपोन्मुख, अतिसीमान्तकृत र सीमान्तकृत आदिवासी जनजातिको क्षमता विकास र स्रोत-साधनहरूमा पहुँच वृद्धि र विस्तार गर्नु ।

### ३.४ रणनीति

१. लोपोन्मुख, अतिसीमान्तकृत र सीमान्तकृत आदिवासी जनजातिका युवाहरूको क्षमता अभिवृद्धि गर्ने ।

२. लोपोन्मुख, अतिसीमान्तकृत र सीमान्तकृत आदिवासी जनजातिको लागि रोजगारी तथा स्वरोजगारका कार्यक्रमहरू सञ्चालन गर्ने ।

३. लोपोन्मुख, अतिसीमान्तकृत र सीमान्तकृत आदिवासी जनजातिको भाषा तथा संस्कृतिको संरक्षण तथा संवर्द्धन गर्ने ।

### ३.५ कार्यनीति

१. लोपोन्मुख, अतिसीमान्तकृत र सीमान्तकृत आदिवासी जनजातिका युवाहरूको क्षमता विकासका लागि व्यावसायिक तथा सीपमूलक तालिम प्रदान गरिनेछ । (१)

२. लोपोन्मुख, अतिसीमान्तकृत तथा जोखिममा परेका समुदायका विद्यार्थीको सिकाइ आवश्यकता सम्बोधन गर्न खुला, वैकल्पिक, आवासीय र विशेष शिक्षा कार्यक्रमलाई थप सुदृढ गरिनेछ । (१)

३. समुदायको शैक्षिक स्तर वृद्धि गर्न आवश्यकतामा आधारित छात्रवृत्ति व्यवस्था गरिनेछ । (१)

४. लोपोन्मुख, अतिसीमान्तकृत र सीमान्तकृत आदिवासी जनजातिहरूको आधारभूत स्वास्थ्य सेवामा पहुँच पुऱ्याइनेछ । (१)

५. लोपोन्मुख, अतिसीमान्तकृत र सीमान्तकृत आदिवासी जनजातिको आर्थिक अवस्थामा सुधार ल्याउनका लागि रोजगारी तथा स्वरोजगारका अवसर सिर्जना गर्न विशेष लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ । (२)

६. निजामती सेवालगायत राज्यका विभिन्न अङ्गमा यिनीहरूको प्रतिनिधित्व बढाउन विशेष तयारी कक्षाहरू सञ्चालन गरिनेछ । (२)

७. लोपोन्मुख, अतिसीमान्तकृत र सीमान्तकृत आदिवासी जनजातिको भाषा तथा संस्कृतिको संरक्षण तथा संवर्द्धनका लागि कार्यक्रमहरू सञ्चालन गरिनेछ । (३)

**३.६ प्रमुख कार्यक्रमहरू**

**क. नीति तथा संस्थागत सुधार**

१. लोपोन्मुख, अतिसीमान्तकृत तथा सीमान्तकृत जाति/जनजातिहरूलाई शिक्षा, स्वास्थ्य, रोजगारको अवसर उपलब्ध गराउन आवश्यक नीति तथा कानुन तर्जुमा ।

२. भाषा तथा संस्कृतिको संरक्षण तथा संवर्द्धनसम्बन्धी ।

३. युवाहरूको क्षमता विकास गरी स्वरोजगार सृजना गर्नको लागि विभिन्न सीपमूलक तालिम ।

**ख. अन्य कार्यक्रम**

१. बालबालिका लक्षित एक/एक ओटा आवासीय विद्यालय निर्माण, आवासीय छात्रवृत्ति, शैक्षिक छात्रवृत्ति र शैक्षिक अनुदान ।

२. जनता आवास कार्यक्रमलाई अन्य सीमान्तकृत, अतिसीमान्तकृत तथा लोपोन्मुख जनजाति एवम् समुदायमा विस्तार ।

३. स्वास्थ्यमा पहुँच स्थापित गर्न स्वास्थ्य बिमा कार्यक्रम, स्वास्थ्य उपचारका लागि आर्थिक तथा वित्तीय सहायता ।

## ४. अपेक्षित उपलब्धि

लोपोन्मुख, अतिसीमान्तकृत र सीमान्तकृत आदिवासी जनजातिको आर्थिक तथा सामाजिक स्थितिमा सुधार आएको, राज्यका विभिन्न निकायहरूमा सहभागिता वृद्धि भएको र भाषा तथा संस्कृतिको संरक्षण तथा संवर्द्धन भएको हुनेछ ।

## ६.२ विज्ञान, सूचना तथा प्रविधि

### ६.२.१ विज्ञान प्रविधि

### १. पृष्ठभूमि

ज्ञानमा आधारित आधुनिक अर्थतन्त्रको निर्माण गर्दै दिगो विकास गर्न विज्ञान प्रविधि महत्वपूर्ण हुन आउँछ। खासगरी परमाणु प्रविधि, अन्तरिक्ष विज्ञान, जैविक प्रविधि, अतिसूक्ष्म प्रविधि र अन्य नवीनतम खोजका क्षेत्रलगायतका विधामा सुरु भएका कार्यलाई प्रभावकारी रूपमा अघि बढाउँदै तिनको प्रयोगबाट द्रुततर आर्थिक विकासमा लाग्नुपर्ने आवश्यकता टड्कारो देखिएको छ।

नेपालको संविधानमा वैज्ञानिक अध्ययन, अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाहरूको संरक्षण गर्ने नीतिगत व्यवस्था भएको छ । यस क्षेत्रमा देखिएका नीतिगत तथा कानुनी अस्पष्टता र समन्वयको कमीलाई हटाउने र अनुसन्धानका उपलब्धिहरूलाई जनताका आधारभूत आवश्यकता परिपूर्तिमा केन्द्रित गर्दै मुलुकमा उपलब्ध प्राकृतिक स्रोतसाधनको अत्युत्तम उपयोगमा जोड दिनुपर्ने आवश्यकता छ । विज्ञान र प्रविधिको अन्वेषण एवम् विकासको लागि लगानी वृद्धि गर्नु आवश्यक छ। विज्ञानका उपलब्धिलाई आर्थिक वृद्धि, सामाजिक सेवाको विस्तार र गरिबी निवारणमा सहयोग पुऱ्याउने कार्यक्रममा प्रयोग गर्नु तथा देशभित्र उपलब्ध प्रतिभाहरूको ज्ञान र सीपलाई स्वदेशमै उपयोग गर्ने वातावरण निमार्ण गर्नु प्राथमिक दायित्व हुन आउँछ।

### २. चुनौती तथा अवसर

**चुनौती**

विज्ञान प्रविधि र अनुसन्धानको क्षेत्रमा देशको लगानी बढाउनु, मुलुकमा रहेका अनुसन्धान निकायहरूलाई एउटै छाता नीतिअन्तर्गत ल्याउनु, युवा वैज्ञानिक तथा प्रतिभाहरूलाई मुलुकभित्रै काम गर्ने वातावरण तयार पार्नु, प्राकृतिक स्रोतको दिगो र अत्यूत्तम उपयोग र गरिबी निवारणमा सहयोग पुऱ्याउनु, देशभित्र विज्ञान तथा प्रविधि शिक्षाप्रतिको आकर्षण बढाउनु, आफूखुसी प्रयोग भइरहेका रेडियोधर्मी पदार्थहरूको प्रभावकारी नियमन गर्नुजस्ता चुनौती रहेका छन्।

**अवसर**

विज्ञान र प्रविधिको क्षेत्रमा सामयिक सुधार गर्ने वातावरण निर्माण हुनु, देशबाहिर छरिएर रहेका हजारौँ प्रतिभाहरूलाई देशभित्र फर्काउन सक्ने सम्भावना कायम रहनु, देशभित्र अध्ययन तथा खोज अनुसन्धानका लागि प्रशस्त अवसरहरू विद्यमान रहनु, खोज अनुसन्धानका लागि जागरूक युवा समूहको सङ्ख्या बढ्दै जानु, आधुनिकीकरणसँगै अन्तर्राष्ट्रिय सहयोग र समन्वयको क्षेत्र फराकिलो हुनुजस्ता अवसरहरू रहेका छन्।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

विज्ञान तथा प्रविधिको विकासबाट समृद्धि ।

### ३.२ लक्ष्य

विज्ञान र प्रविधिको विकास र विस्तार गरी सामाजिक, आर्थिक, भौतिक र वातावरणीय विकासका पक्षसँग आबद्ध गर्ने ।

### ३.३ उद्देश्य

विज्ञान तथा प्रविधिको विकास, विस्तार र उपयोग क्षमता वृद्धि गर्नु ।

### ३.४ रणनीति

१. वैज्ञानिक अनुसन्धान, अन्वेषण र विकासलाई गतिशील बनाउन आवश्यक पर्ने पूर्वाधार र क्षमताको विकास गर्ने ।

२. उच्च क्षमतायुक्त प्राविधिक युवा जनशक्तिको विकास गरी मुलुकमै उनीहरूको क्षमता उपयोग गर्ने ।

३. वैज्ञानिक खोज र अनुसन्धानबाट विकास गरिएका प्रविधिहरूलाई मुलुकको समग्र विकास प्रक्रियामा प्रभावकारी उपयोग गर्न परम्परागत र स्थानीय प्रविधिको संवर्द्धन र संरक्षण गर्ने ।

### ३.५ कार्यनीति

१. विज्ञान तथा प्रविधिसम्बन्धी नीतिको पुनरावलोकन र गुरुयोजना तर्जुमा गरी तिनको कार्यान्वयन गरिनेछ । (१)

२. पारमाणविक कानुन तयार गरी रेडियोधर्मी पदार्थको नियमन प्रभावकारी बनाइनेछ । (१)

३. अनुसन्धान तथा विकासमा सार्वजनिक क्षेत्रको लगानी अभिवृद्धि गरिनेछ । (१)

४. औद्योगिक प्रतिष्ठानहरूमा अनुसन्धान र विकास एकाइ स्थापना गरी वार्षिक रूपमा निश्चित बजेट विनियोजन गर्ने व्यवस्था गरिनेछ । (१)

५. परमाणु प्रविधि, अन्तरिक्ष प्रविधि, जैविक प्रविधि र सूक्ष्म प्रविधिलगायतका प्रविधिहरूको विकास तथा उपयोगका लागि समयसापेक्ष नीति निर्माण तथा परिमार्जन गरिनेछ । (१)

६. विज्ञान तथा प्रविधिको अनुसन्धान, विकास र विस्तारका लागि नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानलगायत यस क्षेत्रमा संलग्न संस्थाहरूको क्षमता विकास गरिनेछ । (३)

७. विज्ञान शिक्षालाई व्यावहारिक र रुचिकर तुल्याउन सबै विद्यालयहरूमा विज्ञान प्रयोगशाला बनाउन जोड दिइनेछ । (२)

८. उच्च शिक्षालाई अनुसन्धानमुखी बनाउने र विश्वविद्यालय तथा अनुसन्धान प्रतिष्ठानबीच विशेषज्ञ र अनुसन्धानकर्मीहरू आदानप्रदान गर्ने वातावरण बनाइनेछ । (२)

९. क्षमतावान् युवा जनशक्तिलाई स्वदेशमा टिकाइराख्न अनुसन्धानका कार्यक्रमहरू विस्तार गर्नुका साथै प्रतिभा प्रवर्द्धनको लागि नवप्रवर्द्धन केन्द्र स्थापना र सञ्चालन गरिनेछ । (२)

१०. विभिन्न निकायअन्तर्गत सेवा प्रदान गर्दै आएका प्रयोगशालाहरूलाई सुदृढ गरी राष्ट्रिय स्तरका अनुसन्धानशाला बनाई तिनलाई स्वायत्त र प्राज्ञिक संस्थाअन्तर्गत व्यवस्थित गरिनेछ । (३)

११. अन्तर्राष्ट्रिय सहयोग नियोग एवम् विदेशमा कार्यरत नेपाली विशेषज्ञहरूसमेतको संलग्नतामा वैज्ञानिक तथा प्राविधिक ज्ञान सञ्चय भण्डार स्थापना गरी स्वदेशी प्रतिभाहरूको पहुँच हुने वातावरण मिलाइनेछ । (३)

१२. विज्ञान तथा प्रविधिको प्रतिफल जनतासमक्ष पुऱ्याउन आवश्यक संयन्त्रहरूको विकास गरिनेछ । (३)

१३. विद्युतीय अपराधको प्राविधिक अनुसन्धानलाई प्रभावकारी बनाउन साइबर फोरेन्सिक ल्याबको प्राविधिक पूर्वाधारको विकास गरिनुका साथै थ्रेट अनुगमन केन्द्र (टी.एम.सी.) लाई प्रभावकारी बनाइनेछ । (३)

१४. अन्तरिक्ष प्रविधि, जैविक प्रविधि, साइबर प्रविधि तथा परमाणु प्रविधिको विकासका लागि राष्ट्रिय अनुसन्धान केन्द्रहरूको स्थापना गरिनेछ । (३)

१५. उच्चस्तरीय वेधशाला, प्लानेटोरियम तथा विज्ञान सङ्ग्रहालयलाई शिक्षण र पर्यटन प्रवर्द्धनमा उपयोगी हुनेगरी सञ्चालन गरिनेछ । (३)

१६. वैज्ञानिक उत्पादन, अनुसन्धान तथा परीक्षणको गुणस्तर प्रमाणीकरण गर्न संस्थागत व्यवस्था गरिनेछ । (३)

## ३.६ प्रमुख कार्यक्रमहरू

### क. संस्थागत र संरचनागत सुधार

१. समृद्ध नेपालको लागि राष्ट्रिय विज्ञान, प्रविधि र नवीनतासम्बन्धी रणनीति तथा नीति तयार ।

२. नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको व्यावसायिक योजना (सन् २०१६-२०३०) तयार तथा कार्यान्वयन ।

३. आसपासका अन्य सामुदायिक विद्यालय तथा युवाहरूले समेत अध्ययन, अनुसन्धानका लागि उपयोग गर्न सक्ने गरी प्रत्येक निर्वाचन क्षेत्रमा कम्तीमा एक सामुदायिक विद्यालयमा सुविधा सम्पन्न विज्ञान प्रयोगशाला, पुस्तकालयसहितको अध्ययन केन्द्रको स्थापना ।

४. सबै प्रदेशमा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानअन्तर्गत अनुसन्धान केन्द्रहरूको स्थापना र कम्तीमा एक/एक ओटा विज्ञान तथा प्रविधिसम्बन्धी अध्ययन र अनुसन्धान प्रयोजनका निमित्त उत्कृष्टता केन्द्र स्थापना ।

५. विद्यालय तहदेखि नै विज्ञान, प्रविधि र नवीनतम सोचको ग्रहण गर्ने वातावरण सिर्जना गर्न आवश्यक पूर्वाधार निर्माण गर्ने विज्ञान अध्ययन केन्द्र स्थापना ।

६. विधि विज्ञान प्रयोगशाला र नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानका प्रयोगशालाहरूलाई अन्तर्राष्ट्रिय स्तरको तुल्याउने ।
७. विज्ञान प्रविधिसँग सम्बन्धित अनुसन्धानात्मक संस्था र यससम्बन्धी कार्यरत मानव स्रोत साधनको आँकलन गरी यी संस्थाहरूको एकीकृत रूपमा विकास र सङ्ख्यात्मक एवम् गुणात्मक मानव स्रोतसाधनको वृद्धि गर्न राष्ट्रिय विज्ञान, प्रविधि र नवीनता परिषद्को स्थापना ।

**ख. वैज्ञानिक खोज, अनुसन्धान र प्रविधिको विकास**

१. विज्ञान तथा प्रविधिका विभिन्न विधामा खोज, अन्वेषण गर्न चाहने युवा र महिला वैज्ञानिकहरूलाई निश्चित मापदण्डको आधारमा अध्ययन तथा अनुसन्धानका अवसरको सृजना र वृत्ति विकास कार्यक्रम ।
२. विकासका प्राथमिकता क्षेत्रहरू, परम्परागत प्रविधिको संरक्षण तथा प्रचार गर्ने एवम् उपयुक्त प्रविधिको विकासमार्फत रोजगारी सिर्जना र जीवनस्तर सुधारजस्ता क्षेत्रका आविष्कार, अनुसन्धान र प्रविधि प्रवर्द्धन ।

**ग. अन्य कार्यक्रम**

१. बहुमूल्य जडीबुटी तथा जीवहरूको क्रमशः डी.एन.ए. परीक्षण गरी जैविक विशेषतासहितको प्रोफाइल तयार ।
२. पारमाणविक कानुन तयार गरी रेडियोधर्मी पदार्थको नियमन ।
३. विदेशमा रहेका प्रशिक्षित वैज्ञानिकहरूलाई नेपालमा फर्काएर काम गर्न प्रोत्साहन ।
४. विज्ञान र प्रविधिमा महिला वैज्ञानिकहरूको भूमिका वृद्धिसम्बन्धी विशेष कार्यक्रम ।
५. विज्ञान तथा प्रविधि सहर र नमुना वैज्ञानिक गाउँको स्थापना गर्न अध्ययन प्रारम्भ ।
६. सार्वजनिक निजी साझेदारी मार्फत अनुसन्धान केन्द्र, शैक्षिक केन्द्र, विज्ञान तथा प्रविधि प्रदर्शनी एवम् सङ्ग्राहलयहरू सञ्चालन ।
७. विश्वविद्यालयहरूमा निजी क्षेत्रसँग सहकार्य गर्दै युवा वैज्ञानिकहरूलाई प्रविधिसम्बन्धी अध्ययन अनुसन्धान गरी अनुसन्धानको परिणामलाई व्यावसायिक प्रयोजनामा ल्याउन इन्क्युवेसन सेन्टर र प्रविधि हस्तान्तरण केन्द्र स्थापना ।

## ४. अपेक्षित उपलब्धि

प्रत्येक निर्वाचन क्षेत्रमा एक/एक ओटा विज्ञान अध्ययन केन्द्र स्थापना भएको हुनेछ । १०० ओटा अनुसन्धान वृत्ति उपलब्ध गराउने, राष्ट्रिय विज्ञान, प्रविधि र नवीनतासम्बन्धी रणनीति पत्र र नीति तयार भएको, विज्ञान र प्रविधि क्षेत्रमा सङ्ख्यात्मक र गुणात्मक हिसाबले जनशक्तिको थप विकास भएको हुनेछ । त्यसैगरी विज्ञान र प्रविधिको क्षेत्रमा थप नीतिगत र संस्थागत संरचना निर्माण र सुदृढीकरण भई अनुसन्धान र विकास कार्यमा सहजता भएको, नेपालमा विज्ञान तथा प्रविधिको विकास एवम् तिनको उपयोगको स्पष्ट मार्गचित्र तयार भएको हुनेछ ।

## ६.२.२ सूचना प्रविधि

### १. पृष्ठभूमि

सूचना प्रविधिको विकासले मुलुकको शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, व्यापारलगायतका आर्थिक तथा सामाजिक क्षेत्रको दिगो र तीव्र विकास गर्ने अवसरहरू प्रदान गरेको छ । सार्वजनिक सेवाहरूको प्रवाहमा प्रभावकारिता हासिल गरी सेवाग्राहीहरूको पहुँचलाई सहज तुल्याई सुशासन कायम गर्न सूचना प्रविधिको उपयोगलाई बढाउनु आवश्यक छ । सार्वजनिक तथा निजी क्षेत्र दुवैको कार्य क्षमता अभिवृद्धि गर्न सूचना प्रविधिको महत्तम उपयोग अपरिहार्य भइसकेको छ । खुला अर्थतन्त्रले निम्त्याएको प्रतिस्पर्धात्मकतालाई सामना गर्न सूचना प्रविधिको उपयोग सशक्त माध्यम हुन सक्दछ । नेपालमा निजी क्षेत्रले सूचना प्रविधिको प्रभावकारी उपयोग गर्दै आएका छन् । यसबाट निजी क्षेत्रको कार्यसम्पादनस्तरमा उल्लेख्य रूपमा अभिवृद्धि हुनसकेको छ । निजी क्षेत्रमा सूचना प्रविधिको बढ्दो प्रयोगलाई विश्वसनीय तुल्याउन नियमनको प्रभावकारी व्यवस्था भने हुनसकेको छैन । केन्द्रदेखि स्थानीय स्तरसम्म निजी क्षेत्रअन्तर्गत सूचना प्रविधिको बढ्दो उपयोगलाई व्यवस्थित रूपले प्रवर्द्धन गरी सम्भावित अपराधको जोखिमलाई न्यूनीकरण गर्न एवम् सोबाट आउनसक्ने विकृतिहरू नियन्त्रण गर्न प्रभावकारी नियमनको अभाव रहेको छ ।सूचना प्रविधि क्षेत्रमा दक्ष जनशक्ति उपलब्ध हुँदाहुँदै पनि देशभित्रै उपयोग हुन नसकिरहेको अवस्था छ ।

### २. चुनौती तथा अवसर

**चुनौती**

सूचना प्रविधिको विकास र सुशासनका सबै अङ्गहरूमा महत्तम उपयोग गर्नु, निकायगत सहमति र सहकार्य गर्नु, दक्ष जनशक्ति पलायन हुनबाट रोक्नु, सूचना प्रविधिको विकासबाट आउनसक्ने विकृति र विसङ्गति नियन्त्रणका निम्ति पर्याप्त उपायहरू गर्नु चुनौतीपूर्ण छ ।

**अवसर**

सूचना प्रविधिको पूर्वाधार विकास हुनु, यस क्षेत्रमा संलग्न जनशक्तिको मात्रात्मक र गुणात्मक सुधार हुँदै जानु, भरपर्दो र सुरक्षित सूचना प्रविधिको प्रयोगमा वृद्धि हुनु र यसको प्रयोगलाई अझ भरपर्दो र सुरक्षित बनाउनेतर्फ सजग हुनु, निजी क्षेत्रबाट सूचना प्रविधिको विकास र विस्तारमा महत्वपूर्ण योगदान रहनु यस क्षेत्रको विकासका लागि अवसर रहेका छन् ।

### ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

#### ३.१ सोच

सूचना प्रविधिको उच्चतम उपयोगमार्फत ज्ञानमा आधारित समाजको विकास ।

#### ३.२ लक्ष्य

देशका सबै क्षेत्रमा सूचना प्रविधिको उपयोगद्वारा मुलुकको विकासमा टेवा पुऱ्याउने ।

#### ३.३ उद्देश्य

सूचना प्रविधिको माध्यमबाट सार्वजनिक सेवा तथा आर्थिक सामाजिक गतिविधिहरूमा डिजिटल नेपालको अवधारणा साकार तुल्याउनु ।

## ३.४ रणनीति

१. सूचना प्रविधिको माध्यमबाट सुशासनमा टेवा पुऱ्याउने ।

२. आर्थिक तथा सामाजिक गतिविधिमा डिजिटल नेपालको अवधारणा कार्यान्वयन गर्ने ।

३. सूचना प्रविधिको प्रयोगलाई सुरक्षित, भरपर्दो र सर्वसुलभ बनाउने ।

## ३.५ कार्यनीति

१. सूचना प्रविधि क्षेत्रको विकास तथा विस्तारसँग सम्बद्ध विद्यमान कानुनी प्रावधानहरूलाई परिमार्जन गरी कार्यान्वयन गरिनेछ । (१)

२. नेपालको सूचना प्रविधि क्षेत्रको विकासको लागि आवश्यक जनशक्ति तथा पूर्वाधारको विकास गरिनेछ । (१)

३. विद्युतीय शासनको लागि सूचना प्रविधिसम्बन्धी साझा पूर्वाधारको विकास गरिनेछ । (१)

४. विद्युतीय शासनको प्रभावकारी कार्यान्वयन तथा सञ्चालनका लागि विभिन्न स्तरको दक्षतासहितको मानवीय संसाधन तयार पारिनेछ । (१)

५. सूचना प्रविधि उद्योगको विकासका लागि आवश्यक स्रोत साधनको व्यवस्था र संयन्त्रको विकास, कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य एवम् कतिपय पूर्वाधार क्षेत्रको विकासमा सूचना प्रविधिलाई अधिकतम उपयोग गरिनेछ । । (२)

६. सूचना प्रविधिमा सुरुवाती कम्पनीहरूलाई आउटसोर्सिङ गर्न प्रोत्साहित गरिनेछ । (२)

७. सूचना प्रविधि पार्कलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने तथा सूचना प्रविधिमा आधारित उद्योगहरूको क्षमता विकास गरिनेछ । (२)

८. विभिन्न निकायहरूबीचको समन्वय बढाउँदै सूचना प्रविधि प्रणालीहरूमा एकरूपता ल्याइनेछ । (२)

९. समुदायसँगको सहकार्यमा ग्रामीण स्तरमा सूचना प्रविधि पूर्वाधार विकास गरिनेछ । (२)

१०. नेपालमा साना तथा मझौला उद्योग, स्थानीय उत्पादन तथा व्यापार प्रवर्द्धनका लागि सूचना प्रविधि प्रयोग गर्ने वातावरण तयार गरिनेछ । (२)

११. सूचना प्रविधि प्रणालीको सुरक्षा क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवाला तथा नियमनकारी निकायबीच समन्वय कायम गरी प्राविधिक क्षमता अभिवृद्धि गरिनेछ । (३)

१२. सूचना प्रविधि प्रणालीहरूको सुरक्षा, विश्वसनीयता र गुणस्तरमा अभिवृद्धि गरिनेछ । (३)

१३. सूचना प्रविधिको प्रयोगबाट हुनसक्ने अपराधलाई न्यूनीकरण गर्दै साइबर सुरक्षालाई विशेष ध्यान दिइनेछ । (३)

## ३.६ प्रमुख कार्यक्रमहरू

१. सूचना प्रविधिबाट प्राप्त हुने लाभांशको पहुँच ग्रामीण स्तरमा पुऱ्याउन ई-भिलेजसम्बन्धी कार्यक्रम सञ्चालन ।

२. सरकारी कामकाज र सेवामा प्रयोग हुने सूचना प्रविधि संरचनालाई प्रादेशिक तहसम्म विस्तार एवम् एकीकृत संरचनाको निर्माण गरी प्रणालीहरूमा एकरूपता र मितव्ययिता कायम गर्न सरकारी क्लाउडको व्यवस्थापन ।

३. नेपाल सरकारका विभिन्न निकायहरूले सञ्चालनमा ल्याएका सूचना प्रविधि प्रणालीहरूमा एकरूपता ।

४. नेपाल सरकारका विभिन्न निकायका वेब साइटहरूलाई राष्ट्रिय पोर्टलमा आबद्ध गरी एकद्वार प्रणालीमार्फत सेवा प्रदान ।

५. डाटा सेन्टर तथा डिजास्टर रिकभरी सेन्टरको क्षमता अभिवृद्धि ।

### ४. अपेक्षित उपलब्धि

विद्युतीय शासनको लागि आवश्यक पूर्वाधार तथा नीतिगत व्यवस्था भएको र सूचना प्रविधि क्षेत्रको आवश्यक जनशक्तिको माग पूरा भएको हुनेछ । त्यसैगरी सूचना प्रविधि उद्योगको विकास भई रोजगारीमा वृद्धि एवम् प्रतिभा पलायन न्यूनीकरण भएको, सूचना प्रविधिमा नवीनतम तथा दिगो प्रविधिको प्रयोग भएको, सूचना प्रविधि एक भरपर्दो तथा सुरक्षित माध्यमको रूपमा स्थापित भएको हुनेछ । साथै समाजका सबै वर्ग र क्षेत्रका मानिसहरूले सूचना प्रविधिको लाभ लिनसक्ने वातावरण कायम भएको तथा सबै प्रकारका सरकारी क्रियाकलाप तथा सूचनाहरू पारदर्शी र सहज रूपमा प्राप्त भएको हुनेछ ।

## ६.३ मानव संसाधन विकास

### १. पृष्ठभूमि

गुणस्तरीय मानव संसाधनको विकासले कृषि तथा गैरकृषि क्षेत्रको उत्पादकत्व बढाउन, सरकारी क्षेत्रको कार्यकुशलता अभिवृद्धि गर्न तथा क्षेत्रीय एवम् अन्तर्राष्ट्रिय श्रम बजारमा पहुँच पुऱ्याउन सघाउ पुग्छ । मुलुकको कुल जनसङ्ख्यामा आर्थिक रूपमा सक्रिय जनशक्तिको हिस्सा ५७ प्रतिशत रहेको छ । मानव संसाधनको विकास र उपयोगका लागि विगतमा कार्यक्रमहरू सञ्चालन गरिए पनि अपेक्षित उपलब्धि हुन सकेको छैन । श्रम शक्तिमा वृद्धि भएअनुरूप स्वदेशमा रोजगारीका अवसरहरूमा वृद्धि हुन नसक्दा ठूलो सङ्ख्यामा युवाहरू विभिन्न मुलुकमा रोजगारीका लागि विदेशिने गरेका छन् । यीमध्ये अधिकांश अदक्ष कामदारका रूपमा रहेका छन् । यस्ता युवाहरूलाई व्यावसायिक तथा प्राविधिक शिक्षा तथा सीपमूलक तालिमको माध्यमबाट सीपयुक्त तथा क्षमतायुक्त जनशक्तिमा परिणत गरी स्वदेश तथा अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा गर्नसक्ने तुल्याउन जरुरी देखिएको छ। मुलुकभित्रै उत्पन्न रोजगारीका अवसरहरू नेपालीले नै उपयोग गर्नसक्ने वातावरण पनि सिर्जना गर्नुपरेको छ ।

### २. चुनौती तथा अवसर

**चुनौती**

प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम प्रदान गर्ने संस्थाहरूमा स्रोतसाधनको कमी हुनु; उत्पादित जनशक्तिमा अपेक्षित गुणस्तर कायम हुन नसक्नु; जीवन उपयोगी शिक्षाको कमी

हुनु; वैदेशिक रोजगारीमा जाने युवाहरूमध्ये अधिकांश अदक्ष हुनु; अर्धदक्ष तथा दक्ष जनशक्तिको सङ्ख्यामा निकै वृद्धि भए तापनि क्षेत्रगत/जातिगत विषमता निकै रहनु; मानव संसाधनको विकास र उपयोगको लागि योजना नहुनु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

**अवसर**

जनसङ्ख्याको उमेरगत संरचनाअनुसार आश्रित जनसङ्ख्याको अनुपात निकै कम भएको र काम गर्ने उमेर समूहको जनसङ्ख्या बढेको; भूकम्पबाट क्षतिग्रस्त संरचनाको पुनर्निर्माणलगायत विकास निर्माणका विभिन्न क्षेत्रहरूमा दक्ष तथा अर्धदक्ष जनशक्तिको माग भइरहेको; अन्तर्राष्ट्रिय श्रमबजारमा सीपयुक्त जनशक्तिको माग बढ्दै गएको; तीव्र रूपमा आर्थिक विकास गर्दै गएका दुई छिमेकी मुलुकलगायत अन्तर्राष्ट्रिय बजारमा दक्ष जनशक्तिको माग बढ्दै गएको; उच्चस्तरीय र मध्यमस्तरीय प्राविधिक सीप विकास गर्ने संस्थाहरूको विस्तार उल्लेख्य रूपमा भएकोले मुलुकभित्र गुणस्तरीय मानव संसाधनको विकास गर्ने र सोको उपयोग गर्ने अवसर रहेको छ ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

क्षमतायुक्त मानव संसाधनको विकासमार्फत उच्च आर्थिक वृद्धिसहितको दिगो विकास ।

### ३.२ लक्ष्य

ज्ञानमा आधारित अर्थतन्त्रको विकास हुनेगरी मानव संसाधनको विकास गर्ने ।

### ३.३ उद्देश्य

मुलुकको विकासका लागि श्रम बजारमा प्रतिस्पर्धा गर्नसक्ने सक्षम तथा गुणस्तरीय मानव संसाधनको विकास गर्नु ।

### ३.४ रणनीति

१. मुलुकभित्र आवश्यक पर्ने दक्ष तथा अर्धदक्ष मानव संसाधनको विकास र उपयोगको निम्ति मानव संसाधन योजना तयार गर्ने ।
२. वैज्ञानिक, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सीपमूलक तालिममा जोड दिने ।
३. मानव संसाधनको विकास र उपयोगमा सरकारी, सामुदायिक र निजी क्षेत्रबीच सहकार्य गर्ने ।

### ३.५ कार्यनीति

१. देश विकासका लागि आवश्यक पर्ने दक्ष तथा अर्धदक्ष जनशक्ति विकास र त्यसको व्यवस्थित उपयोगका निम्ति निजी क्षेत्रको समेत सहभागितामा एकीकृत मानव संसाधन विकास योजना तयार गरिनेछ । (१)
२. उच्च वैज्ञानिक तथा प्राविधिक शिक्षाका अवसरहरू उपलब्ध गराएर श्रमबजारमा प्रतिस्पर्धा गर्नसक्ने गुणस्तरीय जनशक्ति तयार गरिनेछ । (२)

३. आन्तरिक श्रमबजारको मागअनुसारका विभिन्न किसिमका व्यावसायिक तथा सीपमूलक तालिम सञ्चालन गरिनेछ । (२)

४. लक्षित समूहको क्षमता विकासका लागि छात्रवृत्तिलगायतका सुविधाहरू उपलब्ध गराइनेछ । (२)

५. निजी क्षेत्रका प्राविधिक एवम् व्यावसायिक शिक्षा तथा तालिम प्रदान गर्ने संस्थाहरूलाई आफ्नो पूर्वाधार तथा जनशक्ति विकासका लागि प्रोत्साहित गरिनेछ । (३)

६. उत्पादित जनशक्ति र श्रमबजारमा उपलब्ध रोजगारीका अवसरबीच तादाम्य सम्बन्ध कायम गरिनेछ । (३)

७. मानव संसाधनको उपयोगका लागि रोजगारीका अवसरहरू धेरै भएको निजी क्षेत्रसँग सहकार्य गरिनेछ । (३)

### ३.६ प्रमुख कार्यक्रमहरू

१. मानव संसाधन व्यवस्थापन राष्ट्रिय नीति तथा एकीकृत कार्ययोजना तयार ।

२. मानव संसाधनको उत्पादन र विकाससम्बन्धी कार्यमा संलग्न सरकारी, गैरसरकारी, निजी र शैक्षिक संस्था तथा निकायहरूबीच समन्वय ।

३. तालिम तथा सीप विकाससम्बन्धी कार्यक्रम सञ्चालन ।

४. सरकारी र निजी क्षेत्रबीच अनुभव आदानप्रदान र इन्टर्नसीप कार्यक्रम प्रारम्भ एवम् सञ्चालन ।

५. अन्तर्राष्ट्रिय अनुभवको आदानप्रदान र असल व्यवहारको प्रयोग ।

६. मानव संसाधनको माग तथा आपूर्ति व्यवस्थापन ।

७. अभिमुखीकरण तथा क्षमता विकास ।

### ४. अपेक्षित उपलब्धि

मानव संसाधनको विकास तथा उपयोगका निम्ति एकीकृत योजना तयार भएको, ज्ञान र सीपयुक्त जनशक्ति उत्पादन भएको, मानव विकास र उपयोगमा सरकारी र निजी क्षेत्रबीच सहकार्य गरिएको हुनेछ ।

## ६.४ श्रम तथा रोजगारी

### १. पृष्ठभूमि

प्रत्येक नागरिकलाई रोजगारीको प्रत्याभूति गर्न संविधानमा रोजगारीको हकको व्यवस्था गरिएको छ । नेपालमा कुल जनसङ्ख्याको करिब ३० प्रतिशत अर्धबेरोजगार रहेको र २.३ प्रतिशत पूर्ण बेरोजगार रहेको अवस्था छ । देशको कुल जनसङ्ख्यामा ५७ प्रतिशत आर्थिक रूपले सक्रिय जनशक्तिको हिस्सा रहेको छ । जसमध्ये देशमा उद्योग र सेवा क्षेत्रको विकास उपयुक्त रूपमा हुन

नसकेकाले कृषि क्षेत्रमा बढी आश्रित हुनुपर्ने अवस्था रहेको छ । साथै कृषि क्षेत्रमा अर्धबेरोजगारीको अवस्था उच्च छ । वर्तमान अवस्थामा वार्षिक ५ लाखभन्दा बढी व्यक्ति श्रम बजारमा प्रवेश गर्दछन् । तर देशभित्र पर्याप्त रोजगारीका अवसरहरू नभएकोले ठूलो सङ्ख्यामा युवाहरू रोजगारीका लागि विदेशिनु परिरहेको छ ।

सरकारले रोजगारको व्यवस्थाको लागि राष्ट्रिय रोजगार नीति, २०७१ को तर्जुमा, बेरोजगारहरूको लगत सङ्कलन, न्यूनतम ज्यालादर निर्धारण, निकृष्ट प्रकृतिका श्रममा संलग्न बालश्रमिकको उद्धार, दिवा शिशु स्याहार तथा अनौपचारिक शिक्षा केन्द्रहरूको सञ्चालन, वैदेशिक रोजगारको क्रममा समस्यामा परेका नेपालीहरूको उद्धार तथा आर्थिक राहतको व्यवस्था, आप्रवासन सूचना केन्द्रको स्थापना, ६ देशमा श्रम सहचारीको व्यवस्था, ६ देशसँग श्रम सम्झौता सम्पन्न, त्रिभुवन विमानस्थलमा श्रमकक्षको स्थापना तथा सञ्चालन, सुरक्षित वैदेशिक रोजगारसम्बन्धी राष्ट्रिय कार्ययोजनाको तर्जुमा, वैदेशिक रोजगारीमा जानेहरूका लागि निःशुल्क प्रवेशाज्ञा र हवाई टिकटसम्बन्धी निर्णय एवम् सोको कार्यान्वयन, वैदेशिक रोजगारीमा घरेलु कामदार पठाउनेसम्बन्धी निर्देशिका २०७२ लागु गरिनु र चार देशमा सुरक्षित सेवागृह सञ्चालनमा रहनु यस क्षेत्रका सकारात्मक प्रयासहरू हुन् ।

## २. चुनौती तथा अवसर

### चुनौती

श्रम बजारमा प्रवेश गर्ने युवालाई पर्याप्त रोजगारी सिर्जना गर्नु, लबिँदो सङ्क्रमणकालका साथै बेलाबखत हुने प्रकोपबाट सृजित असहज परिस्थितिलाई सम्बोधन गरी थप रोजगारी सृजना गर्नु, रोजगारमूलक तालिम कार्यक्रम सञ्चालनमा देखिएको दोहोरोपना हटाउनु, वैदेशिक रोजगारीका सबै चरणहरूलाई व्यवस्थित, भरपर्दो र सुरक्षित बनाउनु, विप्रेषणबाट प्राप्त अधिकांश रकम उत्पादनशील क्षेत्रमा परिचालन गर्नु, श्रम बजारमा रहेको सीपयुक्त श्रमको माग र आपूर्तिबीचको असन्तुलनलाई कम गर्नु, औद्योगिक क्षेत्रमा थप रोजगारी बढाउनु, सामाजिक सुरक्षालाई योगदानमूलक बनाउँदै पहुँच वृद्धि गर्नु, मर्यादित रोजगारी सुनिश्चित गर्नु र रोजगारी सूचनालाई प्रभावकारी बनाउनु प्रमुख चुनौतीहरू रहेका छन् ।

### अवसर

पर्यटन, कृषि, पूर्वाधार विकास तथा भूकम्पपछिको पुनर्निर्माणजस्ता श्रम-सघन क्षेत्र राष्ट्रिय प्राथमिकतामा पर्नु, राष्ट्रिय गौरवका आयोजनाहरू र रोजगार केन्द्रित विकासको अवधारणाले प्राथमिकता पाउनु, शिक्षित जनशक्ति बढनु, अन्तर्राष्ट्रिय बजारमा नेपाली कामदारहरूको माग बढनु, वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरू सीपयुक्त र कामप्रति समर्पित हुनु, दिगो विकासको लक्ष्यजस्ता अन्तर्राष्ट्रिय प्रतिबद्धता जाहेर गरिनु, सूचना र प्रविधिमा भएको विकासले रोजगारी र स्वरोजगारीका विषयमा जनचेतनाको विस्तार हुनु, कुल जनसङ्ख्यामा आर्थिक रूपले सक्रिय जनसङ्ख्याको हिस्सा बढ्नु र श्रम बजारमा दक्ष जनशक्तिको माग बढ्दै जानु श्रम तथा रोजगारका लागि अवसर हुन् ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

दक्ष, सीपयुक्त र उत्पादनमूलक मानव संसाधनको विकासद्वारा पर्याप्त रोजगारी एवम् स्वरोजगारका अवसरहरू सृजना ।

### ३.२ लक्ष्य

मुलुकभित्रै वार्षिक करिब ४ लाख रोजगारी सिर्जना गर्ने ।

### ३.३ उद्देश्य

१. स्वदेशमा मर्यादित रोजगारीका अवसरहरू सृजना गरी बेरोजगारी तथा अर्धबेरोजगारी न्यूनीकरण गर्दै रोजगारीको हकलाई सुनिश्चित गर्नु ।

२. रोजगारीका लागि सीप तथा तालिमका अवसरहरू वृद्धि गरी प्रतिस्पर्धा गर्नसक्ने श्रमशक्तिको विकास गर्नु ।

३. वैदेशिक रोजगारीलाई बढी उत्पादक, सुरक्षित, मर्यादित र व्यवस्थित बनाउँदै जानु ।

### ३.४ रणनीति

१. लगानीमैत्री वातावरण सृजना गरी स्वदेशमै पर्याप्त र मर्यादित रोजगारी एवम् स्व-रोजगारीका अवसर सिर्जना गर्ने ।

२. सीप तथा व्यावसायिक तालिमका अवसरहरूको विकास एवम् विस्तार गर्दै अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धा गर्नसक्ने श्रम शक्तिको उत्पादन गर्ने ।

३. श्रमिकको हक अधिकारको संरक्षण तथा असल श्रम सम्बन्ध स्थापना गर्ने ।

४. वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित, भरपर्दो र प्रतिफलयुक्त बनाउने र प्राप्त विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने ।

### ३.५ कार्यनीति

१. श्रमप्रधान उत्पादन क्षेत्रको विस्तार र प्रविधिको उपयोगबाट रोजगारी बढाइनेछ । (१)

२. श्रम तथा रोजगार व्यवस्थापन सूचना प्रणालीको विकास गरिनेछ । (१)

३. रोजगारसम्बन्धी माग र आपूर्तिबीच सन्तुलन ल्याउन आवश्यक कार्यक्रमहरू कार्यान्वयन गरिनेछ । (१)

४. सीप प्रदायक तालिम केन्द्रहरूलाई क्रमशः एकीकृत गरी एकै ठाऊँबाट सीप विकास तालिम दिइनेछ । प्रत्येक प्रदेशमा एउटा विषयगत सीप विकास तालिम केन्द्र स्थापना गरिनेछ । (२)

५. सीप र सूचना उपलब्ध गराई वैदेशिक रोजगारमा जान चाहने महिलाहरूलाई तालिमको व्यवस्था गरिनेछ ।

६. सीपयुक्त जनशक्तिलाई तालिमपछिका सेवाहरू जस्तैः उद्यमशीलता विकास, वस्तुगत सहायता, वित्तीय सहायता, उत्पादनको गुणस्तर परीक्षण र बजार सहज पहुँचसम्बन्धी व्यवस्था गरिनेछ । (२)

७. राष्ट्रिय रोजगार नीतिको प्रभावकारी कार्यान्वयन गर्दै श्रमिकको हक एवम् रोजगारीको हकसम्बन्धी कानुन निर्माण गरिनेछ । (३)

८. एकीकृत सामाजिक सुरक्षा ऐन र श्रम ऐन जारी गरी सामाजिक सुरक्षा योजना कार्यान्वयन र असल श्रम सम्बन्ध विकास गरिनेछ । (३)

९. रोजगारीमा महिलाको सुरक्षा सुनिश्चित हुने प्रणालीको व्यवस्था गरिनेछ । (३)

१०. वैज्ञानिक मापदण्डका आधारमा विभिन्न क्षेत्रका कामदारहरूको न्यूनतम पारिश्रमिक निर्धारण गरिनेछ । (३)

११. विभिन्न क्षेत्रमा रहेका अनौपचारिक मजदुरहरूको औपचारिकीकरण गरिनेछ । (३)

१२. बाल श्रमसम्बन्धी नीति, कानुन र कार्यक्रममा सुधार गरिनेछ । (३)

१३. औद्योगिक प्रतिष्ठानहरूमा व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षासम्बन्धी मापदण्ड लागु गरिनेछ । (३)

१४. जोखिममा परी वैदेशिक रोजगारीबाट फर्केका महिला कामदारहरूलाई विशेष सामाजिक सुरक्षाको प्रत्याभूति गरिनेछ । (३)

१५. वैदेशिक श्रम बजारलाई कामदारमैत्री बनाउन जनशक्तिको विकास र थप गन्तव्य मुलुकहरूसँग द्विपक्षीय श्रम सम्झौता गरिनेछ । (४)

१६. विप्रेषणलाई औपचारिक माध्यमबाट देशमा ल्याउने व्यवस्था गर्ने र सोको उत्पादनशील क्षेत्रमा लगानी गर्ने नीति अवलम्बन गरिनेछ । (४)

### ३.६ प्रमुख कार्यक्रमहरू

#### क. आन्तरिक श्रम तथा रोजगारी

१. व्यवसायजन्य स्वास्थ्य र सुरक्षासम्बन्धी नीति निर्माण र ध्वनि, प्रकाश र धुलोसम्बन्धी मापदण्डको कार्यान्वयन ।

२. आन्तरिक श्रम व्यवस्थापनलाई प्रभावकारी तुल्याउन श्रम अध्ययन प्रतिष्ठानको स्थापनाका लागि अध्ययन ।

३. असल औद्योगिक सम्बन्ध कायम गर्न सरकार, रोजगारदाता र ट्रेड युनियनको भूमिकालाई प्रभावकारी बनाउन स्थायी संयन्त्रको निर्माण ।

४. घरेलु श्रमिकको पेसालाई मर्यादित र सुरक्षित गराउन तथाङ्क सङ्कलन र विश्लेषण ।

५. रोजगार बजारको विश्लेषणको आधारमा व्यवसाय तथा सीप विकास तालिम ।

६. रोजगार सूचना केन्द्रलाई सुदृढीकरण गर्दै रोजगार विनिमय केन्द्रको स्थापना ।

७. सूचना प्रविधिमा आधारित रोजगार सूचना प्रणालीको विकास।

८. रोजगार प्रत्याभूत कानुन तर्जुमा र कार्यान्वयन ।

९. अनौपचारिक क्षेत्रका मजदुरहरूको पञ्जीकरण र उनीहरूको दुर्घटना बिमा ।

**ख. वैदेशिक रोजगार**

१. वैदेशिक रोजगार ऐन, २०६४ र वैदेशिक रोजगार नियमावली, २०६४ को समयानुकूल परिमार्जन ।

२. कामदारहरूको हित अभिवृद्धि गर्न सूचनामूलक र प्रवर्द्धनात्मक कार्यक्रम ।

३. कोलम्बो प्रोसेस (कामदारहरू पठाउने राष्ट्रहरूको सङ्गठन) र अबुधाबी वार्ता ( कामदारहरू पठाउने र लिने राष्ट्रहरूको संगठन) सहभागी भई कामदारहरूको साझा हकहितसम्बन्धी विषयमा सहकार्यको खोजी ।

४. आप्रवासनसम्बन्धी सार्कस्तरीय घोषणापत्रको तयारी र बैठक आयोजना ।

५. वैदेशिक रोजगारीबाट फर्किएका कामदारहरूको सीप तथा क्षमताको उपयोग र पुनर्एकीकरणका लागि सामाजिक परिचालन ।

६. वैदेशिक रोजगारीलाई समावेशी र विपन्नमुखी बनाउन निर्देशिका तर्जुमा गरी सीपमूलक तालिम ।

७. वैदेशिक रोजगारमा जान चाहने महिलाहरूलाई सीप र सही सूचना उपलब्ध गराउन विशेष तालिम ।

८. सामाजिक शिक्षाका शिक्षकहरूको लागि वैदेशिक रोजगारीसम्बन्धी सूचनामूलक तथा चेतनामूलक कार्यक्रम ।

९. वैदेशिक रोजगारीमा जान चाहनेहरूलाई बैङ्क तथा वित्तीय संस्थाबाट ऋण व्यवस्था ।

१०. सीप परीक्षण गर्ने संयन्त्रमार्फत परीक्षण प्रमाणपत्र प्राप्त गरेकालाई मात्र वैदेशिक रोजगारी।

११. त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थलमा वैदेशिक रोजगारीमा जाने र फर्कनेहरूका लागि छुट्टै कक्ष र सूचना प्रणालीको स्थापना ।

१२. वैदेशिक रोजगारसम्बन्धी अभिलेख प्रणालीमा सुधार ।

१३. वैदेशिक रोजगारीमा गएकाहरूको समस्या र उजुरी सुनुवाइ र समस्या समाधान गर्न टोल-फ्री नम्बरसहितको संयन्त्रको व्यवस्था ।

१४. वैदेशिक रोजगारीका विविध पक्षको नियमित अनुगमनद्वारा सबै प्रकारका शोषणको अन्त्य ।

**ग. बालश्रम निवारण**

१. बालश्रम निवारणको लागि गुरुयोजनाको तर्जुमा र कार्यान्वयन ।

२. निकृष्ट प्रकृतिका बालश्रमको अन्त्य गर्न चेतना अभिवृद्धि र स्थानीय निकायहरूमार्फत बालश्रम प्रयोगको निरीक्षण तथा अनुगमन ।
३. बालश्रमिकहरूको उद्धार एवम् पुनर्स्थापनाका लागि केन्द्रहरूको स्थापना ।

**घ. सामाजिक सुरक्षा**

१. सामाजिक सुरक्षा कोषको प्रभावकारी कार्यान्वयन ।
२. सामाजिक सुरक्षा प्रवर्द्धनको लागि योगदानकर्ताको परिचय पत्र वितरण कार्यक्रम र योगदानमा आधारित सामाजिक सुरक्षा कोष योजना।
३. सामाजिक बिमा तथा लघुवित्त कार्यक्रमको अनौपचारिक क्षेत्रमासमेत विस्तार ।
४. सामाजिक सुरक्षासम्बन्धी जनचेतना तथा प्रचारप्रसार ।

### ४. अपेक्षित उपलब्धि

मुलुकभित्रै वार्षिक ४ लाख रोजगारी सिर्जना भएको र श्रम बजारको मागअनुरूप दक्ष एवम् प्रतिस्पर्धी श्रमशक्ति तयार भई श्रमिक आपूर्ति भएको हुनेछ । बेरोजगारी र अर्धबेरोजगारी दर घटेको हुनेछ । असल श्रम सम्बन्धको विकास भएको हुनेछ । निकृष्ट प्रकृतिको बालश्रमको उन्मूलन भएको हुनेछ । वार्षिक दुईलाख युवालाई कम्तीमा तीन महिनाको रोजगारमूलक सीप विकास तालिम प्रदान गरिएको र स्वदेशभित्रै  स्वरोजगारको अवसर वृद्धि भएको हुनेछ । विदेशमा जोखिममा परेका सबै कामदार विशेषत महिलाहरूको हकहितको सुरक्षा अभिवृद्धि भएको हुनेछ ।

## ६.५ विपद् व्यवस्थापन, वातावरण तथा जलवायु परिवर्तन

### ६.५.१ विपद् व्यवस्थापन

### १. पृष्ठभूमि

नेपाल विपद्को उच्च जोखिममा रहेकाले विपद्का कारण वर्षेनी धनजनको ठूलो क्षति हुने गरेको छ । मुख्यतः भूकम्प, अतिवृष्टि, बाढी, पहिरो, हावाहुरी, चट्याङ, आगलागी, खडेरी, महामारी, शीतलहर र हिमताल विष्फोटन हुनसक्ने कारण विपद्को जोखिम उच्च रहेको छ । यसैगरी हैजा, बर्डफ्लु, स्वाइन फ्लुजस्ता रोगहरू पनि विपद्को कारकका रूपमा देखिएका छन् । विपद्का समयमा आश्रय स्थलका लागि काठमाण्डौ उपत्यकाका ८३ ओटा क्षेत्रहरूलाई खुल्ला क्षेत्र कायम गरिएको छ । साथै सबै जिल्लाका सहरी क्षेत्रमा खुल्ला क्षेत्र कायम गर्ने कार्यहरू अगाडी बढाइएको छ । हेटौँडा, इनरुवा, पोखरा र धनगढी गरी ४ स्थानमा आपत्कालीन गोदाम घरको स्थापना गरी गैह्रखाद्य सामग्रीहरूको भण्डारण गरी सञ्चालनमा आएको, सूर्खेत क्षेत्रीय आपत्कालीन कार्य सञ्चालन केन्द्र निर्माण कार्य जारी रहेको छ । साथै अन्तर्राष्ट्रिय सहयोगमा प्राप्त हुने सामग्रीहरूको व्यवस्थापनको लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा मानवीय सहायता कक्षको व्यवस्था भई कार्यान्वयनमा रहेको छ । केन्द्रमा राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्र (NEOC), ५ ओटा क्षेत्रमा क्षेत्रीय आपत्कालीन कार्य सञ्चालन केन्द्र (REOC) र

४९ ओटा जिल्लामा जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र (DEOC) स्थापना गरी सञ्चालनमा रहेका छन् । साथै सुरक्षा निकायहरूमा रबर बोट र मोटर बोट तयारी अवस्थामा राखिएको छ ।

विपद्को समयमा नदीहरूले पुल बगाई वा भाँचिई सडक अवरुद्ध भएमा तत्काल सडक यातायात सुचारु गर्न तत्काल प्रयोग गर्न सकिने गरी नेपाली सेनाद्वारा ३ स्थानमा अस्थायी पुल (Acrobridge) राखिएको छ । सुरक्षा निकायहरू आवश्यक इक्विपमेन्ट र न्यूनतम राहत सामग्रीसहित खोज तथा उद्धार कार्यमा खटिन पूर्वतयारी अवस्थामा रहेका छन् । प्रकोप पीडित उद्धार र राहतसम्बन्धी मापदण्ड, २०६४ बमोजिम गृह मन्त्रालयमार्फत राहत वितरण कार्य भइरहेको छ । विपद्पछि लेखाजोखामा एकरुपता कायम गर्न विपद् लेखाजोखा निर्देशिका जारी भएको, जिल्ला विपद् पूर्वतयारी प्रतिकार्य योजना सबै जिल्लामा तयार गर्नुका साथै अद्यावधिक गरिएको, स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तथा जिल्ला जोखिम व्यवस्थापन योजना जिल्लामा तर्जुमा गरी कार्यान्वयनमा रहेको अवस्था छ ।

आपत्कालीन अवस्थामा केन्द्रीय, क्षेत्रीय, जिल्ला दैवी प्रकोप समितिहरू सक्रिय हुने गरेको अवस्था छ । विपद्को समयमा मानवीय सहायताका कार्य गर्ने विभिन्न सङ्घ संस्थाहरूको सहयोग लिने गरिएको छ । विपद् जोखिम न्यूनीकरण गर्न, खोज, उद्धार र तत्काल राहत कार्यलाई व्यवस्थित गर्न र विकास संरचना सुरक्षित गर्न विकासका सबै प्रक्रियामा विपद् व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्ने कार्यलाई प्रभावकारी बनाई विषयगत/क्षेत्रगत रूपमा लागु गरी दिगो र सुरक्षित विकासको अवस्था सुनिश्चित गर्नु जरुरी छ ।

## २. चुनौती तथा अवसर

### चुनौती

नेपालमा हुने विपद्का सबै कारणहरूको असर तथा प्रभावको वैज्ञानिक अनुसन्धान गरी क्षेत्रगत विकास योजना तर्जुमा गर्ने, भौतिक विकासको स्वरूपलाई भविष्यको आर्थिक विकासको बाधक बन्न नदिन स्थानीय तहका सेवाकेन्द्र तथा बस्तीहरूको आर्थिक-सामाजिक तथा भौतिक सम्पर्कलाई आर्थिक उत्पादनसँग जोड्ने, सुरक्षित बस्ती विकासको अवधारणाभित्र सहर तथा बस्ती विकासको योजना तर्जुमा र कार्यान्वयन गर्ने र सम्पूर्ण भौतिक पूर्वाधारसहितको विपद् उत्थानशील एकीकृत बस्ती विकास गर्ने चुनौती रूपमा रहेका छन् । त्यसरी नै विपद् प्रतिकार्यको समयमा संलग्न सरकारी निकाय, गैरसरकारी संस्था तथा नागरिकबीचको अन्तरसम्बन्ध कायम गरी समन्वय गर्ने विषयमा चुनौती देखिएको छ । पीडितको पहिचान, पीडितलाई तत्काल राहत तथा पुनर्स्थापनासम्बन्धी कार्यमा एकरूपता ल्याई दोहोरोपना सिर्जना हुन नदिनुसमेत चुनौती हुन् ।

### अवसर

२०७२ सालको शक्तिशाली भूकम्पपछिको सिकाइलाई समेत आधार लिई दिगो तथा सुरक्षित विकास सुनिश्चित गर्ने; स्थानीय पूर्वाधार विकास तथा एकीकृत बस्ति विकास कार्यलाई तालमेल हुने गरी विकास गर्ने, आर्थिक-सामाजिक रूपान्तरणका लागि जनजीविकामा सुधार भएको विपद् प्रतिरोधी गुणस्तरीय पूर्वाधारसहित विपद् उत्थानशील सहर तथा बस्ती विकास गर्ने, सबै प्रकारका विपद्को सामना गर्न आधुनिक प्रविधियुक्त संरचना र दक्ष जनशक्तिको विकास गर्ने तथा विकास

साझेदारहरूबाट प्राप्त सहयोगलाई प्रभावकारी रूपमा परिचालन गरी आत्मनिर्भर बन्नेजस्ता अवसरहरू रहेका छन् । विपद्लाई विकाससँग जोडी योजना प्रक्रियाका विभिन्न चरणमा सम्बोधन हुने गरी मूलप्रवाहीकरण गर्ने प्रयास, विपद्को लागि पूर्वतयारी गर्ने परिपाटीको प्रारम्भ, प्रतिकार्यको लागि जिल्ला विपद् प्रतिकार्य कार्ययोजना तर्जुमालगायतको पूर्व तयारीका नीतिगत तथा संस्थागत व्यवस्थाको सुदृढीकरण र कार्यविधिहरूको तयारी र केन्द्रदेखि स्थानीय तहसम्मका संस्थागत व्यवस्थाहरूलाई अवसरको रूपमा लिन सकिन्छ ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

सबै प्रकारका विपद्हरूको प्रभावकारी व्यवस्थापनबाट विपद् उत्थानशील मुलुकको रूपमा नेपाललाई विकास गर्ने ।

### ३.२ लक्ष्य

विपद्बाट हुने मानवीय, भौतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय क्षतिमा कमी ल्याउने ।

### ३.३ उद्देश्य

विकासका सबै आयाम र चरणमा विपद् व्यवस्थापनलाई समाहित गराई विपद्बाट हुने मानवीय एवम् भौतिकलगायतका क्षतिलाई न्यूनीकरण गर्नु ।

### ३.४ रणनीति

१. विभिन्न निकायबाट हुने विपद् व्यवस्थापनको कार्यलाई समन्वय गरी एकीकृत रूपमा सञ्चालन गर्ने ।

२. आपत्कालीन खोज, उद्धार, उपचार तथा तत्काल राहतका लागि क्षमता अभिवृद्धि गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने ।

३. विपद् जोखिम न्यूनीकरणलाई विकासका सबै आयाम तथा चरणमा मूलप्रवाहीकरण गर्ने ।

४. विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन नीतिगत व्यवस्थालाई समय सापेक्ष र व्यवहारिक बनाउने ।

### ३.५ कार्यनीति

१. खोज तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन एकीकृत सूचना केन्द्र एवम् राष्ट्रिय, क्षेत्रीय तथा जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्रहरूलाई अत्याधुनिक यन्त्रको उपयोग गरी प्रभावकारी रूपमा सञ्चालनमा ल्याइनेछ ।

२. विपद् व्यवस्थापनलाई प्रभावकारी रूपमा सञ्चालन गर्न विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ-संस्था तथा दातृ निकायसँगको समन्वय र सहकार्यका लागि विपद् जोखिम न्यूनीकरण तथा अल्पीकरणका विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

३. स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियामा समाहित गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

४. बस्ती/समुदाय स्तरसम्म विपद् पूर्वतयारी तथा प्रतिकार्य क्षमता विकास व्यवस्थापन गरी विपद् जोखिम न्यूनीकरण तथा अल्पीकरण गर्नका लागि नगरपालिका र गाउँपालिकाका वडा तहसम्म जनसचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

५. विद्यालय तथा विश्वविद्यालयहरूका पाठ्यक्रमहरूमा विपद् व्यवस्थापनसम्बन्धी विषयलाई समावेश गर्ने व्यवस्था मिलाइनेछ । साथै, इन्जिनियरिङ विषयको अध्ययनमा स्थानीय सामग्री उपयोग गरी भूकम्प प्रतिरोधी संरचना निर्माणसम्बन्धी पाठ्यक्रम विकास गरी लागु गरिनेछ ।

६. खोज तथा उद्धारको निम्ति प्रादेशिक स्तरमा सुरक्षा निकायको कम्तीमा एउटा विशिष्ट क्षमतायुक्त टोली रहने व्यवस्था गरिनेछ । साथै उद्धार, उपचार तथा तत्काल राहतका लागि सबै सुरक्षा निकायहरूलाई परिचालन गर्न आवश्यक तालिम तथा स्रोतसाधन सम्पन्न बनाई तयारी अवस्थामा राखिनेछ ।

७. एकीकृत बस्ती विकासको सुरुवाती चरणदेखि नै विपद् विज्ञ, स्थानीय निकाय, योजनाविद्हरूलाई सहभागी गराएर भू-उपयोग नीति अनुकूल हुने गरी दीर्घकालीन बस्ती विकास योजना बनाई लागु गरिनेछ ।

८. विपद् व्यवस्थापनलाई दिगो बनाउन विभिन्न प्रकारका प्रकोपका विषयमा अध्ययन तथा अनुसन्धान गरिनेछ ।

९. विपद् व्यवस्थापनमा संलग्न प्रशासनिक निकाय र कर्मचारीहरूको लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरी विपद्को पूर्वतयारी तथा विपद् प्रतिकार्यलाई थप प्रभावकारी र समन्वित बनाइनेछ ।

१०. मौसम पूर्वसूचना प्रणाली तथा जलसतह पूर्वसूचना प्रणाली स्थापना गरी समुदायलाई जानकारी गराउने पद्धतिको विकास गरिनेछ ।

११. विपद् व्यवस्थापनको सबै तहमा जलवायु परिवर्तन अनुकूलनको अवधारणालाई आत्मसात् गरी जलवायु परिवर्तनको नकारात्मक असर न्यूनीकरण गर्ने विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

### ३.६ प्रमुख कार्यक्रमहरू

१. राष्ट्रिय आवश्यकता, सम्भावित विपद् र अन्तर्राष्ट्रिय प्रतिबद्धतासम्बन्धी सबै पक्षलाई समेटेर विपद् व्यवस्थापन ऐन, नीति र कार्ययोजना तयार ।

२. विपद्को पूर्वानुमान, अनुगमन र तत्कालीन उद्धारसम्बन्धी कार्यलाई चुस्त र संस्थागत बनाउन विपद् व्यवस्थापनको लागि आवश्यक सबै सरकारी निकाय, निजी तथा सामुदायिक क्षेत्र र नागरिक समाजसमेत सम्मिलित केन्द्रीय समन्वय तथा उद्धार निकायको व्यवस्था ।

३. जनचेतना अभिवृद्धि र आपत्कालीन खोज तथा उद्धारको लागि आवश्यक पर्ने जनशक्तिको विकास र औजार उपकरणको व्यवस्था ।

४. प्रदेश तथा स्थानीय तहसम्म विपद् व्यवस्थापन, आपत्कालीन उद्धार तथा खोज र मौसम पूर्वानुमान, जलसतह मापन प्रणालीसहितको सूचना प्रवाहसम्बन्धी केन्द्रको स्थापना ।

५. भूकम्पीय जोखिम न्यूनीकरणसम्बन्धी जनचेतना, सार्वजनिक जानकारी र आवास व्यवस्थापनसम्बन्धी कार्यक्रम ।

६. सम्भावित विपद्बाट पर्न सक्ने असर र क्षतिको न्यूनीकरण तथा जोखिम हस्तान्तरणसम्बन्धी बिमाको व्यवस्था ।

७. विपद् व्यवस्थापनको लागि सुरक्षा निकायहरूमा सबल र सक्षम संस्थागत व्यवस्था ।

### ४. अपेक्षित उपलब्धि

विपद् व्यवस्थापनसँग सम्बन्धित कानुनी, नीतिगत तथा संस्थागत व्यवस्था र यससँग सम्बन्धित क्षेत्रगत योजना, नीति तथा कार्यक्रम तर्जुमा गरी लागु भएको हुनेछ । कानुन तर्जुमा तथा मापदण्ड तय गरी लागु भएको, पुनर्निर्माणको लागि योजना तर्जुमा भई लागु भएको साथै जलवायु परिवर्तनबाट सिर्जना हुने विपद्को जोखिम न्यूनीकरण भएको हुनेछ । विपद्का नयाँ आयाम र सिकाइहरू प्रतिविम्बित हुने गरी विपद् व्यवस्थापनसम्बन्धी कानुनी तथा संस्थागत व्यवस्था गरिनेछ । विपद् पूर्वतयारी, जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य लगायत विपद् व्यवस्थापनका विविध पक्षहरूलाई समेटी नीतिगत व्यवस्थामा समसामयिक परिवर्तन तथा कार्यविधिहरूको संशोधन, परिमार्जन र तर्जुमासमेत गरी कार्यान्वयनमा ल्याइनेछ ।

## ६.५.२ वातावरण तथा जलवायु परिवर्तन

### १. पृष्ठभूमि

जलवायु परिवर्तनका असरहरू एकआपसमा सम्बन्धित हुने भएकोले यसको प्रभावको सामना गर्न वातावरण संरक्षण तथा जलवायु परिवर्तनको प्रभाव अनुकूलन गर्दै समष्टिगत विकासका लक्ष्यहरू हासिल गर्ने महत्वपूर्ण सवाललाई मध्यनजर गरी नेपालले यस क्षेत्रमा भएका अन्तर्राष्ट्रिय महासन्धि तथा सन्धिहरूको अनुमोदन तथा सम्मिलन गर्दै तद्नुरूप राष्ट्रिय नीति, कानुन तथा संस्थागत संयन्त्रहरूको व्यवस्था गरेको छ । वातावरणीय पक्षमा पर्ने प्रभाव तथा जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न हरित विकासको अवधारणालाई आत्मसात् गरिएको छ । सरकारी तथा राष्ट्रिय/अन्तर्राष्ट्रिय सङ्घ-संस्थासमेतको सक्रियतामा राष्ट्रिय तथा स्थानीय अनुकूलनका लागि रणनीतिक कार्यक्रमहरू, कार्बन व्यापारको थालनी, वातावरणीय संवेदनशीलताका मुद्दाहरूको आन्तरिकीकरण र सम्बोधनजस्ता प्रयासहरू भइरहेका छन् ।

जलवायु परिवर्तनका क्षेत्रमा लगानी यकिन गर्न जलवायु परिवर्तन बजेट सङ्केतको व्यवस्था गरी विगत योजना अवधिदेखि नै कार्यान्वयनमा आइसकेको छ । राष्ट्रिय अनुकूलन कार्यक्रमलाई कार्यान्वयन गर्ने सिलसिलामा स्थानीय अनुकूलन कार्यक्रम कार्यान्वयन भइरहेको छ । नेपालले सन्

२०१५ मा भएको जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौता कार्यान्वयन प्रारम्भ गरेको छ । वातावरण व्यवस्थापनलाई विकास कार्यसँग आबद्ध गर्ने क्रममा वातावरणीय प्रभाव मूल्याङ्कनलाई संस्थागत गर्ने प्रयत्न भएको छ । वायुको गुणस्तरसम्बन्धी मापदण्ड एवम् नेपाल सवारी प्रदूषणसम्बन्धी मापदण्डहरू निर्धारण गरी कार्यान्वयनमा ल्याइएको छ । क्योटो प्रोटोकलअन्तर्गत कार्बन व्यापारबाट नेपालले आम्दानी प्राप्त गर्न सुरु गरिसकेको छ । ११ जिल्लामा वातावरणमैत्री स्थानीय शासन कार्यक्रम सञ्चालन भइरहेको छ ।

## २. चुनौती तथा अवसर

### चुनौती

जलाधार संरक्षण गर्नु, जलवायु परिवर्तनको असरबाट अनुकूलित हुनु, उद्योग, कलकारखाना, यातायात तथा अन्य मानवीय क्रियाकलापहरूबाट हुने फोहर तथा हरितगृह ग्यासको उत्सर्जनलाई न्यून गर्नु, गरिबी र अन्य कारणहरूबाट हुने वन विनासलाई रोक्नु, जलवायु वित्तमा पहुँच बढाई नतिजामूलक कार्यक्रम सञ्चालन गर्नु, जलवायु परिवर्तनको असरबाट जोखिममा रहेका क्षेत्र र समुदायमा कार्यक्रम सञ्चालन गर्नु, जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरूलाई जनस्तरमा नै आन्तरिकीकरण गर्नु र जलवायु परिवर्तनका विषयमा अन्तर्राष्ट्रिय मञ्चहरूमा जलवायु परिवर्तनबाट जोखिममा परेका देशहरूको साझा आवाज स्थापित गर्नु चुनौती रहेका छन् ।

### अवसर

दिगो विकासका लक्ष्यहरूमा अन्तर्राष्ट्रिय समुदाय र सरकारबाट प्रतिबद्धता जाहेर गर्नु, जलवायु वित्तको व्यवस्था हुनु, प्रकृति संरक्षण अनुकूलनको क्षमता बढाउन राष्ट्रिय कार्ययोजना छाता रणनीति तयार हुनु र जलवायु परिवर्तनका क्षेत्रमा उपलब्ध अन्तर्राष्ट्रिय सहयोगलाई राष्ट्रिय बजेट प्रणालीमा एकीकृत गर्नेजस्ता नयाँ अवसर हुन् ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

स्वच्छ एवम् स्वस्थ वातावरणमार्फत दिगो विकास ।

### ३.२ लक्ष्य

वातावरणमैत्री र जलवायु परिवर्तनसँग अनुकूलित हुने गरी विकास कार्यक्रमहरू सञ्चालन गर्ने ।

### ३.३ उद्देश्य

१. दिगो विकासको लक्ष्य हासिल गर्न वातावरण संरक्षण गराउनु ।
२. बढ्दो सहरीकरणबाट उत्सर्जित प्रदुषण न्यूनीकरण गराउनु ।
३. हरित विकासको अवधारणाअनुरूप मानवीय क्रियाकलाप र विकास प्रक्रियालाई जलवायु परिवर्तन अनुकूलित गराउनु ।

### ३.४ रणनीति

१. वातावरण व्यवस्थापनलाई आन्तरिकीकरण गर्दै वातावरण संरक्षण एवम् प्रदूषण नियन्त्रणका लागि संस्थागत क्षमता अभिवृद्धि गरी विकास कार्यक्रमको अभिन्न अङ्गका रूपमा सञ्चालन गर्ने ।

२. जलवायु परिवर्तनको असर कम गर्न राष्ट्रिय र अन्तर्राष्ट्रिय जलवायु वित्त लगानीलाई राष्ट्रिय बजेट प्रणालीमा समाहित गरी यस क्षेत्रमा लगानी बढाउँदै जाने ।

३. जल तथा मौसमी सेवालाई विश्वसनीय, भरपर्दो, नियमित, गुणात्मक बनाई जलवायु परिवर्तन तथा प्रकोपले पार्ने असरलाई न्यूनीकरण गर्ने कार्यमा परिचालित गर्ने ।

### ३.५ कार्यनीति

१. वातावरण संरक्षणसँग सम्बन्धित कानुनहरूको तर्जुमा र विद्यमान कानुनहरू, वातावरणीय नीति नियम अद्यावधिक, संयन्त्रको सबलीकरण र संस्थागत क्षमता विकास गरिनेछ । (१)

२. जनस्तरमा वातावरणीय चेतना र सावधानी जगाउने कार्यक्रम सञ्चालन गरिनेछ । (१)

३. वातावरण र जलवायु परिवर्तनका क्रियाकलापमा दातृ निकाय, गैरसरकारी संस्था, स्थानीय निकाय, सामुदायिक संस्था एवम् अन्य निकायहरूबीच समन्वय र साझेदारी गरिनेछ । (१)

४. वातावरणमैत्री योजनाअनुरूप योजना तर्जुमा तथा कार्यान्वयनमा अन्तरनिकाय समन्वयलाई सुदृढ गरिनेछ । (१)

५. राजधानी लगायतका ठूला सहरमा रहेका नदीहरूको प्रदूषण न्यूनीकरण गर्ने तथा जल, जमिन, ध्वनि तथा वायु प्रदूषण रोकथाम गरिनेछ । (१)

६. 'प्रदूषकले तिर्नुपर्छ' भन्ने सिद्धान्त लागु गर्न आवश्यक संयन्त्रको विकास एवम् कार्यान्वयन गरिनेछ । (१)

७. प्राकृतिक स्रोतबाट प्राप्त आयको निश्चित प्रतिशत रकम प्राकृतिक स्रोत र साधनको संरक्षण तथा वातावरणीय अनुसन्धान र विकासमा खर्च गर्ने व्यवस्था गरिनेछ । (१)

८. स्थानीय अनुकूलन कार्ययोजना मार्फत राष्ट्रिय अनुकूलन कार्ययोजनालाई स्थानीय तहमा कार्यान्वयन गरिनेछ । (२)

९. हरित अर्थतन्त्रको विकाससम्बन्धी कार्यक्रमलाई आर्थिक क्रियाकलापका सबै क्षेत्रमा आन्तरिकीकरण गरिनेछ । (२)

१०. नेपाल पक्ष भएका वातावरणसम्बन्धी सन्धि तथा महासन्धिहरूको कार्यान्वयन गरी त्यसका प्रावधान र संयन्त्रबाट बढीभन्दा बढी लाभ लिन सम्बन्धित निकायहरूलाई परिचालन गरिनेछ । (२)

११. जलवायु परिवर्तन शीर्षकका बजेटको ठूलो हिस्सा स्थानीय तहमा खर्च हुने व्यवस्था गरिनेछ । (२)

१२. वातावरणमैत्री तथा जलवायु परिवर्तन अनुकूलन हुने खालका पूर्वाधार विकासमा जोड दिइनेछ । (२)

१३. कृषि, जलस्रोत तथा ऊर्जाजस्ता जलवायु परिवर्तनबाट प्रत्यक्ष प्रभावित क्षेत्रमा उपयुक्त प्रविधिको पहिचान, संरक्षण, प्रवर्द्धन र प्रसार गरिनेछ । (२)

१४. जल तथा मौसम सेवालाई मानव केन्द्रित तथ्याङ्क सङ्कलन पद्धतिबाट स्वचालित प्रणाली ( उच्च प्रविधियुक्त मौसमी राडार, माथिल्लो वायुमण्डलको सूचना लिने, चट्याङसम्बन्धी सूचना दिने संयन्त्र र उच्च गतिको कम्प्युटर प्रणाली)मा विकास गरिनेछ। (३)

१५. जल तथा मौसम विज्ञान विभागको सेवालाई विश्व मौसम संगठन, जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी निकाय र अन्तर्राष्ट्रिय हवाई सङ्गठनको आवश्यकता तथा मापदण्ड अनुरूप हुने विकास गरिनेछ। (३)

१६. अन्तर्राष्ट्रिय तथा क्षेत्रीय विमानस्थलमा मौसम हवाई सेवाको सुरुवात गरिनेछ। (३)

१७. हालको मौसम पूर्वानुमान प्रणालीमा सुधार ल्याई बढी भरपर्दो एवम् विश्वसनीय बनाइनेछ । (३)

१८. आधुनिक प्रविधिअनुरूप बाढी भविष्यवाणी प्रणालीको सुरुवात गरिनेछ। (३)

१९. उच्च क्षेत्रमा रहेका जोखिममा रहेका हिमतालहरूको सर्वेक्षण, अनुगमन एवम् जोखिम न्यूनीकरणका कार्यहरू गरिने र केही महत्वपूर्ण नदी प्रणालीका क्षेत्रमा बाढी अनुगमन सूचना प्रणाली विस्तार गरिनेछ। (३)

### ३.६ प्रमुख कार्यक्रमहरू

#### क. संस्थागत सुदृढीकरण

१. हरित अर्थतन्त्रको खाका तर्जुमा ।

२. वातावरण संरक्षण ऐन तथा नियमावलीमा संशोधन ।

३. पर्वतीय मुद्दा र जलवायु परिर्वतनका सवालहरूलाई सम्बोधन गर्न व्यवस्थापन सर्वेक्षण गरी संरचनात्मक सुधार ।

४. वातावरण संरक्षण तथा जलवायु परिवर्तन क्षेत्रमा संस्थागत क्षमता सुदृढीकरण र जनशक्ति विकास ।

#### ख. वातावरण संरक्षण, प्रवर्द्धन तथा प्रोत्साहन कार्यक्रम

१. वातावरण शिक्षा, वातावरणसँग सम्बन्धित सन्देशमूलक सामग्री उत्पादन र प्रचारप्रसार, वातावरणीय सरसफाइ, वातावरणमैत्री प्रविधि प्रयोग गर्न प्रोत्साहन,

वातावरणसँग सम्बन्धित लैङ्गिकमैत्री कार्यक्रम, हरित सहर निर्माणमा सचेतना र साइकल प्रयोगलाई प्रवर्द्धन र प्रोत्साहन ।

२. वातावरण प्रयोगशालाको स्थापना तथा सञ्चालन ।

३. वातावरण मैत्री उद्योगलाई ग्रिन सर्टिफिकेटको व्यवस्था ।

४. जलवायु अनुकूलित गाउँ (Climate Smart Village) को स्थापना र विकास ।

**ग. वातावरणीय प्रदूषण नियन्त्रण र अनुगमन**

१. वातावरण संरक्षणसम्बन्धी ऐन, नियम, निर्देशिका तथा मापदण्डको प्रभावकारी कार्यान्वयन ।

२. वायु, ध्वनि, जल, फोहोरमैला लगायतका प्रदूषण नियन्त्रणका लागि अध्ययन एवम् मापन ।

३. प्लास्टिकका झोलाको प्रयोगमा नियन्त्रण एवम् नियमन ।

४. विद्युतीय, लामो समयसम्म असर रहने विषादी तथा हानिकारक फोहोरमैला व्यवस्थापन ।

**घ. वातावरण प्रभाव मूल्याङ्कन तथा परीक्षण कार्यक्रम**

१. क्षेत्रगत निर्देशिका दिग्दर्शन तयारी, वातावरण प्रभाव मूल्याङ्कन भएका आयोजनाहरूको अनुगमन एवम् राय सुझाव सङ्कलनका कार्यक्रम र रणनैतिक वातावरणीय अध्ययन ।

**ङ. जलवायु परिवर्तन न्यूनीकरण अनुकूलन तथा समानुकूलन कार्यक्रम**

१. राष्ट्रिय अनुकूलन कार्यक्रमले निर्दिष्ट गरेका कार्यक्रमहरू, जलवायु परिवर्तनबाट परेको प्रभाव न्यूनीकरण तथा अनुकूलन क्रियाकलाप सञ्चालन, जलवायु परिवर्तनको प्रभाव जोखिमसम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने, जलवायु परिवर्तनको क्षेत्रमा काम गर्ने सङ्घसंस्था एवम् उक्त क्षेत्रका विशेषज्ञहरूको योग्यतासहितको विवरण तयार ।

२. स्वच्छ विकास संयन्त्रसम्बन्धी क्षमता अभिवृद्धि गर्ने, जलवायु परिवर्तन समानुकूलनका लागि नमुना कार्यक्रमहरू, जलवायु परिवर्तन सहयोग कार्यक्रम तथा क्षेत्रगत कार्यक्रमहरू, संयुक्त राष्ट्र सङ्घीय जलवायु परिवर्तन महासन्धिका प्रावधान कार्यान्वयन ।

**च. जल तथा मौसमी सेवाको सुदृढीकरण कार्यक्रम**

१. लामो समयको बर्षा, तापक्रम, आद्रता, जलसतह र जल प्रवाहसम्बन्धी तथ्याङ्कहरू उपलब्ध गराउने पद्धतिको विकास, विश्लेषण र वैज्ञानिक प्रमाणहसहितको सूचना तथा जानकारी सम्प्रेषण ।

२. जल तथा मौसम मापन केन्द्रहरूको परिमाणात्मक तथा गुणात्मक सुधार ।

३. हवाई मौसमी सेवा तथा कृषि हावापानी सेवामा सुधार ।

४. मौसमी पूर्वानुमान सेवा, बाढी पूर्वानुमान सेवा, हिमताल विस्फोटनसम्बन्धी पूर्वानुमान सेवा, वास्तविक समय (Real Time) मा प्राप्त हुने जल तथा मौसमी तथ्याङ्क सेवालाई भरपर्दो रूपमा उपलब्ध गराउनुका साथै जलवायु तथ्याङ्क पोर्टलको विकास ।

**छ. जलवायु परिवर्तन प्रकोप समुत्थान निर्माण कार्यक्रम**

१. जल तथा मौसम विज्ञान विभागको क्षमता अभिवृद्धि, आधुनिकीकरण र मौसमी राडारको व्यवस्था ।

२. उपल्लो वायुमण्डलको मौसमी सूचना प्राप्त गर्न प्रक्षेपण गरिने बेलुन, चट्याङसम्बन्धी जानकारी प्राप्त गर्न आवश्यक संयन्त्रको विकासका साथै बाढी र मौसमको पूर्वानुमानलाई थप परिस्कृत ।

**ज. हिमताल जोखिमको अध्ययन तथा व्यवस्थापन**

१. हिमतालहरूको क्षेत्रफल तथा पानीको सतहमा हुने वृद्धि लगायत हिमनदीहरूमा हुने परिवर्तनको अध्ययन तथा अनुसन्धान ।

२. हिमतालको विस्फोटनबाट हुने सक्ने बाढीको पूर्वानुमान गर्ने र हिमतालको विस्फोटनबाट हुन सक्ने जोखिम न्युनीकरण ।

## ४. अपेक्षित उपलब्धि

जलवायु परिवर्तनको जोखिम न्यूनीकरण, अनुकूलन र समयानुकूलन कायम भएको, जलवायु वित्तको खाका तयार भएको र राष्ट्रिय अनुकूलन योजना तयार भएको हुनेछ । सङ्घ र प्रदेशमा प्रयोगशालाको स्थापना भएको, १०५ ओटा वातावरणीय प्रभाव मूल्याङ्कन भएका आयोजनाहरूको परीक्षण भएको, वातावरणीय शिक्षा र सचेतना अभिवृद्धि भएको, १५८ ओटा जल मापन तथा मौसम मापन केन्द्रहरूको स्थापना तथा स्तरोन्ति र ३ ओटा मौसमी राडार जडान, ५ दिनसम्मको मौसम पूर्वानुमान, १० ओटा प्रमुख नदीहरूमा बाढी पूर्वानुमान सेवा सञ्चालन भएको हुनेछ ।

परिच्छेद : ७

# गरिबी निवारण, शान्ति र सुशासन

## ७.१ गरिबी निवारण तथा समृद्धि

### १. पृष्ठभूमि

मुलुकमा करिब छ दशकदेखिको योजनाबद्ध विकासको अभ्यास एवम् नवौं योजनादेखि गरिबी निवारणलाई एकमात्र मूल उद्देश्यको रूपमा विकास योजनाको केन्द्रमा राखी गरिएका विभिन्न प्रयासहरूबाट गरिबी न्यूनीकरणको दिशामा उल्लेख्य प्रगति भएको छ । गरिबी निवारण गर्ने सरकारको प्रमुख दायित्व भए पनि यो एक अन्तरसम्बन्धित विषय भएकोले यसका लागि सरकारका प्रत्येक अङ्गहरूको भूमिका अपरिहार्य हुन्छ ।

विगत १७ वर्षको अवधिमा निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या घटेको देखिए तापनि सहरी तथा ग्रामीण एवम् विभिन्न भौगोलिक क्षेत्र र सामाजिक समूहबीचको खाडल अझै पनि उच्च रहेको देखिन्छ । तर विशेष गरी महिला, आदिवासी, अल्पसङ्ख्यक तथा दुर्गम ग्रामीण क्षेत्रमा बस्ने आमनागरिकहरूमा गरिबीको गहनता बढी भएको हुँदा गरिबी निवारणका प्रयासहरूमा यिनको अर्थपूर्ण सहभागिता आजको टड्कारो आवश्यकता देखिन्छ । यसर्थ गरिबी न्यूनीकरण प्रयासलाई निरन्तरता दिँदै गरिब र धनीबीचको असमानता घटाउनु र आर्थिक समृद्धि प्राप्त गर्नु आजको आवश्यकता हो । यस कार्यको जिम्मेवारी समग्र सरकारका अङ्गहरू तथा सरोकारवालाहरूसमेतको भएकोले विभिन्न निकायहरूबाट सञ्चालन हुने यस्ता कार्यक्रमहरू प्रभावकारी हुनुको साथै ती निकायहरूबीच समन्वय हुनु जरुरी छ ।

गरिबीको वितरण भौगोलिक/क्षेत्रीय रूपमा मात्र नभई जातीय रूपमा समेत असमान रहेको देखिन्छ । यससँगै गरिबी निवारणका लागि गरिब घरपरिवारको पहिचान कार्य हुन नसक्नु, लक्ष्यित घरपरिवारमा सामाजिक सुरक्षण कार्यक्रमहरू केन्द्रित गर्न नसकिनु, विभिन्न निकायहरूबाट सञ्चालित गरिबी निवारण कार्यक्रमहरूबीच समन्वयको अभाव रहनु, क्षमता विकासका कार्यहरू पर्याप्त नहुनु एवम् नीति, योजना र बजेट कार्यक्रमबीच समानजस्य नहुनुजस्ता समस्याहरू विद्यमान छन् । सङ्ख्यात्मक रूपले गरिबीको तथ्याङ्कमा सुधार आएको देखिए तापनि आर्थिक असमानता कायम नै रहेको देखिएकाले गरिबी निवारणको कार्य थप जटिल बनेको छ ।

### २. चुनौती तथा अवसर

#### चुनौती

गरिबी न्यूनीकरणको प्रयासलाई तीव्रता दिँदै भौगोलिक, लैङ्गिक, जातीय र आय वर्गबीच रहेको गरिबीको मार र असमानताको अन्तरलाई कम गर्नु, न्यून आर्थिक वृद्धि, विनाशकारी भूकम्प र सीमाक्षेत्रको व्यापारिक अवरोधबाट सिर्जित समस्याबाट गरिबीको अवस्थामा परेको प्रतिकूल असर छिटो निवारण गर्नु, सीप, पुँजी र प्रविधिमा बहुसङ्ख्यक जनताको आवश्यक पहुँच नभएको अवस्थामा स्वरोजगार प्रवर्द्धन गर्नु, द्वन्द्वको अन्त्य भए पनि पूर्ण शान्तिको प्रत्याभूति सुनिश्चित नभएकोले

लगानीमैत्री वातावरण कुण्ठित हुँदा नयाँ रोजगारीका अवसरहरू सिर्जना गर्नु र वैदेशिक रोजगारीमा जानेलाई निरुत्साहित गर्नु चुनौती रहेका छन् ।

अनौपचारिक क्षेत्रमा अत्यधिक रूपमा केन्द्रित विद्यमान बढ्दो अदृश्य बेरोजगारीलाई घटाउनु, कृषिमा आश्रित आवश्यकताभन्दा बढी जनसङ्ख्यालाई क्रमिक रूपले गैरकृषि क्षेत्रमा स्थानान्तरण गराउनु, नयाँ रोजगारीको अवसर सिर्जना गर्नु, स्थानीय सीप, पुँजी र प्रविधिमा पहुँच भएका स्वदेशी उद्यमीहरूको निमित्त स्वरोजगार प्रवर्द्धन गर्नु, औपचारिक वा सङ्गठित क्षेत्रमा संयुक्त लगानीमा आधारित उद्योगको माध्यमबाट दक्ष जनशक्तिलाई रोजगारीका अवसरहरू उपलब्ध गराउनु तथा प्रतिस्पर्धाको आधारमा सुरक्षित वैदेशिक रोजगारी प्रवर्द्धन गर्नु र सहरी तथा ग्रामीण एवम् विभिन्न भौगोलिक क्षेत्र र समूहहरूबीचको खाडल अझै कम गर्नु चुनौतीका रूपमा रहेका छन् ।

**अवसर**

विभिन्न निकायहरूबाट सञ्चालन हुने यससम्बन्धी कार्यक्रमहरूको समन्वय र अनुगमनको माध्यमबाट यस कार्यमा परिचालन हुने ठूलो परिमाणको स्रोतसाधनलाई गरिब घरपरिवारको पहिचान गरी उनीहरूको समृद्धिका लागि परिलक्षित गर्न गराउन सकिने अवसर सिर्जना भएको छ ।

गरिब घर परिवार पहिचान र परिचयपत्र वितरणको सुरुवातसँगै गरिब लक्षित कार्यक्रम अघि बढाउने अवसर प्राप्त हुनेछ । कृषि, पर्यटन, निर्माण तथा अन्य सेवा क्षेत्रको विस्तारले आर्थिक वृद्धि एवम् रोजगारी सिर्जना भई गरिबी घटाउने बलियो अवसर प्राप्त छ ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

उत्पादनका साधन तथा अवसरहरूमा पहुँच वृद्धि, आय र रोजगारीका अवसर वृद्धि गर्दै गरिबी न्यूनीकरण र आर्थिक समृद्धि ।

### ३.२ लक्ष्य

निरपेक्ष गरिबी निवारण गर्दै आर्थिक समृद्धिको आधार तयार गर्ने ।

### ३.३ उद्देश्य

गरिबीको रेखामुनि रहेको जनसङ्ख्या १७ प्रतिशतमा ल्याउनु ।

### ३.४ रणनीति

१. उत्पादनमूलक रोजगारी तथा अवसरहरूको अभिवृद्धि गर्ने ।
२. आर्थिक वृद्धिमार्फत सृजना हुने रोजगारीलगायतका सम्पूर्ण अवसरहरूको न्यायोचित वितरण र समतामूलक विकास हुनेगरी सम्बद्ध सबै क्षेत्रगत नीतिहरूलाई परिलक्षित गर्ने ।
३. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानी/सहयोग, वैदेशिक सहायता एवम् गैरसरकारी सङ्घ संस्थाहरूबीच प्रभावकारी समन्वय र सहकार्यलाई सुदृढ गर्दै गरिबी न्यूनीकरण र आर्थिक समृद्धिका लागि स्रोत परिचालन गर्ने ।

४. गरिबी निवारण र आर्थिक समृद्धिसँग सम्बन्धित विभिन्न क्षेत्रमा सञ्चालन गर्न सकिने कार्यक्रम र आयोजनाहरूको सम्भाव्यताको अध्ययन गरी मागमा आधारित लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने ।

५. गरिबी न्यूनीकरणसम्बन्धी नीति तथा कार्यक्रमहरूको पुनर्संरचना एवम् प्राथमिकीकरण गर्दै सम्बद्ध नीति तथा कार्यक्रमहरूलाई पूर्वानुमानयोग्य बनाउने ।

### ३.५ कार्यनीति

१. उत्पादनमूलक रोजगारीलाई केन्द्रविन्दुमा राखी राष्ट्रिय गरिबी निवारण कार्यक्रम सञ्चालन गरिनेछ । (१)

२. विकास आयोजना तर्जुमा र कार्यान्वयन गर्दा श्रममूलक प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ । (१)

३. गरिबी घटाउन र आर्थिक समृद्धिको आधार तयार गर्न प्राकृतिक स्रोतसाधनको सन्तुलित व्यवस्थापन तथा उपयोगमा जोड दिइनेछ । (२)

४. पहिचान भएका गरिबहरूलाई सामाजिक सुरक्षणको माध्यमबाट क्षमता विकास गरिनेछ । (२)

५. कृषि, पर्यटन, ऊर्जा, पूर्वाधार विकास र साना उद्यमहरूलाई गरिबी निवारण उन्मुख तुल्याइनेछ । (२)

६. मध्य तथा सुदूरपश्चिमका उच्च पहाडी भेग र मध्य तराईका गरिब तथा विपन्न घरपरिवारलाई लक्षित गरी क्षमता विकास, आयआर्जन तथा रोजगारमूलक कार्यक्रम सञ्चालन गरिनेछ । (२)

७. गरिबी निवारणका लागि विभिन्न निकायबाट सञ्चालित कार्यक्रमबीच प्रभावकारी समन्वय गरिनेछ । (३)

८. गरिबी निवारणका लागि सञ्चालित कार्यक्रमहरूको प्रभावकारिता मूल्याङ्कन गरिनेछ । (३)

९. गरिबी निवारणमा सहयोग पुऱ्याउने अन्तर्राष्ट्रिय/क्षेत्रीय सङ्घसंस्था तथा विकास साझेदारसँग समन्वय र सम्बन्ध विस्तार गरिनेछ । (३)

१०. विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूबाट सञ्चालित गरिबी निवारणका कार्यक्रमहरूको समन्वय गर्दै कार्यान्वयनमा प्रभावकारिता ल्याइनेछ । (३)

११. आर्थिक समृद्धिका क्षेत्र पहिचान गरी ती क्षेत्रमा लगानी वृद्धि गरिनेछ । (३)

१२. गरिब घरपरिवार पहिचान तथा वर्गीकरण गरी परिचयपत्र उपलब्ध गराइनेछ । (४)

१३. विभिन्न क्षेत्र र समुदायमा रहेको गरिबी न्यूनीकरणको लागि उत्पादनमूलक कार्यक्रम सञ्चालन गरिनेछ । (४)

१४. ग्रामीण तथा सहरी गरिबीलाई लक्षित गरी कार्यक्रमहरू सञ्चालन गरिनेछन् । (४)

१५. सामाजिक सुरक्षा कार्यक्रमहरूको अध्ययन र सूचना सङ्कलन गरिने र हाल विभिन्न निकायहरूमार्फत कार्यान्वयनमा रहेका सामाजिक सुरक्षणका माध्यमहरूको प्रोफाइल र मापदण्ड तयार गरिनेछ । (४)

१६. दिगो विकास लक्ष्य (गरिबीसँग सम्बन्धित लक्ष्य) को कार्यक्रम र सूचकहरूको प्रगति अनुगमन गरिनेछ । (५)

### ३.६ प्रमुख कार्यक्रमहरू

१. स्थानीय स्रोतसाधन तथा सीपको प्रयोग गरी गरिबी निवारणमुखी प्रविधिहरूको विकास ।

२. गरिबी निवारण नीति तथा कार्ययोजना तयार गरी गरिबी न्यूनीकरणको लागि समुदाय तथा प्रदेश लक्षित उत्पादनमूलक र रोजगारीमूलक कार्यक्रम ।

३. सङ्घीय सरकारी निकाय, प्रादेशिक सरकारी निकाय, दातृ निकाय र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट सञ्चालित गरिबी निवारणसम्बन्धी कार्यक्रमहरूको अद्यावधिक विवरण तयार गर्ने, एकद्वार प्रणालीद्वारा समन्वय गर्ने र दोहोरोपन हटाउने ।

४. सामाजिक सुरक्षा कार्यक्रमहरूको अध्ययन र सूचना सङ्कलन गरी हाल विभिन्न निकायहरूमार्फत कार्यान्वयनमा रहेका सामाजिक सुरक्षणका माध्यमहरूको प्रोफाइल, डाटाबेस अद्यावधिक मापदण्ड तयार ।

५. गरिब घरपरिवार पहिचान र परिचय पत्र व्यवस्थापन तथा वितरण कार्यक्रमलाई विस्तार गर्ने र पहिचान भएका घरपरिवारलाई लक्षित गरी सशक्तीकरण क्षमता विकास तथा आयआर्जनका कार्यक्रमहरू सञ्चालन ।

६. पहिचान भएका घरपरिवारको क्षमता विकास तथा अवसरहरूमा पहुँच वृद्धि गर्ने, सामाजिक सुरक्षा र पहिचान भएका गरिब घरपरिवारसम्बन्धी अध्यावधिक विवरण ।

७. गरिबी निवारण कोष, ग्रामीण स्वावलम्बन कोष, युवा तथा साना उद्यमी स्वरोजगार कोष र सहकारी विकास कोषलगायत गरिबी निवारणसँग सम्बन्धित अन्य निकायको रकमलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न एकीकृत प्रणालीको विकास ।

८. विभिन्न सरकारी निकाय, सहकारी र गैरसरकारी क्षेत्रबाट गरिबी निवारणको क्षेत्रमा सञ्चालित कार्यक्रमहरूको अभिलेखीकरण गरी सफल तथा प्रभावकारी ठहरिएका कार्यक्रम र असल व्यवहारहरूको विस्तार ।

९. दिगो विकास लक्ष्य (गरिबीसँग सम्बन्धित प्रत्यक्ष लक्ष्य) को कार्यक्रम सञ्चालन तथा अन्य निकायहरूबाट सञ्चालित गरिबी निवारणसम्बन्धी कार्यक्रम तथा अनुगमन सूचकको व्यवस्थापन ।

१०. सहरी गरिबी घटाउन आयआर्जन र क्षमता विकास तथा अवसरहरूमा पहुँच वृद्धि ।

११. गरिबी निवारणसम्बन्धी ऐन, कानुन तथा नीतिहरूको प्रोफाइल तयार गरी गरिबका लागि आधारभूत कानुनी सचेतना कार्यक्रम सञ्चालन, क्षमता विकास तथा अवसरमा पहुँच वृद्धि ।

१२. प्राकृतिक प्रकोप तथा मौसम परिवर्तनका कारण सिर्जित गरिबीको जोखिममा परेका र अतिविपन्न व्यक्ति, परिवार र समुदायहरूको पहिचान गरी जोखिम न्यूनीकरण तथा तात्कालिन राहत ।

१३. न्यूनतम जीवनस्तर निर्वाहका मापदण्डहरू विकास गरी रोजगारमूलक कार्यक्रम र अवसरमा वृद्धि ।

### ४. अपेक्षित उपलब्धि

गरिबी न्यूनीकरणसम्बन्धी नीति तथा कार्यक्रमहरू पूर्वानुमानयोग्य भएको र दीर्घकालीन गरिबी न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गर्न नीतिगत आधार तयार भएको हुनेछ । विभिन्न निकायहरूबाट गरिबी निवारणका क्षेत्रमा राहत तथा विकासात्मक कार्यक्रम सञ्चालन गर्न तथ्यपूर्ण आधार तयार भएको, गरिब घरपरिवार पहिचान भएको, सामाजिक सुरक्षणका औजारहरू पहिचान भई वितरणसमेत भएको हुने र गरिबी १७ प्रतिशतमा झरी आर्थिक समृद्धिको आधार तयार भएको हुनेछ ।

## ७.२ सङ्घीयता, प्रादेशिक तथा भौगोलिक सन्तुलन

### ७.२.१ सङ्घीयता तथा स्थानीय स्वायत्त शासन

### १. पृष्ठभूमि

नेपालको संविधानले राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको संरचनाबाट हुने व्यवस्था गरी छुट्टाछुट्टै एवम् साझा अधिकारहरूसमेत स्पष्ट निर्धारण गरेको छ । यस्तो व्यवस्थाबाट सरकारलाई जनताको नजिक पुऱ्याई शक्ति र स्रोतमाथि नागरिकको पहुँच स्थापित गर्ने र विकास तथा सेवा प्रवाहमा स्थानीय सहभागिता र स्वामित्व कायम हुने अवस्था सिर्जना भएको छ ।

यसबाट जनतालाई वास्तविक रूपमै सार्वभौमसत्ता सम्पन्न तुल्याई शासनमा उनीहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै लोकतन्त्रलाई स्थानीय तहदेखि नै संस्थागत र मजबुत बनाउने अवसर प्राप्त भएको छ । स्थानीय स्वायत्त शासनअन्तर्गत स्थानीय सुशासन, गुणस्तरीय आधारभूत सेवा प्रवाहमा सबैको सहज पहुँच, स्थानीय पूर्वाधार निर्माण, लक्षित वर्ग तथा क्षेत्रको आर्थिक सामाजिक सशक्तीकरण एवम् समावेशीकरण, सामाजिक परिचालन, सहभागितामूलक योजना तथा विकास, स्थानीय जीविकोपार्जन एवम् रोजगारी, सामाजिक सुरक्षा र स्थानीय तहमा सञ्चालन गरिने अभियानमूलक रचनात्मक कुराहरूको सुनिश्चितता हुने देखिएको छ ।

### २. चुनौती तथा अवसर

**चुनौती**

विगत डेढ दशकभन्दा लामो समयदेखि निर्वाचन हुन नसक्दा स्थानीय निकायमा जवाफदेहिता कमजोर हुन गएको छ । साथै, स्थानीय निकायहरूको समय सापेक्ष पुनर्संरचना र क्षमता विकास गर्नु, सङ्घीय संरचना अनुसार प्रदेश र स्थानीय तहमा कर्मचारीहरूको व्यवस्थापन गर्नु, विषयगत निक्षेपणको कार्य प्रभावकारी बनाउनु, स्थानीय निकायलाई नयाँ संवैधानिक व्यवस्थाअनुरूप स्थानीय सरकारमा रूपान्तरण गरी राजनीतिक, आर्थिक, प्रशासनिक सेवा प्रवाह र विकास व्यवस्थापनको दृष्टिले सक्षम एकाइको रूपमा स्थापित गर्नु प्रमुख चुनौतीहरू हुन् ।

**अवसर**

संविधान जारी भएपश्चात् जनताको विश्वासका साथ विकास कार्य अगाडि बढ्ने वातावरण तयार हुनु, केन्द्रीय स्तरका कार्यक्रमहरू क्रमशः स्थानीय स्तरमा कार्यान्वयन हुने गरेबाट अनुभव र दक्षता वृद्धि हुनु, स्थानीय स्वायत्त शासनको अभ्यासले जनतामा शासनप्रतिको सचेतना, सहभागिता तथा अधिकारप्रतिको चासो बढ्दै जानु, स्थानीय तहमा वडा नागरिक मञ्चलगायत समुदायमा आधारित सङ्घसस्थाहरू गठन भई सरकारी एवम् स्थानीय निकायहरूसँग सहकार्य हुनु तथा विकास प्रक्रियामा स्थानीय जनताको सहभागिता र स्वामित्व बढ्नुजस्ता अवसर रहेका छन् ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

सङ्घीय संरचना अनुकूल सहभागितामूलक, समावेशी, समन्यायिक, उत्तरदायी र स्थानीय स्वायत्त शासन ।

### ३.२ लक्ष्य

जनप्रतिनिधिमूलक एवम् उत्तरदायी स्वायत्त शासन पद्धतिको सुदृढीकरणद्वारा साधन-स्रोत तथा अवसरहरूमा जनताको सहभागिता सुनिश्चित गर्ने ।

### ३.३ उद्देश्य

स्थानीय स्वायत्त शासन तथा सहभागितामूलक पद्धतिका माध्यमबाट जनतालाई आधारभूत सेवा सुविधा उपलब्ध गराउनु ।

### ३.४ रणनीति

१. स्थानीय संरचनाहरूको स्थापना, व्यवस्थापन र क्रियाशीलता बढाउने ।

२. स्थानीय स्वायत्त शासन र सेवा प्रवाहको सुदृढीकरण गर्ने ।

३. सामाजिक परिचालन तथा लक्षित कार्यक्रमलाई प्रभावकारी बनाउने । स्थानीय शासनमा जनस्वामित्व स्थापना गर्न जनताको सहभागितामा योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन प्रणाली सुदृढीकरण गर्ने ।

४. बालमैत्री स्थानीय शासनलाई मुलुकभर विस्तार गर्ने ।

५. दिगो आर्थिक-सामाजिक विकास, वातावरणमैत्री गुणस्तरीय स्थानीय पूर्वाधार तथा प्रभावकारी सेवा प्रवाहद्वारा सीप विकास र आय आर्जनका अवसरलाई विस्तार गर्दै गरिबी न्यूनीकरणमा टेवा पुऱ्याउने ।

६. जलवायु परिवर्तन अनुकुलन तथा विपद् व्यवस्थापनसम्बन्धी कार्यहरूमा जनताको सहभागिता बढाई समन्वयात्मक रूपमा वातावरणमैत्री स्थानीय शासन प्रवर्द्धन गर्ने ।

## ३.५ कार्यनीति

१. स्थानीय सरकारबाट विकास निर्माण कार्य तथा सेवा प्रवाहको लागि आवश्यक स्रोतसाधन, संस्थागत संरचना तथा जनशक्ति व्यवस्था गरिनेछ । (१)

२. स्थानीय निकायहरूको संरचनालाई सम्भाव्य एकाइको रूपमा पुनर्संरचना गरी स्थानीय सेवा प्रदायकको रूपमा स्थापित गरिनेछ । (१)

३. स्थानीय तहमा सेवा प्रवाहको प्रभावकारिताका लागि क्षमता अभिवृद्धि गरिनेछ । (२)

४. स्थानीय निकायलाई सेवाग्राहीप्रति बढी उत्तरदायी बनाउने गरी कार्यप्रणालीलाई पारदर्शी बनाइनेछ । (२)

५. स्थानीय तथ्याङ्कीय प्रणाली तथा अभिलेखलाई सूचना प्रविधिको प्रयोग गरी व्यवस्थित गरिनेछ । (२)

६. स्थानीय स्तरमा सञ्चालन हुने गैरसरकारी संस्थाका कार्यक्रमहरूलाई स्थानीय सरकारको समन्वयमा सञ्चालन हुने व्यवस्था गरिनेछ । (३)

७. वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रलाई थप सुदृढ गरिनेछ । (३)

८. विपन्न एवम् सीमान्तकृत घरधुरीका महिलाहरूलाई संलग्न गराई नागरिक सचेतना केन्द्रको विस्तार गरिनेछ । (३)

९. सहभागितामूलक योजना प्रणालीलाई बस्ती तहदेखि नै आबद्ध गरी स्थानीय तहको योजना तर्जुमा प्रणालीलाई सुदृढ गरिनेछ । (४)

१०. स्थानीय तहको योजना तर्जुमा कार्यान्वयन, अनुगमन र लाभको हिस्सेदारीमा स्थानीय समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित हुने व्यवस्था मिलाइनेछ । (४)

११. सूचना प्रविधिको प्रयोग गरी स्थानीय तहको योजनालाई राष्ट्रिय योजनासँग आबद्ध हुने व्यवस्था मिलाइनेछ । (४)

१२. अनुगमनलाई आयोजना चक्रका चरणहरूको अभिन्न अङ्गका रूपमा विकास गरी नतिजामूलक अनुगमन प्रणालीको कार्यान्वयन गरिनेछ । (४)

१३. आयोजनाको सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइलगायतका सामाजिक उत्तरदायित्वका विधिहरूको माध्यमबाट स्थानीय तहको विकास प्रक्रियालाई पारदर्शी तथा उत्तरदायी बनाइनेछ । (४)

१४. स्थानीय तहमा बालमैत्री स्थानीय शासन राष्ट्रिय कार्ययोजना प्रभावकारी कार्यान्वयन गरिनेछ । (५)

१५. स्थानीय पूर्वाधार निर्माणमा आवश्यक प्राविधिक जनशक्तिको व्यवस्था र प्राविधिक मापदण्ड एवम् नियमको पालना गरी गुणस्तर कायम गरिनेछ । (६)

१६. श्रममूलक, आधुनिक र वातावरण अनुकुल प्रविधिको उपयुक्त संयोजन गर्दै स्थानीय पूर्वाधार तथा आर्थिक-सामाजिक विकासका कार्यहरू सञ्चालन गरिनेछ । (६)

१७. स्थानीय तहमा भू-उपयोग नीति कार्यान्वयन गर्न प्रोत्साहन गरिनेछ । (६)

१८. वातावरणमैत्री स्थानीय शासनको प्रभावकारी कार्यान्वयन गर्ने र स्थानीय स्रोत परिचालन गर्दा वातावरणमैत्री उपायहरू अवलम्बन गरिनेछ । (७)

## ३.६ प्रमुख कार्यक्रमहरू

### क. सङ्घीय संरचना व्यवस्थापन

१. सङ्घीय, प्रादेशिक तथा स्थानीय तहको संरचना निर्माण, क्षमता अभिवृद्धि तथा पूर्वाधार विकास ।

२. संविधानको मर्म र उद्देश्यबमोजिम विषयगत मन्त्रालयहरूका क्षेत्रगत कार्यहरू प्रदेश र स्थानीय तहमा निक्षेपण ।

३. सङ्घीय शासन प्रणालीअनुसार स्थापना हुने प्रदेशहरूको आवधिक तथा वार्षिक योजना तर्जुमा प्रक्रियाको व्यवस्थापन ।

### ख. स्थानीय स्वायत्त शासन

१. निर्वाचित जनप्रतिनिधिको क्षमता अभिवृद्धि गर्दै स्थानीय शासनमा नेतृत्व विकास ।

२. सूचना, शिक्षा तथा सञ्चारको माध्यमबाट नागरिकहरूको सशक्तीकरण तथा स्थानीय सुशासन प्रवर्द्धन र अत्यावश्यक क्षेत्रमा सामाजिक परिचालन ।

३. स्थानीय योजना तथा विकास प्रक्रियामा समुदायको सहभागिता अभिवृद्धि गर्न स्थानीय निकायका वडाहरूमा आधारभूत तहको नागरिक मञ्च र टोल विकास संस्था तथा नागरिक सचेतना केन्द्र पुनर्गठन र सञ्चालन ।

४. नगरपालिकाहरूमा व्यवस्थित र योजनाबद्ध विकासका लागि समष्टिगत सहरी विकास योजना, भू-उपयोग योजना, नगरपालिका यातायात गुरुयोजना, स्थानीय विपद् व्यवस्थापन योजना, व्यवस्थित आवास विकास योजनासहितको आवधिक योजना तर्जुमा एवम् कार्यान्वयन ।

५. स्थानीय निकायहरूमा सामाजिक परीक्षण, सार्वजनिक परीक्षण र सार्वजनिक सनुवाइजस्ता विधिहरूको प्रयोग गरी सार्वजनिक उत्तरदायित्व अभिवृद्धि ।

### ग. वित्तीय विकेन्द्रीकरण सुदृढीकरण

१. सार्वजनिक वित्त व्यवस्थापनको सुदृढीकरण गरी स्थानीय तहमा नतिजा तथा प्रक्रियामा देखिने वित्तीय सुशासन जोखिमलाई न्यूनीकरण गर्न वित्तीय सुशासन कार्ययोजना कार्यान्वयन ।

२. राष्ट्रिय प्राकृतिक स्रोत र वित्त आयोगको गठन गरी राजस्व तथा अनुदान बाँडफाँडको ढाँचा निर्धारण सम्बन्धमा विस्तृत अध्ययन अनुसन्धान एवम् संविधान प्रदत्त अन्य कार्यहरूको कार्यान्वयन ।

३. स्थानीय तहको अनुदान वैज्ञानिक, न्यायोचित एवम् नतिजामूलक बनाउन सूत्रमा आधारित बाँडफाँड पद्धतिको सुदृढीकरण ।

**घ. सूचना प्रविधि तथा अभिलेख व्यवस्थापन**

१. सूचनामा आधारित स्थानीय योजना पद्धति स्थापित गर्न स्थानीय तहमा सृजना हुने सूचनालाई विद्युतीय माध्यमबाट सङ्कलन, प्रशोधन र परिचालन ।

२. सङ्घीय, प्रादेशिक र स्थानीय अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई आधुनिक र व्यवस्थित तुल्याउन विषयगत मन्त्रालय बजेट सूचना प्रणालीको विस्तार ।

३. सूचना प्रविधिमा आधारित प्रतिवेदन प्रणाली, आर्थिक तथा वित्तीय प्रणाली, योजना अनुगमन तथा विश्लेषण प्रणाली र न्यूनतम सर्त कार्यसम्पादन मापनको प्रयोग तथा सुदृढीकरण ।

४. सूचना प्रविधिको प्रयोगबाट सेवा प्रवाहमा सुधार ।

**ङ. सामाजिक सुरक्षा**

१. ज्येष्ठ नागरिक, एकल महिला, दलित, लोपोन्मुख, आदिवासी र जनजाति एवम् अशक्त, अपाङ्गता भएका नागरिकहरूलाई प्रदान गरिँदै आएको सामाजिक सुरक्षा भत्ता बैङ्किङ प्रणालीमार्फत वितरण ।

२. सामाजिक सुरक्षा कार्यक्रमको प्रभाव, दिगोपना र अन्य पक्षको पुनरावलोकन गरी एकीकृत, दिगो, वैज्ञानिक र व्यवस्थित गर्दै आवश्यकता अनुसारका थप नयाँ कार्यक्रम व्यवस्था ।

३. जनता निवृत्तिभरण योजना लागु गर्न सरोकारवाला मन्त्रालयहरूको समन्वय र सहकार्यमा कानुनी संरचना तयार ।

**च. सेवा प्रवाहको सुदृढीकरण**

१. संविधानले निर्धारण गरेका राज्य पुनर्संरचना र शासकीय स्वरूपबमोजिम स्थानीय निकायलाई सामाजिक, प्रशासकीय तथा वित्तीय रूपमा सबल र प्रभावकारी एकाइको रूपमा रूपान्तरण ।

२. शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका सामाजिक क्षेत्रमा लगानी अभिवृद्धि ।

३. योजना र अनुगमन तथा मूल्याङ्कन प्रणाली दुवैलाई नतिजामा आधारित तुल्याउन कार्यसम्पादन करार गरी सोही आधारमा मूल्याङ्कन गर्ने पद्धतिको विकास ।

४. सामुदायिक मेलमिलापको माध्यमबाट ससाना मेलमिलापयोग्य झैझगडाको स्थानीय स्तरमा नै समाधानसम्बन्धी कार्य विस्तार ।

५. सबै नागरिकलाई साक्षर बनाउन साक्षरता कार्यक्रमलाई स्थानीय तहका सरकारको नेतृत्वमा कार्यान्वयन र अनुगमन ।

६. गाउँ तथा नगर क्षेत्रहरूमा नगर तथा घुम्ती यातायात प्रणालीको विकास र सञ्चालन ।

## ४. अपेक्षित उपलब्धि

स्थानीय तहको पुनर्संरचना भई नागरिकहरूका लागि प्रवाह हुने सेवा थप प्रभावकारी भएको, समावेशी तथा लक्षित कार्यक्रमहरूको प्रभावकारिता अभिवृद्धि भई विपन्न, पिछडिएको क्षेत्र र सीमान्तकृत वर्ग तथा समुदाय थप लाभान्वित भएका हुनेछन् । त्यसैगरी सामाजिक सुरक्षा कार्यक्रम बैङ्किङ प्रणालीमा पूर्ण आबद्ध भई व्यवस्थित भएको, बालमैत्री स्थानीय शासन कार्यक्रमबाट बालबालिकाको सर्वाङ्गीण विकासमा उल्लेखनीय सुधार भएको र दिगो आर्थिक सामाजिक विकास, प्रभावकारी सेवा प्रवाहद्वारा सीप विकास र आयआर्जनका अवसरलाई विस्तार गर्दै गरिबी न्यूनीकरणमा टेवा पुगेको हुनेछ । मातृ शिशु तथा पोषणको स्थितिमा सुधार र तदनुसार मातृशिशु तथा बालबालिकाको दीर्घ कुपोषण न्यूनीकरण भई आमाहरूको शारीरिक घनत्व सूचकाङ्क सुधार र बच्चाहरूको पुड्कोपनामा एक तिहाइले कमी आएको, सामाजिक पूर्वाधार विकास, आयआर्जनका क्रियाकलापहरू सञ्चालन भएको, सचेतना अभिवृद्धि तथा सशक्तीकरण क्रियाकलापहरूमार्फत सार्वजनिक सेवामा सर्वसाधरणको सन्तुष्टि अभिवृद्धि भएको र वित्तीय सुशासन कायम भएको हुनेछ ।

# ७.२.२ प्रादेशिक तथा भौगोलिक सन्तुलन

## १. पृष्ठभूमि

लामो समयदेखि सन्तुलित क्षेत्रीय विकासको मान्यताबमोजिम पछाडि परेका वर्ग, समुदाय र क्षेत्रलाई विकासको मूलधारमा ल्याई समान रूपमा विकासको प्रतिफल उपलब्ध गराउने प्रयास हुँदै आएको हो । नेपालको संविधानले यही अन्तरवस्तुलाई आत्मसात् गर्दै विकासका दृष्टिले पछि परेका क्षेत्रलाई प्राथमिकता दिँदै सन्तुलित, वातावरण अनुकूल, गुणस्तरीय तथा दिगो रूपमा पूर्वाधारको विकास गर्ने नीति लिएको छ । विगतका आवधिक योजनाहरूमा पनि केन्द्रीय स्तर तथा स्थानीय निकायहरूमार्फत सञ्चालन गरिने विकास योजनाका अतिरिक्त कर्णाली विकास आयोग, सुदूरपश्चिम विकास आयोगजस्ता संस्थागत व्यवस्थाका साथै स्थानीय निकाय अनुदान कार्यक्रम, दुर्गम क्षेत्र विकास कार्यक्रम, कामका लागि खाद्यान्न, गरिबी निवारण आयोजना, कर्णाली रोजगार कार्यक्रम, सीमावर्ती क्षेत्र विकास कार्यक्रम, सामाजिक सुरक्षा कार्यक्रमजस्ता विशेष कार्यक्रमहरू सञ्चालन गरिएका थिए । सङ्घीय संरचनाको सन्दर्भमा पनि सङ्घ, प्रदेश र स्थानीय तहबीच प्राकृतिक स्रोतसाधनप्रतिको अधिकार र उपलब्ध स्रोतसाधनको बाँडफाँड गर्दा विभिन्न प्रदेशहरूको सन्तुलित विकासको अवधारणालाई आत्मसात् गरी उपलब्ध स्रोत साधन र अवसरमा समान पहुँचसहित समन्यायिक विकासको सुनिश्चितता गर्नुपर्ने हुन्छ ।

## २. चुनौती तथा अवसर

### चुनौती

विकासमा पछाडि परेका क्षेत्रहरूमा भौगोलिक विकटताको कारण पूर्वाधार निर्माणमा कठिनाइ हुनु, विकासका साझेदारहरूको सहयोगलाई विकट ठाँउहरूमा पुऱ्याउनु, दुर्गम तथा पहाडी क्षेत्रमा पूर्वाधार विकासका लागि आवश्यक पर्ने स्रोत साधनको व्यवस्था गर्नु, भूकम्पपश्चात्को पुनर्निर्माण, सङ्घीयता कार्यान्वयन र दीर्घकालीन विकासका नियमित कार्यक्रम र अयोजनाहरूका बीचमा तादाम्यता ल्याई

स्रोतसाधनको सन्तुलित संयोजन कायम गर्नु, स्थानीय तहमा जनसहभागिता, पारदर्शिता र उत्तरदायित्व प्रवर्द्धन गरी सुशासन प्रवर्द्धन गर्नु र लक्षित कार्यलाई प्रभावकारी बनाउनु चुनौतीपूर्ण छ ।

**अवसर**

सर्वाङ्गीण विकासको स्थानीयकरणको अपेक्षासहित सङ्घीयतासहितको संरचना कार्यान्वयनमा आउनु, संवैधानिक रूपमा नै पिछडिएको क्षेत्र र वर्गलाई विशेष प्राथमिकता दिने नीतिगत व्यवस्था हुनु, गरिबी निवारण तथा रोजगारीका लागि विशेष कार्यक्रमसहित संस्थागत व्यवस्था हुनु, विकास कार्यक्रमहरूको मागमा अत्यधिक वृद्धि हुनु र जनताको प्रत्यक्ष सहभागितामा स्थानीय योजना तर्जुमा र कार्यान्वयन गरिने प्रवृत्तिमा बढोत्तरी हुनु, दुर्गम तथा पिछडिएको क्षेत्रमा अन्तर्राष्ट्रिय लगानी र सहयोग वृद्धि हुनु सन्तुलित विकासका अवसर हुन् ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

प्रादेशिक तथा भौगोलिक सन्तुलन र नागरिकहरूबीचको जीवनस्तरमा समानता ।

### ३.२ लक्ष्य

सबै प्रदेश र भौगोलिक क्षेत्रमा सन्तुलित विकास गरी जनताको जीवनस्तरमा सुधार गर्ने ।

### ३.३ उद्देश्य

१. भौगोलिक रूपमा विकट र पिछडिएको क्षेत्रमा स्थानीय उत्पादन र रोजगारीमा वृद्धि गर्नु ।

२. सबै क्षेत्रका जनतालाई दैनिक आवश्यकताका वस्तु तथा सेवामा समन्यायिक रूपमा सहज पहुँच पुऱ्याउनु ।

### ३.४ रणनीति

१. स्थानीय स्तरमा सम्भावना पहिचान गरी ती क्षेत्रमा लगानी वृद्धि गर्ने ।

२. विभिन्न प्रदेशहरूका बीच सहसम्बन्ध कायम गरी आर्थिक तथा सामाजिक गतिविधिहरूलाई अगाडि बढाउने ।

३. पछाडि परेका क्षेत्र, सीमान्तकृत व्यक्ति, वर्ग र समुदायको उत्थान तथा संरक्षणको लागि विशेष कार्यक्रम सञ्चालन गर्ने ।

### ३.५ कार्यनीति

१. सम्भाव्य प्राकृतिक एवम् मानवीय सम्पदाहरूको पहिचान गरी त्यसको उच्चतम उपयोग गर्दै तुलनात्मक रूपमा बढी प्रतिफल दिने आयोजना/कार्यक्रमलाई उच्च प्राथमिकता दिइनेछ । (१)

२. निजी क्षेत्र आकर्षित हुने तुलनात्मक लाभका कृषि तथा गैरकृषि क्षेत्रहरूको पहिचान गरी त्यस्ता क्षेत्रमा निजी लगानीलाई प्रोत्साहित गरिनेछ । (१)

३. सङ्घ, प्रदेश र स्थानीय तहबीच प्राकृतिक स्रोतसाधन तथा राजस्वको परिचालन गर्दा विभिन्न प्रदेशहरूको सन्तुलित विकासको अवधारणालाई आत्मसात् गरिनेछ । (२)

४. स्थानीय स्रोतसाधनमा आधारित आर्थिक विकास कार्यक्रममार्फत उद्यमशीलता र रोजगारी सृजना गरिनेछ । (२)

५. सङ्घ, प्रदेश र स्थानीय तहबीच वस्तु तथा सेवाको उत्पादन र निर्वाध आवागमनको व्यवस्था गरिनेछ । (२)

६. प्रदेश-प्रदेश र स्थानीय तहहरू जोड्ने सडक पूर्वाधारहरूको विकास गरी प्रदेश तथा स्थानीय तहहरूका बीच सहसम्बन्ध र सम्भावनाहरूको उच्चतम उपयोग गरिनेछ । (२)

७. पछाडि परेका क्षेत्रमा विशेष लक्षित आर्थिक, सामाजिक तथा पूर्वाधार विकास कार्यक्रमहरूको सञ्चालन गरिनेछ । (३)

८. मानवीय साधनको विकासमा पछि परेका क्षेत्रमा मानव संसाधनको विकासका कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गरिनेछ । (३)

### ३.६ प्रमुख कार्यक्रमहरू

१. सङ्घीय, प्रादेशिक र स्थानीय तहमा उपलब्ध प्राकृतिक र मानवीय स्रोतको प्रोफाइल तयार तथा उपयोग ।

२. प्रादेशिक तथा स्थानीय विशिष्टता, स्रोतसाधनको उपलब्धता, आवश्यकताको आधारमा निजी क्षेत्र आकर्षित हुने तुलनात्मक लाभका क्षेत्रहरूको पहिचान, विकास र प्रवर्द्धन ।

३. सार्वजनिक-निजी र सङ्घीय, प्रादेशिक र स्थानीय सरकारबीच आर्थिक-सामाजिक तथा समावेशी विकासमा सहयोग पुग्ने क्षेत्रहरूको पहिचान र विकास ।

४. अन्तरप्रादेशिक र अन्तरस्थानीय आवागमन र व्यापार सहजीकरण ।

५. अन्तरप्रदेश र स्थानीय तह जोड्ने सडक र परिपूरकको रूपमा प्रयोग/उपयोग गर्न सक्ने अन्य पूर्वाधारहरूको विकास ।

६. स्थानीय रोजगारी प्रवर्द्धन तथा लक्षित विकास कार्यक्रम ।

७. आधारभूत आर्थिक, सामाजिक, सांस्कृतिक र वातावरणीय विकासका तथ्याङ्क तथा सूचकाङ्कको आधारमा सूत्रमा आधारित केन्द्रीय स्रोत तथा बजेटको विनियोजन ।

८. मानव संसाधन तथा सीप र क्षमता विकास ।

## ४. अपेक्षित उपलब्धि

स्थानीय तहमा समावेशी तथा लक्षित कार्यक्रमहरूको प्रभावकारितामा अभिवृद्धि भई विपन्न, पिछडिएको क्षेत्र र सीमान्तकृत वर्ग तथा समुदाय थप लाभान्वित भएको, बालमैत्री स्थानीय शासन कार्यक्रमबाट बालबालिकाको सर्वाङ्गीण विकासमा उल्लेखनीय सुधार भएको हुनेछ । त्यसैगरी प्रभावकारी सेवा प्रवाहद्वारा सीप विकास र आय आर्जनका अवसरलाई विस्तार गर्दै गरिबी न्यूनीकरणमा टेवा पुगेको,

मातृ शिशु तथा पोषणको स्थितिमा सुधार आएको, सचेतना अभिवृद्धि तथा सशक्तीकरण क्रियाकलापहरूमार्फत सार्वजनिक सेवामा सर्वसाधारणको सन्तुष्टि अभिवृद्धि भएको हुनेछ ।

## ७.३ शान्ति तथा पुनर्स्थापना

### १. पृष्ठभूमि

सशस्त्र द्वन्द्वपश्चात् विस्तृत शान्ति सम्झौताअनुसार सुरु भएको शान्ति प्रक्रिया संविधानसभाबाट नेपालको संविधान जारी भएसँगै समृद्ध, शान्त र न्यायपूर्ण नेपाल निर्माणको दिशामा अगाडि बढेको छ । यसको लागि विभिन्न आन्दोलनका क्रममा जीवन उत्सर्ग गरेका सहिदहरूको सम्मान, बेपत्ता पारिएका व्यक्तिहरूको खोजी, आपसी सद्भाव र सहिष्णुता अभिवृद्धि गर्ने सोचसहित समाजमा दिगो शान्ति र सुव्यवस्था कायम गरी राख्ने लक्ष्य लिई द्वन्द्वपश्चात् राज्यका आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधारहरूको निर्माण, राहत तथा पुनर्स्थापना, पुनर्एकीकरण, मेलमिलाप र सङ्क्रमणकालीन न्याय प्रदानका लागि सत्यनिरूपण तथा मेलमिलाप र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठनलगायतका उपलब्धि हासिल भएका छन् ।

### २. चुनौती तथा अवसर

**चुनौती**

द्वन्द्वोत्तर पुनर्निर्माण तथा पुनर्स्थापनाका बाँकी कार्यक्रमलाई प्रभावकारी ढङ्गले शीघ्र कार्यान्वयन गर्नु, विभिन्न पक्षहरूसँग भएका वार्ता र सहमतिलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्नु, सशस्त्र द्वन्द्वको मनो-सामाजिक असरलाई सामान्यीकरण गर्नु, सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवता विरुद्धको अपराधको घटनामा संलग्नको सत्यतथ्य अन्वेषण, छानबिन तथा निरूपण गरी दिगो शान्ति कायम गर्नु अझै चुनौतीपूर्ण छ ।

**अवसर**

संविधान निर्माण भई देशको समग्र शान्ति प्रक्रिया निष्कर्षमा पुग्ने अवस्था सिर्जना हुनु, शान्ति र विकासका लागि जनतामा चेतना वृद्धि हुनु, संस्थागत संरचनाको पुनर्निर्माणका कार्यहरू र राहत तथा पुनर्स्थापना कार्यक्रममार्फत समाजमा दिगो शान्ति, सद्भाव र एकता वृद्धि हुँदै जानु र सङ्क्रमणकालीन न्यायसम्बन्धी काम गर्न बेपत्ता भएका व्यक्तिको छानबिन गर्न र सत्यनिरूपण तथा मेलमिलाप गराउन आयोगहरू गठन भई क्रियाशील रहनुलाई अवसरको रूपमा लिन सकिन्छ ।

### ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**३.१ सोच**

मेलमिलाप, आपसी सद्भाव र सुशासनमार्फत दिगो, शान्त र समृद्ध एवम् न्यायपूर्ण नेपाल निर्माण ।

**३.२ लक्ष्य**

द्वन्द्वोत्तर शान्ति प्रक्रियाका सबै पक्षलाई निष्कर्षमा पुऱ्याउने तथा पुनर्निर्माण कार्यलाई सम्पन्न गर्ने ।

### ३.३ उद्देश्य

द्वन्द्वका कारणबाट क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माण तथा सामाजिक, आर्थिक एवम् मानवीय क्षति र प्रभावलाई व्यवस्थापन गर्नु ।

### ३.४ रणनीति

१. द्वन्द्व प्रभावित व्यक्ति, परिवार तथा समूहहरूका लागि परिपूरण, क्षतिपूर्ति, पुनर्स्थापना एवम् पुनर्एकीकरणका काम सम्पन्न गर्ने ।

२. द्वन्द्वका कारणबाट क्षति भएका र हाल निर्माणाधीन संरचनाहरूको पुनर्निर्माण कार्य सम्पन्न गर्ने ।

### ३.५ कार्यनीति

१. विगतमा भएका द्वन्द्व तथा आन्दोलनका कारण पीडित व्यक्ति तथा परिवारलाई क्षतिपूर्ति दिलाइनेछ । (१)

२. द्वन्द्व प्रभावित व्यक्ति तथा समूहहरूलाई सामाजिक पुनर्स्थापन एवम् पुनः सामाजिकीकरण गर्ने क्रममा आवश्यक मनोसामाजिक परामर्शलगायतका सेवा उपलब्ध गराइनेछ । (१)

३. समाजमा द्वन्द्वका कारणहरू पहिचान गरी त्यसको निराकरणका लागि शान्ति संवेदनशील नीति तथा कार्यक्रम लागु गरिनेछ । (१)

४. स्थानीय तहमा गठित स्थानीय शान्ति समितिमार्फत शान्ति प्रवर्द्धन गरिनेछ । (१)

५. द्वन्द्वबाट क्षति भई पुनर्निर्माण गर्न बाँकी रहेका भौतिक पूर्वाधारहरूको पुनर्निर्माण कार्य सम्पन्न गरिनेछ । (२)

### ३.६ प्रमुख कार्यक्रमहरू

#### क. पुनर्निर्माण

१. द्वन्द्वबाट क्षति भएका भौतिक संरचनाहरूको पुनर्निर्माण ।

२. सामाजिक सद्भाव तथा दिगो शान्तिका लागि प्रत्येक प्रदेशमा शान्तिग्रामको स्थापना ।

#### ख. पुनर्स्थापना तथा अन्य कार्यक्रम

१. पुनर्निर्माण तथा पुनर्स्थापना कार्यक्रमअन्तर्गत राहत, क्षतिपूर्ति तथा आर्थिक सहायताको न्यायोचित र पारदर्शी वितरण ।

२. बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्यनिरूपण तथा मेलमिलाप आयोगमार्फत सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित परिपूरण ।

३. स्थानीय स्तरमा हुने द्वन्द्वलाई न्यूनीकरण गर्न सहयोग ।

४. दिगो शान्तिका लागि विकास ।

५. द्वन्द्व पीडित व्यक्तिहरूका लागि मनोसामाजिक परामर्श सेवा तथा पीडा समन कार्यक्रम सञ्चालन ।

६. दिगो शान्तिका लागि शान्ति संवेदनशील विकास नीति अवलम्बन ।
७. द्वन्द्व न्यूनीकरण, पुनर्एकीकरण तथा रोजगार/स्वरोजगार ।

### ४. अपेक्षित उपलब्धि

राहत, पुनर्स्थापना, पुनर्एकीकरण, मेलमिलाप र सङ्क्रमणकालीन न्याय प्राप्ति भएको हुनेछ । द्वन्द्वबाट क्षतिग्रस्त भएका निर्माणाधीन संरचनाहरूमध्ये करिब २२०० ओटा संरचनाको पुनर्निर्माण पूरा भएको र राहत पाउन बाँकी द्वन्द्व प्रभावित व्यक्ति तथा परिवारका लागि राहत तथा पुनर्स्थापनासम्बन्धी कार्यक्रमहरू सम्पन्न भएको हुनेछ ।

## ७.४ शासकीय सुधार

### ७.४.१ प्रशासकीय सुशासन

### १. पृष्ठभूमि

नेपालको संविधानमा राज्यका नीतिअन्तर्गत सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्तहुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने कुरा उल्लेख छ । सार्वजनिक प्रशासनमा सुशासन कायम गर्ने सम्बन्धमा विभिन्न प्रयास भइरहेका छन् । चालु योजनामा हेलो सरकार तथा गुनासो व्यवस्थापन, भ्रष्टाचारविरूद्धको कार्ययोजना, राष्ट्रिय गौरवका आयोजनामा नतिजामा आधारित व्यवस्थापन प्रणाली, राष्ट्रसेवक कर्मचारीहरूको आचारसंहिताजस्ता कार्यहरू थप प्रभावकारिताका साथ सुचारु गरिएको छ । नेपालको संविधानले व्यवस्था गरेका प्रशासनिक पुनर्संरचनाका कार्यहरूलाई तदारूकताका साथ अगाडि बढाउन प्रशासकीय पुनर्संरचना आयोगको प्रतिवेदनमा भएका सिफारिसहरूको कार्यान्वयनका अतिरिक्त आवश्यक पर्ने कानुनहरूको तर्जुमा कार्य अगाडि बढाइएका छन् । सर्वसाधारण जनताको दैनिक काम पर्ने र प्रत्यक्ष जनसम्पर्क हुने केही विभागहरू र अन्तर्गतका कार्यालयहरूमा क्षतिपूर्तिसहितको नागरिक बडापत्र लागु गरिएको छ । सरकारी कार्यालयहरूमा सूचना प्रविधिको प्रयोगमा विस्तार गरिएको छ । निश्चित अवधिभित्र सबैको लागि तालिमको व्यवस्था मिलाउनका अतिरिक्त विभिन्न तालिम प्रदायक संस्थाहरूबाट प्रदान गरिने तालिमलाई समसामयिक र व्यावहारिक बनाउने प्रयास गरिएको छ ।

### २. चुनौती तथा अवसर

**चुनौती**

संविधानले व्यवस्था गरेका प्रशासनिक पुनर्संरचनाका कार्यहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्दै सङ्क्रमण कालको प्रभावकारी व्यवस्थापन गरी जनताका घरदैलोमा सार्वजनिक सेवाप्रवाहको सुनिश्चितता प्रदान गर्नु, अन्तर निकाय समन्वय गर्नु र आवश्यक साधन स्रोतको व्यवस्था गर्नु, जनसहभागिता, पारदर्शिता तथा जवाफदेहिता बढाउनु, समग्र सार्वजनिक प्रशासनको नैतिकताको अभिवृद्धि गरी उत्प्रेरणा बढाउनु, सरकारी सेवाको प्रवाहलाई सहज र प्रभावकारी बनाउनु, सार्वजनिक सेवामा रहेका राष्ट्रसेवकहरूमा राष्ट्रप्रति समर्पण र जनताप्रतिको सेवाभावको भावना जगाउनुजस्ता चुनौती रहेका छन् ।

**अवसर**

सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको व्यवस्था गर्ने भन्ने संविधानको व्यवस्था, सार्वजनिक सेवामा सुशासन प्रवर्द्धन गर्ने विभिन्न ऐन/नियमहरूको व्यवस्था तथा सेवा प्रवाहमा सूचना प्रविधिको बढ्दो प्रयोग अवसरका रूपमा रहेका छन् ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

जनमुखी, स्वच्छ, जवाफदेही सङ्घीय शासन व्यवस्था ।

### ३.२ लक्ष्य

सम्पूर्ण सार्वजनिक प्रशासनलाई जनताप्रति उत्तरदायी र सेवामूलक तथा विकासमैत्री बनाउने ।

### ३.३ उद्देश्य

सार्वजनिक प्रशासनलाई स्वच्छ, परिणाममुखी, जवाफदेही र पारदर्शी बनाई सार्वजनिक सेवाप्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउनु ।

### ३.४ रणनीति

१. सार्वजनिक सेवाहरूलाई गुणस्तरीय र सर्वसाधारणको पहुँचयोग्य बनाउन सङ्घीय प्रणालीअनुरूप प्रशासन संयन्त्रको पुनर्संरचना गर्ने ।

२. सार्वजनिक निकायका काम कारबाहीसम्बन्धी सूचनामा नागरिकको पहुँच बढाउने ।

३. राष्ट्रसेवकहरूलाई कामप्रति परिणाममुखी र उत्तरदायी बनाउने ।

### ३.५ कार्यनीति

१. नेपालको संविधानबमोजिम तीनतहको शासन पद्धतिअनुरूप हालको प्रशासन यन्त्रको पुनर्संरचना गरिनेछ । (१)

२. सार्वजनिक सेवाप्रवाहलाई गुणस्तरीय, समावेशी एवम् सहज बनाउन विद्युतीय शासन प्रणालीको अवलम्बन गरी प्रशासनिक कार्यविधिलाई सरलीकरण र सङ्क्षेपीकरण गरिनेछ । (१)

३. जनताका अत्यावश्यक स्थानीय सेवाहरू स्थानीय तहबाट व्यवस्थित रूपमा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ । (१)

४. सेवाप्रवाहलाई जनमुखी र सेवामूलक बनाउन क्षतिपूर्तिसहितको बडापत्र क्रमशः कार्यान्वयन गरिनेछ । (१)

५. जनगुनासोलाई प्रत्यक्ष रूपमा अनुभूत गर्ने गरी व्यवस्थापन गरिनेछ । (२)

६. सार्वजनिक सरोकारका विषयसँग सम्बन्धित सार्वजनिक निकायमा रहेका सूचनामा कानुनबमोजिम नागरिकको पहुँच अभिवृद्धि गरिनेछ । (२)

७. आयोजना स्थलमा आयोजनासम्बन्धी विवरण खुलेको होर्डिङ बोर्ड राख्ने व्यवस्थालाई अनिवार्य बनाइनेछ । (२)

८. सार्वजनिक निकायको नेतृत्व गर्ने पदाधिकारीको जिम्मेवारी र कर्तव्यलाई जवाफदेहीपूर्ण बनाउन सूचकसहित कार्यसम्पादन सम्झौता गर्नै पर्ने कानुनी व्यवस्था गरी कार्यान्वयन गरिनेछ । (३)

९. भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धिमार्फत व्यक्त गरिएका प्रतिबद्धताअनुरूप हुने गरी भ्रष्टाचार विरुद्धको शून्य सहनशीलताको नीतिअनुरूपा सार्वजनिक प्रशासनमा सदाचारिता अभिवृद्धि गरिनेछ । (३)

१०. सरकारी कर्मचारी तथा उनीहरूका आश्रित परिवारको लागि दुर्घटना र स्वास्थ्य बिमा लागु गरिनेछ । (३)

११. अन्तर्राष्ट्रिय प्रचलन र सीमामा रही निजामती कर्मचारी ट्रेड युनियनलाई व्यवस्थित गरिनेछ । (३)

१२. निजामती कर्मचारीलाई सक्षम र प्रतिस्पर्धी बनाउन क्षमता अभिवृद्धि गरिनेछ । (३)

**३.६ प्रमुख कार्यक्रमहरू**

१. निजामती सेवासम्बन्धी राष्ट्रिय नीति तर्जुमा, निजामती सेवा ऐन र नियमावलीमा समसामयिक संशोधन ।

२. निजामती सेवा र अन्य सरकारी सेवामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरूलाई सङ्घ, प्रदेश र स्थानीय तहमा समायोजन गर्नका लागि कानुनको तर्जुमा तथा समायोजन ।

३. सरकारका तहगत कार्य विश्लेषणका आधारमा सङ्गठन संरचना गरी जनशक्ति व्यवस्थापन ।

४. निजामती कर्मचारीहरूको मनोबल र उत्प्रेरणा अभिवृद्धिका लागि कर्मचारीहरूको सामाजिक सुरक्षा कार्यक्रम जस्तैः स्वास्थ्य तथा दुर्घटना बिमा, कर्मचारी आवास, शिशुस्याहार केन्द्र, निजामती कर्मचारी सन्तति छात्रवृत्ति, निजामती कर्मचारी सन्ततिका लागि आवासीय विद्यालय र निजामती कर्मचारी अस्पताल सञ्चालन तथा सुदृढीकरण ।

५. निजामती सेवामा कार्यरत कर्मचारीहरूका 'सबैका लागि तालिम' ।

६. निजामती कर्मचारीहरूलाई नेपाल सरकारलाई आवश्यक भएको विषयमा स्वदेश तथा विदेशमा अध्ययन तथा तालिम ।

७. सूचना प्रविधिको विकास र विस्तारद्वारा विद्युतीय प्रणालीको अधिकतम प्रयोग गरी स्वचालित कार्यप्रणालीको विस्तार ।

८. नियमित व्यवस्थापन परीक्षण ।

९. कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली अवलम्बन गरी व्यक्तिको कार्यसम्पादनलाई निजको कार्यालयको कार्य प्रगतिसँग आबद्ध ।

१०. सेवा निवृत्तहरूको ज्ञान, सीप, दक्षता र अनुभवको उपयोग गर्न सेवानिवृत्त कर्मचारी परिषद्को व्यवस्था ।

११. जनगुनासो व्यवस्थापनको लागि गुनासो सुनुवाइ ट्र्याकिङ पद्धति (Grievance Handling Tracking System) को विकास ।

१२. नागरिक बडापत्रलाई स्थानीय भाषामा समेत निर्माण गरी मोबाइल एप्स तथा सूचना प्रविधिको उपयोगमार्फत प्रयोग एवम् क्षतिपूर्तिसहितको नागरिक बडापत्रको प्राथमिकताका आधारमा सेवा प्रवाह ।

१३. नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, कर्मचारी प्रशिक्षण प्रतिष्ठानलगायतका अन्य सरकारी तालिम प्रदायक निकायको जनशक्ति र भौतिक पूर्वाधारको विकास र क्षमता अभिवृद्धि ।

१४. निजामती कर्मचारी र तिनका आश्रित परिवारका लागि निजामती कर्मचारी अस्पताललगायत अन्य अस्पतालको सहकार्यमा दुर्घटना तथा स्वास्थ्य बिमा ।

१५. निजामती कर्मचारी ट्रेड युनियनको आचारसंहिता तर्जुमा तथा कार्यान्वयन ।

१६. सबै सार्वजनिक निकाय र सबै तह तथा नेतृत्व तहका पदाधिकारीको जिम्मेवारी र कर्तव्यलाई जवाफदेहीपूर्ण बनाउन सूचकसहित कार्य सम्पादन सम्झौता ।

### ३.६ अपेक्षित उपलब्धि

संवैधानिक प्रावधान अनुरूपको प्रशासनिक पुनर्संरचनाका लागि अत्यावश्यक नीति र ऐन कानुनहरू तर्जुमा भई कार्यान्वयन भएका हुनेछन् । निजामती कर्मचारीहरू तथा उनीहरूका आश्रित परिवारको स्वास्थ्य तथा दुर्घटना बिमा लागु भएको हुनेछ । सूचना प्रविधिको विकास र विस्तारद्वारा सार्वजनिक प्रशासनलाई विद्युतीय शासन प्रणालीको रूपमा अघि बढाई सबै सरकारी कार्यालयहरूमा स्वचालित कार्यप्रणालीको विस्तार भएको हुनेछ । सेवा प्रवाहमा न्यून लागत, उच्च गुणस्तर र सरल पहुँचको सुनिश्चतता भएको हुनेछ । राष्ट्रसेवक कर्मचारीहरूको क्षमता अभिवृद्धि भई सेवा प्रवाह प्रभावकारी भएको हुनेछ र नेतृत्व तहमा गरिने कार्य सम्पादन सम्झौताबाट सरकारी निकायहरूको स्पष्ट जिम्मेवारी र उत्तरदायित्व किटान भएको हुनेछ ।

## ७.४.२ न्याय व्यवस्था

### १. पृष्ठभूमि

लोकतान्त्रिक शासन प्रणालीको दिगो आधार न्यायको सुनिश्चितता हो । जनताको ६ दशकभन्दा लामो अथक सङ्घर्षको परिणामस्वरूप भर्खरै प्राप्त भएको नेपालको संविधानले न्याय व्यवस्थाको आधारभूत खाका निर्धारण गरेको छ । संविधानप्रदत्त मौलिक हक संरक्षण गरी जनतामा न्याय सुनिश्चित गर्न केबल संविधानमा हकहरू उद्घोष गरेर मात्र पुग्दैन, न्यायिक पद्धतिको प्रभावकारी कार्यान्वयन सुनिश्चित हुनैपर्दछ । न्यायव्यवस्थाको प्रभावकारी कार्यान्वयनबाट मात्र संवैधानिक व्यवस्थाले परिकल्पना गरेको कानुनको शासन, मौलिक हक र मानव अधिकारको संरक्षण र प्रवर्द्धन तथा शान्ति, सुशासन र विकासका माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्न सम्भव हुन्छ ।

चालु योजना अवधिमा देवानी तथा फौजदारी संहिता विधेयक व्यवस्थापिका संसद्मा पेस गरिएको, विद्यमान कानुनलाई समावेशी र लैङ्गिकमैत्री बनाउन विभिन्न कानुनहरू संशोधन गरिएका, कानुनी शिक्षा सचेतना कार्यक्रम सञ्चालन भएको, वकिलहरूमा व्यावसायिक दक्षताको विकास, भौतिक पूर्वाधारको निर्माण, न्यायिक काम कारबाहीमा सूचना प्रविधिको विस्तार, बाल न्यायप्रणालीलाई प्रभावकारी बनाउनेतर्फ संस्थागत तथा कार्यविधिमा सुधारजस्ता कार्यहरू भएका छन् । समस्त न्याय प्रणालीको विकास र विस्तारबिना संविधानको कार्यान्वयन र देशको समग्र विकास हुन नसक्ने भएकाले न्याय प्रशासनलाई विकासको मेरुदण्डको रूपमा स्थापित गर्नु जरुरी देखिएको छ ।

## २. चुनौती तथा अवसर

### चुनौती

राज्यका तहहरू केन्द्रीय, प्रदेश र स्थानीय गरी तीन तह हुने भएकोले स्थानीय तहसम्म नै न्याय प्रशासन सञ्चालन गर्नु पर्ने कुरा संवैधानिक रूपमा परिकल्पना गरिएको र त्यसअनुसार सबै तहमा जनशक्तिको परिचालन र व्यवस्थापन गर्नु, भएका भौतिक संरचनाहरू गाभ्नु, खारेज गर्नु, पुनर्निर्माण तथा नयाँ निर्माण सम्पन्न गर्नु र समाजमा देखिने विवाद समाधानका लागि वैकल्पिक उपायहरू आवश्यक रूपमा अवलम्बन गर्नु, मुद्दाहरूको चापमा वृद्धि र त्यसको सही व्यवस्थापन गर्नु; आकलन बाहिरका फौजदारी अपराध क्षेत्रमा आएका नयाँ नयाँ योजनाहरू र त्यसको समाधान गर्नु; फैसला कार्यान्वयन, न्याय प्रशासनमा समर्पित जनशक्तिहरूको सेवाको सुरक्षा, सुविधा र उत्प्रेरणा जगाउने वातावरण तयार गर्नुजस्ता विषयहरू चुनौतीका रूपमा रहेका छन् ।

### अवसर

वर्तमान नेपालको संविधानले कानुनी शासन, मानव अधिकार तथा समावेशीयुक्त सामूहिक भावना गाँसिएको न्याय प्रशासनको विकासलाई नयाँ ढङ्गले व्यवस्थित गरेकोमा राज्यको पुनर्संरचनाबाट प्रशासित हुने न्याय प्रशासनले धेरै सम्भावनाहरू बोकेको अवस्था छ ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

स्वतन्त्र, सक्षम, स्वच्छ, निष्पक्ष एवम् प्रभावकारी न्यायप्रणालीमार्फत 'सबैका लागि न्याय' ।

### ३.२ लक्ष्य

नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी कानुनको शासन, मौलिक हक र मानव अधिकारको संरक्षण र प्रवर्द्धन तथा सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्ने ।

### ३.३ उद्देश्य

१. न्याय प्रशासनलाई छिटो, छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउनु ।

२. सबैका लागि न्याय सुनिश्चित गर्न न्यायमा सहज पहुँच कायम गराउनु ।

३. स्वतन्त्र र निष्पक्ष न्यायको सिद्धान्तलाई कुण्ठित बनाउने गरी राजनीतिक, प्रशासनिक, सम्पूर्ण न्याय प्रशासन र समाजिक क्षेत्रबाट हुने विसङ्गति र अनियमितताको गुनासोलाई न्यूनीकरण गर्ने उपायहरू अवलम्बन गरी भ्रष्टाचारमुक्त कानुनी राज्यको स्थापनार्थ अग्रसरता देखाउनु ।

## ३.४ रणनीति

१. न्यायिक पद्धतिमा सुधार ल्याई न्याय प्रशासनलाई आधुनिकीकरण गर्ने ।

२. न्यायिक प्रक्रियालाई सरल, झन्झटमुक्त र अनुमानयोग्य बनाउँदै न्यायप्रणालीमा सबैको पहुँच पुऱ्याउने ।

३. समावेशी लोकतान्त्रिक मूल्यमान्यताअनुरूपको सक्षम न्याय प्रशासनको विकास गरी नागरिक उन्मुख कानुनी शासन कायम गर्नुका साथै मानव अधिकार संरक्षण गर्ने ।

४. समाजमा भएका र हुनसक्ने विवादहरूलाई प्रारम्भिक चरणमै स्थायी समाधान गर्न विवाद समाधानका वैकल्पिक उपायहरूलाई प्रोत्साहन गर्ने ।

५. नेपालको संविधानले परिकल्पना गरेअनुरूप स्थानीय तहसम्म न्यायिक व्यवस्थाको संरचना तयार गरी न्यायप्रणालीको पुनर्संरचना गर्ने ।

## ३.५ कार्यनीति

१. देवानी तथा फौजदारी कानुन संहिता शीघ्र पारित गरी प्रभावकारी कार्यान्वयन गरिनेछ । (१)

२. अदालत व्यवस्थापन सुदृढीकरण गर्दै सूचना सञ्चार प्रविधि प्रयोगलाई संस्थागत गरिनेछ । (१)

३. न्यायमा सहज पहुँच अभिवृद्धिको लागि आवश्यक कानुनी पूर्वाधारहरू तयार गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । (१)

४. नागरिकका मौलिक हकहरूको प्रभावकारी संरक्षण र प्रचलनका लागि नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धिसम्झौताअनुरूपका कानुनी व्यवस्था सिर्जना गर्न न्याय प्रशासनसँग सम्बन्धित कानुनहरूको पुनरावलोकन गरिनेछ । (१)

५. अपराध अनुसन्धान र अभियोजनालाई स्वच्छ, निष्पक्ष, वैज्ञानिक, वस्तुगत र प्रभावकारी बनाउन संस्थागत सुदृढीकरण गरी व्यावसायिक जनशक्तिको विकास गरिनेछ । (१)

६. सर्वोच्च अदालत र महान्यायाधिवक्ताको कार्यालयको रणनीतिक योजना प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । (१)

७. समाजमा अनावश्यक रूपमा मुद्दामामिला गर्ने प्रवृत्तिलाई निरुत्साहित गरी सरोकारवालाहरूलाई उत्तरदायित्वको बोध गराउन मुद्दामामिलामा लाग्ने खर्चलाई पारदर्शी गराउने र जित्ने पक्षलाई हार्ने पक्षबाट लागेको खर्च भराउने पद्धतिको विकास गरिनेछ । (२)

८. फैसला कार्यान्वयन प्रणालीलाई प्रभावकारी बनाउन सम्बन्धित निकायहरूलाई जिम्मेवार बनाइनेछ । (२)

९. गरिब, असहाय तथा पिछडिएको समुदायका व्यक्तिहरूको न्यायमा सहज पहुँच सुनिश्चित गर्न रणनीति तथा कार्यक्रम तर्जुमा गरिनुका साथै सोका लागि आवश्यक साधन व्यवस्था गरी कार्यान्वयन गरिनेछ । (२)

१०. समावेशी लोकतान्त्रिक मूल्यमान्यताअनुरूपको सक्षम न्याय प्रशासनको विकास गरी नागरिक उन्मुख कानुनी शासन कायम गर्नुका साथै मानव अधिकार संरक्षण गरिनेछ । (३)

११. न्यायालयमा कार्यबोझको अनुपातमा आवश्यक जनशक्ति उपलब्ध गराई न्याय प्रशासनलाई व्यावसायिक रूपमा दक्ष बनाउन न्यायसेवालाई प्रतिस्पर्धात्मक र आकर्षक हुने विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ । (३)

१२. मेलमिलाप प्रक्रियालाई प्रभावकारी बनाउनुका साथै विवाद समाधानका अन्य वैकल्पिक उपायहरूको प्रभावकारी प्रयोगको लागि आवश्यक योजनाहरू तय गरिनेछ । (४)

१३. कानुनी शिक्षा तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । (४)

१४. अदालतहरूको भौतिक पूर्वाधार विकास गरी आधुनिक मापदण्डअनुरूप तुल्याइनेछ । (५)

१५. स्थानीय तहसम्म न्यायिक व्यवस्थाको संरचना तयार गरी न्यायप्रणालीको पुनर्संरचना गरिनेछ । (५)

### ३.६ प्रमुख कार्यक्रमहरू

१. संविधान अनुकूल हुने गरी न्याय प्रशासनसँग सम्बन्धित कानुनको पुनरावलोकन र सोसँग सम्बन्धित निकायहरूको पुनर्संरचना ।

२. न्याय प्रशासनसँग सम्बन्धित निकाय र अधिकारीहरूको क्षमता अभिवृद्धि ।

३. कानुनी सहायतासम्बन्धी व्यवस्थाको प्रवर्द्धनको लागि एकीकृत कानुनी सहायता नीति तर्जुमा ।

४. देवानी तथा फौजदारी कार्यविधि संहिता परिमार्जन ।

५. मुद्दा व्यवस्थापनलाई प्रभावकारी बनाउन वैज्ञानिक पद्धतिको विकास र अवलम्बन ।

६. अदालतहरू, महान्यायाधिवक्ता र अन्तर्गतका कार्यालयहरूको भौतिक पूर्वाधारको सुदृढीकरण, साथै मुद्दाका अभिलेखहरूको संरक्षणका लागि आवश्यक भौतिक पूर्वाधारहरूको व्यवस्था ।

७. फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन संस्थागत सुधार, क्षमता अभिवृद्धि तथा सरोकारवालाहरूको सहयोगको परिचालन ।

८. न्यायिक काम कारबाहीहरूमा सूचना प्रविधिको प्रयोगको विस्तार ।

९. न्यायमा सहज पहुँच अभिवृद्धि तथा न्यायिक प्रणाली प्रतिको जनआस्था अभिवृद्धि गर्न निःशुल्क कानुनी सहायता तथा कानुनी शिक्षा सचेतना ।

१०. सामान्य प्रकृतिका विवाद समाधानका लागि वैकल्पिक उपायहरूको प्रवर्द्धन गर्न समुदाय स्तरमा मेलमिलाप केन्द्रहरूको व्यवस्थापन ।

११. अनावश्यक रूपमा मुद्दा मामिला गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न तथा मुद्दामा लाग्ने खर्चलाई पारदर्शी बनाउने र जित्ने पक्षलाई हार्ने पक्षबाट लागेको खर्च भराउने सम्बन्धमा आवश्यक कानुनको तर्जुमा र कार्यान्वयन ।

१२. नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताअनुरूपका दायित्व पूरा गर्न सन्धि सम्पन्न गर्ने निर्देशिका तर्जुमा र कार्यान्वयन ।

### ४. अपेक्षित उपलब्धि

कानुनी शासन तथा कानुनी राज्यको स्थापनार्थ शान्ति तथा विकासको मूलप्रवाहीकरण गरी नागरिकको मौलिक हकअधिकार र मानव अधिकारको संरक्षण गरिएको, न्याय प्रशासनको पुनर्संरचनामार्फत आधुनिकीकरण भई समयसापेक्ष न्यायिक पद्धतिमा सुधार आई सम्पूर्ण न्याय प्रशासन छिटोछरितो तथा स्वच्छ भएको, व्यवस्थाप्रति नागरिकको जनविश्वास र जनआस्था बढेको र दण्डहीनताको अन्त्य नै न्याय प्रशासनको मुखरित उद्देश्य रहेकोले सबै नागरिक कानुनको परिधिभित्र हुनुपर्ने कर्तव्यबोध भएको हुने ।

## ७.४.३ भ्रष्टाचार नियन्त्रण

### १. पृष्ठभूमि

सरकारी कार्यप्रणालीमा जनअपेक्षाअनुरूपको सुधार गर्दै जनतामा प्रवाहित हुने वस्तु र सेवा पारदर्शी, उत्तरदायी, जनमुखी र कानुनसम्मत रूपमा सहज र सरल तरिकाले उपलब्ध गराई सबै तह र रूपका भ्रष्टाचार एवम् अनियमिततालाई नियन्त्रण गरी सदाचारयुक्त, नैतिकवान् एवम् सुसंस्कृत नेपाली समाजको निर्माण गर्न आवश्यक व्यवस्था गर्नुपरेको छ । नेपाल पक्ष राष्ट्र बनेको भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्र सङ्घीय महासन्धिले सदस्य राष्ट्रहरूको कानुन, सङ्गठन र व्यवहारमा असर पार्नेगरी व्यापक र विस्तृत रूपमा भ्रष्टाचार विरुद्ध उपयुक्त विधि अवलम्बन गर्ने र सो विधिअन्तर्गत भ्रष्टाचार निरोध, कानुन कार्यान्वयन, अन्तर्राष्ट्रिय सहयोग, सम्पत्तिको पुनर्प्राप्ति, प्राविधिक सहयोग र सूचना आदानप्रदान तथा कार्यान्वयनसम्बन्धी संयन्त्रलाई प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ । पक्ष राष्ट्र बनेपछि महासन्धिले सिर्जना गरेका दायित्व पूरा गर्न नेपाल सदैव प्रतिबद्ध रहेको छ ।

चालु योजनाको समीक्षा अवधिमा सार्वजनिक निकायमा हुने भ्रष्टाचारजन्य क्रियाकलाप, अनियमितता, ढिलासुस्ती तथा अनिर्णयजस्ता विकृतिहरूको निराकरण गर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सेवाग्राही, नागरिक समाज, सञ्चार जगत् तथा आम जनसमुदायसँग यथार्थपरक सूचना, जानकारी उपलब्ध गराउनका लागि टेलिफोन, फ्याक्स, ईमेल र टोल-फ्री नम्बरको व्यवस्था गरेको छ । विभिन्न जिल्लामा भ्रष्टाचार नियन्त्रणमा स्थानीय जनसहभागिता विषयक अन्तर्क्रिया तथा जनचेतनामूलक सामुदायिक शिक्षा कार्यक्रम सञ्चालन गरिएका छन् ।

### २. चुनौती तथा अवसर

#### चुनौती

भ्रष्टाचारलाई सामाजिक अपराधको रूपमा स्थापित गर्नु, भ्रष्टाचारजन्य अपराधले नयाँ-नयाँ स्वरूप र आयाम लिँदै गएकोमा सोअनुरूपको अनुसन्धान र तहकिकातसम्बन्धी क्षमता विकास गर्नु, भ्रष्टाचारको उजुरी दिने, साक्षी बस्ने व्यक्ति तथा अभियोजन गर्ने कर्मचारीहरूको उचित संरक्षण गर्नु, दक्ष जनशक्तिको कमी रहनु आदि चुनौतीका रूपमा रहेका छन् ।

**अवसर**

भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्र सङ्घीय महासन्धिलाई नेपालले अनुमोदन गरीसकेको; भ्रष्टाचार विरुद्धका कानुनी संरचनाहरू तुलनात्मक रूपमा सक्षम भएको; भ्रष्टाचार नियन्त्रणका लागि नागरिक समाज तथा सञ्चार जगत्लगायत सामाजिक सञ्जालहरूको बलियो सहयोग र सहकार्य रहेको; भ्रष्टाचार नियन्त्रणका लागि अन्तर्राष्ट्रिय सहयोग, सहकार्य र समन्वयका साथै अख्तियार दुरूपयोग अनुसन्धान आयोगको क्षेत्रीय र सम्पर्क कार्यालयहरूको स्थापनाले भ्रष्टाचार विरुद्धको अभियानलाई प्रभावकारी रूपमा अगाडि बढाउने अवसर प्राप्त भएको छ ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

भ्रष्टाचारजन्य क्रियाकलापको नियन्त्रण गरी स्वच्छ समाज निर्माण ।

### ३.२ लक्ष्य

भ्रष्टाचारजन्य कार्यको शून्य सहनशीलताको नीतिमार्फत सुशासन प्रवर्द्धन गर्ने ।

### ३.३ उद्देश्य

भ्रष्टाचारजन्य क्रियाकलापको नियन्त्रण गरी सुशासन कायम गर्न सहयोग गर्नु ।

### ३.४ रणनीति

१. सबै भ्रष्टाचारजन्य कामकारबाही अपराध हुने कानुनी व्यवस्था गरी सोको कार्यान्वयनका माध्यमबाट त्यस्तो भ्रष्टाचारजन्य काममा शून्य सहनशीलताको नीति अवलम्बन गर्ने ।

२. भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्र सङ्घीय महासन्धिको कार्यान्वयन गर्दै निवारणात्मक उपाय अवलम्बन गरी भ्रष्टाचार निवारण गर्ने ।

३. भ्रष्टाचारसँग सम्बन्धित फौजदारी विषय, सपुर्दगी र पारिस्परिक कानुनी सहयोगका लागि पक्ष राष्ट्रहरूबीचको सहयोगलाई प्रवर्द्धन गर्ने ।

४. भ्रष्टाचार निवारणका लागि प्राविधिक सहायता र सूचना आदानप्रदानसम्बन्धी महासन्धिको व्यवस्थालाई यथासम्भव कार्यान्वयन गर्ने ।

### ३.५ कार्यनीति

१. सुशासनसम्बन्धी विद्यमान कानुन/कार्यविधिहरूमा सामयिक परिमार्जन/संशोधन गरी कार्यान्वयनमा ल्याइनेछ । (१)

२. सरकारले निर्माण गरी कार्यान्वयनमा ल्याएको भ्रष्टाचार विरुद्धको राष्ट्रिय रणनीति तथा निकायगत कार्ययोजनाको आवधिक कार्यप्रगतिको अनुगमनसहित यसलाई समसामयिक परिमार्जन गरिनेछ । (१)

३. भ्रष्टाचारजन्य अपराधको अनुसन्धान, तहकिकात र अभियोजनसमेतका चरणहरूमा आवश्यक पर्ने ज्ञान, सीप र अन्तर्राष्ट्रिय असल अभ्यासहरूको बढीभन्दा बढी उपयोग गर्ने गरी नियामक निकायका जनशक्तिलाई क्षमतायुक्त बनाइनेछ । (१)

४. भ्रष्टाचार विरुद्ध आवाज र जनमत सिर्जना गर्ने नागरिक समाज/गैरसरकारी संस्था एवम् सामुदायिक संस्था र सञ्चार क्षेत्रबाट भएका सत्प्रयासको उचित कदरसहित सम्मान गर्नेगरी कानुनमा विशेष व्यवस्था मिलाइनेछ । (१)

५. सम्पत्ति शुद्धीकरण कार्यलाई दुरूत्साहन गर्न मौजुदा कानुनलाई थप कार्यमुखी बनाइनेछ । यसउपर कारबाही गर्ने नियामक निकायहरूलाई आवश्यक स्रोतसाधनयुक्त र क्रियाशील तुल्याइनेछ । (१)

६. भ्रष्टाचार विरुद्धको राष्ट्र सङ्घीय महासन्धिले व्यवस्था गरेका अवसर तथा दायित्व निर्वाह गर्ने गरी राष्ट्रिय कानुनलाई समसामयिक परिमार्जन/व्यवस्थासहित कार्यान्यनमा ल्याइनेछ । (२)

७. भ्रष्टाचार नियन्त्रण/न्यूनीकरणमा क्रियाशील संस्थाहरूका साथै सुशासन कायम गर्न क्रियाशील सार्वजनिक नियमनकारी संस्थाहरूलाई निश्चित कार्ययोजनासहित कार्यसम्पादनको मापन गर्नेगरी परिचालन गरिनेछ । (२)

८. भ्रष्टाचारसँग सम्बन्धित फौजदारी विषय, सम्पत्ति फिर्तासम्बन्धी कानुन निर्माण, सुपुर्दगी र पारस्परिक कानुनी सहयोगका लागि पक्ष राष्ट्रहरूबीचको सहयोगलाई प्रवर्द्धन गरिनेछ । (३)

९. भ्रष्टाचार निवारणका लागि प्राविधिक सहायता र सूचना आदानप्रदानसम्बन्धी महासन्धिको व्यवस्थालाई यथासम्भव कार्यान्वयन गर्दै लगिनेछ । (४)

१०. सार्वजनिक निर्माण र सार्वजनिक सेवा प्रदान गर्ने निकायलाई व्यवस्थित, प्रतिस्पर्धी, पारदर्शी र उत्तरदायी बनाइनेछ । (४)

११. भ्रष्टाचारजन्य कसुर अपराध र प्रशासनिक अनुचित कार्यको अनुसन्धान तथा छानबिनका क्रममा अन्तरनिकाय समन्वय एवम् सूचना आदानप्रदानलाई सघन र प्रभावकारी बनाई गरिने कारबाहीलाई भरपर्दो/विश्वसनीय/प्रमाणितयोग्य तुल्याइनेछ । (४)

१२. सबै सेवाका राष्ट्रसेवक कर्मचारीहरूलाई आ-आफ्ना व्यावसायिक निष्ठासहित कार्यस्थलमा सादा जीवन र सहयोगी व्यवहारसहित सेवाग्राहीमैत्री सेवा प्रवाह गर्न प्रेरित गरी सोको अनुगमन गरिनेछ । (४)

### ३.६ प्रमुख कार्यक्रमहरू

१. भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धिका प्रावधानबमोजिम राष्ट्रिय नीति र कानुनको परिमार्जन, आवश्यक कानुन तर्जुमा र कार्यान्वयन ।

२. भ्रष्टाचार विरुद्धको राष्ट्रिय रणनीति तथा निकायगत कार्ययोजनाको आवधिक कार्यप्रगतिको अनुगमनका आधारमा समसामयिक परिमार्जनसहितको कार्ययोजना कार्यान्वयन ।

३. भ्रष्टाचार नियन्त्रणसम्बन्धी कानुनहरूको परिपालना र कार्यान्वयनको लागि अन्तर्राष्ट्रिय साझेदारी, समन्वय र सङ्गठित प्रयासलाई अभिवृद्धि गर्न आवश्यक नीतिगत, संरचनागत र कार्यगत व्यवस्था ।

४. भ्रष्टाचार विरुद्धको नागरिक सचेतना अभिवृद्धिका लागि केन्द्रदेखि स्थानीय तहसम्म भ्रष्टाचार विरुद्ध प्रवर्धनात्मक एवम् निरोधात्मक कार्यक्रमसम्बन्धी ।

५. भ्रष्टाचारको जोखिमपूर्ण क्षेत्रको पहिचानको लागि आधारभूत सूचकको निर्धारण गरी आवश्यक अध्ययन र अनुसन्धान ।

६. भ्रष्टाचार नियन्त्रणसँग सम्बद्ध निकायहरूको संस्थागत क्षमता विकासका लागि आधुनिक सूचना प्रविधिको प्रयोग ।

७. अनुसन्धान कार्यलाई वैज्ञानिक, वस्तुपरक र नतिजामूलक बनाउन क्षमता अभिवृद्धि ।

८. सार्वजनिक निर्माण र सार्वजनिक सेवा प्रदान गर्ने निकायहरूलाई कामको गुणस्तरप्रति उत्तरदायी बनाउन प्राविधिक परीक्षण र विस्तार ।

९. असल व्यवहारहरूको प्रयोग, नैतिक मूल्य र मान्यतामा जोड, सामाजिक आडम्बरमा नियन्त्रण, जनचेतना अभिवृद्धि र सुशासन प्रवर्द्धन ।

### ४. अपेक्षित उपलब्धि

भ्रष्टाचार नियन्त्रणमा आपसी सहयोग र सहकार्यको वातावरण निर्माण भएको, भ्रष्टाचार विरुद्ध नियोजित रूपमा अभियान सञ्चालन भई यसका सबै सार, रूप र रङ्गको नियन्त्रण भएको हुनेछ । यसका साथै सरकारको भ्रष्टाचार विरुद्धको शून्य सहनशीलताको नीतिलाई बल मिलेको, भ्रष्टाचार नियन्त्रणको खबरदारीमा नागरिक समाज, गैरसरकारी संस्था तथा सामुदायिक संस्थासँग सहकार्य वृद्धि भएको र भ्रष्टाचार विरुद्धको कारबाहीमा आवश्यक समन्वय एवम् सूचना आदानप्रदानमा प्रभावकारिता आएको हुनेछ ।

## ७.४.४ सुरक्षा व्यवस्था

### १. पृष्ठभूमि

प्रभावकारी सुरक्षा प्रबन्ध सुशासन र विकासको पूर्वसर्त हो । मुलुकमा शान्ति सुरक्षा र सुव्यवस्था कायम गरी जनताको जिउ, धन र स्वतन्त्रताको संरक्षण गर्न, शान्तिपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न र उच्च, फराकिलो र समावेशी आर्थिक विकासका लागि समेत प्रभावकारी सुरक्षा व्यवस्था हुन आवश्यक छ ।

### २. चुनौती तथा अवसर

#### चुनौती

सुरक्षा निकायहरूको आधुनिकीकरण गर्नु; भरपर्दो सूचना सञ्जालको व्यवस्था गर्न; खुला सीमानाको कारण हुने साना तथा अवैध हतियारको प्रयोग नियन्त्रण गर्नु, सरकारी एवम् सार्वजनिक सम्पत्तिको बढ्दो अतिक्रमण रोक्नु; यथेष्ट स्रोतसाधनको व्यवस्था गर्नु, सुरक्षाको लागि जिम्मेवार निकायहरूबीचको समन्वय कायम गर्नु तथा मानव बेचबिखनजस्ता समस्याहरू रोक्नु चुनौतीका रूपमा रहेका छन् ।

**अवसर**

सुरक्षा निकायहरूका संरचनाहरू मुलुकभर विस्तार, जनचेतनामा आएको सुधार, अनुसन्धान प्रविधिमा विकास, सूचना प्रविधिमा भएको विकास र सञ्चार सुविधाको तीव्र विस्तार यस क्षेत्रका अवसर हुन् ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

नागरिक स्वतन्त्रता, विधिको साशन र मानव अधिकारको संरक्षणमार्फत शान्त र सुरक्षित समाज निर्माण ।

### ३.२ लक्ष्य

देशमा भरपर्दो शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्ने ।

### ३.३ उद्देश्य

१. मुलुकमा शान्ति, सुव्यवस्था र अमनचयन कायम गरी जनताको जिउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु ।

२. नागरिक सुरक्षा र अपराध अनुसन्धानका लागि उपयुक्त प्रविधि र प्रणालीको स्थापना र विकास गर्नु ।

### ३.४ रणनीति

१. नागरिकको जिउ, धन, स्वतन्त्रता तथा सार्वजनिक सम्पत्तिको सुरक्षा गर्नको निम्ति सुरक्षा निकायलाई आधुनिक, व्यावसायिक तथा साधन-स्रोत सम्पन्न बनाउने ।

२. सुरक्षा प्रशासनमा विधिको शासनलाई पहिलो प्राथमिकतामा राखी जनतालाई सुशासनको प्रत्याभूति दिने ।

३. मानव बेचबिखन, अपराध नियन्त्रण तथा लागु औषध नियन्त्रण गर्ने ।

४. विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउने ।

### ३.५ कार्यनीति

१. नागरिक सुरक्षाका लागि निजामती निकाय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागलाई समन्वयात्मक रूपमा परिचालन गरिनेछ । (१)

२. अति संवेदनशील एवम् महत्त्वपूर्ण प्रतिष्ठान तथा भौतिक पूर्वाधारको विशेष सुरक्षा प्रबन्ध मिलाइनेछ । (१)

३. सामुदायिक प्रहरीमा विशेष जोड दिइने तथा प्रहरीलाई जनमैत्री बनाइनेछ । (२)

४. सूचना सम्प्रेषण प्रणालीलाई केन्द्रीय सञ्जालमा आबद्ध गरी सुरक्षा प्रणालीलाई प्रविधियुक्त बनाइनेछ । (२)

५. अपराध नियन्त्रणमा सहयोग पुग्ने नयाँ प्रविधिलाई प्रयोगमा ल्याइनेछ । (२)

६. मुलुकको राष्ट्रिय हितअनुरूप राष्ट्रिय सुरक्षा नीति, प्रतिरक्षा नीति, राष्ट्रिय सुरक्षासम्बन्धी कानुन निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिनेछ। (२)

७. लागु औषधको अवैध उत्पादन, बिक्री वितरण एवम् ओसारपसारलाई कडाइका साथ नियन्त्रण गरिनेछ। (३)

८. मानव बेचबिखनजस्तो अमानवीय कार्यलाई नियन्त्रण गरिनेछ। (३)

९. मानव अधिकार उल्लङ्घनकर्तालाई कानुनको दायरामा ल्याई मानव अधिकारको संरक्षण र संवर्द्धन गरिनेछ। (३)

१०. विपद्को अवस्थामा तत्काल खोज, उद्धार र राहत वितरण गर्न तालिम प्राप्त दक्ष जनशक्ति तयार गर्नुका साथै क्षेत्रीय तहमा आपतकालीन उद्धारका लागि गोदाम स्थापना गरिनेछ। (४)

### ३.६ प्रमुख कार्यक्रमहरू

#### क. नीतिगत तथा संस्थागत सुधार

१. गृह तथा आन्तरिक प्रशासन (नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग र कारागार प्रशासन) को पुनर्संरचना तथा सुदृढीकरण।

२. शान्ति सुरक्षा कायम गर्न आपराधिक क्रियाकलापहरू तथा सङ्गठित अपराध नियन्त्रण गर्नको लागि प्रविधिमैत्री अपराध अनुसन्धान।

३. आन्तरिक सुरक्षा नीतिको परिमार्जन।

४. संविधान अनुकूल हुने गरी विद्यमान कानुनहरूको संशोधन, परिमार्जन एवम् आवश्यक नयाँ कानुनहरूको निर्माण।

५. सेवा प्रवाहलाई प्रभावकारी बनाउन सङ्गठनात्मक पुनर्संरचना।

#### ख. अन्य कार्यक्रम

१. विद्युतीय शासनको अवधारणालाई प्रभावकारी कार्यान्वयन।

२. राष्ट्रिय परिचयपत्रको तयारी तथा वितरणको थालनी।

३. उपत्यका प्रवेशलगायत विभिन्न स्थान र प्रमुख ४० सहरहरूमा क्लोज सर्किट टेलिभिजन जडान।

४. लागु औषधको माग घटाउन, आपूर्ति नियन्त्रण गर्न तथा क्षति न्यूनीकरण गर्न संस्थागत सुदृढीकरण तथा सचेतना, रोकथाम र पुनर्स्थापना।

५. अवैध गाँजा र अफिम खेती निरुत्साहित गर्न कानुनी कारबाही सँगसँगै कृषि, पशुपालन तथा अन्य रोजगारमूलक व्यवसायको प्रवर्द्धन।

६. लागु औषध नियन्त्रण र अनुगमनमा प्रभावकारिता र पुनर्एकीकरण तथा समाजमा पुनर्स्थापना गर्ने कार्यमा प्रभावकारिता।

७. अध्यागमन तथा प्रवेशाज्ञा प्रणालीमा सुधार र व्यवस्थित सूचना प्रणाली।

८. स्थानीय प्रशासन सुदृढीकरण ।

९. बाढी, पहिरो, आगलागी र अन्य प्राकृतिक प्रकोपबाट हुने क्षति न्यूनीकरण गर्न छिटो र छोटो जानकारी तथा पूर्वसूचना प्रणाली विस्तार ।

१०. महत्वपूर्ण प्रतिष्ठान, संरचना र औद्योगिक क्षेत्रको सुरक्षा ।

११. हतियार तथा खरखजाना र विशेष गरी साना हतियारको बिगबिगीबाट आन्तरिक सुरक्षामा खलल पुग्न गई सामाजिक वैमनष्यता बढ्ने खतरालाई पूर्णतया रोक लगाउन हतियार तथा खरखजानासम्बन्धी ऐन नियमहरूको परिमार्जन तथा संशोधन ।

१२. भूकम्प, बाढी, पहिरो, खडेरी, अतिवृष्टि, असिनाजस्ता प्राकृतिक प्रकोप र अन्य मानवजन्य प्रकोपको सम्भावित क्षतिलाई न्यून गराउन सचेतना र सुरक्षाका उपायसम्बन्धी चेतना जगाउने र विपद तथा प्रकोपपछिको स्थितिलाई नियन्त्रणमा लिई पुनर्स्थापनासम्बन्धी कार्यको व्यवस्थापन ।

## ४. अपेक्षित उपलब्धि

विपद् व्यवस्थापनका सबै विषयगत क्षेत्रमा मूलप्रवाहीकरण भएको हुने; क्षतिलाई न्यूनीकरण गर्न पूर्वतयारी तथा प्रतिकार्य क्षमता अभिवृद्धि भएको हुने; सुरक्षा निकायको क्षमता अभिवृद्धि तथा सङ्गठन सुदृढीकरण भई जनतामा कानुन कार्यान्वयनको प्रभावकारिता, दण्डहीनताको अन्त्य, अपराधका घटनाहरूको न्यूनीकरण तथा सामाजिक शान्ति कायम भएको हुनेछ ।

## ७.४.५ जनसहभागिता

## १. पृष्ठभूमि

जनतासँग प्रत्यक्ष रूपमा सरोकार राख्ने विकास प्रक्रियाहरूमा जनताको अर्थपूर्ण सहभागिता आवश्यक हुन्छ । विकास कार्यक्रमको तर्जुमाको चरणमा मात्रै नभएर कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनका चरणहरूमा समेत जनसहभागिता हुनुपर्दछ । हालसम्मका पहलहरूबाट विभिन्न प्रकारका सामुदायिक संस्थाहरूमार्फत विकास निर्माणका साथै समुदायको विकासमा जनता प्रत्यक्ष रूपमा सहभागी हुँदै आएका छन् । आर्थिक गतिविधिहरू स्वतन्त्र रूपमा सञ्चालन गर्न, सामाजिक जीवनका विभिन्न पक्षहरूमा संलग्न हुन र तल्लो तहदेखि राष्ट्रिय स्तरसम्मका सरकारहरू चुन्ने र परिवर्तन गर्नसमेत जनता सक्षम हुनु आवश्यक छ ।

## २. चुनौती तथा अवसर

### चुनौती

जनतामार्फत सञ्चालित हुने आयोजनाहरूमा जवाफदेहिता कमजोर हुनु, विकास निर्माणमा जनसहभागिताको नाउँमा ठेकेदारी प्रथा बढ्दै जानु, विकास निर्माणमा संलग्न सामुदायिक संस्थाहरूबीच स्वस्थ प्रतिस्पर्धा तथा समन्वयको कमी हुनु, स्थानीय निकायहरू लामो समयसम्म जनप्रतिनिधिविहीन हुनु, जनसहभागितालाई फलदायी बनाउन नसकिनु आदि यस क्षेत्रका चुनौतीका रूपमा रहेका छन् ।

**अवसर**

देशको आर्थिक तथा सामाजिक विकासमा सहभागी भएका सामुदायिक तथा गैरसरकारी संस्थाहरू र गाउँ तथा टोल सुधार तथा विकास समितिहरूको सङ्ख्या उल्लेख्य रूपमा वृद्धि भएको, स्थानीय स्तरका सामाजिक तथा आर्थिक विकासका कार्यक्रमहरूमा जनताको सहभागिता बढ्दै गएको, आ-आफ्नो क्षेत्रमा गरेको विकास कार्यक्रम र पुऱ्याएको योगदानको आधारमा विभिन्न तहमा जनप्रतिनिधिहरू चयन हुने अवस्था भएको आदि कारणले विभिन्न क्षेत्रको विकासमा जनसहभागिता अभिवृद्धि गर्ने अवसर सिर्जना भएको छ ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

राष्ट्र निर्माणका लागि विकास प्रक्रियामा अर्थपूर्ण जनसहभागिता अभिवृद्धि ।

### ३.२ लक्ष्य

आर्थिक, सामाजिक तथा राजनीतिक विकास प्रक्रियामा जनताको सहभागिता सुनिश्चित गर्ने ।

### ३.३ उद्देश्य

सामाजिक, आर्थिक तथा सांस्कृतिक विकास प्रक्रियाका विभिन्न चरणहरूमा नागरिकको अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्नु ।

### ३.४ रणनीति

१. विकास निर्माणका हरेक चरण र सेवा प्रवाहमा जनसहभागिता प्रवर्द्धन गर्ने ।

२. स्थानीयस्तरमा कार्यरत सामुदायिक तथा गैरसरकारी संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने ।

३. नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने विकास निर्माण कार्यक्रम र निर्वाचनलगायतका सार्वजनिक महत्त्वका क्रियाकलापमा नागरिकहरूको भूमिका बढाउने ।

### ३.५ कार्यनीति

१. आर्थिक सामाजिक विकास कार्यक्रम तथा सेवा प्रवाहमा नागरिकहरूको भूमिका बारेमा जनचेतना अभिवृद्धि गरिनेछ । (१)

२. स्थानीय स्तरमा सञ्चालन हुने विकास कार्यक्रम/आयोजनाको तर्जुमाको चरणदेखि कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनका चरणसम्म जनतालाई सहभागी बनाइनेछ । (१)

३. विभिन्न क्षेत्रहरूबाट जनतामा प्रवाह हुने सेवाहरूलाई सहज, भरपर्दो र पारदर्शी बनाउन जनसहभागिता अभिवृद्धि गरिनेछ । (१)

४. विकास निर्माण कार्यसँग प्रत्यक्ष सरोकार राख्ने सामाजका अगुवा, सामाजिक अभियन्ता, सामाजिक परिचालक, सामुदायिक तथा गैरसरकारी संस्थाको क्षमता अभिवृद्धि गरिनेछ । (२)

५. उपभोक्ता समिति र तिनका क्रियाकलापलाई पारदर्शी बनाइनेछ । (२)

६. सार्वजनिक महत्त्वका क्रियाकलापमा नागरिक सचेतना जगाउन राज्य सञ्चालनमा हुनुपर्ने नागरिकहरूको भूमिकाको बारेमा जनतामा सचेतना जगाई विभिन्न तहको निर्वाचन प्रक्रियामा सक्रिय रूपमा सहभागी बन्न उत्प्रेरित गरिनेछ । (३)

### ३.६ प्रमुख कार्यक्रमहरू

१. संवैधानिक प्रावधानअनुसार सबै तहमा निर्वाचनद्वारा जनप्रतिनिधित्वको व्यवस्था ।

२. राष्ट्रिय, सङ्घीय, प्रादेशिक र स्थानीय स्तरका योजना प्रक्रियामा स्थानीय तहदेखि नै जनसहभागिता अभिवृद्धि ।

३. योजना प्रणालीमा सार्वजनिक सुनुवाइ र कार्यान्वयनमा सार्वजनिक लेखापरीक्षण ।

४. वातावरण संरक्षण, खानेपानी तथा सरसफाइ, कृषि, जलवायु परिवर्तन अनुकूलन कार्यक्रम, स्वच्छ ऊर्जा र विपद् व्यवस्थापनजस्ता क्षेत्रमा कार्य गर्ने सबै निकाय एवम् विकास साझेदारलाई समन्वयात्मक रूपमा परिचालन ।

५. जनसहभागितामा आधारित सौर्य सडक तथा सार्वजनिक स्थल ऊर्जा कार्यक्रम र सहुलियतपूर्ण निजी आवासीय सौर्य तथा अन्य वैकल्पिक ऊर्जा कार्यक्रमलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन ।

६. स्थानीय समुदायको परिचालन गरी साना सिँचाइ सामुदायिक भवन, लघु ऊर्जा लगायतका सामुदायिक पूर्वाधार विकास कार्यक्रमहरूका माध्यमबाट रोजगारी र आय ।

७. लागत सहभागिताको आधारमा आर्थिक तथा सामाजिक पूर्वाधार क्रियाकलाप सञ्चालन ।

८. स्थानीय स्रोत, साधन, सीप र प्रविधिको प्रयोग गरी पूर्वाधार निर्माण, आय आर्जन, रोजगारी र क्षमता विकास ।

९. वञ्चितिमा परेका वा पिछडिएका वर्ग, क्षेत्र र समुदायको बढीभन्दा बढी सहभागिता ।

१०. स्थानीय जनताको लागत सहभागितामा स्थानीय घना बस्तीहरूमा आर्थिक कृयाकलापहरूको विस्तार तथा सहरी सुरक्षाको प्रवर्द्धन ।

११. सहरी सौन्दर्य कायम गर्ने कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले स्थानीय मागका आधारमा जनसहभागितामा आधारित सौर्य सडक बत्ती ।

## ४. अपेक्षित उपलब्धि

स्थानीय तहका नीति, विकास, सेवा प्रवाहमा समावेशी रूपमा उपभोक्ताको सहभागिता भई सञ्चालित कार्यक्रमहरूको प्रभावकारितामा अभिवृद्धि भई विपन्न, पिछडिएको क्षेत्र र सीमान्तकृत वर्ग तथा समुदाय थप लाभान्वित भएका हुनेछन् । दिगो आर्थिक-सामाजिक विकास, वातावरणमैत्री गुणस्तरीय स्थानीय पूर्वाधार तथा प्रभावकारी सेवा प्रवाहद्वारा सीप विकास र आयआर्जनका अवसर विस्तार गर्दै गरिबी न्यूनीकरणमा टेवा पुगेको, सामाजिक पूर्वाधार विकास, आय आर्जनका क्रियाकलापहरू सञ्चालन भएको हुने, सचेतना अभिवृद्धि तथा सशक्तीकरण क्रियाकलापहरू मार्फत सार्वजनिक सेवामा सर्वसाधारणको सन्तुष्टि अभिवृद्धि भएको हुनेछ ।

## ७.५ वित्तीय सुशासन

### १. पृष्ठभूमि

प्रभावकारी वित्तीय व्यवस्थापनमार्फत सार्वजनिक स्रोतको दक्ष एवम् सर्वोत्तम परिचालन, त्यसको लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षणमार्फत वित्तीय व्यवस्थापनमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गरी भ्रष्टाचार नियन्त्रण र सदाचार प्रवर्द्धन गर्दै जनसाधारणलाई वित्तीय शुसासनको प्रत्याभूति दिनु सरकारको दायित्व हो । सार्वजनिक वित्तीय व्यवस्थापनलाई पारदर्शी र जवाफदेही बनाउन, राज्यको सार्वजनिक खर्च र सार्वजनिक आयको अद्यावधिक स्थितिको लेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई नियमित र एकरूपता कायम गरी प्रभावकारी बनाउँदै लैजानका लागि सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको विकासमा जोड दिँदै एकल खाताकोष प्रणाली र राजस्व व्यवस्थापन सूचना प्रणालीहरूको विकास गरिएको छ । सार्वजनिक खर्चको पारदर्शिता अभिवृद्धि गर्न सरकारी निकायका कार्यक्रम तथा खर्चहरूलाई सार्वजनिकीकरण गर्ने पद्धतिको समेत विकास भएको छ ।

### २. चुनौती तथा अवसर

#### चुनौती

बजेट अनुमान कार्यक्रममा आधारित तथा यथार्थपरक बनाउनु, समयमै कार्यक्रम स्वीकृत गरी वार्षिक खरिद योजना तयार गर्नु, समयमा ठेक्का बन्दोबस्त गर्नु, चालु खर्चको मात्रात्मक वृद्धि कम गरी पुँजीगत खर्च वृद्धि गर्नु, आन्तरिक लेखापरीक्षण तथा नियन्त्रण प्रणाली सुदृढीकरण गर्नु, अन्तिम लेखापरीक्षणलाई वस्तुगत बनाउनु, बेरुजुको मात्रा घटाई बेरुजु नै नहुनेगरी खर्च व्यवस्थापन गर्नुजस्ता चुनौतीहरू रहेका छन् । साथै, खरिद कार्यलाई सार्वजनिक खरिद ऐनको मर्मअनुरूप मितव्ययी र प्रतिस्पर्धी बनाउँदै लगी आर्थिक वर्षको अन्त्यमा मात्र अत्यधिक खर्च गर्ने प्रवृत्तिमा रोक लगाउने कार्यहरू थप चुनौतीपूर्ण रहेका छन् । सरकारी लेखाप्रणालीलाई नगदमा आधारित प्रणालीबाट क्रमशः प्रोदभावी प्रणालीमा रूपान्तर गर्दै अन्तर्राष्ट्रिय स्तरको रूपमा विकास गर्नु थप चुनौतीपूर्ण रहेको छ ।

#### अवसर

नेपाल सरकारको राजस्व र व्ययको अनुमान प्रत्येक वर्ष जेठ महिनाको १५ गते सङ्घीय संसद्मा पेस गर्नुपर्ने संवैधानिक व्यवस्था, सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको लागि एकल खाताकोष प्रणाली, मन्त्रालयगत बजेट सूचना प्रणाली र राजस्व व्यवस्थापन सूचना प्रणालीको विकास, नेपाल सरकारको वित्तीय प्रतिवेदन प्रणालीलाई अन्तर्राष्ट्रिय स्तरको बनाउन अन्तर्राष्ट्रिय सार्वजनिक सेवा लेखामान (IPSAS) को आधारमा नेपाल सार्वजनिक सेवा लेखामान (NPSAS) तयार गरी सोअनुसारको प्रतिवेदन प्रणाली, सार्वजनिक खर्चको पारदर्शिता अभिवृद्धि गर्न भुक्तानी हुने बिलहरूको सार्वजनिकीकरण साथै महालेखा परीक्षक, संसदीय समिति, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, सार्वजनिक खरिद अनुगमन कार्यालयजस्ता नियामक निकायको बढ्दै गएको सक्रियता वित्तीय सुशासन प्रवर्द्धनका लागि अवसरका रूपमा रहेका छन् ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

वित्तीय सुशासनमार्फत प्रभावकारी सार्वजनिक वित्तीय व्यवस्थापन ।

### ३.२ लक्ष्य

सार्वजनिक आय र खर्चलाई व्यवस्थित, पारदर्शी र अनुमानयोग्य बनाई समग्र विकास प्रक्रियालाई प्रभावकारी तुल्याउने ।

### ३.३ उद्देश्य

सार्वजनिक आय र खर्च प्रणालीको प्रभावकारिता अभिवृद्धि गर्नु ।

### ३.४ रणनीति

१. वित्तीय व्यवस्थापन प्रणाली सुदृढीकरण गर्ने ।

२. सार्वजनिक आय-व्यय र खरिदलाई प्रभावकारी, व्यवस्थित र पारदर्शी बनाउने ।

३. आन्तरिक नियन्त्रण र लेखापरीक्षणलाई विश्वसनीय तथा प्रभावकारी बनाउने ।

### ३.५ कार्यनीति

१. वित्तीय व्यवस्थापनसम्बन्धी निकायको संस्थागत सुदृढीकरण गरिनेछ । (१)

२. वित्तीय अनुगमन निकाय तथा लेखापरीक्षण संस्थाको सुदृढीकरण गरिनेछ । (१)

३. वित्तीय व्यवस्थापनका सबै क्षेत्रमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गरिनेछ । (१)

४. संसद्मा वार्षिक बजेट प्रस्तुतिसँगै वार्षिक खरिद योजना तयारीलाई अनिवार्य गरिनेछ । (२)

५. विकास आयोजनाहरूको ठेक्कापट्टा निर्धारित समयभित्रै गर्ने तथा विद्युतीय बोलपत्र (E-bidding) को दायरालाई विस्तार गरिनेछ । (२)

६. आर्थिक वर्षको अन्तिम तीन महिनामा वार्षिक कार्यक्रम संशोधन गर्ने र विनियोजित बजेटको ५० प्रतिशतभन्दा बढी खर्च गर्ने प्रवृतिमा रोक लगाइनेछ । (१)

७. बेरुजुलाई नियन्त्रण गर्न आन्तरिक लेखापरीक्षणलाई सूचना प्रविधिमा आधारित बनाइनुका साथै लेखा उत्तरदायी अधिकारीलाई जिम्मेवार तुल्याइनेछ । (२)

### ३.६ प्रमुख कार्यक्रमहरू

**क. बजेट व्यवस्थापन**

१. बजेट सूचना व्यवस्थापन प्रणाली र मन्त्रालयगत बजेट सूचना प्रणालीलाई संस्थागत गरी बजेट निर्माण प्रक्रियालाई क्रमशः कागजविहीन बनाउनेसम्बन्धी कार्यक्रम ।

२. लागत र लाभको विश्लेषणसहित योजना तथा कार्यक्रम अवधि यकिन गरी वार्षिक बजेट विनियोजन ।

३. बहुवर्षीय ठेक्का व्यवस्थापन निर्देशिका तयार ।
४. वार्षिक कार्यक्रम र आवधिक योजनाबीच तालमेल र चक्रीय सम्बन्ध कायम गर्न मध्यमकालीन खर्च संरचना संस्थागत ।

**ख. सार्वजनिक आय-व्यय र खरिद व्यवस्थापन**

१. सार्वजनिक खरिद अनुगमन कार्यालय र राष्ट्रिय सतर्कता केन्द्रको सुदृढीकरण ।
२. सार्वजनिक खरिद योजनाको निर्धारित समयभित्रै स्वीकृति तथा सोको प्रभावकारी कार्यान्वयन ।
३. वित्तीय जवाफदेहितासम्बन्धी कानुनी व्यवस्था तथा कार्यान्वयन ।
४. महालेखा परीक्षकको कार्यालयबाट हुने अन्तिम लेखापरीक्षण, आन्तरिक लेखापरीक्षण तथा नियन्त्रण प्रणालीमा सुधार ।

**ग. सूचना प्रणाली**

१. बजेट सूचना व्यवस्थापन प्रणाली, वित्तीय सूचना व्यवस्थापन प्रणाली, वैदेशिक सहायता व्यवस्थापन सूचना प्रणाली र आयोजना कार्यसम्पादन सूचना प्रणालीबीच सूचना आदानप्रदानको व्यवस्था ।
२. भन्सार सूचना प्रणाली र मूल्य अभिवृद्धि, अन्तःशुल्क तथा आयकरसम्बन्धी सूचना प्रणालीलाई आबद्ध गरी कर छली तथा पुँजी पलायन हुनेजस्ता अवैधानिक क्रियाकलापमा रोक ।

### ४. अपेक्षित उपलब्धि

वार्षिक खरिद योजना निर्धारित समयमै तयार भई खरिद कार्य भएको, राजस्व परिचालन प्रभावकारी रूपमा भएको, सार्वजनिक खर्च व्यवस्थित भई बेरुजु कम भएको र आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रभावकारी भएको हुनेछ ।

## ७.६ मानव अधिकार

### १. पृष्ठभूमि

संयुक्त राष्ट्रसङ्घको स्थापना भएपछि मानव अधिकारको स्थापना, सम्मान, संरक्षण र प्रवर्द्धनमा अन्तर्राष्ट्रिय प्रयासको थालनी भएको हो । मानव अधिकारलाई शान्ति र विकासको मूल आधारका रूपमा स्वीकार गर्दै संयुक्त राष्ट्र सङ्घको महासभाले १० डिसेम्बर १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी गरेको थियो, जसमा पहिलो पटक मानवका जन्मसिद्ध एवम् नैसर्गिक अधिकारहरूलाई मानव अधिकारका रूपमा परिभाषित गरिएको थियो । संयुक्त राष्ट्रसङ्घको बडापत्र र मानव अधिकारको विश्वव्यापी घोषणापत्रलाई आधार मानेर मानव अधिकारका विविध पक्षहरूलाई समेट्ने गरी संयुक्त राष्ट्रसङ्घद्वारा मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरू जारी हुँदै आएका छन् ।

चालु योजना अवधिमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतिका विरूद्ध अनुसन्धान गरी पीडकलाई कारबाही र पीडितलाई क्षतिपूर्ति दिन नेपाल सरकारलाई सिफारिस गरिएको, सीमान्तकृत

समुदायका लागि इन्टर्नसीप कार्यक्रम सञ्चालन गरिएको, मावन अधिकार सम्बन्धमा अभिमुखीकरण तालिम सञ्चालन गरिएको, विद्यालयका शिक्षकका लागि मानव अधिकार स्रोत पुस्तिका, २०७० तयार गरिएको छ ।

## २. चुनौती तथा अवसर

### चुनौती

संविधान, कानुन र अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरूप संस्थागत र संरचनागत तथा पर्याप्त स्रोतसाधनको व्यवस्था गरी आम नागरिकलाई मानव अधिकारको पूर्ण प्रत्याभूति दिलाउनु चुनौतीपूर्ण कार्य रहिआएको छ ।

### अवसर

नेपाल सरकारका क्षेत्रगत कार्यक्रमहरूमा मानव अधिकारलाई प्राथमिकतामा राख्नु, मानव अधिकारसम्बन्धी जनचेतना बढाउनु, नेपाल मानव अधिकारसम्बन्धी मुख्य दस्तावेजहरू र नौ मुख्य महासन्धिहरूमध्ये सातसमेत गरी मानव अधिकारसम्बन्धी २२ अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्ष राष्ट्र बन्नु, मानव अधिकारको संरक्षण तथा प्रवर्द्धनको लागि नेपालले जनाएका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू र नेपालको संविधानमा व्यवस्था गरिएका नागरिकका विभिन्न मौलिक हकहरू मानव अधिकारको संरक्षण तथा संवर्द्धनका निम्ति अवसर हुन् ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

मानव अधिकारको संरक्षणका लागि सबै प्रकारका विभेदहरू अन्त्य गरी समावेशी, मर्यादित र समतामूलक समाजको विकास ।

### ३.२ लक्ष्य

मानव अधिकारसम्बन्धी संस्थाहरूबीच समन्वय, सहकार्य र सहभागिता बढाई मानव अधिकार संस्कृतिको विकास गर्ने ।

### ३.३ उद्देश्य

मानव अधिकारप्रतिको प्रतिबद्धतालाई व्यावहारिक रूपमा सुनिश्चित गर्नु ।

### ३.४ रणनीति

१. मानव अधिकार उल्लङ्घनका घटनाको अनुसन्धान तथा मानव अधिकार अवस्थाको अनुगमन गर्ने ।

२. मानव अधिकारलाई विकासका मुद्दाहरूसँग संरचनागत र कार्यात्मक रूपले जोड्ने ।

३. मानव अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दायित्व कार्यान्वयन गर्ने ।

### ३.४ कार्यनीति

१. मानव अधिकार उल्लङ्घनका घटनाको अनुसन्धान कार्यलाई प्रभावकारी बनाइनेछ । (१)

२. मानव अधिकार अवस्थाको नियमित रूपमा अनुगमन गरिनेछ । (१)

३. विपन्न, सीमान्तकृत एवम् पिछडिएका वर्गका अधिकार सुनिश्चित गरिनेछ । (१)

४. मानव अधिकारका क्षेत्रमा कार्यरत राष्ट्रिय संस्थाहरूलाई सुदृढ गर्दै मानव अधिकारको संरक्षण तथा संवर्द्धनमा टेवा पुऱ्याइनेछ । (१)

५. मानव अधिकारलाई मुलुकको आवधिक विकास योजनासँग सम्बन्धित नीतिहरूमा संरचनात्मक र कार्यात्मक रूपमा समाहित गरिनेछ । (२)

६. मानव अधिकारको सम्मान, संरक्षण र प्रोत्साहन गर्ने क्रममा विद्यमान अवरोधहरूलाई हटाई मानव अधिकार संस्कृतिको विकास गरिनेछ । (२)

७. मानव अधिकार सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दायित्व कार्यान्वयन गरी मावन अधिकारको संरक्षण तथा प्रवर्द्धन गरिनेछ । (३)

### ३.६ प्रमुख कार्यक्रमहरू

१. संविधानले प्रत्याभूत गरेको मानव अधिकारको सुनिश्चितताका लागि सम्बन्धित निकायहरूको संस्थागत सुदृढीकरण ।

२. राज्यका नीति, योजना र कार्यक्रमहरू तर्जुमा, कार्यान्वयन र अनुगमन गर्दा अधिकारमा आधारित पद्धति अवलम्बन गर्ने र सोका लागि जनशक्तिको क्षमता विकास ।

३. मानव अधिकार र मानवीय कानुनका सम्बन्धमा सरकारी निकायहरूका अतिरिक्त नागरिक समाज, अधिकारकर्मीहरू तथा सञ्चारजगत्समेतको समन्वय र सहकार्यमा सचेतनामूलक कार्यक्रम सञ्चालन ।

४. मानव अधिकारसम्बन्धी राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको संरक्षण, संवर्द्धन तथा प्रभावकारी कार्यान्वयनका लागि विद्यमान कानुनहरूको संशोधन, परिमार्जन साथै आवश्यक नयाँ कानुन तर्जुमा ।

५. मानव अधिकारको संरक्षण, संवर्द्धन र प्रवर्द्धनमा जवाफदेहिता अभिवृद्धि ।

६. मानव अधिकार कार्ययोजनाले पहिचान गरेका विषयहरूलाई सम्बन्धित मन्त्रालयको वार्षिक कार्यक्रममा समावेश ।

७. नेपालले पक्ष राष्ट्रका रूपमा बुझाउनुपर्ने आवधिक प्रतिवेदनहरू समयमा नै बुझाउन सम्बन्धित निकायहरूबीच समन्वय ।

८. विश्वव्यापी आवधिक समीक्षा प्रतिवेदनमा स्वीकार गरिएका प्रतिबद्धताहरूको कार्यान्वयनमा प्रभावकारिता ।

## ४. अपेक्षित उपलब्धि

मानव अधिकारसम्बन्धी कानुनहरू पुनरावलोकन भई नयाँ कानुनहरूको निर्माण भएको र मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरू सुदृढ भएका हुनेछन् । त्यसैगरी मानव अधिकारका विषयहरू राष्ट्रिय नीतिहरूमा संरचनात्मक र कार्यात्मक रूपमा समाहित भएको र मानव अधिकार संस्कृतिको प्रवर्द्धन भएको हुनेछ ।

परिच्छेद : ८

# योजना प्रक्रिया, तथ्याङ्क प्रणाली एवम् अनुसन्धान

## ८.१ योजना तर्जुमा तथा कार्यान्वयन

### १. पृष्ठभूमि

लक्षित विकास प्रतिफल हासिल गर्न यथार्थपरक र व्यावहारिक योजना तर्जुमा तथा सोको प्रभावकारी कार्यान्वयनको अग्रणी भूमिका रहन्छ । तेह्रौँ योजनामा योजना प्रक्रियालाई सूचना तथा तथ्य र प्रमाणमा आधारित, नतिजामुखी र यथार्थपरक बनाउन आवधिक योजनाको नतिजा खाका तयार गरी कार्यान्वयनमा ल्याइएको र मध्यकालीन खर्च संरचनालाई थप थथार्थपरक बनाउँदै लगिएको छ । साथै लक्षित समूहको सहभागिता र समावेशितालाई जोड दिइएको, राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन-२०७० जारी भई एकीकृत नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गरिएको र कार्यसम्पादन करार (सम्झौता) को प्रारम्भ गरिएको छ ।

### २. चुनौती तथा अवसर

**चुनौती**

विकासको दीर्घकालीन सोच तर्जुमा गरी सोअनुसार योजना तथा कार्यक्रम तर्जुमा गर्नु, स्रोतसाधनको सुनिश्चितता गरी आवधिक योजना र वार्षिक बजेटबीच सामञ्जस्यता कायम गर्नु, पुनर्निर्माण कार्यक्रम तर्जुमा तथा कार्यान्वयन प्रभावकारी बनाउनु, सङ्घीयताअनुरूप योजना तर्जुमासम्बन्धी सङ्गठनात्मक संरचना, प्रक्रिया तथा विधिमा सुधार गर्नु र योजना तर्जुमासम्बन्धी जनशक्तिको क्षमता विकास गरी संस्थागत सुदृढीकरण गर्नु योजना तर्जुमा प्रक्रियामा देखिएका चुनौतीहरू हुन् । त्यस्तै योजना कार्यान्वयन गर्ने निकायहरूको क्षमता अभिवृद्धि गर्नु, कार्यान्वयनमा संलग्न जनशक्तिको उत्प्रेरणा र कार्यसम्पादनस्तर अभिवृद्धि गर्नु, योजना कार्यान्वयनलाई प्राथमिकतामा राख्नु र सार्वजनिक खरिद तथा जग्गा प्राप्तिसम्बन्धी कानुनी तथा प्रक्रियागत जटिलता हटाउनु योजना कार्यान्वयनसम्बन्धी मुख्य चुनौती हुन् ।

**अवसर**

दिगो विकास लक्ष्यहरूको कार्यान्वयन तथा दीर्घकालीन आर्थिक सामाजिक विकास रणनीति तर्जुमाको चरणमा रहेको, संविधानको कार्यान्वयन तथा सङ्घीय ढाँचाअनुरूप योजना प्रक्रियालाई थप सन्तुलित, समन्यायिक र समावेशी बनाउने, विकास साझेदारलगायतको सहयोगको बढ्दो प्रतिबद्धता, भूकम्पपछिको पुनर्निर्माणको क्रममा प्रकोप उत्थनशील योजना तर्जुमा तथा कार्यान्वयन र शिक्षामा बढ्दो लगानीका कारण दक्ष जनशक्तिको बढ्दो उत्पादन र उपलब्धता योजना प्रक्रियालाई प्रभावकारी बनाउने अवसरका रूपमा रहेका छन् ।

### ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**३.१ सोच**

तथ्यपरक र नतिजामुखी योजना तर्जुमा तथा कार्यान्वयन प्रणाली ।

## ३.२ लक्ष्य

विकास योजना, कार्यक्रम र आयोजनालाई निर्धारित परिमाण, लागत, गुणस्तर र समयमा सम्पन्न गर्ने ।

## ३.३ उद्देश्य

१. योजना तर्जुमा पद्धतिलाई प्राविधिक रूपमा सबल, व्यावहारिक रूपमा कार्यान्वयनयोग्य र संस्थागत रूपमा सुदृढ बनाउनु ।

२. विकास कार्यक्रम तथा आयोजनाको कार्यान्वयनको लागि कार्यान्वयन क्षमता अभिवृद्धि तथा अनुकूल वातावरण सिर्जना गर्नु ।

## ३.४ रणनीति

१. सङ्घीय संरचना अनुकूल हुनेगरी विद्यमान योजना तर्जुमा प्रणाली तथा कार्यान्वयन व्यवस्थाको सुदृढीकरण तथा विकास गर्ने ।

२. योजना तर्जुमा तथा कार्यान्वयन गर्ने सार्वजनिक निकाय एवम् निजी, सहकारी तथा सामुदायिक क्षेत्रको क्षमता विकास तथा सुदृढीकरण गरी ग्रहणक्षमता अभिवृद्धि गर्ने ।

## ३.५ कार्यनीति

१. सङ्घीय संरचना अनुकूल सङ्घ, प्रदेश र स्थानीय तहमा योजना प्रणाली विकास गरिनेछ । (१)

२. सङ्घीय संरचनाअनुरूप हुनेगरी योजना कार्यान्वयनको संस्थागत व्यवस्था गरिनेछ । (१)

३. प्रमाणमा आधारित नतिजामुखी योजना र मध्यकालीन खर्च संरचनालाई संस्थागत गरी योजनाका विभिन्न तह र अवयवबीच कार्यमूलक सम्बन्ध कायम गरिनेछ । (१)

४. सार्वजनिक खरिद, प्राकृतिक साधनस्रोत तथा जनशक्ति परिचालनसम्बन्धी कानुनी, नीतिगत, संस्थागत र प्रक्रियागत सुधार गरिनेछ । (२)

५. योजना तर्जुमा तथा कार्यान्वयनमा संलग्न हुने जनशक्तिको क्षमता विकास तथा जवाफदेहिता अभिवृद्धि गरिनेछ । (२)

६. विकास निर्माण कार्यमा संलग्न हुने सरोकारवालाहरूको संस्थागत तथा जनशक्तिको क्षमता अभिवृद्धि गरिनेछ । (२)

## ३.६ प्रमुख कार्यक्रमहरू

### क. दीर्घकालीन विकासको प्रारूप

१. वार्षिक, आवधिक, प्रादेशिक तथा क्षेत्रगत योजनाहरूबीच तादाम्यता कायम गरी राष्ट्रको सर्वाङ्गीण विकास र समृद्धिको रूपरेखासहितको 'नेपालको आर्थिक सामाजिक विकासको दीर्घकालीन योजना' तयार ।

### ख. सङ्घीय प्रणाली अनुरूप योजना तर्जुमा

१. सङ्घीय संरचना अनुकूलको योजना संरचना र प्रणालीको विकास ।

२. क्रमागत रूपमा सञ्चालित कार्यक्रम/आयोजनाहरूको स्थिति समीक्षा र तहगत सरकारलाई जिम्मेवारी हस्तान्तरण ।
३. योजना तर्जुमा प्रक्रियामा आवश्यक तथ्याङ्क तथा सूचनाको पृष्ठपोषण गर्न अध्ययन, अनुसन्धान तथा सर्वेक्षण ।
४. अनुगमन तथा मूल्याङ्कन नतिजालाई योजना तर्जुमाको प्रत्येक चरण र प्रक्रियामा प्रयोग ।
५. मध्यमकालीन खर्च संरचनाको सुदृढीकरण ।

**ग. योजना कार्यान्वयन पक्षमा सुधार**

१. सार्वजनिक खरिद नियमावलीमा आवश्यक संशोधन ।
२. कानुनी व्यवस्था गरी जग्गा प्राप्तिमा सरलीकरण ।
३. योजना तर्जुमा तथा कार्यान्वयन गर्ने सार्वजनिक निकायहरूको सुदृढीकरण ।
४. विकास निर्माणमा संलग्न हुने निजी कम्पनीहरूको नियमनसम्बन्धी कानुनी तथा संस्थागत व्यवस्थामा सुधार तथा क्षमता विकास ।
५. विकास निर्माणमा संलग्न सहकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरूको प्रोत्साहन तथा क्षमता विकास ।
६. आयोजना व्यवस्थापन तथा कार्यसम्पादन सूचना प्रणालीको सुदृढीकरण ।
७. योजना तर्जुमा तथा कार्यान्वयनमा संलग्न हुने जनशक्तिको क्षमता विकास ।
८. कार्यान्वयनमा संलग्न हुने जनशक्तिको लागि कार्यसम्पादन करार तथा प्रोत्साहन प्रणाली ।
९. नदीजन्यलगायत सबै किसिमका प्राकृतिक स्रोतसाधनको विकासमैत्री दिगो उपयोग ।

### ४. अपेक्षित उपलब्धि

सङ्घीय स्वरूपसँग तादाम्य हुने गरी योजना प्रणाली विकास तथा कार्यान्वयन व्यवस्था भएको हुनेछ । साथै मध्यमकालीन खर्च संरचना संस्थागत भएको, वार्षिक विकास कार्यक्रम र आवधिक योजनाबीच तालमेल कायम भएको हुनेछ । त्यसैगरी योजना तर्जुमा तथा कार्यान्वयन निकायहरूको संस्थागत सुदृढीकरण भएको, विकास निर्माण कार्यमा संलग्न सरोकारवालाहरूको क्षमता अभिवृद्धि भएको, योजना तर्जुमा तथा कार्यान्वयनसम्बन्धी तालिम व्यवस्था भएको, कार्यसम्पादन करार तथा प्रोत्साहन प्रणाली लागु भएको, जग्गा तथा अन्य प्राकृतिक साधनस्रोत परिचालनसम्बन्धी ऐन तथा नियमावलीमा सुधार भएको र कार्यक्रम तथा आयोजना निर्धारित गुणस्तर, लागत एवम् समयभित्रै सम्पन्न भएको हुनेछ ।

## ८.२ अनुगमन तथा मूल्याङ्कन

### १. पृष्ठभूमि

विकास योजना, नीति, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन पक्षलाई प्रभावकारी, नतिजामुखी र जवाफदेहीपूर्ण बनाउन अनुगमन तथा मूल्याङ्कनको भूमिका रहन्छ । तेह्रौँ योजनामा अनुगमन तथा मूल्याङ्कनलाई नतिजामूलक बनाउन योजनाको नतिजा खाका तयार गरिएको, नतिजामूलक अनुगमन

तथा मूल्याङ्कन दिग्दर्शन कार्यान्वयनमा ल्याइएको र अनुगमन तथा मूल्याङ्कन विधेयकको मस्यौदा तयार गर्नुका साथै क्षमता विकासमा जोड दिइएको थियो । यसैगरी विकास आयोजनाहरूको प्रगति प्रतिवेदन गर्ने प्रणालीलाई सूचना प्रविधिको प्रयोग र नतिजामूलक बनाउन आयोजना व्यवस्थापन सूचना प्रणालीको सफ्टवेयर विकास गरी पाइलटिङसमेत गरिएको छ । साथै तीनओटा आयोजनाको आन्तरिक र १० ओटा आयोजनाको तेस्रो पक्षबाट स्वतन्त्र मूल्याङ्कन गराइएको छ ।

## २. चुनौती तथा अवसर

**चुनौती**

सङ्घीय, प्रादेशिक तथा स्थानीय तहमा योजना प्रक्रिया तथा अन्तरसम्बन्धित अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई संस्थागत गर्नु, दिगो विकासका लक्ष्य लगायतका असर तथा प्रभावतहका सूचकहरूको खण्डीकृत एवम् सर्वेक्षणमा आधारित सूचना सिर्जना गर्नु र विभिन्न तह तथा निकायमा अनुगमन तथा मूल्याङ्कनसम्बन्धी क्षमता विकास गर्नु र दक्ष जनशक्तिलाई यस कार्यमा आकर्षित गरीराख्नु प्रमुख चुनौती रहेका छन् ।

**अवसर**

नयां संविधान अनुरूप प्रशासकीय पुनर्संरचनाका क्रममा साङ्गठनिक पुनर्गठन तथा क्षमता विकास गर्दा अनुगमन तथा मूल्याङ्कनसम्बन्धी व्यवस्थालाई थप सुदृढ गर्न सकिने र दिगो विकासका लक्ष्यको अनुगमन तथा मूल्याङ्कनलाई जोड दिनेगरी सन् २०१६ देखि २०२० सम्मको अन्तर्राष्ट्रिय मूल्याङ्कन कार्यसूची ल्याइएकाले विकास साझेदारलगायतको सहयोगमा समेत यसलाई थप संस्थागत गर्न सकिने अवसर छ ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

नतिजामूलक अनुगमन तथा मूल्याङ्कन व्यवस्थामार्फत समावेशी, समन्यायिक तथा दिगो विकास ।

### ३.२. लक्ष्य

विकास कार्यक्रम तथा आयोजनालाई लक्षित परिमाण, गुणस्तर, लागत र समयमा सम्पन्न गराई योजनाका लक्ष्यहरू हासिल गर्न सहयोग गर्नु ।

### ३.३ उद्देश्य

योजना, नीति, कार्यक्रम तथा आयोजनाका लक्ष्यहरू हासिल गर्न आवश्यक सूचना समयमै उपलब्ध गराउन सक्नेगरी सबै तहमा नतिजामूलक अनुगमन तथा मूल्याङ्कनलाई संस्थागत गर्नु ।

### ३.४ रणनीति

१. कानुनी र नीतिगत व्यवस्था एवम् सुधार गरी विकास योजना, नीति, कार्यक्रम तथा आयोजनाको अनुगमन तथा मूल्याङ्कनलाई संस्थागत गर्ने ।

२. मूल्याङ्कनलाई स्वतन्त्र र स्तरीय गराउनुका साथै निर्णय प्रक्रियामा मूल्याङ्कनका नतिजाको प्रयोगलाई व्यवस्थित गर्ने ।

३. अनुगमन तथा मूल्याङ्कनसम्बन्धी निकाय र जनशक्तिको क्षमता विकासलाई विशेष जोड दिने ।

## ३.५ कार्यनीति

१. अनुगमन तथा मूल्याङ्कन कानुन तर्जुमा गरी कार्यान्वयन गरिनेछ । (१)

२. दिगो विकासका लक्ष्यसमेतको अनुगमन तथा मूल्याङ्कन गर्न सकिने गरी नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप विकास गरिनेछ । (१)

३. अनुगमन तथा मूल्याङ्कनमा सहभागितामूलक विधिहरू अवलम्बन गर्दै लगिनेछ । (१)

४. तेस्रो पक्षबाट गरिने मूल्याङ्कनलाई विस्तार गर्नुका साथै थप गुणस्तरीय बनाइनेछ । (२)

५. मूल्याङ्कनकर्ताहरूका सङ्गठनसँग समन्वय गरी मूल्याङ्कनको सहजीकरण गर्ने, मूल्याङ्कन गर्ने र यसका सुझावहरूको प्रयोग गर्ने क्षमता विकास गरिनेछ । (२)

६. नीति, योजना तथा आयोजना तर्जुमालाई स्तरीय सूचनामा आधारित गराउन राष्ट्रिय योजना आयोगमा सूचना वा तथ्याङ्कको अभिलेखीकरण गरिनेछ । (२)

७. विभिन्न निकायसँग समन्वय गरी अनुगमन तथा मूल्याङ्कन कार्यमा संलग्न जनशक्तिलाई तालिम तथा अन्य कार्यक्रममार्फत क्षमता विकास गरिनेछ । (३)

८. सूचना प्रविधिको प्रयोग बढाई अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाइनेछ । (३)

## ३.६ प्रमुख कार्यक्रम

### क. नीतिगत व्यवस्था

१. अनुगमन तथा मूल्याङ्कनसम्बन्धी ऐन र नियमावलीको तर्जुमा ।

२. राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७० मा दिगो विकासका लक्ष्यहरूलाई आन्तरिकीकरण गर्दै परिमार्जन तथा कार्यान्वयन ।

३. चौधौँ योजनाको नतिजाखाकाको तयारी तथा प्रयोग ।

### ख. सूचना प्रविधि

१. सूचना प्रविधिमा आधारित आयोजना कार्यसम्पादन सूचना प्रणालीमार्फत सबै आयोजनाको प्रगति प्रतिवेदन र समीक्षा ।

२. कार्यक्रम तथा आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन अनिवार्य रूपमा सम्बन्धित निकायको वेवसाइटमा राख्ने ।

### ग. क्षमता विकास

१. नतिजामूलक अनुगमन तथा मूल्याङ्कनसम्बन्धी तालिमहरूको सञ्चालन ।

२. अनुगमन तथा मूल्याङ्कन सम्बद्ध कर्मचारीलाई सूचना-प्रविधिको प्रयोगसम्बन्धी तालिम सञ्चालन ।

३. विश्वविद्यालय तथा विभिन्न तालिम प्रतिष्ठानहरूमा अनुगमन तथा मूल्याङ्कनसम्बन्धी प्रशिक्षण ।

४. योजना, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्यमा संलग्न अनुभवी जनशक्तिलाई कार्यप्रति उत्प्रेरित गर्ने विशेष व्यवस्था ।

घ. मूल्याङ्कन

१. राष्ट्रिय योजना आयोगबाट छानिएका कार्यक्रम तथा आयोजनाहरूको आन्तरिक र तेस्रो पक्षबाट मूल्याङ्कन ।
२. सबै विकाससँग सम्बन्धित मन्त्रालयहरूबाट बार्षिक कम्तीमा एउटा आयोजना वा कार्यक्रमको आन्तरिक मूल्याङ्कन ।
३. सहभागितात्मक अनुगमन तथा मूल्याङ्कन विधिहरूको प्रयोगमा वृद्धि ।
४. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मूल्याङ्कनकर्ता संस्था र मूल्याङ्कनकर्ताहरूको स्वतन्त्र सङ्गठनसँग सञ्जालीकरण र सहकार्य गरी प्रभाव मूल्याङ्कन र क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन ।
५. दिगो विकासका लक्ष्यहरूको मूल्याङ्कनलाई प्रभावकारी गराउन संयुक्त राष्ट्रसङ्घीय निकायहरू, मूल्याङ्कनकर्ताहरूका सङ्गठनसमेतको समन्वयमा विश्व मूल्याङ्कन कार्यसूची अनुकूल हुनेगरी लैङ्गिक तथा समतामैत्री एकीकृत मूल्याङ्कन कार्ययोजनाको तयारी तथा कार्यान्वयन ।

ङ. अनुगमन

१. व्यवस्थापिका-संसद्मा नेपाल सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रमको विशेष अनुगमन ।
२. राष्ट्रिय योजना आयोगका सदस्यहरूलाई एक/एक प्रदेशको जिम्मेवारी तोकी त्यहाँ सञ्चालित आयोजनाहरूको नियमित अनुगमन ।
३. राष्ट्रिय गौरव, प्रथम प्राथमिकतामा रहेका र समस्यामूलक कार्यक्रम तथा आयोजनाहरूको उच्च पदाधिकारीहरू समेतबाट विशेष अनुगमन ।
४. विज्ञसमेतको सेवा लिई केही विषयगत क्षेत्र वा कार्यक्रमको सार्वजनिक खर्चको ट्रयाकिङ सर्वेक्षण ।
५. विभिन्न निकायहरू संलग्न टोलीबाट संयुक्त अनुगमन तथा मूल्याङ्कन ।
६. अनुगमन तथा मूल्याङ्कनमा लेखापरीक्षण प्रतिवेदनको समेत आधार लिने व्यवस्था ।

च. संस्थागत सक्रियता तथा प्रभावकारिता

१. राष्ट्रिय विकास समस्या समाधान समिति तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकलाई नतिजापरक बनाई सो बैठकबाट भएका निर्णयहरूको कार्यान्वयनको अनुगमन ।
२. अनुगमन तथा मूल्याङ्कनमार्फत सामाजिक जवाफदेहिता प्रवर्द्धन गर्न कार्यक्रम सञ्चालन ।
३. अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट सञ्चालित कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन समाजकल्याण परिषद्को क्षमता अभिवृद्धि ।

## ४. अपेक्षित उपलब्धि

अनुगमन तथा मूल्याङ्कनसम्बन्धी ऐन जारी भएको र राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन २०७० दिगो विकासका लक्ष्यमैत्री भएको हुनेछ । त्यसैगरी अनुगमन तथा मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग बढेको, विभिन्न तहमा ३०० जनाले नतिजामूलक अनुगमन तथा मूल्याङ्कनसम्बन्धी तालिम प्राप्त गरेको, आन्तरिक र बाह्य गरी कम्तीमा १५ ओटा आयोजना वा कार्यक्रमको मूल्याङ्कन गरिएको,

नीति तथा निर्णय प्रक्रिया सूचनामा आधारित भएको हुने र सार्वजनिक जवाफदेहिता अभिवृद्धि भएको हुनेछ ।

## ८.३ तथ्याङ्क प्रणाली

### १. पृष्ठभूमि

तथ्याङ्क, योजना र विकासको त्रिआयामिक सुदृढ सम्बन्धले यथार्थपरक योजना तर्जुमा, कार्यान्वयन र सोको अनुमगन तथा मूल्याङ्कन सम्भव भई दिगो विकासमा टेवा पुग्नसक्दछ । दिगो विकास लक्ष्यको विश्वव्यापी घोषणामा पनि तथ्याङ्क विकास तथा समयानुकुल उन्नयनका लागि विशेष जोड दिइएको छ । समयसापेक्ष, विस्तारित, खण्डीकृत, भरपर्दो र मागसापेक्ष तथ्याङ्कको नियमित आपूर्ति र उच्चतम प्रयोगले नै तथ्यमा आधारित विकास अवधारणालाई साकार पार्न सकिने हुँदा चालु योजनामा तथ्याङ्कलाई राज्यको केन्द्रदेखि स्थानीय तह र विषयगत क्षेत्रका योजना तथा नीति तर्जुमामा उपयोग गरिनेछ ।

### २. चुनौती तथा अवसर

**चुनौती**

समयसापेक्ष तथ्याङ्क ऐनको तर्जुमा गर्नु, केन्द्रीय र स्थानीय स्तरका तथ्याङ्कीय क्रियाकलापहरूमा समन्वय गर्नु, सङ्घीय र स्थानीय निकायहरूको तथ्याङ्क व्यवस्थापन र संरचना निर्माण गर्नु, उत्पादित तथ्याङ्कमा दोहोरोपना हटाउनु, तथ्याङ्कको उपयोग वृद्धि गर्नु, जनशक्तिको दक्षता वृद्धि गर्नु र अनाधिकृत तथ्याङ्कको प्रयोग हटाउनु प्रमुख चुनौती हुन् ।

**अवसर**

नेपालको राष्ट्रिय तथ्याङ्क प्रणालीमा मूलतः माग र प्रयोगमा विस्तार हुनु, देखिएको बढ्दो एवम् विस्तारित जागरूकता हुनु, नयाँ-नयाँ तथ्याङ्कीय प्रविधिहरूको विकास हुनु, विकास साझेदारहरूबाट तथ्याङ्कीय विकासमा चासो र सहयोग हुनु, नयाँ तथ्याङ्क ऐनको अपरिहार्यता महसुस हुनु, सम्बन्धित निकायहरूमा तथ्याङ्कीय जनशक्तिले आर्जन गरेको पेशागत विज्ञता विद्यमान हुनु मुख्य अवसर हुन् ।

### ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**३.१ सोच**

प्रभावकारी, समन्वयात्मक र क्रियाशील राष्ट्रिय तथ्याङ्क प्रणालीको स्थापना ।

**३.२ लक्ष्य**

योजना तथा विकासका नीतिका लागि आवश्यक पर्ने तथ्याङ्क तथा तथ्याङ्कीय सेवा उपलब्ध गराउने ।

**३.३ उद्देश्य**

१. तथ्यमा आधारित नीति निर्माणार्थ परिमाणजनक र परिणामजन्य तथ्याङ्क उत्पादन गरी सरकारका सबै तहका प्रयोगकर्ताहरूको माग र आवश्यकता सम्बोधन गर्नु ।

२. लागत-प्रभावी तथ्याङ्कीय विकास र गतिविधिहरूका लागि सान्दर्भिक नीति, अभ्यास र क्षमता विकास गर्नु ।

## ३.४ रणनीति

१. उच्च गुणस्तरीय तथ्याङ्क उत्पादन, सुधार र आपूर्ति गर्ने ।

२. तथ्याङ्कका उत्पादनका सबै सम्भाव्य विधि र स्रोतहरूको उपयोग गर्ने ।

३. सङ्घीय संरचनाअनुसार तथ्याङ्कको गुणस्तर सुनिश्चित गर्न संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

## ३.५ कार्यनीति

१. उपयुक्त कानुनी पूर्वाधार तयार गरी राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय प्रयोगकर्ताहरूको मागको अधिकतम सम्बोधन हुने गरी तथ्याङ्कको उत्पादन गरिनेछ । (१)

२. राष्ट्रिय तथ्याङ्क परिषद्लाई क्रियाशील बनाई आधिकारिक तथ्याङ्कका उत्पादकहरूको भूमिका र अधिकार क्षेत्रलाई सुस्पष्ट गरिनेछ । (१)

३. राष्ट्रिय तथ्याङ्क प्रणालीभित्र मापदण्ड, अवधारणाहरू, परिभाषाहरू, वर्गीकरणहरू र प्रचलित एवम् समुचित तथ्याङ्कीय विधिहरूलाई एकाकार गरिनेछ । (२)

४. राष्ट्रिय तथ्याङ्क प्रणालीलाई एकीकृत ढङ्गमा क्रियाशील तुल्याइनेछ । (२)

५. केन्द्रीय तथ्याङ्क विभागको सङ्गठन पुनर्संरचना गरिनेछ । (३)

६. दिगो विकासको लक्ष्यहरूको अनुगमन तथा मूल्याङ्कनका लागि निर्धारित राज्यका सबै तहका सूचकहरू आपूर्ति गर्नका लागि आवश्यकताअनुसार गणना र सर्वेक्षणहरू सञ्चालनका साथै व्यवस्थापन सूचना प्रणाली तथा प्रशासनिक दस्तावेजहरूको सामयिक र गुणस्तरीय व्यवस्थापन गरिनेछ । (४)

७. नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवाका विभिन्न पदहरूको न्यूनतम शैक्षिक योग्यता, सेवा सञ्चालन, सेवाका सर्तहरू, तालिम र वृत्ति विकासका अन्य अवसर आदिमा सुधार गर्दै लगिनेछ । (५)

८. योजना अवधिमा राष्ट्रिय तथ्याङ्क प्रशिक्षण केन्द्रको स्थापनार्थ प्रारम्भिक तयारीहरू सम्पन्न गरिनेछ । (५)

## ३.६ प्रमुख कार्यक्रमहरू

### क. नीतिगत, कानुनी र संस्थागत व्यवस्था

१. नेपालको संविधानमा व्यवस्था भए बमोजिमको तथ्याङ्क सम्बद्ध अधिकारको आधारमा केन्द्रीय तथ्याङ्क विभाग र प्रदेश तथा स्थानीय स्तरमा रहने तथ्याङ्क कार्यालयहरूको सङ्गठन संरचना तथा कार्यक्षेत्र निर्धारण गरी विस्तृत कार्यविधि तयार ।

२. तथ्याङ्क विकासका लागि राष्ट्रिय रणनीति स्वीकृत गरी चक्रीय र चरणबद्ध कार्यान्वयन ।

३. नयाँ तथ्याङ्क ऐन र नियमावली तर्जुमा ।

४. नेपाल सरकारका विभिन्न निकायहरूमा रहेको तथ्याङ्क एकाइको साङ्गठनिक सुधार ।

५. नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवाअन्तर्गतको योजना समूहको क्रियाशीलता ।

६. राष्ट्रिय तथ्याङ्क प्रशिक्षण तथा अनुसन्धान केन्द्रको स्थापना । विषयगत रूपमा अन्तर मन्त्रालय/निकायगत तथ्याङ्क कार्य समूहको स्थापना ।

७. नेपाल सरकारका तथ्याङ्क उत्पादन गर्ने विभिन्न निकायहरूबीच कम्प्युटर सञ्जालको माध्यमबाट एकीकृत सूचना आदानप्रदान संयन्त्र स्थापना ।

८. राष्ट्रिय तथ्याङ्क अभिलेखन कार्यको क्षेत्र विस्तार गरी अन्य निकायका तथ्याङ्कहरूलाई केन्द्रीय तथ्याङ्क विभागको राष्ट्रिय तथ्याङ्क अभिलेख संयन्त्रमा समावेश र तथ्याङ्क प्रदायक, उत्पादक र प्रयोगकर्ताहरूबीचको त्रिआयामिक सम्बन्ध विकास ।

९. नेपाल स्तरीय वर्गीकरण तथा निर्देशिकाहरू तयार ।

**ख. विभिन्न राष्ट्रिय गणना तथा सर्वेक्षण**

१. बाह्रौं राष्ट्रिय जनगणना, २०७८ को तयारी ।

२. पहिलो राष्ट्रिय आर्थिक गणना ।

३. औद्योगिक गणना, २०७४ ।

४. तेस्रो श्रमशक्ति सर्वेक्षणको विश्लेषणसहितको नतिजा प्रकाशन ।

५. चौथो नेपाल जीवनस्तर सर्वेक्षण ।

६. श्रमसँग सम्बन्धित समय-उपयोग सर्वेक्षण ।

७. राष्ट्रिय कृषि गणना, २०७८ को तयारी ।

**ग. अन्य कार्यक्रम**

१. राष्ट्रिय लेखा तथ्याङ्कको आधार वर्ष परिवर्तन तथा राष्ट्रिय लेखा प्रणाली, २००८ अनुकूल हुने गरी लेखाहरू तयार ।

२. तेस्रो आपूर्ति र उपयोग तालिका ।

३. दिगो विकासका लक्ष्यहरूको प्रगति मापनका लागि चाहिने तथ्याङ्क व्यवस्थापन ।

४. राष्ट्रिय, प्रदेश, स्थानीय तह तथा विधागत रूपमा दिगो विकासका लक्ष्य सूचकहरूको निर्धारण, उत्पादन तथा प्रकाशन ।

५. प्रशासनिक अभिलेखहरूलाई प्रयोग गरी एकीकृत तथ्याङ्क व्यवस्थापन ।

६. जनगणना, कृषि गणना आर्थिक गणना, औद्योगिक गणना र जलवायु परिवर्तन सर्वेक्षण, वार्षिक घरपरिवार सर्वेक्षणलगायत अन्य राष्ट्रिय स्तरका सर्वेक्षणहरूलाई दृष्टिगत गरी गणना क्षेत्र नक्साङ्कन ।

७. दिगो विकासका लक्ष्यहरूसँग सम्बन्धित आधार वर्षका बेञ्चमार्क सूचकहरू तयारीका लागि विद्यमान तथ्याङ्क आधारको थप प्रशोधन तथा आवश्यकतानुसार सर्वेक्षण ।

८. हाल उपलब्ध सूचना व्यवस्थापन प्रणाली र प्रशासनिक दस्तावेजहरूको समेत उपयुक्त व्यवस्थापन र उपयोगका लागि एकीकृत तथ्याङ्कीय सञ्जाल स्थापना ।

९. केन्द्र तथा स्थानीयस्तरमा प्रयोगकर्ता लक्षित तथ्याङ्क साक्षरता ।

१०. कुल गार्हस्थ्य उत्पादनको त्रैमासिक प्रकाशन ।

११. उपभोक्ता मूल्य सूचकाङ्कसम्बन्धी कार्य ।

### ४. अपेक्षित उपलब्धि

तथ्याङ्क विकासका लागि राष्ट्रिय रणनीति कार्यान्वयनमा आएको तथा राष्ट्रिय तथ्याङ्क प्रणालीको कानुनी र संस्थागत विकास भएको हुनेछ । साथै केन्द्रीय तथ्याङ्क विभागको पुनर्संरचना भएको, तथ्याङ्कीय जनशक्तिको क्षमता विकास भएको, नवीन तथ्याङ्कीय विधि र प्रविधिको अनुसरणसहित गुणस्तरीय तथ्याङ्कको माग, आपूर्ति र प्रयोगमा वृद्धि भएको एवम् नीति निर्माण र योजनाका लागि तथ्याङ्क अपरिहार्य तत्त्वका रूपमा स्थापित भई मुलुकको विकाससँग एकीकृत भएको हुनेछ ।

## ८.४ अनुसन्धान तथा विकास

### १. पृष्ठभूमि

विकासको प्रशासन र व्यवस्थापनका लागि विकाससम्बद्ध क्रियाकलापमा विद्यमान समस्या, चुनौती र अवसरको पहिचान गर्न र आवश्यक सुधारको मार्ग पहिल्याउन विभिन्न विषय क्षेत्रगत अध्ययन र अनुसन्धानको गहन भूमिका रहन्छ । हालसम्म पहिचान नभएका स्रोतसाधन पहिचान गरी तिनीहरूको व्यवस्थित परिचालन गर्ने तौरतरिका पत्ता लगाउन, उपलब्ध स्रोतसाधनको परिचालनको अवस्था आकलन गरी तिनीहरूको अत्युत्तम उपयोग गर्न र अपर्याप्त स्रोतसाधनको व्यवस्थापनका लागि मार्ग प्रशस्त गर्न समेत अनुसन्धान र विकास महत्त्वपूर्ण मानिन्छ ।

### २. चुनौती तथा अवसर

#### चुनौती

विकाससम्बद्ध अनुसन्धानका लागि यथार्थपरक र सामयिक सूचना तथा तथ्याङ्कहरू मागअनुरूप उपलब्ध गराउनु, नीति निर्माण, विश्लेषण र पृष्ठपोषणसँग अध्ययन अनुसन्धानको व्यवस्थित र प्रभावकारी सम्बन्ध विकास गर्नु, प्रत्येक विषय क्षेत्रमा अध्ययन अनुसन्धानलाई प्रोत्साहित गर्नु, अध्ययन र अनुसन्धानलाई स्तरीय र विश्वसनीय बनाउनु, अनुसन्धानको क्षेत्रलाई प्राथमिकतामा राख्नु, अध्ययन भएका विषयका निष्कर्षहरूलाई संस्थागत गर्नु र विभिन्न विषय क्षेत्रमा गरिनुपर्ने अध्ययन अनुसन्धानको आवश्यकता पहिचान गर्नु प्रमुख चुनौती हुन् ।

#### अवसर

विकास प्रक्रियामा अनुसन्धान र विकासको महत्त्व स्थापित हुनु, मुलुकको नीति तथा कार्यक्रम तर्जुमा गर्दा अध्ययन अनुसन्धानका निष्कर्षहरूको प्रयोग बढ्दै जानु, अनुसन्धानको लागि बजेट विनियोजन गर्न सुरु हुनु, अध्ययन अनुसन्धानको लागि अन्तर्राष्ट्रियस्तरमा साझेदारी विस्तार हुँदै

जानुजस्ता अवसरहरू रहेका छन् । यसैगरी सम्पन्न भएका अध्ययन अनुसन्धानका नतिजाहरूलाई नीतिगत तथा कार्यगत रूपमा कार्यान्वयनमा लैजाने र नीति निर्माण तहमा रहेका व्यक्तिहरूले पृष्ठपोषणको रूपमा उपयोग गर्ने परिपाटी बढेर जानु, विकाससम्बद्ध विषयमा गुणात्मक तथा परिमाणात्मक अनुसन्धानका लागि स्रोत र साधन परिचालन हुँदै जानु प्रमुख अवसर हुन् ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ३.१ सोच

अनुसन्धान र विकासबाट भरपर्दो सामाजिक, आर्थिक एवम् प्राविधिक विकास व्यवस्थापन ।

### ३.२ लक्ष्य

अनुसन्धानका निष्कर्षमा आधारित नीतिनिर्माण, योजना तर्जुमा र कार्यक्रम तय गर्ने प्रणालीको विकास गर्ने ।

### ३.३ उद्देश्य

गुणात्मक अध्ययन अनुसन्धानमा आधारित विकास नीति, नतिजामूलक योजना निर्माण तथा अनुगमन र मूल्याङ्कन प्रणालीको विकास गर्नु ।

### ३.४ रणनीति

१. तुलनात्मक रूपमा विकासका सम्भावना बढी भएका क्षेत्रहरूमा अनुसन्धान र विकासलाई संस्थागत गर्ने ।

२. अनुसन्धान र विकासका लागि निजी क्षेत्रसँग राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सहकार्य गर्ने ।

### ३.५ कार्यनीति

१. सामाजिक आर्थिक विकासका सम्भावनाहरूको पहिचानका लागि प्राथमिकताका क्षेत्रहरूमा केन्द्रित अनुसन्धानलाई प्रश्रय दिइनेछ । (१)

२. अध्ययन अनुसन्धानका लागि सरकारी तथा गैरसरकारी क्षेत्र र शैक्षिक/प्राज्ञिक क्षेत्रका विषय विज्ञहरूलाई परिचालन गरिनेछ । (१)

३. अध्ययन अनुसन्धान तथा विकासका क्षेत्रमा विशिष्ट योगदान गरेका सेवानिवृत्त राष्ट्रसेवक एवम् स्वतन्त्र व्यक्तित्वलाई अध्ययन अनुसन्धानको काममा आकर्षित गरी परिचालित गरिनेछ । (१)

४. अध्ययन अनुसन्धानको क्षेत्रमा आवश्यक जनशक्ति विकासका लागि शैक्षिक संस्थाहरूका पाठ्यक्रममा सो विधालाई समावेश गरिनेछ । (१)

५. अनुसन्धान र विकासका लागि आवश्यक पर्ने लगानी सुनिश्चित गर्न विषय क्षेत्रगत निकायहरूमा छुट्टै बजेटको व्यवस्था गर्न प्रोत्साहित गरिनेछ । (१)

६. प्रत्येक विषय क्षेत्रगत निकायहरूमा रहेका योजनासम्बन्धी संरचनालाई अनुसन्धान एकाइको रूपमा समेत काम गर्नेगरी व्यवस्था मिलाइनेछ । (१)

७. अनुसन्धानकर्ता तथा प्राविधिक जनशक्तिलाई अनुसन्धान कार्यमा संलग्न हुन प्रोत्साहन प्रणालीको विकास गरिनेछ । (१)

८. अनुसन्धानसम्बन्धी दक्षता अभिवृद्धिको लागि शैक्षिक संस्थाहरूसँग सहकार्य गरिनेछ । (२)

९. अनुसन्धानात्मक ज्ञान र सीप विकासको लागि अनुसन्धान र विकाससम्बन्धी विषयलाई माध्यमिक स्तरदेखिकै पाठ्यक्रममा समावेश गर्न सुरु गरिनेछ । (२)

१०. अध्ययन अनुसन्धानका लागि सम्बन्धित निकायहरूसँग सहकार्य गरिनेछ । (२)

११. अनुसन्धान र विकासका क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोग र सहकार्यमा विस्तार गरिनेछ । (२)

१२. निजी क्षेत्र सक्षम भएका क्षेत्रहरूमा प्रोत्साहन प्रणालीको विकास गरी निजी क्षेत्रसँगको सहकार्यमा अध्ययन अनुसन्धानलाई प्रभावकारी बनाइनेछ । (२)

### ३.६ प्रमुख कार्यक्रमहरू

१. अनुसन्धान तथा विकाससम्बन्धी कार्यलाई प्राथमिकताका साथ व्यवस्थित गर्न केन्द्र, प्रदेश र स्थानीय तहमा संरचनागत व्यवस्था ।

२. सरकारी तथा गैरसरकारी र शैक्षिक तथा प्राज्ञिक क्षेत्रबीच नियमित अन्तरक्रिया ।

३. अनुसन्धानसम्बन्धी दक्ष जनशक्तिको विकास तथा तालिम ।

४. आर्थिक वृद्धि गर्न प्रत्यक्ष योगदान गर्ने प्रमुख पाँच क्षेत्रहरूको अनुसन्धानसहितको विश्लेषण ।

५. आर्थिक वृद्धिका बाधक र अवरोधहरूको अनुसन्धान तथा विश्लेषण ।

६. सार्वजनिक-निजी अनुसन्धान तथा विकास एकाइको स्थापना ।

## ४. अपेक्षित उपलब्धि

आर्थिक-सामाजिकलगायतका क्षेत्रमा गर्नुपर्ने विकास र सम्भावनाहरूको तथ्यपरक र वैज्ञानिक रूपमा पहिचान भएको हुनेछ । समष्टिगत उत्पादन तथा उत्पादकत्व, उद्यमशीलता र सिर्जनशीलताको संस्कार विकासका लागि संस्थागत पूर्वाधार तयार भएको, अनुसन्धान र विकासको क्षेत्रमा आवश्यक जनशक्ति विकास र उपयोग भएको, विज्ञ अनुसन्धानकर्ताहरूको सेवा प्राप्त भई अनुसन्धान कार्य थप परिष्कृत भएको, सम्बन्धित कार्यका लागि आवश्यक पर्ने लगानी सुनिश्चित भएको र अनुसन्धान तथा विकास कार्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोग र सहकार्य जुटी अनुसन्धान कार्य गुणस्तरीय भएको हुनेछ ।

परिच्छेद : ९

# चौधौं योजनाको नतिजा खाका

## ९.१ पृष्ठभूमि

योजना प्रक्रियालाई नतिजामुखी बनाउन विषयगत क्षेत्रको नीतिगत खाकाको तयारी, नतिजा सूचकहरूको निर्धारण र आयोजनाहरूले समेत लगफ्रेम बनाउनुपर्ने व्यवस्था दशौं योजनादेखि प्रारम्भ गरिएको हो । तेह्रौं योजनामा योजना, कार्यक्रम वा आयोजनाबीच सूचकका माध्यमबाट अन्तरसम्बन्ध स्थापना गर्ने र नतिजा सूचकका आधारमा योजनाको समीक्षा गर्न सघाउ पुऱ्याउने गरी नतिजा खाका कार्यान्वयनमा ल्याइएको थियो । विगतका अनुभवबाट सिक्दै केही नयाँ विशेषतासहित यस चौधौं योजनाको नतिजा खाका तयार गरिएको छ । यो नतिजा खाका तयार गर्दा कुल १५ ओटा प्रमुख नतिजा क्षेत्र (Key result areas) निर्धारण गरी सोसँग सबै विषयगत क्षेत्र तथा उपक्षेत्रको योगदानलाई अन्तरसम्बन्धित गराउने प्रयास गरिएको छ । धेरै विषयगत उपक्षेत्र तथा निकायहरूले साझा असर तथा प्रभाव हासिल गर्न योगदान पुऱ्याउने भएकाले पनि यसरी प्रमुख नतिजा क्षेत्रमा समूहीकृत गरी नतिजाखाका बनाउन जरुरी देखिएको हो । यसले योजनालाई निकाय (Agency) अवधारणाबाट विषय क्षेत्रगत (Sectoral) अवधारणामा लैजान मद्दत पुग्ने अपेक्षा गरिएको छ । यसमा रहेका नतिजा सूचकहरूमार्फत योजनाको प्रगति अनुगमन गरी निर्णय प्रक्रियालाई प्रमाणमा आधारित बनाउन एवम् नतिजाप्रतिको जवाफदेहिता सुनिश्चित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## ९.२ नतिजा खाकामा समावेश गरिएका विषयहरू

विकास योजना, कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयन गर्ने जिम्मेवारी रहेका सम्बद्ध मन्त्रालय तथा केन्द्रीय निकायहरूको सक्रिय सहभागिता तथा सहयोगमा राष्ट्रिय योजना आयोगबाट तयार गरिएको यस नतिजा खाकाले देहायका विषयहरू समेटेको छ :

(क) प्रस्तुत नतिजा खाकामा १५ ओटा प्रमुख विषयगत नतिजा क्षेत्र निर्धारण गरी सोका आधारमा तीन तहका नतिजा (प्रतिफल, असर र प्रभाव तह) परिभाषित गरी तिनीहरूको अन्तरसम्बन्ध यकिन गरिएको छ ।

(ख) उल्लिखित प्रतिफल, असर र प्रभावको मापनका लागि विषय क्षेत्रगत नतिजा सूचकहरूलाई परिमार्जन गरी व्यावहारिक बनाइएको छ ।

(ग) यी सूचकहरूको आवधिक अनुगमन तथा मूल्याङ्कनलाई सजिलो बनाउन सम्भव भएसम्म हरेक सूचकहरूको आधार तथ्याङ्क र चौधौं योजना अवधिभरका लागि वार्षिक लक्ष्य र तथ्याङ्क उपलब्ध गराउने पुष्ट्याइँको स्रोतसहित जिम्मेवार निकाय प्रष्ट गरिएको छ ।

(घ) विषय क्षेत्रगत रूपमा राखिएका प्रतिफल, असर र प्रभाव सूचकहरू हासिल गर्नका लागि आवश्यक पर्ने न्यूनतम बाह्य वातावरणीय पक्ष तथा सम्भावित जोखिम अनुमान गरिएको छ ।

## ९.३ नतिजा खाकाको प्रयोग

नतिजा खाकाको तर्जुमाका साथसाथै अवस्थामा पनि यसको प्रयोग बढाउनु महत्वपूर्ण हुन्छ। मन्त्रालयहरू तथा अन्य केन्द्रीय निकायमा कार्यरत जनशक्तिलाई यसको प्रयोग र महत्व बारेमा अभिमुखीकरण एवम् प्रशिक्षण दिन जरुरी भएकाले राष्ट्रिय योजना आयोगबाट यस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ। योजना तथा अनुगमनमा संलग्न जनशक्तिको क्षमता विकास भएपछि यसको प्रयोग नयाँ आयोजना तर्जुमा, बजेट प्रक्रिया र अनुगमन तथा मूल्याङ्कनमा समेत बढाउन सकिन्छ। यस नतिजा खाकाको प्रयोग योजना प्रक्रियाका विभिन्न चरणहरूमा देहाय बमोजिम हुन सक्दछ :

(क) वार्षिक विकास कार्यक्रम तथा बजेटलाई नतिजामूलक बनाउन यसको प्रयोग गर्नुपर्दछ। वार्षिक विकास कार्यक्रम तयार गर्दा सम्बद्ध विषय क्षेत्रगत खण्डमा यस नतिजा खाकाका सूचकहरू मूलतः प्रतिफल, असर र प्रभाव तहका सूचकहरू समावेश गर्नुपर्दछ। यसले कुनै खास आर्थिक वर्षमा सम्बद्ध विषयगत क्षेत्रमा हासिल गर्ने नतिजालाई प्रष्ट पार्दछ।

(ख) मध्यमकालीन खर्च संरचनालाई नतिजामुखी बनाउन पनि यस खाकामा रहेका सूचकहरूको प्रयोग गर्नुपर्दछ। साथै मध्यमकालीन कार्यसम्पादन खाका (Medium-term performance framework) को रूपमा समेत यसले काम गर्दछ।

(ग) वैदेशिक सहयोग लिनुपर्दा आयोजना वा कार्यक्रमले विषय क्षेत्रगत र राष्ट्रिय स्तरका लक्ष्यहरू हासिल गर्न सहयोग गर्छ भनी जान्न उत्सुक हुन्छन्। यस्तो स्थितिमा उनीहरूको सहयोग रहने अमुक आयोजनाले सम्बद्ध विषयगत क्षेत्रको प्रतिफल, असर हुँदै प्रभाव हासिल गर्न पुऱ्याउने योगदान यकिन गर्न यसले मद्दत पुऱ्याउँछ।

(घ) आवधिक योजनाका विषय क्षेत्रगत प्रावधानहरूको समीक्षा गरी वार्षिक प्रगति प्रतिवेदन तयार गर्न यसको महत्व रहन्छ।

**तलिका ९.१ : चौधौं योजनाको नतिजा खाका**

| **सोचः** स्वाधीन, समुन्नत तथा समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्र एवम् समृद्ध नेपाली। | | | | | | |
|---|---|---|---|---|---|---|
| **लक्ष्यः** सामाजिक न्यायसहितको लोककल्याणकारी राज्य हुँदै मध्यम आय भएका मुलुकको स्तरमा पुग्ने। | | | | | | |
| **उद्देश्यः** उत्पादनशील रोजगारी उन्मुख र न्यायपूर्ण वितरणसहितको उच्च आर्थिक वृद्धिद्वारा द्रुत गरिबी न्यूनीकरण गर्दै आर्थिक-सामाजिक रूपान्तरण गर्नु। | | | | | | |
| **क.सं** | **प्रमुख नतिजा क्षेत्रहरू (असरहरू)** | **रणनीतिहरू** | | | | |
| | | **१. उत्पादन वृद्धि** | **२. पूर्वाधार निर्माण** | **३. मानव विकास** | **४. सुशासन प्रवर्द्धन** | **५. अन्तरसम्बन्धित विषय** |
| १ | समष्टिगत आर्थिक स्थायित्व र विकास | √ | | | | |
| २ | उद्योग, पर्यटन र सेवाक्षेत्रको विकास | √ | | | √ | |
| ३ | कृषि उत्पादन वृद्धि र खाद्य सुरक्षा | √ | | | √ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | प्राकृतिक स्रोत व्यवस्थापन, वातावरण र जलवायु परिवर्तन | √ | | | | √ |
| ५ | व्यापार र आपूर्ति व्यवस्थापन | | | | √ | √ |
| ६ | सामाजिक तथा मानव विकास | | | √ | | √ |
| ७ | ऊर्जा विकास | √ | √ | | | √ |
| ८ | भौतिक पूर्वाधार, यातायात र सूचना तथा सञ्चार | √ | √ | | | √ |
| ९ | प्रादेशिक तथा स्थानीय पूर्वाधार | √ | √ | | | |
| १० | सङ्घीयता तथा स्थानीय स्वायत्त शासन | | | | √ | √ |
| ११ | भवन, आवास र सहरी विकास | √ | √ | | | |
| १२ | विपद् व्यवस्थापन र पुनर्निर्माण | | √ | | | √ |
| १३ | श्रम तथा रोजगारी व्यवस्थापन | √ | | | √ | √ |
| १४ | विज्ञान, सूचना तथा प्रविधि | √ | | √ | √ | √ |
| १५ | शासकीय क्षेत्र र सुशासन | | | | √ | √ |

**तालिका ९.२ : प्रमुख नतिजा क्षेत्र, तात्कालिक र विषय क्षेत्रगत असरहरू**

| क्र.सं. | प्रमुख नतिजा क्षेत्रहरू | तात्कालिक असरहरू | विषय क्षेत्रगत असरहरू |
|---|---|---|---|
| १ | समष्टिगत आर्थिक स्थायित्व र विकास | • वित्तीय क्षेत्रको विस्तार तथा दिगोपना कायम भएको हुने<br>• मौद्रिक क्षेत्रको योगदानसहितको आर्थिक वृद्धि हासिल भएको हुने<br>• बाह्य क्षेत्रको विकास तथा दिगोपना हासिल भएको हुने | • समष्टिगत आर्थिक स्थायित्व हासिल भएको हुने |
| २ | उद्योग, पर्यटन र सेवा क्षेत्रको विकास | • व्यावसायिक वातावरण सुधार भएको हुने<br>• उत्पादकत्व वृद्धि भएको हुने<br>• उपभोक्ताको हित संरक्षण भएको हुने<br>• पर्यटन प्रवर्द्धन भएको हुने | • कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक तथा सेवा क्षेत्रको योगदान बढेको हुने |
| ३ | कृषि उत्पादन वृद्धि र खाद्य सुरक्षा | • उत्पादन र उत्पादकत्व वृद्धि भएको हुने<br>• खाद्य सुरक्षामा सुधार भएको हुने<br>• कृषकहरूको आम्दानी वृद्धि भएको हुने | • कृषि क्षेत्रको वृद्धिदर बढेको हुने |

| क्र.सं. | प्रमुख नतिजा क्षेत्रहरू | तात्कालिक असरहरू | विषय क्षेत्रगत असरहरू |
|---|---|---|---|
| | | • वातावरण अनुकूलन सम्बन्धमा रिजिलेन्स बढेको हुने | |
| ४ | प्राकृतिक स्रोत व्यवस्थापन र वातावरण | • वन तथा जलाधारको दिगो रूपमा व्यवस्थापन हुने<br>• जैविक विविधताको संरक्षण तथा संवर्द्धन भएको हुने<br>• भूमिको व्यवस्थापन र प्रयोगमा सुधार भएको हुने | • प्राकृतिक स्रोतको संरक्षण, पुनर्स्थापना र सदुपयोग भएको हुने<br>• वातावरणीय स्वच्छताको स्थितिमा सुधार भएको हुने |
| ५ | व्यापार र आपूर्ति व्यवस्थापन | • व्यापार विविधीकरण भएको हुने<br>• व्यापार घाटामा कमी भएको हुने<br>• खाद्यान्न र नून आपूर्ति सहज भएको हुने | • कुल गार्हस्थ्य उत्पादनमा निकासीको योगदान बढेको हुने, व्यापार घाटा घटेको हुने<br>• सुपथ मूल्यमा वस्तु तथा सेवा उपलब्ध भएको हुने |
| ६ | सामाजिक तथा मानव विकास | • स्तरीय स्वास्थ्य सेवामा पहुँच वृद्धि भएको हुने<br>• शिक्षा क्षेत्रमा पहुँच, गुणस्तर र समताको स्थितिमा सुधार भएको हुने<br>• गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवामा पहुँच वृद्धि भएको हुने<br>• सामाजिक संरक्षणका कार्यक्रमहरूको विस्तार भएको हुने | • मानव विकासको स्थितिमा सुधार भएको हुने |
| ७ | ऊर्जा विकास | • जलविद्युत् क्षमता २,३०१ मेगावाट पुगेको हुने<br>• नवीकरणीय ऊर्जाको प्रवर्द्धन भएको हुने | • प्रतिव्यक्ति विद्युत् खपत बढेको हुने |
| ८ | भौतिक पूर्वाधार, यातायात र सूचना तथा सञ्चार | • स्तरीय पूर्वाधारहरूको विस्तार तथा पहुँचमा अभिवृद्धि भएको हुने | • कृषि, उद्योग, पर्यटन र सेवा क्षेत्रको वृद्धिदर बढेको हुने |
| ९ | प्रादेशिक तथा स्थानीय पूर्वाधार | • प्रादेशिक तथा स्थानीय पूर्वाधारहरूको विस्तार तथा पहुँचमा अभिवृद्धि भएको हुने | • प्रादेशिक तथा स्थानीय तहमा कृषि, उद्योग, पर्यटन र सेवाक्षेत्रमा अनुकूल प्रभाव परेको हुने |
| १० | सङ्घीयता तथा | • प्रादेशिक संरचना र स्थानीय तह | • शासन व्यवस्थामा जनताको |

| क्र.सं. | प्रमुख नतिजा क्षेत्रहरू | तात्कालिक असरहरू | विषय क्षेत्रगत असरहरू |
|---|---|---|---|
| | स्थानीय स्वायत्त शासन | पुनर्संरचना भएको हुने<br>• स्थानीय तहको सेवा प्रवाह थप प्रभावकारी भएको हुने<br>• राज्यबाट उपलब्ध सेवा सुविधामा जनताको पहुँचमा अभिवृद्धि भएको हुने | सहभागिता अभिवृद्धि भएको हुने<br>• सुशासनको प्रवर्द्धन भएको हुने<br>• समावेशी विकासको आधार निर्माण भएको हुने |
| ११ | भवन, आवास र सहरी विकास | • एकीकृत सरकारी कार्यालय भवन, जनता आवास निर्माण भएको हुने<br>• एकीकृत बस्ती विकास भएको हुने<br>• हरित सहरी विकास भएको हुने<br>• विपद् प्रतिरोधी आवास निर्माण भएको हुने<br>• स्मार्ट सहरहरूको विकास भएको हुने | • सहरी क्षेत्रको जीवनस्तरमा सुधार भएको हुने |
| १२ | विपद् व्यवस्थापन र पुनर्निर्माण | • पुनर्निर्माण र नव निर्माणमा विपद जोखिम न्यूनीकरण भएको हुने<br>• जोखिमपूर्ण बस्ती उपयुक्त स्थानमा स्थानान्तरण भएको हुने | • विपद् उत्थानशील समुदायको विकास भएको हुने<br>• जीविकोपार्जनमा सहयोग पुगेको हुने |
| १३ | श्रम तथा रोजगारी व्यवस्थापन | • वेरोजगारी र अर्ध बेरोजगारी दर घटेको हुने<br>• असल श्रम सम्बन्धको विकास भएको हुने<br>• दक्ष श्रमशक्तिको विकास भएको हुने | • मुलुकभित्रै वार्षिक चार लाख रोजगारी सिर्जना भएको हुने<br>• निकृष्ट प्रकृतिको बालश्रमको उन्मूलन भएको हुने |
| १४ | विज्ञान, सूचना तथा प्रविधि | • विज्ञान र प्रविधिको क्षेत्रमा सङ्ख्यात्मक र गुणात्मक जनशक्तिको थप विकास भएको हुने<br>• सूचना प्रविधि उद्योगको विकास भएको हुने | • वैज्ञानिक अनुसन्धान विस्तार भई विकास प्रक्रियामा योगदान पुगेको हुने<br>• विद्युतीय सुशासन लागु भई सेवा प्रवाहमा सुधार भएको हुने |
| १५ | शासकीय क्षेत्र, शान्ति र सुशासन | • न्यायमा पहुँच वृद्धि भएको हुने<br>• द्वन्द्वको व्यवस्थापन शान्तिपूर्ण तरिकाले गर्ने प्रणाली विकास भएको हुने<br>• द्वन्द्वको समयमा भत्किएका | • शासन व्यवस्थामा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि भएको हुने |

| क्र.सं. | प्रमुख नतिजा क्षेत्रहरू | तात्कालिक असरहरू | विषय क्षेत्रगत असरहरू |
|---|---|---|---|
| | | संरचनाहरूको पुनर्निर्माण सम्पन्न भएको हुने<br>• आन्तरिक शान्ति र अमनचयनको स्थितिमा सुधार भएको हुने<br>• सुरक्षाका सबै क्षेत्रमा आधुनिकीकरण र क्षमता विकास भएको हुने | |

**तालिका ९.३ : विषयगत असरहरू, उपक्षेत्र र प्रमुख नतिजा क्षेत्र**

| क्र.सं. | प्रमुख नतिजा क्षेत्रहरू | विषयगत क्षेत्र | विषयगत क्षेत्रका प्रमुख नतिजा क्षेत्रहरू |
|---|---|---|---|
| १ | समष्टिगत आर्थिक स्थायित्व र विकास | आर्थिक क्षेत्र<br>सार्वजनिक क्षेत्र<br><br>वित्तीय/मौद्रिक क्षेत्र<br>बाह्य क्षेत्र | बचत, लगानी,<br>राजस्व, सार्वजनिक खर्च, सार्वजनिक ऋण, वैदेशिक सहयोग<br>बैङ्किङ तथा वित्त, बिमा, पुँजीबजार<br>विदेशी विनिमय, वैदेशिक व्यापार, वैदेशिक लगानी |
| २ | उद्योग, पर्यटन र सेवा क्षेत्रको विकास | उद्योग र सेवा क्षेत्र<br>पर्यटन | औद्योगिक वातावरण र उत्पादकत्व वृद्धि,<br>पर्यटकीय क्षेत्र, आगमन, बसाइँ, आय |
| ३ | कृषि उत्पादन वृद्धि र खाद्य सुरक्षा | कृषि<br>सिँचाइ<br>पशुपालन<br>खाद्य सुरक्षा | कृषि उत्पादकत्व र उत्पादन<br>सिञ्चित क्षेत्र<br>पशुपालन<br>खाद्य सुरक्षा |
| ४ | प्राकृतिक स्रोत व्यवस्थापन र वातावरण | वन<br>भूमिसुधार<br>वातावरण<br>जलवायु परिवर्तन | वन, भूसंरक्षण,<br>भूमिसुधार, नापी<br>वातावरण<br>जलवायु परिवर्तन |
| ५ | व्यापार र आपूर्ति व्यवस्थापन | वाणिज्य, आपूर्ति | वाणिज्य, आपूर्ति |
| ६ | सामाजिक तथा मानव विकास | शिक्षा<br><br>स्वास्थ्य<br>युवा तथा खेलकुद | प्रारम्भिक बाल विकास, आधारभूत, माध्यमिक, उच्च, प्राविधिक, अनौपचारिक<br>स्वास्थ्य तथा पोषण<br>युवा, खेलकुद |

| क.सं. | प्रमुख नतिजा क्षेत्रहरू | विषयगत क्षेत्र | विषयगत क्षेत्रका प्रमुख नतिजा क्षेत्रहरू |
|---|---|---|---|
| | | लैङ्गिक समानता र सामाजिक संरक्षण | लैगिक समानता, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, किशोरकिशोरी, |
| | | समावेशीकरण | लक्षित समुदाय र क्षेत्र |
| | | खानेपानी, सरसफाइ | खानेपानी, सरसफाइ, |
| | | जनसङ्ख्या | जनसङ्ख्या |
| | | संस्कृति | संस्कृति |
| ७ | ऊर्जा विकास | जलविद्युत्<br>नवीकरणीय ऊर्जा | जलविद्युत्, उत्पादन, प्रसारण, वितरण<br>नवीकरणीय ऊर्जा |
| ८ | भौतिक पूर्वाधार, यातायात र सूचना तथा सञ्चार | भौतिक पूर्वाधार | रणनैतिक सडक, पूल, हवाई, रेल तथा अन्य यातायात |
| | | यातायात | यातायात व्यवस्था |
| | | सूचना तथा सञ्चार | सूचना तथा सञ्चार |
| ९ | प्रादेशिक तथा स्थानीय पूर्वाधार | प्रादेशिक पूर्वाधार<br>स्थानीय पूर्वाधार | सडक, खानेपानी, सिँचाइ, झोलुङ्गे पुल, लघु जलविद्युत्, ल्याण्डफिल साइट, बस्ती विकास |
| १० | सङ्घीयता तथा स्थानीय स्वायत्त शासन | सङ्घीयता<br>स्वायत्त शासन | सङ्घीयता, स्थानीय स्वायत्त शासन, प्रादेशिक तथा भौगोलिक सन्तुलन |
| ११ | भवन, आवास र सहरी विकास | भवन तथा आवास | भवन तथा आवास |
| | | सहरी विकास | सहरी विकास |
| १२ | विपद् व्यवस्थापन र पुनर्निर्माण | विपद् व्यवस्थापन<br>पुनर्निर्माण | विपद् व्यवस्थापन<br>पुनर्निर्माण |
| १३ | श्रम तथा रोजगारी व्यवस्थापन | श्रम व्यवस्था<br>रोजगारी | श्रम व्यवस्था, स्वदेशी रोजगारी<br>वैदेशिक रोजगारी |
| १४ | विज्ञान तथा सूचना प्रविधि | विज्ञान, सूचना प्रविधि | विज्ञान, सूचना प्रविधि |
| १५ | शासकीय क्षेत्र, शान्ति र सुशासन | शासकीय सुधार | प्रशासकीय सुशासन, वित्तीय सुशासन, मानव अधिकार, शान्ति |
| | | योजना प्रक्रिया | योजना प्रक्रिया तथा कार्यान्वयन, तथ्याङ्क, अनुगमन तथा मूल्याङ्कन |

## ९.४ नतिजा सूचक

### ९.४.१ समष्टिगत आर्थिक स्थायित्व र विकास

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| **प्रभाव** | | | | | | | | |
| कुल गार्हस्थ्य उत्पादन (आ.व. २०७३/७४ को स्थिर मूल्यमा) | रू. अर्बमा | २२४८.७ | २३९६.९ | २५७०.० | २७७८.३ | राष्ट्रिय लेखा | के.त.वि. | |
| कुल गार्हस्थ्य उत्पादन (चालु मूल्यमा) | ,, | २२४८.७ | २५६४.७ | २९४२.४ | ३४०३.६ | | | |
| आर्थिक वृद्धिदर | प्रतिशत | ०.७७ | ६.५ | ७.२ | ७.९ | ,, | ,, | |
| कृषि क्षेत्रको वृद्धिदर | ,, | १.३३ | ४.५ | ४.७ | ४.९ | ,, | ,, | |
| गैरकृषि क्षेत्रको वृद्धिदर | ,, | ०.६३ | ७.६ | ८.४ | ९.३ | ,, | ,, | |
| **असर** | | | | | | | | |
| बेरोजगारी दर | प्रतिशत | २.७ | २.४ | २.२ | २ | घरपरिवार सर्वेक्षण | ,, | |
| कुल गार्हस्थ्य बचत (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | ,, | ५.३ | ७ | ८.५ | १०.५ | राष्ट्रिय लेखा | के.त.वि./ ने.रा.बैं. | |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| राष्ट्रिय बचत (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | ,, | ४२.९ | ४३.६ | ४४.३ | ४५ | ,, | ,, | |
| उपभोक्ता मूल्य सूचकाङ्क | ,, | ९.५ | ७.५ | ७.५ | ७.५ | वार्षिक स्थिति समीक्षा | ने.रा.बैं. | |
| विस्तृत मुद्रा प्रदाय वृद्धिदर | ,, | १९.५ | १७.० | १८.५ | १९.० | ,, | ,, | |
| भुक्तानी सन्तुलन | रु. अर्ब | १९१.२४ | - | - | - | ,, | ,, | |
| निजी क्षेत्रमा जाने कर्जा वार्षिक वृद्धिदर | प्रतिशत | २३.२ | २०.० | १९.५ | २०.४ | ,, | ने.रा.बैं. | |
| कुल आन्तरिक कर्जा वार्षिक वृद्धिदर | ,, | १७.४ | २५.० | २०.५ | २१.० | ,, | ,, | |
| व्यापार घाटा/कुल गार्हस्थ्य उत्पादन | ,, | ३१.३ | ३२.० | ३१.० | ३०.० | व्यापार तथ्याङ्क राष्ट्रिय लेखा | ने.रा.बैं, के.त.वि. | |
| **प्रतिफल**<br>(१) **आर्थिक क्षेत्र** | | | | | | | | |
| आयात | ,, | ७७३.६ | ९१०.७ | १०१२.१ | ११३६.१ | ,, | ,, | • विदेशी विनिमयमा निश्चित |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| | | | | | | | | सीमाभन्दा बढी घटबढ नभएमा |
| निर्यात | ,, | ७०.१२ | ९० | १०० | ११५ | ,, | ,, | |
| व्यापार घाटा | ,, | ७०३.४८ | ८२०.७ | ९१२.१ | १०२१.१ | ,, | ,, | |
| कुल राजस्व | ,, | ४८२.८ | ५५०.३ | ६६८.७ | ८१४.९ | आर्थिक सर्वेक्षण | म.ले.नि.का. /अर्थ मन्त्रालय | |
| कुल बजेट | ,, | ६००.२ | १०४६.६ | १२१०.५ | १४३०.९ | ,, | ,, | |
| वैदेशिक अनुदान | ,, | ४३.१ | १०६.० | १२४.२ | १४१.७ | ,, | ,, | |
| कुल खर्च | रु. अर्ब | ४९४.६ | ९०३.१ | १०४२.७ | १२१२.४ | ,, | ,, | |
| चालु खर्च | ,, | ३७१.३ | ६१८.८ | ६८५.१ | ७५१.४ | ,, | ,, | |
| पुँजीगत खर्च | ,, | १२३.३ | २८४.३ | ३५७.६ | ४६१.१ | ,, | ,, | • आयोजना व्यवस्थापनमा उल्लेख्य सुधार भएमा |
| वित्तीय व्यवस्था | ,, | ३९.२ | २०९.६ | २४९.७ | २५५.९ | ,, | ,, | |
| कुल ऋण | ,, | १३१.५ | ३४७.६ | ४१४.९ | ४७१.५ | ,, | ,, | |
| आन्तरिक ऋण | ,, | ८७.८ | १२३.५ | १६६.१ | १९०.५ | ,, | ,, | |
| बाह्य ऋण | ,, | ४३.८ | २२४.१ | २४८.८ | २८१.० | ,, | ,, | |
| लगानी | ,, | ५६२.० | ७१६.४ | ९०३.९ | ११८३.४ | राष्ट्रिय | के.त.वि./ | |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| | | | | | | लेखा | ने.रा.बै. | |
| सरकारी | ,, | १३२.६ | २७५.२ | ३५७.६ | ४७१.५ | ,, | ,, | |
| निजी | ,, | ४२९.४ | ३९६.६ | ४९३.० | ६४४.४ | ,, | ,, | • निजी क्षेत्रको लगानी प्रक्षेपण अनुमान अनुरूप लगानी भएमा |
| सहकारी | ,, | | ४४.५ | ५३.३ | ६७.५ | ,, | ,, | • सहकारी क्षेत्रको लगानी प्रक्षेपण अनुमान अनुरूप लगानी भएमा |
| **कार्यक्रम तथा आयोजना** | | योजनाको नीतिगत शीर्षकमा समावेश रहेको । | | | | | | |

## ९.४.२ उद्योग, पर्यटन र सेवा क्षेत्रको विकास

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| **प्रभाव**<br>कुल गार्हस्थ्य उत्पादनमा योगदान<br>(क) उद्योग<br>(ख) पर्यटन | <br><br>प्रतिशत<br>,, | <br><br>५.५<br>२.६ | <br><br>५.६<br>३ | <br><br>५.५<br>३.५ | <br><br>५.४<br>४ | राष्ट्रिय लेखा र व्य.सू.प्र. | उ.म. सं.प.ना.उ.म. | |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| **असर**<br>**उद्योग**<br>औद्योगिक लगानीमा वार्षिक वृद्धि | प्रतिशत | १५.६९ | १३.८ | ७.११ | ८.२ | ,, | ,, | |
| उत्पादनमूलक उद्योग क्षेत्रमा निजी क्षेत्रको लगानी | रु. करोडमा | १३४०७४ | २३९०० | २५६०० | २७७०० | वार्षिक प्रकाशन | उद्योग म. | • लगानी वातावरण सकारात्मक भएमा |
| निर्यातमा औद्योगिक उत्पादनको अंश | प्रतिशत | ३५ | ३६ | ३८ | ४० | व्य.सू.प्र. | उद्योग म. | |
| उद्योग क्षेत्रमा रोजगारीको सिर्जना (ठूला, मझौला, साना, घरेलु र लघु उद्योग) | सङ्ख्या (हजारमा) | ३१९७ | १६८ | १७४ | १८१ | ,, | ,, | |
| **पर्यटन**<br>विदेशी मुद्रा आर्जन | अमेरिकी डलर लाखमा | ४९७८ | ५९४० | ८००४ | १०८०० | राष्ट्रिय लेखा र व्य.सू.प्र. | सं.प..ना. उ.म. | • निजी क्षेत्रको सहभागिता रहेमा |
| पर्यटक आगमन | जना (लाखमा) | ७.१ | ८ | १० | १२ | व्य.सू.प्र. | सं.प..ना. उ.म. | ,, |
| प्रति पर्यटक बसाई अवधि | दिन | १२.४ | १३.५ | १४ | १५ | ,, | ,, | ,, |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| प्रति पर्यटक प्रतिदिन खर्च | अमेरिकी डलर | ५३ | ५५ | ५८ | ६० | ,, | ,, | ,, |
| रोजगारी सिर्जना | जना (हजारमा) | ९० | २५ | ४० | ४५ | ,, /आ. सर्वेक्षण | ,, | ,, |
| **प्रतिफल** | | | | | | | | |
| **उद्योग** | | | | | | | | |
| ठूला उद्योग दर्ता | सङ्ख्या | ८५५ | ८५ | ९० | १०० | व्य.सू.प्र. | उद्योग मं. | • श्रम सम्वन्धमा समस्या नआएमा<br>• ऐन कानुन समयमै स्वीकृत भएमा |
| मझौला उद्योग दर्ता | ,, | १४८१ | ८५ | ९० | १०० | ,, | ,, | ,, |
| घरेलु तथा साना उद्योग दर्ता | सङ्ख्या (हजारमा) | २७० | २० | २० | २० | ,, | ,, | ,, |
| लघु उद्यमीको स्तरोन्नति | ,, | १८ | १७ | १९ | २१ | ,, | ,, | |
| लघु उद्यमी सिर्जना | ,, | १०३ | १९ | २१ | २३ | ,, | ,, | |
| सिमेन्ट उद्योगको लागि पहुँचमार्ग निर्माण | कि.मि. | ४५६.८ | ७५ | ७५ | ७५ | ,, | भौ.पू.या. म. | • पूर्वाधार निर्माण अनुमानित समय |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| | | | | | | | | र लागतमै सम्पन्न भएमा |
| खानी अन्वेषणको क्षेत्रफल | व.कि.मि. | ४१६०० | २५ | २५ | २५ | ,, | उद्योग म. | • उपकरण खरिद तथा जनशक्तिको पूर्तिमा समस्या नआएमा |
| खनिज अन्वेषणात्मक ड्रिलिङ्ग | मिटर | १४३५ | ६०० | २५० | १५० | ,, | ,, | |
| खनिज अन्वेषणात्मक सर्वे | हेक्टर | १५०० | ३०० | ३५० | ४०० | ,, | ,, | |
| गुणस्तर प्रयोगशाला स्थापना र सञ्चालन | सङ्ख्या | ५ | १ | २ | २ | ,, | ,, | |
| कम्पनी दर्ताको डिजिटाइजेशन | सङ्ख्या (हजारमा) | १५३ | १६ | १८ | २० | ,, | ,, | |
| उद्योग दर्ताको डिजिटाइजेशन | ,, | ६५ | २३ | २५ | २५ | ,, | गु.तथा ना.तौ.वि. | • उपभोक्ता सचेतना अभिवृद्धि भएमा |
| नेपाल गुणस्तर निर्धारण | सङ्ख्या | ८८० | ४० | ४० | ४० | ,, | ,, | |
| नेपाल गुणस्तर प्रमाण चिन्ह इजाजत | ,, | २७१ | २५ | २५ | २५ | ,, | ,, | |
| विशेष आर्थिक क्षेत्र विस्तार | ,, | १ | - | १ | २ | ,, | वि.आ.वि.स | |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| औद्योगिक क्षेत्र विस्तार | ,, | ११ | - | १ | १ | ,, | औ.क्षे.व्य.लि | |
| **पर्यटन** | | | | | | ,, | | |
| वर्षैभरि सञ्चालन हुने विमानस्थल | ,, | २२ | २५ | २७ | ३० | ,, | सं.प..ना. उ.म. | |
| नेपाल आउने अन्तर्राष्ट्रिय विमान सेवा | सङ्ख्या | २६ | २७ | २९ | ३१ | ,, | ,, | |
| पर्यटन स्तरको होटल र बेड सङ्ख्यामा थप वृद्धि | होटल सङ्ख्या<br>५ तारे<br>१-४ तारे<br>अन्य | १०६७ | ७३ | ६६ | ८२ | ,, | ,, | • निजी क्षेत्रको लगानी निरन्तर वृद्धि भएमा |
| होमस्टेको सङ्ख्या र क्षमता | सङ्ख्या | | | | | ,, | ,, | • होमस्टे सञ्चालनमा स्थानीय सहभागिता रहेमा |
| पर्यटन क्षेत्रमा उत्पादित दक्ष जनशक्ति | सङ्ख्या (हजारमा) | १० | | १ | २ | ,, | ,, | |
| निर्मित नयाँ पदमार्गको लम्बाइ (ग्रेट हिमालयन ट्रेलसमेत) | कि.मि. | १०० | १५ | १५ | २० | ,, | ,, | |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| स्तरोन्नति/नवनिर्माण भएका पर्यटकीय सम्पदा | सङ्ख्या | ९५७ | ५८ | ५० | ६० | ,, | ,, | |
| **कार्यक्रम तथा आयोजना** | योजनाको नीतिगत शीर्षकहरुमा समावेश रहेको । | | | | | | | |

## ९.४.३ कृषि उत्पादन वृद्धि र खाद्य सुरक्षा

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| **प्रभाव**<br>कृषि क्षेत्रको वृद्धि दर | प्रतिशत | १.४ | ४.५ | ४.७ | ४.९ | राष्ट्रिय लेखा | के.त.वि. | |
| कुल गार्हस्थ्य उत्पादनमा योगदान (कृषि क्षेत्र) | प्रतिशत | ३१.७ | ३१.१ | ३०.४ | २९.५ | ,, | ,, | |
| कुल गार्हस्थ्य उत्पादनमा योगदान (सहकारी क्षेत्र) | प्रतिशत | | | | | ,, | ,, | |
| **असर**<br>**कृषि** | | | | | | | | |
| प्रत्यक्ष रोजगारी | जना | १०० | २५ | ३३ | ३३ | व्य.सु.प्र. | कृ.वि.म. | |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| | (हजारमा) | | | | | | | |
| खाद्यवस्तु उत्पादन | | | | | | | | |
| धन | हजार मे.टन | ४२९९ | ४९५० | ५१९८ | ५५६१ | ,, | कृ.वि.म., वा.म. | • सिँचाइको सहज व्यवस्थापन भएमा<br>• मौसम अनुकुल भएमा |
| गहुँ | ,, | १५७० | १९७५ | २०७४ | २२१९ | ,, | ,, | • सिँचाइको सहज व्यवस्थापन भएमा |
| मकै | ,, | २२३१ | २४०० | २५२० | २६९६ | ,, | ,, | ,, |
| आलु | ,, | २८५० | ३००० | ३१०० | ३२५० | ,, | ,, | ,, |
| तेलहन | ,, | २२५ | २१० | २२१ | २३६ | ,, | ,, | ,, |
| दलहन | ,, | ३६० | ३९० | ४१० | ४३८ | ,, | ,, | ,, |
| उखु | ,, | ३७५० | ३६०० | ३५०० | ३४०० | ,, | ,, | ,, |
| फलफूल | ,, | १०९६ | १२११ | १३३९ | १४८० | ,, | ,, | ,, |
| तरकारी | ,, | ३५८० | ३७०० | ३८०० | ४००० | ,, | ,, | ,, |
| चिया | ,, | २३.१८ | २६ | २७ | ३० | ,, | ,, | ,, |
| माछा | ,, | ७७.६७ | ८७.६ | ९५ | १०३ | ,, | ,, | ,, |
| खाद्य सुरक्षा तथा पोषण | | | | | | | | |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| प्रतिव्यक्ति प्रतिवर्ष कृषिजन्य वस्तुको उपलब्धता | | | | | | | | |
| खाद्यान्न | के.जी. | ३०२ | ३२३ | ३४७ | ३७६ | प्रगति प्रतिवेदनहरू सर्वेक्षण प्रतिवेदनहरू | कृ.वि.म./ प.वि.म. | •रासायनिक मलको सहज आपूर्ति र वितरण संयन्त्र सुदृढ भएमा<br>•पशुपन्छी रोगको अस्वाभाविक प्रकोप नदेखिएमा |
| दलहन | ,, | १२.३८ | १२.५७ | १२.७६ | १३.१५ | ,, | ,, | ,, |
| आलु | ,, | ८२.१ | ८६.९ | ८८.७ | ८९.२ | ,, | ,, | ,, |
| तरकारी | ,, | १०९.६ | ११०.४ | ११०.७ | ११२.५ | ,, | ,, | ,, |
| फलफूल | ,, | ३६.१ | ३८.२ | ४० | ४२ | ,, | ,, | ,, |
| तेल | लिटर | २.९४ | ३.०५ | ३.१८ | ३.३६ | ,, | ,, | ,, |
| दूध | ,, | ६६.७ | ७३.३२ | ८१.७८ | ९१.१७ | ,, | ,, | ,, |
| माछा | के.जी. | २.७५ | २.९३ | ३.१ | ३.२६ | ,, | ,, | ,, |
| मासु | ,, | ११.७ | १२.४२ | १३.५ | १४.६६ | ,, | ,, | ,, |
| अन्डा | गोटा | ४४.४ | ४८.७४ | ५१.६५ | ५५.१८ | ,, | ,, | ,, |
| कृषि क्षेत्रमा लागेका प्रति श्रमिकको वार्षिक | अमेरिकी डलरमा | ७९४ | ८३१ | ८६८ | ९०५ | कृषि विकास | कृ.वि.म. | •कृषि विकास रणनीतिले प्रक्षेपण गरे अनुसार पर्याप्त |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| उत्पादकत्व | | | | | | रणनीति प्रगति प्रतिवेदन, सर्वेक्षण प्रतिवेदनहरू | | बजेट विनियोजन भएमा<br>• ग्रामीण विद्युतीकरण लगायत सिँचाइ र कृषि सडक लगायत आवश्यक पूर्वाधारहरु विकास भएमा |
| खाद्यजनित गरिबी | प्रतिशत | २४ | २२.४ | २०.८ | १९ | ,, | ,, | ,, |
| ५ वर्षमुनिका कम तौल भएका बालबालिकाहरुको सङ्ख्या | ,, | ३०.१ | २८.० | २६.५ | २४ | जनसंख्यिक स्वास्थ्य सर्वेक्षण प्रतिवेदनहरू | कृ.वि.म./ स्वा.म. | ,, |
| **सहकारी**<br>प्रत्यक्ष रोजगारी | सङ्ख्या (हजारमा) | ६१ | २८ | ३२ | ३३ | व्य.सू.प्र. | स.ग.नि.म. | |
| सहकारी सङ्घसंस्थाको कुल बचत | रु.अर्बमा | २१० | २१५ | २२० | २२५ | ,, | ,, | |
| सहकारी सङ्घसंस्थाको ऋण लगानी | ,, | १८५ | २०० | २२० | २४५ | ,, | ,, | |
| सहकारी सङ्घसंस्थाको सेयर पुँजी | रु.अर्बमा | ६५ | ७० | ७५ | ८० | ,, | ,, | |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| **सिँचाइ**<br>रोजगारी सिर्जना | जना (हजारमा) | | ९००० | १०८०० | १३००० | ,, | सि.म. | |
| कृषियोग्य भूमिमध्ये सिञ्चित क्षेत्रफल | हेक्टर | १३९२१७७ | ४८०८५ | ५५५३० | ५६८८० | ,, | ,, | |
| **पशुपन्छी**<br>रोजगारी सिर्जना | सङ्ख्या (हजारमा) | २९ | ५० | ८० | १०० | ,, | प.वि.म. | |
| दूध | मे.टन (हजारमा) | १८५४ | २०३१ | २२९६ | २५९४ | ,, | ,, | •धूलो दूधको आयात र त्यसको मूल्य असरयुक्त किसिमले परिवर्तन नभएमा<br>•दूध, मासु र अन्डा उत्पादन गर्ने पशुपन्छीका रोगको अस्वाभाविक प्रकोप नदेखिएमा |
| मासु | मे.टन (हजारमा) | ३१८ | ३४४ | ३७९ | ४१७ | ,, | ,, | |
| अन्डा | गोटा (करोडमा) | १२० | १३५ | १४५ | १५७ | ,, | ,, | |
| कृत्रिम गर्भाधान (नस्ल सुधारको लागि) | सङ्ख्या (हजारमा) | ४९१ | ५०० | ६०० | ७०० | ,, | ,, | •विद्यमान गर्भधारण दर र तरल नाइट्रोजनको पर्याप्ततामा कमी नआएमा |
| पशुपन्छी पालनमा संलग्न कुल सक्रिय | सङ्ख्या | १८७६२ | १९००० | १९५०० | २०००० | ,, | ,, | •समूहगत रूपमा कार्य गर्ने प्रवृत्तिमा कमी नआएमा |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| कृषक समूह | | | | | | | | |
| सुधार गरिएको स्वस्थ मासु पसल | ,, | ७४१ | ८१५ | ८९६ | ९८६ | ,, | ,, | •स्थानीय निकाय तथा प.वि.म.को नियमन भूमिका वृद्धि भएमा<br>•स्वस्थ मासुसम्बन्धी चेतनामा वृद्धि भएमा |
| पशुपन्छीको खोप उत्पादन | सङ्ख्या लाखमा | २५८ | २७५ | ३०३ | ३३३ | ,, | ,, | •खोप उत्पादनको प्रस्तावित पूर्वाधार विकास समयमै सम्पन्न भएमा |
| पशुपन्छीमा खोप सेवा | ,, | ४३.१२ | ५० | ५५ | ६० | | | •आवश्यक खोप उपलब्ध भएमा |
| पशुपन्छीको उपचार सेवा | ,, | २६.१ | २८ | ३० | ३५ | ,, | ,, | •विरामी पशुपन्छीको उपचार बारेमा रिपोटिङ गरेमा |
| वार्षिक घाँसको बिउ उत्पादन | मे.टन | ३७५ | ४६८ | ५७१ | ६८५ | ,, | ,, | •घाँस लगाउने क्षेत्रको उपलब्धतामा कमी नआएमा |
| **प्रतिफल** | | | | | | | | |
| **कृषि अनुसन्धान** | | | | | | | | |
| स्रोत बिउ उत्पादन | मे.टन | १२२० | १५५० | १७०० | १८५० | ,, | ,, | •मौसम अनुकूल भएमा |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| परिमाण | | | | | | | | |
| बिउ बिजन/उन्नत जात | | | | | | | | |
| मलखाद (रासायनिक/अर्गानिक) | मे.टन (हजारमा) | २५८.९ | ३५० | ५०० | ६५० | सर्वेक्षण प्रतिवेदनहरू | ,, | • चालु आ.व.को अनुपातमा बजेट विनियोजन भएमा |
| साना सिँचाइ | हेक्टर | २९६९ | ४२७२ | ५०२२ | ७०२२ | ,, | ,, | ,, |
| खाद्य प्रयोगशालाको प्रत्यानन (Accreditation) को दायरा | किसिम | २७ | २७ | २९ | ३० | | | |
| शीतघर | सङ्ख्या | ७ | १० | १२ | १४ | | | |
| **सहकारी**<br>सहकारी सङ्घ/संस्था | ,, | ३२६६३ | १००० | १००० | १००० | प्राथमिक, द्वितीय | मन्त्रालय/विभाग/ डि.स.का. | |
| सहकारी सङ्घ/संस्थाको कुल सदस्यता | सङ्ख्या (लाखमा) | ५२ | १ | १ | १ | ,, | ,, | |
| सहकारी सङ्घ/संस्थाको सेयर पुँजी | रू. अर्बमा | ६३ | ०.५ | १ | १.५ | ,, | ,, | |
| सहकारी सदस्यलाई ऋण प्रवाह | ,, | १८५ | १० | १२ | १४ | ,, | ,, | |
| सहकारी खेती योजना | सङ्ख्या | ३० | ५ | १० | १५ | ,, | ,, | |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| (चक्लाबन्दी समेत) | | | | | | | | |
| सहकारी साना तथा मझौला उद्योग सञ्चालन | ,, | २१ | १०० | १५० | २०० | ,, | ,, | |
| महिला सदस्य सहभागिता | प्रतिशत | ४५.९७ | ४८ | ४९ | ५० | ,, | ,, | |
| महिलाद्वारा सञ्चालन गरिएको सहकारी संस्था | सङ्ख्या | ४०११ | | | | ,, | ,, | |
| खुद बचत (नाफा)मा सञ्चालित सङ्घ संस्थाको अनुपात | अनुपात | ७५ | ८० | ८५ | ९० | ,, | ,, | |
| **सिँचाइ**<br>**सिञ्चित क्षेत्रफल विस्तार**<br>सतह सिँचाइ आयोजनाहरुबाट सिञ्चित क्षेत्रफल विस्तार | हेक्टर | ७४०६५९ | ६१५५ | ८६१० | १०९८० | ,, | सि.म. | • उपयुक्त प्रविधिको उपयोग र जग्गा प्राप्तिमा सहजता भएमा |
| भूमिगत सिँचाइ | ,, | ४०८०९३ | ३७७३० | ४२६७० | ४१७०० | ,, | ,, | ,, |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| आयोजनाहरुबाट सिंचित क्षेत्रफल विस्तार | | | | | | | | |
| नयाँ प्रविधि सिँचाइ कार्यक्रमबाट सिञ्चित क्षेत्रफल विस्तार | ,, | ५९०० | ४२०० | ४२५० | ४२०० | ,, | ,, | ,, |
| **मर्मतसम्भारबाट हुने सिञ्चित क्षेत्रफल-** सरकार व्यवस्थित | हेक्टर | ३२४६०० | ३२४६०० | ३२४६०० | ३२४६०० | ,, | ,, | आवश्यक बजेट र किसानको सहभागिता भएमा |
| - कृषक व्यवस्थित | ,, | २३७५२५ | २१३०० | १७४०० | १६२०० | ,, | ,, | ,, |
| - डिप ट्युवेल | ,, | | ९५० | १४०० | ८०० | ,, | ,, | ,, |
| **कार्यक्रम तथा आयोजना** | योजनाको नीतिगत शीर्षकहरूमा समावेश भएको | | | | | | | |

## ९.४.४ प्राकृतिक स्रोत व्यवस्थापन र वातावरण

| नतिजा सूचकहरू | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| **प्रभाव** कुल गार्हस्थ्य उत्पादनमा वन क्षेत्रको योगदान | प्रतिशत | | | | | राष्ट्रिय लेखा | के.त.वि. | |

| नतिजा सूचकहरू | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| **<u>असर</u>**<br>**<u>वन तथा भू संरक्षण</u>**<br>रोजगारी सिर्जना | श्रम दिन (हजारमा) | ३७० | ३९० | ४०० | ४१० | व्य.सू.प्र. | व.भू.सं.म. | |
| वन क्षेत्रले ओगटेको क्षेत्र | प्रतिशत | ४४.७ | ४४.७ | ४४.७ | ४४.७ | सर्वेक्षण/व्य.सू.प्र. | ,, | |
| सघन वनले ओगटेको क्षेत्र | ,, | ४०.३६ | ४०.३६ | ४०.३६ | ४०.३६ | ,, | ,, | |
| संरक्षित क्षेत्रले ओगटेको क्षेत्र | ,, | २३.३२ | २३.३२ | २३.३२ | २३.३२ | ,, | ,, | |
| वन क्षेत्रबाट अनुमानित राजस्व रकम | रु. अर्ब | ०.९२ | १.२५ | २ | २.५ | ,, | ,, | |
| संरक्षणको योजनामा रहेका जीवका प्रजातिको सङ्ख्या | सङ्ख्या | १० | ६ | ८ | ९ | ,, | ,, | • बजेटको सुनिश्चितता भएमा |
| संरक्षणको योजनामा रहेका वनस्पतिका प्रजातिको सङ्ख्या | ,, | ३ | ५ | ५ | ५ | ,, | ,, | ,, |

| नतिजा सूचकहरू | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| **भूमिसुधार तथा व्यवस्था**<br>रोजगारी सिर्जना | श्रम दिन (हजारमा) | | ५८ | २२ | १८ | मु.क.,ह.का. | भू.सु.व्य.म. | |
| **प्रतिफल**<br>**वन तथा भू-संरक्षण**<br>भूकम्पबाट ध्वस्त संरचना पुनर्निर्माण | गोटा | - | ३१ | ८५ | ८४ | ,, | ,, | |
| समुदायमा आधारित वन व्यवस्थापनका लागि समूह गठन तथा वन हस्तान्तरण | ,, | ३०८ | ५७९ | ५०० | ५०० | ,, | व.भू.सं.म. | • समूहहरू वन व्यवस्थापनमा निरन्तर सहभागी भएमा |
| बिरुवा उत्पादन | गोटा (हजारमा) | १०४५४ | १६२६० | १५००० | १५००० | ,, | ,, | • मौसम प्रतिकूल नभएमा |
| वन क्षेत्रको अतिक्रमण हटाइएको क्षेत्रफल | हेक्टर | १६८० | १६२० | २००० | ३००० | ,, | ,, | • अतिक्रमण हटाउने प्रतिवद्धता भएमा<br>• वन क्षेत्रमा सुकुम्वासी नराख्ने नीति अवलम्बन भएमा |

| नतिजा सूचकहरू | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| वन उद्यमको विकास तथा प्रवर्द्धन सहयोग | गोटा | २३ | २५ | ३५ | ४० | ,, | ,, | • लगानीमैत्री नीति लागु भएमा |
| संरक्षित वन क्षेत्र | ,, | १२ | १ | १ | - | ,, | ,, | |
| जोखिममा परेका प्रजातिको संरक्षण तथा व्यवस्थापन | प्रजाति | ५ | ३ | ३ | ४ | ,, | ,, | • स्थानीय जनताको सहभागिता निरन्तर रहेमा |
| जडीबुटी/गैरकाष्ठ वन पैदावार पकेट विशेष क्षेत्र प्रवर्द्धन | ,, | १५ | १२ | १५ | १५ | ,, | ,, | ,, |
| पानी मुहान, पोखरी संरक्षण र सिमसार क्षेत्र व्यवस्थापन | गोटा | ४८४ | ३०० | ४०० | ४०० | ,, | ,, | |
| पहिरो व्यवस्थापन | ,, | ६१२ | २८० | ८०० | १०२० | | | ,, |
| रेडको परीक्षणको रूपमा कार्यान्वयन | जिल्ला | - | १२ | १२ | १२ | ,, | ,, | • बहुसरोकारवालाबीच समन्वय भएमा |
| तल्लो तटीय नदी क्षेत्रमा रिभेटमेन्ट तथा तटबन्ध निर्माण | कि.मि. | २२७ | २७ | ३० | ३५ | ,, | ,, | • बजेटको सुनिश्चितता भएमा |

| नतिजा सूचकहरू | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| वृक्षरोपण गरिएको क्षेत्रफल | हेक्टर | ३६०० | ४००० | ४००० | ४००० | ,, | ,, | • वृक्षरोपणमा जनसहभागिता जुटेमा |
| समुदायबाट व्यवस्थित वनको क्षेत्रफल | हेक्टर | २१८९४८ | ३५००० | ३०००० | ३०००० | ,, | ,, | • वन व्यवस्थापनमा जनसहभागिता जुटेमा |
| काठको उत्पादन (लाखमा) | घन फिट (लाखमा) | ११ | २५ | ३० | ४० | ,, | ,, | • समुदाय र स्थानीय निकायको सकारात्मक सहयोग भएमा |
| दाउरा उत्पादन | चट्टा सङ्ख्या | १५०० | ३००० | ३५०० | ४००० | ,, | ,, | |
| **भूमि व्यवस्था**<br>मुक्त कमैया परिवारको पुनर्स्थापना ( सट्टाभर्नासमेत) | सङ्ख्या | २६५६३ | १९४० | १९४० | - | ,, | भू.सु.व्य.मं. | • स्थानीय जनसमुदाय तथा निकायबाट सहयोग भएमा |
| तालिम प्राप्त गर्ने मुक्त कमैया | जना | १९५३१ | १८० | १८० | - | ,, | ,, | • मुक्त कमैयाहरूको सहभागिता भएमा |
| मुक्त हलियाका लागि जग्गा खरिद अनुदान | परिवार सङ्ख्या | ३८१ | ३५७ | ९०० | ७४३ | ,, | ,, | • मुक्त हलियाको सहभागिता भएमा |
| मुक्त हलियाका लागि घर निर्माण अनुदान | परिवार सङ्ख्या | ३२८ | ५२१ | १८०० | २५७९ | ,, | ,, | |
| मुक्त हलियाका लागि | परिवार | ५६८ | ११९०० | १७२८ | ५००० | ,, | ,, | |

| नतिजा सूचकहरू | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| घर मर्मत अनुदान | सङ्ख्या | | | | | | | |
| भू-अभिलेख सूचना व्यवस्थापन प्रणालीबाट जग्गा प्रशासनसम्बन्धी अनलाईन सेवा प्रवाह विस्तार | कार्यालय | ६ | १० | ३० | ३३ | ,, | ,, | • बजारमा सेवा परामर्शको उपलब्धता भएमा |
| नाप नक्सा तथा भूमि व्यवस्थापनमा तालिम प्राप्तकर्मचारी (भू.व्य.प्र.के.बाट) | जना | ४२२४ | २५० | २५० | २५० | ,, | ,, | |
| मालपोत कार्यालयमा कम्प्युटर प्रविष्ट डाटाको परीक्षण | क्षेत्र एवम् जिल्ला | १६ | ४८ | १६ | १६ | ,, | ,, | |
| भवन निर्माण (मालपोत कार्यालयहरु) | सङ्ख्या | | ४ | १० | १० | प्रगति प्रतिवेदन | मा.पो.का. | |
| अनलाइन सेवा विस्तार | सङ्ख्या | | १० | ३० | ३५ | ,, | भू.सु.व्य.वि. | ,, |
| भवन निर्माण (नापी विभाग) | सङ्ख्या | | १० | १० | १० | ,, | नापी कार्यालयहरु | ,, |

| नतिजा सूचकहरू | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| नाप नक्सा तयार (गाउँ ब्लक) | हेक्टर | | २००० | २००० | - | ,, | नापी कार्यालयहरु | ,, |
| ३. वातावरण तथा जलवायु परिवर्तन<br>वातावरणीय प्रभाव मूल्याङ्कन भएका आयोजनाहरुको परीक्षण | आयोजना सङ्ख्या | २५९ | ३० | ३५ | ४० | ,, | ज.वा.म. | • प्राप्त प्रस्ताव स्तरीय र कानुन बमोजिम भएमा |
| जडित स्वचालित जलमापन केन्द्र | सङ्ख्या | १५ | २५ | २५ | २० | ,, | ,, | • आवश्यक सामग्री र जनशक्ति उपलब्ध भएमा |
| मौसमी राडार स्थापना | सङ्ख्या | - | १ | १ | १ | ,, | ,, | ,, |
| **कार्यक्रम तथा आयोजना** | योजना सम्बन्धित नीतिगत शीर्षकहरूमा समावेश भएको । | | | | | | | |

## ९.४.५ व्यापार र आपूर्ति व्यवस्थापन

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| **प्रभाव** | | | | | | | | |
| कुल गार्हस्थ्य उत्पादनमा वाणिज्य | प्रतिशत | १४.२ | १४.३ | १४.४ | १४.५ | राष्ट्रिय | के.त.वि. | |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| क्षेत्रको योगदान | | | | | | लेखा | | |
| कुल गार्हस्थ्य उत्पादन अनुपातमा व्यापार घाटा | प्रतिशत | ३१.३ | ३२ | ३१ | ३० | व्य.सू.प्र. | वा.म. | |
| **असर** **वाणिज्य** | | | | | | | | |
| रोजगारी सिर्जना | जना (हजारमा) | १३८२ | ४९ | ४९ | ५० | ,, | ,, | |
| वस्तुको निर्यात/आयात अनुपात | अनुपात | १:११ | १:१०.१ | १:१०.१ | १:९.९ | ,, | ,, | |
| कुल गार्हस्थ्य उत्पादन वस्तु निकासी अनुपात | प्रतिशत | ३.१२ | ३.५ | ३.४ | ३.४ | ,, | ,, | |
| कुल गार्हस्थ्य उत्पादनमा वस्तु र सेवा निकासी अनुपात | प्रतिशत | ६ | ८ | १० | १२ | ,, | ,, | |
| व्यापार घाटा रकम | रु. अर्बमा | ७१० | १००१ | १११२ | १२५१ | | | |
| वस्तुको आयात | रु. अर्बमा | ७८१ | ९११ | १०१२ | ११३६ | ,, | ,, | |
| वस्तुको निर्यात | रु. अर्बमा | ७० | ९० | १०० | ११५ | ,, | ,, | |
| **प्रतिफल** | | | | | | | | |
| **वाणिज्य** | | | | | | | | |
| वाणिज्य क्षेत्रमा निजी क्षेत्रको | रु.करोडम | १३९५१ | १००२ | १००३ | १००५ | व्य.सू.प्र. | वा.म. | |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| लगानी | I | | | | | | | |
| वाणिज्य फर्म सङ्ख्या | (हजारमा) | ४६२ | २२ | २२ | २२ | ,, | ,, | |
| गुणस्तर परीक्षण प्रयोगशालाहरू स्थापना र सञ्चालन | ओटा | ५ | ६ | ७ | ८ | ,, | ,, | |
| नेपाल व्यापार एकीकृत रणनीतिले पहिचान गरेका वस्तुहरूको निर्यात | रु. अर्बमा | २० | २५ | ३० | ३५ | | | |
| अलैंची सुकाउन आधुनिक ड्रायरको निर्माण | ओटा | ४५ | ७० | १०० | १५० | ,, | ,, | |
| <u>आपूर्ति</u><br>२२ दुर्गम जिल्लामा खाद्यान्न ढुवानी | मे.टन (हजारमा) | १५ | १५.६ | १८ | १९ | ,, | आ.म. | • ढुवानीमा व्यवधान नआएमा |
| राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा खाद्यान्न भण्डार | मे.टन (हजारमा) | २५ | २५ | २५ | २५ | ,, | ,, | • बाह्य वातावरणीय प्रभाव खाद्यान्न भण्डारणमा नपरेमा |
| सार्क खाद्य सुरक्षा बैङ्कमा खाद्यान्न मौज्दात | ,, | ८ | ८ | ८ | ८ | ,, | ,, | ,, |
| दुर्गम जिल्लाहरूमा आयोडिनयुक्त नून ढुवानी | ,, | ७२१६९ | ९४२५६ | ९४२५६ | ९४२५६ | ,, | ,, | ,, |
| पेट्रोलियम पदार्थ भण्डारण क्षमता | दिन | १५ | ३० | ६० | ९० | ,, | ,, | |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| बजार अनुगमन | पटक | ४००० | ५७१० | ६५०० | ७००० | ,, | ,, | |
| **कार्यक्रम तथा आयोजना** | योजना सम्बन्धित शीर्षकहरूमा समावेश भएको । | | | | | | | |

## ९.४.६ सामाजिक तथा मानव विकास

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| **प्रभाव**<br>मानव विकास सूचकांक | सूचकाङ्क | ०.५४० | | | ०.५७ | | | |
| मानव सम्पत्ति सूचकांक | ,, | ६८.७ | | | | | | |
| अपेक्षित आयु वर्ष | वर्ष | ६९ | ७० | ७१ | ७२ | | | |
| प्रौढ साक्षरता दर | प्रतिशत | ८० | ८१ | ८२ | ८३ | के.त.वि., फ्लास प्रतिवेदन | | |
| **असर**<br>**शिक्षा**<br>१५ देखि २४ वर्ष उमेरसम्मको साक्षरता दर | ,, | ८८.६ | ८९ | ९० | ९२ | राष्ट्रिय जनगणना | शि.वि., अ. शि. के. | • नियमित तथ्याङ्क उपलब्ध भएमा |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| कक्षा एकमा बाल विकासको अनुभवसहित भर्ना हुन आउने बालबालिकाको दर | ,, | ६२.४ | ६७ | ७२ | ७८ | | | • अभिभावकको चेतनास्तर र सहयोग रहेमा |
| खुद भर्ना दर | | | | | | | | |
| (कक्षा १-५) | ,, | ९६.६ | ९७ | ९८ | ९८.५ | फ्लास प्रतिवेदन | शि.मं. शि.वि. | • स्थानीय निकाय, निजी तथा अन्य क्षेत्रको सहभागिता र विकास सहयोग निरन्तर रहेमा |
| (कक्षा १-८) | ,, | ८९.४ | ९१ | ९२.५ | ९४ | ,, | ,, | ,, |
| (कक्षा ९-१२) | ,, | ३७.७ | ४० | ४२ | ४५ | ,, | ,, | ,, |
| उच्च शिक्षामा सहजै देखिने कुल भर्नादर | ,, | १७.१ | १७.५ | १८ | २० | ,, | ,, | ,, |
| कक्षा ८ सम्मको टिकाउदर | ,, | ६९.७ | ७२.५ | ७६ | ८० | ,, | ,, | ,, |
| कक्षा १० सम्मको टिकाउदर | प्रतिशत | ३७.९ | ४१ | ४५ | ५० | ,, | ,, | ,, |
| विद्यालय छाड्ने दर | | | | | | ,, | ,, | ,, |
| (कक्षा १-५) | ,, | ३.९ | ३.४ | ३ | २.५ | ,, | ,, | ,, |
| (कक्षा ६-८) | ,, | ४.५ | ४.२ | ३.८ | ३.५ | ,, | ,, | ,, |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| (कक्षा ९-१०) | ,, | ४.९ | ४.५ | ४.२ | ३.६ | ,, | ,, | ,, |
| लैङ्गिक समता दर | | | | | | ,, | ,, | ,, |
| विद्यालय शिक्षा | अनुपात | ०.९९ | १.०० | १.०० | १.०० | ,, | ,, | • सबै शिक्षण संस्थाबाट छात्रा भर्नाको निरन्तर प्रयास रहेमा |
| उच्च शिक्षा | ,, | १.०५ | १.०० | १.०० | १.०० | ,, | ,, | ,, |
| प्रत्यक्ष रोजगारी सिर्जना | सङ्ख्या (हजारमा) | | १५ | १८ | २० | ,, | ,, | |
| **स्वास्थ्य** मातृ मृत्युदर (प्रति लाख जीवित जन्म) | जना | २५८ | १५१ | १४८ | १४५ | ने.ज.स्वा.स. | स्वा.म. | • विकासका साझेदारहरूको सहयोग रहेमा |
| ५ वर्ष मुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्म) | ,, | ३८ | ३८ | ३४ | ३० | ,, | ,, | ,, |
| नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्म) | ,, | २३ | २३ | २१ | २० | ,, | ,, | ,, |
| कुल प्रजनन दर | प्रतिशत | २.३ | २.३ | २.२ | २.१ | ,, | ,, | ,, |
| ५ वर्षमुनिका बाल | ,, | ३७ | ३६ | ३४ | ३२ | ,, | ,, | ,, |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| बालिकामा भएको पुड्कोपना | | | | | | | | |
| क्षयरोगको अनुमानित सङ्ख्याको आधारमा रोग निदान भएको दर | प्रतिशत | ८१ | ८५ | ८६ | ८७ | व्य.सू.प्र. | स्वा.म. | |
| पहिचान भएका क्षयरोगीमध्ये उपचारको सफलता | प्रतिशत | ९० | ९० | ९० | ९० | ,, | ,, | |
| प्रत्यक्ष रोजगारी | सङ्ख्या (हजारमा) | - | - | - | - | ,, | ,, | |
| **खानेपानी तथा सरसफाइ** | | | | | | ,, | ,, | |
| आधारभूत खानेपानी सेवाबाट लाभान्वित जनसङ्ख्या | प्रतिशत | ८३.६ | ८६ | ८८ | ९० | ,, | ,, | • स्थानीय सहभागिता र मुहान विवाद नपरेमा |
| उच्च/मध्यमस्तर खानेपानी सुविधाबाट लाभान्वित जनसङ्ख्या | ,, | १५ | २० | २५ | ३० | ,, | खानेपानी तथा ढल निकास विभाग | • बजेट सुनिश्चितता भएमा |
| सरसफाइ सुविधाबाट | ,, | ८१ | ८४ | ८७ | ८९ | ,, | ,, | • स्थानीय सहभागितामा |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| लाभान्वित जनसङ्ख्या | | | | | | | | निरन्तरता रहेमा |
| रोजगारी सिर्जना | जना (हजारमा) | ९ | ११ | १३ | १५ | ,, | ,, | ,, |
| **प्रतिफल**<br>**शिक्षा**<br>पानी तथा सरसफाइ सुविधासहित शौचालय निर्माण भएका विद्यालय सङ्ख्या | ओटा | १२७०० | १००० | १००० | १००० | फ्लास प्रतिवेदन | शिक्षा म. | • स्थानीय निकाय र निजी तथा अन्य क्षेत्रको सहभागिता रहेमा |
| नयाँ कक्षा कोठा निर्माण | (हजारमा) | ७६.८ | ८ | ८ | ८ | ,, | ,, | ,, |
| इन्टरनेट सुविधा पुगेको विद्यालय | सङ्ख्या | १७४८ | ६३०० | ७००० | ८००० | ,, | ,, | ,, |
| गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्राप्त क्याम्पस | ,, | १५ | ३० | ५० | ८० | ,, | ,, | ,, |
| छात्रवृत्ति | | | | | | ,, | ,, | ,, |
| (कक्षा १-१०) | ,, | ३५६३४५९ | ३४२५५३४ | ३४२५५३४ | ३४२५५३४ | ,, | ,, | • दोहोरोपना नभएमा |
| (कक्षा ११-१२) | ,, | ६१०९४ | ६२९०७ | ६२९०७ | ६२९०७ | ,, | ,, | ,, |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| सीपमूलक व्यावसायिक तालिम | सङ्ख्या (हजारमा) | ४५ | ५० | ५५ | ६० | ,, | ,, | • बजारको माग रहन सकेमा |
| साक्षरता अभियान | सङ्ख्या | | | | | | | |
| **स्वास्थ्य**<br>परिवार नियोजनको आधुनिक साधन प्रयोग दर | प्रतिशत | ४९.६ | ५० | ५५ | ६० | ने.ज.स्वा.स. | स्वा.म. | |
| स्वास्थ्य संस्थामा प्रसुति सेवाको उपभोग | ,, | ५५ | ६० | ६५ | ७० | ,, | ,, | |
| स्वास्थ्यकर्मीद्वारा प्रसुति सेवा प्राप्त गर्ने | प्रतिशत | ५० | ५५ | ६५ | ७० | ने.ज.स्वा.स. | स्वा.म. | |
| चौथो पटकसम्म गर्भवती जाँच गर्ने महिला | ,, | ५९ | ६१ | ६३ | ६५ | ,, | ,, | |
| भिटामिन 'ए' प्राप्त गर्ने गर्भवती महिला | ,, | ५३ | ६० | ६५ | ७० | ,, | ,, | |
| डी.पी.टी. हेप. खोप तेस्रो प्राप्त गर्ने बालबालिका | ,, | ९२ | ९३ | ९३ | ९३ | ,, | ,, | |
| दादुरा खोप प्राप्त गर्ने | प्रतिशत | ८८.२ | ९० | ९० | ९० | ,, | ,, | |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| बालबालिका | | | | | | | | |
| निःशुल्क मुटु रोग उपचार पाउने | जना | ९२७ | ११५० | ११८० | १२०० | ,, | ,, | |
| औलो रोग पत्ता लागेको बिरामी | सङ्ख्या | १३५२ | १००० | १००० | १००० | ,, | ,, | |
| वार्षिक नयाँ एच.आई.भी. संक्रमित | ,, | १४८० | १२०० | १२०० | १२०० | ,, | ,, | |
| गर्भवती महिलामध्ये पी.एम.टी.सी.टी. सेवा पाएका गर्भवती महिला | प्रतिशत | ३० | ४० | ४० | ४० | ,, | ,, | |
| निःशुल्क औषधीको उपलब्धता | प्रकार | ७० | ७० | ७० | ७० | ,, | ,, | |
| सामाजिक स्वास्थ्य सुरक्षा (स्वास्थ्य बिमा) विस्तार | जिल्ला | ३ | २५ | ५० | ७५ | | | |
| **युवा तथा खेलकुद** युवा अनुभव आदान प्रदान | जना | ४०८ | १३० | १३० | १५० | प्रगति प्रतिवेदन | यु.खे.म. | |
| ग्रामीण युवा उद्यम समूह | सङ्ख्या | ० | २४० | २४० | २४० | ,, | ,, | |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| निर्माण | | | | | | | | |
| युवा सीप तथा नेतृत्व विकास तालिम प्राप्त युवा | सङ्ख्या (हजारमा) | ४.०५ | ०.५ | १ | १ | ,, | ,, | • तालिम प्रदायक निकायहरूको उपलब्धता |
| राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिताको सञ्चालन (जिल्ला, क्षेत्र र केन्द्र) | पटक | ४५० | ८१ | ८१ | ८१ | ,, | ,, | |
| स्काउटहरूको सङ्ख्यामा वृद्धि | हजारमा | ५६ | १० | १० | १० | ,, | ,, | |
| स्काउट स्वयंसेवक परिचालन | ,, | १७ | २० | २० | २० | ,, | ,, | |
| युवा स्वयंसेवक परिचालन | ,, | १० | ३५० | ३५० | २९० | ,, | ,, | |
| प्रशिक्षण प्राप्त गर्ने खेलाडी | ,, | ३७ | १५ | १५ | १५ | ,, | ,, | |
| क्रिकेट मैदान निर्माण | ओटा | ११ (निर्माणाधीन) | ११ (निर्माणाधीन) | ११ (निर्माणाधीन) | ११ | ,, | ,, | • समयमा विस्तृत आयोजना प्रतिवेदन तयार भएमा |
| जिल्लास्तरीय कभर्ड हल निर्माण | ,, | ३७ | १४ | १४ | १० | ,, | ,, | ,, |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| स्थानीयस्तरमा खुल्ला स्थान सहितको खेल मैदान निर्माण | ,, | १०५५ | ४०५ | १०० | १०० | ,, | ,, | |
| निर्वाचन क्षेत्रस्तरीय खेल मैदान निर्माण | ,, | २४० (निर्माणाधीन) | २४० (निर्माणाधीन) | २४० (निर्माणाधीन) | २४० | ,, | ,, | |
| **खानेपानी तथा सरसफाइ**<br>नयाँ खानेपानी आयोजना | सङ्ख्या | | २३३२ | १५०० | १५०० | ,, | खा.स.म. | • बजेटको सुनिश्चितता रहेमा |
| पुनः निर्मित खानेपानी आयोजना/प्रणाली | ,, | १३७९ | १००० | १२०० | १६२१ | ,, | ,, | ,, |
| खुल्ला दिसामुक्त क्षेत्र घोषणा भएका गाविस | ,, | २२७४ | २८१० | ३१५७ | - | ,, | ,, | • दिगोपनाको सुनिश्चितता रहेमा |
| खुल्ला दिसामुक्त क्षेत्र घोषणा भएका नगरपालिका | ,, | १२२ | १६९ | २१७ | - | ,, | ,, | ,, |
| खुल्ला दिसामुक्त क्षेत्र घोषणा भएका जिल्ला | ,, | ३८ | ६० | ७५ | - | ,, | ,, | ,, |
| खुल्ला दिसामुक्त क्षेत्र घोषणा भएका अञ्चल | ,, | २ | | | | ,, | ,, | ,, |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| सरसफाइ कार्यक्रम सञ्चालित गा.वि.स. | सङ्ख्या | २११० | २८१० | ३१५७ | | ,, | ,, | ,, |
| सरसफाइ कार्यक्रम सञ्चालित नगरपालिका | ,, | ८९ | १६९ | २१७ | | ,, | ,, | ,, |
| सरसफाइ कार्यक्रम सञ्चालित जिल्ला | ,, | ३५ | ६० | ७५ | | ,, | ,, | ,, |
| **महिला, बालबालिका तथा समाज कल्याण**<br>ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र र जिल्ला | जिल्ला<br>केन्द्र<br>सङ्ख्या | ४८<br><br>७० | ४९<br><br>८७ | <br><br>९७ | <br><br>१०७ | - आवधिक प्रतिवेदन<br>- स्थलगत अनुगमन | म.बा.स.क.म. | |
| निर्माण भएको वृद्धाश्रम | सङ्ख्या | ६४ | ६८ | ७३ | ७८ | आवधिक प्रगति प्रतिवेदन | म.बा.स.क.म. | |
| सीपमूलक तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति | ,, | ३०० | २५० | २५० | २५० | ,, | ,, | |
| अपाङ्गता भएका व्यक्तिको | ,, | | १५० | १५० | १५० | ,, | ,, | ,, |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| पुनर्स्थापना | | | | | | | | |
| अनाथ बालबालिकाको बालगृहमा पुनर्स्थापना | ,, | ६६८ | ३०० | ३०० | ३०० | " | " | " |
| बालगृहहरूलाई मापदण्ड अनुकूल बनाउने | ,, | १०३ | ४७ | २५ | २५ | " | " | " |
| महिला सहकारी संस्थाहरूको गठन | ,, | १८२८ | १७९ | २४२ | ३२७ | " | " | |
| महिला संस्थाहरूको भौतिक पूर्वाधार विकास | सङ्ख्या | १५७ | १०० | १३५ | १८२ | " | " | |
| महिला विकास कार्यक्रम विस्तार | वडा सङ्ख्या | ३२२५ | २४५ | ३३० | ४४५ | ,, | ,, | |
| व्यवसायमूलक सीप विकास तालिम प्राप्त महिला सङ्ख्या | हजारमा | ४८.३ | २८.३ | ३८.२ | ५१.६ | ,, | ,, | |
| महिला विकास कार्यक्रममा लक्षित समूह सदस्यहरूको सहभागिता सङ्ख्या | ,, | १०४३ | ६६९ | ७० | ७१ | ,, | ,, | |
| लैङ्गिक हिंसा निवारणको | सङ्ख्या | १०९८ | ८९६ | १२१० | १६३३ | ,, | ,, | |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| लागि वडा समिति गठन भएका गा.वि.स. | | | | | | | | |
| प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट विनियोजन अनुपात | प्रतिशत | २२.२७ | २४ | २५.५ | २७ | ,, | अर्थ म. | |
| **कार्यक्रम तथा आयोजना** | योजनाको सम्बन्धित शीर्षकहरूमा समावेश भएको । | | | | | | | |

## ९.४.७ ऊर्जा विकास

| नतिजा सूचकहरू | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| **प्रभाव**<br>कुल गार्हस्थ्य उत्पादनमा जलविद्युत् र नवीकरणीय ऊर्जाको योगदान | प्रतिशत | | | | | राष्ट्रिय लेखा | के.त.वि. | |
| **असर**<br>**जलविद्युत**<br>विद्युत् चुहावट | प्रतिशत | २६ | २५ | २४.५ | २४ | व्य.सू.प्र. | ऊर्जा म. | • ऐन नियमहरूमा समयसापेक्ष सुधार भएमा |
| विद्युत्मा पहुँच प्राप्त गाविस | सङ्ख्या | २८९२ | ४० | ४० | २८ | ,, | ,, | • समयभित्र प्रसारण लाईन विस्तार भएमा |

| नतिजा सूचकहरू | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| राष्ट्रिय विद्युत् प्रणालीबाट विद्युत्मा पहुँच प्राप्त घरधुरी | सङ्ख्या (हजारमा) | २८७० | १५० | १५० | १५० | ,, | ,, | ,, |
| राष्ट्रिय विद्युत् प्रणालीबाट विद्युत्मा पहुँच प्राप्त गर्ने जनसङ्ख्या | प्रतिशत | ५८ | ६२ | ६६ | ७० | ,, | ,, | ,, |
| प्रतिव्यक्ति विद्युत् खपत | किलोवाट घण्टा | १४१ | १४५ | १५० | १६० | ,, | ,, | ,, |
| रोजगारी सिर्जना | जना (हजारमा) | - | १५ | १८ | १८ | ,, | ,, | ,, |
| **नवीकरणीय ऊर्जा**<br>लघु तथा साना जलविद्युत् आयोजनाबाट विद्युत् उत्पादन | मेगावाट | २४ | ४.५ | ३.५ | ३ | ,, | ज.वा.म. | • प्रविधि हस्तान्तरण भएमा |
| घरेलु सौर्य विद्युत् प्रणालीबाट विद्युत् उत्पादन | ,, | १८.५८ | ५ | ५ | ६ | ,, | ,, | ,, |
| वायु ऊर्जा प्रणालीबाट विद्युत् उत्पादन | किलोवाट | ६४ | १०० | २०० | ७०० | ,, | ,, | ,, |
| रोजगारी सिर्जना | जना (हजारमा) | ४०८ | ६ | ६ | ६ | ,, | ,, | ,, |
| **प्रतिफल**<br>**जलविद्युत** | | | | | | | | |

| नतिजा सूचकहरू | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| जलविद्युत् उत्पादन क्षमता | मेगावाट | ८५१ | २०० | ८५० | ४०० | ,, | ऊर्जा म. | • ऐन नियमहरूमा समय सापेक्ष सुधार र अन्तर निकाय समन्वय प्रभावकारी भएमा |
| निर्माण कार्य सुरू गरिने विद्युत् आयोजना क्षमता | ,, | १८५२ | ४८० | २४० | १४३० | ,, | ,, | ,, |
| प्रसारण लाइन निर्माण (६६ के.भी. र सोभन्दा बढी) | कि.मि. | २९७० | ५१० | १०० | १७५ | ,, | ,, | ,, |
| ३३ के.भि. प्रसारण लाइन विस्तार | ,, | ४३४५ | १७१ | ३०० | ३०० | ,, | ,, | • ग्रामीण विद्युतीकरणको प्रभावकारी विस्तार भएमा |
| ११ के.भि. प्रसारण लाइन विस्तार | ,, | ३०११० | ३५० | ६०० | ६०० | ,, | ,, | ,, |
| <u>**नवीकरणीय ऊर्जा**</u><br>सुधारिएको चुलो जडान | सङ्ख्या (हजारमा) | ७२४ | ३०० | ३०० | ३०० | ,, | ज.वा.म. | • नवीकरणीय ऊर्जाको दीगो विकास भएमा |
| घरायसी बायोग्याँस प्लान्ट जडान | ,, | ३६४ | ६० | ७० | ७० | ,, | ,, | ,, |
| संस्थागत र सामुदायिक बायोग्याँस | सङ्ख्या | २१ | १५० | २०० | २५० | ,, | ,, | ,, |

| नतिजा सूचकहरू | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| प्लान्ट जडान | | | | | | | | |
| **कार्यक्रम तथा आयोजना** | योजनाको सम्बन्धित शीर्षकमा समावेश भएको । | | | | | | | |

## ९.४.८ भौतिक पूर्वाधार, यातायात र सूचना तथा सञ्चार

| नतिजा सूचकहरू | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| **प्रभाव**<br>कुल गार्हस्थ्य उत्पादनमा यातायात तथा सञ्चार क्षेत्रको योगदान | प्रतिशत | | | | | राष्ट्रिय लेखा | के.त.वि | |
| **असर**<br>**भौतिक पूर्वाधार**<br>रोजगारी सिर्जना (सडक) | जना (हजारमा) | | ३८ | ४५ | ४५ | व्य.सू.प्र. | भौ.पू.या.म. | |
| रोजगारी सिर्जना (रेल तथा अन्य यातायात) | ,, | - | ३ | ४ | ४ | ,, | ,, | |
| रोजगारी सिर्जना (सूचना तथा सञ्चार) | ,, | - | ३ | ३ | ३ | ,, | ,, | |

| नतिजा सूचकहरू | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| **सूचना तथा सञ्चार** | | | | | | | | |
| टेलिफोन घनत्व (प्रतिसय व्यक्तिमा) | प्रतिशत | ११०.२५ | ११३ | ११५ | ११७ | ,, | सू.सं.म. | • निजी क्षेत्रको सहभागितामा निरन्तरता रहेमा |
| इन्टरनेट ग्राहकको घनत्व (प्रतिसय व्यक्तिमा) | ,, | ४६.४६ | ५३ | ५७ | ६५ | ,, | ,, | |
| **प्रतिफल**<br>**भौतिक पूर्वाधार** | | | | | | | | |
| रणनैतिक तथा क्षेत्रीय सडक निर्माण | कि.मि. | २९०३१ | ६०० | ७०० | ७०० | ,, | भौ.पू.या.म. | |
| सडक स्तरोन्नति, पुनर्निर्माण र सुदृढीकरण | ,, | १२२३३ | ९०० | १००० | ११०० | ,, | ,, | ,, |
| आवधिक मर्मतसम्भार | ,, | - | ६०० | ६०० | ६०० | व्य.सू.प्र. | भौ.पू.या.म. | ,, |
| नियमित मर्मतसम्भार | ,, | ९२०० | ९५०० | १०००० | १०५०० | ,, | ,, | ,, |
| पुल निर्माण | सङ्ख्या | १९५२ | १०० | १०० | १०० | ,, | ,, | ,, |
| **यातायात**<br>सवारी साधन कर | करोडमा | ७०७ | १०२५ | १०८० | ११०५ | ,, | ,, | |
| सवारी चालक अनुमतिपत्र | सङ्ख्या | ८० | ५०० | १००० | १००० | ,, | ,, | |

| नतिजा सूचकहरू | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| (स्मार्ट कार्ड) वितरण | | | | | | | | |
| **रेल यातायात**<br>निर्मित ट्र्याक लम्बाइ | कि.मि. | - | ५ | २५ | ४० | ,, | ,, | •आवश्यक जनशक्ति, वैदेशिक सहयोगको निरन्तरता र मुआब्जाका लागि बजेट उपलब्ध भएमा |
| स्तरोन्नति भएको रेलमार्गको लम्बाइ | कि.मि. | - | ४२ | २२ | १८ | ,, | ,, | ,, |
| डी.पी.आर. प्रतिवेदन | ,, | ३७२ | २७० | ९३४ | ३७२ | ,, | ,, | ,, |
| मेट्रो रेल डी.पी.आर. प्रतिवेदन | ,, | - | - | ७८ | - | | | |
| **सूचना तथा सञ्चार** | | | | | | | | |
| आधारभूत टेलिफोन (PSTN) ग्राहक | सङ्ख्या (लाखमा) | ८.४७ | ९ | ९.५ | १० | ,, | सू.सं.म. | •निजी क्षेत्रको सहभागिता निरन्तर रहेमा |
| मोबाइल टेलिफोन ग्राहक | ,, | २८० | २९० | ३०० | ३१० | ,, | ,, | ,, |
| जम्मा टेलिफोन | ,, | २८८ | २९९ | ३१० | ३२१ | ,, | ,, | ,, |
| इन्टरनेट ग्राहक | ,, | १२१ | १३० | १४५ | १५५ | ,, | ,, | ,, |
| एबीबीएस (ABBS) सेवा | सङ्ख्या | ३४ | ६८ | ७१ | ७५ | ,, | ,, | |

| नतिजा सूचकहरू | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| सञ्चालन गर्ने हुलाक बचत बैङ्क | | | | | | | | |
| काउन्टर अटोमेसन भएका हुलाक | ,, | ४० | ५० | ६० | ७५ | ,, | ,, | |
| हुलाक टेलिसेन्टर क्षमता विकास | ओटा | - | २०० | ३०० | ४०१ | ,, | ,, | |
| वैदेशिक द्रुत डाँक सेवा भएका मुलुक | सङ्ख्या | ३८ | ४२ | ४५ | ५० | ,, | ,, | |
| **नागरिक उड्ययन**<br>बाह्रै महिना सञ्चालन हुने विमानस्थल | सङ्ख्या | २२ | २५ | २७ | ३० | ,, | सं.प.ना.उ.मं./ ने.ना.उ.प्रा. | • निजी क्षेत्रको सहभागिता हुने |
| नेपाल आउने अन्तराष्ट्रिय विमान सेवा | सङ्ख्या | २६ | २७ | २९ | ३१ | ,, | ,, | ,, |
| नेपाल आउने अन्तर्राष्ट्रिय विमानमा उपलब्ध सिट | सङ्ख्या (वार्षिक हजार) | ८०,०० | ८१,०० | ८३,०० | ८५,०० | | ,, | |
| **कार्यक्रम तथा आयोजना** | सम्बन्धित शीर्षकमा समावेश भएको | | | | | | | |

## ९.४.९ प्रादेशिक तथा स्थानीय पूर्वाधार

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| **प्रभाव**<br>ग्रामीण क्षेत्रको आर्थिक वृद्धि | प्रतिशत | | | | | व्य.सू.प्र. | स.मा.स्था.वि.म. | |
| **असर**<br>स्थानीय तहमा रोजगारी सिर्जना | जना (हजारमा) | ५१ | २३ | २७ | २५ | ,, | ,, | |
| तराईमा एक घण्टा र पहाडमा दुई घण्टाभित्र यातायात सेवामा पहुँच पुगेको जनसङ्ख्या | प्रतिशत | ४५ | ५० | ५६ | ६५ | ,, | ,, | |
| सुधारिएको खानेपानी स्रोतमाथि दिगो पहुँच भएका ग्रामीण घरधुरी (वर्षभरि पानी चल्ने खा.पा.आ.) | ,, | ६८.२ | ७० | ७३ | ७८ | ,, | ,, | • जलवायु परिवर्तनको कारणले मुहानहरु नसकेमा |
| सरसफाइ सुविधा पाएका थप ग्रामीण जनसङ्ख्या | प्रतिशत | | | | | ,, | ,, | |
| **प्रतिफल**<br>**स्थानीय पूर्वाधार**<br>नयाँ ग्रामीण सडक निर्माण तथा मर्मत | कि.मी. | ३८९१५ | १४२० | १५६० | १५९० | ,, | ,, | • वैदेशिक सहायता प्राप्त भएमा |
| ग्रामीण सडक स्तरोन्नति/पुनःस्थापना ग्राभेल | कि.मी. | १२७९० | २२९० | १६२० | १८२५ | ,, | ,, | |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| ग्रामीण सडक कालोपत्रे | कि.मी. | १६०५ | १९५ | २०० | १५० | ,, | ,, | |
| स्थानीय सडक पुल निर्माणको सङ्ख्या | ओटा | ३१७ | ११८ | १४५ | ११५ | ,, | ,, | |
| झोलुङ्गे पुल निर्माण सङ्ख्या | ओटा | ६५६६ | ५२२ | ५०० | ५०० | ,, | ,, | |
| स्यानिटरी ल्यान्डफिल साइटको विकास | सख्या | १० | १२ | १४ | २४ | ,, | ,, | |
| लघु जलविद्युत् आयोजनाको सञ्चालनबाट उत्पादित विद्युत् क्षमता | कि.वा. | १६०० | २५० | २४६ | २५५ | ,, | ,, | •सडकको विपद्बाट न्यून क्षति भएमा |
| साना सिँचाइ पुगेको क्षेत्रफल | हेक्टर | ६५००० | १८१७७ | १८८०० | २२०२६ | ,, | ,, | |
| **सहरी विकास**<br>नयाँ सहरहरुको निर्माण प्रगति | प्रतिशत | | | | | ,, | स.वि.म. | |
| **कार्यक्रम तथा आयोजना** | योजनाको सम्बन्धित शीर्षकमा समावेश भएको । | | | | | | | |

## ९.४.१० सङ्घीयता, विकेन्द्रीकरण तथा स्थानीय स्वायत्त शासन

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| **प्रभाव**<br>स्थानीय तहको आर्थिक वृद्धि | प्रतिशत | | | | | | | |
| **असर** | रू. करोडमा | १०२१ | १२०५ | १४५९ | १६०० | व्य.सू. | स.मा.स्था.वि. | |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष | लक्ष्य | | | सूचनाको | जिम्मेवार | अनुमान तथा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | स्रोत | निकाय | जोखिमहरु |
| स्थानीय निकायको आन्तरिक आय | | | | | | प्र. | म. | |
| स्थानीय निकायको हालसम्मको बेरुजु रकम | रू. करोडमा | | | | | ,, | ,, | |
| स्थानीय निकायको कुल खर्चमध्ये बेरुजु रकम | प्रतिशत | ५ | ४.५ | ४ | ३.५ | | | |
| स्थानीय तहमा प्रवाहित सेवाप्रति लाभग्राहीको सन्तुष्टी मापन सर्वेक्षण (स्थानीय तह) | सङ्ख्या | | ७ | १४ | २१ | ,, | ,, | |
| न्यूनतम शर्त तथा कार्यसम्पादन मापन (MCPM) उत्तीर्ण भएका स्थानीय निकायहरू ( प्रतिशत) | जि.वि.स. | ९१ | ९५ | ९८ | १०० | व्य.सू.प्र. | स.मा.स्था.वि.म. | |
| | न.पा. | ८३ | ९० | ९४ | ९७ | ,, | ,, | |
| | गा.वि.स. | ६० | ७२ | ८६ | ९५ | ,, | ,, | |
| **प्रतिफल**<br>सार्वजनिक सुनुवाई गरेका स्थानीय निकाय | प्रतिशत | १०० | १०० | १०० | १०० | ,, | ,, | |
| व्यक्तिगत घटना दर्ता | ,, | ८० | ८५ | ९० | ९५ | ,, | ,, | |
| कुल राष्ट्रिय बजेटमा स्थानीय निकायलाई गएको नि:शर्त अनुदान | ,, | २.१ | ३.१ | ४.१ | ५.१ | ,, | ,, | |
| मन्त्रालयको कुल बजेटमा स्थानीय निकायलाई गएको नि:शर्त अनुदान | ,, | २३.०७ | २७.०९ | ३० | ३३ | ,, | ,, | |
| कम्प्यूटरमा आधारित लेखापालन गर्ने स्थानीय | जि.वि.स. | ७३ | २ | - | - | ,, | ,, | |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| निकाय | न.पा. | १९१ | २६ | - | - | ,, | ,, | |
| | गा.वि.स. | २४० | १०० | १०० | ११० | ,, | ,, | |
| सहरी सडक गुरुयोजना तयार पारेका नगरपालिका | सङ्ख्या | ७३ | ४३ | १०१ | - | ,, | ,, | |
| **कार्यक्रम तथा आयोजना** | योजनाको सम्बन्धित शीर्षकमा समावेश भएको। | | | | | | | |

## ९.४.११ भवन, आवास र सहरी विकास

| नतिजा सूचकहरू | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| **प्रभाव**<br>कुल गार्हस्थ्य उत्पादनमा योगदान | प्रतिशत | | | | | राष्ट्रिय लेखा | के.त.वि | |
| **असर**<br>**भवन, आवास र सहरी विकास**<br>रोजगारी सिर्जना | जना (हजारमा) | १३४ | ३३ | ४० | ४५ | व्य.सू.प्र. | स.वि.म. | |
| दिगो सहरी विकास सूचकाङ्क (नयाँ) | | | | | | | | |
| आफ्नै स्वामित्वको घरमा बसोवास गर्नेहरुको सङ्ख्या | प्रतिशत | ८५.२६ | | | | | | |

| नतिजा सूचकहरू | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| **प्रतिफल** | | | | | | | | |
| **भवन तथा आवास** | | | | | | | | |
| सरकारी कार्यालय भवन निर्माण | सङ्ख्या | १५१ | २० | ४० | २० | ,, | ,, | |
| जनता आवासमार्फत् निर्मित घर | ,, | ६१९२ | ४००० | ९००० | ७००० | ,, | ,, | • लाभग्राहीहरुका लागि जग्गा उपलब्ध भएमा<br>• नीतिगत निरन्तरता भएमा<br>• कार्यविधि तथा मोडालिटी स्वीकृति समयमै भएमा |
| प्रधानमन्त्री आवास योजना अन्तर्गत निर्मित आवास एकाइ | सङ्ख्या | - | ० | १५०० | १५०० | व्य.सू.प्र. | स.वि.म. | |
| पूर्वाधारसहितको नमूना एकीकृत बस्ती विकास | ,, | - | ७ | क्रमागत | क्रमागत | | | |
| केन्द्रीय निकायको लागि प्रशासनिक प्लाजा निर्माण | ,, | - | १ | १ | १ | ,, | ,, | • स्रोत उपलब्ध भएमा<br>• साविकका कार्यालयहरु सहजै पुनर्स्थापना भएमा |

| नतिजा सूचकहरू | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| एकीकृत सरकारी कार्यालय भवन निर्माण | सङ्ख्या | ८ क्रमागत | ५ | ९ | ७ | ,, | ,, | • भवन निर्माणका लागि पर्याप्त र उपयुक्त जग्गा उपलब्ध भएमा<br>• पर्याप्त स्रोतको व्यवस्था भएमा |
| विशेष आवास (उच्च पदस्थ पदाधिकारी र कर्मचारीहरुको लागि) निर्माण | ,, | - | १४ | क्रमागत | क्रमागत | | | ,, |
| सभा हल निर्माण | ,, | ५ क्रमागत | १ | ३ | २ | ,, | ,, | • दक्ष जनशक्ति उपलब्ध भएमा<br>• स्रोतको उचित प्रबन्ध भएमा |
| **सहरी विकास**<br>एकीकृत सहरी सेवा केन्द्र निर्माण | ,, | - | २ | ३ | २ | ,, | ,, | • सूचना प्रविधिको सही प्रयोग भएमा |
| एकीकृत बस्ती विकास | ,, | ५५ क्रमागत | २० | ३० | २० | ,, | ,, | • उपयुक्त जग्गा प्राप्तिमा समस्या नभएमा<br>• कार्यक्रम सम्बन्धमा जनसहभागिता र माग |

| नतिजा सूचकहरू | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| | | | | | | | | सिर्जना गर्न समस्या नभएमा<br>• आफ्नो साविकको बस्ती छाड्न तयार भएमा |
| 'एक सहर एक पहिचान' अन्तर्गत एकीकृत सहरी विकास | ,, | - | १८ | २५ क्रमागत समेत | ३० क्रमागत समेत | व्य.सू.प्र. | स.वि.म. | • कार्यविधि प्रष्ट भएमा<br>• जनशक्ति उपलब्धता र नीतिगत स्थिरता भएमा |
| स्मार्ट सिटीका रूपमा सहरहरूलाई विकास | सङ्ख्या | - | १३ | क्रमागत | क्रमागत | ,, | ,, | • तथ्याङ्क व्यवस्थापन हुन सकेमा<br>• जनसङ्ख्या र पूर्वाधारवीच तालमेल मिलाउन सहज भएमा |
| हरित पूर्वाधार विकास कार्यक्रम अन्तर्गत सहरी पार्क एवम् पोखरी निर्माण | ,, | १० | ५ | ९ | ७ | ,, | ,, | • अव्यवस्थित बसोवासलाई हटाउन समस्या नभएमा |
| खाद्य हरियाली सहर(फुड ग्रिन सिटी) का रूपमा सहरहरूको विकास | ,, | - | ३ | क्रमागत | क्रमागत | | | |
| देशका विभिन्न स्थानहरूमा स्मार्ट भिलेजहरूको विकास | ,, | - | ५० | ५० | ५० | | | |

| नतिजा सूचकहरू | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| ढल निर्माण | कि.मि. | १२५ | १०० | २०० | १०० | ,, | ,, | • जग्गा प्राप्तिमा समस्या नभएमा<br>• स्थानीयहरुको अवरोध नभएमा |
| सतह नाली निर्माण | ,, | १४७ | १०० | २०० | १७७ | ,, | ,, | |
| बसपार्क निर्माण | सङ्ख्या | १५ क्रमागत | १० | १५ | १० | व्य.सू.प्र. | स.वि.म. | |
| सडक स्तरोन्नति | कि.मी. | १३० | १०० | ३०० | १०० | ,, | ,, | |
| जग्गा विकास कार्यक्रम कार्यान्वयन | हेक्टर | २०० | ३० | ५० | २० | ,, | ,, | • स्थानीय लाभग्राहीसँग सहकार्य हुन सकेमा |
| **कार्यक्रम तथा आयोजना** | • योजनाको सम्बन्धित शीर्षकमा समावेश भएको । | | | | | | | |

## ९.४.१२ विपद् व्यवस्थापन र पुनर्निर्माण

| **नतिजा सूचकहरु** | **एकाइ** | **आधार वर्ष २०७२/७३** | **लक्ष्य** | | | **सूचनाको स्रोत** | **जिम्मेवार निकाय** | **अनुमान तथा जोखिमहरु** |
|---|---|---|---|---|---|---|---|---|
| | | | **२०७३/७४** | **२०७४/७५** | **२०७५/७६** | | | |
| **प्रभाव**<br>प्रकोप संवेदनशील विकास नतिजा | | | | | | | | |
| **असर**<br>पुनः निर्मित संरचनाहरुको सञ्चालन | | ३८९३ | २८५ | २४०९ | २९४४ | द्वन्द्वोत्तर शान्ति तथा पुनर्निर्माण परियोजना | गृ.म.<br>रा.पु.प्रा. | |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| प्रकोप व्यवस्थापन क्षमतामा वृद्धि | | | | | | ,, | गृ. मं. | |
| रोजगारी सिर्जना<br>(क) शान्ति तथा पुनर्निर्माण | दिन (हजारमा) | ६१७ | ३९६ | १३८३ | १५९० | ,, | शा.पु.मं. | |
| (ख) जल उत्पन्न | जना (हजारमा) | | १० | १२ | १३ | ,, | सि.मं. | |
| **प्रतिफल**<br>**पुनर्निर्माण**<br>भूकम्पबाट क्षति भएका संरचनाहरूको तथ्याङ्क सङ्कलन तथा अध्यावधिक | जिल्ला | ११ | ३१ | ३१ | - | ,, | गृ.म.<br>रा.पु.प्रा. | |
| एकीकृत बस्ती विकासका लागि आवश्यक पर्ने स्थानको खोजी गरी लगत तयार | ,, | - | ११ | २० | - | ,, | स.वि.मं. र रा.पु.प्रा. | |
| पुनः निर्मित संरचनाहरुको सङ्ख्या | सङ्ख्या | | | | | ,, | ,, | |
| व्यक्तिगत आवास | ,, | | | | | ,, | ,, | |
| सांस्कृतिक सम्पदा | ,, | | | | | ,, | रा.पु.प्रा.र सं.प.ना.उ.म. | |
| **जल उत्पन्न** | कि.मि. | | | | | | | |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य २०७३/७४ | २०७४/७५ | २०७५/७६ | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरु |
|---|---|---|---|---|---|---|---|---|
| थप तटबन्धको निर्माण | | ८५७ | ३० | ३० | ३० | ,, | सिँचाइ म. | |
| बायो इन्जिनियरिङ गरेको क्षेत्रफल | हेक्टर | | ५ | ५ | ५ | ,, | ,, | |
| बस्ती, बजार संरक्षण | सङ्ख्या | ९ | १३ | १३ | १३ | ,, | ,, | |
| **कार्यक्रम तथा आयोजना** | योजनाको सम्बन्धित शीर्षकमा समावेश भएको । | | | | | | | |

## ९.४.१३ श्रम तथा रोजगारी व्यवस्थापन

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य २०७३/७४ | २०७४/७५ | २०७५/७६ | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरु |
|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव**<br>रोजगारीको वृद्धिदर | प्रतिशत | २.९ | ३.२ | ३.४ | ३.५ | ने.जि.सर्वेक्षण<br>श्रम सर्वेक्षण<br>आ.सर्वेक्षण | श्र.रो.म. | |
| पारिवारिक आयमा वृद्धि (मासिक) | (रू. हजारमा) | ३२.५ | ३६.८ | ४२.१ | ४८.४ | रा.लेखा घ.ब. सर्वेक्षण | ने.रा.बैं. | |
| **असर**<br>बेरोजगारी दर | प्रतिशत | ३.६ | ३.० | २.५ | २.० | ने.जि.सर्वेक्षण<br>श्रम सर्वेक्षण<br>आ.सर्वेक्षण<br>व्य.सू.प्र. | श्र.रो.म. | • निजी क्षेत्रको लगानी वृद्धि हुँदै गएमा<br>• अन्तर्राष्ट्रिय श्रम बजारमा नेपाली कामदारको माग बढेमा |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| विप्रेषण आय | रकम (रू.अर्ब) | ६७९ | ८२८ | १०११ | १२३३ | ,, | अर्थ मं. | • विप्रेषण वृद्धिको विगत चार वर्षको औषत वृद्धिदर निरन्तर रहेमा |
| **प्रतिफल**<br>**श्रम व्यवस्था र रोजगारी**<br>रोजगारमूलक तालिम | जना (हजार) | १७ | २० | २० | २० | व्य.सू.प्र. | ,, | • दक्ष श्रमशक्ति उत्पादनसम्बन्धी संरचनाहरुको स्तरोन्नति र सक्रियता भएमा |
| सीप विकास तालिम केन्द्रहरूको स्तरोन्नति | सङ्ख्या | ३ | २ | २ | ३ | व्य.सू.प्र. | श्र.रो.म. | |
| वैदेशिक रोजगारीमा जानेको सङ्ख्या | जना (हजार) | | | | | ,, | ,, | |
| वैदेशिक रोजगारीका गन्तव्य मुलुकहरूमा सुरक्षित श्रमगृहको विस्तार | सङ्ख्या | ५ | ५ | ५ | ५ | ,, | ,, | |
| सामाजिक सुरक्षा कोषमा सहभागीहरूको सङ्ख्या | जना (हजार) | ७०० | ५० | ५० | ५० | ,, | ,, | • सामाजिक सुरक्षा ऐन, २०७३ कार्यान्वयनमा आएमा |
| सामाजिक सुरक्षा कोषमा जम्मा भएको रकम | रू. करोडमा | १२१० | १५ | १६ | १७ | ,, | ,, | ,, |
| सामाजिक सुरक्षा कोषबाट | सङ्ख्या | - | ४ | २ | ३ | ,, | ,, | ,, |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| सञ्चालन भएका आयोजना | | | | | | | | |
| द्विपक्षीय श्रम सम्झौता भएका मुलुक | देश | ६ | २ | २ | २ | ,, | ,, | |
| **कार्यक्रम तथा आयोजना** | योजनाको सम्बन्धित शीर्षकमा समावेश भएको | | | | | | | |

## ९.४.१४ विज्ञान तथा सूचना प्रविधि

| नतिजा सूचकहरू | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| **प्रभाव**<br>विज्ञान प्रविधि क्षेत्रको कुल राष्ट्रिय उत्पादनमा योगदान | प्रतिशत | | | | | प्रक्षेपण/ सर्वेक्षण | वि.प्र.म. | |
| **असर**<br>रोजगारी सिर्जना | जना (हजारमा) | - | ३ | ४ | ४ | व्य.सू.प्र. | ,, | |
| अध्ययन अनुसन्धानको प्रयोग | सङ्ख्या | | ५० | ८० | ९० | ,, | ,, | |
| **प्रतिफल**<br>**विज्ञान तथा सूचना प्रविधि** | | | | | | | | |

| नतिजा सूचकहरू | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| विज्ञान अध्ययन केन्द्र स्थापना | ,, | ७ | १० | ७५ | ७५ | ,, | ,, | |
| अनुसन्धान वृत्ति उपलब्धता | ,, | - | २० | ३० | ५० | ,, | ,, | |
| इ-भिलेज सञ्चालन | ,, | २८ | १५ | १७ | १५ | ,, | ,, | • अन्तर निकाय समन्वय भएमा |
| जैविक विविधता अनुसन्धान | ,, | - | १० | १५ | १० | ,, | ,, | |
| मलिकुलर बायोटेक्नोलोजी अनुसन्धान | ,, | - | ५ | ५ | ५ | ,, | ,, | • रसायन तथा अन्य सामग्रीहरु विदेशबाट आयात गर्नुपर्ने |
| नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठानका प्रयोगशालाहरुको स्तरोन्नति | | | | | | व्य.सू.प्र. | वि.प्र.म. | |
| अध्ययन/अनुसन्धानमा फेलोसिप | सङ्ख्या | ५४० | ५० | १०० | १०० | ,, | ,, | |
| अनुसन्धान केन्द्र स्थापना | ,, | - | - | ३ | ४ | | | |
| अध्ययन/अनुसन्धानको सङ्ख्या | ,, | | २० | २० | २० | ,, | ,, | |
| अध्ययन/अनुसन्धानको प्रयोग | ,, | - | ५ | ५ | ५ | ,, | ,, | |
| डिएनए डाटावेस | ,, | १०० | २०० | २५० | २०० | ,, | ,, | |
| **कार्यक्रम तथा आयोजना** | योजनाको सम्बन्धित शीर्षकमा समावेश भएको | | | | | | | |

## ९.४.१५ शासकीय क्षेत्र, शान्ति र सुशासन

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| **प्रभाव**<br>भ्रष्टाचारसम्बन्धी सूचकाङ्क | स्थान<br>अंक | १३०<br>२७ | १२५<br>२८ | १२०<br>२९ | ११५<br>२९ | ट्रान्सपरेन्सी इन्टरनेशनलको प्रतिवेदन | प्र.म.म.प.का. | • भ्रष्टाचार विरुद्धको अभियानले व्यापकता पाएमा |
| सरकारी प्रभावकारिता | स्थान<br>सूचकांक | १३.४६<br>-१.०४ | १७<br>-०.९० | २२<br>-०.८५ | २३<br>-०.८० | विश्व बैङ्कको विश्व शासन प्रतिवेदन | प्र.म.म.प.का. | |
| कानुनको शासन | स्थान<br>सूचकांक | २६.९२<br>-०.७० | २७.००<br>-०.६५ | २८.००<br>-०.४० | २९.००<br>-०.३० | ,, | ,, | |
| पारदर्शितासम्बन्धी सूचकाङ्क | | | | | | ,, | ,, | |
| सिएफएए (CFAA) सूचकाङ्कको स्थिति | | | | | | व्य.सू.प्र. | अर्थ म./मलेनिका | |
| **असर** | | | | | | | | |
| रोजगारी सिर्जना<br>(क) शान्ति तथा | जना | ६१७ | १ | १ | २ | ,, | शा.पु.म. | |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| पुनर्निर्माण | (हजारमा) | | | | | | | |
| **प्रतिफल**<br>**शान्ति तथा पुनर्निर्माण** | | | | | | | | |
| पुनर्निर्माण भइसकेका आयोजना | सङ्ख्या | ३५५७ | २०० | ९०० | ११०० | व्य.सू.प्र. | शा.पु.म. | |
| शान्तिका लागि विकास कार्यक्रमबाट निर्माण हुने | ,, | ३३६ | १२६ | १२०० | २४०० | ,, | ,, | |
| सञ्चालनमा रहेका क्रमागत आयोजना | ,, | - | २२०० | २००० | ११०० | ,, | ,, | • ३६५२ आयोजना २०७५/७६ पछि पनि क्रमागत रहने |
| शान्ति ग्राम स्थापना | सङ्ख्या | | | ३ | ४ | | | |
| **अख्तियार** | | | | | | | | |
| उजुरी फछ्र्यौट | प्रतिशत | - | ६५ | ६७ | ६९ | व्य.सू.प्र. | अ.दु.अ.आ. | |
| मुद्दामा सफलता | ,, | - | ८८ | ८८ | ८८ | ,, | ,, | |
| **महालेखा परिक्षक** | | | | | | | | |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| लेखापरीक्षण तालिम | पटक | ७ | २० | २० | २५ | ,, | म.ले.प.का. | |
| सूचना प्रविधिको उपयोग र विस्तार | प्रतिशत | - | ३३ | ३३ | ३३ | ,, | ,, | |
| **योजना तथा तथ्याङ्क प्रणाली**<br>विषय क्षेत्रगत अध्ययन अनुसन्धान | ओटा | | ५ | ७ | ९ | ,, | रा.यो.आ. | |
| योजनासम्बन्धी तालिम | जना | | १५० | १५० | २०० | ,, | ,, | |
| अनुगमनसम्बन्धी तालिम | ,, | | १५० | १५० | २०० | ,, | ,, | |
| तेस्रो पक्षबाट मूल्याङ्कन गरिने आयोजना | सङ्ख्या | ३६ | ३ | ३ | ३ | ,, | ,, | |
| आन्तरिक मूल्याङ्कन | ,, | ३ | २ | २ | २ | ,, | ,, | |
| राष्ट्रिय स्तरको सर्वेक्षण | ,, | | २ | २ | २ | सर्वेक्षण | के.त.वि. | |
| तथ्याङ्कसम्बन्धी तालिम | ,, | | ७५ | ७५ | १०० | व्य.सू.प्र. | ,, | |
| **कानुन तथा न्याय (न्याय व्यवस्था)** | | | | | | | | |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| एकीकृत कानुनी सहायता नीति तर्जुमा | - | - | - | १ | - | प्रकाशित नीति र वार्षिक प्रतिवेदन | का.न्या.सं.व्य.म. | |
| सन्धि सम्पन्न गर्ने निर्देशिका तर्जुमा | - | - | १ | - | - | ,, | ,, | |
| कर्मचारीको क्षमता अभिवृद्धि | सङ्ख्या | २५ | १० | १० | १० | ,, | ,, | |
| अपराध सर्वेक्षण | ,, | १ | १ | १ | १ | ,, | ,, | |
| कानुनी शिक्षा र सेचतना अभिवृद्धि | ,, | १८५ | ४० | ७० | ७५ | ,, | ,, | |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| <u>**सामान्य प्रशासन**</u><br>निजामती सेवासम्बन्धी राष्ट्रिय नीति तर्जुमा तथा कार्यान्वयन | समय सीमा | - | २०७४ असार | | | प्रकाशित नीति र वार्षिक प्रतिवेदन | सा.प्र.म. | |
| सार्वजनिक निकायका नेतृत्व तहका पदाधिकारीको जिम्मेवारी र कर्तव्यलाई जवाफदेहीपूर्ण बनाउन सूचकसहित कार्य सम्पादन सम्झौतासम्बन्धी कानुन तर्जुमा तथा कार्यान्वयन | ,, | - | २०७४ असार | निरन्तर | निरन्तर | ,, | ,, | |
| निजामती कर्मचारी ट्रेड युनियनको आचारसंहिता तर्जुमा तथा कार्यान्वयन | ,, | - | २०७४ असार | निरन्तर | निरन्तर | ,, | ,, | |
| विभिन्न केन्द्रीय तथा जिल्लास्थित सार्वजनिक | निकायगत सङ्ख्या | - | मन्त्रालय १०, विभाग १०, | निरन्तर | निरन्तर | ,, | ,, | |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| सेवा प्रवाह गर्ने कार्यालयहरूको व्यवस्थापन परीक्षण | | | केन्द्रीय निकाय १० जिल्लास्तर कार्यालय ७० | | | | | |
| जनगुनासो व्यवस्थापनको लागि गुनासो सुनुवाइ ट्र्याकिङ पद्धतिको कार्यान्वयन | समय सीमा | - | २०७४ असार र निरन्तर | निरन्तर | निरन्तर | वार्षिक प्रतिवेदन | सा.प्र.म. | |
| सेवा प्रवाहलाई पहुँचयोग्य र सहज बनाउन सार्वजनिक निकायहरूमा विद्युतीय कार्य प्रणालीको अवलम्बन | ,, | - | २०७४ असार र निरन्तर | निरन्तर | निरन्तर | ,, | ,, | |
| नागरिक बडापत्रलाई स्थानीय भाषामा समेत निर्माण गरी मोबाइल एप्स तथा सूचना प्रविधिको उपयोगमार्फत प्रयोग | ,, | - | २०७४ असार र निरन्तर | निरन्तर | निरन्तर | ,, | ,, | |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| सेवाकालीन तालिम | सङ्ख्या | ४३ | ५९ | ६५ | ७० | ,, | ,, | |
| सेवा प्रवेश तालिम | सङ्ख्या | १२ | २२ | १५ | १५ | ,, | ,, | |
| अनुसन्धान/परामर्श | ,, | १० | १२ | १५ | १८ | ,, | ,, | |
| स्टाफ कलेजको आन्तरिक क्षमता विकास | ,, | १६ | २० | २५ | २४ | ,, | ,, | |
| कर्मचारी प्रशिक्षण प्रतिष्ठानबाट तालिम प्राप्त कर्मचारी | ,, | ८५२४ | ३००० | ४००० | ४५०० | ,, | ,, | |
| निजामती अस्पतालबाट बहिरङ्ग सेवा प्रदान | जना प्रतिदिन | - | ६०० | ६५० | ७०० | ,, | ,, | • अस्पतालको क्षमता विस्तार हुँदै गएमा |
| आन्तरिक आम्दानी (निजामती अस्पताल) | प्रति वर्ष (रु. करोड) | - | १४ | १५ | १६ | ,, | ,, | • बिरामीको सङ्ख्या वृद्धि भएमा |
| <u>**गृह (सुरक्षा व्यवस्था)**</u> शान्तिपूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चितता (बन्द हड्ताल न्यूनीकरण) | सङ्ख्या (पटक) | २७२१ | २००० | १००० | ५०० | सुरक्षा निकाय र स्थानीय प्रशासनको रिपोर्टिङ, व्य.सू.प्र. | गृ.म./ प्र.प्र.का. | • आम चेतनामा अभिवृद्धि भएमा |
| उपत्यकाका सबै प्रवेश | सङ्ख्या | - | ४ | ४ | ४ | वार्षिक प्रतिवेदन | ,, | |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| नाका र सिंहदरबार प्रवेशद्वारहरूमा भेहिकल स्क्यानर जडान | | | | | | /प्र.प्र.का. | | |
| देशका प्रमुख सहरहरूमा सीसीटीभी (क्लोज सर्किट टेलिभिजन) जडान | सङ्ख्या | - | ५ | १५ | २० | ,, | ,, | |
| राष्ट्रिय परिचय पत्रको तयारी पूरा गरी वितरण | जिल्ला | - | ३ | १२ | २५ | ,, | ,, | |
| लागु औषध प्रयोगकर्ताहरूलाई उपचार गर्न प्रत्येक प्रदेशमा पुनर्स्थापना केन्द्र स्थापना | सङ्ख्या | १ | १ | २ | ३ | वार्षिक प्रतिवेदन /प्र.प्र.का. | गृ.म./ प्र.प्र.का. | • निर्माण कार्यमा अनपेक्षित अवरोध नआएमा |
| आर्थिक विकास र समृद्धिका लागि लगानीमैत्री सुरक्षित वातावरण (चन्दा असुली न्यूनीकरण) | सङ्ख्या (ओटा) | १६ | ५ | २ | ० | ,, | ,, | • सुरक्षा निकाय र स्थानीय प्रशासनको क्षमता अभिवृद्धि हुँदै गएमा |
| शान्ति सुरक्षा कायम गर्ने कार्य प्रभावकारी रूपमा | सहभागी सङ्ख्या | - | ५००० | ३५०० | ३५०० | ,, | ,, | ,, |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| सञ्चालन (शान्ति सुरक्षा कार्यमा खटिने सुरक्षाकर्मीहरूलाई सुरक्षा तालिम प्रदान) | | | | | | | | |
| लागु औषध दुर्व्यसन नियन्त्रण (लागु औषध दुर्व्यसन विरुद्ध अभिमुखीकरण कार्यक्रम) | सङ्ख्या | १९ | २३ | २३ | २३ | ,, | ,, | |
| महिला तथा बालबालिका सेवा केन्द्र सञ्चालनमा रहेका १५ जिल्लाहरूमा भौतिक पूर्वाधार विकास ( भवन निर्माण) | जिल्ला सङ्ख्या | १४ | १ | - | - | ,, | ,, | • निर्माण कार्यमा अनपेक्षित अवरोध नआएमा |
| महिला तथा बालबालिका सेवा सम्बन्धमा सीप विकास तालिम तथा गोष्ठी सञ्चालन | सङ्ख्या | २३ | ६० | - | - | वार्षिक प्रतिवेदन | गृ.म. | |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| **परराष्ट्र** | | | | | | | | |
| विदेशस्थित नियोगमा भवन/जग्गा खरिद | सङ्ख्या | ३ | ४ | ७ | १० | ,, | प.म. | |
| विकास कूटनीतिको प्रभावकारी कार्यान्वयन तथा अनुगमन | सङ्ख्या | ३७ | ५ | ५ | ५ | ,, | ,, | |
| **प्र.म.तथा म.प.को कार्यालय (मानव अधिकार तथा भ्रष्टाचार नियन्त्रण)** | | | | | | | | |
| सरकारी निकायहरुका अतिरिक्त नागरिक समाज, अधिकारकर्मी तथा सञ्चार जगत्समेतको समन्वय र सहकार्यमा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन र विद्यालयस्तरको पाठ्यक्रममा समावेश | सङ्ख्या | - | | निरन्तर | निरन्तर | ,, | प्र.म.म.प.का. | |

| नतिजा सूचकहरु | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिमहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | | |
| मानव अधिकार कार्ययोजनाले पहिचान गरेका विषयहरु सम्बन्धित मन्त्रालयको वार्षिक कार्यक्रममा समावेश | प्रतिशत | - | | निरन्तर | निरन्तर | वार्षिक प्रतिवेदन वार्षिक कार्यक्रम | प्र.म.म.प.का. | |
| केन्द्रदेखि स्थानीय तहसम्म भ्रष्टाचार विरूद्ध प्रवर्द्धनात्मक एवम् निरोधात्मक कार्यक्रमहरु सञ्चालन | - | - | | निरन्तर | निरन्तर | ,, | प्र.म.म.प.का. / रा.स.केन्द्र | |
| **कार्यक्रम तथा आयोजना** | योजनाको सम्बन्धित शीर्षकमा समावेश भएको । | | | | | | | |

# अनुसूची १ : चौधौं योजना तर्जुमा गर्दा अपनाइएको प्रक्रिया

नेपालको संविधान जारी भएपछिको पहिलो तथा योजनाबद्ध विकासको चौधौं योजनाको रुपमा प्रस्तुत योजना संविधानले निर्देश गरेका विकासका नीतिहरुलाई आत्मसात गर्दै दिगो विकास लक्ष्यहरुसमेतलाई मध्यनजर गरी निर्माण गरिएको छ । यो योजना तर्जुमाका सन्दर्भमा नेपालको संविधानका निर्देशक सिद्धान्त तथा नीतिहरू, राज्यको पुनःसंरचना र त्यसका लागि आवश्यक पूर्वाधारको तयारीलाई प्रमुख आधारका रूपमा लिइएको छ । यी आधारहरूलाई आत्मसात् गरी योजना तर्जुमा प्रक्रिया निम्नानुसार अवलम्बन गरिएको छ ।

## दीर्घकालीन सोचको अवधारणा

चौधौं योजनाले स्वाधीन, समुन्नत तथा समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्र एवम् समृद्धिको सोचका साथ सामाजिक न्यायसहितको लोककल्याणकारी राज्य हुँदै मध्यम आय भएको मुलुकको स्तरमा पुग्ने लक्ष्य राखेको छ । साथै, अन्तर्राष्ट्रिय तहमा नेपालले गरेको सहस्राब्दी विकास लक्ष्यहरू प्रतिको प्रतिबद्धतासमेतलाई आधार बनाई योजनाका रणनीति र विषयक्षेत्रगत कार्यनीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

## आधारपत्रको तयारी

यस योजनाको मूल दस्तावेज तयारी पूर्व यसको अवधारणा पत्र तयार गरिएको थियो । उक्त अवधारणा पत्रलाई सहभागितात्मक ढंगबाट तर्जुमा गर्न राजनीतिक दलका प्रतिनिधि, विषय विज्ञ, योजना कार्यान्वयनमा संलग्न रहेका पदाधिकारीहरूसंग केन्द्र तथा सात वटै प्रदेशमा विस्तृत छलफल, अन्तर्क्रिया तथा गोष्ठी गरी प्राप्त सुझावहरूलाई समावेश गरी योजनालाई वास्तविक र वस्तुनिष्ठ बनाउने प्रयास गरिएको छ ।

## केन्द्रीय स्तरमा अन्तर्क्रिया

योजनालाई वास्तविक तथा वस्तुनिष्ठ बनाएर सफलतापूर्वक कार्यान्वयन गर्न तर्जुमाको क्रमदेखि नै सहभागितामूलक प्रक्रिया अपनाउनु आवश्यक पर्दछ । यही कुरालाई मनन गरी यस योजनाको तर्जुमाको क्रमदेखि नै केन्द्र र प्रदेशस्तरमा राजनीतिक दल, विज्ञ, नागरिक समाज, विभिन्न वर्ग, क्षेत्रलाई प्रतिनिधित्व गर्ने पेसागत समुदाय तथा विकास साझेदारहरूसंग विभिन्न चरणहरूमा विस्तृत छलफल तथा अन्तर्क्रिया गरी सुझाव तथा प्रतिक्रिया लिइएको हो ।

## प्रदेश स्तरमा गरिएका गोष्ठी

आधारपत्रको मस्यौदाउपर सुझाव तथा प्रतिक्रिया संकलनका लागि प्रदेशस्तरमा राजनीतिक दल, नागरिक समाज, जिल्लास्तरीय विषयगत निकायका प्रतिनिधिहरू, स्थानीय संघसंस्थाहरूका प्रतिनिधि, जिल्ला विकास समितिका प्रतिनिधि, शिक्षक, पत्रकार एवं सर्वसाधारणहरूसंग समेत अन्तर्क्रिया

तथा गोष्ठी सञ्चालन गरिएको थियो । यसप्रकारका अन्तरक्रिया तथा गोष्ठीहरूमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, सदस्यहरूलगायत अन्य कर्मचारीहरको समेत सहभागित रहेको थियो ।

## विज्ञ सुझाव

योजनाको आधारपत्र तथा विस्तृत योजनालाई अन्तिम रूप दिने सम्बन्धमा विभिन्न चरणमा क्षेत्रगत विज्ञहरूको सुझावहरू समेत लिइएको थियो । यस्ता विज्ञहरूले सम्बन्धित विषयक्षेत्रको विगतको प्रगति समीक्षा तथा योजनाले समेट्नु पर्ने विषयको सम्बन्धमा व्यावहारिक सुझावहरू आयोगसमक्ष प्रस्तुत गरेका थिए ।

## राष्ट्रिय विकास परिषद्को निर्देशन

विभिन्न चरणमा समुदाय तथा विज्ञहरूबाट प्राप्त सुझाहरूलाई समेत समावेश गरिएको आधारपत्रको मस्यौदा स्वीकृतिका लागि राष्ट्रिय विकास परिषद्मा प्रस्तुत गरिएको थियो । राजनीतिक दल, राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान दिएका महानुभावहरू, बुद्धिजीवी, महिला, मधेसी, दलित, जनजाति, अपांग, समाजसेवी, विश्वविद्यालयका पदाधिकारीलगायत नेपाल सरकारका मन्त्री एवं सचिवहरूसमेत समावेश गरी विकास परिषद्को पुनर्गठन गरिएको थियो । पुनर्गठित राष्ट्रिय विकास परिषद्को काठमाडौंमा भएको व्यापक अन्तरक्रियात्मक छलफलले राष्ट्रिय योजना आयोगको तर्फबाट प्रस्तुत आधारपत्रको मस्यौदालाई सुझावसहित अन्तिम रूप दिन निर्देशन दिएको थियो ।

## आधारपत्रको स्वीकृति तथा प्रकाशन

राष्ट्रिय विकास परिषद्को बैठकबाट प्राप्त सुझाव तथा निर्देशनहरूलाई समावेश गरी राष्ट्रिय योजना आयोगले आधारपत्रलाई अन्तिम रूप दिई २०७३ असारमा प्रकाशन गरिसकेको छ ।

## मन्त्रालय तथा अन्य सार्वजनिक निकायहरूको संलग्नता

राष्ट्रिय विकास परिषद्बाट प्राप्त सुझावसमेत समावेश गरी प्रकाशन गरिएको योजनाको आधारपत्रको आधारमा राष्ट्रिय योजना आयोग अन्तर्गत गठित विषयगत विज्ञहरूको समूहमा विभिन्न मन्त्रालय तथा सचिवालयहरूको सक्रिय सहभागिता रहेको थियो । साथै, उक्त समूहलाई सहजीकरण गर्नका लागि विज्ञहरूसमेतलाई संलग्न गराइएको थियो । उक्त विषयगत विज्ञहरूको समूहमा योजनाको समष्टिगत खाका र क्षेत्रगत कार्यक्रम बीचको आबद्धता कायम गर्ने गरी योजनाको विस्तृत दस्तावेज तयार गरिएको छ ।

## मूल दस्तावेजको मस्यौदा तथा प्रकाशन

विभिन्न चरणमा भएको छलफलका आधारमा तयार पारिएको चौधौं योजनाको विस्तृत दस्तावेजलाई राष्ट्रिय योजना आयोगले भाषागत शुद्धाशुद्धि समेत सच्याई जनसमक्ष प्रस्तुत गरेको छ ।